CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

relations. its origins, its setting (land and people); its objects its ethical significations, its economic problems, its life conditions, its financial side, its end etc— Gareis) प्रसिद्ध फ्रांससी विद्वान् पाल जेनेटको परिभाषा,— राजनीतिशास्त्र समाजशास्त्रको त्यो भाग हो, जसमा राज्यको आधार र शासनसम्बन्धी सिद्धान्तउपर विचार गरिन्छ।" (Political Science is that part of social science which treats of the foundations of the State and the principles of government— Paul Janet) प्रो० गार्नरका अनुसार-"राजनीतिशास्त्रको प्रारम्भ र अन्त राज्यका साथैं हुन्छ।" (Political Science begins and ends with the State—Garner) अंग्रेज विद्वान् प्रो० सिलेले राजनीतिशास्त्रको परिभाषा दिंदै लेखेका छन्—"राजनीतिशास्त्रले ठीक त्यस्तै प्रकारले अनुसन्धान गर्दछ, जुन प्रकारले अर्थशास्त्रले सम्पत्तिका विषयमा, जीवशास्त्रले जीवका विषयमा, बीजगणितले संख्याका विषयमा र रेखागणितले रेखा, प्रसार एवं स्थान तथा उँचाईका विषयमा।" (Political Science investigates the phenomena of government, as Political Economy deals with wealth. Biology with life, Algebra with numbers and Geometry with space and magnitude.—Prof. Seeley) प्रो० गेटेलका अनुसार, 'यसले (राजनीतिशास्त्रले) राज्यको भूत, वर्तमान तथा भविष्यका राजनैतिक संगठन एवं राजनैतिक कार्यहरू, राजनैतिक स्थान र राजनैतिक सिद्धान्तहरूको अध्ययन गर्दछ"—(It is thus study of the State in the past, present and future of political organizations and political theories— Prof Gettell,) लीकाकका शब्दमा, 'राजनीतिशास्त्रको सम्बन्ध शासनसँग छ' (Political Science deals with government.—Leacock) प्रसिद्ध राजनीतिशास्त्री प्रो० लास्कीले राजनीतिशास्त्रको परिभाषा यस प्रकारले दिएका छन्, —'राजनीतिशास्त्रको अध्ययनको सम्बन्ध संगठित राज्यका सम्बन्धित मानव जीवनसँग छ' (The study of Politics concern itself with life of men in relation to organised State—Prof, Laski) जोलिनेकका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुसार, 'राजनीतिशास्त्रको कार्य शासन-शक्तिका मूलभूत सम्बन्धहरूको परीक्षा गर्नु, शासन प्रकट हुने अवस्थाहरू, त्यसको लक्ष्य, परिणाम र वास्तविक प्रकृति छुट्याउनु हो।'। (The task of Political Science is to study in their fundamental relation of the Public Powers. to examine the conditions under which they manifest themselves, their end and their effect and to investigate the State in its inner nature-Jellineck.)

उपर्युक्त परिभाषाहरूको विश्लेषण गर्दा हामी थाहा पाउँछौं कि राजनीतिशास्त्र वस्तुतः राज्यको उत्पत्ति, यसको संगठन कार्य र उद्देश्यको शास्त्र देखिन्छ। राज्य नै यस्तो आधार हो जसको चारैतिर राजनीतिशास्त्र घुम्दछ। संक्षेपमा राजनीतिशास्त्रका विभिन्न परिभाषाहरूमा परेका प्रमुख तत्वलाई हामी निम्नलिखित रूपमा राख्न सक्छौं—

(क) राजनीतिशास्त्र राज्यको उत्पत्ति र विकासको शास्त्र हो।
(ख) राजनीतिशास्त्र राज्यका तत्त्वहरूको शास्त्र हो।
(ग) राजनीतिशास्त्र राज्यको भूत, वर्तमान र भविष्यको शास्त्र हो।
(घ) राजनीतिशास्त्र राज्यका विभिन्न संस्थाहरूको संगठन र कार्यहरूको शास्त्र हो।
(ङ) राजनीतिशास्त्र राज्यका कार्य र उद्देश्यहरूको शास्त्र हो।
(च) राजनीतिशास्त्रले शासनका तत्त्वहरूको अध्ययन गर्दछ।
(छ) राजनीतिशास्त्रले सरकार र शासनको अध्ययन गर्दछ।

राजनीतिशास्त्रको स्वरूप (राजनीति, राजनीतिशास्त्र र राज्य दर्शन)—प्रायः राजनीति (Politics) र राजनीतिशास्त्र (Political Science) शब्दको प्रयोग पर्यायवाची अर्थमा गरिन्छ। यी दुवैका भेद जान्नु आवश्यक छ। राजनीति शब्दको अनेक अर्थ हुन्छ। उदाहरणको लागि राज्य-सम्बन्धी सम्पूर्ण काम-कारवाही वैज्ञानिक अध्ययनका रूपमा पनि गर्न सकिन्छ र साथै राज्य-व्यवस्थासम्बन्धी समस्त कार्यका रूपमा पनि राजनीति शब्दको प्रयोग गर्न सकिन्छ, तर आजकल राजनीति शब्दको प्रयोग प्रायः एउटा विशेष अर्थमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिन्छ—त्यस्तो निर्वाचन प्रणालीको ज्ञान गराउन जसद्वारा सार्वजनिक पदाधिकारी निर्वाचित गरिन्छ और राजनैतिक नीतिहरूको प्रचार गरिन्छ। गिलक्राइस्ट (Gilchrist) को भनाइ छ कि "आजकल राजनीति शब्दको प्रयोग सरकारका वर्तमान समस्याहरूको बोध गराउँनमा गरिन्छ। ती समस्याहरू प्रायः राजनैतिकभन्दा आर्थिक नै बढी छन्।" राजनैतिक शब्दबाट अब केवल शासन-सिद्धान्त र राजनैतिक संस्थाहरूका कार्यहरूको ज्ञान गराउने मात्र मानिन्छ। हामी यस कुरालाई दैनिक बोलचालमा पनि प्रयोग गरेको पाउँछौं। उदाहरणका लागि 'फलानो व्यक्ति राजनीतिमा चाख राख्दछ' भन्नुको अर्थ हो त्यस व्यक्तिलाई राज्य वा सरकारका समक्ष उपस्थित समस्यामा गहिरो, रुचि छ, भलै त्यस्तो समस्या निर्वाचनसम्बन्धी होस् वा मनोनीतसम्बन्धी वा कुनै ऐन कानूनसम्बन्धी, तर त्यस्तो व्यक्तिलाई राज्य एवं सरकारसम्बन्वी सिद्धान्तको ज्ञान नभएको पनि हुन सक्छ। त्यस्तो व्यक्तिले राज्य वा सरकारसम्बन्धी ठूलठूला ग्रन्थहरूको अध्ययन र मनन् गर्नुपर्छ भन्ने कुनै अनिवार्य कुरा होइन। त्यस्तो व्यक्तिलाई, राजनीतिज्ञ भन्न सकिन्छ न कि राजनीतिशास्त्री। यसप्रकारले राजनीतिको अर्थ सरकार-समक्ष आएको वर्तमान समस्याप्रति चाख राख्ने हुन्छ भने राजनीतिशास्त्रको अर्थ राज्य तथा सरकारको विकास, प्रकृति, स्वरूप, सिद्धान्त आदि वर्णन गर्ने शास्त्रलाई मानिन्छ। ब्लंश्ली (Bluntschli) ले राजनीति र राजनीतिशास्त्रको भेद यस प्रकारले देखाएका छन्—"राजनीति (Political Science) को सम्बन्ध राज्यको आधार, आधारभूत प्रकृति, स्वरूप र विकाससँग छ।" (Politics is more an art than a science and has to do with the practical conduct or guidance of the, State, where as Political Science is concerned with foundations of the State, its essential nature, is form or manifestations and its development) हामी राजनीतिशास्त्रको अध्ययन गर्दछौं, राजनीतिको होइन। चर्चिल राजनीतिज्ञ थिए; तर लास्की राजनीतिशास्त्री थिए। कीर्तिनिधि विष्ट सजनीतिज्ञ हुन् राजनीतिशास्त्री हैनन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राज्य-दर्शन (Political Philosophy) र राजनीतिशास्त्रमा पनि त्यस्तै भेद छ। राज्य दर्शनको सम्बन्ध राज्य निर्माणका आधारभूत नियमहरूका सैद्धान्तिक व्याख्यासँग छ। राज्य-दर्शनले राजनीतिक विचारधाराको विकासको अनुसन्धान गरो हामीलाई राजनीतिशास्त्रतर्फ अग्रसर गराउँछ। राज्य-दर्शनमा राज्यको संगठनका आधारभूत सिद्धान्तहरू उपर विचार गरिन्छ। राजनीतिशास्त्रले ती आधारभूत सिद्धान्तहरूको विश्लेषण गर्दछ। यस प्रकारले राज्य-दर्शन राजनीतिशास्त्रको पूर्ववर्ती क्षेत्र हो। राज्य-दर्शनले राजनीतिशास्त्रको अध्ययन सामग्री एकत्रित गर्दछ। राजनीतिशास्त्रको क्षेत्र राज्य-दर्शनभन्दा व्यापक र बढी स्थिर छ। राज्यदर्शनको सम्बन्ध राज्य, नागरिकता, अधिकार तथा कर्तव्य र राजनैतिक आदर्शहरूका प्रकृतिसँग सम्बन्धित आधारभूत समस्याहरूसँग छ। तर राजनीतिशास्त्रले राज्य-दर्शनका उपरोक्त विषय-वस्तुको अध्ययनका साथै राज्यको विकास, वर्गीकरण तथा कार्यक्षेत्र र शासन (Government) को संगठनसमेत अध्ययन गर्दछ। राजनीतिशास्त्रको सम्बन्ध राजनैतिक संस्थाहरूका आधारभूत सिद्धान्त र कार्यहरूसँग छ। राजनीतिशास्त्रको एउटा ऐतिहासिक तथा तुलनात्मक अंग पनि छ जब कि राज्य-दर्शनले यसको अध्ययन नै गर्दैन।

राजनीतिशस्त्रको क्षेत्र (Scope of Political Science)—प्रत्येक शस्त्रको आफ्नो क्षेत्र हुन्छ। कुन शास्त्र कति व्यापक छ भन्ने कुरा त्यस शास्त्रको विषय-वस्तुउपर निर्भर गर्दछ। तर कुनै पनि शास्त्रको क्षेत्र र परिधि निर्धारण गर्नु अप्ठ्यारो गर्ने कार्य हो। राजनीतिशास्त्रको क्षेत्रका विषयमा विद्वानहरूका बीच विवाद नै छ। तथापि हामी प्राचीन कालमा यसको क्षेत्र के थियो र आधुनिक युगमा राजनीतिशास्त्रीहरू यसको क्षेत्र कहाँसम्म मान्दछन् भन्ने विषयमा छलफल गरौं।

प्राचीन विद्वानहरूको मत—प्रचीन यूनानका विद्वानहरू राजनीतिशास्त्रको क्षेत्रलाई बढी व्यापक मान्दथे। यस शास्त्रअन्तर्गत यूनानी नगरराज्यसँग सम्बन्धित सम्पूर्ण विषयहरू आउँथे। उनीहरूले राज्य र समाजका बीच कुनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भेद-भाव राख्दैनथे। अर्थात् राज्य र समाज भन्ने एउटै कुरा थियो। प्राचीन यूनानका विद्वानहरूले राज्यलाई सर्वेसर्वा संस्था मान्दथे औ राज्य राजनीतिक संस्था मात्र थिएन कि नैतिक संस्था पनि सम्झिइन्थ्यो। राज्य मनुष्यजीवनको सर्वांगीण विकास गर्ने साधन थियो। राजनीतिशास्त्र अन्तर्गत राजनैतिक विषयहरूका अतिरिक्त नैतिकता र धर्मसम्बन्धी विषयहरू पनि समावेश थिए। सारांशमा हामी भन्न सक्छौं कि प्राचीन यूनानमा राजनीतिशास्त्रको क्षेत्र-अन्तर्गत राज्य सम्पूर्ण समाज र मानव जीवन-सम्बन्धी समस्त सामाजिक व्यवहार समाहित थियो।

आधुनिक विद्वानहरूको मत :—आधुनिक युगमा राजनैतिक विचारकहरूले राजनीतिशास्त्रलाई नैतिकतावाट पृथक् गरे। अब राजनीतिशास्त्र अन्तर्गत केवल मानव-जीवनको राजनैतिक पक्ष मात्र रहन गयो। मानव-जीवनको राजनैतिक पक्षको अध्ययन गर्दा सामाजिक, आर्थिक र नैतिक पक्षको पनि आवश्यकतानुसार अध्ययन गरिन्छ। मनुष्यको राजनैतिक जीवनको केन्द्र राज्य भएको हुँदा राजनीतिशास्त्रलाई संकुचित अर्थमा 'राज्यको विज्ञान' भन्न थालियो। गार्नरले राजनीतिशास्त्रको क्षेत्रको यस प्रकारले वर्णन गर्छन्; द्वितीय' यसले राजनीतिक संस्थाहरूको स्वभाव, इतिहास र स्वरूपको अध्ययन गर्छ, तृतीय, उपरोक्त दुई कुराको अध्ययनबाट राजनैतिक विकासका नियमहरूको निष्कर्ष निकाल्ने प्रयत्न गर्दछ।' (In a general way its fundamental problems include first, an investigation of the origin and nature of the state, second, an inquiry into the nature history and forms of political institution, and third a deduction, therefrom, so far as possible, of the laws of political growth and development,— Garner.) सिजविकले राजनीत्रिशास्त्रको व्यापकता-उपर ध्यान दिई यसलाई दुई भागमा बाँडेका छन्। प्रथम भाग अन्तर्गत ती विषयहरू आउँछन् जसको सम्बन्ध राज्य संगठनसँग छ र दोस्रो सम्बन्ध राज्यका कार्यहरूसँग छ। फ्रेडरिक पोलकले पनि राजनीतिशास्त्रको क्षेत्रलाई दुई भागमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विभाजित गरेका छन् । सैद्धान्तिक राजनीति र व्यावहारिक राजनीति । फ्यांक जे० गुडनॉवले राजनीतिशास्त्रको क्षेत्र अन्तर्गत तीन कुराहरूलाई समावेश गरेका छन्—(i) राज्यको इच्छाको निर्माण (Formulation of State will). (ii) राज्यइच्छाको अभिव्यक्ति (Expression of State will) र (iii) राज्य-इच्छाको कार्यान्वयन (Execution of State will). राजनीतिशास्त्रले मनुष्यलाई राजनैतिक प्राणीको रूपमा अध्ययन गर्दछ । मनुष्य राजनैतिक जीवनको केन्द्र मानिन्छ ।

हामीले उपरोक्त परिभाषा र विश्लेषणमा परेका तत्वहरूलाई नियालेर हेर्‍यौं भने राजनीतिशास्त्रको क्षेत्र निम्नलिखित देखिइन आउँछ ।

(क) मनुष्यको अध्ययन—हुनत मनुष्यका क्रिया-कलापहरू अनेक छन् । विभिन्न शास्त्रहरूले मनुष्यका सम्बन्धित क्रियाकलापको अध्ययन गर्दछन् । राजनीतिशास्त्रले मानव जीवनको राजनैतिक पक्षको अध्ययन गर्दछ । यसैले मनुष्यलाई राजनैतिक प्राणी भनिन्छ । मनुष्यमा राजनैतिक विचार र क्रिया-कलाप हुन्छन् । त्यस्ता राजनैतिक विचार र कार्यहरूको अध्ययन गर्ने कार्य राज-नीतिशास्त्रको हो । राजनैतिक संगठनको सर्वप्रथम एकाई राज्य नै हो । अतः मनुष्यको राज्यसंग कस्तो सम्बन्ध छ र समाधानको बाटो पहिल्याउनु राजनीति-शास्त्रको कार्य हो । यसको लागि राजनीतिशास्त्रले मनुष्य (नागरिक) को अधिकार, राज्यप्रति उसको कर्तव्य, व्यक्तिको स्वतन्त्रता आदि विषयको विश्लेषण गर्दछ । यसै सन्दर्भमा सरकारको स्वरूप, संगठन, कानून, सार्वभौमिकता आदिको विवेचना पनि राजनीतिशास्त्रले गर्दछ ।

(ख) राज्यको अध्ययन :—राजनीतिशास्त्रको केन्द्रबिन्दु मनुष्य हो भन्ने कुरा हामीले माथि नै वर्णन गर्‍यौं । मनुष्यको सबैभन्दा प्रबल इच्छा स्वतन्त्र हुनु हो । प्रत्येक व्यक्तिको स्वतन्त्रतालाई सुरक्षित राख्नको लागि नियम कानूनको आवश्यकता पर्दछ । यस प्रकारको राजनीतिशास्त्रले नियम कानुनसम्बन्धी समस्या-हरूको पनि अध्ययन गर्नुपर्‍यो, नियम कानून निर्माण गर्नको लागि व्यवस्थापिका (Lagislature) चाहियो । व्यवस्थापिकाको स्थापना राज्यले नै गर्छ । यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकारले राजनीतिशास्त्रको अध्ययन केन्द्र राज्य हुन आउँछ। ऐतिहासिक तथ्यले पनि यसको पुष्टि गर्छ। मध्यकालीन युग (Middle Age) को राजनैतिक विचारधाराका दुई केन्द्र थिए—(i) चर्च र (ii) धर्म-निरपेक्ष संस्थाहरू (Secular Institutions) धर्म निरपेक्ष संस्थाहरू राज्यको अधीन भए, तर चर्चले राज्यको विरुद्ध सत्ताको लागि युद्ध गऱ्यो। यस सत्ताको युद्धमा राज्य विजयी भएकोले यसलाई सर्वप्रथम स्थान मिल्यो, मेकियावेली र हॉब्सले राज्यलाई सर्वोपरि संस्था माने। त्यसपछिका अन्य विचारकहरूले पनि राज्यलाई नै प्राथमिकता दिएको हुँदा राजनैतिक विचारधारा (Political theory) नै राज्यको सिद्धान्त (Theory of the State) बन्न गयो। यस प्रकारले आज अनि राजनीतिशास्त्रको केन्द्रस्थल राज्य नै छ। प्रो॰ गुडनॉवले स्पष्टरूपमा लेखेका छन्, 'राजनीतिशास्त्रले राज्य नामक संस्थाको अध्ययन गर्दछ। यो स्थिर एवं गतिशील विद्या हो। यसले राज्यको सर्वांगीण एवं सर्वकालीन अध्ययन गर्दछ। (Political Science is that science which treats of the organisation known as the state. It is at the same time, so to speak, a science of Statics and a science of Dynamics—Goodnow) प्रो॰ गेटेलले पनि लेखेका छन्—"यसले (राजनीतिशास्त्रले) राज्यको भूतकालीन स्वरूपको ऐतिहासिक अनुसन्धान वर्त्तमान स्वरूपको विश्लेषणात्मक व्याख्या एवं राज्यको आदर्श स्वरूपको राजनैतिक तथा नैतिक विवेचना गर्छ। अब हामी राज्यलाई कुन कुन रूपमा अध्ययन गर्छौं भन्ने कुरा हेरौं।

(1) राज्यको ऐतिहासिक स्वरूपको अध्ययन—मनुष्य जाति विकासशील र गतिमान भएकोले राजनैतिक संस्थाहरू पनि क्रमिक विकासका परिणाम हुन्। राज्यको आधुनिक स्वरूप पनि ऐतिहासिक विकासको नै परिणाम हो। राज्यको उत्पत्ति कहिले र कसरी भयो, आधुनिक राज्यको रूपमा आउनको लागि कस्ता र के-के बाधाहरू उपस्थित भए, विभिन्न काल र देशमा राज्य र सरकारको स्वरूपको विकास कसरी भयो आदि राजनीतिशास्त्रअन्तर्गत आउँछन्। सारांशमा भन्ने हो भने परिवारदेखि विश्व संस्था (U. N. O.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्मको विकासक्रम र सम्पूर्ण संस्थाहरूको अध्ययन राजनीतिशास्त्रले गर्छ। राजनीतिशास्त्रले राजनैतिक विचारधाराको विकास (Political Thought) एवं राजनैतिक विकास (Political Development) का सिद्धान्त र इतिहासको जांचबुझ गर्छ।

(ii) राज्यको वर्तमान स्वरूपको अध्ययन—राजनीतिशास्त्रले राज्यको विश्लेषणात्मक वा व्यावहारिक अध्ययन (Analytical Study) गर्दछ। यस-अन्तर्गत राज्यको स्वरूप, संगठन, उद्देश्य, कार्यक्षेत्र आदि अध्ययन गरिन्छ। राज्य वा सरकारको संगठनअन्तर्गत विधायिका (Legislature), कार्यपालिका (Executive), न्यायपालिका (Judiciary), आदिको वर्णन आउँछ। राज्यको कार्यअन्तर्गत विभिन्न वादहरू व्यक्तिवाद, समाजवाद, साम्यवाद, आदर्शवाद, गान्धीवाद आदिको अध्ययन गरिन्छ। राज्यको आन्तरिक कार्यक्षेत्र अन्तर्गत स्वशासन (Local Self Goverment) आउँछ भने बाह्यअन्तर्गत संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय सम्बन्ध कूटनीति आदिको वर्णन गरिन्छ।

(ii) राज्यको भावी स्वरूपको अध्ययन—राजनीतिशास्त्रले राज्यको भूतकालीन र वर्तमानस्वरूप र कार्यको मात्र अध्ययन गर्दैन। यसले भविष्यमा कस्तो हुनुपर्छ भन्ने आदर्श पनि देखाउँछ। यसकारण राजनैतिक विचारकहरूले आदर्श राज्यको कल्पना पनि गरे यस्ता विचारकहरूमा प्लेटो, अरस्तू र मूरले आदर्श राज्य (Ideal State) का विषयमा ग्रन्थहरू नै लेखे। ती विचारकहरूले राज्यको कार्यक्षेत्र, उद्देश्य, स्वरूप आदिको प्रशस्त वर्णन गरेका छन्। मार्क्सको वर्गविहीन समाजको कल्पना, गान्धीको रामराज्यको कल्पना आदि सबै आदर्शवादी कल्पना हुन्। यी आदर्शवादी कल्पना भावी राज्यका निम्ति हुन्। तसर्थ राजनीतिशास्त्रले भविष्यमा कस्तो राज्य कायम हुनुपर्छ भन्ने पनि अध्ययन गर्दछ।

(ग) सरकारको अध्ययन—सरकार राज्यको अभिव्यक्ति गर्ने संस्था हो। राज्य भएको सरकारको माध्यमबाट राज्यको काम, कारवाई, उद्देश्य, लक्ष्य आदिको अभिव्यक्ति हुन्छ। यस सम्बन्धमा क्रोसेले लेखेका छन्, "तथ्यको खोजी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नेहरूको लागि सरकार नै राज्य हो, सरकारमा नै राज्यले पूर्णता प्राप्त गर्दछ।" (For those who seek concuteness rather than abstraction, the State is nothing but the government assumes completely only in the government.–Crose.) तसर्थ सरकारको अध्ययन नै राज्यको अध्ययन हो। राजनीतिशास्त्रले सरकारका विभिन्न अंगहरू, संगठन, कार्यहरू, विभिन्न अंगहरूका पारस्परिक सम्बन्ध, जनमत, राजनैतिक दलहरु, स्थानीय शासन इत्यादिको अध्ययन गर्दछ।

हामी सारांशमा भन्न सक्छौं कि आधुनिक युगमा राजनीतिशास्त्रको क्षेत्र बड़ो व्यापक हुन गएको छ। आजकल लोक कल्याणकारी राज्य (Welfare State) को चारैतिर चर्चा छ। मानव जीवनको जन्मदेखि मृत्युसम्म (From cradle to grave) राज्यले प्रवेश गरेको हुँदा राजनीतिशास्त्रको क्षेत्र यूनानी नगर-राज्यहरूसम्ममा मात्र सीमित नभई सम्पूर्ण मानव जातिकै अध्ययनतर्फ लम्कन थालेको छ। आजको युगमा विश्वको कुनै कुनामा पनि केही घटना घट्यो भने त्यसको प्रभाव सम्पूर्ण जगतमा पर्दछ। आजको भू-उपग्रहको युगमा मानिसले चन्द्रमा र मंगल ग्रहमा राज्य स्थापित गर्ने कल्पना गर्न थालेकोले राजनीतिशास्त्रको क्षेत्र साह्रै नै व्यापक हुन गएको छ। एउटा विद्वानले राजनीतिशास्त्रको क्षेत्रको बारेमा बड़ो घतलाग्दो किसिमले लेखेका छन्—"राजनीतिशास्त्रको व्यापकता त्यति नै छ जति समय र""।" (The scope of Political Science is co-extensive with time and space.)

राजनीतिशास्त्र विज्ञान हो अथवा कला ? (Is politics a Science or an Art ?) 'राजनीतिशास्त्र विज्ञान हो अथवा कला' भन्ने विषयमा विद्वानहरू एकमत छैनन्। कोही यसलाई विज्ञान र कोही कला मात्र भन्दछन् तसर्थ अब विज्ञानको अर्थ के हो र कला कसलाई भन्दछन् आदि कुराको छलफल गरी राजनीतिशास्त्रको प्रकृति खुट्याउने प्रयत्न गर्नुपर्दछ।

राजनीतिशास्त्र विज्ञान हो (Politics is a Science) : राजनीतिशास्त्रलाई विज्ञान भन्नुअघि स्वयं विज्ञानको अर्थ के हो जान्नु जरूरी छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गार्नरले विज्ञानको परिभाषा दिँदै लेखेका छन्—"विज्ञान त्यो क्रमबद्ध ज्ञान हो जो उचित प्रकारको निरीक्षण, प्रयोग, अध्ययन तथा वर्गीकरणद्वारा प्राप्त भएको हुन्छ।" (Science is knowledge relating to a particular subject required by a systematic observation, experience or study which have been co-ordinated, systematised and classified.)

अर्का विद्वान्ले पनि विज्ञानको परिभाषा दिएका छन्, जो यस प्रकार छ—"विज्ञानको अभिप्राय त्यस विद्यासँग हो, जसको अध्ययन क्रमबद्ध नियमअनुसार गर्न सकिन्छ, जसले कारण र कार्यको सम्बन्ध स्थापित गर्न सकोस्।" (Science is a body of systematised knowledgs. It is something which lays down a relationship between cause and an effect.)

उपरोक्त परिभाषाबाट विज्ञानको अर्थ कुनै विषयको क्रमबद्ध ज्ञान हो। पुनः विज्ञानले कार्य र फलमा घनिष्ठ सम्बन्ध स्थापित गर्दछ। यस प्रकारले विज्ञानको अर्थ व्यापक हुन जान्छ। ती सब विषयलाई विज्ञान भन्न सकिन्छ जसले क्रमबद्ध ज्ञान दिन्छन् र साथै प्राप्त सामग्रीको आधारमा घटना र फलमा सम्बन्ध स्थापित गरी नियम निर्माण गर्दछन्। अर्थात् ती विषयहरू, जो निरीक्षण, वर्णन तथा नियम निर्माण र विषयहरूको परीक्षण गर्दछन्, विज्ञान भनिन्छन्। राजनीतिशास्त्र विज्ञान हो या होइन भन्नुअघि विज्ञानका कार्य के के हुन् र राजनीतिशास्त्रका कार्य विज्ञानका ती कार्यसँग कहाँसम्म सम्बन्ध स्थापित गर्दछन् भन्ने कुराउपर विचार गरौं।

(i) विज्ञानको महत्त्वपूर्ण कार्य निरीक्षण तथा वर्णन गर्नु हो। विज्ञानले वैज्ञानिक वस्तुहरूको निरीक्षण गरी वर्गीकरण गर्दछ। राजनीतिशास्त्रले पनि वास्तविक घटनाको निरीक्षण तथा वर्णन गर्दछ। सामाजिक संस्थाहरू परिवार जाति, राज्य, सरकार तथा विश्व-संस्थाको राजनीतिशास्त्रले निरीक्षण गरी वर्णन गदछ। तसर्थ राजनीतिशास्त्र विज्ञान हो।

(ii) विज्ञानले वस्तुको परिभाषा र वर्णन गर्दछ। राजनीतिशास्त्रले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि सरकार, संघ राज्य आदिको परिभाषा दिन्छ र वर्गीकरण गर्दछ, तसर्थ यो पनि विज्ञान हो ।

(iii) विज्ञानले नियमको प्रयोग गर्दछ । प्रयोग (Experiment) बिना विज्ञानको अर्थ हुँदैन । निष्कर्षमा पुग्न प्रयोगद्वारा नै सम्भव छ । राजनीतिशास्त्रले पनि प्रयोगलाई महत्त्व दिन्छ । सरकार, संघ आदिले नियम बनाई प्रयोग गर्दछन् । नियम ठीक भयो वा भएन भन्ने निष्कर्ष निकाल्छन् । यस प्रकारले राजनीति शास्त्र विज्ञान हुन जान्छ । 'भूमि-सुधार' तथा 'मुलुकी ऐन' प्रयोग नै हुन् ।

(iv) विज्ञानले कुनै वस्तुको कार्यको कारण र परिणाम पत्ता लगाउँछ । कुनै पनि वैज्ञानिकले कुनै घटनाको पृष्ठभूमिमा भएको कारण खोज्छ र कारणलाई फलसँग सम्बन्धित गरी नियम निर्माण गर्दछ; जस्तै न्यूटनले गुरुत्वाकर्षण सिद्धान्तको प्रेरणा रूखबाट भूइँमा खसेको स्याउबाट प्राप्त गरे । यस्तै प्रकारले राजनीतिशास्त्रले पनि कुनै घटनाको पृठभूमि हेर्दै त्यसको पूर्ण विचार गरी परिणामबारे बिचार गर्दछ । तर यो भौतिक वा रसायनशास्त्र झैं शतप्रतिशत साँचो ठहर्ने विज्ञान होइन, किनभने त्यसको प्रयोग-क्षेत्र समाज नै हो, जो सदा एकसमान रहँदैन । समयको गतिका साथसाथै समाजमा पनि निरन्तर परिवर्तन भइरहन्छ । तसर्थ राजनीतिशास्त्रले एउटा स्थिर परिणाम, र फल निरूपण गर्न सक्तैन । यसै सन्दर्भमा गिल क्राइष्ट लेख्तछन्–"भौतिक विज्ञान झैं सामाजिक विज्ञानहरू यथार्थ हुन त सम्भव छैन, तथापि समस्याहरूको समाधान रसायनशास्त्र र भौतिक शास्त्रकै पद्धतिअनुसार गर्न सकिन्छ ।" ("While we may agree that the exactness of natural science is impossible of attainment in the social science, nevertheless problems can be treated with the same scientific methods as chemistry or physics.")

प्रो० गिलक्राइष्ट पुनः लेख्तछन्—"पास हुने प्रत्येक कानूनहरू राजनीतिशास्त्रका विद्यार्थीहरूका निम्ति प्रयोग नै हुन् । (Every new law passed is an experiment for a student of politics."

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपरोक्त कारणबाट राजनीतिशास्त्रलाई विज्ञान भन्न सकिन्छ, तर यो भौतिक तथा रसायनशास्त्र जस्तै विज्ञान होइन। राजनीतिशास्त्रले भूतकालको आर्थिक, समाजिक एवं राजनैतिक ज्ञान संग्रह गर्दछ र तथ्यहरूको समालोचना गरी वर्गीकरण र विश्लेषण गर्दछ। यस विश्लेषण आधारमा वर्तमान र भविष्यका निमित्त नियम वनाउँछ र नागरिकहरूलाई पथप्रदर्शन गर्दछ। तसर्थ राजनीतिशास्त्र विज्ञान झैं तथ्य भइसकेका प्रयोगहरूको ज्ञान प्राप्त गरी वर्तमान नयाँ-नयाँ प्रयोग गर्दछ।

प्रो० लोडस लेख्तछन्—"राजनीति विज्ञानको लक्ष्य संस्थाहरूको अध्ययन मात्र होइन, तर यसले समाजप्रति वफादार बनाउन प्रोत्साहित गर्दछ।" (Politics is the science which aims not only to study institution and their development, but it also inspires for the active loyalty towards society.)

यस्तै प्रकारले लाई ब्राइसले पनि राजनीतिशास्त्रको विषयमा भनेका छन्—राजनीतिशास्त्र यसकारण विज्ञान हो कि मनुष्य-स्वभावमा सदा एकरूपता पाइन्छ, किनभनु एकपटक गरेको कार्य पुनः उही कारणबाट दोहोरिन्छ, जो भूतकालमा उसले गरेको थियो।" (Politics is a science in the sense that there is a constancy and uniformity in the tendencies of human nature which enable us to regard the acts of men at one time as due to the same cause which have governed their acts at previous times")

तथापि राजनीतिशास्त्रलाई भौतिक विज्ञान र रसायनशास्त्र जस्तै मान्न नसकिने विषयमा प्रो० गार्नर लेख्तछन्–"वास्तवमा भौतिक विज्ञानको श्रेणीमा यो केही कम छ, किनभने यसले जुन कुराको अध्ययन गर्दछ त्यो लच्छेदार छ र सामाजिक जीवनलाई जुन कुराले प्रभाव पार्दछ, त्यसले व्यवहारमा उसमाथि अधिनायकत्व राख्न गाह्रो छ र सदा परिवर्तनशील छ। (As a science it falls short, of course, of the degree of perfection attained by the physical sciences for the reason that

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

the facts with which it deals are more complex and the causes which influence social practical phenomena are more difficult to control and perpetually undergoing change.")

एस० भी० पुणताम्बेकर लेख्तछन्—"राजनीतिशास्त्र एउटा विज्ञान हो। पथप्रदर्शनको लागि यसले केही नियमहरू निर्माण गर्दछ। तर यी नियमहरू भौतिक विज्ञानहरू झैं निश्चित हुँदैनन्। (Politics is a science. It lays down some law or rules for guidance. But these laws do not pass definite charecter of physical laws.)

राजनीतिशास्त्र कला पनि हो :—राजनीतिशास्त्र कला हो भन्नुअघि कलाको अर्थ बुझ्नु आवश्यक छ। कलाको वास्तविक अर्थ "जीवनमा ज्ञानको प्रयोग हो।"(Art is the application of knowledge to real life.") विश्मा कतिपय वस्तुहरूकलाको दृष्टिबाट राम्रा र नराम्रा देखिन्छन्। राम्रा वस्तुहरू ग्रहण गर्न मन लाग्छ र नराम्रा छाड्न। राजनीतिशास्त्रले पनि प्रायः यस्तै चुनाउ गर्न सिकाउँछ। कलाका मुख्य दुइटा कार्य छन् :—

(i) आदर्श प्राप्तिको लागि मार्ग-दिग्दर्शन,
(ii) व्यावहारिक प्रदर्शन।

कलाले एकातिर आदर्श लक्ष्यतर्फ डोर्‍याउँछ भने अर्कातिर व्यावहारिक प्रदर्शनबाट राम्रो नराम्रो छुट्याउने निर्णय दिन्छ। गेड्स लेख्तछन्, "कलाको लक्ष्य सदैव व्यावहारिक हुन्छ र यसलाई प्राप्त गर्न के गर्नुपर्दछ भन्ने कुरो बताउँछ।" (An art has always a practical aim to be attained and goes on to say what should be done to attain it.)
अब हामी राजनीतिशास्त्रले कहाँसम्म कलाका उपरोक्त दुई प्रमुख कार्यहरू गर्दछ भन्ने कुराउपर विचार गरौं—

(i) जसरी कलाले आदर्श प्राप्तिको लागि मार्ग-दर्शन गर्दछ, त्यसै गरी राजनीतिशास्त्रले पनि आदर्श समाज तथा आदर्श नागरिक बनाउन मद्दत गर्छ। राजनीतिशास्त्रको मूल उद्देश्य यस्तो समाजको स्थापना हो, जहाँ सुख शान्ति र सहयोग मात्र रहोस् झगड़ा तथा संघर्ष कतै नरहोस्। राजनीतिशास्त्रले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदर्श समाजको स्थापनाको परिकल्पना गर्दछ र सो गर्दा आइपर्ने बाधा तथा अड्काहरू हटाउने उपाय पनि देखाउँछ। यस प्रकार कलाको प्रथम कार्य र राजनीतिशास्त्रको मूल उद्देश्यमा कुनै फरक छैन। तसर्थ राजनीतिशास्त्र कला पनि हो। एउटा विद्वान् लेख्तछन्—"राजनीतिशास्त्रले हामीलाई आदर्श समाज-जीवनको प्रत्येक क्षेत्रमा पूर्ण समाजको बाटो देखाउँछ।" (Politics shows up path of ideal society, a society embodiment of perfection in every sphere of life.)

(ii) कलाको दोस्रो महत्वपूर्ण कार्य व्यावहारिक प्रदर्शन हो। राजनीतिशात्रले आदर्श समाजको परिकल्पना मात्र नगरी जीवनयापन पनि आदर्श रूपमा नै गर्ने व्यावहारिक प्रदर्शन गर्दछ, फेरि यस परिकल्पनाको पनि सैद्धान्तिक रूप मात्र नभई व्यावहारिक रूप पनि यसैले बताउँछ। राजनीतिशास्त्रले कस्ता नियम भए सामाजिक जीवन सुखमय हुन्छ, आदर्श नागरिकहरूमा कुनकुन गुण हुनुपर्दछ राज्य तथा सरकारको मुख्य कार्य के हो आदि सब तथ्यहरू व्यावहारिक रूपमा बुझाउँछ। तसर्थ राजनीतिशास्त्र कला हो।

राजनीतिशास्त्रका अध्ययन पद्धतिहरू (Method of study)— प्रत्येक शास्त्रको आफ्नो अध्ययन-प्रक्रिया हुन्छ। राजनीतिशास्त्रको अध्ययन पद्धति दुई प्रकारका छन् –(क) प्राचीन अध्ययन पद्धति (Classical Method) र (ख) आधुनिक अध्ययन पद्धति (Modern Method) वा वैज्ञानिक पद्धति (Scientific Method)

(क) प्राचीन अध्ययन पद्धति—यस पद्धति अन्तर्गत दुइ प्रकारका पद्धति अँगालिन्छन्—(i) आगमन पद्धति (Enductive M thod) र (ii) निगमन पद्धति (Deductive Method) यी दुवै पद्धतिहरूका अनेक रूप छन्। जुन निम्नलिखित छन्—

(i) ऐतिहासिक पद्धति (Historical Method) :—इतिहासले सामाजिक जीवनको जटिलता बुझ्न सहायता दिन्छ। वर्तमान कालमा हामी जति पनि संस्था तथा संघहरू देख्छौं ती सब भूतकालका अनुभवद्वारा साकार गरिएका हुन्। भूतकालमा यी संस्थाहरू मानव जीवनका अनेक आवश्यकता-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरू पूरा गर्न गठित भएका थिए। ती संस्थाहरू कुन-कुन आवश्यकताहरू पूरा गर्न ाठित भएका थिए र ती कहाँसम्म सफल भए भन्ने कुराउपर फेरि विचार गरेर र जुन कारणले ती असफल भए ती कारणहरू हटाएर मात्र तिनलाई आज फेरि व्यवहारिक रूप दिनुपर्छ। विवाह प्रथा संयुक्त परिवार प्रणाली, जाति प्रथा, पर्दा प्रथा, सती प्रथा आदिको ज्ञान इतिहासबाट नै हुन सक्तछ। मैकियावेली, मान्टेस्क्यू, हीगेल आदिले यसका निमित्त ऐतिहासिक पद्धति नै प्रयोग गरेका थिए। कार्ल मार्क्सले त ऐतिहासिक पद्धतिका प्रयोग-ले नयाँ वाद (कम्युनिज्म) लाई नै जन्म दिए। एउटा विद्वानले भनेका छन्— इतिहास आफ्नो पुनरावृत्ति गर्दैन, जो भूतकालमा भयो त्यो पुनः हुन सक्तैन। अब इतिहास यस्तो निष्कर्ष प्रदान गर्न सक्तैन, जो आज पनि सामाजिक जीवनको सम्बन्धमा सत्य होस्।

ऐतिहासिक पद्धतिको प्रयोग गर्दा अत्यन्त सतर्कतासाथ गर्नुपर्छ, किनभने प्रायः यो पद्धति प्रयोग गर्नेहरू पक्षपात र भावनामै प्रवाहित भई यथार्थ निष्कर्षमा पुग्न सक्तैनन्। प्रयोग गर्ने सबैले रूचि; धर्म र जातिको मुख हेरेर चाहिंदो निष्कर्ष दिन सकेनन्, तसर्थ ऐतिहासिक पद्धतिबाट लाभ उठा-उन यो पद्धति प्रयोग गर्ने व्यक्तिले तटस्थ रहनुपर्दछ। गेटेलले लेखेका छन्— "ऐतिहासिक पद्धति प्रयोग गर्दा विषयहरूको छनोट र विश्लेषणमा सतर्कता राख्नुपर्छ र स्वार्थ एवं पक्षपातलाई त्याग्नुपर्छ। सँगालिएका तथ्यहरू वास्त-विक र साँचो हुनुपर्छ, यस्ता तथ्यमा आधारित तर्क स्पष्ट र तर्कसंगत हुनुपर्दछ।" "(In using historical method one must take care in selection and analysis of material and in the avoidance of base and prejudice. The facts collected must lie accurate and reasoning based on these facts must be clear and logical.)"

केजरेर लेख्तछन्—"इतिहास उदाहरणहरूको ढुकुटी हो, तर ऐतिहा-सिक पद्धति प्रयोग गर्दा पक्षपातरहित हुन सक्ने प्रयास गर्नुपर्दछ, अन्यथा यो फ़लदायक हुँदैन।" (History is the store house of example but

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

using his to rical method one must try to see it without jaundiced eyes otherwise it will be fruitless·)

(ii) पर्यवेक्षण पद्धति (Observation method) :—पर्यवेक्षण पद्धतिका सम्बन्धमा लार्ड ब्राइस लेख्तछन् —"प्रथम उद्देश्य तथा संकलन गर्नु हो। निश्चित होऊ पूर्णतया स्पष्ट गर, पालिश गर्दै जाऊ, जबसम्म यो मोती जस्तो चम्कँदैन। अनि यसलाई अरू तथ्यहरूसँग संलग्न गर। यसको अरूसँगको सम्बन्धको परिक्षा गर, किनभने त्यसैमा यसको मूल्य र महत्व निहित छ।" (The first aim is to get the fact. Make sure of it. Get it perfectly clear, polish it till becomes sparkless and shines like a geme. Then connect it with other facts. Examine it its relation to them for in that lies its worth and significance.)

पर्यवेक्षण पद्धतिको अर्थ अवलोकन र अनुभवको आधारमा निष्कर्ष निकाल्नु हो। अन्वेषण गर्नेले स्वयं समाजको संगठन रीति-रिवाज सामाजिक तथा राजनैतिक जीवनका विभिन्न पक्षहरूको पर्यवेक्षण र अनुभव गरी निश्चित निष्कर्ष निकाल्दछ। ऊ स्वयं सबै कुरा हेर्दछ अनुभव गर्दछ र तथ्यहरू एकत्रित गरी निष्कर्ष निकाल्दछ। तसर्थ अन्वेषकले पक्षपातरहित हुनाको साथै विस्तृत क्षेत्रमा अन्वेषण पनि गर्नुपर्दछ। निरीक्षण तथा पर्यवेक्षणबाट सामाजिक, राजनैतिक, धार्मिक र आर्थिक संस्थाहरू तथा तिनका व्यावहारिक रूपको यथेष्ट परिचय प्राप्त गर्न सकिन्छ। यो पद्धति आजको युगमा हरेक स्थानमा लागू छ। यो विशेष उपयोगी पनि छ। यस पद्धतिबारे ड़ा० वेणीप्रसाद लेख्तछन्—राजनीतिशास्त्र एउटा पर्यवेक्षण अध्ययन हो, भनौं की राजनीति शास्त्रका विद्यार्थीहरूले रसायनशास्त्र र भौतिक विज्ञान झैं विभिन्न मापमा मिश्रण गर्न र छुट्ट्याउन मन पराउन्नन्।" (Politics is an observational study that is to say the student of Politics cannot like that of physics and chemistry mix and seperate ingredients as various proportion.")

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(iii) प्रयोग पद्धति—राजनीतिशास्त्रमा भौतिक, जीव विज्ञान अथवा रसायन झैं प्रयोग त हुँदैन तर मनुष्यको सामाजिक जीवनमा, बराबर प्रयोग झैं नै रहन्छ। कुनै नयाँ ऐन, राजस्वसम्वन्धी कुनै योजना र यस्तै अरू कतिपय कुराहरू सामाजिक जीवनमा प्रयोग भई नै रहन्छन्। मुलुकी ऐनको प्रयोग नेपालको सामाजिक जीवनमा गरियो। प्रयोगपछि परिणाम हेरिन्छ। परिणाम राम्रो निक्लेमा मात्र सो सम्बन्धी विभिन्न संस्थाहरू गठित गरिन्छन्। तसर्थ प्रयोग पद्धतिले पनि सामाजिक जीवनका तथ्यहरू वुझ्न सकिन्छ।

(iv) तुलनात्मक पद्धति (Comparative method) :—तुलनात्मक पद्धतिमा एक देशको सामाजिक परिस्थिति र घटनाहरूको अर्को देशसँग तुलना गरिन्छ। दुवैमा तुलना गरी एक रूपमा अथवा सादृश्यता स्थापित गर्ने प्रयास गरिन्छ र ती घटनाहरूको वास्तविक स्वरूप र प्रकृतिको परिचय प्राप्त गरिन्छ। यस पद्धतिमा ध्यान राख्नुपर्ने कुरा के छ भने समान परिस्थितिमा विभिन्न स्थानहरूमा घटनाहरू घट्तछन्। यस प्रकारले समान संस्थाहरूको उदय र विलीन हुन्छ। यस पद्धतिको माध्यमबाट अरस्तूले प्रयोग गरे। अरस्तूले २५० संविधानहरू अथवा शासन-प्रणालीको अध्ययन र तिनको तुलना गरी महत्वपूर्ण निष्कर्ष निकाले। लार्ड ब्राइस र मंटेस्क्यूले पनि यस पद्धतिलाई सफलतापूर्वक प्रयोग गरे। हाम्रो संविधानको निर्माणमा पनि यही तुलनात्मक पद्धति अंगालिएको छ, जस्तो निर्देशक तत्व आयरल्याण्डमा प्रचलित भएको छ र राष्ट्रिय पञ्चायत सम्बन्धी ब्रिटेन भारत आदिमा।

तुलनात्मक पद्धतिले प्रयोग गर्दा धेरै कुराहरूको ध्यान राख्नुपर्दछ। खास गरी एउटै समाज वा संस्थालाई मात्र आधार मानेर निष्कर्ष निकाल्नु हुँदैन। जुन देशका संस्थाहरूसँग तुलना गरिन्छ ती देशहरूको सभ्यता, संस्कृति, आर्थिक; सामाजिक राजनैतिक परिस्थिति एउटै हुनुपर्छ। तुलना गर्दा समानतामाथि मात्र विचार गर्नु हुँदैन, विभिन्नतामाथि पनि विचार गर्नुपर्दछ। प्रो० आशीर्वादम्का अनुसार "यदि तुलनात्मक पद्धति राम्ररी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अपनाउने हो भने समानतामाथि मात्र विचार गरिनु हुँदैन । विभिन्ता पनि छुट्ट्यानुपर्दछ । निष्कर्षमा पुग्न हामीले हतारिनु हुँदैन" (If comparative method is to be usefully employed we must take into account not only resemblance but also differences. We should not be in hurry to come to conclusion.)

(v) मनोवैज्ञानि पद्धति (Psychological method) :—यस पद्धतिको माध्यमले समाज र राजनैतिक संस्थाहरूको सम्बन्धबारे उचित जानकारी पाउन सकिन्छ । यस पद्धतिले राज्यको निर्माण तथा संगठनमाथि अप्रत्यक्ष रूपबाट ती तत्वहरूमाथि जोड दिन्छ जो निर्माण र संगठनमा प्रभाव पार्दछन् । यस पद्धतिको ठोकुवा छ—'State is the product of mind." मानवीय कार्य, प्रवृत्ति, भावना आदिले राज्यको विकास र कार्यलाई प्रभावित पार्दछन् यो पद्धति एउटा सीमासम्म मात्र उचित देखिन्छ । ब्रिम्बिल र मे लेख्तछन्—विश्वनागरिकताको शिक्षा मनोविज्ञानमा आधारित थियो, जो सहानुभूति र सहयोगमा केन्द्रित थियो । तसर्थ मनोवैज्ञानिक पद्धतिद्वारा तथ्य पत्ता लगाउनु आवश्यक छ" । (Education for world citizenship has psychological back-ground which centres round the problems of sympathy and co-operation. Hence there is clear need of psychological of investigation.)

(vi). वैधानिक पद्धति (Judicial method) :—यस पद्धतिले राज्यलाई वैधानिक व्यक्ति अथवा संख्या मान्दछ । राज्यको कार्य कानून निर्माण गर्नु र पालन गराउन हो भन्ने तर्कमा यो पद्धति विश्वास राख्तछ । राज्यलाई वैधानिक संस्थाको श्रेणीमा राखी यस पद्धतिले राजनैतिक संस्थाहरूको अध्ययन गर्दछ र निष्कर्ष निकाल्दछ । यस निष्कर्षको सम्बन्ध नागरिक शास्त्रसँग पनि हुन्छ ।

तर यस पद्धतिमा धेरै नै त्रुटिहरू छन्, किनभने राज्य एउटा वैधानिक व्यक्ति र संस्था मात्र नभई अरू पनि केही हो । राज्य अधिकार र कर्त्तव्यको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पोको मात्र होइन । तसर्थ एउटा विद्वान्ले लेखेका छन्—"राज्य एउटा राजनैतिक व्यक्ति मात्र होइन, यो केही बढी पनि हो । यो नैतिक संगठन अथवा अरस्तूले भनेको 'कोइनोनिया, जो असल जीवनका लागि उत्पन्न हुन्छ" । (State is not merely a political individuality but it is something more. It is a moral organism, as what Aristotle calls a koinonia; which comes and exists for good life.)

(vii) दार्शनिक पद्धति (Philosophical method) : दार्शनिक पद्धतिको बढी प्रयोग प्लेटो, रूसो तथा मिलले गरेका थिए । नागरिकशास्त्रमा हामी राम्रो के हो, नराम्रो के हो, आदि प्रश्नको समाधान पाउँछौं । यस प्रश्नको सबभन्दा राम्रो समाधान दार्शनिक पद्धतिबाट नै सम्भव छ । प्रत्येक व्यक्तिले आफ्नो भलो र कुभलो स्वयं जान्दछ अथवा मानिस स्वतन्त्रता-प्रेमी हुन्छ आदि विषयहरूबाट नै राजनैतिक सिद्धान्तको जन्म हुन्छ उदाहरणको लागि उपयोगिताबाट यसै पद्धतिमा आधारित छ । मनुष्यको मूल प्रकृति के हो र सामाजिक संगठनको के उद्देश्य हो भन्ने तर्कको उत्तर दार्शनिक पद्धतिं द्वारा नै दिन सकिन्छ । मनुष्यको प्रकृति र उद्देश्य थाहा हुनासाथ त्यसलाई प्राप्त गर्न कस्तो संगठनको आवश्यकता छ, तुरुन्त थाहा पाउन सकिन्छ । यस प्रकार यो पद्धति व्यावहारिकभन्दा काल्पनिक बढी छ । काल्पनिक ज्यादा भएकोले गल्ती हुने धेरै सम्भावना यस पद्धतिमा छ । तसर्थ गेटेल लेख्तछन्–"यस पद्धतिको सबभन्दा ठूलो दोष के छ भने यो पद्धति कल्पना मात्र आधारित छ, जसको यथार्थसँग कुनै सम्बन्ध हुँदैन । यदि यसलाई सूक्ष्म पर्यवेक्षण र आलोचनात्मक ऐतिहासिक पद्धतिसँग सम्बन्धित गरिदिएमा उचित लाभ उठाउन सकिन्छ ।"

(viii) सामाजिक पद्धति (Sociological method)—यो सिद्धान्त राज्य, व्यक्तिको वृहत्तर रूप हो' (State is individual at large) भन्ने सिद्धान्तमा आधारित छ । व्यक्तिहरूको सामुदायिक रूप नै समाज हो । यस पद्धतिले राज्यलाई 'एउटा शरीर' (Organic whole) को रूपमा मान्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तसर्थ व्यक्ति प्रवृत्तिअनुसार नै राज्यको पनि विकास हुन्छ। प्लेटो, अरिस्टोटल, स्पेन्सर आदि दार्शनिकहरूले राज्यलाई यसै रूपमा देखे तथा कल्पना गरे। राज्यको उत्पत्ति सम्बन्धी कुरा ज्ञान गर्नमा यश पद्धतिले ठूलो सहयोग गर्छ। गेटेलअनुसार "समाज वैज्ञानिक पद्धतिको प्रथम आलोचना हो—राज्यलाई जुन रूपमा विचार गर्नपर्ने हो, त्यस रूपमा यस पद्धतिले विचार नगर्नु।" (The first criticism to be made of sociological and biological methods is that they are not so much modes of investigation as points of view from which State may be considered.)

(ख) आधुनिक पद्धति (Modern Approach)—यस शताब्दीको उत्तरार्द्धमा राजनीतिशास्त्रको अध्ययन-पद्धतिमा ठूलो परिवर्तन अमेरिकामा आयो। प्राचीन पद्धतिमा भएका त्रुटिहरूलाई इंगित गर्दै अमेरिकी विद्वान् ग्राहम वालास र आर्थर वेण्टलेले नयाँ अध्ययन पद्धतिको जग बसाले। उनीहरूको सारलाई निम्नलिखित रूपमा वर्णन गरिएको छ।

(i व्यवहारवादी पद्धति (Behavioral method)—यस पद्धतिका जन्मदाता ग्राहम वालास र वेण्टले हुन्। हेरोल्ड लासबेलले यस पद्धतिको विकासमा ठूलो योगदान दिए। उनीहरूको भनाई थियो—व्यवहारिक शोध (Emperical Research) बाट नै कुनै कुरा पत्ता लाउन सकिन्छ। कुनै एक राज्यका विषयमा जान्नको लागि त्यस राज्यमा निवास गर्ने मानिसहरूको आचरण, राजनैतिक दलहरू तथा अन्य समूहहरूको अध्ययन गर्नुपर्छ। प्राचीन पद्धतिमा यही कमी थियो जसमाथि आधुनिक पद्धतिका विद्वान्हरूले इंगित गरे। दलहरूको क्रियाकलाप, संघ-संस्थाहरूका काम-कारवाही, जनताका विचार र व्यवहारहरूको अध्ययन गरी निष्कर्ष निकालेमा बढ़ी तथ्यपूर्ण र व्यावहारिक हुने निश्चित छ। यसै तथ्यलाई व्यवहारवादीहरूलें आफ्नो लेखमा प्रधानता दिए।

(ii) परिमाणात्मक पद्धति (Quantitative method):—यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पद्धतिका जनक ग्राहम वालास हुन् । 'राजनीतिमा मानव प्रवृत्ति' (Human nature in politics) भन्ने पुस्तकमा उनले यस पद्धतिको बहुत् चर्चा गरेका छन् । आँकडा र सत्य कुराको संकलन गरी त्यसको विश्लेषणबाट सबै कुरा यथार्थरूपले ज्ञात हुनेछ । वालासको भनाइअनुसार त एउटा देशमा प्राप्त आँकडालाई अन्य देशहरूको आँकडासँग दाँजी निष्कर्ष निकालेमा जून निष्कर्ष आउनेछ त्यो वास्तविक रूपले सर्वमान्य र सत्य प्रमाणित हुनेछ । यो पद्धति अमेरिकामा साह्रै प्रचलित छ । तर गरीब देशको लागि यो पद्धति असम्भव प्रायः छ किनकि थुप्रो देशहरूको आँकड़ा प्राप्त गर्नको लागि खर्चको व्यवस्था गर्न गाह्रो हुनेछ ।

प्राचीन र आधुनिक पद्धति दुवै आफ्ना स्थानमा ठीक छन् । प्राचीन पद्धति वेकार हो भन्न सकिन्न, किनभने प्लेटोको रिपब्लिक, अरिस्टोटलको पॉलिटिक्स, मूरको यूटोपिया, मेकाभिलीको प्रिन्स, रूसोको सोशल कन्ट्र्याक्ट आदि रचना विश्वका महान् निधि हुन् औ प्राचीन पद्धतिकै देन हुन् । तथापि आजकल आधुनिक पद्धतिको मिश्रण गरी कुनै तथ्य निकाल्न सकेमा राम्रो हुने कुरा निश्चित नै छ । यस सम्बन्धमा एक विद्वानको भनाइ सारगर्भित छ "कुनै एक पद्धतिलाई सर्वमान्य र पूर्ण मान्न सकिन्छ । सबै पद्धतिहरूलाई मिलाएर पक्षपातरहित भावनाबाट लागू गरेमा निश्चय नै राम्रो निर्णय प्राप्त गर्न सकिनेछ ।" (No one method of study is complete in itself. A happy blending of all the methods combined with impartial attitude and penetrating intellect may be of some positive help.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय–२

नागरिक र नागरिकता

(Citizen and Citizenship)

नागरिकको शाब्दिक अर्थ :—नागरिकको शाब्दिक अर्थ हुन्छ नगर-निवासी । कुनै नगरको निश्चित परिधिभित्र निवास गर्ने मानिसहरूलाई नै नागरिक भनिन्छ । यस अर्थले गाउँमा निवास गर्ने मानिसहरूलाई नागरिक भनिँदैन, तर यो विचार आजकल ठीक देखिँदैन । समय र परिस्थितिअनुसार नागरिक शब्द अर्थमा पनि परिवर्तन हुँदै गयो ।

प्राचीन कालमा नागरिक शब्दको अर्थ :—नागरिक शास्त्रको उत्पत्तिस्थान प्राचीन यूनान नगर नै थियो । प्राचीन यूनान नगरराज्यहरू थिए । यी राज्यहरूमा ३ प्रकारका मानिसहरू बस्दथे । (i) नागरिक, (ii) दास, (iii) विदेशी । नागरिक तिनीहरूलाई भनिन्थ्यो, जसलाई राज्यले समाजिक र राजनैतिक अधिकार तथा अन्य सुविधाहरू पनि दिएको थियो दासहरूलाई कुनै प्रचारको अधिकार प्राप्त थिएन । विदेशीहरूलाई पनि अधिकार प्राप्त थिएन । दास र विदेशीहरू नागरिक सम्झिइन्नथे । एउटा विद्वानका अनुसार एथेन्स नगरमा १,४०,००० दास; १,००० (एक हजार) विदेशी २१०० नागरिक थिए । महिलाहरूलाई पनि कुनै अधिकार प्राप्त थिएन । त्यहाँको सामाजिक तथा राजनैतिक पृष्ठभूमिको आधारमा अरस्तूले नागरिकको परिभाषा यस प्रकार दिए—"नागरिक त्यस व्यक्तिलाई भनिन्छ जो नगर राज्यको कार्यकारिणी र न्यायका कार्यहरूमा भाग लिन्छन् ।" (" A citizen is one who right to share in the executive and judicial activities of State")

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अरस्तूको यो परिभाषा भलै त्यस समय र त्यस ठाउँको लागि उपयोगी भएको होस्, तर आजकल यो बिलकुल अनुपयुक्त छ। राजनैतिक र न्याय-सम्बन्धी अधिकार पाएर मात्र नागरिक बन्न सकिन्न। अधिकारका साथ-साथ नागरिकहरूले कर्त्तव्य पनि गर्नु पर्छ।

नागरिक शब्दको मध्यकालीन परिभाषा—यूनानको पतनपछि रोमन साम्राज्यको युग आयो। रोमन साम्राज्य विस्तृत भएकोले नगरभन्दा बाहिर बस्ने व्यक्तिहरूलाई पनि अधिकार दिनुपर्ने भयो। यस प्रकारले नागरिकको रोमन परिभाषाअनुसार ती सबै व्यक्तिहरू नागरिक बनिए, जसले राजनैतिक र न्यायसम्बन्धी अधिकार प्राप्त गरे तथा ती नगरमा बस्ने हुन् अथवा रोमन साम्राज्यको कुनै ठाउँमा। यस प्रकारले यस युगमा नागरिकताको क्षेत्र जरूर व्यापक भयो, तर नागरिकताको मुख्य आधार अधिकारहरूकै उपयोग रह्यो। (Man with rights is called citizen) यस युगमा पनि दास तथा नारीहरूलाई नागरिकमा गणना गरिएन।

रोमन परिभाषा पनि यूनानी परिभाषा झैं दोषपूर्ण थियो। यस परिभाषामा पनि अधिकारसम्म मात्र सीमित तथा कर्त्तव्यसँग कुनै सम्बन्ध थिएन। पुनः नारी तथा कमारा कमारीहरू नागरिक सम्झिइन्नथे।

नागरिकको आधुनिक अर्थ—आजको युग प्रजातन्त्र युग हो। यस युगमा नारीहरूलाई पनि पुरुषहरूलाई झैं अधिकार दिइएको छ। बाटलका अनुसार—"नागरिक संगठित समाजका ती सदस्य हुन् जो केही कर्त्तव्यद्वारा समाजसँग बाँधिएका छन्। यसको सत्तालाई स्वीकार गर्दछन् र यसले दिएका सुविधाहरूको समानभागी छन्"। Citizens are the members of the civil society bound to this society by ceratin duties subjected to its authority and equal partcipant in its advantages.)

मिलरका अनुसार—"नागरिक राजनैतिक समाजका ती सदस्य हुन्, जोसँग मिलेर राज्य संगठित हुन्छ, जसले व्यक्तिगत र सामूहिक अधिकारको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागि सरकारको स्थापना गरेकी छ'' (Citizens are the members of the political community to which they belong. The are the people who compose the State and who in their associated capacity establised or subjected themselves to the dominion of government for the protection of individual and collective right.)

गेटलका अनुसार—''नागरिक, राजनीतिक समाजका ती सदस्य हुन् जो कतिपय कर्त्तव्यहरूद्वारा समाजसँग सम्बन्धित हुन्छन्, उसको सत्ताको अधिन रहन्छन् तथा उसद्वारा प्रदत्त सुविधाहरूको समानभागी हुन्छन्।'' (Citzens are the members of the civil society bound to this society by certain duties, subject to its authority and equal participants in its advantages.)

प्रो० लास्कीका अनुसार—''नागरिक त्यो व्यक्ति हो जो सिर्फ संगठित समाजको सदस्य मात्र होइन, आदेशहरू प्राप्र गर्ने र कतिपय कर्त्तव्यहरूको पालन गर्ने बुद्धिमान् व्यक्ति हो।'' (A citizen is one who is not merely a membor of civil society but an intelligent receiver of orders and performer of certain mechanical duties.)

उपरोक्त परिभाषाहरूबाट नागरिकहरूको लागि निम्नलिखित शर्तहरूको आवश्यकता हुँदो रहेछ।

(i) राज्यको सीमाभित्र नगर अथवा गाउँमा रहने निवासी।
(ii) राज्यको सदस्य हुनु।
(iii) उसलाई राज्यको निर्वाचनमा मतको अधिकार प्राप्त भएको होस्
(iv) राज्यको सम्प्रभुतालाई स्वीकार गरेको होस्।
(v) राज्यको लक्ष्य व्यक्तिगत एवं सामूहिक हितको रक्षा गर्नु तथा सामान्य वृद्धि गर्ने होस्।

तर लामो सजाय पाएको व्यक्ति, भिक्षुक, पागल, कोढ़ी, दिवालिया निक्लेको व्यक्ति नागरिकको श्रेणीमा आउँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(क) नागरिकताको श्रेणी—(i) अल्पवयस्क :—२१ वर्षभन्दा कम आयुकालाई मतदानको अधिकार हुन्न ।

(ii) मताधिकार रहित वयस्क :—२१ वर्षको आयु त पूरा भएको तर विभन्न कारणहरूले गर्दा मतदानको अधिकार प्राप्त नभएको।

(iii) वयस्क नागरिक :—यी राज्यका पूर्ण नागरिक हुन्छन्, जसलाई राजनैतिक, सामाजिक धार्मिक आदि सबै प्रकारको अधिकारप्राप्त हुन्छ ।

(iv) कृत्रिम नागरिक :—यसअन्तर्गत ती व्यतिहरू आउँछन् जो बाहिरी देशवाट आयेका हुन्छन् र केही शर्त पूरा गरेपछि राज्यले त्यस्तालाई नागरिकताको अधिकार दिएको हुन्छ ।

(ख) विदेशी—हरेक राज्मा दुइ प्रकारका निवासी हुन्छन् ।

(i) नागरिक, (il) विदेशी ।

विदेशी भनेका ती व्यक्तिहरू हुन् जो अस्थायी रूपले एउटा देशमा त बस्तछन्, तरत्यस देशका ती सदस्य हुँदैनन् । विदेशीहरू पनि तीन प्रकारका हुन्छन् ।

(i) निवासी विदेशी—निवासी विदेशी भनेका ती विदेशी व्यक्तिहरू हुन् जो आफ्नो देशको घरबार छाड़ेर अरू देशमा गइ बस्तछन् र त्यस देशको नागरिकता प्राप्त गरी त्यहीं नै स्थायी रूपले बस्तछन् । कतिपय भारतीयहरू पनि हाम्रो देशमा स्थाई विदेशीका रूपले वसेका छन् ।

(ii a) अस्थाई विदेशी :—अस्थायी विदेशी ती व्यक्तिहरूलाई मानिन्छ जो कुनै कारणले आफ्नो देश छाडी अरू देशमा जान्छन् र काम सकिएपछि पुनः आफ्नो देशमा फर्केर आउँछन् । त्यस्तो श्रेणीमा विदेशी पर्यटकहरू आउँछन् ।

(ii b) राजदूत :—राजदूत र राजदूतावासका कर्मचारी पनि विदेशीको श्रेणीमा आउँछन् । यद्यपि यिनीहरू पनि अस्थायी विदेशी जस्ता हुन्छन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर पदावधिसम्म यिनीहरूलाई विशिष्टि स्थान प्राप्त हुन्छ । यिनीहरूमाथि जुन देशका यी हुन् त्यही देशको कानून लाग्दछ । पत्र-व्यवहार तथा भ्रमणको लागि यिनीहरूलाई विशेष सुविधा हुन्छ । यीनीहरूको माल सामानमाथि कुनै भन्सार तथा कर लाग्दैन् ।

उपरोक्त ३ प्रकारका विदेशीहरुको अलावा २ अन्य प्रकारका विदेशी-हरू पनि हुन्छन् ।

(i) विदेशी मित्र र (ii) विदेशी शत्रु ।

विदेशी मित्र ती देशका नागरिकहरूलाई भनिन्छ जुन देशसँग हाम्रो देशको मधुरो सम्वन्ध छ । विदेशी शत्रु ती देशका नागरिक हुन्छन् जुन देश-सँग हाम्रो देशको मैत्रीपूर्ण सम्वन्ध हुन्न तथा शत्रुता हुन्छ; जस्तो आजकाल चीनियाँ नागरिकहरू भए ।

(ग) नागरिकताको निर्णय (Determination of Citizenship)—नागरिकताको प्राप्ति हरेक राज्यमा केही विशिष्ट नियममाथि आधारित रहन्छ । एक देशको नियम अर्को देशसँग मिल्दैन । यस सन्दर्भमा लहरी र व्रनरले लेखेका छन्—"Different States impose different condition for the acquistion of citizenship." तथापि सामान्यतया नागरिकता दुई प्रकारले प्राप्त गर्न सकिन्छ ।

(१) जन्मजात नागरिक, (२) कृत्रिम नागरिक ।

(१) जन्मजात नागरिक :—जन्मवाट नै नागरिकताको प्राप्तिको पनि ३ बेग्ला-वेग्लै सिद्धान्त छन् ।

(क) रक्तवंशाधिकार सिद्धात :—(Jus-sanguinis of Blood relationship or parentage) :—यस सिद्धान्तअनुसार नागरिकताको निर्णयको आधार रक्त अथवा वंशवाट हुन्छ । माता-पिता जुन देशका नागरिक हुन्छन् तिनका छोरा-छोरी पनि त्यही देशका नागरिक हुन्छन् । यो सिद्धान्त प्राचीन कालदेखि नै चलिआइरहेको छ । "नेपालको संविधान २०१९" को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाग (२) दुइको दफा सात (७) को उपदफा (क) र (ख) मा पनि यही सिद्धान्त उल्लेख गरिएको छ। तर कहिलेकाहीं यस सिद्धान्तले ठूलो झंझट खडा गरेको छ। अनाथ बालकको, जसका माता-पिता कोही पनि छैन र साथै जब माता-पिता दुई विभिन्न देशका नागरिक हुन्छन् तब यो सिद्धान्तद्वारा ती केटा-केटीको निर्णय गर्न कठिनाइ हुन्छ।

प्रो० गेटेलअनुसार "Principle of Jus sanguin lacks the advantage of easy proof, but is generally more natural and reasonable and has been more widely adopted," "रक्त वंशाधिकार सिद्धान्त साधारण सबूतमा कमी छ, तर साधारणतया बढी स्वाभाविक र तर्कसंगत छ र बढी मान्यता प्राप्त छ।"

जन्मस्थानी सिद्धान्त (Jus soli or Place of Birth) :—यस सिद्धान्तअनुसार नागरिकताको निर्णय जन्मस्थानको आधारमा गरिन्छ। एउटा बालकको जन्म जुन देशमा हुन्छ त्यो त्यही देशको नागरिक सम्झिन्छ। भलै उसका बाबू आमा अरू नै देशका नागरिक किन नहुन्? "नेपालको संविधान २०१९" को भाग (२) को दफा ७ को उपदफा (क) मा पनि यो सिंद्धान्त प्रतिपादित गरेको पाइन्छ। यद्यपि यो सिद्धान्त बढी सरल छ, यर कहिले-काहीं अनावश्यक वादविवाद पनि बढांउँछ : जस्तो अमेरिकाको दम्पती अर्जेन्टिना घूम्न आउँदा सन्तान जन्मियो भने त्यो स्वतः यस सिद्धान्तको अनुसार अर्जेन्टिनाको नागरिक हुन्छ। यसै सन्दर्भमा मिल क्राइस्टले लेखेको छन्—"Its chief merit is simplicity. But birth place alone is not a fair test, as the place of birth are Touring it is obiviously unjust to compel the child to adopt the nationality of the State in which it happens to be born." "यसको मुख्य लाभ सादापनमा छ। जन्म-ठाउँ मात्र उचित परीक्षा हैन, कहिलेकाहीं जन्मस्थान आकस्मिक हुन्छ। माता-पिता यात्रा गरिरहेका बेलामा बालक जन्मन सक्तछ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो अन्याय हुनेछ कि बालक जुन राज्यमा जन्मियो त्यसैको नागरिक बन्न बालकलाई बाध्य गरियोस् ।"

(ग) मिश्रित सिद्धान्त (Double principle) :—यो सिद्धान्त रक्त वंशाधिकार तथा जन्मस्थान दुवैको मिश्रण हो यसअनुसार एउटा देशका मातापिताबाट संसारको कुनै पनि भागमा जन्मेको सन्तान जन्मस्थानको कारणले जन्मेको देशकै नागरिकता प्राप्त गर्दछन् । यस प्रकारले यो मिश्रित सिद्धान्तले जहाँ केही लाभ भयो त्यहाँ केही बाधाहरू पनि आइपरे । जस्तै— अँग्रेज मातापिताबाट अमेरिकाको भूमिमा जन्मेको सन्तान जन्मस्थानको नियमले अमेरिकाको नागरिक हुन जान्छ, तर वंशाधिकारको नियमबाट इङ्गल्याण्डकै नागरिक हुन जान्छ । यस प्रकारले अनावश्यक वादविवाद बढ्न जान्छ । खास गरी युद्धको समयमा त्यस्तो व्यक्ति न इङ्गल्याण्डको नै नागरिक हुन्छ न अमेरिकाको ।

[२] कृत्रिम नागरिक (Naturalised citizen or Acquisition of citizenship) :—

अरू देशका व्यक्तिहरूले कुनै अर्को देशमा नागरिक बन्नको लागि केही नियमहरू पालन गर्नुपर्छ । राज्यसरकारले त्यस्ता व्यक्तिहरूलाई नियम पालन गरेबापत नागरिकता प्रदान गर्दछ । "नेपालको संविधान २०१९" को भाग (२) को दफा आठ (८) अन्तर्गत विदेशीलाई नागरिकताको प्राप्तिको लागि उपदफा (क) (ख) (ग) (घ) मा उल्लेख गरिएको छ । प्रो० गारनरले विदेशीहरूले नागरिकता प्राप्त गर्ने केही विधिहरूको वर्णन गरेका छन् । विस्तृतरूपले विचार गर्दा कृत्रिम नागरिकता प्रदान गर्दा निम्न-शर्तहरू समावेश गरिन्छ —(क) वैधानिक (ख) लिइएको (ग) माता-पिताको विवाहबाट स्वाभाविकता (घ) नोकरीद्वारा (ङ) निवासस्थानको कानूनअनुसार र (च) विदेशी भूभागको विजयबाट ।

(In a wider sense, naturalisation includes bestowal of citizenship on alien in any manner whatever (a) legitima-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

tion (b) adoption (c) naturalisation of parents through marriage (d) ··· through purchase of real estate (e) through service (f) through operatiou of the law of domicils or (g) annexation of foreign territory,) अध्ययनको सुविधाको लागि नागरिकताको प्राप्तिका निम्नलिखित शर्तहरू पूरा गर्नुपर्छ।

(क) राज्यको अधिकारी-समक्ष नागरिकताको प्राप्तिको लागि प्रार्थनापत्र पठाउनुपर्छ। प्रार्थनापत्रमा राज्यद्वारा निर्धारित सबै आवश्यक शर्तहरू पूरा गर्ने उल्लेख हुनुपर्दछ। सामान्यता प्रार्थनापत्रमा निम्न कुराहरू हुनुपर्छ। निर्धारित समयसम्म राज्यको सीमाभित्र निवास गर्नु, राष्ट्रभक्तिको शपथ लिनु, राष्ट्रभाषको ज्ञान, राम्रो चाल-चलन, राज्यको शासन-व्यवस्था एवं सिद्धान्तमा विश्वास, प्रार्थीले आफूमाथि आश्रित परिवारका सदस्यहरूको भरणपोषण गर्न सक्ने पर्याप्त साधनहरूको उल्लेख आदि। "नेपालको संविधाम २०१९"को भाग दुई (२) को दफा (८) मा पनि यस्तै प्रकारका शर्तहरू राखिएका छन्। जस्तै—नेपालको राष्ट्रभाषा बोल्न र लेख्न जान्ने नेपालमा कुनै व्यवसाय गरी बसेको अन्य राज्यको नागरिकता त्याग्न कार्यवाही चलाएको र नेपालमै जन्मेका बाहेक घटीमा १२ वर्षसम्म नेपालमा बसोबास गरेको, नेपालमै जन्मेकाको लागि २ वर्षसम्म नेपालमा वासोबास गरेको आदि शर्तहरू राखिएका छन्।

(ख) एउटा देशकी स्त्रीले अर्को देशका पुरुषसँग विवाह गरेमा स्त्री स्वतः पुरुषकै देशको नागरिक हुन जान्छे। नेपालको संविधानको भाग (२) को दफा (७) को (ग) मा पनि "नेपालको कानून र रीतबमोजिम नेपालको नागरिकका साथ कुनै वैवाहिक सम्बन्ध भएकी स्वास्नीमानिस जसले सम्बन्धित देशबाट नागरिकता छाडेको पत्र ल्याएको होस्" भने उल्लेखबाट पनि पतिको देशकै नागरिकता पत्नीले पाउने कुरा स्पष्ट छ।

(ग) केही देशहरूमा विदेशी नागरिकहरू सरकारी जागीर पाएमा नागरिक बन्न जाने उदाहरणहरू पाइन्छन्। जस्तै—रूसमा कुनै नेपाली गएर जागीर खाए रूसको नागरिकता पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(घ) केही देशमा विदेशीहरू गई भूमि किनी बसोबस गरेमा नागरिकता प्राप्त हुन्छ । मेक्सिको र पिरूमा यही नियम प्रचलित छ ।

(ङ) कुनै देशमा अर्को देशले आक्रमण गरी जितेमा पराजित देशका निवासीहरू स्वतः विजयी देशका नागरिक बन्न जान्छन् ।

(च) अनेक देशहरूमा केही निश्चित समयसम्म विदेशीहरू निवास गरे उक्त देशको नागरिकता प्राप्त हुन्छ । हरेक देशमा निवासअवधि बेग्लाबेग्लै छ । इङ्गल्याड, अमेरिका र जापानमा निवासअवधि ५ वर्षको छ । नेपालमा संविधानअनुसार निवासअवधि घटीमा १२ वर्ष राखिएको छ । इटलीमा ४ वर्ष, स्वीडेनमा ३ वर्ष, मेक्सिको, अर्जेन्टायना र स्वीठ्जरल्याण्डमा २ वर्ष राखिएको छ ।

नागरिकताको लोप (Loss of Citizenship)—जुन प्रकारले नागरिकता प्राप्त हुन्छ, त्यस्तै प्रकारले लोप पनि हुन सक्छ । निम्नलिखित स्थितिहरूमा नागरिकताको लोप हुन्छ :—

(i) जुन नारीले विदेशीसँग विवाह गर्दछे, उसको आफ्नो स्वदेशको नागरिकता समाप्त भै पतिको देशको नागरिकता प्राप्त हुन्छ । यस प्रकारले स्त्रीजातिको आफ्नो बालककालदेखिको नागरिकता प्राप्त देशको नागरिकता लोप हुन्छ र पतिको देशको नागरिकता प्राप्त हुन्छ, तर रूसमा महिलाहरूको विवाह विदेशीसँग भए तापनि महिलालाई स्वदेश छाडी जान अनुमति हुन्न।

(ii) कुनै व्यक्ति धेरै कालसम्म आफ्नो देशबाट अनुपस्थित रहेमा उसको सूचना सम्बन्धित अधिकारहरूलाई नभए त्यो व्यक्ति नागरिकताबाट वञ्चित हुन्छ । अनुपस्थित रहने समय हरेक देशमा बेग्लाबेग्लै छ ।

(iii) केही राज्यहरूमा यस्तो नियम छ कि यदि कुनै नागरिकले विदेशी नागरिकको नोकरी गरेमा स्वदेशको नागरिकता समाप्त हुन्छ ।

(iv) केही देशहरूमा यदि कुनै-नागरिकले विशेष कारणविना सेनाको नोकरी छोडेर भागेमा उसको नागरिकता लोप हुने नियम छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(v) जब कुनै नागरिकले स्वेच्छाले आफ्नो देश छाडी अरू देशको नागरिक बन्दछ त्यसको पहिलेको देशको नागरिकता लोप हुन्छ ।

(vi) देशद्रोही तथा यस्तै प्रकारका भयंकर अपराध गर्ने व्यक्तिको नागरिकता खतम हुन्छ । पुणताम्वेकरले लेखेका छन्—'नागरिकता खराब आचरणबाट समाप्त हुन सक्छ । जस्तै—विद्रोह गरेर, गद्दारीबाट·········" । (Citizenship is lost by misconduct such as rebillious εcelition betrayal·········) "नेपालको संविधान २०१९" को भाग (२) को दफा (८) को उपदफा (३) को (क) र (ख) अनुसार "नेपालको विरुद्ध हातहतियार उठाएको या उठाउने कुचेष्ठा गरेको वा राज्यका विरुध्य अन्य अपराध गरेको वा युद्धको समयमा व अन्य संकटकालीन अवस्थामा कानूनद्वारा निर्धारण गरिए-अनुसार राज्यको सेवा नगरेका वा सेवा गर्न नखोजेकोमा नेपालको नागरिकता लोप हुन्छ" भन्ने उल्लेख छ ।

(vii) यदि कुनै व्यक्ति गम्भीर अपराधमा न्यायालयद्वारा दण्डित भएमा त्यस्तो व्यक्तिको नागरिकता लोप हुन्छ ।

(viii) पागल भएमा, दिवालिया निक्लेमा, विरक्त, साधु, संयासी भएमा त्यस्तो व्यक्तिको नागरिकता लोप हुन्छ ।

(ङ) **आदर्श नागरिकका गुणहरू (Essentials of civics sense)**—आदर्श नागरिकताको लागि मनुष्यमा धेरै सद्गुणहरू हुनुपर्छ । लाइ ब्राइसले 'आदर्श नागरिकमा बुद्धि, आत्मसंयम र आत्मचेतन हुनुपर्छ' भनेका छन् । डाक्टर ह्वाइटले आदर्श नागरिकमा बुद्धि, ज्ञान तथा लगनशीलता हुनुपर्छ' भनेका छन् । यस्तै प्रकारले अरू पनि कतिपय विद्वान्हरूले आदर्श नागरिकका सम्बन्धमा विभिन्न चर्चा गरेका छन् । सबैको सार तल दिइएको छ ।

उत्तम चरित्र—उत्तम चरित्र भएको मानिस जस्तै कठिन परिस्थितिमा पनि अडिग रहन्छ । जनकल्याण-सम्बन्धी कार्यमा यस्ता व्यक्तिले निःस्वार्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भावनाले कार्य गर्दछ । आदर्श चरित्र-अन्तर्गत अन्तःकरणको शुद्धि, सत्यता, ईमानदारी इत्यादि आउँदछ । अँग्रेजीमा एउटा भनाइ छ "If wealth is lost nothing is lost, If health is lost something is lost, If character is lost, everything is lost.

(ii) स्वस्थ जीवन—स्वस्थ नागरिकले नै अनेक किसिमको कार्य गर्न सक्तछ । अस्वस्थ व्यक्ति परिवार या समाजमाथि भारस्वरूप हुन्छ । अस्वस्थ व्यक्तिबाट सामाजिक कल्याणको आशै गर्न सकिन्न । यस्तो व्यक्ति अरूको सेवामा नैं आश्रित हुन्छ, स्वयं कुनै सेवा गर्न सक्तैन । अस्वस्थ व्यक्तिको विचार विकृत र चिडचिड़ा हुन्छ । "Sound mind in a sound body" भन्ने उक्ति यस्तो व्यक्तिमा लागू हुँदैन । यसर्थ आदर्श नागरिकका लागि स्वस्थ जीवनको नितान्त आवश्यक छ । डाक्टर राम र शर्माले लेखेका छन्— "शारीरिक विकास ठीक प्रकारको नागरिकताको आदर्शको जंग र साधन हो ।" "Physical development is an important factor in promoting the right type of citizenship; Good health·········is the foundation of all other and means of strengthing the spirit itself."

(iii) सुशिक्षा :—शिक्षाले अन्धकारको अन्त गरी ज्ञानको ज्योति दिन्छ । शिक्षारूपी ज्ञानले नै मनुष्यले राम्रो नराम्रो कार्यको पहिचान गर्दछ। शिक्षाले नै हाम्रो व्यक्तित्वको विकास गर्दछ । शिक्षाको अभावमा मनुष्य 'कूपमण्डूक हुन्छ । शिक्षित व्यक्तिले नै आफ्नो अधिकारलाई राम्ररी चिन्न सक्तछ तथा कर्तव्यको पनि राम्ररी पालन गर्न सक्तछ । शिक्षाले मानवमा विवेक राम्ररी उत्पन्न गराउँछ । शिक्षाहीन व्यक्ति, पशु-समान हुन्छ । तसर्थ आदर्श नागरिकताका लागि शिक्षाको महत्त्व ठूलो छ । महात्मा गान्धीले लेखेको छन्—"शिक्षा···आत्माको खोराक···नागरिकताको प्रथम आवश्यक कुरा हो ।" (Education—the bread of soul—is the first condition of citizenship.")

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(iv) बुद्धि ज्ञान, र लगन—ह्वाइटले आदर्श नागरिकता लागि तीन कुरामा विशेष जोड़ दिएका थिए, ती हुन्—बुद्धि ज्ञान र लगन। बुद्धिको अर्थ हुन्छ—उचित अनुचित छुटयाउने क्षमता। ज्ञानको अर्थ हुन्छ—समाज, राष्ट्र तथा संसारलाई नै राम्ररी हेरेर सम्झने प्रतिभा। लगनको आशय हो—परिश्रम-पूर्वक कार्य गर्ने। यस प्रकारले उचित र अनुचित छुटयाउन सकेमा र सोही अनुरूप लगनशील भए कुनै पनि कार्य सफलतापूर्वक गर्न सकिन्छ तसर्थ आदर्श नागरिकमा यसको आवश्यकता छ।

(v) निःस्वार्थता—आदर्श नागरिकमा निःस्वार्थ भावना पनि हुनुपर्छ। स्वार्थले वैमनस्यता बढ़ाउँछ। स्वार्थी व्यक्तिले घृणितभन्दा घृणित कार्य पनि गर्न सक्तछ। यस्तो स्वार्थीबाट समाजको कुनै उद्धार हुन सक्तैन। तसर्थ आदर्श नागरिकले यस्तो अवगुणबाट बच्नुपर्दछ। आस्कर ब्राउनोले लेखेका छन्—'एउटा आदर्श नागरिकले आफ्नै स्वार्थमा यति रमिनु हुन्न कि समाजकै स्वार्थको अवहेलना होस्।" ("A good citizen must not become absorbed in his own private interest that he disregards those of community")

(vi) मताधिकार को उपयोग—नागरिकलाई आफ्नो मताधिकार प्रयोग गर्ने महत्त्वपूर्ण अधिकार हुन्छ। आदर्श नागरिकले आफ्नो यस अधिकारलाई बड़ो सूझबूझका साथ प्रयोग गर्नुपर्छ। जाति-पाती, दलबन्दीमा नपरी मताधिकारको प्रयोग ठीक ठाउँमा ठीक व्यक्तिलाई गर्नुपर्दछ। प्रजातान्त्रिक देशमा नागरिकले छानेका व्यक्तिहरूले नै राजकाज चलाउने हुँदा योग्य व्यक्ति छान्नु नागरिकको कर्त्तव्य हो। अन्यथा देशको शासन अयोग्य व्यक्तिको हातमा गएर देश उँभो लाग्न सक्तैन। एउटा विद्वान्ले भनेका छन्—"मताधिकार एउटा पवित्र अधिकार हो, यसको उचित प्रयोगले राष्ट्र बन्न सक्तछ र दुरुपयोगले राज्यमा विनाश ल्याउन सक्तछ।" ("The right of Franchise is a most sacred right, its use can make a nation and its misuse can bring ruin to the State")

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(vii) **कर्त्तव्यको उचित निर्धारण**—आदर्श नागरिकले आफ्नो कर्तव्यको यस प्रकारले निर्धारण गर्नुपर्दछ कि उसको व्यक्तित्वको विकास होस् साथै सामाजिक विकासमा पनि बढ़ीभन्दा बढ़ी योग-दान दिन सकोस। मनुष्य समाजको एक अभिन्न अंग हो। समाजको हितमा उसको पनि हित छ। तसर्थ उचित कर्त्तव्यद्वारा नै नागरिकको आफ्नो विकासका साथ-साथै समाजको पनि विकास हुन्छ। डा० बिलियक वायड़को भनाइ छ कि "नागरिकता कर्तव्यको राम्रो पालनमा निहित छ।" ("Citizenship consists in the right ordering of loyalties.") तसर्थ नागरिकले व्यक्तिगत हितलाई पारिवारिक हितका लागि ग्रामहितको बलिदान गर्नुपर्छ। मनुस्मृति अनुसार :—

> **"त्जेदेकं कुलस्याऽर्थे ग्रामस्याऽर्थे कुलं त्यजेत्।**
> **ग्रामं जनपदस्याऽर्थे ह्यात्माऽर्थे पृथिबी त्यजेत्॥"**

(viii) **देशभक्ति** ;—देशभक्ति आदर्श नागरिकको आधारस्तम्भ हो। "जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी" अर्थात् मेरी आमा र मातृभूमि नै स्वर्गभन्दा ठूलो हुन् भन्ने भावना हुनैपर्दछ। तर संकुचित राष्ट्रभक्ति पनि कहिलेकाहीं घातक हुन्छ। तसर्थ आफ्नो मातृ-भूमिप्रति पूरा भक्ति त हुनैपर्छ, तर साथ-साथै विश्व-बन्धुत्वको भावना पनि कम हुनुहुन्न। देशभक्तिको भावना नभएको व्यक्ति मरे-समान छ भन्ने— वाल्टर स्कटको उक्ति हामी सबैलाई थाहा छ।

(ix) **परिश्रम-शीलता** :—परिश्रमशील व्यक्ति सधैं सुखी र प्रसन्न रहन्छ। परिश्रम नगर्ने सदा अरूमाथि निर्भर रहन्छ। परिश्रम नगर्ने व्यक्ति जीवनमा निराश र दुःखी हुन्छ। यस्ता व्यक्तिवाट सामाजिक कल्याणको आशै गर्न सकिन्न। "Labour never goes unrewarded" भन्ने उक्ति सदा ठीक देखिन्छ। उद्योगी पुरुष सदा धन-सम्पत्तिले परिपूर्ण हुन्छ। आफू परिश्रम नगर्ने भगवानको भरोसामा मात्र रहने व्यक्ति कायरहरूको श्रेणीमा आउँछ। यसवारे नेपालीको एउटा पद्य बिलकुल सही उत्रिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"जिम्दै मरेको भनि नाम कस्को,
उद्यम्-विना बित्तछ काल जस्को ।"

[भानुभक्त: प्रश्नोत्तरी]

उपरोक्त तथ्यहरूको आधारमा यो भन्न सकिन्छ कि आदर्श नागरिकताका लागि यस्ता अनेक सद्गुणहरू जीवनमा उमार्नुपर्दछ जसले गर्दा सामाजिक जीवनमा सुखमय होस् । एउटा विद्वानले लेखेका छन्—"यदि हामी आफ्नो राष्ट्र बनाउन चाहन्छौं भने आदर्श नागरिकको विकासका लागि आवश्यक वातावरण निर्माण गर्नुपर्दछ र वातावरणले आदर्श नागरिकताका गुणहरूको विकासमा मद्दत गर्दछ ।" ("If we want to build our nation, we will have first to creat an environment congenial to the growth of ideal citizenery and environment that helps in the growth of cordial virtues of ideal citizenship.")

(च) आदर्श नागरिकताका बाधाहरू (Hindrances to good citizenship)—यद्यपि आदर्श नागरिकता सुव्यवस्था, प्रशासन-व्यवस्थाको आधारशिला हो, तर आदेंश नागरिकताको उपलब्धिमा अनेक बाधा तथा कठिनाइ आउँछन्, जसको निराकरण नगर्ने हो भने नागरिकताको स्वरूप नै विकृत हुन जान्छ । सामाजिक जीवन विषाक्त र राजनैतिक व्यवस्था अस्तव्यस्त हुन्छ । लार्ड ब्राइसले आदर्श नागरिकको मार्गमा खास गरेर तीन बाधाहरू देखाएका छन् । ती हुन्—आलस्य, स्वार्थ र दलबन्दी । अरू विद्वानहरूले पनि आदर्श नागरिकताको मार्गमा धेरै बाधाहरू देखाएका छन् । संक्षेपमा यी बाधाहरूलाई तल उल्लेख गरिएको छ ।

(i) स्वार्थ-परता :—प्रायः धेरैजसो व्यक्तिहरूमा स्वार्थको भावना पाइन्छ । यस्ता व्यक्ति आफ्नो स्वार्थ-पूर्तिका लागि समाज र देशको हितलाई रत्ती मात्र पनि ध्यान राख्तैनन् । हाम्रो इतिहास यस विषयको साक्षी छ । यस्ता व्यक्ति मानवताका नाममा कलंक हुन् । आफ्नो स्वार्थका लागि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सार्वजनिक सम्पत्ति, सरकारी कानून राष्ट्रिय हितसम्मलाई पनि खतरा उत्पन्न गर्दछन् । तसर्थ स्वार्थपरता एउटा ठूलो अवगुण हो, जो सदा नागरिकहरूको मार्गमा बाधा भएर उपस्थित हुन्छ । राम र शर्माले लेखेका छन्—"आदर्श नागरिकताको मार्गमा अर्को बाधा व्यक्तिगत स्वार्थ हो जसले आफ्नो व्यक्तिगत स्वार्थ मात्र हेर्दछ र समाजकी भलाइको अवहेलना गर्दछ, त्यस्ताले मनुष्य समुदायको जगमा नै प्रहार गर्दछ र यस प्रकारले नागरिक जीवनको विकासलाई अवरोध गर्दछ ।" (Another hindrance to good citizenship, is self interest.....those who look only to their individual gain and ignore the good of society, strike at the very root of human organisation and thus prevented growth of civil life.")

(ii) आलस्य :—आलस्य नै मनुष्यको अवनतिको जड हो । अल्छी व्यक्तिबाट परिवार र राष्ट्रको पतन हुन्छ । अल्छी व्यक्ति निस्तेज हुन्छ नै साथै कर्त्तव्यपरायण पनि हुँदैन । आलस्यले कार्यको नाश गरिदिन्छ र निर्धनताले बुद्धिको, तसर्थ आदर्श नागरिकताको मार्गमा सबभन्दा ठूलो प्रतिरोध आलस्य नै हो व्यक्ति चाहे कत्तिकै बुद्धिमान् किन नहोस् उससँग कतिपय सुन्दर साधनहरू किन नहुन्, तर अल्छी छ भने सबै बेकार हुन्छ । यसबारे नेपालीको एउटा पद्य बहुत सारगर्भित छ :

अर्ककै भरमा छ विल्कुल, खुबी आफूकहाँ शून्य छ,
(इच्छा) आशा राख्छ करोड़को, जिउ भने आलस्यको दास छ !"

(iii) अशिक्षा :—सुखमय नागरिक जीवनको कल्पना शिक्षा बिना गर्न सकिन्न । अशिक्षित व्यक्तिले आफ्नो अधिकार र कर्त्तव्यलाई चिन्न सक्तैन । अशिक्षित व्यक्तिमा नै संकीर्ण विचारहरू पाइन्छन् तथा अनेक अवगुणहरूको शिकार हुन्छ । शिक्षाले मनुष्यहरूलाई ज्ञान दिन्छ र व्यक्तित्वको विकास गर्दछ । अशिक्षित नागरिक अज्ञानी हुन्छन् र समाजका निमित्त अभिशाप । प्रजातन्त्रको सफलता शिक्षित नागरिकहरूमा नै निर्भर गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किनकि तिनीहरूले देशेलो समस्या बुझेका हुन्छन् र संसद्मा योग्य प्रतिनिधि पठाउन सक्तछन् । मैककनले भनेका छन्–"हामी नागरिकतालाई पूर्ण तबसम्म मान्न सक्तैनौं जबसम्म यसको सम्बन्ध मस्तिष्क अथवा शिक्षासँग हुँदैन ।" ("We cannot regard citizenship as complete without at least some living contract with the things of mind or education.")

(iv) निर्धनता :—मनुष्यको उन्नतिमा सबभन्दा ठूलो बाधा निर्धनता नै हो । एउटा निर्धन व्यक्ति दिनरात आफ्नो परिवारका व्यक्तिहरूको भरण-पोषण र वस्नाका लागि नै परिश्रम गर्दछ, तैपनि जीवनका यी प्राथमिक आवश्यकताहरू पूरा गर्न उसलाई धौ-धौ नै पर्दछ । "भोकाले के पाप गर्दैन र" भन्ने उक्ति यथार्थ चित्रित हुन्छ । समाजमा जति अपराध हुन्छ, प्राय निर्धनताको कारणले नै हुन्छ । चोरी, डकैती, हत्या आदि निर्धनताकै कारणले नै हुन्छ । जुन-व्यक्तिले आफ्नो भरण-पोषणको समस्याको हल गर्न सक्तैन त्यसबाट आदर्श नागरिताको कसरी कल्पना गर्न सकिन्छ ? प्रो इलियास अहमदको शब्दमा—"निर्धनता पनि आदर्श नागरिताको मार्गमा बाधा हो मानिसले दूध र मह नपाए पनि कमसे कम बाँच्नका लागि पनि रोटी त पाउनैपर्दछ, जसले गर्दा जीविकाको झंझटबाट त फुर्सद मिलोस् ।" (poverty, too is a great hindrance to good citizenship. The means that to be good citizen, it is necessary that if men donot get milk and honey, they must at last get so much bread that they may be free from unavoidable cares and anxieties of bare existence.)"

(v) साम्प्रदायिकता—साम्प्रदायिकताले देशमा फूट, वैमनस्यता, खून खराबी आदि ल्याउँछ । देशमा विभिन्न सम्प्रदायहरू रहन्छन् । तिनमा आपसी मेल भएन भने देश उँभो लाग्न सक्तैन । देशका विभिन्न सम्प्रदायी-हरू आपसमा झगड़ा नै गरिरहे भने देश नष्ट हुन्छ । सामाजिक जीवन अभिशाप बन्न जान्छ । यस्तो अवस्थामा आदर्श नागरिकताको कल्पना कसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्न सकिन्छ ? १९४८ ई० को हिन्दू-मुस्लिम संघर्ष भारतमा (नोआखाली, बंगालमा) भएको आँखाको सामुन्ने छ, यस्ता साम्प्रदायिक दङ्गाहरू (मार-काटहरू) मा कति शिशु अनाथ हुन्छन्, कति स्त्रीहरूको सिन्दूर पुछिन्छ, कति आमा-बाबुका छोरा-छोरी रहँदैनन् । यस्तो स्थितिमा आदर्श नागरिकता-को कल्पना गर्नु नै मूर्ख्याइँ हुन जान्छ । प्रो० पुणताम्बेकरले लेखेका छन्—"विभिन्न धर्मावलम्बीहरू एक अर्कासँग धर्म र वैदशिक सम्बन्धलाई लिई झगडा गर्दछन् यस प्रकारले तिनीहरू हरेक देशमा एकता र सौहार्द्रलाई नष्ट गर्दछन्..................र सुखमय नागरिक जीवनमाथि घात गर्दछन् ।" (Followers of different religions, quarrel with other sects of their religion or of foreign religions. Thus they break up the unity or harmony of life in every country......and more the happy course of civic life.")

(vi) संकुचित राष्ट्रियता :—आफ्ना देशका समक्ष अरूलाई केही नसम्झिने, आफ्नै देशलाई नै सर्वे-सर्वा मान्ने, देशको अघिल्तर विश्वहित केही नठान्ने अरू देशका निवासीभन्दा आफूलाई नै श्रेष्ठ सम्झिने आदि भावना-लाई नै संकुचित राष्ट्रियता भन्छन् । द्वितीय विश्वयुद्ध-अघि जर्मनी र इटली-मा पनि यही भावनाले प्रश्रय पायो । जसको फलस्वरूप विश्वयुद्ध हुन गयो र आज जर्मनहरू अनेक किसिमका यातनाहरू भोगिरहेका छन् । तसर्थ संकुचित राष्ट्रियता प्रायः हानिकारक नै हुन्छ, तसर्थ आदर्श नागरिकताका मार्गमा यो पनि एउटा बाधा नै हो ।

(vii) कुशासन :—सरकारको सिद्धान्त कार्यप्रणालीले नागरिक जीवन-लाई सदा प्रवाहित गर्दछ । शान्त तथा सुव्यवस्थित प्रशासनमा नै आदर्श नागरिकताको भावना प्रस्फुटित हुन्छ । एउटा भनाइ छ—"यथा राजा तथा प्रजा ।" सरकारी कर्मचारीहरू भ्रष्ट, स्वार्थी, कर्त्तव्यच्युत, अयोग्य भएमा त्यसको प्रभाव नागरिकहरूमाथि नै पर्दछ । कुशासनमा कुनै पनि प्रकारले नागरिक गुणहरूको स्थापना हुन सक्तैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(viii) रीति-रिवाज र परम्परा :—हाम्रो समाज प्राचीन रीति-रिवाज र परम्परामा आधारित छ। कतिपय रीति-रिवाज परम्पराहरू असल पनि छन् र कतिपय खराब पनि। हाम्रो हिन्दू समाज अन्य-विश्वासमा जकडिएको छ। हामी कर्मवादी नभई भाग्यवादी छौं, तर—"कर्मको फल भोग गर्छ दुनियाँ" "पूर्वजन्म कृत कर्म तद् दैवं (भाग्य) इह कथ्यते [इह= अस्मिन् जन्मनि]" भन्नेतर्फ सोच्तैनौं। परम्परादेखि चलिआएका प्रथाहरू; जस्तै—बालविवाह, बहुविवाह, दाइजो प्रथा (दहेज); पर्दाप्रथा आदि लकीरका फकीर भएर नै मानिरहेका छौं जब कि यी कुरीतिहरू हुन् र यसमा परिवर्तन आउनु नै पर्दछ। यस्ता कुरीतिहरूबाट हाम्रो समाजको न कल्याण हुन्छ न राष्ट्रको नै। आदर्श नागरिकताको मार्गमा यी कुरतिहरू तगारो भएर खड़ा रहेका छन्। यो चलन नराम्रो हो भनेर थाहा पाउँदा-पाउँदै पनि हामी परम्परादेखि चालिआएको भनी चुप लानेर बस्तछौं। रूढ़िवाद र अन्धविश्वास अपनाउने नागरिक सभ्यतादेखि धेरै पछि पर्दछ। २०२० सालमा मुलुकी ऐन प्रकाशित गरी जातिपाती, छुवाछूत र बहु-विवाह हटाउने प्रयत्न नेपालमा गरियो।

उपरोक्त बाधाहरू आदर्श नागरिकताको मार्गमा आउने सर्वाधिक सशक्त बाधाहरू हुन्। कुनै पनि समाज अथवा राष्ट्र आदर्श नागरिकताको बाटामा तबसम्म अघि बढ्न सक्तैन जबसम्म यी बाधाहरू हटाइँदैनन्।

(छ) उल्लिखित बाधाहरूलाई हटाउने उपाय—(How to remove these Hindrances)—आदर्श नागरिकताको मार्गमा जुन बाधाहरू छन् तिनको वर्णन माथि नै गरियो। अनेक विद्वान् तथा विचारकहरूले यी बाधाहरूलाई हटाउने अनेकौं सुझावहरू दिएका छन्। एउटा विद्वान्को धारणा छ कि आदर्श नागरिकताको स्थापनाको लागि शिक्षा-व्यवस्थामा आमूल सुधार ल्याउनुपर्दछ। एउटा अन्य विद्वान्को भनाइ छ आदर्श नागरिकताका बाधाहरूको निराकरणका लागि नागरिकहरूको चरित्रबलको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विकास गर्नुपर्दछ। लार्ड ब्राइसका विचार-अनुसार आदर्श नागरिकताको मार्गमा आउने बाधाहरू दुई प्रकारले हटाउन सकिन्छ—(१) वैधानिक उपायद्वारा र (२) राष्ट्रिय चरित्रको विकासद्वारा। यस प्रकारले सबै विद्वानहरूको विचारलाई अँगाली आदर्श नागरिकताका मार्गमा आउने बाधाहरूको निराकरणको उपाय तल दिइएको छ।

(१) अनुकूल राजनैतिक व्यवस्था :—आदर्श नागरिकताको लागि राम्रो शासनव्यवस्था चाहिन्छ। शासनमा भ्रष्टाचार, अनाचार, दुराचार आदि भएका आदर्श नागरिकताको आँकुरो पलाउन सक्तैन। तसर्थ अनुकूल राजनैतिक व्यवस्था आदर्श नागरिकताको जननी हो। अनुकूल राजनैतिक व्यवस्थालाई निम्न प्रकारले वर्णन गरिएको छ। राजनैतिक व्यवस्था यस्तो होस् जसमा राजनैतिक दलहरूले आफ्नो स्थिति र शक्तिको दुरुपयोग गर्न नसकून् र प्रशासनलाई आफ्नो इच्छानुसार बनाउन पनि नसकून्।

(क) भ्रष्टाचार, कालो बाजारी, घूसखोरी, माल-सामानमा मिलावट आदि गर्ने मानिसहरूलाई कठोर दण्ड दिइयोस्।

(ख) प्रशासनमा यस्ता योग्य व्यक्तिहरू राखियून् जसमा देश-प्रेम र सार्वजनिक सेवाको भावना हुन्छ।

(ग) निर्वाचन निष्पक्ष होस् र निर्वाचनमा हुने बेईमानी हटाउने प्रयत्न गरियोस्।

(घ) शासन-व्यवस्था स्वेच्छाचारी नभै प्रजातांत्रिक सिद्धान्तमा आधारित होस् र सरकारको उद्देश्य सदा नागरिक कल्याण होस्।

(२) शैक्षिक र चारित्रिक सुधार : शैक्षिक र चारित्रिक सुधारबिना आदर्श नागरिकताका बाधाहरू समाधान गर्न सकिन्न। एउटा विद्वानले शिक्षाका तीन उद्देश्य बताएका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(i) मनुष्यलाई जीविकोपार्जन योग्य बनाउनु,
(ii) मनुष्यको सांस्कृतिक उन्नति गर्नु र,
(iii) मनुष्यलाई आदर्श नागरिक बनाउनु ।

चारित्रिक विकासका लागि राम्रा-राम्रा पुस्तकहरू, राम्रा-राम्रा चित्रहरू तथा सुयोग्य व्यक्तिहरूको भाषण गराउनुपर्दछ । Charity begins at home. भनेझैं बच्चाको प्रथम विद्यालय उसको परिवार नै हुने हुँदा परिवारकै वातावरण यस्तो हुनु पर्दछ जहाँ बच्चामा नैतिक गुणहरूको बीजारोपण होस् । बच्चालाई प्रारम्भदेखि नै अनुशासन, कर्त्तव्यपरायणता, देशभक्ति, शिष्टाचार, सत्यता आदिको शिक्षा दिनुपर्छ । परिवारका प्रौढ़ सदस्यहरूले पनि बालकमा नैतिक गुणहरूको अभिवृद्धि होस् भन्ने विचारले आफ्नो चरित्र पनि बालकमा उज्ज्वल र अनुकरणीय बनाउनुपर्दछ ।

३) अनुकूल आर्थिक व्यवस्था :—आर्थिक व्यवस्था सामाजिक अवस्थाको आधारशिला हो । आर्थिक विषमता नै अपराधहरूको जननी हुन्छ । भोका र नाङ्गा मनुष्यबाट आदर्श नागरिकताको परिपालन हुन सक्तैन । जबसम्म समाजमा आर्थिक शोषण रहिरहन्छ तबसम्म आदर्श नागरिकताको कल्पना सपना झैं हुन्छ । तसर्थ देशको आर्थिक व्यवस्था यस्तो प्रकारको हुनुपर्छ, जसमा आर्थिक निषमता कतै नरहोस् । एउटा विद्वान्ले लेखेका छन्—"आर्थिक विभिन्नता धेरै दुर्गुणहरूका कारण हुन् आदर्श नागरिकताको वृक्षारोपणका लागि हरेकले यस्तो समाज निर्माणका लागि प्रयास गर्नुपर्दछ, जुन आर्थिक अवगुणहरूबाट मुक्त होस् ।"

(Economic disparity is the cause of many evils, in order to implant true or ideal citzenery one must try to set up pattern of society free from economic evils which go on shapping the very vitals of society .)

(४) अनुकूल सामाजिक व्यवस्था :—समाजको वातावरण राम्रो भए आदर्श नागरिकताको मार्गमा आइपर्ने बाधाहरू स्वतः नष्ट भएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जान्छन् । हाम्रो समाजमा अनेक प्रकारका भेदभाव छन् । जातिपाती, छुवाछूत, धर्म भेद, भाषा-भेद, ठूलो-सानो, अन्धविश्वास इत्यादि संकीर्ण भावनाहरूले सामाजिक जीवन दूषित पारेको छ । तसर्थ प्रथम आवश्यकता यस प्रकारका दोष र कुरीतिहरूलाई हटाउनु हो । यस्ता अन्धविश्वासलाई हटाउनु प्रत्येक नागरिकको पुनीत कर्त्तव्य हो । जुन वेला हाम्रो सामाजिक जीवनबाट यस्ता अवगुणहरू हटलान् आदर्श नागरिकताको कल्पना तब मात्र साकार हुन सक्ला । हरेक नागरिकले आफ्नो उत्तरदायित्व राम्ररी संझी सौहार्द्र, सेवा, स्नेह, त्याग आदि मानवीय गुणहरूद्वारा सामाजिक जीवन सुखी बनाउने प्रयास गर्नुपर्दछ । परिवारका सदस्यहरूले पनि बालकमा नैतिक गुणहरू प्रस्फुटित गराउने प्रयास गर्नुपर्दछ र अध्यापकले पनि विद्यार्थीहरूमा नैतिक गुणहरू तथा कर्त्तव्य पालन, परोपकार, स्नेह त्यागको भावना उत्पन्न गर्ने प्रयास गर्नुपर्दछ । यस प्रकारले प्रत्येक क्षेत्रबाट सम्मिलित रूपमा प्रयास गरेमा आदर्श नागरिकताको मार्गमा आउने बाधाहरू हटाउन सफलता प्राप्त गर्न सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय ३

अधिकार र कर्त्तव्य

(Right and Duties)

सामाजिक जीवन सुखमय बनाउनका लागि अधिकारको महत्वपूर्ण स्थान छ। मनुष्यको विकास अधिकारको उचित प्रयोगमा नै निर्भर छ। विश्वमा जति पनि संघर्ष, युद्ध, अपराध, शोषण, हत्या आदि भए ती अधिकारहरूको दुरुपयोगबाट नै भएका हुन्। अधिकारको उचित प्रयोगले नै मनुष्य सभ्यताको प्राचीन कालदेखि आजसम्म क्रमबद्ध विकास सम्भव भयो। आदर्श नागरिक जीवन अधिकार र कर्त्तव्यको उचित सन्तुलनमा नै निर्भर हुने हुनाले अधिकार र कर्त्तव्यको अध्ययन नागरिक शास्त्रको एक मुख्य अध्ययन हो। व्यक्तिले आफ्नो व्यक्तित्वको सर्वाङ्गीण विकास गर्न समाजबाट अधिकार प्राप्त गर्दछ र त्यसको साटोमा उ समाजप्रति केही कर्त्तव्यलाई पूरा गर्दछ।

(क) अधिकारको अर्थ (Meaning of Right) अधिकारको परिभाषा हालैंण्डले यस प्रकारले दिए—"अधिकार एउटा व्यक्तिलो समाजको मत र शक्तिद्वारा अर्को व्यक्तिको कर्त्तव्यलाई प्रवाहित पार्न सक्ने क्षमता हो"। ("Rights are one man's capacity of influencing the acts of another by means of the opinion force of the society.")

लास्कीका अनुसार—"अधिकार मनुष्य जीवनका ती शर्तहरू हुन् जसका अभावमा कुनै पनि मानिसले आफ्नो सर्वाङ्गीण विकास गर्न सक्तैन" (Rights are those conditions of life without which no man can seek to be himself at his best.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आस्टिनका अनुसार—"अधिकार मनुष्यको त्यो क्षमता हो जसले अरू मानिस वा मानिसहरूबाट बलपूर्वक विशेष प्रकारको काम गराउन सक्छ" (Rights mean one man's capacity of exacting from another or other acts of forbearances.)

बोसाँकेका अनुसार—"अधिकार ती माँग हुन् जसलाई समाजले स्वीकार गर्दछ र राज्यद्वारा लागू हुन्छन्" (A Right is a claim recognised by the society and inforced by the State.)

विलेको शब्दका—"विशेष कार्य गर्ने स्वतन्त्रताको उचित माँग गर्ने अधिकार हो" (A right is reasonable claim to freedom in the exercise of certain activities.)

उपरोक्त परिभाषाहरूको अध्ययनबाट अधिकारको निम्नलिखित विशेषता पाउंछौं।

(i) अधिकार व्यक्तिको अथवा व्यक्तिहरूको माँग हो ।

(ii) व्यक्तिको व्यक्तित्वको विकासका निम्ति अधिकार आवश्यक छ ।

(iii) अधिकार समाजद्वारा मान्यता प्राप्त हुन्छ ।

(iv) अधिकारहरूको प्रयोग क्षेत्र समाज नै हों ।

(v) अधिकारको अर्थ यस प्रकारले दिन सकिन्छ—"मनुष्य समाजको श्रेष्ठ जीवन व्यतीत गर्ने ती माँगहरू हुन् जो समाजबाट सामाजिक हितको भावनाले स्वीकृत गरिन्छन् ।"

(ख) अधिकारका लागि आवश्यक कुराहरू (Necessary Elements for Rights)—(i) अधिकार र कर्त्तव्य पूरक :—जति पनि अधिकार एउटा व्यक्तिलाई प्राप्त छ। अरूका लागि ती कर्त्तव्य हुन जान्छन् किनकि एक व्यक्तिको अधिकार तब पूर्ण नै हुन सक्तछ जब अरू व्यक्तिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो कर्त्तव्यको पलन गरून् । जस्तै पूजा पाठ गर्ने एउटा व्यक्तिको अधिकार हो भने अरू व्यक्तिले उक्त व्यक्तिलाई पूजा-पाठ गर्न दिएमा नै त्यस व्यक्तिको अधिकारको परिपालन हुन सक्छ । कर्त्तव्यको दुनियाँमा नै अधिकारको जन्म हुन्छ । डाक्टर वेणी प्रसादका अनुसार—"अधिकार र कर्त्तव्यको अन्योन्याश्रय सम्बन्ध छ, ती एउटै वस्तुका दुई पक्ष हुन् । यदि कसैले आफ्ना लागि ती वस्तुतिर हेर्दछ भने ती अधिकार हुन जान्छन् र कसैले अरूका निम्ति हेर्दा कर्त्तव्य हुन जान्छन् ।"

(ii) अधिकार सीमित हुन्छ :—अधिकार कहिले पनि असीमित हुँदैन । मानिसको विवेक, बुद्धि, ज्ञान आदिद्वारा अधिकारमा प्रतिबन्ध लागि नै रहेको हुन्छ । समाज,विरोधी कार्य गर्न कसैलाई अधिकार छैन र साथै मनुष्यको बुद्धि तथा विवेकले सदा नराम्रो काम गर्न रोक्तछ, तर कहिलेकाहीं अधिकारको अतिक्रमण गरी मनुष्यले चोरी, हत्या गर्दछ । १९३९ ई० मा जर्मनी तथा इटली र जापानले अधिकारको अतिक्रमण गरी विश्वनाशक युद्ध प्रारम्भ भयो, जसको प्रतिफल स्वयं उनीहरूकै नाश भयो । यसर्थ अधिकार असीमित हुन्न ।

अधिकार समाजद्वारा स्वीकृत : अधिकारको प्रयोग समाज-भित्र नै हुन सक्तछ । समाजले अधिकारहरूलाई मान्यता प्रदान गरेको हुन्छ । कुनै व्यक्तिको अधिकारको उचित परिपालन समाजका अन्य सदस्यहरूद्वारा कर्त्तव्य पालनबाट नै सम्भव छ । मनुष्य समाजमाथि आश्रित छ र समाज-बाहिर उसको कल्पना नै गर्न सकिन्न । निर्जन स्थानमा मनुष्यले आफ्नो अधिकारको प्रयोग गर्न पनि सक्तैन र साथै परिपालन पनि हुन्न । तसर्थ सामाजिक मनुष्यको अधिकार समाजले नै स्वीकृत गरी परिपालन गराउँछ । प्रो० आशीर्वादम्का अनुसार—"प्रत्येक अधिकारका लागि सामाजिक स्वीकृतिको अभावमा अधिकार खोक्रो दावा मात्र रहन्छ ।"

(isi) अधिकार सामाजिक हुन्छ—समाजका प्रत्येक सदस्य अधिकारका अधिकारी हुन्छन् । अधिकार कुनै एउटा व्यक्तिको मात्र नभई सर्वव्यापी हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रत्येक व्यक्तिलाई अधिकान प्राप्त हुन्छ र साथै अधिकारको परिपालन समाज-मै सम्भव छ। अधिकार-प्रदत्त समाजले नै कर्त्तव्य पालन गर्दछ। यस प्रकार-ले अधिकार सर्वव्यापी छ।

(ग) अधिकारहरूको वर्गीकरण (Classification of Rights)

अधिकार कति प्रकारका छन्, कसरी उत्पत्ति भए र यिनको किन आवश्य-कता छ आदि विषयहरूमा विद्वानहरूको मतभेद छ। खास गरेर विद्वानहरू-ले निम्नलिखित सिद्धान्तहरू प्रतिपादित गरेका छन्।

(१) प्राकृतिक अधिकार (Natural Right Theory)

हाब्स, लाक, रूसोका अनुसार समाज बन्नु-अघि नै मनुष्यलाई प्राकृतिक अधिकार प्राप्त थिए। यी अधिकार प्राचीन कालदेखि नै चल्दै आईरहेका छन्। यी दार्शशनिकहरूको विचार-अनुसार मानिसहरूले समाज बनाउनुअघि, 'प्राकृतिक अवस्था' (State of the Nature) थियो। प्राकृतिक अवस्था-मा पनि मनुष्यलाई जीवन स्वतन्त्रता र सम्पत्तिको अधिकार प्राप्त थियो भन्ने अनेकौं विद्वानहरूले लेखेका छन्। यी विद्वानहरूका अनुसार समाज र राज्य-ले यिनै अधिकारहरूको रक्षा गर्नुपर्दछ। टामल हिल ग्रीनले पनि प्राकृतिक अधिकारहरूका सम्बन्धमा आफ्नो विचार व्यक्त गरेका छन्। ग्रीनका अनु-सार "प्राकृतिक अधिकार" ती अधिकारहरू हुन्—"जो मनुष्यको नैतिक विकासका लागि आवश्यक छन्। यी अधिकारहरूको प्राप्ति समाजमा नै सम्भव छ।" यस प्रकारका अधिकार सम्बन्धी विचारधारा आधुनिक जगत्-को मौलिक हकसम्बन्धी विचार-धाराको जन्म-दान थियो।

आलोचना—अहिकारहरूको प्रयोग तथा जन्म समाजमै हुने हुँदा समाज जन्मनु अघि पनि अधिकारहरू प्राप्त थिए भन्ने उक्ति तर्कसंगत देखिदैन। पुनः नुमष्य सामाजिक प्राणी भएकोले समाज-बाहिर उसको कल्पना गर्न, सुहा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उँदैन । प्राकृतिक अवस्थामा अधिकार हैन शक्ति प्राप्त थियो होला । शक्ति संघर्षको बीउ हो । तसर्थ यो सिद्धान्त मान्य होइन ।

(२) कानूनी अधिकार (Legal right theory)—यस सिद्धान्त अनुसार अधिकारहरूको निर्माण राज्यद्वारा हुन्छ र राज्यले नै कानूनद्वारा अधिकारहरूको रक्षा गर्दछ । राज्यद्वारा प्रदत्त अधिकारहरूको उलंघन गर्नेहरू दण्डका भागी हुन्छन् । यस सिद्धान्तले राज्यद्वारा प्रदान गरिएका अधिकारहरूलाई मात्र अधिकार संझिन्छ । अष्टीन, जर्मी बेन्थन, हालैण्ड, सालाण्ड आदि यस सिद्धान्तका प्रतिवादक हुन् । यस सिद्धान्तका सम्बन्धमा लिकाक लेख्तछन्—'कानूनी अधिकार त्यो विशेषाधिकार हो, जो एउटा नागरिकलाई आफ्ना सहयोगी नागरिकहरूको विरूद्ध प्राप्त हुन्छ तथा जसलाई राजाको सर्वोच्च शक्तिले प्रदान गर्दछ र जसको रक्षा राज्यले गर्दछ ।'' (A legal right is a privilege enjoyed by a citizen against his fellow citizens granted by the sovereign power of the State and upheld by that power.)

आलोचना :—अधिकारको अस्तित्व राज्यको स्वीकृतिमा मात्र आधारित रहँदैन, अधिकारको बेग्लै अस्तित्व छ । कुनै जायज माँगलाई राज्यले स्वीकृत नगरे पनि त्यसलाई अधिकार नै भनिन्छ । धार्मिक स्वतन्त्रता, वैयक्तिक स्वतन्त्रता तथा सम्पत्ति-सन्बन्धी स्वतन्त्रता राज्यले नमाने पनि अधिकारहरू नै भनिन्छन् । यो नमान्नू राज्यको नै दोष हुन जान्छ । सार्वजनिक हितसम्बन्धी विषय र विशेष परिस्थितिबाहेक राज्यले नागरिकको मौलिक अधिकारहरूको अपहरण गर्न सक्तैन ।

(३) नैतिक अधिकार (Moral right theory) :– यस सिद्धान्त अनुसार नैतिक आवश्यकताहरूको पूर्तिका लागि अधिकाहरूको आवश्यकता पर्दछ । अधिकारहरूको अभावमा नैतिक जीवन सम्भव छैन । व्यक्तिको सर्वाङ्गीण विकास पनि अधिकार-बिना सम्भव हुँदैन । यस सिद्धान्तले आदर्श नागरिकको कल्पना गर्दछ । आदर्श नागरिकहरूबाट नै आदर्श समाजको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सृजना हुन्छ । तसर्थ जुन अधिकारबाट आदर्श नागरिकको उत्पत्ति हुन्छ, त्यसबाट समाजको पनि हित हुन्छ । नैतिक भावनाबाट प्रेरित भई गरेका कार्यले समाजमा पवित्रता उत्पन्न गर्दछ । शुद्ध आचरण र कार्यबाट नागरिक भावनाको उदय हुन्छ ।

केही विद्वानहरूले आदर्श अधिकार भनी अधिकारको बेग्लै वर्णन गरेका छन् । यस वर्गीकरण अनुसार "मानिसलाई नैतिक विकास गर्न समुचित वातावरणको आवश्यकता पर्दछ ।" यस प्रकारले अधिकारलाई वाह्य स्थिति-को आवश्यकता देखाएका छन् । अधिकारले दुई कार्य गर्छ । (i) मनुष्यको व्यक्तित्वको विकास र (ii) समाज-कल्याण । नैतिक अधिकार-सम्बन्धी सिद्धान्तले यी दुवै तत्वको पूर्ति गर्दछ । नैतिक अधिकारको मान्यता राज्य र कानूनबाट हुँदैन तर नैतिकता सद्गुणहरूमाथि आधारित रहने हुँदा सामाजिक जीवनको आधारशिला हो । नैतिक अधिकारको उल्लंघन गर्नेलाई दण्ड दिन सकिन्न साथै नैतिक अधिकार कानूनद्वारा पुनः स्थापना गर्न पनि सम्भव छैन । नैतिक-अधिकारका सम्बन्धमा एल० टी० हाउस लेख्तछन्—"एउटा मान्यता प्राप्त नैतिक अधिकार भनेको त्यो दावा हो जो समाजको नैतिक न्यायमाथि आधारित छ । (A recognised moral right is a claim which the actual moral judgement of the community holds) अधिकारहरूको विभिन्न सिद्धान्तहरूमा नैतिक सिद्धान्त नै सर्वमान्य देखिन्छ। किनकि यस सिद्धान्तले अधिकारको आधार स्पष्ट गर्नुको साथै यो समाजको सर्वतोन्मुखी विकासको पनि आधारस्म्भ बन्न भएको छ ।

(४) परम्परागत सिद्धान्त (Traditional Right Theory)—यस सिद्धान्तले प्राचीन कालदेखि चलिआएको रीति-रिवाज आदि अधिकारको रूपमा परिणत भैसकेको छ भन्छ । कतिपय चाल-चलन जो प्राचीन कालदेखि चल्दै आइरहेको छ हाम्रो अधिकारको रूपमा परिणत भैसकेको कुरा सर्व-मान्य हो । जस्तै :—विवाहको चलन, सम्पत्तिमाथि छोराहरूको अधिकार, व्रतबन्ध आदि ।

आलोचना :—प्राचीन कालदेखि चल्दै आइरहेका रीति-रिवाज जति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबैलाई अधिकार मान्न सकिन्न। हाम्रा रीति-रिवाजहरू केही त लाभप्रद छन्, तर केही अहितकर। छुवाछूत, जाति-पाती, बहुविवाह आदिलाई प्राचीन कालदेखि चल्दै आइरहेकाले नै अधिकारहरू भए भन्न सकिन्न। यस्ता कुप्रथाहरू आदर्श सामाजिक जीवनका लागि अभिशाप हुन् र आधुनिक कालमा कतिपय राज्यहरूले छुवा-छूत जाति-पातीका विरुद्ध कानून निर्माण गरेर रोक्ने प्रयास गरेका छन्। तसर्थ परम्परादेखि चल्दै आइरहेका रीति-रिवाजलाई अधिकार मान्न सकिन्न।

(५) उपयोगिता सिद्धान्त (Utility Theory) :—यस मतका प्रतिपादकहरू जर्मी बेन्थम, मिल, लास्की आदि प्रमुख हुन्। यस सिद्धान्तले "बहूजनहिताय बहुजनसुखाय" माथि बल दिन्छ। यस सिद्धान्त अनुसार अधिकतम व्यक्तिको अधिकतम लाभ हुने विषयहरूलाई मात्र समाजले अधिकारको रूपमा मान्नुपर्दछ।

आलोचना :—यस सिद्धान्त-अनुसार समाजले कुन अधिकार प्रदान गर्दा "वहुजनहिताय बहुजनसुखाय" हुन सक्तछ भन्ने मापदण्ड तयार गर्न असजिलो छ। कुन अधिकारले बढी मनुष्यको भलो हुन सक्तछ भन्ने कसरी ज्ञान गर्ने? कहिलेकाहीं वढी मनुष्यहरू अन्धविश्वासले गर्दा अहितकर प्रथालाई मान्ने हुन्छन्। के त्यस्ता प्रथाहरू बढी जनसमूहले माने भनी मान्यता प्रदान गर्ने? तसर्थ यो सिद्धान्त पनि मान्य छैन।

उपरोक्त विभिन्न सिद्धान्तहरूको आधारमा अधिकारहरू खास गरेर दुई प्रकारका हुन्छन्। यद्यपि कतिपय विद्वान्हरूले कैयौं किसिमका अधिकारहरूको वर्णन गरेका छन्, तर सबैको सार निम्न-प्रकारले दिएको छ।

(१) सामाजिक अधिकार,

(२) राजनैतिक अधिकार।

(१) सामाजिक अधिकार (Social Right) :—सामाजिक अधिकार कुनै पनि राज्यमा त्यहांका निवासीहरूलाई प्राप्त हुन्छ। यो अधिकारका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागि राज्यका निवासीले कुनै प्रकारको शर्त पूरा गर्नुपर्दैन। मनुष्यको विकासका लागि यो अधिकारको आवश्यकता पर्दछ। सामाजिक अधिकारलाई निम्न-प्रकारले वर्गीकरण गर्न सकिन्छ।

(i) जीवन रक्षाको अधिकार (Right to life)
(ii) धार्मिक अधिकार (Rigbt to freedom of religion)
(iii) सांस्कृतिक अधिकार (Cultural and Educational Right)
(iv) सम्पत्तिको अधिकार (Right to property)
(v) विचार अभिव्यक्तिको स्वतन्त्रता (Freedom of Thought and Expression)
(vi) संगठनको स्वतन्त्रता (Right to freedom of Association)
(vii) न्याय अधिकार (Right to Justice)
(viii) घुमफिर गर्ने स्वतन्त्रता (Right to freedom of movement)
(ix) मनोरंजनको अधिकार (Recreational Right)
(x) पारिवारिक जीवनको अधिकार (Right to free family life)
(xi) व्यक्तिको सम्मान रक्षाको अधिकार (Right to Reputation)

(i) जीवन रक्षाको अधिकार (Right to Life)—मानिसको जीवन रहे मात्र अधिकारहरूको महत्त्व हुन्छ। तसर्थ नागरिकको जीवन रक्षा गरिपाउनु सर्वप्रथम अधिकार हो। "जीउ रहे घिउ पिए" भन्ने उखान यथार्थ हुन आउँछ। मनुष्यको आफ्नो जीवन नै सुरक्षित नभए अरू कुनै कार्य हुँदैन। त्रास, भय भएको समाजले कहिल्यै उन्नति गर्न सक्तैन। राज्यको पनि प्रथम कर्तव्य नागरिकको सुरक्षा हो। नागरिकको जीवन नै सुरक्षित नभए उसले समाजको कुनै कार्यमा भाग लिन सक्तैन। उसलाई सदा आफ्नै जीवनको चिन्ता भइरहन्छ। नागरिक जीवनको सुरक्षा का लागि सरकारले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुलिसको व्यवस्था गरेको छ। स्वयं व्यक्तिले पनि आत्महत्या गरी आफ्नो जीवन-लीला समाप्त गर्न सक्तैन। आत्महत्या अपराध मानिएको छ र दण्डनीय हो। किनकि सामाजिक जीवन एक अर्कामाथि निर्भर रहन्छ। एउटा मनुष्यमाथि परिवार र अरूको जीवन आधारित रहन्छ, उसले आत्महत्या गर्दा कति व्यक्ति टुहुरा हुन्छन् र कतिपय आश्रितहरूको पालन-पोषण र शिक्षाको व्यवस्था हुन सक्तैन। यस प्रकारले आदर्श नागरिकको कल्पना सपना मात्र रहन गई समाजको विकासको गति नै अवरुद्ध हुन्छ। तसर्थ आत्महत्या गर्ने दण्डका भागी हुन्छन्। अरूको हत्या गर्नु पनि कसैलाई अधिकार छैन र ती पनि दण्डका भागी हुन्छन्। राज्यले नागरिक जीवन रक्षाको भार दिएको छ र समाजले पनि जीवनहत्या गर्ने अधिकार प्रदान गर्दैन। एक्वीनासको शब्दमा "आत्महत्या; आफू समाज र ईश्वर-प्रति अपराध हो।" ("Suicide is an offence to one-self, an offence to the community as well as an offence to God himself")

(ii) धार्मिकअधिकार (Right to freedom of Religion)— मनुष्य को जीवनमा भौतिक आवश्यकताहरूको पूर्तिका साथै आध्यात्मिक संतुष्टिको पनि ठूलो महत्त्व छ। आध्यात्मिक संतुष्टि धार्मिक क्रियाकलापबाट नैसम्भव छ। हरेक व्यक्तिलाई आफ्नो धर्म-अनुसार पूजा पाठ गर्ने अधिकार छ। मानव समाजको विकासमा धर्मको पनि महत्त्वपूर्ण स्थान छ। हरेक समुदायले आफ्नो रीति तथा चलन-अनुसार आफ्नो आध्यात्मिक भावनाको सन्तुष्टि गर्दै आए। धर्मसम्बन्धी अनेक संघर्ष भएको इतिहास आजसम्म साक्षी नै छ। भारतवर्षको इतिहास तेह्रौं शताब्दीदेखि धार्मिक कलह र संघर्ष को वर्णन गर्दछ। इङ्गलैण्डको इतिहास १५ र १६ औं शाताब्दी धार्मिक संघर्ष को इतिहासकै कथा भन्दछ। तसर्थ हरेक धर्मावलम्वीहरूलाई आफ्नो धर्म मान्ने पूर्ण अधिकार छ। तर उक्त धर्मले अरू सम्प्रदायीहरूको धार्मिक भावनामा आघात पुऱ्याउने कसैलाई अधिकार छैन। नेपालको संविधान २०१९ को भाग ३ को दफा १४ मा प्रत्येक व्यक्तिले परम्पराको मर्यादा राखी सनातनदेखि चलि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आएको आफ्नो धर्मको अवलम्बन र आफ्नो-आफ्नो धार्मिक कृत्य गर्न पाउने-छ, तर कसैले कसैको धर्म परिवर्तन गराउन पाउनेछैन भन्ने उल्लेख छ। यस प्रकारले हिन्दू धर्मावलम्बीहरूले पूज पाठ र मन्दिरमा गई पूजा गर्ने मुसलमानहरूले मस्जिदमा अल्लाहको आराधना गर्ने र ईसाईहरूले चर्चमा गई क्राइष्टको आराधना गर्ने पूर्ण अधिकार छ । यसै सन्दर्भमा रूसो लेख्तछन् — "हरेक धर्महरूमा सहिष्णुता हुनुपर्दछ । तबसम्म अरू धर्मावलम्बीहरूको मत सहने गर जबसम्म तिनीहरूको सिद्धान्त नागरिकताको कर्त्तव्यको विपरीत हुँदैन ।" (Tolerance should be given to all religions; tolerate others so long their dogmas contain nothing contrary to the duties of citizenship.)

(iii) सांस्कृतिक अधिकार (Cultural and Educational Right) :—मनुष्य जीवनलाई सभ्य र सुसंस्कृत बनाउन शिक्षाको आवश्यकता पर्दछ । व्यक्तिको सर्वाङ्गीण विकास शिक्षाबाट नै सम्भव छ । राष्ट्र तथा समाजको विकास पनि शिक्षामाथि नै आधारित छ । मनुष्यको ज्ञान, बुद्धि र सद्गुणहरूको विकास गरी आदर्श नागरिक एवं समाजसेवी बनाउँछ। प्रजातन्त्रको सफलता शिक्षित जनतामा आधारित छ । शिक्षितवर्गले नै अधिकारको उचित प्रयोग र कर्त्तव्यपालन गर्दछन् । तसर्थ उचित शिक्षा प्राप्त गर्नु प्रत्येक नागरिकको मौलिक हक हो । अरस्तूको भनाइ-अनुसार "नागरिक बन्नका लागि शिक्षित हुनु अनिवार्य छ ।"

अमेरिकाका राष्ट्रपति जेफरसनका अनुसार—"मेरो हृदयमा दुईटा उद्देश्यहरू छन् । पहिलो साधारण शिक्षा······दोस्रो देशलाई सयकडौं यस्ता क्षेत्रमा बाँड्नु कि हरेक केटा-केटी एउटा केन्द्रीय पाठशालाको पहुँचभित्र हुन सकून । (I have two great measures at heart. First that of general education......second to divide every country into hundreds of such size that ali children of each will be within reach of a central school within it.")

(iv) सम्पत्तिको अधिकार (Right to property) :— जीवन यापनका लागि सम्पत्तिको महत्व छ । सम्पत्ति बिना मानिसलाई जीवन धान्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि गाह्रो पर्दछ । अरस्तू का अनुसार—"सम्पत्ति मनुष्यका निम्ति उत्तिकै आवश्यक छ जति परिवारको छ ।" सभ्यता तथा विकासका लागि पनि सम्पत्तिको आवश्यकता पर्दछ । मनुष्यका प्राथमिक आवश्यकताहरू भोजन, आवास तथा कपड़ाका लागि पनि सम्पत्तिकै आवश्यकता पर्दछ । भोका मनुष्यबाट समाजको विकास तथा आदर्श नागरिकताको आशा राख्न सकिन्न ।

केही विचारकहरूले व्यक्तिगत सम्पत्तिको कटु आलोचना गरेका छन् । कारलायन, रस्किन आदि विद्वान्हरूले त सम्पत्ति उपार्जन र उपभोगलाई 'पापकर्म' सम्म भने । समाजवाद तथा साम्यवादी विचारकहरूले व्यक्तिगत सम्पत्तिको अधिकारलाई 'शोषणको साधन' र 'पूँजीवाद उदयको माध्यम' भने । अराजकतावादीहरूले त 'डकैती' को उपमासम्म दिए । यी विचारहरू-को विचार थियो कि व्यक्तिगत सम्पत्तिको अधिकारले समाजमा अनेकौं संघर्षहरूको उदय गराउँछ र अनैतिक कार्यलाई प्रोत्साहित गर्दछ ।

तर अन्य केही विद्वानहरूले व्यक्तिको सम्पत्ति-सम्बन्धी अधिकारको पूर्ण समर्थन गरेका छन् । यी विद्वानहरूका अनुसार व्यक्तिगत सम्पत्तिको उपार्जनको लागि नै मनुष्य परिश्रमी हुनछन् र नौला-नौला आविष्कारका लागि प्रयत्नशील हुन्छन् । उचित धनको व्यवस्था भएका मनुष्य सदाचारी र स्वतन्त्र विचारको हुन्छ । धनी भएमा चरित्रवान् हुन्छ । धनबाट नै व्यक्तित्वको विकास सम्भव छ । प्राचीनकालदेखि नै व्यक्तिगत सम्पत्तिको स्थान महत्वपूर्ण हुँदै आइरहेको छ ।

उपरोक्त दुई विचारहरूको समन्वय हुनु जरूरी छ । आधुनिक कालमा व्यक्तिगत सम्पत्तिको अधिकारले गर्दा गरीब दुःखीहरूको शोषण भएको छ । तर सम्पत्तिको अधिकार पनि दुई प्रकारको हुन्छ (i) एक प्रकारको सम्पत्ति जो रुपियाँ कमाउने कार्यमा आउँछ (Money earns money), (ii) त्यस्तो सम्पत्ति जो मनुष्यको उपभोग लागि मात्र काम लाग्दछ; जस्तै—घर, बगैंचा फर्नीचर आदि । पहिलो किसिमको सम्पत्तिमा सरकारको पूर्ण नियंत्रण हुनुपर्दछ जसबाट शोषण हुन नसकोस् । दोस्रो प्रकारको सम्पत्तिका हकमा सर्व–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबैलाई सम्पत्तिको अधिकार हुनैपर्छ । नेपालको संविधान २०१९ को भाग ३ को दफा ११ को (२) को उपदफा (ङ) अनुसार "सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेच बिखन गर्ने वा अरू किसिमले उठाउन पाउने स्वतन्त्रता" सबै नागरिकलाई प्रदान गरिएको छ ।

यस सन्दर्भमा डा० राधाकृष्णन्ले भनेका छन्—"यदि देशले जनतन्त्रमा विश्वास राख्त छ भने जनताले आफ्नो विभिन्नता पार्नुपर्दछ र देशको सम्पत्तिको उचित वितरण हुनुपर्दछ ।" (If the country believes in democracy it must be the purpose endeavour to bring down differences and see that the wealth of the country was enjoyed by all.)

(v) विचार अभिव्यक्तिको स्वतन्त्रता (Freedom of thought and Expression) :—आजको प्रजातन्त्र युगमा विचार अभिव्यक्तिको स्वतन्त्रतालाई महत्वपूर्ण स्थान दिइएको छ । प्रजातन्त्रको स्वतन्त्रता नागरिकहरूको आपस्तमा विचार विनिमयबाट नै सम्भव छ । सार्वजनिक विषय या शासन-सम्बन्धी अन्य विषयमा पनि विचार विनिमयबाट र तर्क-वितर्कबाट ठोस परिणाम निस्कन्छ । नागरिकहरूको विचार प्रकट गर्ने साधन समाचार-पत्र र अरू पत्रिकाहरू अथवा पुस्तकहरूबाट नै अथवा सार्वजनिक सभाहरूबाट नै ज्ञात हुन सक्तछ । समाचार-पत्रले राजनैतिक चेतना उत्पन्न गरी सरकारको त्रुटिलाई देखाउनुको साथै सुझावहरू दिई त्रुटि हटाउने कार्य गर्छ। त्यस्तै प्रकारले भाषण र लेखनवाट पनि नागरिकको विचार र इच्छा जान्न सकिन्छ । तर विचार अभिव्यक्तिको स्वतन्त्रताको अर्थ अरूको स्वतन्त्रताको हरण गर्नु होइन । फ्रांसीसी घोषणामा भनिएको थियो—"स्वतन्त्र विचार अभिव्यक्ति मानिसको सबभन्दा मूल्यवान् अभिव्यक्ति हो । तसर्थ प्रत्येक नागरिकले बोल्ने, लेख्ने र छाप्न सक्ने अधिकार हुनुपर्छ ।" (Free communication of thoughts and opinion is one of the most precious rights of man, Every citizen therefore should be able to speak, write and print freely.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"नेपालको संविधान २०१९" को भाग ३ को दफा ११ को उपदफा २ को (क) मा लेखिएको छ "सबै नागरिकलाई वाक् र प्रकाशनको स्वतन्त्रताको हक प्राप्त हुनेछ।" यस प्रकारले हरेक राज्यको नागरिकहरूलाई विचार अभिव्यक्तिको स्वतन्त्रता दिएको हुन्छ। प्रजातन्त्रको सफलताका लागि यो आवश्यक पनि छ।

(vi) **संगठनको स्वतन्त्रता (Right to freedom of association)** :—मनुष्य सामाजिक प्राणी भएकोले उसले एकाकी जीवन बिताउन नसकी आफ्ना आवश्यकताको पूर्तिका लागि संगठन र समुदायहरूको निर्माण गरेको हुन्छ। मानव सभ्यताको विकासका लागि पनि सँघ र संगठनको आवश्यकता हुन्छ। मनुष्यका विभिन्न आवश्यकताहरू कतिपय संगठनले पूरा गरेको हुन्छ। यस्ता संगठनहरू हुन—विद्यार्थी संगठन, अध्यापक संघ, ड्राइभर संध, मजदूर संगठन आदि। यही अधिकार-अन्तर्गत विभिन्न राजनैतिक दल गठित हुन्छन्, तर यस्ता संगठनहरूको उद्देश्य समाजमा अशान्ति फैलाउनु, कानूनको मर्यादा भंग गर्नु आदि हुनु हुँदैन। 'नेपालको संविधान २०१९' को भाग ३ को दफा ११ को उपदफा २ को (ग) मा 'संघ र सँस्था खोल्ने स्वतन्त्रताको हक सबै नागरिकलाई छ" भन्ने उल्लिखित छ, तर पुन उही दफामा "२ (क) उपधारा २ मा जुनसुकै कुरा लेखिएको भए तापनि राजनैतिक दल या दलगत राजनैतिक उद्देश्यले प्रेरित भएको संगठन, संघ र संस्था खोल्न, खोलाउन वा चलाउन पाइनेछैन" भन्ने उल्लेख छ। यस प्रकारले नेपालको संविधानअन्तर्गत राजनैतिक संस्था खोल्न अवैध गरिएको छ।

(vii) **न्यायको अधिकार (Right to justice)** :—मानव-सभ्यताको विकासको साथसाथै न्यायको प्रकृतिमा पनि परिवर्तन आयो। "प्राकृतिक अवस्था" (State of Nature) मा 'जसको शक्ति उनको भक्ति' किसिमको न्याय थियो। बलियाको सामुन्ने निर्धाको केही लाग्दैनथ्यो। सभ्यताको विकासको साथै मानिसहरूले गरीब र धनीको भेदभाव तथा निर्धोंमाथि बलियाको थिचोमिचो हटाउन कानूनहरू बनाउन थाले। यस प्रकारले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बलिया र निर्धालाई कानूनको समक्ष समान मानियो। आजको सभ्य मानव समाजको मुख्य विशेषता हो 'कानूनको शासन' (Rule of Law)। यस प्रकारले साना ठूला, निर्धा र बलिया सबै कानूनका समक्ष बराबर छन्। न्याय छिटो छरितो, सुलभ र कम खर्चिलो हुनुपर्दछ। एउटै अपराधमा बारम्बार अपराधीलाई सजाय दिनु हुन्न। इङ्गलैण्डमा धेरै पहिले धनीहरूको गरीबमाथि थिचोमिचो हुन्थ्यो र न्यायालयले पनि गरीबहरूलाई नै दोषी ठहराउँथ्यो। इङ्लैण्डको यस्तो दशा देखी जर्मी बेन्थमले लेखेका छन्— "यस देशमा न्याय बिक्छ र न्याय धेरै महंगो बिक्छ।" (In this country justice is sold and it is dearly sold) तसर्थ जनताले सस्तो र सत्य न्याय पाउनुपर्छ।

(viii) घुमफिर गर्ने स्वतन्त्रता (Right to freedom of movement) :—मानिसको मानसिक र शारीरिक विकासका लागि घुमफिर गर्नु महत्वपूर्ण कुरा हो। तसर्थ हरेक व्यक्तिलाई आफ्नो मन लागेको ठाउँमा आउन जान पाउने र घुम-फिर गर्ने स्वतन्त्रता हुनुपर्छ। जीविकोपार्जनका लागि पनि मनुष्य एक ठाउँबाट अर्को ठाउँमा जान्छन्। यस्तै प्रकारले शिक्षा उपार्जन गर्न, व्यापार तथा व्यवसायका लागि तथा मनोरञ्जनका लागि पनि मानिस एक ठाउँबाट अर्को ठाउँमा जान्छन्। आजकल त सारा संसार नै यति नजीक भइसकेको छ कि मानिसहरू एक देशबाट अर्को देश सजिलैसित जान्छन्। तसर्थ राज्यले नागरिकको यस अधिकारको निम्ति उपयुक्त वातावरण राख्नुपर्दछ। घुम-फिरबाट पारस्परिक सहयोग, सद्भावना र विश्वबन्धुत्वको भावनाको विकास हुन्छ। संकटकालमा भने आवश्यकता हेरी राज्यले प्रतिबन्ध लगाउन सक्तछ। बिना-कारण नागरिकको यस अधिकारमा कुनै प्रतिबन्ध लगाउन हुन्न। नेपालको संविधान २०१९ को भाग ३ को दफा ११ को उपदफा (२) को (घ) मा 'नेपालको कुनै पनि भागमा आवत-जावत र बसोबास' गर्ने स्वतन्त्रता प्रदान गरिएको कुरा उल्लेख गरिएको छ।

(ix) मनोरञ्जनको अधिकार (Recreational Right)—जीविकोपार्जनका साधनहरू जुटाउन व्यापार तथा व्यवसायको कार्य तथा अब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कतिपय कार्यहरूबाट मनुष्य दिनभरि काम गर्दागर्दै थाकेको हुन्छ । यस प्रकारले मानसिक र शारीरिकरूपबाट उसको शरीर तथा बुद्धि कुनै पनि कार्य गर्न समर्थ हुँदैन । आफ्नो थकाई मेटाउन मनुष्यलाई मनोरञ्जनको आवश्यकता पर्छ । क्लब, सिनेमा घर, पार्क आदि मनोरंजनका साधन हुन् । राज्यले यस्ता मनोरंजनका साधनहरूको उचित व्यवस्था गर्नुपर्छ । जूवा खेल्नु, रक्सी पिउनु, तास खेल्नु आदिलाई मनोरंजनको साधन मान्न सकिंदैन । राज्यले यस्ता अनैतिक कार्यहरूमाथि पूर्ण नियन्त्रण राख्नुपर्दछ । नागरिकहरूको मनोरंजन गर्ने पूर्ण अधिकार भएकोले राज्यले मनारंजनका साधनहरूको राम्रो व्यवस्था गरिदिनु कर्त्तव्य हो ।

(x) पारिवारिक जीवनको अधिकार (Right to free family life)—आफ्ना परिवारका सबै सदस्य मिली स्वतन्त्रतापूर्वक सुखमय पारिवारिक जीवन यापन गर्न पाउनु व्यक्तिको मौलिक हक हो । आफ्नो परिवारभित्र परिवारका सदस्यले इच्छानुसार वस्त्र तथा आभूषण लाउन पाउनु र आफ्ना केटाकेटीको इच्छाबमोजिकको शिक्षा पनि पाउनु पनि परिवारकै हक हो । यदि परिवार दुराचार, पाप र दुर्गुणको घर बन्दछ भने समाजले त्यसमाथि प्रतिबन्ध लाउन सक्तछ । पारिवारिक जीवन झैंझगडाले भारस्वरूप भएमा पाचुके गर्ने व्यवस्था पनि हुनुपर्दछ । परिवारका सदस्यले आफ्नो योग्यता-अनुसार काम पाउनुपर्दछ किनकी जीवकोपार्जनको साधन राम्ररी जुटाउन नसके परिवारलाई आदर्श जीवनको पाठशाला भन्न सकिन्न । परिवारका सदस्यले पारिवारिक जीवन सुखमय बनाउनका लागि नैतिक आचरण र उचित कार्यबाट सदा सहयोग गर्नुपर्दछ । डाक्टर वेणी प्रसादको विचार उल्लेखनीय छ—"सामाजिक भलाइको दृष्टिबाट हरेक व्यक्ति जो काम गर्दछ अथवा कार्य इच्छा राख्तछ उसलाई अधिकार छ कि राम्रो जीवन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यापनको साधन जुटाओस् । (From the stand point of social good every person who work or is willing to work, has right a decent standard of life.)

(xi) व्यक्तिगत सम्मानको रक्षाको अधिकार (Right to Reputation)—प्रत्येक व्यक्तिलाई आफ्नो इज्जत र मान राखिराख्ने ठूलो अभिलाषा हुन्छ, कसैले आफ्नो र अरूको इज्जत र मान खतम गर्ने सक्ने अधिकार छैन । कसैले पनि अरूलाई अनाहक गाली गर्ने र दोष लगाउने अधिकार छैन । यदि कसैले अनाहक गाली गर्छ र दोष लगाउँछ भने सम्बन्धित व्यक्तिलाई अधिकार छ कि उसले आफ्नो अपमान र गालीको बदला दिवानी तथा फौजदारी अदालतमा मुद्दा दायर गरी कार्यवाहीं चलाई अपमान गर्ने व्यक्तिलाई झूठा साबित गरी सजाय दिलाउन सक्तछ । अरूको इज्जत र मानमाथि अघात पुऱ्याउन पाइँदैन ।

(२) राजनैतिक अधिकार (Political Right) :—राजनैतिक अधिकार नै यस्तो अधिकार हो जसले नागरिक अनागरिकमा भेद गर्दछ किनकी राजनैतिक अधिकार नपाएको व्यक्ति अनागरिक नै हुन्छ । राजनैतिक अधिकार पनि निम्नलिखित रूपमा विभाजित गर्न सकिन्छ ।

(१) मत दिने अधिकार (Right to Vote)

(२) निर्वाचित हुने अधिकार (Right to bg elected)

(३) सरकारी जागीर पाउने अधिकार (Right to hold office)

(१ मत दिने अधिकार (Right to Vote) :—प्रत्येक नागरिकलाई आफ्नो इच्छाअनुसार प्रतिनिधि छान्ने अधिकार छ । संसदीत व्यवस्थामा यिनै नागरिकहरूद्वारा छानिएका प्रतिनिधिहरूबार लोकसभा H use of Commons) बन्दछ । यिनै प्रतिनिधि मन्त्री बन्दछन् र देशको शासन चलाउँछन् । यी जन-प्रतिनिधिहरूबाट कानून बन्दछ । तसर्थ मत दिने अधिकार प्रमुख राजनैतिक अधिकार हो प्रजातान्त्रिक शासन-व्यवस्थामा उमेर पुगेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबै नागरिकलाई यो अधिकार प्राप्त हुन्छ । आफ्नो हित रक्षाका लागि नागरिकहरूले योग्य प्रतिनिधिलाई आफ्नो बहुमूल्य मत दिई प्रतिनिधि छान्छन् । यस प्रकारले नागरिकहरू अप्रत्यक्षरूपले शासन-व्यवस्थामा भाग लिन्छन् । हाम्रो देशमा पनि ग्राम-पंचायत, नगर-पंचायत, जिल्ला-पंचायत, राष्ट्रिय-पंचायत आदिमा नागरिकहरूले आफ्नो अमूल्य मतद्वारा जन-प्रतिनिधिहरू छान्दन् । तर बौलाहा, नाबालक र ठूला-ठूला अपराधीहरूलाई यो अधिकार छैन । कुनै व्यक्तिलाई सरकारमा पुर्‍याउने या नपुर्‍याउने पूर्ण अधिकार नागरिकहरूमै निहित छ । मतदानको अधिकारमा जाति, वर्ण, धर्म, लिङ्ग आदिको भेदभाव हुन्न । लोग्नेमानिस तथा स्वास्नीमानिस दुवैलाई नेपालको संविधानले समानरूपले उमेर पुगेपछि मत दिने अधिकार प्रदान गरेको छ । यसको महत्त्वबारे एउटा विद्वानले लेखेका छन्—"मत दिने अधिकार एउटा अर्को मूल्यवान् राजनैतिक अधिकार हो । यसले पूर्ण सावधानीपूर्वक मत दिने कर्त्तव्यको अभिभारा दिन्छ । प्राथमिकता त्यसैलाई दिइन्छ जो आफ्नो समुदायको निम्ति उचित कानून बनाउनमा बिलकुल योग्य र उत्तरदायी होस् । (Right to vote is another precious political.........It imposes a duty to vote with extreme care, preference being given to those...who are best fitted for the responsible task of making laws for the community.)

(२) निर्वाचित हुने अधिकार (Right to be elected) :—प्रत्येक नागरिकलाई प्रजातन्त्र- शासनमा जन-प्रतिनिधिको रूपमा छानिने अधिकार छ । प्रत्येक उमेर पुगेका नागरिकलाई शासनको हरेक अंगमा प्रतिनिधिको रूपमा खडा भई निर्वाचित हुने अधिकार छ । ग्रामपञ्चायतदेखि लिएर राष्ट्रिय पञ्चायतसम्म कुनै पनि तहमा नागरिकलाई चुनाव लड्ने अधिकार छ । तसर्थ प्रजातन्त्रलाई "जनताको, जनता का हितका लागि जनताद्वारा बनेको सरकार" भन्दछन् । यस प्रकारले तल्लो तहदेखि लिई माथिल्लो तहसम्म जनताका नै प्रतिनिधि हुन्छन् । कुनै पनि नागरिकले उमेर पुगेपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तह-तहमा चुनाव लड्न सक्तछन् । चुनाव लड्नमा पनि जाति धर्म वर्ण तथा लिङ्गमा भेद गरिंदैन ।

(३) सरकारी जागीर पाउने अधिकार (Right to hold office)- शासन-व्यवस्था सञ्चालनका लागि धेरै कर्मचारीहरूको आवश्यकता हुन्छ। यी कर्मचारीहरू पनि देशकै नागरिक हुन्छन् । सरकारी पद-प्राप्तिका लागि पनि पर्ण, जाति, धर्म तथा लिङ्गमा भेद गरिंदैन । प्रत्येक योग्य नागरिक सरकारी जागीरे हुन सक्तछन् । धन तथा धर्मको आधारमा भेदभाव गरिंदैन । नागरिकको योग्यताको माप लोकसेवा आयोगले गर्दछ । लोकसेवा आयोग द्वारा योग्य ठहराएका नागरिक सरकारी सेवाका लागि उपयुक्त ठहरिन्छन् । लोक सेवा द्वारा सञ्चालित परीक्षामा देशको कुनै पनि नागरिक सम्मिलित हुन सक्छ । सिफारिश तथा घूसका आधारमा राखिएको कर्मचारी राष्ट्रको हितका लागि हानिकारक हुन्छ । डाक्टर वेणीप्रसादले लेखेका छन्– "वास्तवमा यसको अर्थ यो होइन कि कुनै पनि व्यक्तिले सरकारी पद प्राप्त गर्न सक्तछ···यसको भनाइ के भने सबै योग्य व्यक्तिहरू कार्यालयमा नियुक्त हुनका लागि पूर्ण अधिकारी छन् (It does not of course mean that any body may assume office···what it means is that all are equally eligible for appointment to office for which they are qualified.)"

केही विद्वान्हरूले अधिकारहरूको सूचिमा याचिकाको अधिकार, राज्यमा निवास गर्ने अधिकार, निवेदन-पत्र दिने अधिकार तथा विदेशमा नागरिकको सुरक्षाको अधिकार आदि पनि समावेश गरेका छन् । सभ्यताको विकास तथा समाजको प्रगतिका साथ-साथै अधिकारहरू बढ्दै जाने हुँदा उपरोक्त लेखिएभन्दा बढी अधिकार हुन सक्तैन भन्न सकिन्न, तर आधुनिक जगत्मा प्रचलित प्रायः सबै अधिकारहरू समावेश गरिएको छ ।

यस प्रकारले मानव जीवनमा अधिकारको महत्वपूर्ण स्थान छ । समाजको विकास अधिकारहरूले नै गर्दा दिन प्रतिदिन हुँदै गइरहेको छ । अधिकारको अभावमा विकासको गति रोकिनेछ तथा समाजमा अशान्ति फैलिनेछ । तस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अधिकारले मनुष्यको विकास गरी स्वर्ण शिखरमा पुऱ्याउँछ । एउटा विद्वान्ले लेखेका छन्—'अधिकारहरू मनुष्यको प्रकृतिका श्वास हुन' ती सम्पूर्ण मनुष्यको समाजको भलाइका निम्ति आवश्यक मात्र होइन तर ती सुखी, स्वस्थ र आदर्श समाजका प्राथमिक आवश्यकताहरू हुन् । (Rights are very breath of the nostrils of human nature, they are indispensible not for the well being of the whole humanity but they are the first requisite for a happy healthy and prosperous society.)"

(घ) कर्तव्यहरू (Duties)—नागरिकहरूले जो अधिकार प्राप्त गर्छ समाजले नागरिकहरूसँग पनि केहीं कर्तव्यहरूको आशा राख्तछ । एउटा व्यक्तिको अधिकार अरूको कर्तव्य हुन जान्छ । यस प्रकारले कर्तव्य नै अधिकारको स्रोत मानिन्छ । कर्तव्यबाट समाज उँभो लाग्दछ, देश विकसित हुन्छ तथा विश्वबन्धुत्वको भावना दृढ़ हुन्छ । मन्दिरमा पूजा गर्ने एउटाको अधिकार हो भने अरूले त्यस व्यक्तिलाई शान्तिपूर्वक पूजा गर्न दिनु कर्तव्य हुन्छ । यस प्रकारले कर्त्तव्यकै आधारस्तम्भमा अधिकाररूपी वृक्ष खड़ा छ । कर्त्तव्यको क्षेत्र पनि व्यापक छ । मनुष्यमा चेतनाको साथ-साथै कर्त्तव्यको ज्ञान पनि हुँदै गयो । मानव जीवन नै कर्तव्यमय छ । सामाजिक जीवनको प्राथमिक संस्था परिवारदेखि नै बालक आफ्ना मान्यजनको आज्ञा पालनमा आफ्नो कर्त्तव्य सम्झिन्छ र पछि गई समाजमा पनि उसले कर्त्तव्य पालन गर्दछ । यस प्रकारले कर्त्तव्यको क्षेत्र बड़ो ठूलो छ । हरेक स्थानमा मनुष्य कर्त्तव्यबाट नै घेरिएको हुन्छ । कर्त्तव्यको पालनबाट मनुष्य जीवन विकसित हुन्छ, तथा मानव जीवन सार्थक । एउटा अंग्रेज कविले लेखेका थिए— "जब म सुतें तब मैले अनुभव गरें कि जीवन सौन्दर्यमय छ । जब म जागें मैले अनुभव गरें कि जीवन कर्त्तव्यमय छ ।"

कर्तव्यको वर्गीकरण (Classification of duties)—कर्त्तव्यको वर्गीकरण हरेक विद्वान्ले आफ्नो-आफ्नो ढंगबाट गरेका छन् । दार्शनिक कान्टले कर्त्तव्यका दुईटा भेद मानेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(i) निश्चित (ii) अनिश्चित ।

निश्चित कर्तव्य ती हुन् जो मानिसले अनिवार्य आज्ञाको रूपमा मान्दछ । यही कर्तव्यले गर्दा मानिसले अनुचित कार्य गर्न सक्तैन जस्तो— चोरी नगर्नु, अरूलाई कष्ट नदिनु आदि । अनिश्चित कर्त्तव्य सार्वभौमिक, सर्वकालीन हुन्छ । छिमेकी सँगको प्रेम, सदाचार, राम्रो आचरण, सहानुभूति, दया, ममता आदि अनिश्चित कर्तव्यका उदाहरण हुन् । अर्का एउटा विद्वान् लेखकले कर्त्तव्यलाई ३ भागमा बाँडेका छन् ।

(i) त्यस्ता कर्त्तव्यहरू जो राज्यले कानून र नियम बनाई निश्चित गरेको हुन्छ र जसलाई पालन नगर्दा व्यक्तिले दण्ड पाउँछ ।

(ii) त्यस्ता कर्त्तव्यहरू जो राज्यले कानून र नियम बनाई निश्चित गरेको त हुँदैन, तर त्यस्ता कर्त्तव्य पालन गर्नु नागरिकहरूको धर्म हो ।

(iii) त्यस्ता कर्त्तव्यहरू जो सबै व्यक्तिहरूबाट पालन गर्ने आशा गर्न सकिन्न ।

अन्य विद्वान्हरूले कर्त्तव्यलाई २ भागमा बाँडेका छन् (१) नैतिक कर्त्तव्य, र (२) कानूनी कर्त्तव्य ।

(१) नैतिक कर्तव्य (Moral duties)—यद्यपि नैतिक कर्तव्य कुनै कानूनमाथि आधारित हुँदैन तर यो हामी स्वतः गर्दछौं । जस्तो माता पिताको आज्ञा पालन, अतिथि सत्कार आदि । नैतिक कर्तव्यको संख्या कति छ भन्ना गाह्रो छ किनकि यो मनुष्यको आन्तरिक नैतिकताको भावनामाथि अवलम्बित छ । नैतिक कर्त्तव्य अनिवार्यत हुँदैन, तर मनुष्यले यसको उपेक्षा पनि गर्न सक्दैन । नैतिक कर्त्तव्यलाई निम्नलिखित भागमा बाँड्न सक्छौं ।

(i) आफ्नोप्रति कर्तव्य (Duty towards oneself)

(ii) परिवार प्रति कर्तव्य (Duty towards one's family)

(iii) समाजप्रति कर्तव्य (Duty towards society)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(i) आफ्नोप्रति कर्तव्य (Duty towards oueself)—'थोपा थीपाले नै गाग्रो भरिन्छ' भनेझैं मनुष्यले नै समुदाय तथा समाज बन्दछ। प्रत्येक व्यक्ति समाजको एकाई हो। तसर्थ प्रत्येक व्यक्तिको योग्यता, ईमानदारी, सच्चरित्रता आदिमाथि समाजको जग बस्तछ। जस्तो व्यक्ति हुन्छ त्यस्तै प्रकारको समाज। तसर्थ व्यक्तिले आफूलाई चरित्रवान्, योग्य तथा स्वस्थ बनाउनु पर्दछ। यस्ता व्यक्तिबाट बनेको समाजपनि प्रगतिशील एवं सभ्य बन्न सक्तछ। नागरिकले आफूलाई शिक्षित, सदाचारी, संयम, स्वावलम्बी आदि बनाउनु उसको प्राथमिक कर्त्तव्य हो। यस्ता नागरिकहरूबाट कनेको देश तथा समाज दुवै उन्नतिशील हुन्छन्। अल्छी, चरित्रहीन, अस्वस्थ, नागरिकबाट देश तथा समाजको पतन हुन्छ, तसर्थ नागरिकले आफूलाई राम्रो बनाउनु पहिलो कर्त्तव्य हो। एउटा विद्वान्ले लेखेका छन्—'कर्त्तव्य घरबाटै प्रारम्भ हुन्छ। यदि एउटा मानिसले आफूप्रति कर्त्तव्य निभाउँछ भने उ परिवार-प्रति, समाज-प्रति, राष्ट्रप्रति र विश्व-प्रति नै कर्त्तव्यनिष्ठ हुन्छ अन्यथा सम्पूर्ण समाजको ढाँचा नै घरमरिनेछ (Duty begins at home, If a man is dutyful to himself he will be dutyful to his family, to his society, to the State and ultimately to the nation and the whole world. If otherwise, the ordered structure of the whole society will topple down.)

नागरिकले आफू-प्रतिको कर्त्तव्य निम्नलिखित तरीकाले निभाउन सक्तछ :—

(i) ऊ स्वयं स्वस्थ र बलिष्ट बनोस् किनकि अस्वस्थ व्यक्ति परिवारमाथि भारस्वरूप हुन्छन्। उसले शुश्रूषा, भोजन, चिकित्सा एवं सुरक्षाको लागि अर्कामाथि नै निर्भर रहनुपर्दछ। तसर्थ व्यक्तिको प्रथम कर्त्तव्य आफ्नो स्वास्थ्यको रक्षा हो।

(ii) शारीरिक विकासका साथ-साथै व्यक्तिको मानसिक विकास पनि गर्नुपर्दछ। ज्ञानोपार्जनबाट व्यक्तिको विकासका साथ-साथै समाजको विकास हुन्छ। यसको लागि व्यक्तिले अध्ययनशील हुनुपर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(iii) व्यक्तिले आफ्नो नैतिक विकास गर्नुपर्दछ । नैतिक विकासअन्तर्गत सच्चरित्रता, ईमान्दारी, सहिष्णुता, दया आदिको भावना जागृत गराउनुपर्दछ ।

यसरी मनुष्यले आफ्नोप्रति कर्त्तव्यको राम्रो पालन गर्ने प्रयास गर्नुपर्दछ अन्यथा सभ्यताको पखेटा नै काटिन जान्छ शाडेस्माण्डले लेखेका छन्—"जो व्यक्ति आफू-प्रतिको कर्त्तव्यमा च्युत हुन्छ त्यो परिवार अथवा राष्ट्र विश्व प्रतिको कर्त्तव्यमा पनि च्युत हुन्छ । नागरिकता दौडिनु त के कुरा हिड्न पनि सक्तैन ।" (The man who fails in his duty to himself is likely to fail in that to his family or nation or world. The citizen can not run before he walks.)

[ii] परिवार प्रति कर्तव्य—(Duty towards one's family) :— परिवारको स्नेह-युक्त वातावरणमा व्यक्तिले जीवनको प्रारम्भिक अशक्त अवस्था "बाल्यकाल" बिताउँछ । परिवारको प्रेम तथा पालन-पोषणको अभावमा व्यक्तिको जीवन असम्भव हुन्छ । व्यक्तिको जीवन सुख-शान्तिले परिवारमा नै बित्तछ । आफ्ना शिशुप्रति माता-पिताको प्रेम, स्याहार-सुसार आदिको व्यक्तिको जीवनमा अमिट छाप रहन्छ । व्यक्ति 'व्यक्ति' भन्न सकिने परिवारबाट नै बन्दछ । तसर्थ नागरिकको पनि परिवारप्रति केही कर्त्तव्य छ । परिवारका हरेक सदस्यले परिवारलाई सुखी र सम्पन्न तुल्याउनको लागि आफ्नो कर्त्तव्य गर्नुपर्दछ । जसरी बालककालमा माता-पिताले व्यक्तिको सेवा शुश्रुवा गरे, त्यसरी नै माता-पिता बुढा भएपछि व्यक्तिले सेवा शुश्रुषा गर्नुपर्दछ । बाबु-आमाको छोरा-छोरीप्रति; छोराछोरी-को बाबु आमाप्रति, दाजु-भाइको एक अर्काप्रति, पति-पत्नीको एक अर्काप्रति यस्तै प्रकारले परिवारका प्रत्येक सदस्यको एक अर्काप्रति केही न केही कर्त्तव्य हुन्छ । छोरा-छोरीलाई राम्रो दिशा दिनु बाबु-आमाको परम कर्त्तव्य हो । परिवार-स्नेह, सहिष्णुता, दया आदी आधारित रहेकोले हरेक व्यक्तिको परिवारमा त्यस्तै किसिमको वातावरण राख्नु कर्त्तव्य हो । एउटा विद्वान्ले लेखेका छन्—नागरिकको यो प्रथम कर्त्तव्य हो कि उसले परिवारका नियमहरूको पालनको गरोस् । जो यसमा असफल हुन्छन् ती असमाजिक मात्र होइनन् अनैतिक पनि हुन्, तिनीहरू समाजका पूर्ण बेइज्जती का पात्र हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(It is the primary duty of a citizen to obey the laws of the family. Those who fail to do so are not only antisocial but also immoral. They deserve condemnation from the whole of society.)

[iii] समाजप्रति कर्त्तव्य (Duty towards society) :—परिवारको वाल्यावस्थाको घेराबाट बाहिर निस्केपछि व्यक्ति गाउँ, नगर, शिक्षण-संस्थाहरूको सम्पर्कमा आउँछ। ऊ कतिपय समुदायहरूको सदस्य बन्दछ। कतिपय समाजिक संस्थाहरूको पनि सदस्य हुन्छ। समुदायले मनुष्यको आर्थिक, सांस्कृतिक, शैक्षिक आदि आवश्यकता पूरा गर्दछ। व्यक्तिको पनि यी समुदायप्रति केही कर्त्तव्य हुन्छ। गाउँ छिमेक, जाति, संघ आदिले पनि मनुष्यको व्यक्तित्वको विकासमा सहायता गर्दछन्। तसर्थ व्यक्तिले पनि यिनीहरूप्रति आफ्नो कर्त्तव्य पूरा गर्दछ। आफ्ना छिमेकीहरूका प्रति ऊ आफ्नो कर्त्तव्य निभाओस्। छिमेकीको दुःख र सुखमा शरीक भइ हर प्रकारले सहायता गर्न तयार रहनुपर्दछ। यस्तै प्रकारले ग्रामपंचायत, नगरपंचायत, जिल्लापञ्चायत आदि का कार्यहरूमा सक्रिय भाग लिनु नागरिकको परम कर्त्तव्य हो। शिक्षण संस्थानहरू पुस्तकालय, अमोद-प्रमोद सार्वजनिक स्थान-हरूको निर्माणमा सहयोग गर्नु परम कर्त्तव्य हो। सामाजिक कुरीतिहरू, जस्तै बालबिवाह, पर्दाप्रथा, अन्धविश्वास, छुवा-छूत आदि निर्मुल पार्नु पनि व्यक्तिको परम कर्त्तव्य हो।

स्वराष्ट्रको उन्नतिमा व्यक्तिले तन, मन धनले अग्रसर हुनुपर्दछ। स्व० श्री ५ महेन्द्रको महान् वाणी—"देशविना हामीले भन्न पाउन्नौं" भन्ने उक्ति सदा याद राख्नुपर्दछ, किनकि देश नभई कसैले पनि उन्नति गर्न सक्तैन। अंग्रेजीको एउटा उखान छ—देश मर्‍यो भने को जीवित रहन सक्तछ र? यदि देश जीवित छ भने व्यक्ति कहिल्यै मर्न सक्तैन' (Who lives if country dies and who dies if the country lives.)। तसर्थ राष्ट्रको उत्थान मर्यादाको लागि व्यक्तिले ठूलोभन्दा ठूलो त्यागको लागि पनि अग्रसर रहनुपर्दछ। व्यक्तिले सदा राष्ट्रलाई आफ्नू हित सम्झनुपर्दछ। तर संकीर्ण राष्ट्रियताले पनि देशको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हानि नै गर्दछ । द्वितीय विश्वयुद्धभन्दा अघि जर्मनीमा संकीर्ण राष्ट्रियताको भावनाले नै द्वितीय विश्वयुद्ध शुरू भई जर्मनीको नाश भयो । अतः अन्ध राष्ट्रियता त होइन; राष्ट्रिय भावना भनेको हरेक नागरिकमा हुनैपर्दछ । यस सम्बन्धमा ब्रिमवल र मे को कथन ध्यान दिन योग्य छ । "जुन मनुष्य संकीर्ण राष्ट्रियता अथवा साम्प्रदायिकतालाई बढी महत्व दिन्छन् तिनमा सदा शिक्षा र सभ्यतामा कमी भईरहेको त्रास हुन्छ (People who exhibit an aggravated sense of nation or social importance are...in danger of being judged as lacking in education and refinement.

(२) कानूनी कर्त्तव्य (Legal Duties) कानूनी कर्त्तव्यलाई निम्न लिखित भागमा बाँड्न सकिन्छ :—

(i) राज्यको कानूनको पालन गर्नु (Obedience to the law of the State)
(ii) राजभक्ति (Allegiance)
(iii) कर तिर्नु (Payment of taxes)
(iv) सैनिक सेवाको कर्त्तव्य (Duty to serve in the army)
(v) श्रम-दान (Shramdan)
(vi) मत-दान (Duty to vote)

(i) राज्यको कानूनको पालन गर्नु (Obedience to the laws of the State) :—राज्यद्वारा बनाइएका नियमहरूलाई कानून भनिन्छ, जुन देशमा शान्ति सुरक्षाको लागि आवश्यक छ । कानूनको पालनबाट नै देश र समाजको हित हुन्छ । कानूनबाटै ठूलो र सानो तथा धनी र गरीबका बीचको अन्तर समाप्त भई सबै समान हुन्छन् । स्वतन्त्रताको अस्तित्व कानूनको उचित पालनबाट नै सम्भव छ । कानूनको उल्लंघनबाट स्वतन्त्रता र अधिकार दुवैको लोप हुन्छ । कर्तव्यकै जगमा स्वतन्त्रता र कानूनको भवन खडा रहन्छ । कानून मानव-कल्याण र समाज-कल्याणको लागि बनाइन्छ । कानूनको अभावमा सामाजिक जीवन शान्तिमय हुन सक्तैन र मानवहितको कु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आशा नै राख्न सकिँदैन । जनहित-विरोधी कानूनको विरोध शान्तिपूर्ण ढंगले गर्नुपर्दछ । एउटा विद्वान्‌ले लेखेका छन्—हामी खराब कानूनहरूको विरोध गर्न सक्तछौं तर विरोध हिंसात्मक हुनु हुँदैन, हिंसात्मक विरोधको अर्थ हुन्छ कानून आफ्नो हातमा लिनु । हामीले शान्तिपूर्ण तरीका अपनाउनुपर्छ जुन प्रजातान्त्रिक प्रणालीमा अनुमोदित छ । (We may oppose bad laws but the opposition should not be a violent one. Violent opposition means taking law into one's own hands. We must adopt peaceful means which are allowed in a democratic system.)

(ii) राज भक्ति (Allegiance) :—देशप्रेम आदर्श नागरिकताको एउटा आवश्यक गुण हो । 'देश सबैको साझा हो' भन्ने स्व० श्री ५ महेन्द्रको महान् वाणी सदा सत्य रहन्छ । देशको अस्तित्वमा नै संघ समुदाय आदिको अस्तित्व निहित छ । परतन्त्र देशमा नागरिकका अधिकार र कर्त्तव्यको विषयमा कुरा गर्नु हास्यापद-हुन जान्छ, तसर्थ सबै नागरिकमा देशप्रेमको भावना चाहिन्छ । आफ्नो देशको लागि कुनै पनि नागरिकले सदा बलिदान तथा त्यागको लागि तत्पर रहनुपर्दछ । देशको रक्षामा हरेक नागरिले तन् मन, धनले सहयोग गर्नु पर्छ राष्ट्रको प्रत्येक नागरिक राष्ट्रकै सैनिक हो । देशद्रोही तथा गद्दारहरू घृणाका पात्र हुन् । देशप्रेम नभएको मानिसको सम्बन्धमा वाल्टर स्कॅटका निम्नलिखित पंक्ति घतलाग्दा छन् ।

"Living shall forfeit fair renown;
And doubly dying shall go down,
To the vile dust, from whence he sprung,
Unwept, unhonoured, and unsung"

(iii) कर तिर्नु (Payment of taxes) :—राज्य संचालनको लागि सरकारले कर लगाएको हुन्छ राजस्वको आधारमा पञ्चवर्षीय योजना तथा विकासका कतिपय अरू विषयहरू बजेटमा समावेश गरी निर्माण गरिन्छ । राज्यका आयका स्रोताहरूमध्ये कर मुख्य हो तसर्थ प्रत्येक नागरिकले राज्यले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्धारित गरेको कर तिर्नु कर्तव्य हो । जनताबाट उठेका करको आधारमा नै राज्यले सुविधाहरू प्रदान गर्दछ । अर्थको आभावमा कुनै पनि सरकार टिक्न पनि सक्तैन र चल्न पनि सक्दैन । अतः राज्यद्वारा निर्धारित कर यथासमयमा बुझाउनु राज्यका नागरिकहरूको कर्तव्य हो । झूटो खाता राखी कर ठग्न खोज्नु तथा अन्य भ्रष्ट साधनहरूबाट कर तिर्न बिङ्गचाइ गर्नु आदर्श नागरिकको लक्षण होइन । यस्ता व्यक्तिहरू राष्ट्रद्रोहीकै श्रेणीमा आउँछन । यस्ता व्यक्तिहरूबाट देश कहिल्यै उँभो लाग्दैन । एउटा विद्वानले लेखेका छन्—यथा समयमा र ठीक कर तिर्नु आदर्श नागरिको आदर्श कर्तव्य हो । ती जो कर तिर्दैनन् समाजविरोधी तत्त्व हुन् र कटु आलोचना र अपमानका पात्र हुन्' (Proper and in time payment of taxes is a sacred duty of a noble citizen those who defy this are antisocial element and condemnation.)

(iv) सैनिक सेवाको कर्त्तव्य (Duty to servei n the army)— देशप्रेम एउटा आदर्श नागरिकको सबभन्दा ठूलो गुण हो ।, संकटकालमा अथवा बाह्य देशको हमलाका समयमा देशको रक्षाको लागि सेनामा भर्ती हुनु प्रत्येक नागरिकको कर्त्तव्य हो । मातृभूमिको रक्षामा नै नागरिकका गौरव, उन्नति र अधिकारहरू सुरक्षित रहन्छन्ः यद्यपि बाह्य आक्रमणबाट देशको रक्षाको लागि नियमित सेना त रहन्छन् । तर हाम्रो सानो देशको लागि सेना पर्याप्त छैनन् । तसर्थ प्रत्येक नागरिकले देशको सिपाही र पहरेदार बन्नुपर्छ । कतिपय देशहरूमा त प्रत्येक नागरिकले सैनिक तालीम लिनैपर्छ, तर हाम्रो देश अहिले अविकसित हुँदा यो योजना लागु हुन सकेको छैन । स्वर्गपुरी नेपालमाथि गिद्धदृष्टि लगाउने धेरै ठूला-ठूला देशहरूमा छन् । प्रत्येक नेपाली देशको सैनिक भएमा कसैले पनि आक्रमणबाट लाभ उठाउन सक्नेछैनन् । देशको स्वतन्त्रता जोगाउन नागरिकले सदा कटिबद्ध रहनुपर्दछ र बखतमा सैनिक भई अघि बढ्न सक्नुपर्छ ।

(v) श्रमदान (Shramdan) :—परिश्रमबाट नै मेवा पाइन्छ । परिश्रमको जीवनमा ठूलो महत्त्व छ । परिश्रमी व्यक्ति सुखी हुन्छ र श्रमबाट नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्यको पूर्ति गर्छ । श्रम दुई प्रकारको हुन्छ (i) मानसिक र (ii) शारिरीक । गरीब मुलेकमा अर्थ खर्च गरी यावत् कार्य गर्नलाई असम्भव छ, तसर्थ सामूहिक रूपमा सबैले सामाजिक हितको लागि कार्य गरे निश्चय नै फलदायक हुन्छ । ठाउँ-ठाउँमा श्रमदानबाट बाटो बनेको, पुल, नहर, शिक्षालय आदि निर्माण भएको हामीले सुनेका तथा देखेका छौं । 'सयको लाठी एकको बोझ' भनेझैं सबै मिलेर श्रम गरेमा सामाजिक हितका कुराहरू पूर्ण हुँदै जान्छ । शारीरिक श्रमलाई हेय दृष्टिले हेर्ने हाम्रो बानी हुनु बढो दुःखद कुरा हो । विकसित मुलुकहरूमा श्रमको ठूलो महत्त्व छ र शारीरिक श्रमको जहिले पनि इज्जत हुनुपर्छ, तसर्थ शारीरिक श्रमलाई हेय दृष्टिले हेर्नु राम्रो होइन । शारीरिक श्रम गर्ने बानो सबैले बसाली सामाजिक हितको लागि श्रमदान गर्ने भावना पनि उदय हुनु जरूरी छ । डा० वेणीप्रसादले लेखेका छन्—'सामाजिक लाभका निम्त गरिने सबै कार्य सम्मानयोग्य हुन् । यदि कार्य फोहोर र मैलाको छ भने ती अझ इज्जतयोग्य छन् । ती व्यक्ति जो यस्तो कार्य गर्दछन् इज्जतका भागी छन् । (All work which is useful to society is honourable. If it is dirty or irksom, it is all the more honourable. Those who perform it deserve to be honoured.)

(iv) मतदान (Duty to vote):—मतदानबाट अप्रत्यक्ष रूपले जनताले शासनमा भाग लिन्छ । जनताबाट छानिएका व्यक्ति कानून निर्माण गर्दछन् र देशको शासन पनि सञ्चालन गर्दछन् । यद्यपि मतदान गर्ने अधिकार नागरिकको राजनैतिक अधिकार हो, तर योग्य ईमानदार, कर्त्तव्यनिष्ठ व्यक्तिलाई नै आफ्नो मत दिनु उसको आफ्नो कर्त्तव्य हो । योग्य व्यक्तिबाट नै शासन सुचारुरूपले चल्नछ र जानकल्याण सम्भव छ । तसर्थ नागरिकले चुनाव प्रचारको भ्रममा नपरी योग्य र ईमानदार व्यक्ति हेरी आफ्नो बहुमूल्य मत दिनुपर्छ । जाति, वर्ण, लिङ्ग-भेद पनि मतदाताले गर्नु हुन्न । उत्तरदायित्व बहन गर्न सक्ने व्यक्तिलाई नै मतदाताले छान्नु उसको परम कर्तव्य हो ।

उपर्युक्त विवेचनाबाट ज्ञात हुन्छ कि कर्तव्यहरू अनन्त छन् र व्यक्तिले सदा समाजहित- आफ्नो हित र मानव-कल्याणको लागि कर्त्तव्यको राम्ररी पालन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नुपर्दछ । लहिडी र बनर्जीले लेखेका छन्—"आजकल नागरिकहरूको अधिकारभन्दा बढ़ी कर्तव्यमाथि जोड दिइन्छ । यस्ता कर्तव्यहरू राज्यप्रति मात्र छैनन् किन्तु परिवार, गाउँ, नगर, देश र विश्वप्रति पनि छन् (The emphasis today is on the duties of the citizen and not merely on his rights. Such duties are not to State alone but also to the family, village, town province, country and the world.)

(ङ) अधिकार र कर्त्तव्यको सम्बन्ध (Relation between rights and duties)—अधिकार र कर्त्तव्यको यति घनिष्ठ सम्बन्ध छ कि दुवैमा एउटाको अन्त हुँदा दुवै नै निष्प्राण हुन्छन् । दुवै एक अर्कामा आधारित छन् । एउटाको उपेक्षा स्वतः अर्काको उपेक्षा हुन्छ । अधिकार व्यक्तिको समाजसितको माग हो भने कर्त्तव्य समाजको व्यक्तिसितको माग । यस सम्बन्धमा श्रीनिवास शास्त्रीकी भनाइ उल्लेखनीय छ—"अधिकार र कर्त्तव्य उही कुरा हुन् जो दुई विचारले हेरिन्छन् । तिनीहरू एउटा मुद्राका दुई भाग हुन्" (Rights and duties are same things looked at from two different point of view. They are like the two sides of a coin) अधिकार र कर्त्तव्यको सम्बन्धको विषयमा निम्नप्रकारले वर्णन गरिएको छ ।

(i) कर्त्तव्य-विना अधिकारको अस्तित्व छैनः—अधिकाररूपी वृक्ष कर्तव्यको जगमा खडा छ । अधिकार व्यक्तिका ती मागहरू हुन् जुन समाजले कर्तव्यको रूपमा स्वीकार गरेको छ । एउटा व्यक्तिको अधिकार अरूको कर्तव्य हुन जान्छ; जस्तो हरेक व्यक्तिलाई आफ्नो धर्म-अनुसार मन्दिर अथवा मस्जिदमा गै पूजापाठ अथवा आराधना गर्ने अधिकार छ भने अरू व्यक्तिको कर्त्तव्य हो कि त्यस व्यक्तिलाई शान्तिपूर्वक पूजा पाठ गर्नदिनु । यस प्रकाले कर्त्तव्यको दुनियाँमा नै अधिकारको जन्म हुन्छ । यस प्रसङ्गमा डा० वेणीप्रसादका शब्दहरू उल्लेखनीयछन् "यदि प्रत्येक व्यक्ति अधिकारमाथि नै जोड दिन्छ र कर्त्तव्यचाहिं अस्वीकार गर्दछ भने चाँडै नै कसैको कुनै अधिकार नै रहनेछैन ।" त्यस्तै प्रकारले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्त्तव्य पनि अधिकारमाथि निर्भर छ। कर्त्तव्य-पालनको लागि मनुष्यमा क्षमता हुनुपर्दछ। मनुष्यलाई यस्तो अधिकार होस् जसबाट उसले आफ्नो शारीरिक र मानसिक विकास गरी कर्त्तव्य पालन गर्न योग्य बन्न सकोस्। यदि उसलाई यस प्रकारको अधिकार नै छैन भने कर्त्तव्य-पालनको क्षमता नै कहाँबाट अउँछ। यस प्रकारको कर्तव्यको अस्तित्व अधिकारमाथि आश्रित छ र अधिकार-को अस्तित्व कर्त्तव्यमाथि। एउटा विद्वानले लेखेको छन्—"कर्त्तव्य अधिकार-हरूबाट नै जीवनरक्त प्राप्त गर्दछ र सौहार्दपूर्ण वातावरणमा कर्त्तव्य पालन गर्ने स्थिति निर्माण गर्दछ। अधिकारहरूले नै नागरिकहरूको आवश्यक मानसिक, शारीरिक र आत्मीय विकासको बाटो खोल्दछन् (Duties derive their lifeblood from rights and creat atmosphere of congenial for the fulfilment of duties, they provide an opportunity for the physical, mental and intellectual development of citizens which is essential for carrying out their obligations.)"

(ii) एक वर्गको अधिकार दोस्रो वर्गको कर्त्तव्य—'मेरो अधिकार तिम्रो कर्त्तव्य हो। (My right implies your duty) भन्ने उक्ति यथार्थ हो। किनकि एक वर्ग जसले केही अधिकारको उपभोग गर्दछ भने अर्को वर्गको कर्त्तव्य हो कि यस्तो स्थिति उत्पन्न गराओस् जसले गर्दा अधिकार उपभोगमा बाधा नपरोस्, जस्तै शिक्षा हासिल गर्ने सबैको अधिकार हो भने शिक्षा हासिल गर्ने वर्गको अधिकार तब नै पूरा हुन्छ जबकि अर्को वर्गले शिक्षा हासिल गर्ने सुविधा प्रदान गरोस्।

(iii) सुखी सामाजिक जीवनको लागि दुवै आवश्यक—अधिकार तथा कर्त्तव्य दुवैको उद्देश्य सामाजिक जीवन सुखी र शान्तिमय बनाउनु हो। व्यक्तिको चतुर्मुखी विकासका निम्ति दुवै आवश्यक छन्। दुवैको अभावमा मनुष्यको आध्यात्मिक तथा भौतिक विकास रोकिन्छ। डा० वेणीप्रसादले लेखेका छन्—"दुवै सामाजिक हुन् र दुवैले समाजका सदस्यहरूलाई ठीक प्रकारले बस्ने उचित स्थिति प्रदान गर्दछन् (Both are social and both

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

are insubstance condition of right living to be secured to a members of society.)"

(iv) अधिकार तथा कर्त्तव्य दुवै एक अर्काका पूरक हुन्:—अधिकार जीवनको भौतिक पक्षको प्रतीक हो भने कर्त्तव्य नैतिक पक्षको। अधिकारले भौतिक आवश्यकताहरू, जस्तै, भोजन, वस्त्र, आवास आदिको पूर्ति गर्छ भने कर्त्तव्यले आध्यात्मिक पक्षलाई परमानन्द प्रदान गर्दछ। यस प्रकारले कर्त्तव्य मनुष्यको प्राण हो भने अधिकार शरीर। कर्त्तव्यको दुनियाँमा नै अधिकार जन्मन्छ तथा अधिकारको आधारमा नै कर्त्तव्य पूरा हुन्छ। यसरी दुवैको पारस्परिक सहयोगबाट नै समाजमा शान्ति तथा व्यवस्था स्थापना हुन सक्तछ। जैकले लेखेका छन्—"प्रत्येक नागरिकले यो स्मरण राख्नुपर्दछ कि सबै अधिकारहरूभन्दा माथि कर्त्तव्यको अधिकार नै छ। (Every citizen must remember that he has a right to duty above all other rights.)

(v) अधिकार कर्त्तव्य-पालनमा निहित :—अधिकार कर्त्तव्य पालनमा मात्र प्राप्त हुन्छन्। हामी कर्त्तव्य पालन गरेर मात्र राज्यद्वारा प्राप्त अधिकारको उपभोग गर्न सक्तछौं। प्रो० लास्कीले लेखेका छन्—"राज्य-प्रति मेरो कर्त्तव्य पालनमा नै मेरो अधिकार निहित छ। (Since the State guarantees and maintains my rights. I have the duty to support the State.)"

(vi) सबै कर्त्तव्यको अधिकार हुन्न :—प्रसिद्ध विधानशास्त्री ग्रें लेखेका छन् कि यस्ता कर्त्तव्यहरू पनि छन् जसको कुनै अधिकार छैन। उनले उदाहरण पनि प्रस्तुत गरेका छन्, जस्तै—प्रातःकालमा उठेर व्यायाम गर्ने र आफ्नो स्वास्थ्य वनाइराख्ने हाम्रो कर्त्तव्य हो, तर यसको के अधिकार हुन्छ र कसलाई प्राप्त हुन्छ? यस्तै प्रकारले मृत्युदण्ड पाएको व्यक्तिलाई फाँसी दिइन्छ, तर त्यो फाँसी पाउने व्यक्तिको के अधिकार कि उसले फाँसी पाओस्। यस सम्बन्धमा यो निश्चयपूर्वक भन्न सकिन्छ, सबै कर्त्तव्यको अधिकार हुँदैन। यसमा प्रो० चटर्जीका शब्द घतलाग्दा छन्—"सबै कर्त्तव्यहरूका अधिकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नहोलान् यस्ता कर्त्तव्यहरू पनि छन् जो व्यक्तिसित सम्बन्धित अधिकार छैनन्; जबसम्म मानव समाजलाई नै यस्ता अधिकार प्राप्त हुँदैनन् ।" (Duties may not have corresponding rights. There certain duties which do not entitle an individual to co-relative rights unless we hold that the public at large may have such a right.)"

(vi) दार्शनिक दृष्टिबाट कर्त्तव्य र अधिकारको सम्बन्ध:—हिन्दू-धर्म-शास्त्रअनुसार कर्म गर्नु नै मनुष्यको धर्म हो । कर्मअनुसारको फल नै मनुष्यले पाउँछ । वेद, पुराण, गीता, रामायण, महाभारत आदि ग्रन्थहरूका यस सम्बन्धमा प्रचुर प्रमाणहरू पाइन्छन् कि मानिसले जस्तो कर्म गर्छ त्यस्तै फल पाउँछ । गीता त कर्मवादले नै भनिएको छ । रावणले आफ्नो कर्मकै फल पायो । दुर्योधनले कर्मकै फल भोग्यो । यस प्रकारले जस्तो हाम्रो कर्त्तव्य हुन्छ त्यस्तै हामी अधिकार पाउँछौं । यसरी कारण र परिणाममा जो सम्बन्ध छ त्यस्तै कर्त्तव्य र अधिकारमा छ ।

उपरोक्त वर्णनबाट यो ज्ञात हुन्छ कि अधिकार र कर्त्तव्यको घनिष्ट सम्बन्ध रहेछ । यी दुवै एक अर्कामा निर्भर छन् तथा एक अर्काका परिपूरक हुन् । दुवै सुखमय सामाजिक जीवनको लागि आवश्यक छन् । डा० वेणीप्रसादले लेखेका छन्—"यस प्रकारले अधिकार र कर्त्तव्यहरू एक अर्कामाथि आधारित छन्, तीं दुवै एउटै वस्तुका दुई पक्ष हुन् । यदि कसैले तिनलाई एक पक्षबाट हेऱ्यो भने ती कर्त्तव्य हुन्छन् । (Rights and duties are thus interdependent they are two aspects of the same things. If one looks them from one's own standpoint they ary rights. If one looks at them from the standpoint of others they are duties.)"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय–४

स्वतन्त्रता

(Liberty)

स्वतन्त्रताको अर्थ :—१७८९ ई० मा भएको फ्रांसीसी राज्यक्रान्तिले स्वतन्त्रता, समानता र भ्रातृत्वको नारा सम्पूर्ण विश्वमा फैलायो । आधुनिक जगत्मा यही प्रजातन्त्रको आत्मा मानिन्छ । स्वतन्त्रता शब्द अंग्रेजीको लिबर्टी (Liberty) को नेपाली अनुवाद हो । लिबर्टी शब्द लैटिन भाषाको लिबर (Liber) बाट निस्केको हो । लिबरको 'अर्थ बन्धनमुक्त' हुन्छ । यसको अर्थ भयो कि स्वतन्त्रताको अर्थ बन्धनमुक्त अर्थात् हरेक व्यक्तिलाई कुनै कार्य गर्ने पनि स्वतन्त्रता छ । यस प्रकारले स्वतन्त्रताको गलत अर्थ निस्कन्छ जो स्वतन्त्रता नभै अराजकता या उच्छृङ्खलता हुन्छ । एम. केचनोका अनुसार 'पूर्ण स्वतन्त्रता जंगली गधा झैं हुन्छ । (Absolute freedoom is disolate liberty of wild ass.)" यस प्रकारको स्वतन्त्रतालाई स्वतन्त्रता भन्न सकिन्न। केही विद्वान्हरूले स्वतन्त्रताको अर्थ हस्तक्षेपको अभावलाई नै भने । हस्तक्षेप नरहने हो भने व्यक्तिलाई हरेक क्षण बाधा आइपर्छ । जस्तो चोरी तथा बदमाशी गर्नेलाई हस्तक्षेप नगरी स्वतन्त्रा भनी छोडे समाजमा अराजकता फैलिन्छ । यस किसिमको स्वतन्त्रता मान्य छैन ।

स्वतन्त्रताको आधुनिक अर्थ :—स्वतन्त्रता मानव जीवनको सबभन्दा ठूलो आवश्यकता हो । जे० एम० मिलले आफ्नो प्रसिद्ध पुस्तक 'अँन लिबर्टी (On Liberty) मा स्वतन्त्राको परिभाषा दिएका छन् । यस पुस्तकमा मिलले दुईटा परिभाषा दिएका छन् । एउटा परिभाषा हो '-व्यक्ति स्वयं प्रभुत्वसम्पन्न हुनु नै स्वतन्त्रता हो" (It is the sovereignty of individual over himself it is being left to one self) यस प्रकारले व्यक्तिलाई सं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्य गर्ने स्वतन्त्रता प्राप्त होस्, जसबाट अरूलाई हानि नपुगोस् । दोस्रो परिभाषा हो "ती सबै कार्य गर्ने स्वतन्त्रता जसलाई गर्ने व्यक्तिको अभिलाषा हुन्छ (Liberty consists in doing what are desired)" मिलको परिभाषामा यद्यपि स्वतन्त्रता को लागि चाहिने तत्त्वहरूको समावेश त छ, तर सम्पूर्ण दृष्टिकोणबाट उपरोक्त परिभाषा उपयुक्त देखिदैन । आधुनिक विचारकहरूमा लास्की, वार्कर, गेटेल आदिका परिभाषाहरू विशेष उल्लेखनीय छन् । प्रो० जे० आर० सिलेका भनाइअनुसार—"स्वतन्त्रता अतिशासनको विलोम हो (Liberty is the opposite of over government.)" मेकेनीका अनुसार—'सबै प्रकारका प्रतिबन्धहरूको अभाव होइन अपितु अनुचितको स्थानमा उचित प्रबन्धहरूको व्यवस्था हो Freedom is not absence of all restraint, but rather the substitution of rational ones for the irrational)." प्रो० लास्कीका अनुसार "स्वतन्त्रतामा त्यो शक्ति निहित हुन्छ, जसद्वारा व्यक्ति कुनै बाह्य बाधाविना आफ्नो जीवन विकासको तरीका बन्न सक्छ । (It implies the power to expand the choice by the individual of his own way of life without imposed prohibitions from out. डा० वार्करले स्वतन्त्रताको परिभाषा यस प्रकारले दिएका छन् "स्वतन्त्रता बन्धनहरूको अभाव होइन, परन्तु यस्ता नियन्त्रणहरूको अभाव हो जो मनुष्यको विकासमा सहायक हुन्छ (Liberty is uot absence of restraints but presence of opportunity.)" स्पेन्सरका अनुसार "प्रत्येक व्यक्ति इच्छाअनुसार काम गर्न स्वतन्त्र छ, जबसम्म उ अन्य मनुष्यको स्वतन्त्रतामाथि बाधा पुऱ्याउँदैन (Every person is free to act according to his own will provided, he does not hinder with the similar liberty of the other persons.)"

कोलका अनुसार—"स्वतन्त्रताको अर्थ विना कुनै बाहिरी बाधाबाट व्यक्तिको व्यक्तित्व व्यक्त गर्ने स्वच्छन्दता हो (Liberty is the expression of the individuals personality without any external hindrance.)"

उपरोक्त परिभाषाहरूबाट स्पष्ट हुन्छ कि स्वतन्त्रता को लागि दुई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुरा को आवश्यकता हुन्छ (i) नकारात्मक (Negative) र (ii) सकारात्मक (positive)। नकारात्मकको अर्थ हो स्वतन्त्रतामा बाधा पुऱ्याउने तत्त्वहरू समाजबाट हटाउनु। सकारात्मक पक्षअनुसार व्यक्तिले आफ्नो व्यक्तित्वको विकासबाट स्वतन्त्रताको रक्षा गर्ने गर्दछ र राज्यले त्यस्तो परिस्थिति उत्पन्न गरिदिन्छ, जसबाट व्यक्तिले आफ्नो व्यक्तित्वको विकास गर्दछ।

(क) स्वतन्त्रताको वर्गीकरण (Classification of Liberty) :– मान्टेस्क्यूले स्वतन्त्रताका दुई रूप माने—राजनैतिक स्वतन्त्रता र नागरिक स्वतन्त्रता। अन्य विद्वान्हरूले स्वतन्त्रताका कैयौं भेद गरेका छन्। सबै विद्वान्हरूको सार लिई स्वतन्त्रताको निम्नलिखित भेद गर्न सकिन्छ :—

(i) प्राकृतिक स्वतन्त्रता (Natural Liberty)
(ii) नागरिक अथवा सामाजिक स्वतन्त्रता (Civic or Social Liberty)
(iii) आर्थिक स्वतन्त्रता (Economic Liberty)
(iv) राजनैतिक स्वतन्त्रता (Political Liberty)
(v) राष्ट्रिय स्वतन्त्रता (National Liberty)
(vi) धार्मिक स्वतन्त्रता (Religious Liberty)
(vii) नैतिक स्वतन्त्रता (Moral Liberty)
(viii) व्यक्तिगत स्वतन्त्रता (Personal Liberty)

(i) प्राकृतिक स्वतन्त्रता (Natural Liberty)—हॉब्स, लॅक तथा रूसो जस्ता दार्शनिकहरूले प्राकृतिक स्वतन्त्रताको विवेचना गरेका छन्। कतिपय विचारकहरूले प्राकृतिक स्वतन्त्रतालाई प्रकृति-प्रदत्त मानेका छन्। यिनीहरूको धारणा थियो कि "स्वतन्त्रता प्राकृतिक हुन्छ र प्रकृतिको देन हो।" "मनुष्यको स्वभाव नै स्वतन्त्र हुने हुँदा स्वतन्त्र भन्ने वस्तु प्रकृतिको देन हो।" हॉब्सको विचार थियो कि "प्राकृतिक अवस्थामा मनुष्य आफ्नो इच्छाअनुसार गर्न सक्तथ्यो र उसलाई प्राकृतिक स्वतन्त्रता थियो।" लॉक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को विचार थियो कि "स्वतन्त्रता प्राकृतिक अधिकारहरूबाट सीमित थियो।" रूसोको विचार थियो कि "मनुष्य स्वतन्त्र जन्मिन्छ, तर ऊ सर्वाङ्ग जंजीरमा बाँधिएको छ (Man is born free but everywhere he is in chain)।" यस प्रकारले यी दार्शनिकहरूको विचारअनुसार प्रकृतिले मनुष्यलाई स्वतन्त्र जन्मायो, तर समाजले नै उसलाई पराधीन गरायो। व्यक्तिको स्वतन्त्रता प्राकृतिक हो र राज्यले यसको आदर गर्नुपर्दछ।

(ii) नागरिक अथवा सामाजिक स्वतन्त्रता (Givic or Social Liberty)—नागरिक या सामाजिक स्वतन्त्रताको अर्थ व्यक्तिले समाजको सदस्यताको नाताले जुन स्वतन्त्रताको उपयोग गर्दछ त्यसलाई भनिन्छ। यद्यपि सामाजिक स्वतन्त्रताका अन्तर्गत व्यक्तिका सम्पूर्ण अधिकारहरू नै आउँछन्, तर सीमित अर्थ व्यवहारमा राज्यद्वारा प्रदान गरिएको स्वतन्त्रता-सँग मात्र सम्बन्ध छ। यस्तो स्वतन्त्रताका अन्तर्गत निम्नलिखित स्वतन्त्रता आउँछन् (i) व्यक्तिगत शारीरिक स्वतन्त्रता (ii) व्यक्तिगत संपत्तिको स्वतन्त्रता (iii) विचार अभिव्यक्तिको स्वतन्त्रता (iv) न्यायको स्वतन्त्रता तथा समानता।

उपरोक्त वर्णन गरिएका स्वतन्त्रता हरेक राज्यहरूमा एउटै रूपमा लागू छैनन्। अमेरिकामा जुन स्वतन्त्रता नागरिकहरूलाई प्रदान गरिएको छ त्यति नै त्यही रूपमा रूस तथा ब्रिटेनमा नागरिकहरूलाई प्रदान नगरि-एको हुन सक्तछ। तसर्थ स्वतन्त्रताको स्तर प्रत्येक राज्यमा भिन्नाभिन्नै छ।

(iii) आर्थिक स्वतन्त्रता (Economic Liberty) :— सामाजिक जीवन सुखमय बनाउनको लागि आर्थिक स्वतन्त्रता आवश्यक छ। आर्थिक स्वतन्त्रता नभई अन्य कुनै स्वतन्त्रताको केही भाउ नै हुँदैन। लेनिनको भनाइ थियो—"यदि मानिसहरूलाई आर्थिक स्वतन्त्रता सुलभ छैन भने नागरिक र राजनैतिक स्वतन्त्रताको कुनै अर्थ हुँदैन।" आर्थिक स्वतन्त्रताको अर्थ हो वैध तरीकाले जीविकोपार्जनको अधिकार, सबै व्यक्तिले आफ्नो आवश्यकताकोपूर्ति निम्ति धन उपार्जन गर्न सकून, उचित समयसम्म काम गर्ने अधिकार होस्, उचित तलब पाउने अधिकार होस्, बेकार बस्नु नपरोस् आदि विषयहरू सबै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसअन्तर्गत आउँछन् । समाजमा आर्थिक प्रजातन्त्रको स्थापनाबाट मात्र यो संभव छ। आर्थिक स्वतन्त्रताको परिभाषा लास्कीले यस प्रकारले दिएका छन्। 'आर्थिक स्वतन्त्रताको मेरो अर्थ यो हो—मानिसलाई यस्तो अवसर र सुरक्षा प्रदान गर्नु हो जसबाट उसले दैनिक रोजी रोटीको सवाल हल गर्न सकोस्।

(By economic liberty I mean security and opportunity to find reasonable singnificance in the earnings of one's daily bread.)

(iv) राजनैतिक स्वतन्त्रता (Political Liberty) :—सबै नागरिकहरूले शासनमा सक्रिय भाग लिने स्वतन्त्रतालाई राजनैतिक स्वतन्त्रता भनिन्छ। प्रो० लास्कीले राजनैतिक स्वतन्त्रताको विवेचना यसरी गरेका छन्—"म राज्यका विषयहरूमा खुलेर भाग लिन सक्छु, उच्च पदमा पुग्न मलाई कुनै बाधा छैन, जो सबैका निम्ति नहोस्, म आफ्नो विचार एक्लै वा अरूसँग मिलेर व्यक्त गर्न सक्तछु।" राजनैतिक स्वतन्त्रता अन्तर्गत मत दिने अधिकार, निर्वाचनमा खड़ा हुने अधिकार, सरकारी पद ग्रहण गर्ने अधिकार आदि सामेल छन् । लास्कीले राजनैतिक स्वतन्त्रताको अस्तित्वका निम्ति तीनवटा आवश्यकताहरू दर्शाएका छन् । ती हुन्-शिक्षाको प्रसार, ईमानदारी र स्वतन्त्रता प्रेम । गेटेलले राजनैतिक अधिकारको विवरण यस प्रकारले दिएका छन्—"स्वतन्त्रताले नागरिकहरूको राजनैतिक अधिकारहरूको वर्णन गर्दछ। ती हुन् प्रशासनमा भाग लिनु जो राज्यले नागरिकहरूमाथि हाल्दछ (In the sense liberty refers to the political rights possessed by the people i e.. the share in governing authority which the State confers upon certain of its inhabitants.)।" राजनैतिक स्वतन्त्रतामाथि नै अन्य स्वतन्त्रताहरू आधारित छन् । लाई वाइसका अनुसार "राजनैतिक स्वतन्त्रतामा नै नागरिक स्वतन्त्रता सम्भव छ।" प्रो० गिलक्राइष्टको शब्दमा "राजनैतिक स्वतन्त्रता मानव पूर्णताको नैतिक आदर्श प्राप्त गर्न सहायक हुन्छ। प्रजातन्त्र र राजनैतिक स्वतन्त्रता एक अर्कामा आधारित छन् । राजनैतिक स्वतन्त्रता निरंकुश राजतन्त्र तथा तानाशाही र नोकरशाहीमा आशा नै गर्न सकिन्न ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(v) राष्ट्रिय स्वतन्त्रता (National Liberty):—राष्ट्रिय स्वतन्त्रताको अर्थ भाषा, धर्म संस्कृति, जाति आदिको विभिन्नतामा पनि एकता भई, राष्ट्रिय भावनाको उदय भई, परतन्त्रताबाट पूर्ण स्वतन्त्र भई एउटा राष्ट्रको निर्माण गरेको होस् । एउटा राष्ट्रभित्र विभिन्न धर्मावलम्बी, जाति, भाषा संस्कृति आदि भएका मानिसहरू बस्तछन् । यस विभिन्नतामा पनि तिनीहरूमा एकता हुन्छ; जो राष्ट्रको लागि अति आवश्यक छ । एउटा स्वतन्त्र राष्ट्रको लागि एकताको आवश्यकता हुन्छ । तसर्थ राष्ट्रिय स्वतन्त्रता प्रत्येक नागरिकको स्वतन्त्रता हो । विदेशी शासनबाट मुक्त आफ्नै देशको शासन देशैबाट निर्मित संविधानअनुसार हुनु नै राष्ट्रिय स्वतन्त्रता हो । राष्ट्रिय स्वतन्त्रताको अभावमा राजनैतिक र सामाजिक स्वतन्त्रता सम्भव हुन्न । राष्ट्र स्वयं विदेशी शासनसो अधीनमा भएमा नागरिकका विभिन्न स्वतन्त्रताको केही अर्थ हुन्न । गेटेलले लेखेका छन्—"राष्ट्रिय स्वतन्त्रताको अर्थ हो, बाह्य संप्रभुता अथवा स्वतन्त्रता (National liberty is simple external sovereignty or independence.)

(vi) धार्मिक स्वतन्त्रता (Religious Liberty) । एउटा देशभित्र विभिन्न सम्प्रदायी तथा धर्मावलम्वीहरू बस्तछन् । हरेक व्यक्तिको लागि आफ्नों धर्मअनुसार पूजा-पाठ गर्ने स्वतन्त्रता हुनुपर्छ । आध्यात्मिक संतुष्टि धर्मले नै गर्दछ । मानिसलाई आफ्नो इच्छानुसार कुनै पनि धर्म मान्ने स्वतन्त्रता हुनुपर्दछ । राज्यले कुनै पनि धर्म जनतामाथि जबरजस्ती थोपर्नु हुन्न (State should not prescribe any religion to its people.)" धार्मिक स्वतन्त्रमा नभएका देशहरूमा प्रायः हूलदंगा, झगड़ा-रगड़ा, लूटपाट भएको इतिहास साक्षी छ । तसर्थ आधुनिक प्रजातन्त्र युगमा नागरिकलाई धार्मिक स्वतन्त्रता प्रदान गरिएको छ ।

(vii) नैतिक स्वतन्त्रता (Moral Liberty) :—हिगेलग्रीन, काण्ट, बोसांके आदि विद्वानहरू नैतिक स्वतन्त्रताका प्रक्षपाती हुन् । नैतिक स्वतन्त्रताको अर्थ हो—"मानिसमा सदाचारको भावना जाग्रत भई अन्य व्यक्तिहरूसँग पनि सदाचारको व्यवहार नै गर्नु । सद्‌गुण र सदाचार मानव जीवनका अमूल्य रत्न हुन् । नैतिक स्वतन्त्रताले मनुष्यको नैतिक विकाश गर्नमा ठूलो योग दिन्छ । नैतिक विकासको प्रभाव सामाजिक अथवा राष्ट्रिय जीवन दुवैमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्छ । आदर्श नागरिकको कल्पना र आदर्श समाज तथा राज्यको कल्पन नागरिकको समुचित नैतिक स्वतन्त्रतामाथि आधारित छ ।

(vii) व्यक्तिगत स्वतन्त्रता (Personal Liberty) :—जान स्टुअ मिल व्यक्तिगत स्वतन्त्रताका कट्टर पक्षपाती थिए । मिलको अनुसा "एउटा मानिसलाई उसको इच्छाअनुसार स्वतन्त्रत्ता हुनुपर्दछ, जवस उसको स्वतन्त्रताले अरूको स्वतन्त्रतालाई कुनै हानि पुऱ्याउँदैन ।" प्रत्ये मानिसको यो इच्छा रहन्छ कि ऊ आफ्नो इच्छाअनुसार आफ्नो जीवन चल ओस् र इच्छाअनुसार आफ्नो रहन-सहन शिक्षा-दीक्षाको, व्यवस्था ग व्यक्तित्वको विकाश गरोस् । राज्यले पनि यस्तो व्यवस्था मिलाउनुपर्दछ व्यक्ति आफ्नो इच्छा-अनुसार धर्म-पालन, रहन-सहन एवं शिक्षाको व्यवस गर्न सकोस् । व्यक्तिले आफ्नो विकास स्वयं गर्न सक्ने अवस्था राज्या विद्यमान हुनुपर्दछ । बर्टेण्ड रसेल पनि व्यक्तिगत स्वतन्त्रताका पक्षपाती हुन

(ख) स्वतन्त्रता र कानून (Law and Liberty) :—स्वतन्त्रता कानूनको सम्बन्धमा विभिन्न विद्वान्हरुले विभिन्न मत प्रकट गरेका छन् कुनै कानूनलाई स्वतन्त्रता विरोधी संझन्छन् भने कुनै पूरक ।

(१) व्यक्तिवादी विचार (Individualistic View) :—१६ औं १७ औं शताब्दीमा निरंकुश शासकहरूले कानूनको सहारा लिई जनताा पूर्ण शोषण गर्नुका साथै प्रशस्त दुःख पनि दिए । तसर्थ विस्तारै-विस्त मानिसहरूमा कानून-विरोधी भावनाहरू उठ्तै जान थाले । पछि गई के विचारकहरूले त कानूनलाई निरर्थक र स्वतन्त्रता हरण गर्ने तत्व पनि संझे १८ र १९ औं शताब्दीमा यो विचारधारा पूर्णरूपले प्रस्फुटित भयो । यस विचारकहरूमध्ये विलियम गाडविन; जान स्टुअर्ट मिल, रूसो आदि प्रमु हुन् । यिनीहरूको विचारअनुसार मनुष्यलाई आफ्नो इच्छाअनुसार काम दिनुपर्छ, कुनै प्रतिबन्ध लाउन हुन्न । कानून स्वतन्त्रता-विरोधी हो । गा विनको अनुसार "कानून यस्तो संविधान हो जो अत्यन्त हेय छ (Law the constitution of the most expression type.)" रूसोको अनुस ("Man is born free but everywhere he is in chain)" यस प्रका कानूनलाई यी विचारहरूले व्यक्तिको स्वतन्त्रता-विरोधी र शोषणको माध्य भने । तर २० औं शताब्दीमा आई यो विचारधारा बिलकुलै समाप्त भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२) आदर्शवादी विचार (Idealistic View) :—आदर्शवादीहरू-को विचार व्यक्तिवादीको ठीक उल्टो छ । काण्ट, हिगल, बोसाँके, ग्रीन आदि आदर्शवादी विचारकहरूले कानून-पालनमा नै स्वतन्त्रता निहित छ भने । हिंगेलको भनाइ थियो । "राज्य मानिसका विवेकको मूर्त रूप हो, धर्तीमाथि ईश्वरको अभियान हो र मानिसको धर्म हो कि राग्यका आदेश पालन गरू-न" (State is march of God upon earth, and it is the highest expression of urgent social morality.)" यस्तै प्रकारले बोसाँकेले स्वतन्त्रता र कानूनमा केही फरक मानोनन् र अरू पनि कतिपय आदर्शवादी-हरूले कानून र स्वतन्त्रतामा विभेद छैन भन्ने देखाए । यी विचारकहरूका विचार निम्नलिखित रूपमा व्यक्त गर्न सक्तछौं ।

(i) कानून स्वतन्त्रताको जननी :—राज्य यसका निवासीहरूका भावनाको प्रतीक हुन्छ। तसर्थ राज्यद्वारा निर्माण गरिएको कानून आफ्नै आज्ञा पालन गर्नु हो । कानून स्वतन्त्रताको जननी हो । ग्रीनले लेखेका छन्— "मनुष्य चेतनाले स्वतन्त्रताको माँग गर्दछ । स्वतन्त्रता अधिकारहरूसँग सम्बन्धित छ, अधिकारले राज्यको माँग गर्दछ ।" (Human conscious-ness; pastulates liberty, liberty involves rights, rights demand State.) स्वतन्त्रताको रक्षा राज्यबाट नै हुन सक्तछ । राज्यले कानून बनाई यस्तो परिस्थिति निर्माण गर्दछ जहाँ स्वतन्त्रताको रक्षा सम्भव छ । व्यक्तिको चौतर्फी विकास गर्नु कानूनको उद्देश्य हो । कानूनी राज्यमा नै व्यक्तिको स्वत-न्त्रताको कल्पना गर्न सकिन्छ। कानूनले सदा स्वतन्त्रताको रक्षा गर्दछ। डी० जी० रिचीका अनुसार "स्वतन्त्रता व्यक्तिगत विकासको लागि कानूनले नै निर्माण गर्दछ र राज्यको कार्यभन्दा, वेग्लै यसको केही अस्तित्व छैन ।" "Liberty is sense of positive opportunity for self develop-ment. It is the creatiou of law and not something that can exist apart from action of State."

(ii) कानून स्वतन्त्रताको रक्षक :—मानव सभ्यताको प्रारम्भिक कालमा 'मत्स्य न्याय' प्रचलित थियो । बलियाले निर्धालाई सदा थियो-मिचो गर्दथ्यो । सभ्यताको विकासका साथसाथै मानव सभ्यता पनि कानूनले परि-वर्तन लिन थाल्यो 'मत्स्य न्यायमा' स्वतन्त्रता र कानूनको कुनै अर्थ थिएन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर आजको सभ्य जगत्मा कानूनले सदा निर्धाको रक्षा गर्दछ । अब 'मत्स्य न्याय' चल्न सक्तैन । बलियो औ निर्धाको पनि अधिकार तथा स्वतन्त्रता छ यस प्रकारले कानूनले स्वतन्त्रताको रक्षा गर्दछ । लॉकको भनाइ बडो घत लाग्दो छ—"जहाँ कानून छैन त्यहाँ स्वतन्त्रता छैन ।" (Where there is no law there is no freedom.)

(iii) कानून र स्वतन्त्रता एक अर्काका पूरक :—मानव सभ्यता को विकास-क्रममाथि दृष्टि पार्दा हामीलाई ज्ञात हुन्छ कि कानूनको निर्माण मनुष्यको, स्वतन्त्रताको भावनाले नै सम्भव भयो । आफ्नो स्वतन्त्रताको रक्षा को लगि नै मनुष्यले कानूनको निर्माण गरे । स्वतन्त्रता कानूनको अभावमा निष्प्राण हुन्छ । एउटा विद्वान्ले लेखेका छन्—"कानून र स्वतन्त्रता एक अर्कामाथि आधारित छन्" ("Law and liberty are thus indepen dent and complementary to each other)" कानूनको अभावमा असामाजिक कार्यहरूले प्रश्रय पाउँछन् । रूसोले लेखेका छन्—"त्यो कानून को पालन जो आफ्ना निम्ति बनाऊँछौं, स्वतन्त्रता भनिन्छ (Obedience to a law which we prescribe to ourselves is liberty.")

प्रजातन्त्रको सफलता कानूनमा नै आधारित छ । कानूनी राज्य (Rule of law) प्रजातन्त्र को जड़ हो । नागरिकहरूको स्वतन्त्रताको रक्षा कानून ले गर्दछ । प्रजातन्त्रमा नागरिकको विकास त्यहाँको कानूनमाथि निर्भर गर्दछ छ । जनप्रतिनिधिहरूबाट निर्मित कानून जनताकोभलो गर्ने नै हुन्छ । जनता को स्वतन्त्रतालाई आघात गर्ने कानून जनप्रतिनिधिहरूले निश्चय नै निर्माण गर्दैनन् । एउटा विद्वानले यस सन्दर्भमा लेखेका छन्—"प्रजातन्त्र त्यो प्रणाली हो जसमा जन-प्रतिनिधिहरूबाट कानून बन्दछ र जहाँ जनप्रतिनिधिहरू वा जनताका प्रतिनिधि हुन्छन्, जहाँ संप्रभुता जनताको हातमा निहित हुन्छ स्वतन्त्रता निर्विरोध र सुचारुरूपले चल्न सक्तछ । (Democracy is system of government where law is the product of represen tative bodies and where representative bodies are hand made of people at large where ultimate sovereignty lies in the hands of people, liperty can make its way freely and fearlessly.")

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय—५

शक्ति (Concept of Power)

शक्तिको पृष्ठभूमि :—'राज्यको शक्ति सम्बन्धी सिद्धान्त' (Power Theory of State) को प्रतिपादन उन्नाइसौं शताब्दीमा जर्मनीमा इतिहासकार हेइनरिख भॉन ट्रीट्स्के (Heinrich van Treitschke) र दार्शनिक फ्रेडरिक नित्शे (Friedrich Nietzche) ले गरेका थिए । यी दार्शनिकहरूले शक्तिका रूपमा राज्यद्वारा राखिने सैनिक शक्ति माथिनै बढि बल दिएका थिए । बीसौं शताब्दीको प्रारम्भमा इरिक कॉफमैन (Erich Kauffmann) ले 1911 ई० मा एउटा पुस्तक प्रकाशित गरे जसमा उनले लेखेका थिए, "राज्यको सार हो शक्तिको विकास, वृद्धि र प्रदर्शन (Machtentfaltung" । कॉफमैनले युद्धलाई उचित ठहऱ्याए । किनकि युद्धमा राज्यको वास्तविक स्वरूप प्रकट हुन्छ र युद्ध राज्यको श्रेष्ठतम कृति हो तथा युद्धबाट राज्यको स्वभावले चरम विकासलाई स्पर्श गर्छ भन्ने उनको धारणा थियो । सम्भवत: कॉफमैनको सिद्धान्तलाई आधार मानी जर्मनीमा हिटलरले नात्सीवाद र इटलीमा मुसोलिनीले फॉसिस्टवादको स्थापना गरेकाथिए । शक्तिको आडमा अधिनायकवादी शासनस्थापना भएको देखेर चार्ल्स मेरियम (Charles Merriam) ले राज्य-शक्तिलाई लगाम लगाउन खोजे । तर उनको परिभाषामा शक्ति र सत्तामा कुनै फरक भएन । राज्यको शक्ति (अधिनायकवादी शासन अन्तर्गत) सम्बन्धी सिद्धान्तलाई प्रख्यात दार्शनिक वर्टेण्ड रसेलले कठोर आलोचना गरे औ शक्तिलाई 'नागरिकको स्वतन्त्रता विरोधी हो' भन्ने करार दिए । राष्ट्रिय-राज्यको उदयले गर्दा राज्यको-शक्ति सम्बन्धी सिद्धान्तले बढी प्रचार-प्रसार हुने मौका पायो । दोस्रो विश्वयुद्धपछि अमेरिकामा शक्तिलाई राज्यविज्ञानको सबैभन्दा आवश्यक तत्वका रूपमा स्वीकार गरियो औ शक्ति-सिद्धान्तका विषयमा धेरै लेखकहरूले लेख लेखे । कैटलिन (Catlin) ले त राजनीतिशास्त्रलाई नै "शक्तिको विज्ञान" (Science of power) भनी परिभाषा गरे । अमेरिकाला राजनीतिशास्त्र र शक्तिका विषयमा अनुसन्धान गर्नका लागि एउटा स्कूल (Chicago School) नै खोलिएको छ । मेरियम, लार्सवेल, गार्गेन्थो आदि विद्वानहरू यस स्कूल अन्तर्गत राजनीतिशास्त्रका अनेकौं विषय-वस्तुलाई वैज्ञानिक आधार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिने प्रयास गरिरहेका छन् । चीनमा साम्यवादी सरकारले शक्तिलाई आवश्यक र अपरिहार्य मानेको देखिन्छ । माउत्सेतुङ्गले "शक्ति बन्दुकको नालबाट आउँछ" भनेका छन् ।

शक्तिको अर्थ — प्राचीनकालदेखि नै शक्तिको बिषयमा अध्ययन हुँदै आइरहेको छ । प्लेटो, सुकरात, मेकियाभेली, हाब्स, लाक, रूसो आदिआदि दार्शनिकहरुले शक्तिका विषयमा नलेखेका छैनन् । दैवी अधिकारको सिद्धान्त, शक्ति सिद्धान्त, सामाजिक समझौताको सिद्धान्त आदिहरूमा शक्ति र सत्ताके विषयमा पर्याप्त लेखिसकेकोछ । काण्ट, हिगेल, मार्क्स आदिका लेखहरूमा पनि शक्तिकै गन्ध आउँछ । फॉसिस्टवाद, नात्सीवाद आदि पूर्णरूपेण शक्तिकै द्योतक थिए र हुन् । विश्वमा स्थापित अनेकौं अधिनायकवादी शासन शक्तिका द्योतक हुन् औ शक्तिकै बलमा टिकेका पनि छन् । अर्कापट्टि प्रजातान्त्रिक शासन-व्यवस्थामा पनि शक्तिको उत्तिकै चर्चा छ । अब प्रश्न उठ्छ शक्ति भनेको के हो ? शक्ति कस्तो हुन्छ र हुनुपर्छ भन्ने विषयमा विभिन्न मतमतान्तर चलेको छ। द्वितीय विश्वयुद्धपछि अमेरिका राजनीतिशास्त्र र यसका विषयवस्तुलाई पुनर्निरीक्षण गर्ने काम प्रारम्भ भयो । शक्ति राजनीतिशास्त्रको प्राचीन विषयवस्तु भएर पनि विवादस्पद हुन गएकोछ । केही यस्ता आधुनिक विद्वानहरू पनि छन् जसले राजनीतिलाई शक्तिको पर्यायवाची मान्दछन् त केही यस्ता छन् जसले शक्तिलाई राजनीतिशास्त्र अन्तर्गत विशेष महत्वको विषय मान्दछन् ।

कैटलिनले राजनीतिशास्त्रलाई नै "शक्तिको विज्ञान" (Seience of Power) मानेकाछन् । आर० एम० मेकाइभर (R. M, Maciver) ले शक्तिको परिभाषा दिंदै लेखेकाछन् "मानिसहरूको व्यवहारलाई नियन्त्रित गर्ने विनियमित गर्ने र निर्देशित गर्ने क्षमतालाई शक्ति भनिन्छ ।" रोबर्ट वेयर्सटेड (Robert Beirstedt) ले शक्तिको परिभाषा यस प्रकार दिएका छन्, 'शक्ति बल प्रयोगको योग्यता हो न कि यसको वास्तविक प्रयोग ।" मोर्गेनथाउले लेखेकाछन्, "यस्ता प्रत्येक कुराहरूलाई जसबाट मनुष्यमाथि नियन्त्रण राख्न सकिन्छ शक्ति भनिन्छ ।" लेबरले पनि शक्तिको परिभाषा दिएकाछन्, 'शक्ति एउटा यस्तो सम्भावना हो जसमा एउटा कर्ता सामाजिक सम्बन्धमाथि निर्भर भएर पनि त्यस्तो सम्भावनाको आधारै नलिई प्रतिरोधको स्थितिमा पनि आफ्नो संकलपलाई पूरागर्ने स्थितिमा रहन्छ।" वेबरको यस परिभाषाले स्पष्टरूपमा शक्तिको परिभाषा नगरी सत्ताको परिचय दिन्छ । एम. जी. स्मिथले शक्तिको परिभाषा यसप्रकार दिएकाछन, "शक्ति व्यक्तिहरू, समूहहरू, नियम-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरू वा भौतिक अवस्थाहरूको प्रतिरोध हुँदाहुँदै पनि स्वतन्त्रतापूर्वक कदम उठाउन सक्ने क्षमतालाई भनिन्छ।" लासवेल(Lasswell) र क्यापलन Kaplan) ले शक्तिका विषयमा विस्तृत वर्णन गरेकाछन्। लासवेलले शक्तिलाई प्रभाव (Influence) को पर्यावाची रूप मानेकाछन्। लासवेलले शक्तिलाई मूल्य (Value) सँग गाँसेका छन्। तथापि शक्तिका विषयमा उनी भन्दछन्, "निर्णयहरू गर्नमा सहभागी हुनु नै शक्ति हो" (Participation in the making of decisions)। फ्रेडरिचले शक्तिको परिभाषा दिँदै लेखेकाछन्, "शक्ति भनेको एक निश्चित प्रकारको मानव सम्बन्ध हो" (Power is a certain kind of Human relationship.)।

उपरोक्त परिभाषाहले पनि शक्ति भनेको यही नै हो भन्न सकेका छैनन् र विद्वानहरू एकमत हुनसकेका पनि छैनन्। तथापि उपरोक्त परिभाषाहरूबाट के स्पष्ट हुन्छ भने शक्ति भनेको कुनै व्यक्तिको व्यक्तिगत विशेषता हैन बरू सम्बन्धात्मक र द्विपक्षीप धारणा (Relational and Bilateral Concept) हो। शक्ति प्राप्त व्यक्ति वा संस्था छ भने शक्ति लागू हुने वा मान्ने मानिसहरू पनि आवश्यक छ। यस प्रकारले शक्ति प्राप्त र शक्ति लागू हुने जनसमुदाय दुवैका बीचको सम्बधमाथि नै शक्ति निर्भर रहनजान्छ। शक्ति आवश्यकता, माग र इच्छामाथि निर्भर रहन्छ। शक्ति परिस्थितिमाथि निर्भर रहन्छ औ खास-खास पदहरूमा पनि निहित रहन्छ। शक्तिको आधार अनुशक्ति (Sanction) हो।

शक्तिको प्रकार (Kinds of Power) :—वियर्सटेडले समाजशास्त्रीय आधारमा शक्तिको सम्बन्ध कति कुरासँग हुन्छ भन्ने विवेचना गरेकाछन्। शक्तिलाई प्रभाव, सत्ता, दमन, बल, अनुनय आदिका माध्यमबाट प्रदर्शित गर्नसकिन्छ। शक्ति र प्रभावका बीच घनिष्ट सम्बन्ध छ। तथापि कहिले प्रभाव शक्तिबिना पनि हुनसक्छ र कहिलेकाहीं शक्ति बिनाप्रभावको हुनसक्छ। कहिलेकाही शक्ति र प्रभाव एउटै व्यक्तिमा पनि पाउन सकिन्छ। शक्ति र प्रभाव एउटै व्यक्तिमा रहनसक्ने व्यक्तिहरूमा शार्लमा, नेपोलियन, अब्राहम लिकन, जवाहरलाल नेहरू, श्री ५ महेन्द्र आदि आदि हुन्। प्रभाव नरहेको तर शक्तिमात्र रहेकाहरू हुन्—चँगेज खाँ, मुसोलिनी, हिटलर, इ०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डी० अमीन आदि आदि । अतः शक्ति द्विपक्षीय अवधारणा (Concept) हो । वियर्सटेडले शक्तिलाई ३ रूपमा विभाजित गरेकाछन्—बल, प्रभाव र सत्ता । बल र शक्ति एउटै हैन । शक्तिको पृष्ठभूमिमा बल रहनसक्छ । प्रभाव शक्तिको प्रकट रूप हो । शक्ति त एउटा मनोभाव मात्र हो । सत्ता पनि शक्तिको प्रकटरूप हो । सत्ता आदेश दिने अधिकार हो भने शक्ति आदेश दिने क्षमता । सत्ताको माध्यमले नै शक्ति व्यवहारमा प्रकट हुन आउँछ । रो (Rowe) भन्ने विद्वानले शक्तिको आधार पराक्रम (Might) लाइ मानेका छन् । शक्ति कहिलेकाहीं दमन र दबावका रूपमा प्रकट हुन्छ । दमन त शक्ति-प्रयोगको स्पष्टरूप र प्रचारको माध्यम मात्र हो । प्रजातन्त्रमा शक्ति विनय, अनुनय र प्रभावका रूपमा भेट्न सकिन्छ ।

वियर्सटेडले निम्नलिखित आधारमा शक्तिलाई विभाजित गरेकाछन्—(i) दृश्यताको आधार—यस्तो शक्तिलाई स्पष्टरूपले देख्न सकिन्छ । यस्तो शक्ति सत्ताले प्रयोग गर्दछ । कहिलेकाहीं शक्ति बलको रूपमा पनि प्रयोग गरिन्छ; (ii) दमनात्मक (Coersion) आधार—दमनात्मक शक्ति बलका रूपमा प्रयोग गरिन्छ भने अदमनात्मक शक्ति प्रभावका रूपमा प्रयोग गरिन्छ (iii) औपचारिक र अनौपचारिक आधार -- औपचारिक शक्ति भनेको संवैधानिक वा क़ानूनी रूप नभैकन पनि स्वतः शक्ति प्राप्त हुनुलाई जनाउँछ र, (iv) प्रयोगको आधार—प्रयोगको दृष्टिकोणबाट शक्ति प्रत्यक्ष र अप्रत्यक्ष हुनसक्छ । शक्ति प्राप्त व्यक्तिले शक्तिको प्रयोगले स्वयंले गरेमा प्रत्यक्ष शक्ति भनिन्छ । यदि शक्ति प्राप्त व्यक्तिले अधीनहरूको माध्यमबाट शक्ति प्रयोग गर्‍यो भने यस्तो शक्तिलाई अप्रत्यक्ष शक्ति भनिन्छ ।

मैक्स वेबरले शक्तिको ३ प्रकार बताएकाछन् । उनले औचित्यपूर्ण (Legitimacy) आधारमा नै शक्तिको प्रकारलाई विभाजित गरेका हुन् । ती हुन् (i) कानूनी शक्ति, (ii) परम्परागत शक्ति र (iii) नाटकीय ढङ्ग बाट प्राप्त शक्ति (Charismatic) ।

केही विद्वानहरूले दिशाका दृष्टिबाट शक्तिलाई निम्नलिखित प्रकारले बाँडेकाछन्—(i) एकपक्षीय (Unilateral) (ii) द्विपक्षीय (Bilateral) र (iii) वहुपक्षीय (Multilateral) । केही विद्वानहरूले (i) संकेंद्रित शक्ति (Concentrated Power) र (ii) विकेन्द्रित शक्ति (Decentralized)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Power) का रूपमा शक्तिलाई विभाजित गरेकाछन् । शक्तिको मात्रा र प्रभावलाई विचारगरी विश्वलाई नै महानशक्ति (Super power), मध्यम शक्ति र निम्न शक्ति भएका राष्ट्रहरू भनेर विभाजित गरिएको हामी सबैलाई ज्ञात नै छ ।

शक्तिको स्रोत (Sources of Power) :--विभिन्न लेखकहरूको लेखाईलाई ध्यानमा राख्दा शक्ति का मुख्य रूपले दुई श्रोत देखिन्छन्--(i) आन्तरिक श्रोत (Internal Sources) र (ii) वाह्य श्रोत (External Source) । आन्तरिक श्रोत अन्तर्गत आत्मज्ञान, व्यक्तित्व, सम्मान, आत्म-नियन्त्रण आदि आउँछन् भने वाह्य श्रोत अन्तर्गत भौतिक वस्तुहरूको प्राप्ति स्वामित्व, सत्ता, विश्वास, संगठनको आकार र प्रभावशीलता आदि आउँछन् । आन्तरिक श्रोतको माध्यमले मनुष्यले आफ्नो लक्ष्य प्राप्तगर्ने क्षमता प्राप्त गर्दछ । आन्तरिक श्रोतको माध्यमबाट मनुष्यले आफ्नो आन्तरिक विकासको क्षमता प्राप्तगर्छ । मनुष्य आन्तरिक रूपले शक्तिशाली हुनु नै आन्तरिक श्रोतको प्रमुख उद्देश्य हो । वाह्य श्रोतको माध्यमबाट मनुष्यले भौतिक सुविधा र संगठनात्मक उत्कृष्ठताको क्षमता प्राप्तगर्छ । वाह्य श्रोतबाट पनि मनुष्यले शक्ति प्राप्तगर्छ । शक्तिको श्रोत अनगिन्ति छन् औ परिस्थिति र समयासुसार यसमा पनि परिवर्तन भइनै रहन्छ । जसरी शक्ति के हो भन्ने विषयमा विद्वानहरूमा मतैक्य छैन त्यसै प्रकारले शक्ति को प्रकार र श्रोतहरूका विषयमा पनि विद्वानहरूमा मतैक्य हुनसकेको छैन । शक्तिका विषयमा अमेरिकन विद्वानहरू अझै अनुसन्धान गर्दछन् औ निकट भविष्यमा यस विषयमा विद्वानहरूले एक स्वरले कुनै खास सिद्धान्तको प्रतिपादन गर्नेछन् भन्ने आशा राख्न सकिन्छ ।

एउटा कुराचाहीं स्पष्ट छ कि शक्तिको प्रयोग अनुशक्तिहरू (Sanctions) द्वारा हुन्छ । देश, काल, परिस्थिति अनुसार अनुशक्तिहरूमा परिवर्तन भइनै रहन्छन् । शक्तिको प्रयोग दमनात्मक र प्रभावात्मक दुवै हुनसक्छन् । सम्मान, पुरस्कार, आर्थिक लाभ आदिहरूको पनि उत्तिकै महत्त्व छ जति जरिवानागर्नु पिट्नु, थुन्नू आदिको विकासोन्मुख देशहरूमा शक्ति प्रायः दमनात्मक रहेको हामी पाउँछौं । एउटा कुरा स्पष्ट छ कि शक्तिको प्रयोग र सीमा प्रयोगकर्ताको लक्ष्य र उद्देश्य, क्षमता, कार्यपद्धति आदिमाथि निर्भर गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय ६

समानता (Equality)

कतिपय व्यक्तिहरू समानताको धेरै नै संकुचित अर्थ लगाउँछन् । यस्ता व्यक्तिहरूको विचार अनुसार सबै बराबर हुनुपर्छ, धनी गरीब हुनु हुँदैन, शिक्षित-अशिक्षित हुनु हुँदैन, निर्धो दुब्लो तथा बलियो सबै एकसमान हुनुपर्दछ आदि । सबैले एक समान भोजन पाउनुपर्छ, एकै समान शिक्षा, एउटै किसिमको आवास गृह आदि । प्रकृतिद्वारा जन्मेका व्यक्तिहरूमा पनि समानता छैन—कोही व्यक्ति अग्ला छन् त केही पुड्का । मानिसका पाँच औंला त समान छैनन् भने यस किसिमको समानताको विचार धेरै नै भ्रमात्मक छ । प्रकृतिले नै मानिसको शारीरिक शक्ति, रंग, रूप, मानसिक स्थिति एक अर्काबाट नै उत्पन्न गरेको छ । तसर्थ समानताको यो अर्थ ठीक छैन ।

समानताको सही अर्थ—समानताको सही अर्थ हो समाजमा व्यक्तिले समान सुविधा पाउनु । ठूलो, सानो, धनी, गरीब, शिक्षित अशिक्षित आदिमा भेद नगरी समाज तथा राज्यले सबैलाई समान अवसर प्रदान गर्नुपर्दछ । प्रो० लास्कीले समानताको परिभाषा यस प्रकारले दिए—समानता को अर्थ हो "वर्ण, जाति, लिङ्ग तथा व्यवसायको भेद नगर्नु ।" दोस्रो स्थानमा यसको अर्थ हुन्छ "सबैलाई समान सुविधा प्रदान गर्नु" (Equality means absence of all special privileges. In the second place it means that adequate opportunities are laid open to all.)" जवाहरलाल नेहरूले समानताको परिभाषा यसरी दिएका छन्—"समानताको अर्थ प्रत्येक मनुष्यद्वारा आफ्नो' व्यक्तित्वको विकासका निम्ति एउटै किसिमका सुविधाहरू प्राप्त गर्नु हो ।' एउटा विद्वान्ले समानताको परिभाषा दिँदै लेखेका छन्—"नागरिक शास्त्रमा समानताको अर्थ यस्ता परिस्थितिहरूको स्थायित्वसँग हुन्छ, जसबाट सबै व्यक्तिहरूको व्यक्तित्वको विकास गर्ने समान अवसर प्राप्त हुन सकोस् र यस प्रकार त्यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समानताको अन्त होस्, जसको मूल सामाजिक वैषम्य छ। कसै कसैले "मनुष्य आफ्ना अधिकारहरूको सम्बन्धमा समान पैदा भएका छन् र समान रहेका छन्। भन्ने अर्थ लगाएका छन्। सामाजिक न्यायको दृष्टिले सबै समान छन्। सबैलाई मताधिकारको समान अधिकार प्राप्त छ। सरकारी नोकरी पाउने र चुनावमा खड़ा हुने सबै नागरिकलाई समान अधिकार छ। यसरी समाज तथा राज्यले प्रत्येक व्यक्तिलाई कुनै भेदभाव नगरी व्यक्तिको विकासको लागि समान अवसर प्रदान गराउनुलाई नै समानता भन्न सकिन्छ।

उपरोक्त परिभाषाहरूको विवेचनबाट ज्ञात हुन्छ कि समानताका दुई पक्ष छन्। (i) नकारात्मक, (ii) स्वीकारात्मक। नकारात्मकको अर्थ हो—जन्म, जाति, वर्ण, व्यवसायको आधारमा चलिरहेका असमानतालाई कुन प्रकारले हटाई व्यक्तिको व्यक्तित्वको विकास गर्न सकिन्छ। स्वीकारात्मक पक्षको अर्थ हो—सबैलाई समान अवसर प्रदान गर्न र कुनै किसिमको भेदभाव नगरी व्यक्तिको व्यक्तित्वको विकास गर्ने समान सुविधाहरू उपलब्ध गराउनु। जस्तै—सबै नागरिकलाई शिक्षाको समान सुविधा उपलब्ध गराउनको लागि सरकारले यसको उचित व्यवस्था गरोस्। 'जुँगा हेरी भाग' समाज तथा राज्यले गर्न हुन्न।

(क) समानताको वर्गीकरण या भेद (Classification of Equality)—विद्वानहरू समानताको अर्थ पनि धेरै प्रकारको लगाएर र धेरै प्रकारले यसको वर्गीकरण गरे। सबै विद्वानहरूको सार लिई समानताको निम्नलिखित भेद गर्न सकिन्छ :—

(i) समाजिक समानता (Social Equality)

(ii) नागरिक समानता (Civic Equality)

(iii) राजनैतिक समानता (Political Equality)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(iv) आर्थिक समानता (Economic Equality)
(v) धार्मिक समानता (Religious Equality)
(vi) प्राकृतिक समानता (Natural Equality)
(vii) शिक्षाको समानता (Aducational Equality)

(i) समाजिक समानता (Social Equality)—समाजिक समानताको अर्थ हुन्छ समाजमा व्यक्तित्वको जन्म, जाति, धर्म व्यवसाय, लिङ्गको आधारमा भेदभाव नगरी सबैलाई समान सुविधाहरू उपलब्ध गराउनु। छुवाछूतको भावना र जाति-पाति सामाजिक असमानताका लक्षण हुन्। स्वास्नी मानिसले पनि पुरुष समान अधिकार प्राप्त गर्नुपर्दछ। जन्मबाट नै बाहुन ठूलो र अरू जातका निम्न भन्ने भावना सामाजिक असमानताका द्योतक हुन्। कमाराकमारी राख्ने चलन पनि असामाजिक भावना हो। कतिपय विकसित मुलुकहरूमा पनि अझै पनि काला र गोरामा भेद गरिन्छ। अमेरिका वेलायत आदि देशहरूमा सामाजिक समानता पाइँदैन। नेपालमा सामाजिक समानता कायम गर्न २०२० सालमा 'नयाँ मुलकी ऐन' व्यवहारमा ल्याई सामाजिक असमानतालाई हटाउनु ठूलो प्रयास गरियो। यस प्रकारले नयाँ मुलुकी ऐनअनुसार समाजमा जन्म, जाति धर्म, व्यवसायको आधारमा भेदभाव गरिएको छैन। सामाजिक समानताको सम्बन्धमा एउटा विद्वान्ले लेखेका छन्—"सामाजिक समानता त्यहीं नै जन्म लिन्छ, जहाँ एउटा मानिस र अर्को मानिसको बीचमा जन्म, जाति, धर्म र लिङ्गको आधारमा भेद गरिदैन। (Social equality exists where no distinction is made between one person and another on the basis of birth, race caste or sex etc)

(ii) नागरिक समानता (Civic Equality) :—नागरिक समानताको अर्थ हो कानूनको दृष्टिमा सबै नागरिकहरू-समान हुनु। सबै नागरिकहरूलाई शरीर-रक्षा, सम्पत्ति आर्जन र उपभोग गर्ने अधिकार आदि अधिकारहरू प्रदान गरिएका हुन्छन्। सबै नागरिकलाई समानरूपले कानूनको संरक्षण प्राप्त हुन्छ। कानूनको दृष्टिमा व्यक्ति-व्यक्तिको बीचमा भेदभाव गरिदैन। कानूनले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धनी, गरीब, ठूलो, सानो आदिमा भेद गर्नु हुन्न। बेलायतमा कानूनी राज्य छ जहाँ प्रधानमन्त्रीदेखि भिखारीसम्म कानूनको दृष्टिमा समान सम्झिन्छन् र समान दण्ड दिइन्छ। धनी र गरीब सबैले एउटै किसिमको न्याय पाउँदछन्। तसर्थ कानूनले देशका सबै निवासीहरूलाई समान दृष्टिले हेर्नु पर्दछ तब मात्र नागरिक समानता कायम हुन सक्तछ।

(iii) राजनैतिक समानता (Political Equality) :– राजनैतिक समानताको अर्थ हुन्छ सबै नागरिकहरूलाई शासनमा भाग लिने अधिकार, मत दिने अधिकार, प्रतिनिधि छान्ने अधिकार, चुनावमा उठ्ने अधिकार आदि समानरूपले हुनुपर्दछ। यसमा जाति, वर्ण लिङ्ग, व्यवसाय आदिको आधारमा भेद गरिनु हुन्न। अमेरिका, बेलायत, क्यानाडा, फ्रांस जस्ता विकसित मुलुकहरूमा पनि गोरा र कालाको भेद गरी निग्रोहरूलाई पूर्णरूपले आजसम्म राजनैतिक समानता प्रदान गरिएको छैन। विश्वमा आज पनि यस्तो मुलुकहरू छँदैछन् जहाँ कालाहरूलाई नागरिक मान्न पनि सरकारलाई लाज लाग्दछ। यस्ता मुलुकहरूमा दक्षिण अफ्रिका, रोडेसिया हुन्। प्रजातन्त्रको सफलता राजनैतिक समानता आधारित छ। सरकारी नोकरीमा पनि कुनै भेद-भाव हुनु हुँदैन। यस सम्बन्धमा एउटा विद्वान्ले लेखेकाछन् —"राजनैतिक समानता प्रजातान्त्रिक समाजको मुद्दु हो, समाजको यो प्राथमिक आवश्यकता न्याय र कानूनी राज्यमा आधारित छ। (Political equality is the corner stone of the democratic society, it is the first requisite of society an equity, justice and rule of law.)

(iv) आर्थिक समानता (Equality) :—आर्थिक समानता सबभन्दा महत्त्वपूर्ण कुरा हो। राजनैतिक, सामाजिक र आर्थिक समानताहरूमध्ये आर्थिक सफलता बिना बाँकी दुईको सफलता सम्भव छैन। आर्थिक समानताको खास अर्थ हो धनको समान र समुचित वितरण। मनुष्यसँग आवश्यकतानुसारको सम्पत्ति आफ्नो भरण-पोषणको लागि त चाहिन्छ नै तापनि ज्यादा सम्पत्ति पनि हुनु हुँदैन, जसबाट अरूको शोषण हुन सकोस्। साम्यवादी देशहरू; जस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूस, चीन आदि देशहरूमा आर्थिक समानताको व्यावहारिक रूप दिन खोजिएको छ; तापनि पूर्णरूपले आर्थिक समानता स्थापित हुन सकेको छैन। समाजवादीहरूले आर्थिक समानताको अर्थ योग्यताअनुसार काम गरेर वेतन प्राप्त गर्ने उद्देश्य मान्छन्। आजकल प्रायः प्रत्येक राष्ट्रमा आर्थिक समानताको महत्व बुझी सोही अनुरूप कार्य गर्दै छन्। नेपालमा पनि आर्थिक समानता स्थापित गर्नको लागि पंचवर्षीय योजनाहरू तथा भूमिसुधार कार्यक्रम लागू गरिएको छ। बेलायतमा औद्योगिक क्रान्तिबाट आर्थिक उन्नति बढेकोले आर्थिक समानताको महत्त्व अझ बढ्न गयो। आर्थिक प्रगतिको लागि आर्थिक उन्नति आवश्यक छ तथा आर्थिक उन्नतिमा आर्थिक समानता आवश्यक छ। प्रजातन्त्रको सफलताको लागि आर्थिक समानता दिगो हुनु जरुरी छ किनकि गरीब र भोकलाई प्रजातान्त्रिक आदर्शभन्दा पेटभर भोजन नै महत्वपूर्ण हुन्छ। धनीले यस्ता मौकाहरूसँग पैसाको बलमा मत किन्न सक्तछन् तथा अनेक अनैतिक कार्यहरूले प्रश्रय पाउँछन्। गरीब देशमा जनमतको राम्रो सृजना एवं प्रतिनिधित्व हुन सक्तैन। सामाजिक प्रगति एवं व्यक्तित्वको विकास पनि आर्थिक समानतामा नै आधारित छ। सामाजिक सम्पत्तिको समान वितरणको हक र अर्थोपार्जन गर्ने कुनै पनि व्यवसाय अपनाउने हक एक प्रकारले आर्थिक समानता हो। आर्थिक समानताको महत्वबारे एउटा विद्वान्ले लेखेका छन्—"आर्थिक समानताबिना राजनैतिक समानता र अन्य समानताहरू अर्थहीन हुन्। (Without economic equality political equality and the likes are meaningless)."

(v) **धार्मिक समानता** (Religious Equality) :—जन्मदेखि नै व्यक्ति आफ्नो संस्कारअनुसार कुनै न कुनै धर्मावलम्बी हुन्छ। प्रत्येक व्यक्तिलाई आफ्नो विश्वास र परम्पराअनुसार आफ्नो धर्म-पालन गर्ने सुविधा प्राप्त हुनुपर्छ। राज्यले कुनै पनि धर्मलाई प्रोत्साहित गर्नु हुँदैन अन्यथा नागरिकहरूको धार्मिक समानतामाथि आघात पुग्ने सम्भावना हुन्छ। व्यक्तिलाई उसको धर्म, जाति सम्प्रदायअनुसार कुनै पनि व्यवसाय गर्नबाट रोक्नु हुन्न। धार्मिक समा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नता नभएका देशहरूमा धार्मिक काट-मार भएको इतिहास साक्षी छ। छिमेकी भारतमा १९४८ ई० मा र सोभन्दा अघि हिन्दू र मुसलमानहरूका काटमार भएको सबैलाई विदितै छ।

(vi) प्राकृतिक समानता (Natural Equality) :—प्राकृतिक समानताका बारेमा प्लेटोले लेखेका थिए—"सबै मानिसहरू प्राकृतिक रूपले समान छन्, त्यही भूमिबाट बनेका हुन्, जसलाई एउटा कारीगरले बनाउँछ। त्यही पनि हामीहरू आफैलाई धोका दिन्छौं कि भगवानका प्यारा गरीब किसान शक्तिशाली राजकुमारहरू हुन्। (All men are by nature equal made of the same earth by one workman and however we deceive ourselves as dear unto God is the poor peasant as mighty prince.)" जन्मँदा व्यक्ति समान हुन्छ ! सबैका उत्तिकै इन्द्रियहरू हुन्छन्। सबैको आत्मा हुन्छ। सबै मनुष्य नै हुन्। सबैमा रगत हुन्छ। यस प्रकारले व्यक्ति प्राकृतिक रूपबाट समान हुन्छन्, तर पछि गई सामाजिक नियम कार्यकलापले मात्र ठूलो सानो पार्दछ। रूसोको अनुसार—"मानिस स्वतन्त्र जन्मिन्छ, तर उ चारैतिर जञ्जीरले जकडिएको हुन्छ (Man is born free but every where he is in chain.)" प्राकृतिक रूपबाट जब मानिस समान छन् भने पछि गई यिनमा भेदभाव समाज तथा राज्यले गर्दछ। राज्य तथा समाजको कर्तव्य हो कि प्राकृतिक समानतालाई पछिसम्म दिगो राख्नु।

(vii) शिक्षाको समानता (Educational Equality):—शिक्षाको समानताको अर्थ हो कुनै पनि व्यक्तिलाई उसको जन्म, जाति, धर्म तथा धनाभाव र लिङ्गको आधारमा शिक्षा प्राप्त गर्नबाट वंचित नगरियोस्। शिक्षा आदर्श समाज र आदर्श नागरिकका निम्ति महत्वपूर्ण कुरा हो। सबै व्यक्तिलाई योग्यता अनुसार शिक्षा प्राप्त गर्ने समानता उपलब्ध हुनुपर्छ। समाजका प्रत्येक व्यक्तिले एउटै शिक्षण-संस्थामा विद्या आर्जन गर्नुपर्छ भन्ने उद्देश्य शिक्षाको समानता होइन। शिक्षाको समानताको अर्थ हो कुनै भेदभाव नगरी सबैलाई शिक्षा प्राप्त गर्ने समान अवसर उपलब्ध गराउनु। समाज तथा राज्यले यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागि प्रयत्नशील हुनुपर्छ। देशमा निःशुल्क शिक्षाको व्यवस्था भए यस क्षेत्र निश्चय नै गहकिलो क़दम हुने थियो।

(ख) स्वतन्त्रता र समानताको सम्बन्ध (Relationship betwe equality and liberty) (i) लार्ड एक्टन र डी० टोकविलले स्वतन्त्र र समानतालाई एक अर्काका विरोधी बताए। जहाँ स्वतन्त्रता छ त्य समानता हुन सक्तैन र जहाँ समानता छ त्यहाँ स्वतन्त्रताको अस्तित्व छैन भन्ने यी दार्शनिकको विचार थियो। यिनीहरूले आफ्नो तर्कको समर्थन मनुष्यको बल, विद्या, बुद्धि, रूप गुण आदिमा एक अर्काबाट बेग्लै भएकोले प्रकृतिमा पनि अनेक असमानताहरू भएकाले, जस्तै कही पहाड़, कहीं स कहीं मरूभूमि त कहीं हरिया परिया खेत। यस प्रकार असमानता प्र प्रदत्त हो, समानता र स्वतन्त्रता तसर्थ एक अर्काका विरोधी हुन्। ल एक्टनले त यहाँसम्म भनेका थिए कि—"यदि राज्यले यो असमानताको प लाई उपेक्षा गरी समानता स्थापित गर्ने प्रयास गऱ्यो भने यहाँसम्म हुन सक्छ कि मेधावी तथा प्रतिभा-सम्पन्न व्यक्तिले कहिले उन्नति नै गर्न नसकोस्। रा ले यसरी समानता त स्थापित गर्दछ, तर कतिपय व्यक्तिहरूको स्वतन्त्रता समाप्त हुन जानेछ। (The passion for liberty made vain t hope of freedom)"

(ii) स्वतन्त्रता र समानता विरोधी होइनन् :—लार्ड एक्टन टाकविलको स्वतन्त्रताको अर्थ धेरै संकुचित र भ्रामक छ। स्वच्छन्दता कहिले पनि स्वतन्त्रता भन्न सकिदैन। मानिसलाई पूर्णरूपले स्वच्छन्द छाड्ने भने पुनः 'मत्स्य न्याय' स्थापित हुन जानेछ। आजसम्म मानव सभ्यत गरेको विकास समाप्त हुनेछ। अधिकार समानता मैं सम्भव छ स्वतन्त्रत अधिकारको रक्षा गर्दछ। असमानताको अवस्थामा मानिसले कहिले राम्ररी, कार्य गर्न सक्दैन भनै उसलाई कतिपय अधिकारहरू किन प्राप्त नभए हुन्। जुन समाजमा वर्ण, जाति, लिङ्ग, धनी, गरीब, ठूलो, सानोको भेद हुन्छ त्यस्तो समाजमा स्वतन्त्रता समानताको विषय मात्र हुन जान्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टानेले लेखेका छन्–"वास्तविक स्वतन्त्रता समानताहरूको समाजमा नै सम्भव छ। (Real liberty is possible only in the society of equals)"

(iii) **स्वतन्त्रता समानताको पूरक** :—समानताके जगत्मा स्वतन्त्रता-को फल फल्दछ। "सबैलाई समस्त अवसर प्राप्त हुनु समानता हो भने प्रत्येक व्यक्तिलाई व्यक्तित्वको विकास गर्नको लागि उचित वातावरणमा स्वतन्त्रता निर्भर रहन्छ।" यस प्रकारले समानता र स्वतन्त्रतामा कुनै विरोध छैन। प्रो० लास्कीले लेखेका थिए—"राजनैतिक स्वतन्त्रता तबसम्म सीमित हुन सक्तैन जबसम्म आर्थिक समानता हुन सक्तैन।" व्यक्तिलाई कतिपय अधिकार-हरू किन प्राप्त नहुन् यदि समान अवसर प्राप्त नहुने हो भने र नातावाद र कृपावाद चल्ने हो भने सबै अधिकारहरू निरर्थक हुन्छन्। जस्तै एउटा कुनै मिलमा अथवा सरकार सबै व्यक्तिलाई समान अवसर दिने नीति भएन भने जतिकै योग्य व्यक्तिले पनि पद प्राप्त गर्न सक्ने छैन। यस प्रकारले स्वतन्त्रता समानताको पूरक हो र आधार हो ! प्रो० पोलार्डले लेखेका छन्–"स्वतन्त्रता-को समस्याको सिर्फ एउटा मात्र समाधान छ, यो समानता छ।" स्वतन्त्रता-को सफलता समानताविना असम्भव छ। दुवै एक अर्काका पूरक हुन्।

(iv) **समानताको जननी स्वतन्त्रता**—स्वतन्त्रताको अभावमा समा-नताको जन्म सम्भव छैन, किनकि सामाजिक समानताको इच्छा गर्नु अघि सामाजिक स्वतन्त्रता हुनुपर्छ; जबसम्म सामाजिक स्वतन्त्रता उपलब्ध हुँदैन तबसम्म व्यक्तिले समाजमा समान अवसर प्राप्त गर्ने आशै राख्न सक्तैन। त्यस्तै प्रकारले राजनैतिक स्वतन्त्रता प्राप्त गरेपछि मात्र व्यक्ति शासनमा भाग लिन्छ र समानताको लागि उचित वातावरणको सृजना गर्न सक्तछ। यस प्रकारले स्वतन्त्रता समानताको स्रोत हुन जान्छ। रूसोले लेखेका थिए—"स्वतन्त्रताको अभावमा समानताको जीवन रहन सक्तैन।" लास्कीले पनि लेखेका थिए "स्वतन्त्रता समानता-बिना खोक्रो हुन्छ र समानता स्वतन्त्रता-बिना अर्थहीन। (Liberty would be hollow without some measure of equality and equality would be meaningless without liberty.)"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपरोक्त विवेचनबाट ज्ञात हुन्छ कि स्वतन्त्रता र समानता एक अर पूरक हुन् र एक अर्कामाथि आश्रित छन् । दुवैमा फरक भए तापनि ए प्राण दो भने अर्को शरीर। एउटाको अभावमा अर्को प्राणहीन हुन जान तसर्थ हिजोआज हरेक राष्ट्रले आफ्ना नागरिकहरूलाई मौलिक हकहरूका समान अवसर र समान व्यवस्थाको रूप दिलाएको छ । "नेपालको संवि २०१९" को भाग ३ को दफा १० मा समानताको हक निम्नप्रकारले उ खित छ :—

(१) "सबै नागरिक कानूनको समान संरक्षण हकदार हुनेछन् ।

(२) "सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, लिङ्ग, जात जाति वा तीमध्ये कुनै कुराको आधारमा भेद गरिनेछैन ।"

(३) "सरकारी सेवा वा अरू कुनै सार्वजनिक सेवाको नियुक्तिमा कुनै नागरिकमाथि केवल धर्म, वर्ण जाति वा तीमध्ये कुनै कुराको आध मा भेद-भाव हुनेछैन ।"

*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय—७

विधि अथवा कानून

(Law)

कानून शब्द अंग्रेजीको लॉ (Law) को अरबी रूपान्तर हो र विधि नेपाली रूपान्तर हो। लॉ शब्द 'लिग' (Leg) बाट बनेको हो। 'लिग' को अर्थ हुन्छ निश्चित तथा स्थिर। कानून शब्द अनेक अर्थमा प्रयोग गरिन्छ। जब यसलाई प्रकृतिका साथ प्रयोग गरिन्छ, त्यस समयमा कार्य र कारणको सम्बन्ध तथा समानताको बोध हुन्छ। मानिसको व्यवहारसँग जब कानून प्रयोग गरिन्छ तब कानूनको अर्थ त्यस्ता नियमहरू हुन्छन् जसले सामाजिक जीवनको उचित व्यवस्था गर्नु हुन जान्छ। यस प्रकारले कानून दुई भागमा बाँडिन्छ।

(i) त्यस्ता नियमहरू जो प्रकृतिकासाथ प्रयोग गरिन्छन् तिनलाई भौतिक कानून भनिन्छ। खास गरेर वैज्ञानिकहरूले प्रयोग गर्दा जुन नियमहरू प्रदर्शित गर्दछन् तिनलाई पनि कानून भन्दछन्, जस्तै न्यूटनद्वारा फल रूखबाट खस्ता पत्ता लगाएको गुरुत्वाकर्षण नियम, तापबाट कुनै पनि वस्तु फैलिन्छ आदि यस्ता नियमहरू मनुष्यकृत नभै प्रकृतिके देन हुन्।

(ii) यस्ता कानूनहरू जो मनुष्यले निर्माण गर्दछ र पारस्परिक सम्बन्ध व्यवस्थित गर्दछ। यस्ता कानूनहरूमा नैतिक कानून, सामाजिक कानून तथा अन्तर्राष्ट्रिय कानून आदि आउँछन्।

कानूनको परिभाषा :—विभिन्न कानूनवेत्ताहरूले कानूनको विभिन्न परिभाषा दिएका छन्। आष्टिनका अनुसार—"कानून कुनै स्वतन्त्र राजनैतिक समाजको शासक वा शासक-वर्गको आदेश हो। (Law is the Command set by the person or body of person who are infact sovereign in a political society.)" आष्टिनको परिभाषामा कतिपय त्रुटिहरू छन्। आष्टिनले कानूनको स्रोत सम्प्रभुतालाई मात्र मान्दछ। सम्प्रभुको आज्ञा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१७००३

मात्र कानून हो । तर कानून सम्प्रभुको आज्ञा मात्र नभई केही बढी पनि है आष्टिनले रीति-रिवाजमाथि कुनै प्रकाश पारेनन् । यद्यपि रीति-रीवाज क नभए तापनि कानूक झैं परिपालन हुन्छन् । नैतिक तत्त्वहरू पनि कानून पा गराउनमा महत्त्वपूर्ण कार्य गर्दछन् तर आष्टिनले यसमाथि कुनै प्रकाश हालेनन् । न्यायाधीशहरूको निर्णय जो कानूनको अङ्ग बन्दछ त्यस्को कुनै उल्ले गरेनन् । तथापि आष्टिनको परिभाषामा कानूनको लागि आवश्यक लक्षण दृष्टिगोचर हुन्छन् ।

उडरो विलसनले कानूनको परिभाषा यसरी दिएका छन्—"कानून स्थि विचार तथा स्वभावको त्यो अंश हो, जसलाइ समान नियमको रूपमा विधि र नियम-अनुसार स्वीकृति प्रदान गरिएको होस् र जसलाई सरकारको शक्ति लागू गर्दछ । (Law is that part of established thought a habit which gained distinc and formal recognition in t shape of uniform rules backed by authority and power the government)" यस परिभाषाले रीति-रिवाजलाई नै विशेष बल दि तर रीति-रिवाज मात्र कानून नभई त्यसभन्दा बढी पनि केही हो । पुनः परिभाषामा न्यायाधीशहरूको निर्णयको स्पष्ट उल्लेख गरिएको छैन ।

डुग्वि – ले कानूनको परिभाषा समाज-वैज्ञानिक आधारमा गरेका छन् "कानून समाजको आवश्यकता मात्रको अभिव्यक्ति हो । (Laws are mere the expression of social necessity.)" यस परिभाषामा समस्त समा को अभिव्यक्तिलाई जुन कानून भनिएको छ त्यो मान्न सकिंदैन । यस्ता अ व्यक्तिलाई पालन गर्न राज्यको शक्ति भएन भने पालन गराउन गाह्रो पर्द यस प्रकारले डुग्विको परिभाषा उचित देखिंदैन ।

रूसो—को कानूनको परिभाषामा "कानून सामान्य संकल्पको ए उपादान हो । यो समस्त व्यक्तिहरूको प्रस्ताव हो । (Law is an act general will, the resolution of the whole people.)" रूसे व्यक्तिको नैतिकतामाथि बल दिए । रूसोको परिभाषामा न्यायाधीशहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

निर्णय, राज्यको शक्ति, रीति रिवाज तथा परम्परा आदिको कतै उल्लेख छैन । तसर्थ यो परिभाषा पनि पूर्ण छैन ।

मेंकाइभर—ले कानूनको यस प्रकारले परिभाषा दिए—"कानून खालि राज्यको आदेश मात्र होइन, कानूनको स्थिति ठूलो छ। राज्य त विधि निर्माताको अपेक्षा उसको अधिकार संरक्षक मात्र हो । (Law is not the mere fact of the State the, authority of law is greater than the authority of the State, the State is more the official guardian than the maker of law.)"

लास्कीका अनुसार—"कानून सम्प्रभुको आदेश मात्र होइन, त्यो त व्यक्तिको चेतनामा अन्तर्निहित एउटा तत्त्व हो (Law is not merely command it is rooted in individual conscience. "

हल्यान्ड—यिनले कानूनको पूर्ण परिभाषा दिने प्रयास गरेका छन् । उनको अनुसार—"कानून आचरणको त्यो साधारण नियम हो जो केवल बाह्य आचरणलाई मात्र चिन्दछ र कुनै निश्चित सत्ताद्वारा लागू गरिएको होस् र यो सत्ता मानवीय होस् तथा मानवीय सत्तामा पनि त्यो होस् जसलाई राजनैतिक समानता सर्वोच्च मानिएको होस् ।" पुनः हल्याण्डले संक्षेपमा कानूनको परिभाषा यस किसिमले दिएका छन्—"सर्वोच्च राजनैतिक शक्तिद्वारा लागू मनुष्यको बाह्य जीवनसँग सम्बन्धित सामान्य नियम नै कानून हो (Law is general rule for external human action inforced by a sovereign political authority.)"

हल्याण्डको परिभाषाअनुसार कानूनका निम्ति निम्नलिखित तत्त्वहरू आवश्यक छन् ।

(i) कानून ती नियमहरू हुन् जसलाई कुनै सम्प्रभुताद्वारा लागू गरिन्छ ।
(ii) कानून मानवीय आचरणका नियमहरू हुन् ।
(iii) राज्यभित्र रहने सबै निवासीहरूमाथि यस्ता सामान्य नियमहरू लागू हुन्छन् जसलाई कानून मानिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कानूनको वर्गीकरण

(iv) कानूनको सम्बन्ध मानिसको बाह्य आचरणसँग छ, मानि आन्तरिक प्रवृत्ति, मानसिक विचारसँग कानूनको केही सम्बन्ध छैन।

उपरोक्त परिभाषाहरूमा हल्याण्डको परिभाषा नै सर्वमान्य परिभाषा

कानूनको वर्गीकरण (Classification of Law) :—

हल्याण्ड र मेकाइवर तथा अन्य विद्वान्हरूले कानूनलाई अनेक प्रक वर्गीकरण गरेका छन्। हल्याण्डले कानूनलाई दुई मुख्य भागमा बाँडेका छ (i) व्यक्तिगत र (ii) सार्वजनिक। व्यक्तिगत कानूनको अर्थ एउटा व्य र अर्को व्यक्तिको बीचमा पारस्परिक सम्बन्ध स्थापित गर्नु हो। सार्वज कानून-अन्तर्गत राज्यको कार्य-संगठन, स्वरूप तथा राज्यको नागरिकसँग सम्ब आदि आउँछन्। अब कतिपय विद्वान्हरूद्वारा कानूनलाई निम्नलिखित भाग विभाजन गर्न सकिन्छ :—

(१) राष्ट्रीय कानून (National Law) :—कानून एउटा राष्ट्रि बस्ने सबै नागरिकहरूमाथि लागू हुन्छ। राज्यको सीमाभन्दा बाहिर यो का लागू हुँदैन। राष्ट्रिय कानूनका पनि विभिन्न भेद छन्, जस्तै :—

(i) व्यक्तिगत कानून (Public Law) :—व्यक्तिगत कानून मानिसको पारस्परिक सम्बन्ध निर्धारित गर्दछ। सम्पत्तिको हकदार तथा अं वण्डा, ऋण लिने दिने आदि यस-अन्तर्गत आउँछन्।

(ii) सार्वजनिक कानून (Public Law) :—सार्वजनिक का राज्य र राज्यका नागरिकहरूका बीचको सम्बन्ध निर्णय गर्दछ। यस का अन्तर्गत नागरिकहरूले कस्तो कार्य गर्नु पर्दछ र कस्तो गरेमा दण्ड पाइ आदि उल्लेख गरिएको हुन्छ। चोरी, डकैती, खून, ठगी यस कानूनअन्त आउँछन्। सार्वजनिक कानूनका दुई भेद छन्।

[क] प्रशासनिक कानून (Administrative Law) :—डाइसी प्रशासनिक कानूनको यस प्रकार परिभाषा गरेका छन्—"शासन-सम्बन्धी का त्यो कानून हो, जो सरकारी कर्मचारीहरूको पद र जिम्मेदारीहरू, सम्ब जनतासँग तिनीहरूको व्यवहार तथा ती विशेष अधिकारहरूको उल्लेख हुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सरकारी कर्मचारीहरूलाई विशेषरूपले केही राज्यहरूले प्रदान गरेका हुन्छन् ।" हरेक राज्यमा यो कानून लागू त छैन, तर फ्रांस तथा यूरोपका केही देशहरूमा लागू छ । यस कानून-अन्तर्गत जब कुनै सरकारी कर्मचारीले कुनै अपराध गर्दछन्, तिनीहरूमाथि साधारण न्यायालयमा मुद्दा चलाइँदैन । यस्तो अपराधको लागि विशेष अदालत र विशेष कानूनहरू हुन्छन् ।

(ख) सामान्य कानून (Common Law) :—समान्य कानूनको राज्यका निवासीहरूसँग सम्बन्ध छ । यस्ता कानूनहरू साधारणतया रीति-रिवाज आदिमा आधारित हुन्छन् । यस कानूनका निम्नलिखित भेद तथा स्रोत छन् :—

(i) अध्यादेश (Ordinances) :—राज्यको अथवा देशको कार्यपालिकाले विशेष परिस्थितिमा परिस्थितिको सामना गर्न केही समयको लागि जुन कानून पारित गरिन्छ त्यसलाई अध्यादेश भनिन्छ । यो खास गरी संकटको समयमा हुन्छ । बाह्य आक्रमण भए अथवा हुने सम्भावना भए, विधान अनुसार कार्य हुन नसक्ने अवस्थामा, आर्थिक संकट देखापरे प्रायः यो कानून पारित गरिन्छ । खास गरी यस्तो कानून छः महीनासम्मका निम्ति हुन्छ । संसदको बैठकले पुनः यसलाई रद्द गर्न अथवा बढाउन सक्तछ ।

(ii) संविधि (Statuate) :—देशको व्यवस्थापिका सभाद्वारा बनाइएका तथा पारित गरिएका कानूनहरूलाई संविधि भनिन्छ ।

(iii) नजीरहरू (Case Laws) :—त्यस्ता कानूनहरू एकपल्ट अदालतले कुनै विषयमा फैसला गरेको पुनः त्यस्तै प्रकारका केस (अभियोग) मा जो उदाहरण दिइन्छ, त्यसलाई नजीर (उदाहरण) भन्दछन् । प्रायः वकीलहरूले बहसका समयमा अदालतबाट फैसला भएका निर्णयको उदाहरण प्रस्तुत गर्दछन् ।

(iv) रीति-रिवाज (Customary Law) :—यस कानून अन्तर्गत अदालतले रीति-रिवाजको आधारमा जबकि त्यस सम्बन्धमा कुनै कानून छैन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फैसला गर्दछ। इङ्गल्याण्डमा यस प्रकारको कानून प्रायः प्रयोगमा ल्याइन्छ। प्राचीन कालदेखि चल्दै आएका रीति-रिवाजहरू कानून झैं हुन्। हाम्रो नेपालमा विवाह, व्रतबन्ध-सम्बन्धी, स्त्रीको दाइजो, धर्मपुत्र राख्ने आदि प्राचीन कालदेखि चल्दै आएकाले एक प्रकारले कानूनका श्रोत बनेका छन्।

(२) अन्तराष्ट्रिय कानून (International Law) :—अन्तराष्ट्रिय कानुन अन्तर्गत विभिन्न देशहरूको आपसी सम्बन्धमा व्यवहार गरिन्छ। प्रसिद्ध विधिवेत्ता ओपेनहिम (Oppenheim) का अनुसार "अन्तराष्ट्रिय विधि अथवा राष्ट्रहरूको विधान यस्ता रूढिजन्य तथा परम्परागत नियमहरूलाई भन्छन्, जसलाई सभ्य राज्यहरूले एक अर्कासँगको व्यवहारमा बन्धनकारी मान्छन् (Law of nations or international law is the name for the body of convention rules which are considered legal binding by civilized States in their course with each other.)

(ख) कानूनका स्रोतहरू (Sources of Law)

हल्याण्डका अनुसार कानूनका निम्नलिखित स्रोतहरू छन्—

(i) रीति-रिवाज (Customs)
(ii) धर्म (Religion)
(iii) न्यायालयहरूको निर्णय (Judicial decisions)
(iv) विधि-निर्माण (Legislation)
(v) वैज्ञानिक चर्चा (Scientific discussions)
(vi) प्राचीन नीतिशास्त्र (Ancient codes)
(ii) नैतिक न्याय (Equity)

(i) रीति-रिवाज (Customs) :—प्राचीन कालमा जहिले मानव सभ्यताको प्रथम चरणमा थियो त्यस वेला न कुनै लिखित कानूनहरू नै थिए न कानून निर्माण गर्ने विधान सभाहरू नै थिए। सारा व्यवस्था रीति-रिवाजमा नै आधारित थियो। राजा तथा प्रजा रीति-रिवाज-अनुसार नै आचरण गर्दथे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उडरो विलसनको शब्दमा—"रीति-रिवाजहरू कानूनका प्राचीन आधार हुन् (Custom is the earliest foundation of law)" आधुनिक कालमा पनि रीति-रिवाजको महत्व कम भएको छैन । बेलायतमा त कानूनका अलिखित भागहरू रीति-रिवाजहरूमैं आधारित छन् र यसलाई कमन लॉ (Common law) भन्दछन् । ब्रिटिश संविधानमा यी रीति-रिवाजहरूलाई अभिसमय Conventions) भनिन्छ । डा० आइवर जेनिंग्सले अभिसमयको महत्वबारे लेखेका छन्—"अभिसमय त्यो परिधान समय हो जो कंकाल शरीरलाई मासुको कलेवर चढाउँछ र ब्रिटिश संविधानका अनेक महत्त्वपूर्ण तथ्यहरू यसै अभिसमयमा आधारित छन् ।

(ii) धर्म (Religion) :—प्राचीन कालदेखि नै धर्मले मनुष्य जीवन लाई प्रभावित गर्दै आएको छ । प्राचीनकालमा त धर्मको यति व्यापक प्रभाव थियो कि यस अन्तर्गत राजनैतिक, न्यायिक, सामाजिक जीवन सबै आउँथें । धर्म भन्दा बाहिर यिनीहरूको केही अस्तित्व थिएन । कौटिल्यको अर्थशास्त्र, रामायण, महाभारत, पुराण, वेद आदि यसका ज्वलन्त उदाहरण हुन् । प्राचीन कालमा त धर्म नै कानून थियो । अपराधीलाई कानून-विरोधी नमानी धर्मविरोधी भनेर दण्ड दिइन्थ्यो । यस प्रकारले धर्म कानूनको प्रमुख स्रोत मानिन्छ । आधुनिक कालमा पनि कतिपय अविकसित राज्यहरूमा कानूनभन्दा पनि बढो धर्मलाई नै महत्व दिइन्छ र अपराधीलाई धर्मविरोधी भनी दण्ड दिइन्छ । मुसलमानहरूमा धर्मगुरु 'खलीफा' का साथ-साथै सरकार मुखिया पनि हुन्थे । यस्तै प्रकारले यूरोपमा "पोप" धर्मगुरुका साथै राजनैतिक गुरु पनि थिए । तसर्थ धर्म कानूनको एउटा महत्त्वपूर्ण स्रोत हो ।

(iii) न्यायालयहरूको निर्णय (Judicial decisions) :—न्यायालयका निर्णयहरू पनि कानूनका स्रोस मानिन्छन् । कतिपय मुद्दाहरूमा र संविधान तथा कानूनका दफाहरूले न्यायाधीशहरूको निर्णयको व्याख्या गर्दछन् । मुद्दाहरूको फैसला त्यस्ता प्रकारका अरू मुद्दाहरूमा नजीर बन्न जान्छन् । एउटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्वान्ले लेखेका छन् "न्यायिक निर्णयहरू कानूनका स्रोत हुन्छन् । न्यायाधीशहरूले मुद्दाको निर्णय गर्दा यी नजीरहरूले मुद्दामा प्रशस्त प्रकाश पार्दछन्। यसरी यिनीहरूले अप्रत्यक्षरूपले विधि-निर्माणमा भाग लिन्छन् (Judicial decisions from the estable sources of law. Judges while explaning the subtilities of law lay down precedents with the purpose of beacon of light for the Judges, thus they indirectly take part in the legislation.)"

(iv) विधि-निर्माण (Legislation) :—आधुनिक कालमा प्राय हरेक देशमा विधि-निर्माण गर्ने विधायिका सभाहरू हुन्छन् । यी विधायिका सभाहरूले पुराना कानूनहरूलाई वदली नयाँ कानूनहरूको निर्माण गर्दछन्। गिल्क्राइष्टले यसमाथि प्रकाश पार्दै लेखेका छन्—"आधुनिक जगतमा विधान निर्माण कानूनको एउटा मुख्य स्रोत हो र यसले अरू स्रोतहरूलाई सहयोग दिन्छ । (In modern world legislation is the chief source of law tending to suppliment the other sources.)"

(v) वैज्ञानिक चर्चा (Scientific discussion) :— ख्यातिप्राप्त विधि-वेत्ताहरूको चर्चाले पनि कानूनको रूप लिन्छ। प्राचीन कालदेखि नै प्रत्येक देशमा ख्यातिप्राप्त विधिवेत्ताहरू हुँदै आएका छन् । कानूनमाथि यिनीहरूको टीकाटिप्पणीलाई महत्त्वपूर्ण स्थान दिइन्छ । मनु, पराशर आदि ख्यातिप्राप्त विधिनिर्माताहरू भारतमा भए। त्यस्तै प्रकारले यूनानमा सोलन, इङ्गल्याण्डमा लॉक तथा ब्लेकस्टोन आदि यस्तै भाष्यकारहरू भए । यी विधिवेत्ताहरू आधारभूत नियमहरूको व्याख्या गर्दछन् र तिनीहरूमाथि, भाष्य लेख्दछन् । कानूनहरूको समीक्षा गरी खराब कानूनलाई सुधार गर्ने सुझावहरू पेश गर्दछन्। यद्यपि प्रत्यक्षरूपले यी विधिवेत्ताहरूलाई कानूनका निर्माता त भन्न सकिन्न तथापि वकील, न्यायाधीशहरूले फैसला गर्दा यिनीहरूको भाष्यमाथि विचार राख्तछन् । आधुनिक जगत्मा यस्ता विधिवेत्ताहरूमा ओपेनहिम, फेनविक, हल्याण्ड आदि आउँछन् ।

Nepal Sanskrit University, Balmeekj Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(vi) **प्राचीन नीतिशास्त्र** (Ancient Codes) :--प्राचीन कालमा मानिसहरू सामाजिक तथा धार्मिक नेताहरूले बनाएको नीतिशास्त्रहरूको पालना गर्दथे । जस्तै--मुनको कानून, मोजेजको कानून, कुरान, हदिसको कानून, हम्बुराबीको कानून आदि । यी कानूनहरूमा धर्मको आधारमा सदाचारका नियमहरू वर्णित थिए तथा मानिसहरूले व्यावहारिक रूपमा यसलाई पालन गर्दथे । यी नीतिशास्त्रकै आधारमा आधुनिक देशहरूमा पनि कतिपय कानूनहरू निरूपण गरिएका छन् ।

(vii) **नैतिक न्याय** (Equity) :—जब मुद्दाहरूको फैसला गर्दा न्यायाधीशहरूलाई कुनै लिखित कानूनको आधार हुँदैन तब न्यायाधीशहरूले नैतिक आधारमा शुद्ध अन्तःकरणको सिद्धान्तले मुद्दाहरूको फैसला गर्दछन् । यस्तो परिस्थितिमा न्यायाधीशहरूले व्यावहारिक ज्ञानको अनुभवको आधारमा निष्पक्ष र न्यायपूर्ण न्याय दिन्छन् । सर हेनरी मेनले यस प्रकारको न्याय-भावनालाई यस प्रकार लेखेका छन्–"यो नियमहरूको त्यो भाग हो जो विशिष्ट सिद्धान्तहरूमाथि आधारित रहेर मौलिक नागरिक कानूनसँग रहन्छ तथा आफ्ना सिद्धान्तहरू श्रेष्ठताको कारण कहिले-कहिले नागरिक कानूनहरूको अतिक्रमण गर्दछ (Equity is a body of rules existing side by side of the original civil law, founded on distinct principles and claimmg incidently to supercede the civil law in the virtue of a superior sanctity in those principles.)

(ग) **राम्रा कानूनको लक्षण** (Characteristic of good laws)—

राम्रो कानून सदा आदर्श व्यवस्था र सुखमय सामाजिक जीवन-प्रणालीको अंग हो । वेनथमले राम्रो कानूनका चारओटा लक्षण हुन्छन् भनेका थिए :--(i) स्थायित्व, (ii) व्यापकता, (iii) बोधगम्यता, (iv) सरलता । अन्य विद्वानहरूले पनि राम्रो कानूनको सम्बन्धमा आफ्नो-आफ्नो विचार प्रकट गरेका छन् । सबै विद्वानको सार अंगाली राम्रो कानूनको लक्षण हामी निम्न-लिखित रूपमा राख्न सक्तछौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(i) व्यक्तित्वको विकास—राम्रो कानूनले सदा मनुष्यको व्यक्तित्वको विकास गर्दछ। नागरिकको नैतिक, सामाजिक, आर्थिक, शारीरिक, मानसिक मद्दत गर्दछ। यदि कानूनले 'सर्वजनहिताय' 'सर्वजनसुखाय' केही गर्दैन भने त्यस्तो कानूनलाई नराम्रो कानून भनिन्छ। यस प्रकारले प्रत्येक नागरिकको व्यक्तित्वको विकासमा सहयोग दिनु कानूनको मुख्य लक्षण हो।

(ii) अधिकारहरूको रक्षक-राम्रो कानूनले नागरिकहरूको अधिकारको रक्षा गर्दछ। जनताको स्वतन्त्रता, जीवन, सम्पत्ति आदिको रक्षा कानूनले गर्दछ। नागरिकको विकासको लागि आवश्यक सबै साधनको सुरक्षाको साथसाथै आवश्यक साधनको उपलब्धि पनि राम्रो कानूनले गर्दछ। प्रायः प्रत्येक देशको संविधानमा नागरिकहरूको मौलिक हक र त्यसको सुरक्षा गरिएको हुन्छ। यस सम्बन्धमा एउटा विद्वानले लेखेका छन्—आदर्श कानूनको एउटा विशेषता यो हो कि यसले नागरिकहरूको अधिकारको सुरक्षा गर्दछ, पुनः अधिकारहरू व्यक्तिको व्यक्तित्वको उचित विकासको लागि आवश्यक छ। (One of the essential features of an excellent law is that it insures the protection of rights of citizens which come within their perview the rights which are indispensable for the proper development of the personality of individual.)"

(iii) शान्ति स्थापना—कानूनको मुख्य तथा प्राथमिक उद्देश्य शान्ति सुरक्षा कायम गर्नु हो। तसर्थ राम्रो कानूनले सदा शान्ति सुरक्षा स्थापित गर्दछ। जुन कानूनले शान्ति सुरक्षा स्थापित गर्न सक्तैन त्यस्तो कानूनलाई कानून भन्न सकिन्न।

(iv) कल्याणकारी—राम्रो कानूनले सदा बढीभन्दा बढी जनताको कल्याण गर्दछ। आदर्श कानूनले धर्म, सम्प्रदाय, जाति, वर्ग आदिमा कहिले भेद गर्दैन र कुनै एक वर्गको अहित र अर्को वर्गको अहित सोच्न हुन्न। गरीब-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को शोषण र धनीको अभ्युदय गराउने कानूनलाई राम्रो कानून भन्न सकिन्न। राम र शर्माले लेखेका छन्—प्रत्येक सच्चा कानूनले बहुजन र अल्पजनको पनि आवश्कताको पूर्ति गर्नुपर्छ अन्यथा यो बेकार हुन्छ। (Every true law must answer the need of the majority as well as minority else it would become null and void.)"

(v) **स्थायी**—जर्मी बेन्थमले राम्रो कानूनको लक्षण स्थायी हो भनेका थिए। बराबर बदलिरहने कानूनबाट जनताले कष्ट पाउँछ। किनकि कानून बराबर बदलिरहँदा कुनै पनि निर्णय गर्न अप्ठ्यारो हुन्छ। तसर्थ सामान्यतया स्थायित्व राम्रो कानूनको लक्षण हो।

(vi) **स्पष्टता**—बेन्थमकै विचारअनुसार राम्रो कानून स्पष्ट हुनुपर्दछ। अस्पष्ट र भाषाको क्लिष्टता भएका कानून साधारण जनताले हत्त-पत्त बुझ्न सक्तैन। न्यायाधीश तथा वकीलहरूलाई पनि यस्तो कानूनले अप्ठ्यारो पार्दछ। अस्पष्ट कानूनको व्याख्या गर्दा कहिलेकाहीं न्यायको अन्याय पनि हुन सक्तछ, तसर्थ कानून स्पष्ट हुनुपर्दछ।

(vii) **समानता र स्वतन्त्रताको पोषक**–राम्रो कानूनले सदा समाजमा शान्ति, समानता तथा स्वतन्त्रताको स्थापना गर्ने चेष्टा गर्दछ। समाजमा शोषणको अन्त गरी सबैलाई विकासको समान अवसर राम्रो कानूनले प्रदान गर्दछ। कानूनले नै छुआछूत, जाति-भेद-भाव आदि आदि हटाउनु सक्तछ। २०२० सालमा बनाइएको मुलुकी ऐन पनि यसको ज्वलन्त उदाहरण हो।

(viii) **स्वेच्छाले पालन**—जुन कानून जनताले कुनै दबाव तथा शक्तिको प्रभावमा नपरी स्वतः पालन गर्दछ त्यो कानून नै राम्रो भनिन्छ। जनताले यस्तो कानूनको पालन स्वेच्छाले गर्दछ किनकि यसबाट उसकै लाभ हुन्छ। कानून पालन नगर्दा दण्डको भागी त होइन्छ नै र साथै उनीहरूको विकास पनि हुन सक्तैन भन्ने विचारले जनताले कानून पालन गर्दछन्। राम्रो कानून जनताको हितको लागि बनाइन्छ, जनताको हित तब नै हुन सक्छ जबकि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कानून-निर्माण गर्दा जनताको रुचि र इच्छालाई ध्यानमा राखी कानून निर्माण गरिन्छ। यस प्रकार निर्माण भएका कानून जनताले स्वतः पालन गर्दछ। कानूनले जनआकांक्षाहरूको पूर्ति गर्दछ। यसमा निष्फल कानून अशान्तिको द्योतक हो।

(घ) कानून किन पालन गर्ने (Why to obey law)

यस सम्बन्धमा विभिन्न विद्वानका विभिन्न विचार छन्। कसैले डरले कानून पालन गर्दछन् भनेका छन् त कसैले हितकर देखेर नै पालन गर्दछन् भनेका छन्। आष्टिनले कानूनको पालन-डरले गरिन्छ भनेका छन्। उनैको शब्दमा—"कानून राजनैतिक ज्येष्ठको त्यो आदेश हो जसलाई उसले आफ्नो राजनैतिक कमजोर (Political inferiors) लाई दिन्छ। राजनैतिक ज्येष्ठले दिएको आदेश राजनैतिक कमजोरहरूले यसकारण मान्दछन् कि उनीहरूले नमानेका दण्डका भागी हुनेछन् र राजनैतिक ज्येष्ठलाई दण्ड प्रदान गर्ने क्षमता हुन्छ र यस्तो ऊ सधैं नै गर्न सक्तछ र राजनैतिक कमजोरहरू यसै भयले यी आदेशहरूको पालन गर्दछन्। (Law is the command of political superior to the political inferior which the latter is bound to obey for fear of punishment, while the former is competent enough to accord due to dominating force vested in him,)"

तर ब्रियरलीले—शक्ति अथवा भयले मात्र कानून मानिएको होइन, बल्कि यो स्वतः मानिन्छ भनेका छन्। ब्रियरलीको शब्दमा—"पुलिस शक्ति भएर नै कानून मजबूत र आदरणीय भएको होइन किन्तु कानूनको शक्तिले पुलिस शक्तिलाई राम्ररी कार्य गर्न अराउँछ। (It is not existence of the police force that makes a system of law strong and respected but the strength of law that makes it possible for a Police force to beeffectively organised.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपरोक्त परिभाषाहरूबाट कानून पालन गर्नु पर्ने निम्नलिखित कारणहरू हुन् भन्न सकिन्छ :—

(i) भय (डर) ले —कानूनका पछि राज्यको शक्ति हुन्छ। पुलिस, फौज, न्यायालय, अस्त्र-शस्त्र आदिको डरले मानिस कानूनको पालन गर्दछ। कानूनको उल्लंघन गरेमा राज्यले दण्ड दिने हुँदा त्यसै डरले कानून पालन गरिन्छ।

(ii) सामाजिक जीवनका निम्ति—कानूनबाट आदर्श सामाजिक जीवनको कल्पना गर्न सकिन्छ। कानूनले समाजमा शान्ति स्थापित गर्दछ। शान्तिविना मानिसको आदर्श जीवनको कल्पना गर्न सकिन्न। तसर्थ मानिसले कानूनको उलंघन गर्न चाहँदैन।

(iii) स्वतन्त्रताका रक्षाका निम्ति—कानूनले व्यक्तिको अधिकार, स्वतन्त्रता हितको रक्षा गर्दछ। व्यक्तिको स्वतन्त्रताको रक्षा कानूनले सदा गरिरहन्छ, तसर्थ मानिसले कानूनको पालन गर्दछ।

(iv) मनुष्यको लागि उपयोगी—कानून व्यक्तिको व्यक्तित्वको विकास गर्नको लागि सहायक हुन्छ। कानूनको उचित पालनबाट नै व्यक्तिको व्यक्तित्व-को विकास हुन्छ। कानूनरहित समाज उछृङ्खल, अशान्त हुन्छ, जहाँ मानिसले आफ्नो व्यक्तित्वको विकास गर्न सक्तैन। कानूनले समाजलाई विकासको बाटोमा अग्रसर गराउँछ, तसर्थ मानिस आफ्नो व्यक्तित्वको विकास गर्न कानूनको पालन गर्दछ।

(v) आन्तरिक प्रेरणा—सभ्य मुलुकहरूमा जहाँको जनता शिक्षित छ त्यहाँ कानूनको पालन आन्तरिक प्रेरणाबाट नै हुन्छ। जस्तै सडकमा हिँड्दा छेउ लागेर हिँड्नपर्छ कूटपीट गर्नु हुन्न आदि मानिसले आन्तरिक प्रेरणाबाट नै पालन गर्दछ। उसलाई कसैले कानून पालन गर्न घोच्नुपर्दैन। सर हेनरी मेनले यस सम्बन्धमा भनेका छन्—"केही अपराध गर्ने वर्गसँग मात्र कानून सीमित छैन, यदि एक व्यक्ति दण्डको भयले चोरी या हत्या गर्दैन भने लाखौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्ता व्यक्तिहरु छन्, जो कुनै प्रकारको विचारै नगरी स्वाभाविक रूपले कानूनको पालन गर्दछन् ।" अर्को एउटा विद्वानले लेखेका छन्—"वास्तवमा कानूनको बढी आवश्यक तत्त्व उसको न्यायशीलता एवं एकरूपता (Justice and Uniformity) हो ।"

उपरोक्त तथ्यहरूको आधारमा मानिसले कानूनको पालन गर्दछ। कानूनले नै उनीहरूलाई जीवन दिन्छ तथा जीवनको मागको पूर्ति पनि कानूनबाट नै हुन्छ ।

*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय—८

संप्रभुता (Sovereignty)

संप्रभुता (Sovereignty) शब्द ल्याटिन भाषाको "सुपरेनस" (Superanus) शब्दबाट बनेको हो। सुपरको अर्थ हुन्छ सर्वोच्च तथा 'एनस' को अर्थ हुन्छ शक्ति। यस प्रकारले सुपरनेसको अर्थ भयो सर्वोच्च शक्ति। अर्को अर्थमा संप्रभुताको अर्थ भयो राज्यसत्ता। यो सत्ता नै राज्यमा सर्वोच्च हुन्छ र अन्य सत्ताको अधीनमा हुँदैन तथा कुनै पनि कानूनी सीमाबाट यो मुक्त छ। यसरी विचार गर्दा सम्प्रभुता राज्यको प्राण हो। सम्प्रभुता नभएको राज्य निर्जीव हुन्छ।

संप्रभुताको परिभाषा—आधुनिक युगमा सम्प्रभुता जुन अर्थमा प्रयोग गरिन्छ त्यो १८७८ ई० भन्दा पहिले थिएन। अरस्तुले सरकारको वर्गीकरण गर्दा सर्वोच्च शक्तिको उल्लेख गरेका थिए, तर सम्प्रभुताको संज्ञा दिएका थिएनन्। रोमन विधिवेत्ता तथा मध्ययुगी विचारकहरूले संप्रभुताको कुनै स्पष्ट परिभाषा दिएका थिएनन्। १५ औं शताब्दीमा ब्युमानारले यद्यपि संप्रभुता शब्दको स्पष्ट संकेत गरेका थिए—"राजा सबैभन्दा संप्रभुता सम्पन्न हुन्। जब हामी सम्प्रभुताको कुरा उठाउँछौं तब उनैको अधीनमा भएको सम्प्रभुता हो। (The king is sovereign above all and we name him when we speak of sovereignty which belongs to him.)" तथापि १६ औं शताब्दीसम्म संप्रभुताको कुनै निश्चित र यथार्थ परिभाषा थिएन। हॉब्स, लॉक, रूसो तथा अन्य विद्वानहरूले पनि संप्रभुताका विभिन्न परिभाषाहरू दिएका छन्।

संप्रभुताको परिभाषा दिँदै बोंदाले लेखेका छन्—"संप्रभुता नागरिकहरूको तथा प्रजाहरूमाथि प्रयुक्त हुने त्यो सर्वोच्च शक्ति हो जो कानूनहरूद्वारा नियन्त्रित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुँदैन । (Sovereignty is surpreme power over citizen and subjects unrestrained by law.) बोंदाले सम्प्रभुतालाई राज्यको आवश्यक तत्त्व बताए तथा निम्नलिखित विशेषता देखाए । (i) सम्प्रभुता सर्वोच्च हुन्छ, (ii) स्थायी हुन्छ, (iii) अविभाज्य हुन्छ, (iv) सम्प्रभुता नै विधिको स्रोत भएकाले कानूनको बन्धनमा आउँदैन । बोंदाको परिभाषामा राज्य र सरकारमा भेद स्पष्ट हुँदैन । बोंदाको परिभाषामा संप्रभुतालाई राज्यको एउटा अंग मानियो, जो त्रुटिपूर्ण छ । बोंदाको परिभाषाको आलोचना गर्दै गार्नरले लेखेका छन्—"बोंदा र त्यसभन्दा पहिलेका लेखकहरूले सर्वोच्च शक्ति र सरकारमा दोधार देखाए । यो नै यिनीहरूको गल्ती हो । ("Bodin and other writers fail into the error of confusing the sovereign power with the power of government.)"

ग्रोटियसले सम्प्रभुताको परिभाषा दिंदै लेखेका थिए—"सम्प्रभुता त्यस व्यक्तिमा निहित राजनैतिक शक्ति हो जसको कार्य कुनै अर्काको हुँदैन तथा जसको इच्छामाथि कुनै नियन्त्रण गर्न सकिंदैन । (Sovereignty is the supreme power vested in him whose acts are not subject to any other and whose will cannot be over ridden.)" ग्रोटियसले संप्रभुतालाई एउटा व्यक्ति-विशेषको शक्ति माने, जो त्रुटिपूर्ण छ किनकि व्यक्ति-विशेष भनेको राजा नै हो तर संप्रभुता राजाको कुनै गुण होइन अपितु सारा राज्यको एउटा तत्त्व हो । पुनः यस परिभाषामा संप्रभुताका अरू विभिन्न तत्त्वहरूमाथि कुनै विचार गरिएको छैन । यो परिभाषा पूर्ण छैन ।

जेलीनेकले सम्प्रभुताको परिभाषा यस प्रकारले दिएका छन्—"यो राज्यको त्यो लक्षण हो जसको गुणबाट यो आफ्नो इच्छाबाहेक अरू कसैबाट पनि नियन्त्रित हुन सक्दैन तथा आफूलाई छाडी अन्य शक्तिबाट सीमित हुन सक्दैन। (Sovereignty is that characteristic of the State in virture of which it cannot be legally bound except by its own will

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

or limited by any other power than itself)" यसको परिभाषामा संप्रभुताको लक्षणमाथि कुनै प्रकाश हालिएको छैन ।

डुग्विले संप्रभुताको परिभाषा यस प्रकारले दिएका छन्—"संप्रभुता राज्यलाई आदेश दिने शक्ति हुन्छ, त्यो राज्यको रूपमा संगठित राष्ट्रको इच्छा हुन्छ, यो त्यो अधिकार हो जसद्वारा राज्यको भूमिका सबै व्यक्तिहरूलाई विविध रूपले आदेश दिइन्छ । (Sovereignty is the commanding power in the State, it is the right to give unconditional orders to all individuals in the territory of the State.) यस परिभाषामा संप्रभुताका आवश्यक लक्षणहरूमाथि कुनै प्रकाश गरिएको छैन ।

आष्टिनको परिभाषा—प्रमुख विधिशास्त्री आष्टिनले संप्रभुताको परिभाषा दिंदै लेखेका छन्—कुनै निश्चित उच्च सत्ताधारी मनुष्य जो स्वयं कुनै त्यस्तै सत्ताधारीको आदेश पालन गर्न अभ्यस्त नहोस् यदि कुनै मनुष्य समाजका अधिकांश अस्थायी रूपले आज्ञा पालन गराउने स्थितिमा होस् तब यो सत्ताधारी व्यक्ति त्यस समाजमा संप्रभु हुन्छ र त्यो समाज एउटा राजनैतिक तथा स्वाधीन समाज हुन्छ । (If a determinate human superior not in the habit of obedience to like superior, receives habitual obedience from the bulk of a given society, that determinate human superior is the sovereign in that society and the society including the sovereing in a society, political and independent.)

आष्टिनको परिभाषाको विशेषता :—(i) संप्रभुता आन्तरिक तथा वाह्य दुवै क्षेत्रमा असीमित हुन्छ ।

(ii) संप्रभुता एउटा निश्चित व्यक्तिमा निहित हुन्छ ।

(iii) संप्रभुता सर्वोच्च हुन्छ, त्यसमाथि अरू कुनै सत्ता हुँदैन ।

(iv) संप्रभुता असीमित, निरपेक्ष तथा निरंकुश हुन्छ ।

(v) संप्रभुता देशको कानूनको स्रोत हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(vi) अनिश्चित व्यक्ति वा जनतालाई संप्रभु भन्न सकिन्न ।

(vii) यदि कुनै समाजमा संप्रभुता पाइँदैन भने संप्रभुता-बिनाको राज्य हुन सक्तैन ।

आष्टिनका सिद्धान्तको आलोचना :– (i) आधुनिक शासन प्रणालीलाई हेर्ने हो भने सम्प्रभुता कुनै एक व्यक्तिमाथि आधारित हुन्छ किनकि जनसमुदायको भावनाअनुसार सरकार बनाइन्छ । तसर्थ संप्रभुता सामान्य इच्छामा निवास गर्दछ ।

(ii) प्रजातान्त्रिक शासन प्रणाली लोकमतको अधारमा नै चल्दछ, आष्टिनको सिद्धान्तले लोकमतलाई कुनै महत्व नै दिंदैन ।

(iii) आष्टिनको कथनानुसार कानून एउटा संप्रभुताको आज्ञा हो, तर कवै राजा जसलाई आष्टिनले संप्रभु भन्दछन्, निरंकुश भए तापनि उसले कुनै कानून निर्माण गरेको छैन, जस्तै–सर हेनरीले रणजीतसिंहको उदाहरण दिएका छन्–"रणजीतसिंह निरंकुश शासक त थिए, तर उनले कानून बनाएनन्, जसलाई आष्टिनको भनाइमा कानून भन्ने सकियोस् ।

(iv) आष्टिनले केवल वैध संप्रभु (Legal sove.eign)लाई नै ध्यानमा राखेर सम्प्रभुताको व्याख्या गरे, जो सर्वदा गलत छ ।

(v) आष्टिनले सम्प्रभुतालाई असीमित भनेका छन्, यस सिद्धान्तअनुसार सम्प्रभु निरंकुश शासक मात्र हुन सक्तछ, तर सम्प्रभुले कतिपय आन्तरिक एवं बाह्य स्थितिको पनि ध्यान राख्नुपर्दछ ।

(vi) आष्टिनको सिद्धान्तअनुसार सम्प्रभुता अविभाज्य छ । तर लास्की, डुग्वि तथा क्रेवले जसलाई बहुदलवादी भनिन्छ, आष्टिनका सिद्धान्तको कटु आलोचना गरेका छन् । तिनीहरूको भनाइ थियो–"राज्यभित्र कोही यस्तो महान् मानव, जसको शक्ति असीमित होस्, हुनै सक्तैन ।" राज्यको शक्ति अनेक प्रकारले सीमित हुन्छ । ब्राइसको भनाइअनुसार–"संसारमा कहिल्यै पनि कोही यस्तो मानिस या मानिसहरूको समूह जन्मेन जसको शक्ति अनियन्त्रित तथा असीमित थियो ।" ब्लन्टनशीलीका अनुसार–"राज्य सर्वशक्तिमान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्था होइन किनकि बाहिर अन्य राज्यको अधिकारद्वारा तथा भित्र पनि आफ्नो स्वभाव र जनताको अधिकारद्वारा उसको शक्ति सीमित रहन्छ।", हनरीमेन, सिजविक, क्लार्क, लास्की, डुग्वि, क्रेब, ब्राइस, ब्लन्टशीली आदि विचारकहरूको भनाइअनुसार निम्नलिखित कुराहरूले राज्यको शक्ति सीमित गर्दछन्।

जनमत—कुनै पनि राज्यले जनमतको अवहेलना गर्न सक्तैन। जनताको इच्छानुसार शासन नभए अथवा जनताको मौलिक हक राज्यले खोस्ने प्रयास गरे त्यस्तो राज्य धेरै दिनसम्म टिक्न सक्तैन। तसर्थ जनताले सदा राज्यको शक्तिमाथि अंकुश लगाइराखेको हुन्छ।

अन्य संगठनहरू—राजनैतिक दल, धार्मिक संस्था, व्यापारिक संघ तथा संगठनहरू आदिले राज्यको शक्ति सीमित पारेका हुन्छन्। यी संगठनहरू आफ्ना आफ्ना क्षेत्रमा स्वतन्त्ररूपले कार्य गरिरहेका हुन्छन्। राज्यले प्रायः यस्ता संगठनहरूमाथि हस्तक्षेप गर्दैन किनकि हस्तक्षेपबाट अशान्ति उत्पन्न हुन सक्तछ र सम्भव छ राज्यको नै नाश होस्। बहुदलवादीहरू यस तर्कको ठूलो समर्थन गर्छ र यसको प्रतिपादन तिनीहरूबाटै भएको हो।

अन्तर्राष्ट्रिय भावना—आजको युगमा एक देशमाथि अर्को देशको प्रभाव परिरहेको हुन्छ। खास गरी अन्तर्राष्ट्रिय कानूनले राज्यको स्वेच्छाचारितामाथि प्रतिबन्ध लगाइरहेको हुन्छ। संयुक्त राष्ट्रसंघका नियम तथा आदेशहरूले राज्यको स्वेच्छाचारिता, दमन नीतिमाथि अंकुश लगाएको हुन्छ। आजको युगमा कुनै पनि राष्ट्रले संयुक्त राष्ट्रसंघको घोषणा तथा आदर्शको विपरीत जाने साहस गर्न सक्तैन। त्यस्तो राष्ट्र जो आफ्नो जनतामाथि दमनचक्र चलाउँछ, अरू राष्ट्रहरूको घृणाको पात्र हुन्छ तथा त्यस्तो राष्ट्रलाई सबै देशले बहिष्कार गर्दछन्। यस प्रकारले राज्यले सदा अन्तर्राष्ट्रिय मत र नैतिकताको विचार गरी कार्य गर्दछ। तसर्थ संप्रभुता सीमित हुन्छ।

रीति-रिवाज:—चलिआएको परम्परा तथा रीति-रिवाज विरुद्ध पनि राज्य जान सक्तैन किनकि बहुसंख्यक जनता यस्ता परम्परा तथा रीति-रिवाज-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई मान्ने भएकाले राज्य यसको विरुद्ध जान डराउँछ। राज्यको हस्तक्षेपबाट समाजमा अशान्ति र विद्रोह फैलिने डर हुन्छ, तसर्थ रीति-रिवाज जनश्रुति आदिले पनि राज्यको असीमित शक्तिमाथि बन्धन हालेको हुन्छ।

अरू विद्वानहरूले संप्रभुताको पनि परिभाषा दिएका छन्। सर फ्रेडरिक पोलकको शब्दमा— सम्प्रभुता त्यो शक्ति हो जो न त अस्थायी हुन्छ, न कसै-द्वारा प्रदान नै गरिएको हुन्छ न कुनै यस्ता विशिष्ट नियमहरूद्वारा बाँधिएको हुन्छ, जसले यसलाई स्वयं नबदल्न सकोस् र ज़ो न यस पृथ्वीमा अन्य कुनै शक्तिप्रति उत्तरदायी होस्। (Sovereignty is that power which is neither temporary nor delegated nor subject to particular rules which it cannot alter, not answerable to any other power on earth.)"

लास्कीको अनुसार संप्रभुता कानूनी दृष्टिले व्यक्ति तथा व्यक्तिसमूहमाथि सर्वोच्च हुन्छ। उसको हातमा त्यो सर्वोच्च सत्ता हुन्छ जसले गर्दा उसले अरूलाई आज्ञापालनका निम्ति वाध्य गर्न सक्तछ। (The sovereign is legally supreme over any individual and group. He possesses supreme court power.)"

उपरोक्त परिभाषाहरूबाट संप्रभुताका निम्नलिखित विशेषहरू छन् भन्न सक्तछौं :—

(i) सम्प्रभुता राज्यको गुण हो, व्यक्तिविशेषको होइन।
(ii) सम्प्रभुता राज्यको सर्वोच्च तथा मौलिक शक्ति हो।
(iii) सम्प्रभुतालाई देख्न सकिन्न।
(iv) सम्प्रभुता स्थायी हुन्छ। राज्यको जीवनकालसम्म यो रहन्छ।
(v) सम्प्रभुता बाह्य नियन्त्रणबाट मुक्त हुन्छ।
(vi) संप्रभुता अदेय हुन्छ।

(क) संप्रभुताको लक्षण—(Attributes of Sovereignty) उपरोक्त परिभाषाहरूबाट र गार्नरको भनाइअनुसार सम्प्रभुतामा साधारणतः निम्न-लिखित लक्षण हुन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(i) असीमता (Absoluteness)
(ii) स्थिरता (Permanence)
(iii) सर्वव्यापकता (Universality)
(iv) अविच्छेद्यता वा अदेयता (Inabinability)
(v) अविभाज्यता (Indivisibility)
(vi) निरवधि बाधिता (Imprescriptibility)
(vii) वर्जनशीलता (Exclusiveness)

(i) **असीमता** (Absoluteness) :—सम्प्रभुता कुनै पनि प्रकारको बन्धन तथा मर्यादाहरूबाट मुक्त हुन्छ । राज्यको सर्वोच्च शक्ति नै असीमता हो । राज्यको आन्तरिक कुरा तथा बाह्यदृष्टिबाट संप्रभुता असीम हुन्छ । आन्तरिक दृष्टिबाट सम्प्रभुताले राज्यमा बस्ने समस्त निवासीहरू सङ्घ, समुदायहरूमाथि नियन्त्रण राख्तछ र आज्ञाको पालन गराउँछ । राज्यभित्रका सम्पूर्ण शक्ति सम्प्रभुताकै अधीन हुन्छन् । वाह्यसक्तिले राज्यका सम्प्रभुतामाथि नियन्त्रण राख्न सक्तैन ।

तर केही विद्वानहरूले यी विचारहरूलाई मान्दैनन् र सम्प्रभुतालाई असीम पनि मान्दैनन् । लार्ड ब्राइसको अनुसार–"संसारमा कहिल्यै कोही यस्तो मनुष्य अथवा मनुष्यको समूह जन्मेको छैन, जसको शक्ति असीमित तथा अनियन्त्रित थियो ।" ब्लण्टसीलीले पनि यस सम्बन्धमा लेखेका छन्—"सम्प्रभुता बाह्यरूपमा आफ्नो प्रकृति तथा अधिकारहरूबाट सीमित हुन्छ । (It is externally limited by the rights of other States internally by its own nature and the rights of its individual members.)"

तर यी प्रतिबन्ध सम्प्रभुताले स्वेच्छाले नै आफूमाथि लगाएको हो र इच्छानुसार यसले प्रतिबन्ध हटाउन पनि सक्तछ । जस्तो कि गिलक्राइष्टले लेखेका छन्—"प्रतिबन्ध भनिएका प्रतिबन्धहरू सम्प्रभुता अथवा राज्यमाथि वैधानिक प्रतिबन्ध हैनन् ।" (The so-called limits are not legal limits to the sovereignty of the State.)"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ii) स्थिरता (Permanence) :—सम्प्रभुता स्थिर छ। राज्यको जबसम्म जीवन रहन्छ त्यति बेलासम्म यसको पनि रहन्छ। सम्प्रभुता नहुनु भनेको हो परतन्त्रता। सम्प्रभुताबिना राज्यको कल्पना गर्न सकिन्न तथा राज्य नभै सम्प्रभुताको। राज्य स्थायी र अमर हो भने संप्रभुता पनि। सरकार परिवर्तनशील छ। तर न राज्य परिवर्तनशील छ न संप्रभुता। राजा तथा राष्ट्रपति मर्दछन् तथा छाड्दछन्, तर संप्रभुता मर्न सक्तैन, न यसलाई छाड्न नै सकिन्छ। संप्रभुताको मरणको अर्थ हुन्छ राज्यको लोप र परतन्त्रता। यस सम्बन्धमा एउटा विद्वानले लेखेका छन्—"राजा अथवा राष्ट्रपतिको स्वर्गवास सरकारमा एउटा परिवर्तन मात्र हो, राज्यको अन्त होइन। (The death of king or president however is only a personal change in the government not a break in the continuity of the State.)"

(iii) सर्वव्यापकता (Universality) :—सम्प्रभुता एउटा राज्यभित्रको सम्पूर्ण भूभागमा व्याप्त छ। संप्रभुता राज्यनिवासी, संघ, समुदाय आदि सबैमा नियन्त्रण गर्दछ। सम्प्रभुताको विरुद्ध कुनै पनि व्यक्ति अथवा सङ्घलाई अधिकार हुँदैन। संप्रभुताले नै अधिकारहरू दिएको हुन्छ। संप्रभुताले नै नागरिकहरूलाई विभिन्न सुविधाहरू प्रदान गर्दछ। अधिकारको स्रोत सम्प्रभुताले कुनै बेला अधिकारहरूको हरण गर्न सक्तछ। सम्प्रभुताको अलग राज्यका निवासीहरूले कानूनको पालन गर्दछन्। राज्यको हरेक वस्तुमाथि सम्प्रभुताको नियन्त्रण हुन्छ। सम्प्रभुताले स्वेच्छाले राज्यभित्र कुनै वस्तुमाथि आफ्नो अधिकार छोडे छाडिन्छ। यस प्रकारले सम्प्रभुता व्यापक छ।

(iv) अविच्छेद्यता अथवा अदेयता (Inabinability) :—लिवरले लेखेका छन—"राजसत्ताको विच्छेद त्यसै प्रकारले गर्न सकिन्न जुन प्रकारले एउटा वृक्ष आफ्नो उम्रने अधिकारलाई विच्छेद गर्न सक्दैन, अथवा एक व्यक्ति आत्महत्या नगरी आफ्नो जीवन या व्यक्तिको विच्छेद गर्न सक्तैन। (Sovereignty can no more be abinated than a tree can abinate its right to sprout or a man can transfer his life or personality without self destruction.)"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस प्रकारले सम्प्रभुताको विच्छेद हुन सक्तैन र यो अरूलाई दिन पनि सकिन्न । सम्प्रभुता दिनको अर्थ हो प्राप्त व्यक्ति अथवा राज्यकै सम्प्रभु हुनु । जस्तै–हाम्रो नेपाल प्रभुता-सम्पन्न देश हो । यसको प्रभुसत्ता चीनलाई दिनुको अर्थ चीन नै प्रभुसत्ता-सम्पन्न हुनु हो । यसबाट हाम्रो देश परतन्त्र त बन्दछ नै साथै राज्यको पनि लोप हुन्छ । यस सन्दर्भमा गार्नर लेख्तछन्–"अविच्छेद्यताको आशय राज्यको त्यस आवश्यक गुणसँग छ जसबाट ऊ आफ्नो कुनै पनि सारभूत तत्त्व स्वयं गर्न सक्तैन ।" यस प्रकारले संप्रभुताको विच्छेदन तथा हस्तान्तरण हुन सक्तैन किनकि संप्रभुता राज्यको प्राण हो । जसरी प्राण नभै प्राणी बाँच्न सक्तैन त्यसरी नै सम्प्रभुता-विना राज्य ।

(v) अविभाज्यता (Indivisibility)—संप्रभुता राज्यको सर्वोच्च इच्छा हो । यस इच्छालाई विभक्त गर्न सकिन्न । सम्प्रभुताको विभाजनको अर्थ हो एउटा सम्प्रभुको स्थानमा अनेक सम्प्रभु । यस प्रकार राज्यमा एउटा नै सर्वोच्च हुन्छ, अनेक हुन्नन् । अनेक संप्रभु भएको राज्य 'न भूतो न भविष्यति ।' लिबरले लेखेका छन्–"सम्प्रभुता ठीक त्यस्तै प्रकारले अलग गर्न सकिन्न जुन प्रकारले एउटा व्यक्ति आफ्नो आत्मविनाश नगरी आफ्नो व्यक्तित्व या आफ्नो जीवनलाई पृथक् गर्न सक्तैन ।" गार्नरले लेखेका छन–"एउटा स्थानमा एउटा नै सम्प्रभु हुन सक्तछ ।" प्रख्यात लेखक कालाधनको विचार घतलाग्दो छ–"सम्प्रभुता एउटा पूर्ण वस्तु हो, यसको विभाजन यसैको अन्त गर्नु हो । (Sovereignty is an entire thing to divide it is to destroy it.)"

(vi) निरवधि बाधिता (Imprescriptibility)—एउटा लामो अवधिसम्म संप्रभुताको प्रयोग नभए पनि यसको अन्त हुन सक्तैन । एकपल्ट संप्रभुता निहित भइसकेपछि त्यसको अस्तित्व नष्ट हुन सक्तैन । यस सम्बन्धमा गार्नरको भनाइ छ कि "संप्रभुता एउटा लामो समयसम्म प्रयुक्त नभएकोले नष्ट हुँदैन, ठीक त्यस्तै प्रकारले जुन प्रकारले, भू-सम्पत्ति एउटा लामो अवधिसम्म प्रयुक्त हुँदैन ।"

(vii) वर्जनशीलता (Exclusiveness)—एउटा राज्यको निश्चित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूभागभित्र एउटा नै सम्प्रभुता हुन सक्तछ। एकभन्दा बढी सम्भव छैन। एकभन्दा बढीको अर्थ हुन जान्छ जति बढी हुन्छन् त्यति नै सम्प्रभुता। यो सम्प्रभुता कानूनी दृष्टिले सर्वोच्च त हुन्छ नै साथै यसको आज्ञा पालन राज्य-का निवासी सबैले गर्दछन्। जस्तै नेपालमा एउटा मात्र सम्प्रभुता छ। नेपाल अधिराज्यको एकभन्दा बढी सम्प्रभुता भए पूर्ण अधिराज्यको नाउँ नेपाल हुने थिएन। एउटाको नेपाल भए अर्काको अरू नै कुनै हुने थियो। तसर्थ एउटा राज्यमा एउटाको नै संप्रभुता हुन्छ। एउटा म्यानमा दुई तरवार हुन सक्तैनन् भन्ने उक्ति यथार्थ हुन्छ।

(ख) **संप्रभुताको भेद** (Kinds of sovereignty)—अनेक विद्वान-हरूले सम्प्रभुताको विभिन्न भेद गरेका छन्। कसैले कानूनी रूपले त कसैले राजनैतिक मान्यता दिएका छन्। पुनः कसै-कसैले राष्ट्रिय रूपमाथि जोड दिएका छन् त कसैले जनतान्त्रिक रूपलाई। तसर्थ सबै विद्वानको सारबाट सम्प्रभुताको निम्नलिखित भेद गरिएको छ।

(i) **नामवारी सप्रभुता र वास्तविक संप्रभुता** (Titular and Actual Sovereignty)—सम्प्रभुता नाममात्रको पनि हुन सक्तछ र यथार्थ पनि। यसको उदाहरणको लागि टाढा जानुपर्दैन बेलायतलाई नै लिऊँ। वेलायतका सम्राटके नामबाट सबै कार्य उहाँ हुने हुँदा देख्तामा सम्राट् नै वास्तविक सम्प्रभु देखिन्छन, तर यथार्थमा बेलायतका सम्राट् नाममात्रका संप्रभु हुन, वास्तविक सम्प्रभु त संसद् हो अर्थात् मन्त्रिमण्डल हो। मन्त्रिमण्डलले पास गरेको हरेक कार्यमा राजाको स्वीकृति हुन्छ। तसर्थ बेलायतका राजालाई 'राजाले कुनै गल्ती गर्दैन' (The king does not do any wrong) भनिएको हो। तसर्थ बेलायतको सम्राट् नामधारी सम्प्रभु हुन भने वास्तविक सम्प्रभु संसद् अर्थात् मन्त्रिमण्डल हो। नेपालमा वास्तविक सम्प्रभु श्री ५ नै होइबक्सिन्छ।

(ii) **कानूनी या वैध संप्रभुता र राजनैतिक संप्रभुता** (Legal and political sovereignty)—कानूनी सम्प्रभुता भनेको कुनै व्यक्तिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समूह हो । यस्तो व्यक्ति अथवा व्यक्तिको समूहलाई सबै न्यायालयहरूले मान्यता प्रदान गरेका हुन्छन् । यो व्यक्तिको समूह नै कानून रिर्माता हुन्छ । प्रजातान्त्रिक मुलुकमा यस्ता व्यक्तिको समूहलाई धारासभा (Parliament) भन्दछन्, जसले बनाएका कानून न्यायालयहरूले प्रयोग गर्दछन् । यस्ता देशहरूमा भारत, वेलायत, अमेरिका आदि हुन् जहाँ संसद् नै संप्रभु हुन्छ । व्यक्ति नै सम्प्रभु भएका देशहरूमा प्रायः राजतन्त्रीय देशहरू आउँछन । जस्तै–नेपाल, जोर्डन, कुवैत, सऊदी अरेबिया आदि हुन्, जहाँ राजाहरू नै कानूनी सम्प्रभु हुन्छन् । गार्नरले कानूनी सम्प्रभुताको परिभाषा यस प्रकारले दिएका छन्— "कानूनी सम्प्रभुता त्यो निर्दिष्ट शक्ति हो, जसले राज्यको सर्वोच्च आज्ञा कानूनीरूपमा प्रकट गर्न सक्तछ, त्यस शक्तिले दैवी कानून, नैतिक कानूनका सिद्धान्तहरू, जनमत आदिको पनि अवहेलना गर्न सक्तछ । (The legal sovereign, therefore, is that determinate authority which is able to express in legal form the highest commands of the State, that power can over-ride the prescription of divine law, the principles of morality, the mendates of public opinion.)"

राजनैतिक सम्प्रभुता नै राज्यको वास्तविक आधार हो । राजनैतिक सम्प्रभुताको परिभाषा यस प्रकारले गरेका छन—"त्यो व्यक्ति नै राजनैतिक सम्प्रभु हो, जसको इच्छा राज्यका नागरिकहरूले पालन गर्दछन । (That body is politically sovereign, the will of which is ultimately obeyed by the citizens of the State.)"

प्रो० गिलक्राइष्टले राजनैतिक संप्रभुताको परिभाया दिँदै लेखेका छन— "राजनैतिक सम्प्रभु राज्यमा ती प्रभावहरूको समूह हो जो कानूनको पछिल्तिर रहन्छ (……The political sovereign is the total of the influences in a State which is behind the law.)"

लीकाकले राजनैतिक सम्प्रभुताको परिभाषा दिएका छन—"राजनैतिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्प्रभुतालाई जति खोज्यो उति नै टाढा देखिन्छ (······The more one searches for this final authority, the more it seems to...... group.)"

उपरोक्त परिभाषाहरूबाट राजनैतिक सम्प्रभुताको परिभाषा दिन बडो गाह्रो छ र साथै यसको अर्थ भन्न पनि। तथापि राजनैतिक सम्प्रभुता भनेको जनता नै हो भन्नु अत्युक्ति नहोला। त्यो समूह नै राजसत्ताधारी हो, जसको इच्छा राज्यका नागरिकहरूलाई हुन्छ। त्यो समूहको अर्थ जनताका प्रतिनिधिहरू नै हुन्छन। तसर्थ राजनैतिक सम्प्रभुताको वास्तविक अर्थ जनता नै हुन जान्छ।

(iii) **जन-संप्रभुता** (Popular Sovereignty)।—जनसंप्रभुता जनताको हातमा निहित सम्प्रभुता हो। रूसोको सामान्य इच्छाले नै यसलाई बल दियो। १६ औं तथा १७ औं शताब्दीमा यस सिद्धान्तको विकास भयो तथा रूसोले प्राण हाले। गार्नरले जन-संप्रभुताको परिभाषा यस प्रकारले दिएका छन—"जन-संप्रभुताको अर्को कुनै अर्थ हुँदैन केवल बहुमत मतदाताहरूको शक्ति हो, त्यस्तो देशमा जहाँ बालिग मताधिकारको व्यवस्था छ। (The sovereignty of people, therefore, can mean nothing more than the power of the majority of the electorate in a country where universal franchise prevails.)"

(iv) **राष्ट्रिय संप्रभुता** (National Sovereignty)।—राष्ट्रिय संप्रभुताको प्रतिपादन फ्रांसीसी राज्यक्रान्तिकारीहरूले गरे। फ्रांसको गणतंत्रीय संविधानमा उनीहरूले यसको मान्यतालाई उचित स्थान प्रदान गरे। राष्ट्रको सामूहिक इच्छा नै सर्वोपरि हो। एउटा विद्वानको शब्दमा—"राष्ट्रिय संप्रभुताले यस सिद्धान्तलाई प्रतिपादन गर्दछ कि संप्रभुता राष्ट्रमा निवास गर्दछ। यस प्रकारको सम्प्रभुताको प्रतिपादन फ्रांसीसी क्रान्तिकारीहरूले गरे। उनीहरूले फ्रांसको गणतन्त्रीय संविधानमा यस मान्यतालाई स्थान दिए कि समस्त संप्रभुता निश्चित रूपले राष्ट्रमैं निहित हुन्छ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(v) वास्तविक संप्रभु र वैध संप्रभु (Defacto and Dejure Sovereign) :—वास्तविक संप्रभु अस्थायी हुन्छ। यसको अर्थ त्यस बेला लाग्दछ जब क्रान्ति अथवा हमलाद्वारा कुनै राज्यको सरकार समाप्त गरिन्छ। जस्तै १९३५ ई० मा इटलीले अबिस्सिनियामाथि हमला गरी त्यहाँको राजालाई पदच्युत गऱ्यो। तर अरू राष्ट्रहरूले इटलीको यस विजयलाई अबिस्सिनियाको वैध संप्रभु (Dejure) मानेनन्। लड़ाइँअघिकै राजालाई अरू राष्ट्रहरूले 'वैध संप्रभु' माने। यस प्रकारले इटली अबिस्सिनियाको 'वास्तविक संप्रभु' (Defacto Sovereign) त भयो तर 'वैध सम्प्रभु (Dejure Sovereign) भएन। त्यस्तै प्रकारले राज्यका निवासीहरूले क्रान्ति गरी सरकारको तख्ता पल्टाए भने जबसम्म सामान्य स्थिति आउँदैन र टिकाऊ जन-सरकार बन्दैन तबसम्म यस्तो सम्प्रभु 'वास्तविक सम्प्रभु' (Defacto Sovereign) भनिन्छ।

वैध सम्प्रभुको अर्थ कानून र देशको रीति-स्थितिअनुसार प्रतिष्ठित सर्वोच्च शासक हुन्छ, जस्तो नेपालमा राजा र राजापछि राजाका ज्येष्ठ पुत्र। यस प्रकारले स्वतः सामान्य रूपले सर्वोच्च शासकमा परिवर्तन हुन्छ। यस्तो सम्प्रभु-लाई 'वैध सम्प्रभु' (Dejure Sovereign) भनिन्छ। प्रजातान्त्रिक देशहरूमा चुनाउबाट भएको परिवर्तनलाई पनि सामान्य र वैधानिक रूपले भएको परि-वर्तनबाट सर्वोच्च शासकमा परिवर्तन हुने हुँदा त्यहाँ पनि 'वैध सम्प्रभु' (Dejure Sovereign) नै हुन्छ।

(ग) प्रभुसत्ताको स्थिति (Location of Sovereignty)—राज्यमा सम्प्रभुता कुन स्थानमा निवास गर्दछ भन्न गाह्रो छ। यसै कारणबाट पनि सम्प्र-भुताको आलोचना गरिन्छ। उदाहरणको लागि अमेरिकालाई हेरौं, अमेरिकाको सर्वोच्च शासक राष्ट्रपति हुन्छ। तर राष्ट्रपतिका पनि सीमित अधिकारहरू हुन्छन्। कांग्रेस (सिनेट र प्रतिनिधि सभा) ले सदा राष्ट्रपतिको कार्यमाथि अंकुश लाउँछ। अब सम्प्रभुता अमेरिकामा कहाँ निवास गर्दछ ? यस प्रश्नको जवाफ बडो गाह्रो छ। केही विद्वानहरूले कानून निर्माण गर्ने अथवा परिवर्तन गर्ने संस्था कांग्रेस, राज्यका प्रतिनिधि संस्थाहरूको $\frac{2}{3}$ बहुमतमा निवास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दछ भनेका छन् । तर उक्त कुरा यथार्थदेखि टाढ़ा छ । किनकि यी सदस्यहरू जनताले चुनेका हुँदा बदलिन सक्तछन् । सम्प्रभुता बदलिन सक्तैन । अब सम्प्रभुता जनतामा निहित छ त ? जनताको प्रशासनमा सोझै हातं हुँदैन र जनताले दैनिक प्रशासन पनि गर्दैन भने जनताको हातमा सम्प्रभुता कसरी निहित छ? पुनः मतदाता सूचीमा २१ वर्ष पुगेका व्यक्तिहरू मात्र आउँछन् । यस प्रकारले २१ वर्षभन्दा कम उमेर भएका व्यक्तिहरूलाई मत दिने अधिकार नै छैन भने, के सम्प्रभुता उमेर पुगेका मतदाताहरूमै निहित छ त ? यसको समाधान गर्न बडो गाह्रो छ ।

भारतलाई लिऊँ । भारतको सर्वोच्च शासक राष्ट्रपति हुन्छ, तर राष्ट्रपतिको वास्तविक अधिकार केही हुँदैन । मन्त्रिमण्डलको सलाह र विचारअनुसार नै राष्ट्रपतिले कार्य गर्नुपर्छ । तब के सम्प्रभुता मन्त्रिमण्डलमाथि निहित छ? मन्त्रिमण्डल पनि संसदकै बहुमतमा आधारित छ । संसदले जहिले चाह्यो मन्त्रिमण्डललाई पदच्युत गर्न सक्तछ । त्यसो भए सम्प्रभुता संसदमाथि निहित छ? संसदका सदस्यलाई जनताले हटाउन पनि सक्छन् भने सम्प्रभुता जनतामा निहित छ ? जनतामा २१ वर्ष पुगेकाले मात्र आफ्नो मत दिन सक्तछ, तसर्थ २१ वर्षभन्दा कम उमेरकाहरूमा सम्प्रभुता निहित छैन ? यी सब प्रश्नको समाधान गर्न गाह्रो छ ?

प्रो० गेटेलले सम्प्रभुताको आवास-स्थलको बारेमा तीन मत प्रकट गरेका छन्—

(i) सम्प्रभुताको आवास-स्थल राज्यको जनता हो ।

(ii) सम्प्रभुता त्यस संगठनमा निवास गर्दछ, जसलाई राज्यको संविधान निर्माण गर्ने अथवा संशोधन गर्ने अधिकार छ ।

(iii) सम्प्रभुता राज्यको समस्त कानून बनाउने संस्थाहरूमा निहित छ ?

*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय—९

राज्य र यसको तत्त्व

(State and its Elements)

मानिस अगणित प्रेरणाहरूको एउटा समूह हो र यी प्रेरणाहरूको अभिव्यक्ति विभिन्न संगठन अथवा संघहरूमा हुन्छ। यी संघ अथवा संगठनहरूको नियम तथा नियन्त्रण अति आवश्यक छ अन्यथा पारस्परिक संघर्षहरूले शान्ति, सुव्यवस्था तथा स्वतन्त्रतामा नै खलल पुऱ्याउनेछन्। बाह्य आक्रमण तथा आन्तरिक अव्यवस्थाबाट जनताको रक्षाको समुचित प्रबन्ध पनि आवश्यक छ। आन्तरिक व्यवस्थाको प्रबन्ध गर्ने दुई उपाय छन्। व्यक्ति तथा व्यक्ति-समूहको अधिकारको स्पष्ट परिभाषा गर्नु तथा विभिन्न वर्गका विशेषाधिकारहरूमा संतुलन एवं सामञ्जस्य स्थापना गर्नु। यस प्रकारले नागरिकहरूलाई केवल निष्क्रियात्मक स्वतन्त्रता प्राप्त हुन्छ, तर मानवहितको लागि निष्क्रियात्मक स्वतन्त्रता मात्र पर्याप्त छैन। यसको लागि तो सबै कार्यहरूमा क्रियात्मक प्रोत्साहनका निम्ति एउटा यस्तो संगठन आवश्यक छ जसको कार्यक्षेत्र कुनै हितविशेषका निम्ति प्रयत्नसम्ममा मात्र सीमित नरहोस् अपित समस्त सामाजिक हित एवं सम्बन्धहरूमा सामञ्जस्य स्थापित गरी तिनीलाई प्रोत्साहित्त गरोस् तथा तिनीहरूमाथि नियन्त्रण पनि राखोस्। राज्य यस्तै प्रकारको एउटा संगठन हो। राज्यको स्थापना सामञ्जस्य स्थापित गर्ने तथा संघर्ष कम गर्ने उद्देश्यले गरिएको हो। यसको एउटा कर्तव्य विभिन्न वर्गहरूको आचरणमा सामञ्जस्य उत्पन्न गरी सामान्य हितको संवर्धन गर्नु पनि हो। राज्यको अभावमा शान्ति तथा सुव्यवस्था असम्भव छ र शान्ति तथा सुव्यवस्थाको अभावमा प्रगति एवं स्वतंत्रता प्राप्ति हुन सक्तैन। यसप्रकारले राज्य सभ्य जीवनको प्राथमिक आवश्यकता हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साधारण बोलचाको भाषामा राज्य शब्दको प्रयोग विभिन्न अर्थमा गरिन्छ । यसले शासन, समाज, राष्ट्र तथा देशको विभिन्न अर्थको बोध गराउँछ। यस शब्दको प्रयोग कहिलेकाहीं एउटा अमूर्त संस्थाको अर्थमा पनि गरिन्छ। शिक्षाको लागि राज्यको सहायता, राज्यद्वारा उद्योगहरूको नियन्त्रण आदि शब्दले वैयक्तिक कार्यबाट भिन्न समाजको सामूहिक कार्यसँग सम्बन्ध देखाउँछ। निर्धाहरूको लागि राज्यकार्य सहायता अथवा राज्यद्वारा यातायात साधनहरूको नियन्त्रण आदि वाक्यहरूले राज्य शब्दले शासन-व्यवस्थाको बोध गराउँछ। यस प्रकारले राज्य शब्दलाई विभिन्न अर्थमा प्रयोग गरिन्छ । यस सम्बन्धमा गिलक्राइष्टले लेखिएका छन्—'राज्यको त्यति नै परिभाषा छ जति कि त्यस विषयसाथि लेखिएका पुस्तकहरू । (Definitions of State are as numerous as the books written in the subject.)''

राज्यको परिभाषा—अरस्तुले राज्यको परिभाषा दिँदै लेखेका छन्—''राज्य आत्मनिर्भर तथा समृद्ध जीवनको हेतु संगठित कुटुम्ब तथा ग्रामहरूको समूह हो । (The State is union of families and villages having for its end a perfect and self sufficing lifer)'' अरस्तुको परिभाषाले राज्यलाई कुटुम्ब र ग्रामसम्म मात्र सीमित राख्तछ जबकि आधुनिक युगमा ठूला-साना नगर तथा भूभाग पनि यसमा सम्मिलित छन् । पुनः अरस्तुको परिभाषामा राज्यको उद्देश्य केवल आत्म-निर्भरता र सुखी जीवन नै व्यक्त गरिएको छ, तर राज्य यसभन्दा पनि बढी केही हो र उद्देश्य पनि अरू केही छ। अरस्तुको परिभाषामा राज्यका तत्त्वहरूको कुनै उल्लेख छैन । यस प्रकार यो परिभाषा अपूर्ण छ ।

सिसरोले 'डी रिपब्लिका' ग्रन्थमा राज्यको परिभाषा यसरी दिएका छन्—''राज्य एउटा बहुसंख्यक समाज हो, जसको संगठन सामान्य अधिकारहरू तथा पारस्परिक लाभहरूको प्राप्तिका निम्ति गरिएको हुन्छ । (The State is a numerous society united by a common sense of right

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

and mutual participation in advantages.)" यस भरिभाषामा राज्यको निर्माणको लागि आवश्यक तत्त्व जनसंख्याको उल्लेख त गरिएको छ, तर अन्य तत्त्वहरूको उल्लेख नभएकोले परिभाषा त्रुटिपूर्ण छ ।

हल्याण्डले राज्यको परिभाषा गर्दै लेखेका छन्—"राज्य यस्ता मानिसहरूको एउटा बहु-संख्यक समुदाय हो, जो साधारणतया एउटा निश्चित प्रदेशमा निवास गर्दछन् र जसमा बहुमतको अथवा एउटा सुनिश्चित वर्गका व्यक्तिहरूको इच्छाको त्यस बहुमत अथवा वर्गको कारणले, उसको विरोधीहरूमाथि प्राधान्य रहन्छ। The State is a numerous assemblage of human beings, generally cccupying a certain territory, among whom the will of the majority or of an ascertainable class of persons is, by the strength or such a majority of class, made to prevail against any of their number who oppose it." हल्याण्डको परिभाषामा राज्यका निम्ति आवश्यक तीन तत्त्वको त उल्लेख छ, तर एउटा प्रमुख तत्त्व संप्रभुताको नामै नलिएकाले यो परिभाषा पनि अपूर्ण छ ।

वर्गेसले राज्यको परिभाषा यस प्रकारले दिएका छन्—"The State is a particular portion of mankind viewed as an organised unit." वर्गेसको परिभाषामा राज्यका आवश्यक तत्त्वहरूमा जनसंख्या र सगठनको मात्र उल्लेख पाइन्छ, तर राज्यको लागि अरू तत्त्वहरू पनि उत्तिकै आवश्यक छन् । तसर्थ यो परिभाषा पनि त्रुटियुक्त छ ।

ब्लाण्टशीलीले राज्यको परिभाषा यसरी दिएका छन्—"कुनै निश्चित प्रदेशको राजनैतिक प्रणाली-अनुसार संगठित जनतालाई राज्य भनिन्छ ।" ("The State is the political organised people of a definite territory.)" यस परिभाषामा पनि राज्यको लागि आवश्यक तत्त्व संप्रभुताका उल्लेख छैन ।

उपरोक्त परिभाषाहरूमा केही न केही त्रुटि रहन गएकाले राजनीतिशास्त्रका अन्य विद्वान्हरूले राज्यको दोष-रहित परिभाषा दिएका छन्, जो तल दिइएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गिलक्राइष्टको अनुसार—"राज्य त्यहाँ नै छ जहाँ अनेक मानिसहरू एउटा यस्तो सरकारको अधीनतामा एउटा भूभागभित्र बस्तछन् जो आन्तरिक विषयहरूमा उनीहरूको राज्यसत्ता प्रकट गर्ने अंग हो र बाह्य विषयहरूमा अन्य सरकारहरूबाट स्वतन्त्र छ। (The State is a concept of political science and a moral reality which exists where a number of people, living on a definite territory, are unified under a government which in internal matters is the organ for expressing their sovereignty and in external matters is independent of other government.)"

लास्कीका अनुसार—राज्य शासक तथा शासित वर्गहरूमा विभाजित एउटा प्रादेशिक समाज हो, जो आफ्नो निश्चित भौगोलिक क्षेत्रमा अन्य समस्त संस्थाहरूमाथि सर्वोच्च सत्ताको दावा राख्तछ। ("The State is a territorial society divided into government and subjects, claiming within its alloted physical area a supremacy over all other institutions)"

गार्नरका अनुसार—"राज्य मानिसको त्यस बहुसंख्यक समुदाय या संगठन लाई भन्दछन्, जो एउटा निश्चित भूभागमा रहन्छ, जसको यस्तो संगठित सरकार होस् र बाह्य नियन्त्रणबाट पूर्णतया वा प्रायः स्वतन्त्र होस्, जसको आज्ञा-पालन अधिकांश जनताले स्वभावले नै गरोस्। (The State is a community of persons more or less numerous, permanently occupying a definite portion of territory, independent or nearly so of external control and possessing an organised government to which the great body of inhabitants render habitual obedienae.)"

उपरोक्त परिभाषाहरूबाट एउटा राज्यको लागि निम्नलिखित तत्व हुनु आवश्यक छ।

(i) मानिसहरूको एउटा समुदाय अथवा जनसंख्या।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ii) एउटा निश्चित स्थायी निवासस्थान वा भूभाग ।

(iii) सामूहिक इच्छा अभिव्यक्त गर्ने र त्यसको पालन गराउने एउटा सर्वोच्च सत्ता अथवा सरकार ।

(iv) आन्तरिक अथवा बाह्य नियन्त्रणबाट मुक्त अथवा संप्रभुता ।

(i) मानिसहरूको एउटा समुदाय अथवा जनसंख्या (Population) :—राज्य नागरिकहरूको योगले बन्दछ र नागरिकहरूको हितको रक्षा गर्दछ । संगठन भावना स्वयं राज्य शब्दमा निहित छ,, तर व्यक्तिहरूको अभावमा संगठन संभव छैन । जनसंख्या राज्यको पहिलो आवश्यकता हो, तर कुनै राज्यमा कति जनसंख्या हुनुपर्छ, कुनै निश्चित नियम निर्माण गर्न सकिदैन । वास्तवमा अन्य तत्त्वहरूको समानता भएमा जनसंख्याको फरकले राज्यको प्रकृतिमा कुनै प्रकारको अन्तर उत्पन्न गर्न सक्तैन । प्राचीनकालको यूनानी नगर राज्यमा प्लेटो तथा अरस्तूले राज्यको जनसंख्याको सीमा निर्धारित गरेका थिए । प्लेटोले आदर्श राज्यको जनसंख्या ५०४० निर्धारित गरेका थिए । अरस्तूको भनाइ थियो कि जनसंख्या यति कम हुनुपर्छ कि जसबाट शासन-व्यवस्था सुचारु रूपले चल्न सकोस् र साथ यति बढ़ी पनि हुनु हुँदैन कि स्वाश्रयी होस् । यी दार्शनिकहरूको सामुन्ने आफ्नो समयको नगर राज्यको स्वयं सम्पूर्णता र सुव्यवस्थाका प्रश्न विशेष महत्वपूर्ण थियो । तसर्थ यिनीहरूले जनसंख्याको सीमा निर्धारित गरे । रूसोको अनुसार राज्यको आदर्श जनसंख्या १०,००० हो । उनको विचार थियो कि ठूलो राज्यमा शासनमा अनेक असुविधाहरू उत्पन्न हुन्छन् तसर्थ जनसंख्या त्यत्ति नै हुनुपर्दछ जति भूमिपोषणका निम्ति उपलब्ध छ, तर आजको वैज्ञानिक युगमा उत्पादन बढी मात्रामा भइरहेको छ र अन्तर्राष्ट्रिय व्यापार सदा विकासको पथमा आउन सक्तछ । अतएव आजका विद्वानहरूले विशाल जनसंख्या भएका राज्यहरूलाई समर्थन गरेका छन् । लार्ड एक्टनको भनाइ छ कि अत्यन्त कम र सजातीय जनसंख्या भएको प्रदेशमा विभिन्न वर्गीय समाजको स्थापनाको लागि कुनै स्थान नै रहन जाँदैन । वर्तमान युगमा अन्तर्राष्ट्रिय परिस्थिति पनि ठूलो राज्यके पक्षमा छ । तसर्थ राज्यको जनसंख्यामाथि कुनै प्रकारको सैद्धान्तिक अथवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यवहारिक सीमा लागू गर्न सम्भव छैन, तर जनसंख्या यति अवश्य हुनुपर्दछ कि राज्यलाई सुचारु रूपले संगठन गर्न सकियोस् र यति बढी हुनु हुँदैन कि राज्यको प्रादेशिक सीमामा जनसंख्या अटाउन नसकोस् र राज्यको समस्त साधनले पनि त्यसको भरण-पोषण गर्न यथेष्ट नहोस् ।

(ii) भू-भाग (Territory of Land) :—भूभाग राज्यको दोस्रो आवश्यक तत्त्व हो । प्रत्येक राज्यको एउटा निश्चित क्षेत्र भूमिक्षेत्र हुनुपर्दछ, जसको सीमा पूर्व निश्चित होस् र जसमा त्यस राज्यको जनता स्थायीरूपले निवास गरोस् । डुलिहिँड्ने जातिलाई राज्यको संज्ञा दिन सकिन्न । एउटा भूभागका निवासी स्वभावतः सामान्य हितको सूत्रमा बाँधिन्छन् र यस प्रकारले सामान्य भूभागले सहभावनालाई जन्म दिन्छ । जनसंख्या राज्यको नैतिक आधार हो भने भूभाग उसको भौतिक र भौगोलिक आधार हो । यहूदीहरू कैयौं शताब्दीसम्म संसारका विभिन्न भागहरूमा बसे, तर निश्चित भूभागको अभावमा आफ्नो राज्यमा स्थापना गर्न पाएनन् । आज पेलेस्टाइनको निश्चित सीमाभित्र अधिकार गरेपछि नै तिनीहरूले आफ्नो स्वतन्त्र राज्य बनाउन सके । एउटा राज्यको लागि कति भूभाग आवश्यक छ भन्न गाह्रो छ । प्राचीन यूनानी दार्शनिक अरस्तूको सिद्धान्त थियो कि राज्यको क्षेत्रफल यति सानो हुनुपर्छ कि व्यवस्था सुचारु रूपले गर्न सकियोस्, तर यति ठूलो पनि हुनु हुँदैन कि स्वाश्रयी होस् । वर्तमान युगमा एकपट्टि ३८ वर्गमीलको राज्य सानो गनिन्छ भने अर्कोतिर सोभियत रूस, जसको क्षेत्रफल सम्पूर्ण संसारको छैटौं भागभन्दा पनि बेसी छ । तथापि राज्यको स्वाभाविक प्रवृत्ति विस्तारतिर नै अग्रसर छ किनकि अनेक साना-साना राज्यको अस्तित्व अन्तर्राष्ट्रिय शान्तिका निम्ति खतरा उत्पन्न गर्दछ । आर्थिक दृष्टिबाट पनि सानो क्षेत्रफल भएको राज्य स्वाश्रयी हुँदैन । तर इतिहास साक्षी छ कि शान्ति तथा प्रगतिमा राज्यको क्षेत्रपट्टि कुनै विशेष प्रभाव परेको छैन । इंगल्याण्ड जस्तो सानो क्षेत्रफल भएको राज्यले प्राकृतिक साधनको बलमा विश्व सभ्यताको विकासमा अनेक ठूला-ठूला राज्यहरूभन्दा धेरै बढी योगदान गरेको छ । राज्यको भूभाग विस्तारका विषयमा यति भन्न सकिन्छ कि त्यसमा जनसंख्या तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षेत्रफल एउटा अनुपात हुनुपर्दछ। यी तत्त्वहरूमा अनुपात नहुँदा राज्यको हानि हुन्छ, साथ-साथै यो पनि आवश्यक छ कि राज्यको सीमा देशको प्राकृतिक सीमासँग मिल्दो-जुल्दो होस्, यसबाट राज्यको प्रबन्ध तथा सुरक्षा गर्न सकियोस् ।

राज्यको सीमाअन्तर्गत पहाड, नदी, झील वन आदि आउँछन् । भूभाग-माथिको वायुमण्डल पनि राज्य-सीमा मानिन्छ। राज्यको भूमिसँग जोडिएको १२ मीलसम्मको समुद्र पनि राज्यकै सीमाभित्र आउँछ ।

(iii) सरकार अथवा शासन (Government or Administration) :—सरकारकै माध्यमबाट राज्यका इच्छाहरूको अभिव्यक्ति हुन्छ। राज्य त एउटा अमूर्त धारणा मात्र हो । उसको मूर्त स्वरूप शासन नै हुन्छ। शासन राज्यका इच्छाहरूको स्वरूप तथा अभिव्यक्ति दिएर नीति सञ्चालन गर्दछ। शासन राज्यको संगठन हो तथा उसको सम्पूर्णताको एउटा अंग हो। सरकारले सुव्यवस्थाको सम्पादन गर्दछ, शासन कार्य सञ्चालन गर्दछ र संघर्ष उत्पन्न भएमा निर्णायक स्थान ग्रहण गर्दछ। शासनको अभावले जनता अनेक वर्ग, दल तथा प्रतिद्वन्द्वी समाजमा विभक्त भएर संघर्ष तथा दुःखलाई जन्म दिन्छ। शान्ति तथा सुव्यवस्थाको निम्ति सामान्य सत्ता आवश्यक छ। शान्ति सुव्यवस्था बिना जीवन असम्भव हुन्छ र शासनको अभावमा राज्यको अस्तित्व दिवास्वप्न हुन्छ। शासनको सम्बन्धमा गार्नरले लेखेका छन्—"शासनको अभावमा जनता एउटा सुसंगठित तथा अनियन्त्रित जनसमूह मात्र हुन जान्छ, जनतासँग सामूहिक रूपले कार्य गर्ने साधन हुन्न। (Without government the populatiou would be an incoherent, unorganised, anarchic mass with no means of collective action.)" यस प्रकारले सरकार राज्यको आत्मा हो, जसद्वारा राज्यको इच्छाको अभिव्यक्ति हुन्छ। आधुनिक युगमा सामान्यतया राज्यका ३ प्रमुख अङ्ग हुन्छन् ।

(i) व्यवस्थापिका ।
(ii) कार्यपालिका ।
(iii) न्यायपालिका ।

यी अंगहरूको विस्तारपूर्वक वर्णन अर्को अध्यायमा गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(iv) प्रभुसत्ता अथवा संप्रभुता (Sovereignty) :—प्रभुसत्ता राज्यको सबभन्दा बढ़ी आवश्यक तत्त्व हो। वास्तवमा भन्ने हो भने यसै तत्त्वले राज्य तथा अन्य मानव संस्थाहरूमा विभिन्नता स्पष्ट गर्दछ। प्रभुसत्ताको अर्थ हो सर्वोच्च सत्ता अर्थात् आदेश दिने र त्यसको पालन गराउने क्षमता। प्रत्येक राज्यका निम्ति यो आवश्यक छ कि ऊ बाह्य नियन्त्रणबाट स्वतन्त्र तथा आन्तरिक प्रभुत्वबाट सम्पन्न होस्। राज्यले आफ्नो सीमाभित्र बस्ने व्यक्तिहरू तथा व्यक्तिसमूह, संगठन आदिका निम्ति कानून बनाउँछ, कानूनको पालन गराउँछ तथा अवज्ञा गरे दण्ड दिन्छ। बाह्य प्रभुताको अर्थ हुन्छ वैदेशिक नियन्त्रणबाट स्वतन्त्रता। यस सम्बन्धमा गेटेलको परिभाषा बड़ो घतलाग्दो छ—"राज्यको वास्तविक तत्त्व प्रभुसत्ता नै हो। आन्तरिक दृष्टिबाट हेर्दा यसको अर्थ हुन्छ कि व्यक्तिहरू संघहरूमाथि राज्यको कानूनी अधिकार छ। बाह्य दृष्टिले हेर्दा यसको अर्थ हुन्छ राज्य अरू राज्यको नियन्त्रणबाट कानूनी रूपले स्वतन्त्र छ। (We find real esceence of State to be sovereignty, viewed internally it means that State has complete legal authority over all the individual and the groups. viewed externally it means that a State is legally independent of the control of any other State.)"

[यसको विस्तृत विवेचनाको लागि प्रभुसत्ता शीर्षक अध्याय हेर्नुहोस्।]

(क) राज्य तथा अन्य संस्थाहरूमा भेद :—(Difference between State and other associations.)

(१) राज्य र समाजमा भेद :—(Difference between State and Society)

(क) संगठन—समाज मानव संगठनको सबभन्दा बढ़ी संगठन हो। कोलको दृष्टिमा समाज समस्त मानवीय सम्बन्धको विषययोग हो। मेकाइभरको अनुसार मनुष्यको मनुष्यसँग प्रत्येक प्रकारको ऐच्छिक सम्बन्ध समाजअन्तर्गत आउँछ र यस प्रकारले सम्प्रदाय तथा समुदाय सामाजिक जीवनको विशेष स्वरूप मात्र हो। समाजबाट ती मनुष्यहरूको बोध हुन्छ जो एक अर्कासँग सामाजिक बन्धन स्वीकार गर्दछन्, जसको माध्यमबाट मानिस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो सामान्य उद्देश्यको प्राप्तिका निमित्त प्रयत्न गर्दछ, जसको निर्माण गर्ने यस प्रकारका अनेक समुदायहरूमा राज्य पनि एक हो। मेकाइभरको शब्दमा—"राज्यको अस्तित्व समाजभित्र नै हुन्छ, तर यो समाजको स्वरूप पनि होइन। समाज राज्यभन्दा पहिलेको र समस्त संगठित तथा असंगठित समुदाय यस अन्तर्गत आउँछन्। (The State exists within society but it is not even a form of society Society is prior to the State and it embraces all communities organised or unorganised.)" यस प्रकारले समाज एउटा ठूलो संगठन हो र यसै संगठनअन्तर्गत राज्यहरू पनि आउँछन्, तर राज्य समाजको त्यो संगठन हो जसद्वारा समाजमा शान्ति र व्यवस्था कायम गरिन्छ।

(ख) निश्चित क्षेत्र—समाजको सम्बन्ध मानिससंग भएकोले यो एउटा निश्चित भूभागसँग मात्र सीमित छैन। तसर्थ समाजको विस्तार राज्यको विस्तारभन्दा कम अथवा बढी पनि हुन सक्तछ। समाज विश्वव्यापी पनि हुन सक्तछ र एउटा गाउँसम्म मात्र सीमित पनि हुन सक्तछ। जस्तै—रेडक्रस, वाई एम० सी० ए०, रोटरी क्लब आदि संगठनहरू, मुहल्ला सभा आदि साना र सीमित छन्। यस प्रकारकोले समाजको क्षेत्र व्यापक र सीमित हुन सक्तछ। सामाजिक अधिकारमा कुनै खास भूभाग हुँदैन, यो त मानिसहरूको पारस्परिक सम्बन्धमा निर्भर गर्दछ। तर राज्यको अस्तित्व निश्चित भूभागमा निहित हुन्छ। राज्यको निजी सीमा हुन्छ। अरू राज्यको अधिकार क्षेत्रमाथि जबर्जस्ती कब्जा गर्न सक्तैन। यसरी राज्य निश्चित भूभागमा सञ्चालित हुन्छ

(ग) व्यवस्था—राज्यको सम्बन्ध केवल राजनैतिक कार्य अर्थात् शासन र सरकारसंग हुन्छ, तर समाजमा यस प्रकारको सत्ता या व्यवस्थाको आवश्यकता हुँदैन। मेकाइभरले यस सम्बन्धमा बडो रोचक ढंगसे आफ्नो विचार व्यक्त गरेका छन्—"परिवार, चर्च अथवा क्लब इत्यादि केही सामाजिक स्वरूप यस्ता छन् जो आफ्नो जन्मका निम्ति राज्यका ऋणि हुँदैनन् र न राज्यबाट नै प्रेरणा पाउँछन् र रीति-रिवाज, प्रतियोगिता आदि केही सामाजिक शक्तिहरू यस्ता छन् जसलाई राज्यले संशोधन अथवा संरक्षण गर्न सक्तछ, तर तिनलाई जसले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जन्म दिन सक्तैन् र मित्रता, ईर्ष्या जस्ता केही सामाजिक उद्देश्य यस्ता छन् जसद्वारा स्थापित सम्बन्ध यति घनिष्ठ र व्यक्तिगत हुन्छ कि राज्यको विशाल यन्त्र तिनमाथि नियन्त्रण राख्न सक्तैन। (There are social forms like the family or Church or the club which own neither their origin nor their inspiraticn, which the State may protect or modify, but certainly does not create, and social motives like friendship or jealousy which establish relationships to intimate and personal to be controlled by the great engine of the State)

(घ) शक्ति—राज्यको सत्ता सर्वोच्च हुन्छ, त्यसैले ऊ आफ्ना आदेशहरूको पालन बलपूर्वक गराउन सक्तछ, तर समाज आफ्ना आदेशहरूको पालन गराउन बल प्रयोग गर्न सक्तन किनकि उससँग पुलिस अथवा सेनाको शक्ति हुँदैन। समाज सदस्यहरूको सद्भावनामा नै आधारित छ। समाज तथा राज्यका बीचको अन्तरका विषयमा वारकरले बडो राम्रो ढंगबाट लेखेका छन्—'दुवै एक अर्काका सीमाहरूको अतिक्रमण गर्दछन्, दुवै मिलेका छन्, दुवै एक अर्काबाट शक्ति ग्रहण गर्दछन्, तर मोटामोटो रूपमा भन्न सकिन्छ कि समाजको क्षेत्र स्वेच्छापूर्ण सहयोग हो, उसको शक्ति सद्भावनामा निहित छ र उसको प्रणाली लचिलो छ, जब कि राज्यको क्षेत्र यन्त्रवत् कार्य हो, उसको शक्ति चलनमा निहित छ र प्रणाली कठोर छ। (They overlap, they blend, they borrow from one another, but roughly we may say that the area of society is voluntary co-operation, its energy is good will and its method is elasticitly while the area of the State is mechanical action, its energy is force and its method is rigidity.)"

राज्य र समाजको अन्तरको व्याख्या गर्दै साल्टेन लेख्तछन्—"तिनीहरूको भौगोलिक क्षेत्र भले समान होस्, तिनीहरूको सदस्यता भले एउटै होस्, तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनीहरूको जन्म, उद्देश्य तथा कर्तव्यहरूमा स्पष्ट अन्तर छ। समाज स्वाभाविक तथा प्रकृतिजन्य हो, तर राज्य इच्छाशक्ति तथा तर्कबुद्धिको परिणाम हो"

(२) राज्य र समुदायमा भेद—(Differnce between State and association) :—मानिस स्वभावबाट नै सामूहिक-जीवन-प्रिय हुन्छ। त्यसैले ऊ समुदायहरूमा संगठित भएर बस्तछ। यो समुदायहरूको सर्वोच्च स्वरूप राज्य नै हुन्छ। तर केवल राजनैतिक विषयहरूले मात्र मानिसका सम्पूर्ण प्रकृतिको अभिव्यक्ति गर्दैन। मानिसका आवश्यकताहरू असीम तथा विविध छन्। मानवको विकासको लागि राज्यलाई छाड़ी अन्य समुदायहरूको पनि आवश्यकता हुन्छ अतएव मानिस स्वभावतः तथा आवश्यकतावश अनेक सांस्कृतिक, धार्मिक तथा आर्थिक संस्थाहरूको सदस्य हुन्छ। वर्तमान युगको जटिल जीवनमा हाम्रा सामाजिक आवश्यकताहरू धेरै नै विस्तृत भएका छन्। परिणामस्वरूप वर्तमान समाज विविध प्रकारको समुदायहरूको एउटा जाल जस्तै बनेको छ। राज्य पनि एउटा समुदाय हो, तर निम्नलिखित कुराबाट त्यो अन्य समुदायभन्दा भिन्न छ।

(क) सदस्यता —राज्यको सदस्यता अनिवार्य हुन्छ जबकि समुदायहरूको सदस्यता ऐच्छिक हुन्छ। समुदायका कुनै पनि सदस्यले समुदायको नीतिसँग असहमत भए सदस्यता त्याग्न सक्तछ, तर राज्यमा नागरिकलाई यस प्रकारको स्वतन्त्रता हुँदैन। नागरिकले राज्यको सदस्यता त्याग्न सक्तैन। कुनै पनि व्यक्ति जति समुदायहरूको पनि इच्छाअनुसार सदस्य बन्न सक्छ, तर एउटा नागरिक एउटा राज्यको मात्र सदस्य हुन सक्छ।

(ख) सीमा—समुदायहरूको परिधि कुनै एक देशसम्म मात्र हुँदैन। एउटै देशमा अनेक प्रकारका समुदायहरू हुन सक्तछन, तर राज्यको सीमा निश्चत हुन्छ र एउटा देशमा एउटा मात्र राज्य हुन्छ।

(ग) उद्देश्य—समुदायहरूको उद्देश्य विशेष हितसँग सम्बन्वित हुन्छ, तर राज्यको सम्बन्ध समस्त जनताका सामान्य हितहरूसँग हुन्छ। राज्यका अनेक कर्त्तव्यहरू हुन्छन् र उसको उद्देश्य जनताको सामान्य हितको संवर्धन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नु हो। मेकाइवरको शब्दमा 'राज्य स्वभावतः एउटा सुव्यवस्था उत्पन्न गर्ने संगठन हो, यसको अस्तित्व केवल सुव्यवस्था स्थापनाका निमित्त हुन्छ, सुव्यवस्थालाई साध्य मानेर होइन अपितु जीवनका ती समस्त सम्भवनाहरूको लक्ष्य मानेर जसको लागि सुव्यवस्थाको आधार आवश्यक हुन्छ। (The State is essentially an order-creation organisation. It exists to establish order, not of course merely for the sake of order, but for the sake of all the potentialities of life which require that basis of order.)" यस प्रकारले जहाँ प्रत्येक ऐच्छिक समुदायको कार्यक्षेत्र सीमित तथा निश्चित हुन्छ, राज्यको क्षेत्र अपेक्षाकृत बढी विस्तृत र उसका अनेक समस्या हुन्छन्।

(घ) स्थायित्व—राज्य एउटा अनन्त तथा स्थायी समुदाय हो, तर अन्य समुदायहरूमध्ये अधिकांश समुदायहरूको अस्तित्व क्षणिक हुन्छ। आफ्नो उद्देश्यको पूर्तिका साथै यस प्रकारका समुदायहरूको अस्तित्व पनि विलीन हुन्छ। अनेक समुदाय पारस्परिक कलहहरूले गर्दा नष्ट हुन्छन्। राज्यको अन्त हुँदैन, तर अरू समुदायहरू बारम्बार बन्छन् तथा भत्किन्छन्। राज्यको सदस्यता अनिवार्य भएकोले राज्यको अन्त हुँदैन। समुदायको सदस्य नभए पनि मानिस जीवित रहन सक्छ, तर राज्यविनाको जीवन सम्भव छैन।

(ङ) कर—राज्यले आफ्ना नागरिकहरूमाथि अनिवार्यरूपले कर लगाउँछ, असूल गर्नको लागि बल प्रयोग गर्दछ, तर अन्य समुदायहरू ऐच्छिक चन्दामाथि नै निर्भर गर्दछन्।

(च) आज्ञा-पालन—राज्यसँग आफ्ना आदेशहरूको पालन गराउने अधिकार र शक्ति हुन्छ, उससँग पुलिस तथा सेना हुन्छन्, जसले राज्यको आज्ञा पालन गराउँछन्। तर ऐच्छिक समुदायहरूसँग आदेश दिने र त्यसको पालन गराउने साधन हुँदैन। यिनले अवज्ञाकारीहरूको निन्दा गर्न सक्छन् अथवा संझाउने प्रयत्न गर्न सक्छन्।

(छ) प्रभुसत्ता—राज्य तथा अन्य समुदायहरूको सबभन्दा ठूलो भिन्नता प्रभुसत्ता हो। राज्य प्रभुसत्ता-सम्पन्न हुन्छ, तर अन्य समुदायहरूमा यसको अभाव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहन्छ। अन्य समुदायको कार्यमाथि राज्यको नियन्त्रण रहन्छ तथा राज्यले संशोधन गराउन सक्तछ। अन्य समुदायहरूले राज्यद्वारा निर्धारित सीमाभित्र रहेर नै कार्य गर्नुपर्दछ। ऐच्छिक समुदायले शान्ति-निमित्त अहितकर अथवा राजसत्ताका विरूद्ध कार्य गर्‍यो भने राज्यले ठूलो दण्ड दिन सक्तछ। राज्यद्वारा निर्मित कानून सबै समुदायहरूलाई मान्य हुन्छ। कानूनका सम्बन्धमा राज्यको सत्ता नै सर्वोच्च हुन्छ र उसैले अन्य समुदायहरूलाई कानून पालन गराउन बाध्य गराउँछ।

(३) राज्य र सरकारका भेद:—(Difference between State and Government.) प्राय: राज्य र शासन शब्दको प्रयोग एउटै अर्थमा गरिन्छ। कोलका अनुसार—"राज्य एउटा समुदायको शासन-व्यवस्था-बाहेक केही होइन।" यस्तै प्रकारको विचार डुग्वी तथा केलरले पनि प्रकट गरेका छन्। सरकारको परिभाषा गर्दै गार्नर लेख्तछन्—"सरकार त्यो संगठन हो जसद्वारा राज्यले आफ्नो इच्छाको अभिव्यक्ति, आफ्नो आदेश र आफ्नो कार्य संम्पादन गराउँछ। (It is the collective name for the agency, magistracy or organisation through which the will of the State is formulated, expressed and realised.)" सरकारको यस परिभाषाको आधारमा राज्य र सरकारको बीचमा निम्नलिखित अन्तर छ भन्न सकिन्छ।

(क) सरकार राज्यको अंग—राज्य सुसंगठित मानिसहरूको एउटा प्रभुसत्ता-सम्पन्न समूह हो, जसको उद्देश्य आफ्नो भूभागभित्र बस्ने निवासीहरूको शान्ति र सुव्यवस्था गर्नु हो। राज्यको यस उद्देश्यलाई सरकारले नै पूर्ति गर्दछ। यस प्रकारले सरकार राज्यको उद्देश्य तथा इच्छा पूर्ति गर्ने एउटा मशीन हो। यस सम्बन्धमा मेकाइवरले लेखेका छन्—"राज्यको शक्ति मौलिक र सर्वोच्च हुन्छ जबबि सरकारको शक्ति सीमित र प्रदान गरिएको हुन्छ।"

(घ) सरकार अस्थायी तथा राज्य स्थायी हुन्छ—सरकारको बराबर परिवर्तन भइरहन्छ। आज एउटा पार्टीको सरकार छ भने कैयौंपल्ट अर्के पार्टीको सरकार हुन सक्तछ। यसरी राज्यको सरकार कैयौंपल्ट बदलिन सक्तछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर राज्य बदलिन सक्तैन । राज्य-परिवर्तनको अर्थ नै राज्य लोप हुनु हो । जस्तै १९३५ ई० मा इटालीले अबिस्सिनिया राज्यको नै लोप गरायो । यस प्रकारले अविस्सिनिया इटालीको उपनिवेश हुन गयो । राज्यको लोपको अर्थ हो राज्यलाई चाहिने तत्त्वहरूको कमी हुनु । राज्य तथा सरकारको भेदको विषयमा गिलक्राइष्टले लेखेका छन्—"राजाहरू र सरकारहरू आउँछन् तथा जान्छन्, तर राज्य सदा रहिरहिन्छ, जबसम्म बहुजनको विचार यसले प्रकट गरिरहन्छ । (Kings or governments come and go, but State continues to exist so long as the common mind on which it is founded is able to express itself.

(ग) सरकार विभिन्न प्रकारको तर राज्य एउटै प्रकारको—विश्वमा जति पनि राज्य छन् ती सबैको स्वरूप एउटै हुन्छ र सबै राज्यहरूमा उनै चार तत्त्व—जनसंख्या, भूमि, सरकार तथा सम्प्रभुता हुन्छन् । तर सरकार अनेक प्रकारको हुन सक्तछ । अमेरिकामा अध्यक्षात्मक सरकार छ भने भारतमा संसदात्मक । यस प्रकारले सरकार विभिन्न प्रकारको हुन्छ, तर राज्यको स्वरूप हरेक ठाउँमा एउटै प्रकारको हुन्छ ।

(घ) राज्य भावात्मक तर सरकार प्रत्यक्ष—राज्य एउटा भावात्मक कल्पना हो, जसलाई मनले मात्र बुझ्न सकिन्छ, तर देख्न सकिन्न । तर सरकारको एउटा आकार हुन्छ र त्यसलाई हामीले प्रत्यक्ष देख्तछौं । राज्य निराकारको हो भने सरकार साकार । अल्फ्रेड जे० सा० का अनुसार—"मुख्य रूपले राज्य एउटा निराकार हो जबकि सरकार साकार । (State is largely an abstraction whereas the government is concrete.)"

(ङ) राज्य भन्दा सरकार सानो संस्था—राज्यअन्तर्गत ती सबै निवासी हरू, संघ समुदाय आदि सबै आउँछ जो यसको सीमाभित्र रहन्छन्, तर सरकार-अन्तर्गत केही व्यक्तिहरू मात्र आउँछन् जो राज्यको प्रशासन चलाउँछन् । यस प्रकारले राज्य सरकारभन्दा ठूलो संस्था हो ।

(च) राज्यमा संम्प्रभुता हुन्छ तर सरकारमा हुँदैन—राज्यका निम्ति आवश्यक तत्त्वहरूमध्ये संप्रभुता मुख्य हो । तर सरकारमा संप्रभुता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुँदैन र राज्यमा सर्वोच्च र असीमित शक्ति निहित हुन्छ, तर सरकारले राज्यद्वारा प्रदत्त गरिएको शक्ति नै उपयोग गर्दछ। सरकारले राज्यद्वारा प्रदान गरिएको शक्तिमा घटी-बढी गर्न सक्तैन, जबकि राज्यले इच्छानुसार आफ्नो शक्तिमा घट-बढ गर्न सक्तछ। राज्य अधिकार र शक्तिहरूको स्रोत हो भने सरकार उपयोग गर्ने साधन। यस प्रकारले राज्य स्वामी हो भने सरकार भृत्य।

(छ) सरकारको विरोध हुन सक्तछ राज्यको होइन :—राज्य अधिकार र शक्तिको स्रोत भएकोले आफ्ना नागरिकहरूलाई पनि अधिकार प्रदान गर्दछ। नागरिकलाई राज्यको विरोध गर्ने अधिकार छैन किनकि जनताहरूबाट नै राज्यको निर्माण भएकोले राज्यको विरोध गर्नु आफ्नै विरोध गर्नु हुन्छ, तर सरकार राज्यले दिएका अधिकारहरू उपयोग गर्ने तथा प्रयोग गर्ने हुँदा सरकारका नाजायज कार्यहरूको विरोध गर्ने नागरिकहरूलाई पूर्ण अधिकार हुन्छ।

(ज) राज्यको लागि सरकार आवश्यक :—राज्य-बिना सरकारको कल्पना गर्न सकिन्न। राज्यका आवश्यक तत्त्वहरूमा सरकार पनि आउँछ तर सरकारको लागि राज्य आवश्यक छैन। जस्तै—भारत स्वतंत्र हुनुभन्दा अघि भारतलाई एउटा राज्य भन्न सकिँदैनथ्यो किनकि राज्यको लागि आवश्यक तत्त्वहरूमध्ये संप्रभुता स्वतंत्र भारतभन्दा पहिले थिएन। तसर्थ भारत एउटा राज्यको रूपमा आउँदैनथ्यो। तर स्वतन्त्रता प्राप्त नभए तापनि भारतमा सरकार थियो, भलै त्यो विदेशी सरकार नै किन नहोस्।

(झ) भू-भाग सरकारको लागि आवश्यक छैन—राज्यको निर्माणको लागि आवश्यक तत्त्वहरूमध्ये भूभाग पनि एउटा हो। तर सरकारको निर्माणको लागि भूभाग हुनुपर्दछ भन्ने आजसम्म कुनै पनि विद्वान्ले लेखेका छैनन्। तसर्थ भुभाग जहाँ राज्यको लागि आवश्यक छ सरकारको लागि आवश्यक छैन।

*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय १०

लोकमत

(Public Opinion)

जनतन्त्रवादको आधुनिक युगमा लोकमतको महत्त्व अझैं बढी हुन गएको छ। आधुनिक युगमा राज्यमा राजनैतिक जीवनका साथै जनताको सामाजिक बौद्धिक तथा सांस्कृतिक जीवनको पनि विकास गर्ने प्रयत्न गर्दछ। सबल तथा प्रभावपूर्ण लोकमत (Public Opinion) को अभावमा लोकतन्त्र सार्थक हुन सक्तैन। लोकमतले राज्यको सर्वोच्च कार्यकारिणी सत्ताको नियन्त्रण यस प्रकारले गर्दछ कि नागरिकहरूको सर्वोच्च कल्याणको वृद्धि होस्। जब देशमा कुनै विषयमा एउटा निश्चित जनमत हुन्छ तब शासन र व्यवस्थापिकाको कार्यहरूमाथि त्यसको प्रभाव पर्दछ। लोकमत व्यवस्थाको एउटा निषेध तत्त्व पनि हो। सजग तथा प्रचुर लोकमत प्रतिनिधिशासनको प्राथमिक आवश्यकता हो। जनतन्त्र लोकमतको शासन पनि भन्दछन्। लोकमतले जनताको रक्षा गर्दछ।

(१) लोकमतको अर्थ (Meaning of Public Opinion) :- जनमत के हो र यसको प्रकृति के हो ? यसको उत्तर बढो गाह्रो छ। जनमतको ठोस र संक्षिप्त परिभाषा दिन सकिन्न। लोकमतका निम्ति धेरै मत भन्न पनि ठीक हुँदैन र एकमत भन्नु पनि ठीक होइन। सम्पूर्ण जनताको एउटा मतलाई पनि जनमत भनिदैन। जनमतको परिभाषा विभिन्न विद्वान्हरूले विभिन्न प्रकारले दिएका छन् :—

प्रो० लिण्डसेका अनुसार—'प्रजातन्त्रमा जनमत एउटा यस्तो वस्तु हो जसको अस्तित्व सदैव विद्यमान रहन्छ, यो समस्त देशका नागरिकहरूको अदृश्य सभा, जसको कार्यकाल सदैव रहन्छ, त्यसलाई प्रभावित गर्दछ र स्वयं प्रभावित हुन्छ (In a democracy, public opinion....is something alwa

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

being influenced and influencing an invisible public meeting of the whole country in perpetual session—Pro. Lindsay.

यो परिभाषा आलंकारिक छ। मिथ्या तथा भ्रामक प्रचार पनि यस परिभाषाअन्तर्गत आउन सक्तछ जसलाई जनमत भन्न सकिन्छ। तार्किक दृष्टिबाट पनि यो परिभाषा उपयुक्त छैन।

बिलोबी तथा रॉजर्सले जनमतको परिभाषा दिँदै लेखेका छन्—"जनमत ती व्यक्तिहरूका विचारहरूको परिणाम हो, सामान्य हितसँग सम्बन्धित निर्णयतर्फ अग्रसर हुन्छन्। (Public opinion is the result of thinking of those persons who are led to form judgements regarding the matters of general interest—Willoughby and Rogers.)" यो परिभाषा तर्कपूर्ण भए तापनि यसमा केही शिथिलता छ।

गिन्सबर्गले जनमतको परिभाषा यस प्रकारले दिएका छन्—"लोकमतको अभिप्राय समाजमा प्रचलित ती विचारहरू तथा निर्णयहरूको समूहसँग हुन्छ जो लगभग निश्चित रूपमा प्रतिपादित हुन्छन् र जसमा केही स्थायित्व हुन्छ र जसलाई मान्ने व्यक्तिहरू यस अर्थमा सामाजिक सम्झिइन्छन् कि ती अनेक मस्तिष्कहरूद्वारा एकसाथ विचार गर्नें परिणाम हुन्। (By Public opinion is thus meant the mass of ideas and judgements operative in a community which are more or less definitely formulated and have a certain stability and are felt by the people who entertain or hold them to be social in the sense they are result of many minds acting common-Pro. Ginsberg.)"

लार्ड ब्राइसका अनुसार "समाजमाथि प्रभाव पार्ने अथवा त्यसका हितहरूसँग सम्बन्धित प्रश्नहरूका विषयमा मनुष्य जो धारणा बनाउँछन् तिनीहरूकै योगको अर्थमा साधारणतया यो शब्द (लोकमत) को प्रयोग गरिन्छ। यस अर्थमा यो सबै प्रकारका भ्रान्त धारणाहरू, विश्वासहरू, कल्पनाहरू अरुचिहरू तथा आकांक्षाहरूको एउटा सम्मिश्रण हो........तर यस विभिन्नता र अव्यवस्थाका बीचमा जसै कुनै प्रश्नले महत्व प्राप्त गर्न थाल्दछ, त्यसका साथै संग्रही-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(i) शिक्षा—साधारण नागरिक सार्वजनिक विषयहरूमा सक्रिय तथा बुद्धिमत्तापूर्ण रुचि लिने तब नै हुन्छ जब देशका सबै नागरिक शिक्षित हुन्छन्। निरक्षरता सामाजिक जीवनको सबभन्दा ठूलो अभिशाप हो उचित तथा पर्याप्त शिक्षाबिना मनुष्यले सामाजिक जीवनमा आफ्नो पूर्ण योगदान दिने क्षमताको विकास नै हुँदैन। शिक्षा-प्रणाली नागरिकहरूको रुचि तथा प्रवृत्तिहरूको अनुकूल हुनुपर्दछ। आदर्श शिक्षा त्यसलाई भनिन्छ जसले मनुष्यको सर्वाङ्गीण विकासमा सहायता गरोस्।

(ii) निर्धनताको उन्मूलन—देशको अधिकांश जनता निर्धन भए पथभ्रष्ट हुने सम्भावना हुन्छ। नागरिकबाट स्वच्छ जनमत निर्माण हुन सक्तैन। निर्धन व्यक्तिको सारा समय रोजी-रोटी को समस्या समाधानमा नै बित्तछ। अतएव निर्धनताको उन्मूलन तथा देशका प्रत्येक नागरिकका निम्ति एउटा न्यूनतम आर्थिक स्तरको व्यवस्था उचित लोकमत निर्माणको लागि अनिवार्य आवश्यकता हो।

(iii) एकता—केही आधारभूत सिद्धान्तहरुका सम्बन्धमा देशका सम्पूर्ण जनता एकमत हुनुपर्दछ। कुनै पनि मानव समुदायमा लोकमतको राजनैतिक क्षमता त्यसै अंशमा हुन्छ, जहाँसम्म ऊ शासनका उद्देश्यहरू र तिनीहरूको प्राप्तिका सिद्धान्तहरूमा एकमत हुन्छ। देशका नागरिकहरूमा हितको सामञ्जस्य हुनुपर्दछ। देशका निवासीहरूमा समान आकांक्षाहरू तथा परम्पराहरूबाट अनुप्राणित हुने क्षमता हुनुपर्दछ। तीनीहरूमा विचारको आदान-प्रदान तथा पारस्परिक सहानुभूति एवं सहिष्णुताको प्रवृत्ति हुनुपर्दछ। संकीर्ण विचारहरूलाई त्याग्न सक्नुपर्दछ। सार्वजनिक कार्य गर्ने उत्साह सबैमा हुनुपर्दछ।

(iv) प्रचारका साधनहरूको निष्पक्षता—देशका छापाहरू निष्पक्ष तथा ईमानदार हुनु आवश्यक छ। समाचारपत्रले धार्मिक, पुँजीवाद, साम्प्रदायिक हितहरूको अधीन हुनु हुन्न, किनकि छापाले जनतामा एउटा धारणा निर्धारित गर्दछ। त्यस्तै प्रकारले रेडियो, साप्ताहिक तथा मासिक पत्र-पत्रिकाहरूले पनि जनमत निर्माण गर्छन्। यी सब साधनहरू निष्पक्ष हुनुपर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(v) राजनैतिक दलको उचित संगठन :—राजनैतिक दलहरू देशका राजनैतिक तथा आर्थिक कार्यक्रमहरूका आधारमा निर्मित हुनुपर्दछ। यदि यी दलहरू क्षेत्रीय तथा साम्प्रदायिक आधारमा गठित भए भने देशमा हिंसा तथा अशान्ति फैलिन्छ। आदर्श जनमत निर्माण हुनुको साटो वर्ग-वर्गबीचमा संघर्ष तथा अशान्ति बढ्दछ।

(vi) स्वतंत्रता :—अल्पसंख्यकहरूलाई उचित र शान्तिपूर्ण उपायद्वारा आफ्नो विचार प्रकट गर्ने स्वतंत्रता हुनुपर्दछ। भाषण प्रकाशन तथा संगठनको स्वतन्त्रता हुनुपर्दछ।

(३) लोकमत निर्माणका साधनहरू (Instruments for formulation and expression of public opinion)

प्रजातन्त्रको सफलता लोकमतको निर्माण तथा उसको अभिव्यक्ति प्रणाली-माथि निर्भर छ। आधुनिक लोकतन्त्रीय शासनमा शासनको निर्वाचिक मण्डल-सँग सम्पर्क तथा निर्वाचिक मण्डलको शासनमाथि नियन्त्रण लोकमतकै माध्यम-बाट हुन्छ। अतएव हरेक लोकतन्त्रीय राज्यमा शासनको सफलता तथा सुचारु-ताका निम्ति लोकमतको निर्माण तथा त्यसको अभिव्यक्तिको पूर्ण स्वतन्त्रता प्रदान गरिन्छ, तर लोकमतको निर्माण-प्रक्रिया धेरै नै जटिल हुन्छ। ब्राइसले लोकमतको निर्माणमा तीन प्रकारका व्यक्तिहरूको हात रहन्छ भनेका छन्। प्रथम ती व्यक्तिहरू, जसको देशको सार्वजनिक जीवनसँग यथार्थ घनिष्ठ सम्बन्ध हुन्छ। यस वर्गअन्तर्गत व्यवस्थापिका सदस्यहरू, पत्रकार तथा सार्वजनिक र राजनैतिक नेताहरू आउँछन्। दोस्रो वर्गमा त्यस्ता व्यक्तिहरू आउँछन्, जो पहिलो वर्गको अपेक्षा केही-निष्क्रिय तर देशको राजनीतिमा रुचि राख्ने हुन्छन्। नागरिक कर्तव्यको भावनाले गर्दा यस वर्गका मानिसहरूलाई सामाजिक विषय-हरूमा उदासीन हुन दिँदैन। तेस्रो वर्गमा त्यस्ता मानिसहरू आउँछन् जो सार्व-जनिक जीवनप्रति उदासीन हुन्छन्। यिनीहरूको आफ्नै कुनै धारणा हुँदैन, अरूका पछि नै लाग्ने हुन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोकमत निर्माणका साधनहरू निम्नलिखित हुन् :—

(i) समाचार-पत्र :—लोकमत निर्माणका साधनहरूमा स्वतंत्र, निष्पक्ष तथा न्यायप्रिय समाचारपत्रहरूको स्थान महत्वपूर्ण हुन्छ । यस्ता समाचारपत्रहरू देशको लागि वरदान हुन्छन् । यी समाचारपत्रहरूले जनताको सार्वजनिक महत्त्वका घटनाहरूको सूचना तथा घटनाहरूका सम्बन्धमा आफ्नो विचार प्रदान गर्दछन् । यस प्रकारले समाचारपत्रहरू वास्तवमा जनतालाई राजनैतिक समाचारहरूबाट अवगत गराउँछन् । समाचारपत्रको माध्यमबाट कुनै पनि व्यक्तिले इच्छानुसार कुनै पनि विषयमा आफ्नो विचार जनताको समक्ष राख्न सक्तछ । यस प्रकार समाचारपत्रले लोकमत निर्माणमा सक्रिय सहायता पुऱ्याउँछ । शासनको गल्ती तथा अनुचित कार्यहरूको समाचारपत्रहरूले आलोचना गर्दछन् । यस प्रकारबाट शासनले लोकमतको प्रदान अनुभव गर्दछ र आफ्नो नीतिमा परिवर्तन गर्दछ ।

गेटेलका शब्दमा—"समाचार पत्रले समाचार र सम्पादकीयको माध्यमबाट यथार्थ विषयको विवेचना र आफ्नो मत प्रकट गर्दछ । (The newspaper through its news and editorial columns presents facts, interpretation and statements opinion—"Gettle.)"

तर समाचारपत्रहरू दलीय तथा साम्प्रदायिक स्वार्थबाट प्रभावित भएका हुन्छन्, जसले गर्दा आदर्श जनमत निर्माण हुन त परै जाओस् द्वेष राग तथा संघर्ष बढाउँछन् । तसर्थ छापाहरू निष्पक्ष हुनु जरूरी छ ।

(ii) सार्वजनिक भाषण :—लोकमतको निर्माण तथा संगठनका सार्वजनिक सभाहरूमा दिएका वक्तव्यको पनि महत्त्वपूर्ण स्थान हुन्छ । सार्वजनिक सभाहरूबाट निरक्षर जनता पनि सार्वजनिक जीवनसँग सम्बन्धित समस्याहरूबाट परिचित हुन्छ । सार्वजनिक हितका कुराहरू सार्वजनिक सभाहरूमा उठाइन्छन् तथा विस्तृत चर्चा गरिन्छ । यसबाट जनताले सार्वजनिक हितका सम्बन्धमा शासनको लापरवाही तथा हठ ज्ञात गर्दछ । यो राजनैतिक शिक्षाको साधन पनि हो । यस प्रकारले सार्वजनिक भाषण लोकमत निर्माणको महत्त्वपूर्ण माध्यम हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(iii) राजनैतिक दल :—लोकमत निर्माणमा राजनैतिक सगठनहरूको महत्त्व कम छैन। राजनैतिक जीवनको आधार आजको युगमा राजनैतिकहरूमा निर्भर छ। विभिन्न दलहरूले जनताका समक्ष आफ्नो उद्‌देश्य राखी चुनाव लड्छन्। भाषण, प्रकाशन आदिबाट जनताले राजनैतिक शिक्षा प्राप्त गर्दछन्। यसबाट जनताको राजनैतिक चेतनाको विकास हुन्छ। सजग लोकमतको निर्माणमा यी राजनैतिक दलहरूको ठूलो हात हुन्छ। गेटेलका शब्दमा "राजनैतिक दलहरू जनमतलाई आफ्नो पक्षमा पार्नका लागि प्रचारको वृहत् अभियान सञ्चालन गर्दछन्। (Political parties carry on extensive campaign of propoganda for the purpose of directing public opinion in favour of their interest—Gettle)

(iv) रेडियो तथा सिनेमा :—शिक्षित तथा अशिक्षित जनतामा रेडियो तथा सिनेमा प्रचारको उत्तम साधन मानिन्छ। रेडियोले गर्दा विचारको आदान-प्रदान तथा धारणाहरूको प्रचार सजिलो हुन गएको छ। रेडियोको माध्यमबाट नेताहरू जनता-समक्ष आफ्नो विचार कुना-कुनासम्म पुऱ्याउन सक्छन्। नेता र जनताको सम्बन्ध आजको युगमा रेडियोको माध्यमबाट सम्भव हुन गएको छ। सिनेमाबाट पनि जनतालाई सामाजिक तथा राजनैतिक घटनाको विषयमा ज्ञान गराउन सकिन्छ। उचित प्रयोग भएका रेडियो तथा सिनेमाले लोकमत निर्माण-मा ठूलो मद्दत दिन सक्तछन्।

(v) शिक्षण संस्थाहरू :—शिक्षण संस्थाहरूमा प्राप्त विचार तथा आदर्शहरूले विद्यार्थीहरूको चरित्र तया भावी राजनैतिक जीवनमाथि अमिट प्रभाव पार्दछ। यी शिक्षण संस्थाहरूले विद्यार्थीहरूमा नागरिक चेतना जागृत गर्दछन् र चरित्र निर्माणमा सहायक हुन्छन्। शिक्षण संस्थाबाट विद्यार्थीले तर्क गर्ने शक्ति विकसित गर्दछ, जो भविष्यमा देशको लागि हितकर हुन्छ। बुद्धि तथा तर्कका बलमा विद्यार्थीहरू, समस्त नागरिकहरूको स्वतन्त्रता तथा अधिकारको लागि लड्न सक्तछन्। यस प्रकारले यी शिक्षण संस्थाहरू ठोस अर्थमा लोकमत निर्माण गर्दछन्। राष्ट्रको चरित्रनिर्माणमा पनि यिनीहरूको महत्त्व कम छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(vi) धार्मिक, सांस्कृतिक तथा अन्य संस्थाहरू :—देशभित्र पाइने आर्थिक सांस्कृतिक तथा अन्य संस्थाहरू पनि लोकमत निर्माणमा सहायक हुन्छन्। हाम्रो जीवन जटिल भएकोले र कुनै पनि व्यक्तिका सबै आवश्यकताहरू स्वयंले पूरा गर्न नसक्ने हुँदा बेग्लाबेग्लै संस्था एवं समुदाय निर्माण गरिन्छ। समान-हितमाथि विचार आदान-प्रदान गर्नको लागि व्यक्ति यी संस्था अथवा समुदाय-हरूमा सम्मिलित हुन्छ। यहाँ व्यक्ति पारस्परिक छलफल तथा तर्कबाट नयाँ-नयाँ विचार उपार्जन गर्दछ। समुदाय अथवा संस्थाहरूले आफ्ना सदस्यलाई मानसिक प्रक्रियाबाट गम्भीरतापूर्वक प्रश्न गर्दछ र यस प्रकारले लोकमत निर्णय-मा महत्त्वपूर्ण भाग लिन्छ।

(vii) निर्वाचन :—निर्वाचन पनि लोकमत अभिव्यक्तिको साधन हो। निर्वाचनको समयमा जनताले देशका राजनैतिक दलहरूद्वारा प्रतिपादित कार्यक्रम तथा नीतिहरूका सम्बन्धमा आफ्नो समर्थन अथवा विरोध अभिव्यक्ति गर्ने मौका पाउँछन्। आजकल निर्वाचन निश्चित कार्यक्रमको आधारमा लडिने हुँदा लोकमत अभिव्यक्तिको एउटा महत्त्वपूर्ण साधन बन्न गएको छ।

(viii) व्यवस्थापिका सभा :—आजको लोकतन्त्रीय युगमा व्यवस्थापिका पनि लोकमत निर्माण तथा अभिव्यक्तिको साधन बन्न गएको छ। संसदमा हुने वादविवादमा जनताले बड़ो रुचि लिन्छन् र यसबाट लोकमत निर्माणमा बडो राम्रो प्रभाव पर्दछ। संसदको प्रकाशित कार्यवाहीले जनतालाई आफ्नो मत निर्माणमा धेरै मद्दत गर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय—११

राज्यको उत्पत्ति

(Origin of State)

राज्यको उत्पत्तिका सम्बन्धमा आजसम्म विद्वानहरू कुनै एउटा निष्कर्षमा पुग्न सकेका छैनन् । इतिहासले राज्य तथा सरकारको स्थापनाका विषयमा वर्णन त गर्दछ, तर प्रारम्भिक अवस्थाका मानिसमा राजनैतिक चेतना कहिले र कसरी भयो तथा कुनै एउटा राजनैतिक संगठन-अन्तर्गत सामूहिक रूपमा कहिले र कसरी शुरू गरे आदि सम्बन्धमा इतिहास मौन नै छ । राज्यको उत्पत्तिको सम्बन्धमा समय-समयमा विद्वानहरूले अनुमान लगाई केही सिद्धान्तहरूको प्रतिपादन गरेका छन् । कुनै सिद्धान्तले दैवी इच्छामाथि बल दिन्छ भने कुनैले शक्ति तथा सामाजिक सम्झौतामाथि । यस प्रकारले राज्यको उत्पत्तिका सम्बन्धमा विभिन्न सिद्धान्तहरूको तल विश्लेषण गरिएको छ ।

(क) दैवी उत्पत्तिको सिद्धांत (Divine Origin Theory)

यो सिद्धान्त राज्यको उत्पत्तिका सम्बन्धमा सबभन्दा पुरानो हो । यस सिद्धान्तका समर्थकहरूले राज्य मानवीय संस्था नभई दैवी संस्था हो भन्ने विचार व्यक्त गरे । भगवान्ले केही व्यक्तिहरू; जो भगवान् प्रतिनिधि थिए, तिनमा आफ्नो इच्छा प्रकट गरे र यी प्रतिनिधिहरूलाई दैवी इच्छा जनतासम्म पुऱ्याउने र जनताबाट आदेशको पालन गराउने व्यवस्था गराए । यस प्रकारले सुव्यवस्था तथा आज्ञापालनका साथै-साथै राज्यको जन्म भयो । भगवान्का प्रतिनिधि भएकाले यी शासकहरूको उत्तरदायित्व एकमात्र ईश्वरप्रति थियो । उनीहरूको इच्छा दैवी इच्छा थियो । उनीहरूको आज्ञा-पालन देवी आज्ञा-पालन थियो तथा उनीहरूको आज्ञा उल्लंघन दैवी आदेशको अवहेलना थियो । यस प्रकारले शासकको आदेश पालन धार्मिक कर्त्तव्य थियो तथा आज्ञाको उल्लंधन पाप सम्झिइन्थ्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राचीन कालमा चीन, फारस, मिस्र तथा यूरोपका केही देशहरूमा पनि यही धारणा प्रचलित थियो। यूनानीहरू पनि राज्यलाई प्राकृतिक संस्था नै भन्दथे। वाइबिलमा लेखिएको छ—"प्रत्येक आत्मा उच्चतर शक्तिको अधीन रहनुपर्दछ कि ईश्वरको शक्ति-वाहेक अरू कुनै शक्ति छैन। सबै सांसारिक शक्तिहरू ईश्वर प्रदत्त हुन्। तसर्थ कसैले उसको अवज्ञा गर्दछ भने उसले दैवाज्ञाको उल्लंघन गर्दछन् र जुन व्यक्तिहरूले उल्लंघन गर्दछन् तिनीहरूमाथि भगवान्‌को श्राप लाग्नेछ।" मध्ययुगमा पोप तथा रोमन साम्राज्यको बीचमा यस सम्बन्धलाई लिएर बड़ो ठलो संघर्ष भयो। किनभने दुवै लौकिक क्षेत्रमा ईश्वरको प्रतिनिधित्वको दावा गर्दथे र राज्यको दैवी उत्पत्तिको सिद्धान्तलाई प्रतिपादित गरे। इङ्गल्याण्डले १७ रौं शताब्दीका राजाको दैवी अधिकारको धारणालाई जन्म दियो र इङ्गल्याण्डका राजा जेम्स प्रथमले यस सिद्धान्तको आधारमा राजाका अधिकार यस प्रकारले व्यक्त गरे—"ईश्वर के गर्न सक्तछ, यस विषयमा वाद-विवाद नास्तिकता तथा अधर्म हो, त्यस्तै प्रकारले राजा के गर्न सक्तछ अथवा राजाले यो चाहिं गर्न सक्तैन भनी प्रजाले वाद-विवाद गर्नु वास्तवमा धृष्टता र अवज्ञा हो।" जेम्स प्रथमले त यहाँसम्म भनेका थिए कि—"राजा पृथ्वीमा ईश्वरको सजीव मूर्ति हो, राजाको राजसत्ता ईश्वर-प्रदत्त हो। जो राजाको विरोध गर्दछ त्यसले ईश्वरको विरोध गर्दछ।" फ्रांसको राजा लुई १४ औं पनि यस सिद्धान्तका समर्थक थिए। उनी भन्ने गर्दथे—"म नै राज्य हुँ" (I am the State)।

हिन्दू ग्रन्थमा पनि खास गरी महाभारतको शान्तिपूर्वमा लेखिएको छ "जब समाजमा पारस्परिक संघर्षले गर्दा अराजकता फैलियो तब जनताले भगवान्‌सित प्रार्थना गरे र परमात्माले शान्ति स्थापनाको लागि पृथ्वीमा प्रतिनिधि पठाए। यस प्रकारले राज्यको उत्पत्ति भयो।" भगवद्गीतामा श्रीकृष्णले स्पष्टसँग भनेका छन्—"मानिसमा म नै राजा हुँ।" प्राचीन कालमा यो सिद्धान्त ज्यादै प्रचलित थियो। यस सम्बन्धमा डा० आशीर्वादमूले लेखेका छन्—"अराजकताको विरूद्ध सिद्धान्त एउटा दैवी सिद्धान्त हो।" दैवी सिद्धान्तका कट्टर समर्थक ईसाईहरूका धर्म गुरु सन्त पालले लेखेको छन्—"प्रत्येक आत्माले सर्वोच्च शक्तिको अधीन रहनुपर्दछ किनकि ईश्वरको अतिरिक्त अरू कुनै शक्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैन । सबै सांसारिक शक्तिहरू ईश्वर-प्रदत्त हुन् । अतएव जसले त्यसको अवज्ञा गर्दछ उसले दैवज्ञाको अवज्ञा गर्दछ । जुन व्यक्तिले यस्तो गर्दछ त्यसलाई ईश्वरले श्राप दिन्छन् ।" "Let every soul be subject unto the higher powers; for there is no power but of God, the power that we are ordained by God. Whose over resisteth the power resisteth the ordiance of God and they that resist shall receive to themselves damnation."

यस सिद्धान्तको आलोचना—(i) यो सिद्धान्त अनैतिहासिक, अनुभवहीन र तर्कहीन छ । आधुनिक युगमा कतिपय विद्वानहरूले यो सिद्धान्त गरिदिएका छन् कि राज्यको उत्पत्ति दैवी इच्छाबाट भएको हैन कि व्यक्तिहरूको फलस्वरूप नै भएको हो । राज्यको निर्माण मानिसले नै गर्दछन् भगवान्‌ले होइन ।

(ii) यो सिद्धान्त भ्रामक र सारहीन छ । ईसाईहरूको धर्मग्रन्थ बाइबिलमा यस्ता अनेक ठाउँहरूमा राज्य मनुष्यकृत हो भन्ने संकेत पाइन्छ ।

(iii) यस सिद्धान्तले राजालाई सर्वशक्तिमान बनाइदिन्छ तथा जनतालाई राजाको विरुद्ध कुनै अधिकार दिँदैन, जसले गर्दा निरंकुशताले प्रोत्साहन पाउँदछ । क्रूर तथा कठोर राजाहरूको शासनमा सधैं पिसिइरहनु आजको प्रजातान्त्रिक सिद्धान्तको विरूद्ध हो ।

(iv) गीता, महाभारत, मनुस्मृति तथा कौटिल्यको अर्थशास्त्रमा अत्याचारी राजाको विरोध गर्नुपर्छ भन्ने स्पष्ट उल्लेख छ । तसर्थ अत्याचारी राजालाई ईश्वरको प्रतिनिधि मानो उसको आज्ञापालन गर्नुको अर्थ हो ईश्वरकै अपमान ।

(v) ईसाईहरूको धर्मग्रन्थमा पनि दैवी सिद्धान्तको विरोधमा तर्क पाइन्छन् । गिलक्राइष्टले लेखेका छन्—"न्यू टेष्टामेन्टमा दैवी सिद्धान्तका विरुद्ध धेरै कुराहरू लेखिएका छन् ।" ("In the new Testament more over there is much against the Divine Theory.)"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(vi) धार्मिक क्षेत्रमा राजनैतिक सिद्धान्त लागू गर्न ठीक हुँदैन। फिग्सले लेखेका छन्—"यदि हाल यस सिद्धान्तले मान्यता पाएको छ भने त्यसको कारण धर्म तथा विश्वास नै हो। तर धर्म-सम्बन्धी कुराहरू केवल अध्यात्मिक नै हुन्, राजनैतिक होइनन्" ("If at present time, the theory finds little acceptance, it is because is general belief that reason should reign supreme of the faith....should relate exclusively to matters spiritual.)"

दैवी सिद्धान्त तर्कसंगत नभए तापनि सामाजिक विकासको प्रारम्भिक युगमा यसले समाजमा एउटा व्यवस्था स्थापित गर्नमा महत्त्वपूर्ण योगदान दियो। साथै यस सिद्धान्तले राज्यको एउटा नैतिक उद्देश्य हुन्छ भन्ने कुरामाथि पनि बल दियो। दैवी सिद्धान्तले प्राचीन तथा मध्ययुगमा राजनीति र धर्मका वरिष्ठ सम्बन्ध थियो भन्ने कुरा पनि स्पष्ट गर्दछ।

(ख) शक्ति सिद्धान्त (The force theory) :—राज्यको उत्पत्तिको सम्बन्धमा व्याख्या गर्ने अर्को एउटा प्राचीन सिद्धान्त छ, त्यो हो शक्तिसिद्धान्त। यस सिद्धान्तले राज्य तथा सरकार दुवैलाई शक्तिको आधारमा नै उत्पत्ति भएको मान्दछ। मानव सभ्यताको विकासको प्रारम्भिक कालमा शक्तिशाली व्यक्तिले दुर्बल व्यक्तिमाथि आफ्नो बल प्रयोग गरी अधीन पार्दथे। यस प्रकारले बलशाली व्यक्तिहरूले निर्बलहरूलाई जितेर एउटा जाति बन्यो र त्यो शक्तिशाली व्यक्ति ती निर्बल जातिको नेता बन्यो र पछि गई अन्य निर्बल व्यक्तिहरूमाथि अधिकार जमाउँदै गयो। यस प्रकारको विजय तथा अधीनताले यस प्रक्रियाबाट राज्यको उत्पत्ति भयो। लिकाकको अनुसार—"राज्यको उद्‌गम मनुष्यद्वारा मनुष्यलाई बन्दी तथा कमारा बनाएपछि निर्बल जातिको पराजय एवं अधीनता र साधारणतया उच्चतर पशुबलद्वारा प्राप्त स्वार्थपूर्ण स्वामित्वमा खोज्नुपर्दछ। जातिबाट राज्य, राज्यबाट साम्राज्यको विकास यसै प्रक्रियाको परिणाम मात्र थियो।" (Historically it means that the government is the outcome of human aggeression, that the beginnings of the State are to be sought in the capture and inslavement of

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

man by man in the conquest and subjugation of feebler tribes, and generally speaking in the selfseeking dominion accquired by superior physical force.) यस प्रकारले जसको शक्ति उसको भक्तिबाट नै राज्यको उत्पत्ति भयो। यस सिद्धान्तका प्रतिपादकहरूमा मैकियावेली, ह्यूम, ओपेनहिम, जंक्स तथा लिकाक मुख्य हुन्। ओपेनहिमका अनुसार—"राज्यको लक्ष्य निर्बलहरूको आर्थिक शोषण हो।" डेभिड ह्यूमको अनुसार "युद्धकालीन नेताले शान्ति स्थापित भइसकेपछि पनि जब अरू समूहहरू-माथि आफ्नो अधिकार स्थापित गऱ्यो तब राज्यको उत्पत्ति भयो।"

राज्यको-उत्पत्ति सम्बन्धी शक्तिसिद्धान्तका विभिन्न विद्वानहरूले गरेको व्याख्यालाई हामी निम्नलिखित रूपमा व्यक्त गर्न सक्छौं—

(i) मध्यकालीन यूरोपमा ईसाई चर्चका विचारकहरूले राज्यको प्रकृति-माथि प्रकाश हाल्नको लागि यस सिद्धान्तको प्रतिपादन गरे। यी ईसाई पादरी-हरूले राज्यको सत्ता खण्डन गर्ने उद्देश्यले राज्य पाशविक बलको परिणाम हो तथा चर्च दैवी उत्पत्तिको फलस्वरूप भएको हो भने। पोप ग्रेगरी सप्तमले लेखेका छन्—"राजा तथा सामन्तहरूको उत्पत्तिको सम्बन्ध ती व्यक्तिहरूसँग छ जसले ईश्वरलाई बिर्सेर अहंकार, लूटपाट, विश्वासघात, हत्याद्वारा आफ्ना साथीहरू-माथि शासन स्थापना गर्न सफलता प्राप्त गरे।" यस प्रकारले आफ्नो अधीनता सिद्ध गर्नको लागि यो दावा गर्दथे कि राज्य शक्तिबाहेक केही होइन। जनता राज्यको अधीन हुन्छ। राज्यले तिनीहरूमाथि बल प्रयोग गर्दछ। यो वास्तवमा "आदमको वंशजलाई ईश्वरको दण्ड हो।"

(ii) यस सिद्धान्तको व्याख्या गर्ने विचारकहरूका अनुसार "शक्तिको शासन प्रकृतिका नियम हो।" लूडविक वानहालका अनुसार 'सबलहरूद्वारा निर्बलमाथिको शासन सबै प्राकृतिक विभागहरूको नियम हो। प्रकृतिमा हामी देख्तछौं कि निर्धालाई बलियाले दबाउँछन्। यस्तै प्रकारले राज्य पनि बलिया-हरूको निर्धामाथिको शक्ति प्रयोगबाट नै उत्पन्न भएको हो। नभन्दै व्यक्तिवादी सिद्धान्तका प्रतिपादक हर्बर्ट स्पेन्सरले पनि राज्यलाई "अनैतिक तथा अनाचारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्थामध्ये र विकासका प्रारम्भिक अवस्थामा फैलिएको अराजकता तथा लूटपाट रोक्नलाई नै राज्यको स्थापना गरिएको हो" भने। स्पेन्सरको व्यक्तिवादी सिद्धान्तमा पनि शक्ति-सिद्धान्त पाइन्छ।

(iii) समाजवादी विचारहरूमा मार्क्स, एंजिल्स आदि विद्वानले पनि बलवान्द्वारा निर्बलको अत्याचारपूर्ण शोषण प्राचीन कालका सबैं शासनको आधार हो भनेका छन्। राज्य सबै अन्य वर्गहरूमाथि शासन गर्ने उद्देश्यले स्थापित एउटा अहिंसापूर्ण वर्ग संगठन हुँदै आएको छ। वर्तमान सरकारहरू पनि त्यस शक्तिमूलक संगठनको नै प्रतिनिधित्व गर्दछन्, जसको प्रधान उद्देश्य श्रमिकवर्गलाई बाँधेर राख्नु हो। लेनिनका शब्दमा "राज्य जनसंख्याको अधिकांश भागमाथि शासन गर्ने पूँजीपतिहरूको हातमा शोषणको साधन हो।" (The State is the instrument of exploitation in the hands of capitalists who rule over the majority of the popultaion.)"

ट्रँटस्की तथा हेगेल जस्ता केही विद्वानहरूले पनि राज्यको नैतिक सार्थकता सिद्ध गर्नको लागि यस सिद्धान्तको समर्थन गरेका छन्। ट्रँट्स्कीका अनुसार राज्य आक्रमण गर्नु तथा रक्षा सार्वजनिक शक्ति हो, जसको पहिलो उत्तरदायित्व युद्ध सञ्चालन तथा न्यायको व्यवस्था गर्नु हो। राष्ट्रहरूको शाश्वत संघर्षमा नै इतिहासको वैभव निहित छ, झगड़ाहरूका निर्णयको लागि शस्त्र-अस्त्रको माध्यमको मान्यता इतिहासको अन्तसम्म बनिरहन्छ।" ("The grandure of history lies in the perpetual conflict of nations" and "The appeal to arms will be valid until the end of history.") जनरल फॅन वनहाडंका शब्दमा—"शक्ति नै सर्वोच्च अधिकार हो र उचित अनुचितको विवादको निर्णय युद्धद्वारा नै हुन्छ। युद्धको निर्णय मनोवैज्ञानिक दृष्टिले पनि ठीक छ, किनकि यसको निर्णय वस्तुको मूल प्रकृतिमाथि आधारित छ।" (Might is the supreme right, and disputes to what is right is decided by the arbitrament of war. War gives a biological just decision, since its decisions rest on the very nature of things.) हिटलर तथा मुसोलिनीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यिनै विचारहरूलाई कार्यमा परिणत गरे ।

(i) यस सिद्धान्तको आलोचना :—यो कुरा त तथ्य हो कि राज्यको विकासको सञ्चालनमा शक्तिको तत्त्व सधैं महत्त्वपूर्ण रहँदै आएको छ । धेरैजसो प्राचीन तथा अर्वाचीन राज्यहरूको स्थापना युद्धको परिणामस्वरूप नै भएको हो र यी राज्यहरूको आन्तरिक क्षेत्रमा आफ्नो आदेश पालन गराउनका निम्ति तथा बाह्य क्षेत्रमा आक्रमणबाट रक्षा गर्न र आफ्नो अस्तित्व कायम राख्न सदा शक्तिकै आवश्यकता पर्दै आइरहेछ । शक्तिका भावनाले कुनै पनि राज्यले धेरै कालसम्म आफ्नो सत्ताको रक्षा गर्न सक्तैन । तर राज्यको उत्पत्ति खालि शक्तिले नै भयो भन्नु तर्कसंगत कुरो होइन । तत्त्वहरूमा शक्ति पनि एउटा हो, तर शक्ति नै सर्वेसर्वा होइन । लिकाकको शब्दमा "शक्ति-सिद्धान्तको भूल हो कि जुन् वस्तु समाजको विकासमा खालि एउटा तत्त्व मात्र रह्यो यस सिद्धान्तले एकमात्र निर्णायात्मक तत्त्वको ठूलो आकार दियो ।" (The theory of force errs in magnifying what has been only one factor in the evolution of society into the sole controlling force)"

(ii) कान्टका अनुसार :—"चोर तथा लुटेराहरूको समाजमा पनि न्याय तथा औचित्यको अस्तित्व हुन्छ, अन्यथा यो समाज एक दिनमै टुट्तछ ।" तसर्थ यो भन्नु कि "समाज अथवा राज्य खालि शक्तिकै आधारमा टिकेको छ" सर्वथा असंगत तथा कुतर्कपूर्ण हो ।

(iii) राज्यको स्थायी आधार शक्ति होइन अपितु जनताको इच्छा हो । जनताको इच्छाभन्दा बाहिर राज्यको अस्तित्व धेरै दिन टिक्न सक्तैन । जनताको इच्छा विपरीत जाने राज्य एक दिन न एक दिन धराशायी हुन्छ । गिलक्राइस्टले लेखेका छन्—"जोर-जबर्जस्तीको अधिकार राज्यको एउटा कसौटी हो, तर सार होइन । यदि यो नै राज्यको सार भन्ने हो भने जबसम्म शक्ति रहन्छ तबसम्म मात्र उसको अस्तित्व रहन्छ । शक्तिको विवेकहीन प्रयोग सबै क्रान्तिहरूको अग्रदूत रहँदै आएको छ । राज्यको स्थायी आधार नैतिक बल हो । नैतिक शक्ति त्यति नै स्थायी हुन्छ जति कि मानव मस्तिष्क जसमाथि उ आश्रित रहन्त ।" (Coercive power is a criterion of the

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

State, but not its essence........If it becomes the essence of the State it can last so long as might can last. In disc-riminate use of force has bnen the forerunner of all rev-olutions. Moral force is the permanent foundation of the State, Might withe right is as lasting as human minds on which it depends.) शक्तिलाई राज्यको आधार मान्ने हो भने सधैं संघर्ष नै भइरहने छ। दुनियाँमा कहिल्यै शान्ति स्थापित हुनेछैन। तसर्थ ग्रीनले लेखेका छन्—"राज्यको स्थायी आधार शक्ति होइन, जनताको इच्छा हो," ("Will, not force is the basis of State.)" राज्य एउटा स्थायी संस्था हो, तर शक्ति सदा अस्थायी रहन्छ। शक्तिलाई राजाको दृढ़ आधार त्यस वेला मान्न नकिन्छ जब त्यसको साथै अधिकारको पनि योग हुन्छ। टि० एच० ग्रीनले बडो घतलाग्दो शब्दमा लेखेका छन्—"राज्यको निर्माणले साधारण जोर-जबर्जस्ती गर्दैन बरु त्यस्तो जोर-जबर्जस्ती गर्दछ जसको प्रयोग लिखित तथा अलिखित कानूनअनुसार आन्तरिक तथा बाह्य आक्रमणबाट नागरिकहरूका अधिकारको रक्षाको निम्ति प्रयोग गर्दछ।" ("It is not coercive power as such but coercive power exercised according to law, written or unwritten, for the maintenance of the existing right of the citizens from internal and external invasions that make a State.)"

(iv) शक्ति सिद्धान्तका समर्थकहरूले शक्तिलाई प्रकृतिको नियक ठान्दछन् किनकि प्रकृतिमा नै संघर्ष छ। ठूलो जीवले सानोलाई दबाउँछ। त्यस्तै प्रकारले यस सिद्धान्तलाई मान्ने विद्वान्हरूले पनि राज्यको उत्पति प्रकृतिकै आधारमा माने। अन्य जीवहरू जीवनको लागि संघर्ष गर्दछन् जबकि मानिसको संघर्षको उद्देश्य आदर्श-जीवन हो। मानिसले सदा प्रकृतिमाथि विजय गर्दै आइरहेको छ, तर ऊ स्वयं प्रकृति नभई पकाएको भोजन, वस्त्र तथा गृहको त्याग गर्न सक्तैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(v) शक्ति सिद्धान्तवादीहरूले शक्तिलाई ठूलो गुण माने र दुर्बलता-एउटा अभिशाप; तर अधिकार विनाको शक्ति स्वतन्त्रताको शत्रु हुन्छ। पुनः मानिसको बल बुद्धि हो। शक्ति त गौण कुरा हो। बुद्धिले नै गर्दा मानिस र पशुहरूमा फरक पाइन्छ। तसर्थ शक्तिलाई कुनै पनि हालतमा एकमात्र तत्त्व मान्न सकिन्न।

(vi) आधुनिक युगमा राज्यले सक्ति सञ्चय त गर्दछ। तर प्रयोग बहुतै कम गर्दछ। आधुनिक युगमा शक्तिको स्थान जनमत, देशप्रेम, कर्त्तव्य भावना, आदेशपालन आदिले लिएका छन्। राज्यको आधार शक्ति होइन बरु राजनैतिक बल हो।

उपर्युक्त विवेचनबाट राज्यको उत्पत्ति एकमात्र शक्तिबाट नै भएको हो भन्ने कुरामा कोही पनि सहमत छैनन्। तथापि शक्ति-सिद्धान्तमा केही सत्यता जरूर छ। ब्लण्टशीलीले भनेका छन् कि "यस सिद्धान्तमा सत्यको केही अंश छ किनकि यो एउटा यस्तो तत्त्वलाई प्रधानता दिन्छ जो राज्यका निम्ति आवश्यक छ र यसैले यस सिद्धान्तको सम्झौताको सिद्धान्तभन्दा बढी मान्यता छ।"

(ग) सामाजिक सम्झौताको सिद्धान्त (Social Contract Theory)—यस सिद्धान्तअनुसार राज्य एउटा सम्झौताको परिणाम हो, जसलाई प्रकृतिको अवस्था (State of Nature) मा रहने मानिसहरूले स्वेच्छापूर्वक स्थापना गरेका थिए। यस सिद्धान्तका प्रतिपादकहरूले मानव इतिहासलाई दुई कालमा विभाजित गरेका छन्।

(i) प्रकृतिको अवस्था जसमा राज्यको अभाव थियो, र

(ii) सम्झौतापछिको अवस्था जसमा नागरिक, समाज तथा राज्यको प्रादुर्भाव भयो।

यूरोपमा सर्वप्रथम यूनानी दर्शनमा यस सिद्धान्तको झलक पाइन्छ। सोफिस्टहरूमा ए० पी० क्यूरक्नेलले यस सिद्धान्तलाई समर्थन गरे। ११ रौं शताब्दीमा मेनीकोल्हले यस सिद्धान्तको प्रतिपादन गरे। मध्ययुगमा तीन दार्शनिकहरूमा एक्वीनास, निकोलस अफ क्यूजा आदिले यस सिद्धान्तको उल्लेख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेका थिए। तर यी सिद्धान्त १६ ह्रौं शताव्दीको अन्तिम चरणमा तथा १७ र १८ रौं शताव्दीमा निश्चितरूपले देखापऱ्यो। रिकार्डो, ह्यगो, ग्रासस, मैन्यु प्यूकेण्डार्क, स्पिनोजा आदि विचारकहरूले कुनै कुनै रूपमा समर्थन गरे। सिद्धान्तलाई निश्चितरूपले प्रबल समर्थन गर्नेहरूमा हॉब्स, लाक, रूसो छ यीनै विचारकहरूकी विचार तल वर्णन गरिएको छ।

हॉब्स :—हॉब्सले १६४२-५१ सम्म चलेको गृहयुद्ध आफ्ना आं देखेका थिए। उनी चार्ल्स द्वितीयका शिक्षक पनि थिए। १६५१ ई० उनले लेखेका पुस्तक 'विभाजन' प्रकाशित भयो। यसै पुस्तकमा उनले सा जिक सम्झौताको व्याख्या गरेका छन्। हॉब्सको विचारलाई दुई भा बाँड्न सकिन्छ।

(i) प्राकृतिक अवस्था र (ii) सम्झौता।

(i) प्राकृतिक अवस्था (State of Nature)—उनी निरं शासनका समर्थक थिए। तसर्थ उनले प्राकृतिकको अवस्थाको चित्रण धे धमिलो रूपमा खिचे। मानिस एउटा लम्पट स्वार्थी प्राणी हो। मा सामाजिक छ र अरू मानिसहरूको बीचमा उसलाई कुनै प्रकारको आनन्द अनुभव हुँदैन। उनको विचार अनुसार मानिसका सबै कार्यको प्रेरणा दुइटा प्रमुख उद्देश्य हुन्छन्—ती हुन् स्वार्थ तथा भय। मानिसले जे स्वार्थवश गर्दछ र जे गर्दैन भयले गर्दा। प्राकृतिक अवस्थामा मानिस स्व जीवन व्यतीत गर्दथ्यो। उनीमाथि कुनै सत्ताको नियन्त्रण थिएन। उ परस्परमा सधैं संघर्ष गरिरहन्थे। सामान्य वस्तुहरूको प्राप्तिको लागि संघर्ष नै हुन्थ्यो। यस्तो अवस्थामा कला, शिल्प, सम्पत्ति अथवा अरु सुविधा सम्भव थिएन। हॉब्सकै शब्दमा "प्राकृतिक अवस्थामा मानिसको एकाकी, असम्पन्न, कठिन पाशविक तथा क्षण-भंगुर थियो।" ("The li man in the State of Nature was solitary; poornasty, bru and short.)"

(ii) सम्झौता :—हॉब्सको ममता यी झगडालु मानिसहरूमा र सुव्यवस्थाको स्थापना केवल कुनै यस्तो सत्ताद्वारा नै हुन सक्थ्यो ज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जोर-जबर्दस्ती गर्ने अधिकार होस् । यस प्रकारले एउटा सामान्य सत्तालाई जन्म दिन एउटा उपाय मात्र थियो त्यो थियो कि सबै व्यक्तिले आफ्नो-आफ्नो शक्ति कुनै एउटा व्यक्ति अथवा व्यक्ति-समूहलाई सुम्पोस्, उसले सबैको इच्छालाई एउटा इच्छामा परिवर्तित गरिदिने क्षमता राखेको होस् । हॉब्सले यस्तै विचार प्रकट गरेको छ । उसको विचार-अनुसार सबै मानिसहरूले मिलेर आफ्नो सम्मिलित व्यक्तित्वको बहन गर्न एउटा व्यक्ति अथवा व्यक्ति-समूहलाई नियुक्त गरेर प्रत्येक व्यक्तिले यो निधो गरे कि यस प्रकार नियुक्त गरिएको व्यक्तित्व बहन गर्ने व्यक्ति सामान्य शान्ति तथा सुरक्षाका सम्बन्धमा जे गर्दछ अथवा जे गर्ने आदेश दिन्छ त्यसको उत्तरदायित्व प्रत्येक व्यक्तिमाथि हुनेछ । यसरी हॉब्सको समझौता प्रत्येक व्यक्तिको इच्छा-त्यस नियन्त्रणकारी सत्ताका अधीन छ तथा व्यक्तिले आफ्नो विवेकलाई त्यो व्यक्तिको अधीन गरिदिन्छ । हॉब्सकै शब्दमा मानौं प्रत्येक मानिसले प्रत्येक अन्य मानिससँग भन्दछ—"म स्वयं आफ्नो शासन गर्ने अधिकार यस व्यक्ति अथवा व्यक्ति-समूहलाई प्रदान गर्दछु, तर शर्त यो छ कि तिमी पनि आफ्नो यस अधिकारलाई मेरो जस्तै यस व्यक्ति अथवा व्यक्ति-समुहलाई प्रदान गर्न तयार छौं।" (I authorize and give up my right of governing myself to this man or to this assembly of men on this condition that thou givest thy right to him and authorize all his actions in like manner.)

यस समझौताको परिणामस्वरूप समाज तथा राज्य दुवैको स्थापना भयो । यस प्रकारले स्थापित राज्य सर्वशक्तिसम्पन्न थियो र मानिसलाई यसको विरुद्धमा कुनै प्रकारको अधिकार थिएन । यदि राज्यले सचिव शासन नगरे तापनि व्यक्तिलाई विरोध गर्ने अधिकार थिएन । किनकि मूल समझौता-अनुसार मानिसले आफ्नो सबै अधिकार दिइसकेको थियो । राज्य कुनै विशेष प्रणाली-अनुसार शासन गर्न वाध्य थिएन । शासक प्रभुत्व सम्पन्न थियो तथा प्रजामाथि उसलाई 'असीमित अधिकार प्राप्त थियो । राज्य-सत्ताको विरुद्ध विद्रोह गर्ने मानिस मौलिक समझौतालाई भंग गर्ने अपराधी मानिन्थ्यो । शासकको आदेश नै कानून हुन्थ्यो र कानून निर्माणमा उसलाई असीमित शक्ति प्राप्त थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जॉन लाक—जॉनलाक इंगल्याण्डमा भएको १६१८ ई० को गौरव राज्य-क्रान्तिको दार्शनिक थिए। उनले जनताको निर्णयलाईं अन्तिम नि माने। "Two Treaties on Civil Government" नामक पुस्तक लॉकले-आफ्ना विचारहरू व्यक्त गरेका छन्। लॉकले राज्यलाई एउ मानवीय संस्था मानेको छ र त्यसको आधार जनताकै सहमति र प्रभुत्व निहित छ।

(i) प्राकृतिक अवस्था—लॉकले पनि प्राकृतिक अवस्थाको कल्पना गरे छ, तर हॉब्सको प्राकृतिक अवस्थाभन्दा लॉकको प्राकृतिक अवस्थाको चित्र पूर्णतया भिन्न छ। लॉकको भनाई-अनुसार प्राकृतिक अवस्थामा सुख र शान्ति थियो। मानिसहरू शान्तिपूर्वक रहन्थे। यस अवस्थामा पनि मानिस असाम जिक थिएन। स्वभावतः मानिस कलहप्रिय थिएनन्, तर स्वार्थी थिए। ख पिउनलाई प्रशस्त साघन थियो। मानिसको आवश्यकता असाध्य कम थियो मानिस आफ्नो विवेक र बुद्धिले प्राकृतिक नियमहरूको पालन गर्दथे। लॉक शब्दमा 'प्राकृतिक अवस्था शान्ति, पारस्परिक सहयोग, सद्भावना र संरक्षण अवस्था थियो।' (The State of Nature was one of peace, goo will, mutual assistance and preservation) तर यस अवस्थामा के असुविधा थिए। कानूनको कुनै सुनिश्चित अथवा सुस्थापित व्यवस्था थिए जसबाट उचित अनुचित छुट्याउन सकियोस्। प्रत्येक व्यक्ति आफ्नो आफ्नो र अनुसार कार्य गर्दथे। तर त्यसको सामान्य तथा निश्चित स्वरूप थिएन निष्पक्ष न्यायाधीशहरूको अभावमा प्रत्येक व्यक्ति आफ्नो अपराधको स्व निर्णय गर्दथे। यस्तो परिस्थितिमा पूर्णतया नैतिक तथा न्यायपूर्ण जीव सम्भव थिएन।

(ii) सम्झौता—प्राकृतिक अवस्थाका उपरोक्त असुविधाहरूले ग त्यस समयका मानिसहरूले यस्तो अवस्थाबाट छुटकारा पाउनको निमित्त दु किसिमको समझौता गरे—

(i) एउटा सामाजिक समझौता गरे, जसमा यो निश्चित गरियो कि प्रा तिक अवस्था त्यागेर संगठित नागरिक जीवन व्यतीत गर्ने।

(ii) दोस्रो सम्झौता-अनुसार सरकारको निर्माण गरे। यस सम्झौत अनुसार एउटा व्यक्तिलाई न्याय गर्ने, दण्ड दिने तथा कानून बनाउने अधिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिइयो । लॉकको सम्झौतामा जनताले केवल दुईटा अधिकारहरूको मात्र त्याग गरेका थिए । लॉकले यो प्रमाणित गर्ने कोशिश गरेको छ कि जनताको सहमतिबाट स्थापित कानून निर्माण गर्ने संस्थामाथि केही प्रतिबन्धनहरू हुन्छन्, जस्तै— स्वेच्छापूर्ण आदेश दिन सक्तैन, जनताको सहमति नभई जनतामाथि कर लाउन सक्तैन र आफ्नो सत्ता अरू कसैलाई हस्तान्तरित गर्न सक्तैन । यी सीमाहरूलाई उलंघन गर्ने शासनको विरुद्ध जनताले क्रान्ति गरी अर्को शासन स्थापित गर्न सक्तछन् । हॉब्सको विरुद्ध लॉकले यो स्वीकार गरेको छ कि शासनको अन्त्यबाट राज्य तथा समाजको अन्त्य हुन सक्तैन ।

लॉकको सम्झौता-अनुसार एउटा राजनैतिक समाजको स्थापना भयो । एकपल्ट स्थापित समुदाय पुनः नष्ट हुन सक्तैन, दोस्रो वहुमतद्वारा नियमन । यस प्रकारले सम्झौताद्वारा राज्य उत्पत्ति भयो र समाजको एउटा व्यक्ति अथवा व्यक्ति-समूहलाई सबै व्यक्तिहरूले अधिकारको भार सुम्पे, तर शासक वर्गलाई यो अधिकार बिनाशर्त दिइएको थिएन । त्यस सम्झौतामा यो शर्त थियो कि जबसम्म शासक आफ्ना कर्तव्यको पालन गर्दछ तबसम्म आफ्नो पदमा रहिरहनेछ । कर्तव्य-च्युत हुनेबित्तिकै समाजले उसलाई हटाउन सक्नेछ । लाककै शब्दमा—"समझौताद्वारा न्यायिक शक्ति जो जनताको इच्छामा आधारित थियो, त्यो नै सर्वोच्च भयो । प्राकृतिक अवस्थाको समयमा जुन शक्ति सरकारलाई दिइयो, त्यो जनताको भलाइका लागि प्रदान गरियो ।" ('Through contract legislative power constituted by the consent of the people became the supreme power, but it is not nature of a fruit and embraces only powers as are transferred at the time of change from State of Nature.) .

रूसो :—रूसोको विचारधारामा तत्कालीन फ्रान्सको स्थिति यथार्थरूपमा प्रतिबिम्बित भएको पाइन्छ । रूसोको विचारले त्यस युगलाई नै प्रभावित गऱ्यो । रूसो सामाजिक विशेषाधिकारहरूको पूर्णतया उन्मूलन चाहन्थ्यो । किसान, श्रमिक र मध्यम वर्गलाई समान अधिकार प्राप्त होस् भन्ने इच्छा गर्दथ्यो, उसले जनतन्त्रवाद र पूर्णसमानतालाई आफ्नो आदर्श बनायो । उसले लेखेका पुस्तकहरूमा १७६२ ई० मा प्रकाशित पुस्तक "सामाजिक सम्झौता" (Social Contract) सबभन्दा महत्वपूर्ण छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(i) प्राकृतिक अवस्था :—रूसोले पनि काल्पनिक प्राकृतिक अवस्था आफ्नो राजनैतिक सिद्धान्तको आधार मान्यो। रूसोले प्राकृतिक अवस्थाका मानिसहरूको चित्रण एउटा यस्तो 'आदर्श वर्ग' (Noble Savage) रूपमा गर्‍यो, जो स्वतन्त्र, सन्तुष्ट तथा आत्म-निर्भर थियो। प्राकृतिक अवस्थामा मानिस अत्यन्त शान्त, सरल, स्वच्छन्द एवं आनन्दपूर्ण थियो। मानिस-मानिसका बीच अन्यायपूर्ण तथा अहितकर व्यवहार थिएन। मानिसहरूको हृदयमा प्रेम तथा सहानुभूतिको उच्च विचार पाइन्थ्यो, तर जनसंख्याको वृद्धिको साथ-साथै गृह-उद्योगहरूको स्थापना हुन थाल्यो, जसको फलस्वरूप श्रमको विभाजन भयो। निश्चित निवास-स्थानका साथ-साथै परिवार तथा व्यक्तिगत सम्पत्तिको धारणाले जन्म लियो र यस प्रकारले समानताको अन्त्य भयो। जसै-जसै व्यक्ति तथा परिवारहरूको पारस्परिक सम्पर्क बढ्यो प्रतियोगिता तथा पक्षपातको भावना प्रबल हुन थाल्यो। अन्त्यमा कृषि-उद्योग तथा व्यक्तिगत सम्पत्तिका साथै प्राकृतिक समता पूर्णरूपले विलीन भयो। रूसोकै शब्दमा "नागरिक समाजको जग हाल्ने पहिलो मनुष्य त्यो नै थियो जसले कुनै भूभागलाई चारैतिर घेरेर सबभन्दा पहिले यो भन्ने निश्चय गर्‍यों कि यो मेरो हो र उसले अरू मानिसहरूलाई सोझो पायो र तिनीहरूले त्यसको विश्वास पनि गरे।' (The first man who, after incroaching a piece of ground he thought himself to say, this is mine, and found people simple enough to believe him, was the real founder of civil society.)। विस्तारै-विस्तारै धनी र गरीबमा भेद-भाव यति बढ्यो कि दुवै वर्ग एक अर्काका कट्टर शत्रु भए र युद्ध, हत्या र भयानक काण्ड दिन-प्रतिदिन बढ्न थाल्यो। यस अवस्थाबाट मुक्ति प्राप्त गर्नका लागि नागरिक समाजको स्थापना भयो। रूसोका अनुसार नागरिक समाजको सूत्रपात मानिसमा मेरो तेरो भन्ने भावना उत्पन्न हुनुको साथै शुरू भयो।

(ii) सम्झौता :—प्राकृतिक अवस्थाको सुख यति आदर्श थियो कि ज्यादा दिनसम्म टिक्न असम्भव थियो। तसर्थ चाँडै सबै प्रकारका पाप तथा भ्रष्टाचार सामुन्ने आउन थाले र यस अवस्थाबाट मुक्तिका लागि मानिसहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पारस्परिक सहमतिको आधारमा नागरिक समाजको स्थापना गरे। रूसोको शब्दमा 'मानिस जन्मदा स्वतन्त्र हुन्छ, तर चारैतिर उ बन्धनमा जकडिएको छ। जो आफूलाई अरूको स्वामी सम्झिन्छ, ऊ वास्तवमा अरूभन्दा बढी दास हो। यो परिवर्तन कुन प्रकारले हुन्छ ? यो म जान्दिनँ, तर कुन वस्तुले यस्तो बनाउँछ, म सम्झिन्छु कि यस प्रश्नको उत्तर दिन सक्तछु।" (Man is born free and everywhere he is in chain, one who believes himself the master of the rest is only more of a slave then they. How does that change come about ? I do not know. What can render it legitimate ? The question I think I can answer.) रूसोले प्राकृतिक अवस्थाको समाधार सम्झौताबाट भयो भन्ने लेखेका छन्—नागरिक समाजको आधारभूत सिद्धान्तको विवेचना गर्दै रूसोले लेखेका छन् हामीहरूमा प्रत्येक आफ्नो व्यक्तित्वको र आफ्नो सम्पूर्ण शक्तिको सामान्य इच्छाको सर्वोच्च निर्देशन-अन्तर्गत एउटा समूहमा केन्द्रित गर्दछ र हामी सामूहिक रूपमा प्रत्येक 'सदस्यको सम्पूर्णताको एउटा अविभाज्य अंश स्वीकार गर्दछौं। (Each of us puts into a single mass his person and all his power under the supreme direction of the general will and, we receive as a body each member as an indivisible part of the whole)।" प्राकृतिक अवस्थामा जब मानिसहरू आफ्नो सम्पत्ति तथा जीवन आदिको रक्षा गर्न असमर्थ भए तब प्रत्येकले सबैसँग समझौता गरे। यस सम्झौतामा प्रत्येक व्यक्तिले अर्को व्यक्तिसँग सम्झौता गरी आफ्नो अधिकार जनताको सामूहिक शक्तिलाई दिन्छ र समाजको अंश भएकोले त्यसलाई पुनः प्राप्त गर्दछ। व्यक्तिगत इच्छाको स्थान सामाजिक इच्छाले लिन्छ। यस प्रकारले सामाजिक इच्छालाई रूसोले यथार्थं इच्छा मान्दछ। यही सामाजिक इच्छाले नै सरकारलाई जन्म दिन्छ।

यस प्रकारको सम्झौताबाट नै राज्यको उत्पत्ति हुन्छ र सामान्य इच्छामा नै राज्यको प्रभुसत्ता निवास गर्दछ। यस प्रकारले रूसोले प्रजातान्त्रिक भावनाको अभ्युदय गरायो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामाजिक सम्झौता-सिद्धान्तको आलोचना :—(Criticism of Social Contract Theory) (i) सिद्धान्त अनैतिहासिक :— कतिपय विद्वानहरूले यस सिद्धान्तलाई ऐतिहासिक मान्दैनन् । इतिहासमा यस्तो समयको उल्लेख कतै पाइँदैन जबकि मानिसले एकाकी जीवन व्यतीत गरेको होस् । मानव विकासको प्राथमिक चरणामा पनि मानिस परिवार तथा घरमा नै निवास गर्दथे । समझौतावादीहरूको प्राकृतिक अवस्थाको मानिसको चित्रण इतिहासको कुनै पानामा भेटिन्न । पुनः इतिहासले यस्तो प्रकारको सम्झौताको कतै उल्लेख गर्दैन जुन प्रकारको सम्झौतावादी दार्शनिकहरूले वर्णन गरेका छन्, त्यो सभ्य समाजमा मात्र सम्भव छ । शासक र शासितहरूको बीचमा सम्झौताको उल्लेख इतिहासमा पाइन्छ, तर सम्झौतावादी दार्शनिकहरूको असभ्य मानिसहरूको सम्झौता इतिहासमा कतै उल्लेख नहुनु आश्चर्यलाग्दो छ । प्रे० वाहनले लेखेका छन्—"सम्झौता सिद्धान्तले न ऐतिहासिक तथ्य नै दिन्छ न दार्शनिक तथ्य । (The contract theory gives neither a satisfactory clue of history nor sound philosophy.)" सर हेनरी मेन जस्ता विद्वान्ले कानून तथा प्राचीन रीतिरिवाजको अध्ययन गरी प्रमाणित गरिदिएका छन् कि सम्झौतावादीहरूले भनेझैं प्राचीन कालमा त्यस प्रकारको कुनै सम्झौता भएको थिएन । पुनः यदि हामीले सम्झौतालाई क्षणभरका निम्ति मान्ने हो भने पनि यी दार्शनिकहरूको भनाइअनुसार सम्झौतामा केवल ती व्यक्तिहरू मात्र बाध्य थिए जसले सम्झौता गरेका थिए । त्यसपछिका पिंढीहरूले सम्झौता पालन गर्नु न्यायोचित देखिन्न । आजको युगमा यस प्रकारका सम्झौताका कुरा हास्यास्पद देखिन्छन् ।

(ii) राज्य प्राकृति :—मानिस समाजमा जन्मिन्छ र समाजमा मर्दछ । समाज मानिसका लागि प्राकृतिक संस्था जस्तो हुन्छ । समाज प्राकृतिक भए समाजमै विकसित अन्य संघ तथा समुदायहरू पनि स्वतः प्राकृतिक हुन जान्छन् । यस प्रकारले राज्य सामाजभित्रकै एउटा संस्था भएकोले यो पनि प्राकृतिक हो । तसर्थ सम्झौतावादीहरूको 'राज्य मानिसद्वारा निर्माण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको' भन्नु उचित देखिन्न। राज्य न मनुष्यकृत हो न देवकृत। यो त स्वाभाविक उत्पत्ति तथा विकासको परिणाम हो।

(iii) प्राकृतिक अवस्था तर्कसंगत छैन :—प्राकृरिक अवस्थामा रहने मानिसहरूलाई जब कि सामाजिक संगठनको कुनै ज्ञानै छैन भने त्यस्ता व्यक्ति-हरूबाट कसरी आशा राख्न सकिन्छ कि तिनीहरूले आपसमा सम्झौता गरी राज्यको उत्पत्ति गरे। पुनः प्राकृतिक अवस्थाका मानिसहरूले राजनैतिक संगठन, राजसत्ता तथा नियमहरूको अभावमा यस प्रकारको सम्झौता गर्नु तर्कसंगत देखिदैन। तसर्थ सामाजिक सम्झौताको सिद्धान्त यस प्रकारले तर्क-संगत देखिदैन।

(iv) सिद्धान्त भय-रहित :—यस सिद्धान्तले व्यक्तिलाई राज्यका विरुद्ध विद्रोह गर्न प्रोत्साहित गर्दछ। राज्यको कृपापात्र मात्र हुन्छ। यस प्रकारको भावना अशान्तिको जननी हुन्छ। ब्लण्टशीलका अनुसार सामाजिक सम्झौताको सिद्धान्त साह्रै खतरनाक छ किनकि राज्य तथा अन्य संगठनहरू व्यक्तिका कृपा-बाट जन्मेका हुन्।" (The Social Contract Theory is highly dangerous since it makes the State and its institutions a product of individual caprice.)

(v) सम्झौताको सिद्धान्त भ्रमात्मक :—यस सिद्धान्तका दार्शनिक-हरूले प्राकृतिक अवस्थाका मानिसहरू कतिपय प्राकृतिक अधिकारहरूको उपभोग गर्दथे भन्ने देखाउने प्रयास गरेका छन्, तर कुनै पनि सत्ताको अभावमा अधि-कारको कल्पना उपभोग स्वप्न-समान हुन्छ। अधिकार समाज तथा राज्यभित्र पर्याप्त हुन्छ। प्राकृतिक अवस्थामा स्वतन्त्रता जस्तो वस्तु दुर्लभ कुरा हो किनकि सरकारको अभावमा स्वतन्त्रताको विचार अधूरो हुन्छ। यस सन्दर्भमा टि० एच० ग्रीन लेख्तछन्—"मानिस चेतनाले स्वतन्त्रताको माग गर्दछ, स्वतन्त्रताले अधिकारहरूको र अधिकारले राज्यको।" (Human consciousness postulates liberty, liberty involves rights, rights demand State.)

(vi) सत्ताको अभावमा सम्झौता असम्भव :—सम्झौतावादीहरूले सम्झौताद्वारा नै राज्यको उत्पत्ति मानेका छन्, तर कुनै पनि सम्झौताले तब नै कानूनी मान्यता प्राप्त गर्दछ जब कि राज्यले स्वीकृति दिन्छ, तर यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्झौतामा राज्यको स्वीकृति त परै जाओस् स्वयं राज्य नै सम्झौताद्वारा उत्पन्न भएको मानिएको छ। पुनः जुन सम्झौताद्वारा राज्य उत्पत्ति भयो परिवर्तन गर्न कानून र सत्ताकै आवश्यकता पर्दछ। यसर्थ यो सम्झौता कानूनी दृष्टिबाट पनि न्यायसंगत देखिदैन।

(vii) अधिकारहरू असंगत :—सम्झौतावादी दार्शनिकहरूले प्राकृतिक अवस्थामा मानिसहरूलाई अनेकौं प्राकृतिक अधिकार प्राप्त थिए भन्ने वर्णन गरेका छन्। राजसत्ताको अभावमा अधिकारको कल्पना गर्न सकिन्न र त्यस्तै प्रकारले कर्तव्यको अभावमा अधिकार सम्भव छैन। यी दार्शनिकहरूले कर्त्तव्यका सम्बन्धमा कुनै उल्लेख नगर्नु गजबलाग्दो कुरा हो। कर्त्तव्यको अभावमा कुनै पनि अवस्थामा अधिकारको उपभोग हुन सक्तैन। यसर्थ यो सिद्धान्त असंगत छ।

(viii) सिद्धान्त मानव स्वभाव-विरोधी :—मानिस एउटा सामाजिक तथा राजनैतिक प्राणी हो। यो उसको स्वाभाविक गुण हो। मानिस समाजमा जन्मिछ, समाजमा मर्छ, समाजभन्दा बाहिर उसको अस्तित्व केही छैन। यो दार्शनिकहरूले मानिसलाई समाज-बाहिर कल्पना गरेका छन्; जो मानिसको स्वभावको विपरीत छ। पुनः यी दार्शनिकहरूले सम्झौताद्वारा समाज तथा राज्यको उत्पत्ति देखाएकाले मानिस-स्वभावको विपरीत यिनीहरूले मानिसको चित्रण गरेका छन्।

यस सिद्धान्तको जति आलोचना गरेता पनि यसका केही विशेषताहरू पनि छन्। यस सिद्धान्तले दैवी उत्पत्तिको सिद्धान्त तथा निरंकुश शासनको विरोध गर्छ। बाहनले लेखेका छन्—"लॉकको 'ट्रिटिज अन सिभिल गभर्नमेण्ट' (Treaties on civil Government) दुइनाले बन्दूक हो, एउटा फिल्मरतिर लक्षित छ र अर्को हॉब्सतिर" (Lok's Treaties on Civil Government is a two barrel gun, one directed against Filmer and another against Hobbess, the champion of absolutism.) यस सिद्धान्तले स्वतन्त्रता र प्रजातन्त्रको समर्थन गर्दछ। व्यक्तिको महत्त्वमाथि पनि बल दिन्छ। यस सिद्धान्तका सम्बन्धमा गेटेल लेख्तछन्—"सामाजिक सम्झौताको सिद्धान्त ऐतिहासिक रूपले ठीक नभए तापनि राज्यको जीवनका लागि आवश्यक तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जनताको मतलाई मनोवैज्ञानिक आधार र मूल्य यसले प्रदान गर्दछ ।" (The Social Contract Theory while historically inaccurate, suggests the value of consent as psychological basis for the spirit unify necessary for State existence.)

(घ) पितृसत्तात्मक सिद्धान्त (The Partiarchal Theory) यस सिद्धान्तका प्रबल समर्थक हेनरी मेन थिए। हेनरी मेनले समाजको उत्पत्ति विभिन्न परिवारहरूबाट भएको हो र परिवारको सबभन्दा ठूलो व्यक्ति पुरुष हुन्थ्यो र उसबाटै परिवारको सत्ता तथा रक्षा हुन्छ भनेको छन् । समाजको पहिलो एकाई परिवार थियो र पिताले आफ्ना सन्तानहरूमाथि जुन नियन्त्रण राख्तथे त्यसैबाट सामाजिक शासनको जन्म भयो । यस प्रकारले परिवारको उत्तरोत्तर वृद्धि हुँदै गयो । विभिन्न शाखा तथा उपशाखाहरू फैलिंदै गए, तर पिताको सत्तामा कुनै कमी भएन । समयमा साथ साथैं पितृसत्तात्मक परिवारले कुल अथवा गोत्रको रूप धारण गऱ्यो, जसका सबै सदस्य समान रक्तको बन्धनमा हुन्थे । कुल बढेर जातिको रूप धारण गऱ्यो र जाति बढेर राज्यको। लिकॉकका शब्दमा—"प्रथमतः एउटा गृहस्थी, पुनः एउटा पितृसत्तात्मक परिवार, पुनः समान जन्मका व्यक्तिहरूको एउटा जाति र अन्त्यमा एउटा राष्ट्र सामाजिक क्रमको निर्माण उसै आधारमा भएको हो।" (First a household, then a partiarchal family, then a trible of persons of kindre desent, and finally a nation so runs the social series on this basis) सर हेनरी मेनले परिवारदेखि राज्यको विकाससम्मको वर्णन यस प्रकारले गरेका छन्—

"परिवार प्रारम्भिक समूह हो, जो पुरुषवंशको सामान्य अधीनतासँग जोड़िएको थियो । परिवारको योगले कुल बन्यो । कुलहरूको यो योगले जातिको निर्माण भयो । जातिहरूका योगले राज्यको निर्माण गर्दछ।" (The elementary group is the family connected by common subjection to the highest male. The aggregation of families forms the gems of house. The aggregation of houses makes

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

the tribe. The aggregation of tribes constitutes of the common wealth.)

यूनानी दार्शनिक अरस्तूको विचारधारामा पनि यस प्रकारको उल्लेख पाइन्छ। सबभन्दा पहिले परिवारको प्रादुर्भाव हुन्छ......जब अनेकौं परिवार मिल्दछन् र तिनीहरूको संगठनको प्रयोजन आफ्नो दैनिक आवश्यकताहरूको पूर्तिभन्दा विस्तृत हुन्छ, तब गाउँको उत्पत्ति हुन्छ। "जब अनेकौं ग्रामहरू मिलेर आफ्नो एउटा सम्प्रदाय बनाउँछन् र यो संगठित यति पूर्ण र विशाल हुन्छ कि लगभग अथवा पूर्णतया आत्मनिर्भर भन्न सकिन्छ, तब राज्यको जन्म हुन्छ।" (The family arises first when several families united and the association aims at some thing more than the supply of daily needs then comes into existence the village........when several village are united in the single community perfect and large enough to be nearly or quite self'sufficing the State comes into existence.) यस सिद्धान्तका तीन आधारभूत धारणाहरू छन्—स्थायी वैवाहिकसम्बन्ध पुरुषसंग सम्बन्धित तथा खालि पुरुषको उत्तराधिकार र आफ्नो सन्तान, तिनीहरूको परिवार तथा अन्य नातादारहरूमाथि कुलपतिको पूर्ण अधिकार। आफ्नो सिद्धान्तको समर्थनमा सर हेनरी मेनले यहुदीहरू, रुमानियनहरू, यूनानीहरू तथा आर्यहरूका कानूनी प्रणालीहरूको उल्लेख गरेका छन्। भारत तथा नेपालमा आज पनि संयुक्त परिवार प्रथा प्रचलित छ, जहाँ परिवारका अनेकौं सदस्यहरू सबभन्दा ठूलो पुरुषको शासनमा रहन्छन्।

यसको आलोचना—मैकलेनन तथा एडवर्ड जेन्क्सले यस सिद्धान्तको तीव्र आलोचना गरेका छन्। यी आलोचकहरूको भनाइ-अनुसार सबै ठाउँमा उत्तरकालीन संस्थाहरूको जन्म पितृसत्तात्मक शासनबाट भएको होइन र जहाँ-जहाँ यस प्रणालीको अस्तित्वको पाइयो त्यो पनि निश्चितरूपले भन्न सकिन्न कि प्रागैतिहासिक कालमा सामाजिक नियमको प्राचीनतम स्वरूप यही थियो। मैकलेननले यो प्रमाणित गर्ने प्रयास गरे कि अतीतमा कुनै यस्तो समुदाय थिएन, जसको मुखिया पुरुष होस्। त्यस बेला मानिसको सम्बन्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मातासित हुन्थ्यो पितासित होइन। जेन्क्सले सर हेनरी मेनका विपरीत 'जाति (Tribe) प्रचीनतम समुदाय हो यसपछि कुल तब परिवारको प्रादुर्भाव भयो भनेका छन्। असभ्य जातिहरूमा बहुपतिप्रथा (Polyanoly), अस्थायी वैवाहिक सम्बन्ध र मातासंग सम्बन्ध हुनु यस कुराको प्रमाण हो कि पितृसत्तात्मक परिवार सदा रहेन। जे० जे० फेजरका अनुसार—"पितृ-सत्तात्मक परिवारका सबभन्दा ठूलो दुर्बलता उसको सरलता हो।"

(ङ) मातृसत्तात्मक सिद्धान्त : (The Matriarchal Theory) यस सिद्धान्तका प्रमुख प्रतिपादकहरूमा मैक लेनस, मार्गन, जेन्क्स आदि हुन्। यस सिद्धान्तका प्रतिपादकहरूले समाजको मातृसत्तात्मक व्यवस्थालाई पितृसत्तात्मक व्यवस्थाभन्दा पहिलेको मान्छन्। आस्ट्रेलिया, लंका तथा अन्य देशहरूमा बस्ने प्राचीन असभ्य जातिहरूका संस्थाहरू यस्तै प्रकारका हुन्थे। यस सिद्धान्तका समर्थकहरूका अनुसार मामिसको सबभन्दा पहिले संगठन झुण्ड थियो, जो बाँदर आदि जीवहरूमा आज पनि पाइन्छ। स्त्री तथा पुरुष विवाहद्वार कुनै बन्धनमा बाँधिएको थिएनन्। तर समयको गतिका साथै-साथै वैवाहिक नियमहरूमा केही प्रतिबन्ध आयो र वैवाहिक सम्बन्धको मर्यादा निश्चित हुन थाल्यो। यसको परिणामस्वरूप मानव समाजको प्राचीनतम संगठको जन्म भयो र झुण्ड वैवाहिक समुदायहरू अथवा गोत्रहरूमा विभाजित भयो। एउटै गोत्रमा विवाह वर्जित थियो, तर प्रत्येक गोत्रको समकक्षी एउटा वैवाहिक गोत्र पनि हुन्थ्यो जोसँग उसको विवाह सम्बन्ध हुन सक्थ्यो, तर प्रारम्भिक समाजमा एउटा विवाह अथवा स्थायी विवाहको प्रचलन थिएन। स्त्री आफ्नो परिवारमा नै रहन्थी र उसको अस्थायी पति कहिलेकाहीं अभ्यासगतका रूपमा आफ्नी स्त्री तथा परिवारको साथमा बस्न आउँथ्यो। यस सम्बन्धबाट उत्पन्न हुने सन्तानमाथि माता तथा उसका परिवारको अधिकार हुथ्यो। यस्तो प्रारम्भिक समाजमा पिता शब्दको कुनै अर्थ नै थिएन। माता नै सर्वेसर्वा थिइन्। यस सिद्धान्तले जाति (Tribe) लाई सबभन्दा प्रथमिक तथा प्रारम्भिक समुदाय मान्दछ। समयको साथसाथै जाति अनेकौं कुलहरूमा विभाजित भयो। कुलबाट घराना र घरानाबाट परिवारको जन्म भयो। परिवाको उदय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिसले पशुपालनलाई आफ्नो व्यवसाय बानाएपछि भयो। भेड़ा तथा अरू पशुहरूको हेरचाह गर्न स्त्रीहरू उपयुक्त थिए र पुरुषहरूले कठिन कार्यहरू हातमा लिए। परिणामस्वरूप स्थायी निवासी र स्थायी वैवाहिक सम्बन्ध देखापर्न आयो। यस प्रकारले परिवारको जन्म भयो।

यसको आलोचना—मातृसत्तामक व्यवस्था संसारको हरेक ठाउँमा समाजको प्रारम्भिक अवस्थामा थियो भन्ने कुनै निश्चित प्रमाण थिएन। प्रारम्भिक परिवार अथवा समुदाय कुनै एउटै स्वरूपलाई बढी महत्त्व दिनु उचित हुँदैन। एक विवाह-प्रथा अनुसरण गर्ने परिवारको प्रादुर्भाव-भन्दा पहिले पनि कुनै न कुनै प्रकारको समाजिक सत्ता निश्चय नै थियो पुनः पितृसत्तात्मक तथा मातृसत्तात्मक दुवै सिद्धान्त समाजशास्त्रका दृष्टिले बढी महत्त्वपूर्ण छन्। नागरिक शास्त्रको दृष्टिबाट यिनिहरूको त्यत्ति महत्त्व छैन किनकि यी दुवै सिद्धान्तले परिवारको जन्मको नै व्याख्या गर्दछन्, राज्यको जन्मको होइन। राज्यलाई परिवारकै एउटा विस्तृत रूप मान्नु ठूलो भूल हो। गार्नरका शब्दमा—"यी दुवै संस्थाहरू आफ्नो तथ्य, संगठन, कार्यहरू तथा उद्देश्यमा पूर्णतया भिन्न छन्" (The two institutions are quite different in essence, organisation, functions and purpose.)

(च) विकासवादी सिद्धान्त
अथवा
ऐतिहासिक सिद्धान्त

विकासवादी सिद्धान्तलाई ऐतिहासिक सिद्धान्त पनि भन्दछन्। राज्यको उत्पत्ति न दैवी सिद्धान्त न शक्ति-सिद्धान्त न सामाजिक सिद्धान्तका सम्झौता सिद्धान्तका अधारामा भएको हो। राज्यलाई परिवारको विस्तृत स्वरूप पनि मान्न सकिन्न। उपरोक्त वर्णन गरिएका सिद्धान्तहरूले राज्यको विकासमा महत्वपूर्ण योग दिएका छन्। गार्नरका शब्दमा—"राज्य न त दैवी शिल्पको नमूना हो, न बढी शक्तिको परिणाम हो, न सम्झौताको कृत्रिम यन्त्र हो, न केवल परिवारको विकास मात्र हो, बरु यो एउटा नैसर्गिक एवं ऐतिहासिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राज्यको उत्पत्तिको कुनै निश्चित समय निर्धारित गर्न सकिन्न। बर्सेसका शब्दमा—"राज्य अत्यन्त प्रारम्भिक अवस्थाबाट विस्तारै-विस्तारै केही विकसित अवस्था भएर मानवताको एउटा पूर्णतया सार्वभौमिक संगठनको दिशामा मानव समाजको क्रमिक विकास हो (It is a gradual and continuous development of human society out of grossly imperfect beginning through cruelty, but improving forms of manifestation towards a perfect and universal organisation of mankind.)।" कुनै एउटा कारणले मात्र राज्यको उत्पत्ति भएको होइन। विभिन्न राज्यको उपत्पत्तिका पछिल्तिर विभिन्न कारणहरू छन्। यसको विकास विस्तारै-विस्तारै भएको हो। मानव जीवनको आरम्भदेखि नै त्यस्ता परिस्थितिहरू थिए, जो पछि गई विकसित भयो र राज्यको रूप धारण गर्‍यो। आज मानव समाजको सर्वाधिक जटिल संस्था बन्न गएको छ। लिकाकका शब्दमा—"राज्यको जन्म शनैः शनैः मानव जातिको जीवनको इतिहासको प्रक्रियाबाट भएको हो; जसको केही भाग भूतकालमा लुकेको छ र केही हामीलाई ज्ञात छ (It is the result of gradual process running through out all the known history of man and reaching into the remote and a unknown past.)" विकासवादी सिद्धान्त कल्पनामा आधारित छैन। यो ती तथ्यहरू एवं तत्वहरूको निरूपण गर्दछ वा वास्तवमा राज्यको आधुनिक स्वरूपको निर्माण तथा विकासमा सहायक छ। यी तत्वहरू निम्नलिखित छन्—

(i) रक्तसम्बन्ध (Blood Relation)
(ii) धर्म (Religion)
(iii) शक्ति (Force)
(iv) राजनैतिक चेतना (Politcal Consciousness)
(v) आर्थिक आवश्यकता (Economic Needs)

(i) रक्तसम्बन्ध (Blood Relation) :—रक्तसम्बन्ध एकताको सबभन्दा प्राचीनतम सूत्र हो। मानव समाजको प्राचीनतम स्वरूप परिवार थियो र रक्तसम्बन्ध पारिवारिक संगठनको आधार। परिवारको वृद्धिबाट गोत्र (Clan) र अनेकौ गोत्रहरू मिलेर जाति बन्यो। परिवार एउटा सामा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जिन व्यवस्था थियो र जन (जाति) एउटा राजनैतिक। परिवारको वयोवृद्ध व्यक्तिले परिवारको शासन सदैव गरिरह्यो तथा अन्य सदस्यहरू वयोवृद्धको आज्ञा मान्दै गए। यस प्रकारले मानिसहरूलाई एक सूत्रमा बांध्न रक्तसम्बन्ध सर्वोत्तम कडी थियो। मेकाइवरले लेखेका छन्—"सजातीयताले समाजको सृष्टि गर्दछ र समाजले अन्ततोगत्वा राज्यको सृष्टि गर्दछ।" (Kinship creates society and society at length creates the State,)

(ii) धर्म (Religion) :—राज्यको निर्माणमा तथा सजातीयताको घनिष्ठ एवं सम्मिलित योगमा धर्मको महत्वपूर्ण स्थान रहेको छ। धर्मले सबभन्दा पहिले प्रीतिपूजाको रूप धारण गर्‍यो र चाँडै नै एकताको स्थायी आधार बन्यो। जातिहरूलाई एक सूत्रमा बाँध्ने कार्य धर्मले नै गर्‍यो। आदिम समाजमा धर्म प्रीतिपूजाको रूपमा रहेन पनि। कालान्तरमा प्रीतिपूजाको साथ-साथ प्राकृतिक उपासनाद्वारा प्राकृतिक पूजा पनि साथै-साथै हुन थाल्यो। पछि गई मानिसहरूले प्रेतमाथि विश्वास गर्न थाले। जादू-टोना जान्ने मानिस शासकको रूपमा प्रतिष्ठित हुन थाले। गेटेलका शब्दमा—"प्रत्येक सरकारका लागि आवश्यक अनुशासन र यसको नियन्त्रणमा आउन मानिसलाई हजारौं हजार वर्ष लाग्यो। राजनैतिक विकासको प्रारम्भिक र कठिन समयमा धर्म नै यस्तो शस्त्र थियो, जसले आज्ञापालन र सौहार्दता सिकायो।" (Thousands of years were needed to create that discipline and submission to authority on which all governments must rest, in the earliest and most difficult period of politcal development, religion was only weapon which could teach reverence and obedience....,)

(iii) शक्ति (Force) :—राज्यको विकासमा युद्धको स्थान पनि महत्वपूर्ण छ। युद्धले नेतृत्वको महत्त्वलाई जनताको समक्ष राख्यो। युद्धको परिणामस्वरूप विजित प्रदेशबाट राज्यको प्रादेशिकता तथा प्रभुत्वको तत्त्व प्राप्त भयो। मानिसहरू सुरक्षा प्रदान गर्न सक्ने नेताहरूको नेतृत्वको स्वीकार गर्न थाले। यस प्रकारले शासक र शासितको उदय भयो। गेटेल भन्दछन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कि "युद्धबाट नै राज्यको जन्म भएको हो।" पारिवारिक संगठनलाई अधिकाधिक राजनैतिक रूप दिनमा युद्ध विशेषरूपले सहायक सिद्ध भएको छ।

(iv) राजनैतिक चेतना (Political Consciousness) :—राज्य संस्थाको निर्माणमा राजनैतिक चेतनाले पनि महत्वपूर्ण भाग लिएको छ। सामाजिक प्राणी भएकोले मानिस जब्रदेखि एउटा निश्चित भू-भागमा बस्न थाल्यो आफ्ना आर्थिक आवश्यकताहरू र वाह्य आक्रमणबाट सुरक्षाको प्रश्नले बिस्तारै-बिस्तारै राजनैतिक चेतना सुषुप्त अवस्थामा भएकोले अरस्तूले मानिसलाई एउटा स्वभावतः राजनैतिक प्राणी माने। उडरो विलसनले पनि शासन एउटा स्वभाविक कार्य भएकोले मानिस तथा परिवारको जन्म हुनका साथै यसको पनि जन्म हुन गयो भनेका छन्। प्रारम्भिक कालमा राजनैतिक चेतना अभिव्यक्ति हुन नसकेकाले यो मुख्यतया आन्तरिक नै रहन्थ्यो। पहिले राजनैतिक चेतना केही व्यक्तिहरूको हृदयमा थियो। पछि गई सर्वसाधारणमा फैलिन गयो। यसै चेतनाले राज्यलाई जन्म दियो। प्रो० सुदका शब्दमा—"जनसंख्याको वृद्धि तथा सम्पत्तिको उदयका साथ-साथै शान्ति एवं व्यवस्थाका निम्ति र विवादहरूको निर्णय गर्न यस प्रकारको संगठनको आवश्यकता बढ्दै जान्छ। यो आवश्यकता यसकारण अरू बढी हुन जान्छ कि कहिलेकाहीं एउटा समुदायले अर्को समुदायको आक्रमणबाट आफ्नो रक्षा गर्नु पर्छ। तसर्थ सक्रिय एवं कुशल नेतृत्वको आवश्यकता हुन्छ। यही नेता पछि गई राजा बन्दछ।

(v) आर्थिक आवश्यकता (Economic Needs) :—विकासको प्रारम्भिक अवस्थामा आफ्नो आवश्यकताका पूर्तिका लागि मानिसले अनेकौं कष्ट उठाउनुपर्थ्यो। समयका गतिका साथ-साथ समाजमा केही स्थायित्व आयो र मानिसले आफ्ना आवश्यकताहरूको पूर्तिका लागि सम्पत्ति संग्रह गर्न थाल्यो। यस प्रकार व्यक्तिगत सम्पत्तिको भावनाले जरो गाड्नको साथै यसको रक्षा गर्ने आवश्यकता पऱ्यो। रक्षा गर्ने सबभन्दा राम्रो साधन नियम-कानूनको निर्माण तथा पालनबाट हुन सक्तथ्यो। नियम कानून पालन गराउने संस्था राज्य नै हुन सक्तछ। यस प्रकारले आर्थिक आवश्यकताहरूको पूर्तिका लागि पनि राज्यको जन्म भएको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय–१२

संविधान को अर्थ तथा प्रकारहरु

(Constitution) (कठोर निर्मित तथा विकसित)

संविधानको परिभाषा दिँदै गेटेलले लेखेका छन्—"ती मौलिक सिद्धान्त जसद्वारा कुनै राज्यका ती मौलिक स्वरूप निर्धारित हुन्छन्, संविधान भनिन्छ। यसमा राज्यको संगठन सरकारका विभिन्न अंगहरूमा प्रमुख, शक्तिको विवरण सरकारको कार्य-क्षेत्र तथा सम्पादनको तरीका तथा सरकार र जनता (जसमाथि सरकारको शक्ति प्रयोग गरिन्छ) का पारस्परिक सम्बन्ध सम्मिलित हुन्छन्। संविधानले राज्यको निर्माण गर्दैन, तर यो राज्यको बाह्य स्वरुपको अस्तित्व हुन्छ।" (The fundamental principle that determine the form of a State are called its constiutions, these include the method by which State is organised the distribution of its sovereign power among the various organs of government. The scope and manner of exercise of government function the constitution does not create the State but it is out ward formation of State legislation.)

लार्ड ब्राइसका अनुसार—"संविधान कुनै राज्य तथा राष्ट्रका ती नियमहरू हुन्छन्। जसले शासनको स्वरूप तथा नागरिकहरूको अधिकार एवं कर्तव्यलाई निश्चित गर्दछन्।" (The constitution of State or nation consists those of its rules or laws which determine the form of government and the respective right and duties of citizens towards the government,) ब्राइसको परिभाषामा सरकारको स्वरूप तथा नागरिकहरूको अधिकार तथा कर्तव्यको वर्णन त पाईन्छ, तर राज्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नीति निर्देशक तत्व समावेश गरिएको कुनै संकेत नपाइएकोले यो परिभाषा जति उपयुक्त हुनु पर्दथ्यो त्यति पूर्ण देखिदैन ।

राजनीतिशास्त्रका महापण्डित डायसीका अनुसार—"संविधानको तात्पर्य ती सबै नियमहरूसँग छ जो प्रत्यक्ष अथवा परोक्षरूपले राज्यमा संप्रभुत्व विभाजन अथवा प्रयोगमाथि प्रभाव पार्दछ ।" (All rules which directly or indirectly affect the distribution or the exercise of the sovereign power in the State is called the constitution of the State.) यस परिभाषामा पनि विधानका कतिपय तत्व जस्तै नागरिकहरूका अधिकार तथा कर्त्तव्य, राज्यको नीति निर्देशक तत्व समावेश नभएकाले यो परिभाषा पनि त्यति उपयुक्त देखिदैन ।

प्रो० गिल क्राइष्टका अनुसार—"संविधान ती अलिखित नियमहरू अथवा कानूनहरूको संकलन हुन्छ, जसद्वारा सरकारको संगठन सरकारका शक्तिको विभिन्न अंगहरूमा विवरण र यी शक्तिको प्रयोगको सामान्य सिद्धान्त निश्चित गरिन्छ ।" (The constitution of a State is that body of rules or laws written or unwritten, which determine the organisation of government, the distribution of power to the various organs of government and general principles on which these powers are to be exercised.) यस परिभाषामा पनि नागरिकहरूको अधिकार र कर्त्तव्यमाथि कुनै प्रकाश पारिएको छैन ।

मिस्टर वूल्जेका अनुसार—"संविधान ती नियमहरूको समुहलाई भनिन्छ जस-अनुसार सरकारको शक्ति, शासितहरूको अधिकार र तिनीहरूको पारस्परिक सम्बन्ध निश्चित गरिन्छ ।" (A constitution is the collection of principles according to which the powers of government and the right of governed and relation between the two are adjusted.) वूल्जेको परिभाषामा संविधानका लागि निम्नलिखित तत्त्वहरू सम्मिलित गरिएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(i) सरकारको अंग र तिनीहरूको शक्ति ।
(ii) नागरिकहरूको अधिकार तथा कर्त्तव्य ।
(iii) दुवैको उचित सम्बन्ध जसमा निर्देशक तत्त्व पनि सम्मिलित छ ।

यस प्रकारले बूल्जेको परिभाषा संविधानका लागि आवश्यक सवै लक्षणहरूको समावेश भएकाले निजको परिभाषा सर्वोत्तम मानिन्छ ।

(क) संविधानको आवश्यकता

आधुनिक युगमा संविधान राज्यको एउटा आवश्यक तत्त्व बन्न गएको छ। यसको अभावमा राज्य राज्य रहन सक्तैन र समाजमा अशान्ति उत्पन्न हुन्छ। प्राचीनकालमा राजाहरूले दैवी अधिकार देखाई शासन गर्ने गर्दथे । अतएव त्यस समयमा संविधानको कुनै आवश्यकता थिएन। तर आजको आणविक युगको शासनमा बढदै गएको जटिलता तथा जनताको विकसित राजनैतिक चेतनाले गर्दा संविधान प्रत्येक राज्यका लागि आवश्यक बन्न गएको छ । संविधानविनाको जनतन्त्र असफल हुन्छ। आधुनिक राज्यमा शासनको वैज्ञानिकी संगठन गर्न, सरकारका विभिन्न अंगहरूका बीच कर्त्तव्य एवं शक्तिहरूको उचित तथा निश्चित स्थान निर्धारण गर्न राजनैतिक संगठनको सामान्य व्यवस्थामा व्यक्तिको विभाजन गर्न तथा संविधानकै आवश्यकता हुन्छ। संविधानको अभावमा सरकार तथा अधिकारीहरू निरंकुश तथा स्वच्छन्द हुने बढी संभावना भएको र यस्तो अवस्थामा जनताहरूका मौलिक अधिकारहरू पनि हरण हुन सक्ने हुँदा संविधान परम आवश्यक हुन गएको छ। संविधानले सुचारुरूपवाट शासन सञ्चालनमा मार्गदर्शन गर्दछ ।

(ख) संविधानको भेद अथवा वर्गीकरण (Classification of constitution):—विभिन्न विद्वानहरूले संविधानको विभिन्न वर्गीकरण गरेका छन् । केही विद्वानहरूले उत्पत्तिको दृष्टिकोणवाट सविधानलाई दुई भागमा बाँडेका छन् भने कसैले लिखित अथवा अलिखित भागमा। अन्य विद्वानहरूले नमनीय एवं अनमनीयको रूपमा। सबै विद्वानहरूको सार लिई हामी संविवानलाई निम्न भागहरूमा बाँड्न सक्तछौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(i) विकसित तथा निर्मित संविधान (Evolved and inacted constitution,)
(ii) लिखित र अलिखित संविधान (Written & unwritten constitution.)
(iii) परिवर्तनशील र अपरिवर्तनशील संविधान (Flexible and Rigid constitution,)

(i) विकसित तथा निर्मित संविधान (Evolved and inacted constitution) :—उत्पत्तिको दृष्टिकोणबाट संविधानलाई २ भागमा बाँड्न सकिन्छ-विकसित र निर्मित । विकसित संविधानलाई संकलित (Cumulative) अथवा ऐतिहासिक (Historical) संविधान पनि भन्दछन् । विकसित संविधान अन्तर्गत यस्तो संविधान आउँछ जो विस्तारै विस्तारै विकसित भएर वर्तमान स्वरूप प्राप्त गर्दछ । यस्ता संविधानहरूको सम्पूर्ण योजना कुनै एउटै समयमा बनाइएको हुन्न । कुनै निश्चित तिथिमा निर्माण भएको भन्न सकिन्न । यस्ता संविध्रानको रचना मुख्यतया रीति-रिवाजहरूमा आधारित हुन्छ यस्तो संविधानमा संकलित रीति-रिवाज तथा परम्पराहरू, सामान्य नियम सिद्धान्त, न्यायालयहरूका निर्णय इत्यादि सम्मिलिति हुन्छन् । उदाहरणार्थ ब्रिटिश संविधानलाई हामी विकसित संविधान भन्न सक्छौं ।

निर्मित संविधान यस्तो संविधान हुन्छ, जसको सम्पूर्ण योजना तथा रचना कुनै निश्चित समयमा गरिन्छ । निर्मित संविधान कुनै संविधान सभाको परामर्शहरूको परिणाम अथवा कुनै राजाको आदेशद्वारा प्रचारित हुन्छ । यो अमूर्त सिद्धान्तहरूमाथि आधारित तथा कुनै लेखपत्र अथवा लेखपत्रहरूको योगमा लिपिबद्ध हुन्छ । अमेरिका, भारत तथा नेपालको संविधानलाई निर्मित संविधान भन्न सकिन्छ ।

(ii) लिखित र अलिखित संविधान (Written and unwritten constitution :—लिखित संविधान त्यो संविधान हो जसमा शासनसंगठन, विभिन्न अंगहरूको शक्ति तथा नागरिकहरूको अधिकारसंग सम्बन्धित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिद्धान्त कुनै एउटा लेखपत्रमा अथवा अनेकौं लेखपत्रमा अंकित रहन्छन् । यो साधारणतया राजनीतिज्ञहरू तथा नेताहरूको सक्रिय प्रयत्नको परिणाम हुन्छ। अलिखित संविधान त्यस्तो हुन्छ, जसमा शासनको सिद्धान्त नियम लिखितरूपमा नभई अधिकांश रीति-रिवाज, परम्परा तथा न्यायालयहरूको साथ-साथ विकसित हुन्छ। यो संविधानसभाद्वारा निर्मित अथवा कुनै राजाको आदेशद्वारा प्रचारित हुँदैन। यो त इतिहासको परिणाम हुन्छ। गारनरको शब्दमा—"अलिखित संविधान त्यो हो जसमा अधिकांश कुराहरू (सबै होइन) कहिले कुनै लेखपत्रमा अथवा लेखपत्रहरूको संग्रहमा लेखाएको हुँदैन।" (An unwritten constitution is one in which most, but not all of the prescription have never been reduced to writing and formally embodied in a document or collection of documents.) ब्रिटिश संविधान यस्तै प्रकारको संविधान हो।

संसारको कुनै पनि संविधान पूर्णतया लिखित अथवा पूर्णतया अलिखित छैन। सबै संविधानमा केही लिखित तथा केही अलिखित तत्व हुन्छन्। तसर्थ संविधानलाई लिखित र अलिखित भनी वर्गीकरण गर्नु अवैज्ञानिक हो। भेद वास्तवमा मात्राको हो प्रकारको होइन, सबै संविधान समयका साथ-साथै रीति-रिवाज र न्यायिक निर्णयहरूको परिणामस्वरूप विकसित हुँदै रहन्छन्।

ब्राइसका शब्दमा—"लिखित संविधान व्याख्याहरूद्वारा विकसित, निर्णयद्वारा मर्यादित तथा रीति-रिवाजहरूद्वारा परिमार्जित हुँदै जान्छ, यहाँसम्म कि केही समयपछि त्यसका शब्दावलीबाट पूर्ण आशय पनि निकाल्न सकिँदैन।" (Written constitution are developed by interpretation, fringed with decisions and inlarged by customs, so that, after a time, the letter of their text does not convey the effect.) तसर्थ जब हामी कुनै संविधानलाई लिखित भन्दछौं तब तात्पर्य हुन्छ कि त्यस संविधानका अधिकांश भाग एउटा लेखपत्रको रूपमा लिपिबद्ध छ। प्रत्येक लिखित संविधानमा समयका साथ-साथै परम्परा तथा रीति-रिवाजका यस्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्वहरू जोडिन्छन् । जसको उल्लेख मौलिक लेखपत्रमा हुँदैन । संयुक्त राज्य अमेरिकाको संविधान लिखित संविधान हो । त्यसमा कहीं पनि कुनै व्यक्ति एक पटकभन्दा बढ़ी राष्ट्रपति पदका लागि उम्मेदवार खड़ा हुन सक्तछ भने उल्लेख छैन । अरू पनि कतिपय कुराहरू संविधानमा उल्लिखित छैनन्, तर कुनै कुराको उल्लेख नभए तापनि शासन व्यावहारिक रूपमा चलि नै रहेको छ । यस सन्दर्भमा गार्नरको भनाइ बडो धतलाग्दो छ—"संयुक्त राज्य अमेरिकाको संविधानको अधिकांश भागहरू विशेषरूपले ती भागहरूमा जसको सम्बन्ध निर्वाचन, उत्तराधिकार, पदावधि राष्ट्रपतिका अधिकारहरू कांग्रेसको कार्यप्रणाली तथा संघीय न्यायालयका अधिकारहरूमा पूर्वप्रमाणहरू तथा न्यायालयको निर्णय एवं व्याख्याको परिणामस्वरूप महत्वपूर्ण परिवर्तन भएका छन् ।" (Much of the constitution of the United States, particulary those parts relating to the election, succession, tenure and powers of the president, the procedure and methods of the congress, and the powers of the judiciary has been modified in important particulars by the force of president and expanded by judicial interpretation.)

अलिखित संविधानहरूको पनि यथेष्ट अंश लेख-पत्रहरूको हुन्छ । उदाहरणका निम्ति इङ्गल्याण्डमा सम्राट लार्ड सभा तथा मन्त्रिमण्डलको शक्तिसम्बन्धी अनेक परम्परागत नियमहरू लेखपत्रको रूपमा लिपिबद्ध गरिएका छन् । मैग्नाकार्टा (Magnacharta), अधिकार कानून (Bill of Rights) सुधार कानूनहरू (Reform Acts) तथा सन् १९११ ई० पार्लियामेण्ट एक्ट (Parliament Act) ब्रिटिश संविधानका महत्त्वहपूर्ण भाग हुन् । यसप्रकारले ब्रिटिश संविधान पनि कुनै न कुनै रूप तथा केही न केही अंशमा लिखित छ । ब्राइसका शब्दमा—"ब्रिटिश संविधान मानिसको मस्तिष्कमा विद्यमान अथवा लेखबद्ध, पूर्व दृष्टान्त एवं उदाहरणहरू, वकील अथवा राजनीतिज्ञहरूका रीति-रिवाजहरू, विश्वास तथा सम्झौताहरू, परम्पराहरूसँग घुलमिल अनेकौं कानून तथा यी सबको परिणामस्वरूप विकसित, न्यायिक निर्णयहरू तथा राजनैतिक अभ्यासहरूको संकलन हो ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(The English constitution is a mass of precedents carried in men's minds are recorded in writing, diet of lawyers or statesmen, customs usages understandings and belief a number of statutues mixedup with customs and all covered with a Parasite growth of legal decisions and political habit.)

(iii) अपरिवर्तनशील र परिवर्तनशील संविधान (Flexible and Rigid Constitution —लार्ड ब्राइसले संविधानलाई दुई भागमा बाँडेको छन्—अपरिवर्तनशील अथवा कठोर र परिवर्तनशील अथवा नमनीय। साधारण अर्थमा परिवर्तनशील संविधान त्यसलाई भनिन्छ जो परिवर्तित परिस्थिति अनुसार सजिलैसँग परिवर्तन अथवा संशोधन गर्न सकिन्छ। अपरिवर्तनशील संविधान त्यसलाई भनिन्छ जो परिवर्तन अथवा संशोधन गर्न कठिन हुन्छ। जुन संविधान साधारण कानून बनाउने संस्था (धारासभा वा संसद) द्वारा बताउन र बिगार्न सकिन्छ तथा सजिलैसंग परिवर्तित गर्न सकिन्छ· त्यसलाई परिवर्तनशील संविधान भनिन्छ, तर जुन संविधानमा संशोधनको प्रणाली साधारण कानूनभन्दा भिन्न हुन्छ तथा अनेक प्रकारका शर्तहरू पूरा गर्नुपर्छ। त्यस्तो संविधानलाई कठोर संविधान भनिन्छ। यसप्रकारले व्यवस्थापिका सभाद्वारा कुनै विशेष कार्यप्रणालीको अनुसरण नगरी परिवर्तन गर्न सकिने संविधान नमनीय हुन्छ, तर जहाँ संविधानको संशोधन गर्नलाई कुनै विशेष तथा कठिन कार्यप्रणाली अनुसरण गर्नुपर्दछ। यस किसिमको सविधानलाई अनमनीय भन्दछन्। इङ्गल्याण्डको संविधानलाई परिवर्तनशील अथवा नमनीय भनिन्छ किनकि वेलायतको पार्लियामेण्टले कानून निर्माणको साधारण कार्यप्रणाली अनुसार संविधान संशोधन गर्न सक्तछ। तसर्थ बेलायतको संसदले आवश्यकता-अनुसार कुनै वेला पनि कानून निर्माण गर्न सक्ने र भइरहेको संवैधानिक व्यवस्थामा पनि संशोधन गर्न सक्ने हुँदा वेलायतको संविधानलाई परिवर्तनशील भनिन्छ। अमेरिकाको संविधानलाई कठोर भनिन्छ किनकि साधारण कानून निर्माण गर्ने संस्था कांग्रेसले संविधानमा परिवर्तन गर्न सक्तैन। संविधानको संशोधनका निम्ति एउटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कठोर कार्य अनुसरण गर्नु पर्दछ। जस्तै कांग्रेसको (दुवै सदन) दुई तिहाई तथा राज्यको विधानसभाहरूको तीन चौथाई बहुमत भएपछि मात्र अमेरिका संविधानमा संशोधन हुन सक्तछ। पौने दुई सय वर्षको संविधानको इतिहासमा अमेरिकाको कांग्रेसमा संविधान संशोधन गर्न लगभग ३,००० (तीन हजार) प्रस्ताव राखिए। तर तीमध्ये २२ प्रस्ताव मात्र स्वीकृत भए। यसप्रकारले अमेरिकाको संविधानलाई अपरिवर्तनशील तथा कठोर संविधान भनिन्छ।

परिवर्तनशील संविधानका गुण (i) संयोजनशीलता :—परिवर्तनशील संविधानलाई सजिलैसँग संशोधन गर्न सकिन्छ। यस संविधानलाई सुगमतापूर्वक परिवर्तन गरी नवीन परिस्थिति अनुकूल बनाउन सकिन्छ। संकट तथा आपतकालमा यस किसिमको संविधानलाई परिस्थिति-अनुसार परिवर्तन गरी अनेकौं बाधा तथा संकटबाट मुक्त हुन सकिन्छ। लार्ड ब्राइसका शब्दमा—'नमनीय संविधानलाई आपात्कालको सामना गर्न, झुकाउन वा मोड्न सकिन्छ र जब आपत्काल समाप्त हुन्छ पुनः आफ्नो पूर्व अवस्थामा उस्तै प्रकारले फर्किन्छ जुन प्रकारले एउटा वृक्षको हाँगो गाडा जानको निम्ति एकतर्फ झुकाइन्छ। (Flexible constitution can be stretched or bent so as to meet emergencies without breaking their frame-work and emergency has passed they slip back into their old form like a tree which under branches have been pulled aside to let a vehicle pass.)

(ii) ग्रहणशीलता :—परिवर्तनशील संविधानलाई साधारण कानूनले सजिलैसँग बदलिन सकिन्छ। बदलिंदो परिस्थितिमा युगको माँग-अनुसार सजिलैसित बदलिन सकिन्छ। यसप्रकारको संविधान उन्नतशील राज्यहरूका निम्ति साह्रै उपयुक्त हुन्छ। किनकि राज्यको विकासका साथ-साथै संविधानमा पनि सुविधापूर्वक परिवर्तन आवश्यक छ। गिल क्राईष्टका शब्दमा—"नमनीय संविधानको मुख्य गुण ग्रहणशीलता हो। यो कुनै बाधा-बिना नै परिवर्तन गर्न सकिन्छ तसर्थ यसले नयाँ संकटहरूको सामना गर्छ।" (The chief merit of

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

flexible constitutions is acceptability. It is altereable without any difficulty and therefore it easily meets new emergencies.)

(iii) जनताका आकांक्षाहरूको प्रतिबिम्ब :—नमनीय संविधानले लोक-भावना तथा जनताका आकांक्षाहरूलाई प्रतिबिम्बित् गर्दछ । गिल क्राइष्टको शब्दमा—"नमनीय संविधानहरू राष्ट्रिय मस्तिष्कका राम्रा प्रतिबिम्ब हुन्छन् । ती भूतकालमाथि आधारित र वर्तमानमा क्रियाशील हुँदै भविष्यमाथि दृष्टि राख्तछन् ।"—(Flexible constitutions are the mirrors of public opinions and sentiments, they reflect not only present but past and future too.)

नमनीय संविधानको दोष (i) अस्पष्टता—नमनीय संविधान बराबर परिवर्तन हुने हुँदा यसको बोधगम्यता र सरलता नष्ट हुन्छ । बारम्बारको परिवर्तनले गर्दा संविधानको मूल अभिप्राय संझिन नै गाह्रो हुन्छ । पुनः जुन धारासभाले संविधान संशोधन गर्दछ उक्त धारा-सभाका सदस्यहरू अस्थायी हुने हुँदा संविधानमा अस्पष्टता रही स्पष्ट गर्नु पनि सम्भव हुँदैन । लास्कीका शब्दमा – एउटा केन्द्रको अभावले परिवर्तनशील संविधानको अर्थ बुझ्न गाह्रो कुरा हुन जान्छ । (Absence of simple centre of reference makes the graps of meaning of authority a difficult task in flexible constitution.)

(ii) बारम्बार संविधानमा संशोधन तथा परिवर्तनले गर्दा संविधानको मूल भावना नष्ट हुन्छ र जनताले जति लाभ प्राप्त गर्नु पर्ने हो, सो पनि प्राप्त हुँदैन । सान-साना कुरामा पनि आवेशमा आई संविधानमा संशोधन गरिन्छ । यो नै यसको सबभन्दा ठूलो अवगुण हो । यसले संविधानमा स्थायित्व आउँदैन वरू अस्थायित्व ल्याउँछ ।

(iii) दलबन्दीलाई प्रोत्साहन—परिवर्तनशील संविधानमा संशोधन विधानसभाले नै गर्दछ । विधानसभामा राजनैतिक दलको नै प्रभुत्व रहन्छ । राजनीतिक दलहरू भविष्यमा पुनः सत्ता हात पार्न आफ्नो दलको हितलाई ध्यानमा राखी संविधानमा संशोधन गर्न सदा प्रयत्न गर्दछन् । खास गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्तामा रहेका राजनैतिक दलले पुनः शासन आफ्नो हातमा लिन संविधान दल अनुरूप बनाउँछ। यसप्रकारले नमनीय संविधान राजनैतिक दलहरूको कठपुतली हुन जान्छ ।

(iv) जनतन्त्रका लागि अनुपयुक्त :—जनतन्त्रको सफलता शिक्षित जनतामाथि आधारित छ। अशिक्षित जनताबाट जनतन्त्र सफल हुन गाह्रो हुन्छ। पुनः अशिक्षित जनता राजनैतिक चेतनारहित हुन्छ। तसर्थ परिवर्तनशील संविधानले सम्पूर्ण जनताको भावनालाई व्यक्त नगरी केही शिक्षित तथा राजनैतिक नेताहरूको हातको कठपुतली हुन्छ। अशिक्षित जनताको राज्य परिवर्तनशील संविधानको योग्य हुँदैन ।

अपरिवर्तनशील संविधानका गुण : (i) स्पष्ट, सुनिश्चित तथा सुस्थिर :—अपरिवर्तनशील संविधानको मुख्य गुण हो स्पष्ट, सुनिश्चित तथा सुस्थिर हुनु। यसमा कुनै प्रकारका अनिश्चित अथवा मतभेदको सम्भावना हुँदैन किनकि परिपक्व विचार विनिमय एवं तर्कपछि नै संविधान तयार पारिएको हुन्छ। संविधानका प्रत्येक धाराहरू स्पष्ट लेखिएका हुन्छन। यो संविधान केवल रीति-रिवाज तथा परम्परामाथि निर्भर हुँदैन। यो पूर्वनिश्चित योजनाअनुसार देशका प्रतिष्ठित विद्वान् नेता, विधिज्ञहरू आदि बसी छलफल, तर्क-वितर्कबाट तयार पारिएको लेखपत्र हो ।

(ii) आधारभूत सिद्धान्तलाई मान्यता :—कठोर अथवा अपरिर्तनशील संविधानले केही आधारभूत सिद्धान्तलाई मान्यता प्रदान गर्दछ। यी सिद्धान्तहरूको सम्बन्ध भलै नागरिकहरूको अधिकारसँग होस् अथवा शासनका विभिन्न अंगहरूको संगठन तथा अधिकार मात्र होस्, तर संविधानमा समावेश हुनु यस कुराको द्योतक हुन्छ कि ती सिद्धान्तहरू आधारभूत हुन् जसमा शीघ्रातिशीघ्र कुनै प्रकारको परिवर्तन गरिन्छ। यसप्रकारले कठोर अथवा लिखित अथवा अपरिर्तवनशील संविधानले सबैका अधिकारहरूको यथेष्ट संरक्षण गर्दछ साथै तिनीहरूको अतिक्रमणको सम्भावना कम रहन्छ ।

(iii) लोकउत्तेजनाबाट मुक्त :—अपरिवर्तनशील संविधानमा संशोधनको प्रक्रिया कठिन हुने हुँदा यो संविधान बढी स्थायी र क्षणिक उत्तेजना-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

का प्रभावबाट मुक्त हुन्छ। पुनः यस्तो संविधानमा नागरिकहरूका मौलिक अधिकारहरूको घोषणा गरिने हुँदा अल्प संख्यकहरूलाई संरक्षण प्रदान गर्दछ। संघ राज्यहरूको निम्ति लिखित अथवा कठोर अथवा अपरिवर्तनशील संविधान परम आवश्यक हुन्छ।

प्रो० लास्कीले लिखित तथा कठोर संविधानका गुणहरूको व्याख्या गर्दै लेखेका छन्—"तिनीहरूले हामीलाई विधायी शक्तिको कुनै अंशसम्म सुनिश्चित सीमाहरू निर्धारित गर्ने क्षमता प्रदान गर्दछन्, तिनीहरू ती वस्तुहरूलाई लोकमतको अनायास उठ्ने छालमा डुब्नबाट बचाउँछन्, जसलाई भविष्यका दृष्टिले कायम राख्न महत्त्वपूर्ण हुन्छ। तिनीहरू जनसमूहलाई बढी सरलतापूर्वक संस्थाहरूको प्रकृति सम्झने क्षमता प्रदान गर्दछन्। तिनीहरूले ती वस्तुहरूमाथि विशेषरूपले जोड़ दिन्छन् जो आधारभूत महत्त्वका सम्झिइन्छन्। (They enable us to define with some exactness the limits of legislative power. They prevent some sudden gust of public opinion from overturning what it is, on a long view, important to maintain. They enable the nature of institution to be more easily upprehended by the mass of men. They emphasis in a striking manner the thing that are deemed of fundamental importance and even, as with the First Amendment to the American constitution. The thing of decisive imort suffers serious invasion. The fact that is postulated as urgent both mitigates the attack it might otherwise suffer, and allows its suporters a valuable basis in tradition for their plea of santity.)"

अपरिवर्तनशील संविधानका दोष (i) संयोजनशीलताको अभाव—कठोर अथवा लिखित अथवा अपरिवर्तनशील संविधानको ठूलो दोष संयोजनशीलता (Adaptability) को अभाव। अनमनीय संविधान सजिलैसँग परिस्थिति-अनुरूप वदलिन सकिँदैन। तसर्थ यस्तो संविधान स्वस्थ विकास तथा उन्नतिको पथमा वाधा बन्दछ। मेकालेका अनुसार—"क्रान्तिहरूको सब-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्दा ठूलो कारण यो हो कि राष्ट्र प्रगति गरिरहेको हुन्छ, तर संविधान यथावत् रहन्छ। (The greatest cause of revolutions is that while nations move onward, constiutions stand still) चाहिंदो परिवर्तनको अपेक्षा भएपछि जनताले विद्रोह गरी यस्तो कठोर संविधानलाई नष्ट गर्दछन्। यस प्रकारले कठोर संविधान कहिलेकाहिं क्रान्तिको कारण पनि हुन्छ।

(ii) संकीर्णता :—यस संविधानको अर्को दोष यो हो कि युगौंको ज्ञात तथा अनुभवलाई एउटा लेखपत्रमा बाँध्ने असम्भव प्रयास गर्दछ। राष्ट्र विकासको पथमा अग्रसर रहन्छ, राष्ट्रका आवश्यकता दिन प्रतिदिन बढ्दै जान्छन्, र बदलिइरहन्छन्। तिनीहरूको आदर्श तथा मूल्यमा परिवर्तन हुँदै जान्छ, तर कठोर संविधान जस्ताको तस्तै रहन्छ। यस कारणले बदलिंदो परिस्थितिमा यो संविधान उपयोगी सिद्ध हुँदैन। त्यसकारण यसलाई संकीर्ण भन्दछन्। कठोर संविधानले राजनैतिक जीवन तथा व्यक्तित्वको भावी विकासमा घ्यान दिदैन। गिल क्राइष्टको शब्दमा—"इतिहासले कुनै पनि एउटा कालमा कुनै एउटा लेख-पत्रमा राजनीतिक जीवनका सिद्धान्तहरूको अन्तिम निरूपण अथवा विश्लेषण दिनु नितान्त असम्भव हो। कठोर संविधानले यस्तो गर्ने प्रयास गर्दछ, तर यदि संशोधन धेरै सजिलो भएन भने यो प्रयास असम्भवलाई सम्भव बनाउने प्रयास हुन जान्छ। संयोजनशीलता तथा नमनीय प्रकृति कठोर संविधान भएका देशहरूमा केवल संशोधन समुचित सरल प्रणालीद्वारा प्राप्त गर्न सकिन्छ। (It is absolutely impossible, in any one documents at one period in history to give a final statement or analysis of the principles of political life. Rigid Constitutions attempt to do this but unless amendent is externally easy, they attempt to do what is impossible. Progress demands adaptability and flexibility can only be secured in constitution with rigid constitutions by a sufficiently easy method of amendment.)"

(iii) व्याख्या :—संविधानको निमित्त व्याख्या आवश्यक हुन्छ। यदि फ्रांस तथा बेल्जियममा झैं व्याख्या गरिने कार्य व्यवस्थापिकालाई सुम्पिदिने हो भने यसको अर्थ हुन्छ शक्तिको उपयोग गर्नेलाई नै त्यसका सीमाहरूको व्याख्या गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अधिकार दिनु। न्यायाधीशहरूको दृष्टिकोण साधारणतया रूढिवादी हुन्छ र तिनीहरूले कानूनको अक्षरशः अनुसरण गर्दै नयाँ परिस्थितिप्रति कुनै ध्यानदिँदैनन्। अतएव संयुक्तराज्य अमेरिकामा जस्तै व्याख्याको कार्य न्यायपालिकामाथि छाड़िदिनुको अर्थ हुन्छ न्यायाधीशहरूको बहुमतले नै संविधानको नियन्त्रण।

यद्यपि अपरिवर्तनशील संविधान स्वतन्त्रताको रक्षक मानिएको छ, तर कहिलेकाहिँ यसले स्वतन्त्रताको रक्षा गर्न सक्तैन। हिटलरलाई जर्मनीको अपरिवर्तनशील संविधानले कहिल्यै रोक्न सकेन। कठोर संविधान संशोधनको दुरूहताले गर्दा कहिलेकाहिँ आवश्यक विलम्बको कारण बन्न जान्छ, जसको परिणामस्वरूप राष्ट्रिय हितको ठूलो क्षति हुन्छ। संयुक्त राज्य अमेरिकाको संविधानलाई अपरिवर्तनशील संविधान भनिन्छ। लगभग ३,००० (तीन हजार) पल्ट संशोधनको प्रस्ताव आउँदा पनि ३० पटकभन्दा बढी पास नहुनु कठोर संविधानको ज्वलन्त उदाहरण हो।

(ग) आदर्श संविधानका आवश्यक गुण (Requisites of good constitutions) गेटेलले आदर्श संविधानका लागि केही आवश्यक तत्वहरूको वर्णन गरेका छन् जो निम्नप्रकार छन्—

(i) सुनिश्चित र स्पष्टता (Definiteness and Clearity)—संविधानको भाषा स्पष्ट र सरल हुनुपर्दछ। भाषामा संदेह अथवा भ्रमको अलिकता पनि सम्भावना रहेमा अनेकौं विरोधी व्याख्याहरू हुन थाल्छन्। तसर्थ संविधानको दफा तथा उपदफाहरू स्पष्टरूपमा लिखित हुनुपर्छ! एउटा विद्वान्ले लेखेका छन्—"निश्चितता र स्पष्टता यी दुई आदर्श संविधानका आदर्श गुणहरू हुन्। (Definiteness and clearity are the two cardinal qualities of ideal constitution)"

(ii) पूर्णता (Comprehensiveness)—संविधानमा सम्पूर्ण शासन संगठनहरू स्वरूपको निर्धारण तथा राजनैतिक शक्तिको प्रयोग गरिने सिद्धान्तहरूको स्पष्ट प्रतिपादन हुनुपर्छ। सकेसम्म कुनै कुरा छुट्नु हुन्न। विधान-मण्डल कार्यपालिका; न्यायपालिका आदि सबैको कार्यक्षेत्र तथा अधिकार निश्चितरूपले तोकेको हुनुपर्छ।

(iii) संक्षिप्तता (Brevity)—पूर्णतया तथा सुस्पष्टतालाई ध्यानमा राखी संविधान यथासम्भव संक्षिप्त हुनुपर्दछ। यसमा कहीं अनावश्यक विषयहरूको विस्तृत व्याख्या र आधारभूत विषयहरूको लोपन हुनु हुँदैन। विस्तृत-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्णनले नै प्रायः धेरैजसो संघर्षलाई जन्म दिन्छ। तसर्थ संविधानले यस कुराबाट बच्नुपर्दछ। विस्तृत वर्णन संयोजनशीलताको निम्ति पनि वाधा सिद्ध हुन्छ। एउटा विद्वान्ले लेखेका छन्—"संक्षिप्तता आदर्श संविधानको आत्मा हो, तर स्पष्टता र सुनिश्चितताको मूल्यमा यसलाई गनितु हुँदैन।" (Brevity is the some of a good constitutions but it should not be done at the cost of definiteness and clearity.)"

(iv) कठोरता तथा नमनीयपनको संमिश्रण (Blending of Flexibility and Rigidity) :—कुनै पनि संविधान सदाकालका लागि पूर्णतया स्थायी हुन सक्तैन। यसको गुण परिस्थिति-अनुसार परिवर्तनमा नै छ। तसर्थ आदर्श संविधानमा केही नमनीयता पनि हुनुपर्छ। आवश्यकता र परिस्थिति-अनुसार सुगमतापूर्वक बदल्न सकियोस, तर संशोधन त्यति सरल पनि हुनु हुन्न कि संविधानको सुस्थिरता नै समाप्त होस्। तसर्थ आदर्श संविधान कठोर हुनुको साथ-साथै समय र परिस्थिति-अनुसार संशोधन गर्न सकिने हुनुपर्दछ।

गेटेलको आदर्श संविधानका साथ-साथै अन्य विद्वान्हरूले अरू विषयहरू-माथि निकै बल दिएका छन्। यी दुई विषयहरू पनि आदर्श संविधानमा समावेश गरे सुनमा सुगन्ध हुन जाने हुँदा तल उल्लेख गरिन्छ।

(v) अधिकारहरूको घोषणा (Declaration of right :—आदर्श संविधानमा व्यक्तिगत स्वतन्त्रताको रक्षाको निमित्त नागरिकहरूको मौलिक हक पनि उल्लिखित हुनुपर्छ। आजको विश्व नै व्यक्तिको मौलिकहकको पक्षपाती भएको र संयुक्त राष्ट्रसंघको चार्टरमा पनि मानव अधिकारको घोषणा उल्लिखित भएकोले प्रत्येक सभ्य राज्यको संविधानमा नागरिकहरूका मौलिकहकको उल्लेख भएको हुनुपर्दछ।

(vi) स्वतन्त्र न्यायपालिका (Independence of Judiciary)—सरकारका ३ अंगहरू-व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिकामध्ये कार्यपालिकामाथिको प्रभाव व्यवस्थापिकामाथि स्पष्ट रूपले हुने हुँदा र साथै न्यायपालिकामाथि पनि यसको प्रभाव हुने हो भने देशमा कार्यपालिकाको अधीन व्यक्ति कायम हुन जान्छ। जनताले निष्पक्ष न्याय पाउन सक्तैनन्। तसर्थ न्यायपालिका स्वतन्त्र हुनुपर्दछ, जसबाट जनताले शुद्ध न्याय पाउन सकून् :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय—१३

राज्य तथा सरकारको वर्गीकरण

(Classification of State or Government)

राज्यको वर्गीकरण अनेक सिद्धान्तहरूको आधारमा गरिएको छ। शक्तिको आधारमा ठूलो र साना राज्यहरूका दुईटा वर्ग बनाइएको छ। कसैले राज्यको नीतिका आधारमा सैन्यवादी, साम्राज्यवादी तथा राष्ट्रवादी वर्गमा विभाजित गरेका छन्। त्यस्तै प्रकारले केही लेखकहरूले आकार, जनसंख्या आदि भौतिक तत्त्वहरूको आधारमा राज्यको वर्गीकरण गरेका छन्, तर उपरोक्त वर्गीकरण वैज्ञानिक दृष्टिले ठीक देखिदैंनन्। राज्यको सबभन्दा महत्त्वपूर्ण तत्त्व सरकारको स्वरूप तथा संगठन हो, तसर्थ प्राचीन तथा आधुनिक कालका धेरैजसो विद्वान्हरूले शासनको स्वरूपको विभिन्नताको आधारमा राज्यका वर्गीकरण गरेका छन्। यस प्रकारले राज्यको वर्गीकरण सरकारको वर्गीकरण हो। सबै राज्यहरूको आधारभूत तत्त्व समान हुन्छन्। भू-भाग, जनसंख्या, सरकार तथा प्रभुसत्ता सबै राज्यहरूका आधारभूत तत्त्व हुन्। अतएव राज्यको वर्गीकरण असम्भव छ। तर शासनको संगठनमा विभिन्नता हुन्छ र यी विभिन्नताहरूलाई आधार बनाएर राज्यहरूको वर्गीकरण गर्न सकिन्छ। लिकाक, गार्नर आदि प्रसिद्ध राजनीतिशास्त्रीहरूले पनि यस मतको समर्थन गरेका छन्। विलवीका अनुसार—"यो भन्न आवश्यक छैन कि राज्यको वर्गीकरण नामको कुनै वस्तु सम्भव छैन। आफ्ना मूलतत्त्वहरूमा ती सर्व समान हुन्छन्। समान प्रभुत्वपूर्ण गुण प्रत्येक विशेषताहरूका सूचक हुन्छन्। (It need not be said that there can be no such thing as a classificaton of State. In essence they are all alike, each and all being distinguished by the same sov-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ereign attributes.)" गार्नरले राज्यका तीन वर्ग बताए—राजतंत्र, कुलीनतन्त्र तथा जनतन्त्र । यो विभाजन राज्यको स्वरूपभन्दा बढी सरकारको स्वरूप थियो । सरकार नै राज्यको इच्छा तथा उद्देश्यहरूको अभिव्यक्तिको माध्यम हुन्छ । अतएव सरकारको प्रकृति तथा त्यसको संगठनमाथि नै राज्यको प्रकृति तथा विशिष्टताको निर्माण हुन्छ । तसर्थ राज्यको वर्गीकरणको यथार्थ आधार सरकारको स्वरूप नै हुनसक्तछ, जसमा राज्यको वर्गीकरणको धारणा निहित रहन्छ ।

प्राचिन कालदेखि आजसम्म विद्वान्हरूले सरकारको स्वरूपका अनेकौं भेद गरेका छन् । समयको गतिका साथ-साथै वर्गीकरणको आधार पनि परिवर्तन हुँदै आइरहेको छ, तर मोटामोटी रूपमा प्रायः सबैजसो विद्वानहरूले निम्नलिखित दुई महत्त्वपूर्ण सिद्धान्तलाई आफ्नो वर्गीकरणका आधार बनाएका छन् ।

(i) प्रभुसत्ताको उपभोग गर्ने व्यक्तिहरूको संख्या र ।

(ii) राज्यको संगठनको स्वरूप ।

वर्गीकरणको आधारमा समानता असम्भव थियो किनकि समय-समयमा विभिन्न देशहरूमा सरकारको संगठनले अनेक-स्वरूप धारण गर्‍यो । हामी प्राचीनकालदेखि आजसम्म प्रसिद्ध राजनीतिवेत्ताहरूले गरेको वर्गीकरण तल उल्लेख गर्दछौं :—

अरस्तूको वर्गीकरण :—अरस्तूको वर्गीकरण प्लेटोको विचारमाथि आधारित छ । यद्यपि अरस्तूले गरेको वर्गीकरण प्रसिद्ध छ र यो वर्गीकरण दुई सिद्धान्तमा आधारित छ ।

(i) राज्यमा प्रभुसत्ता कति व्यक्तिहरूमा निहित छ र ?

(ii) शासनको स्वरूप ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस सिद्धान्त-अनुसार अरस्तूले निम्नलिखित वर्गीकरण गरे :—

शासन गर्ने व्यक्तिहरूको संख्या ।	शासनको स्वाभाविक रूप Normal form जहाँ शासन सामान्य हितको दृष्टिबाट गरिन्छ ।	विकृत रूप Perverted form जहाँ शासक वर्ग आफ्नो कल्याण मात्र हेर्दछ ।
एउटा व्यक्तिको शासन ।	राजतंत्र या एकतंत्र Monarchy	निरंकुश राज्य वा अत्याचार तंत्र Tyranny
केही व्यक्तिहरूको शासन ।	कुलीनतंत्र Aristocracy	वर्गतंत्र Oligarchy
बहुसंख्यक व्यक्तिहरूको शासन	वैधानिक जनतंत्र Polity	जनतंत्र वा प्रजातंत्र Democracy

अरस्तु (Aritotle) ले गरेको वर्गीकरणमा कुलीनतन्त्र तथा वर्ग राज्यमा स्पष्ट भेद गरिएको छ, तर आधुनिक प्रयोगमा ती दुवै शब्द एउटै अर्थमा प्रयोग गरिन्छन् । जनतन्त्रलाई अरस्तूले शासनको एउटा विकृतरूप सम्झन्थे, आधुनिक जगत्‌ले यसलाई शासनको सर्वोत्तम रूप मान्दछ । आधुनिक धारणाअनुसार जनतन्त्रको विकृत रूप समूह तन्त्र हो ।

अरस्तूले सरकारको स्वरूप प्रत्यावर्तनशील (Gyclic) राजनैतिक परिवर्तनहरूको अधिन छ भयो । अरस्तूका अनुसार सरकारको सबभन्दा पहिलो स्वरूप राजतन्त्र (Kingship) थियो । तर राजाको चरित्र तथा उद्देश्यहरूको पतन भएपछि सरकारको लक्ष्य सार्वजनिक कल्याण रहेन र राजतन्त्र निरंकुश अत्याचारी शासनमा परिणत भयो, तर यो निरंकुश शासन (Tyranny) दीर्घजीवी भएन । यसको पतन भयो र त्यस स्थानमा सामान्य कल्याणका आदर्शहरूबाट प्रेरित केही प्रतिभासम्पन्न व्यक्तिहरूको शासन स्थापना भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर केही समयपछि शासनको यस स्वरूपमा पनि विकार उत्पन्न भयो र यस प्रकारले कुलीनतन्त्र (Aristocracy) ले वर्गतन्त्र (Doligarchy) को रूप धारण गऱ्यो । यस शासनमा शासकवर्गको स्वार्थ नै सर्वोपरि भएकाले सबै नागरिकहरूले यस्ता सत्ताको विद्रोह गरे । विद्रोह सफल भएकाले वैधानिक जनतन्त्र Polity को स्थापना भयो, जसमा सर्वोच्च शक्ति जनताको हातमा रहन्थ्यो र सामान्य कल्याणका वृद्धिको लागि जनताले त्यसलाई प्रयोग गर्दथे । तर यसमा पनि विकार उत्पन्न भएकाले वैधानिक जनतन्त्रका वैधानिकता नै नष्ट हुन गई जनतन्त्र मात्र बाँकी रहन गयो । अरस्तूले जनतन्त्रलाई जनसमूहको शासन भनेका छन् र साथै यस्तो शासनमा सुनिश्चितता तथा सुस्थिरताको पूर्ण अभाव रहन्छ । पुनः यस स्थितिमा एउटा सबल राजनीतिज्ञले जनताको नेतृत्व आफ्नो हातमा लिई स्वयंलाई राजा घोषित गर्दछ । यस प्रकारले अरस्तूको राजनैतिक परिवर्तनचक्र चलिरहन्छ ।

अरस्तूको वर्गीकरणको आलोचना—अरस्तूको वर्गीकरणको कतिपय विद्वान्हरूले कटु आलोचना गरेका छन् । अरस्तूले संख्याको आधारमा जुन वर्गीकरण प्रस्तुत गरेका छन्, विकासशील वस्तुको वर्गीकरणको उपयुक्त आधार बन्न सक्तैन । पुनः अरस्तूको वर्गीकरण संख्यासूचक छ, गुणसूचक छैन । कुनै राज्यमा शासकहरूको संख्या एउटा आकस्मिक घटना हुन सक्छ । त्यसबाट राज्य अथवा शासनको आवश्यक तत्त्वहरूको ज्ञान हुँदैन । तथापि अरस्तूले संख्याको साथै कुलीनतन्त्र तथा वैधानिक जनतन्त्रमा जो भेद स्थापित गरे संख्याको अपेक्षा शासनको गुणमा बढी आधारित छ । अरस्तूको वर्गीकरण आधुनिक युगमा उपयुक्त मानिदैन किनकि शुद्ध एकतन्त्र, शुद्ध कुलीनतन्त्र अथवा शुद्ध जनतन्त्र आजको युगमा पाउन गाह्रो छ । शासनको मिश्रित स्वरूपको प्रचार नै आजको युगमा देखिन्छ । पुनः एकात्मक, संघात्मक, संसदात्मक तथा अध्यक्षात्मक आदि सरकारको भेद अरस्तूको वर्गीकरणमा स्पष्टरूपले पाइँदैन ।

आधुनिक वर्गीकरण—आधुनिक युगमा विभिन्न विद्वान्हरूमा मान्टेस्क्यू वानभाल, ब्लण्ट, शीली, वर्गेस, जेलिनेक, मेरिएर तथा लिकाक आदिले सर-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारको वर्गीकरण गरेका छन् । आधुनिक राज्यहरूलाई विचार गरी निम्नलिखित आधारमा नै प्राय: उपरोक्त विद्वानहरूले वर्गीकरण गरेका हुन्—

(i) राजनीति तथा धर्मलाई सम्बन्धित गरी वर्गीकरण गरिएको छ। यसलाई धर्मनिरपेक्ष-राज्य भनिन्छ ।

(ii) शासकहरूको संख्या अनुसार राजतंत्र, नौकरशाही, तानाशाही, प्रजातंत्र आदि यस वर्गीकरण-अन्तर्गत आउँछन् ।

(iii) यस-अन्तर्गत संसदात्मक अथवा अध्यक्षात्मक सरकारको वर्णन गरिन्छ ।

(iv) शासनलाई एकात्मक अथवा संघात्मक स्वरूपमा विभाजन गरिन्छ।

मान्टेस्क्यूको वर्गीकरण—मान्टेस्क्यू १८ रौं शताब्दीको एउटा फ्रांसीसी विचारक थियो । उसले सरकारलाई तीन (३) भागमा बाँड्यो । गणतन्त्रात्मक (Republican) राजतंत्रात्मक (Monarchical) र निरंकुश (Despotic) गणतंत्रात्मक सासन, जनतंत्रात्मक अथवा कुलीनतंत्रात्मक हुन सक्छ। सर्वोच्च सत्ता सम्पूर्ण जनता तथा उसको एउटा भागमा निहित हुन सक्छ। राजतन्त्रात्मक शासन त्यो हो जसमा एउटा व्यक्ति सुनिश्चित तथा सुस्थापित कानूनहरूको आधारमा शासन गर्दछ । निरंकुश शासन त्यसलाई भनिन्छ । जसमा एउटा व्यक्ति कुनै पनि नियम कानून बिना आफ्नो इच्छानुसार शासनको प्रत्येक कार्य गर्दछ । मान्टेस्क्यूको वर्गीकरणमा संसदात्मक तथा अध्यक्षात्मक शासनको कुनै उल्लेख पाईंदैन ।

लिकाकको वर्गीकरण :—लिकाकले पनि आधुनिक राजनैतिक स्वरूपलाई दृष्टिमा राखी राज्यको वर्गीकरण गरेको छ । लिकाकले मुख्य भेद निरंकुश (Despotic) तथा जनतन्त्रात्मक (Democratic) राज्यमा गरेको छ। निरंकुश शासनमा प्रभुसत्ता एउटा व्यक्तिको हातमा नै केन्द्रित रहन्छ, जो इच्छानुसार शासन गर्दछ । जनतन्त्रमा जनतामा अथवा जनताको बहुमतमा निहित हुन्छ । लिकाकले जनतन्त्रात्मक राज्यहरूलाई दुई उपभेद गरेको छ— सीमित एकतन्त्र (Limited Monarchy) तथा गणतन्त्र (Republic)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सीमित एकतन्त्रमा राज्यको शासक राजा हुन्छ, तर राजा नाम मात्रको हुन्छ वास्तविक शक्ति लोकप्रिय मन्त्रीहरूको हातमा रहन्छ, जो धारासभाको सदस्य हुन्छन् र धारासभाप्रति नै उत्तरदायी रहन्छन् । गणतन्त्रात्मक शासनमा कार्य पालिका जनता द्वारा नै निर्वाचित हुन्छ । जनतन्त्रात्मक शासन एकात्मक (Unitary) पनि हुन सक्तछ र सङ्घात्मक (Federel) पनि हुन सक्तछ । एकात्मक वा सङ्घात्मक शासन संसदात्मक (Parliamentary) हुन्छ वा अध्यक्षात्मक (Presidential) । लिकाकले सरकारले वर्गीकरण निम्न प्रकारले गरी स्पष्ट गरेको छ—



लिकाकको वर्गीकरण अन्य वर्गीकरणभन्दा राम्रो र आधुनिक राज्यहरूका लागि उपयुक्त छ, तर यसमा पनि पूर्णताको अभाव छ । आजको युगको अधिनायकतन्त्र (Dictatorship) को यसमा कुनै उल्लेख छैन र साथै रूस जस्तो राज्यलाई यस वर्गीकरणमा कुन स्थान दिने हो भन्न गाह्रो छ । तसर्थ राज्यको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुनै पनि वर्गीकरण पूर्णतया ठीक छ भन्न सकिन्न । यसका लागि राज्य तथा सरकारको एउटा विशेष वर्गीकरण आवश्यक छ ।

यूनानी दार्शनिकले सरकारको ३ (तीन) स्वरूप बताएका थिए--राजतन्त्र (Monarchy), कुलीनतन्त्र Aristocracy) तथा जनतन्त्र (Democracy) । आधुनिक लेखकहरूले पनि सरकारको यस वर्गीकरणलाई स्वीकार गरेका छन् । तसर्थ अब हामी तिमोहरूकै वर्णन गर्दछौं ।

(क) राजतन्त्र (Monarchy)—राजतन्त्र शासनको त्यस स्वरूपलाई भनिन्छ, जसमा सर्वोच्च शक्ति एउटा व्यक्तिमा निहित हुन्छ र त्यस व्यक्तिको पद अथवा अधिकार पैतृक हुन्छ । यद्यपि प्राचीन कालका राजाहरूको निर्वाचन हुन्थ्यो, तर आधुनिक युगमा निर्वाचिन राजा कहीं छैनन् । आजकाल सबै राजतन्त्र दुई प्रकारका छन्--

(i) निरंकुश राजतन्त्र (Absolute-Monarchy) र (ii) सीमित राजतन्त्र—(Limited Monarchy) ।

(i) निरंकुश राजतंत्र (Absolute Monarchy) :— निरंकुश राजतन्त्रमा राजा राज्यको प्रभुत्वको मूर्तस्वरूप हुन्छ, उसको सत्ता सर्वोपरि हुन्छ। शासनमा तथा अन्य सबै कुरामा उसैको इच्छा सर्वोपरि हुन्छ। फ्रांसको राजा लुई १४ औं निरंकुश राजाको आदर्श उदाहरण थियो । ऊ भन्ने गर्दथ्यो "म नै राज्य हुँ ।" जनतन्त्रात्मक धारणा तथा संस्थाहरूको विकासभन्दा पहिले यस प्रकारको राजतन्त्र प्रायः सबै देशहरूमा पाइन्थ्यो, तर आजकल अविकसित देशहरूमा कहीं-कहीं मात्र पाइन्छ । राजाको पद पैतृक तथा परम्परागत हुन्छ ।

निरंकुश राजतंत्रको गुण—१८ शताब्दीभन्दा अघि यो शासन प्राचीनतम, विस्तृत, सर्वोत्तम तथा स्वाभाविक सम्झिन्थ्यो । यो शासन ईश्वरको इच्छामाथि आधारित मानिन्थ्यो । प्राचीन कालमा यस्तो शासनले सभ्यता तथा विकास लागि ठूलो सेवा गर्‍यो । ह्यमका शब्दमा--"राजतन्त्रमा व्यवस्था प्रणाली तथा स्थिरताको आश्चर्यजनक प्रवृत्ति पाइन्छ । शक्तिसङ्गठनका सरलता, शीघ्रतापूर्वक कार्य गर्ने क्षमता, परामर्शको एकता, नीतिमा स्थिरता तथा वैदेशिक सम्बन्धहरूको निर्वाहमा एक प्रकारको गुरुता हुन्छ ।" (Monarchies

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

are found susceptible of order. Method and constancy to a surprising degree. They possess elements of strength, simplicity of organisation, ability to act, quickly, unity of counsels, continuity and consistency of policy and a certain prestige in the conduct of foreign relations.)। कानून सरलतापूर्वक लागु गर्न सकिन्छ र कर्मचारीहरूमाथि नियन्त्रण राख्न सकिन्छ। एउटा प्रबुद्ध उत्साही शासक एक दिनमा जुन काम गर्न सक्तछ त्यति कार्य सभा र समितिद्वारा वर्षं दिनमा पूरा हुन सक्तैन। राष्ट्रिय सङ्कटका समयमा यस शासनमा जुन तत्परता र लगन देखिन्छ त्यो अन्य शासनहरूमा कमै पाइन्छ। ब्राइसको भनाइ छ कि १७ र १८ रौं शताब्दिमा निरंकुश राजतन्त्रले यूरोपीय देशहरूमा अनेकौं सुधारहरू गरेका छन्। एउटा सबल राजतन्त्रबाहेक अरू कुनै शक्तिले पूरा गर्न सक्तैनथ्यो। मानव सभ्यताको प्रारम्भिक अवस्थामा जनतालाई आज्ञापालनको पाठ सिकाएर असभ्यबाट सभ्य बनाउन निरंकुश राजतंत्रले महान् कार्य गरयो।

निरंकुश राजतन्त्रको दोष :—निरंकुश राजतन्त्रको प्रवृत्ति साधारणतया विकृत र स्वेच्छाचारी (Tyranny हुन्छ। निरंकुश राजतन्त्रमा शासकको शक्ति असीमित हुन्छ। शासक स्वार्थी भएमा जनताको हकको उपेक्षा हुन्छ र शासकको सम्पूर्ण शक्ति आफ्नो व्यक्तिगत स्वार्थका लागि नै प्रयोग गर्दछ। इतिहासमा यस प्रकारका कैयौं उदाहरण पाइन्छन्। शासक भलो, उदार भए तापनि यस्ता प्रणालीलाई कहिले पनि राम्रो भन्न सकिँदैन किनकि राम्रो शासनले स्वशासनको स्थान लिन सक्तैन र जनता जस्तो शासन भए तापनि राजनैतिक जीवनबाट सदा वञ्चित नै रहन्छन्। राजतन्त्रात्मक प्रणाली कहिल्यै पनि सक्रिय, सजग तथा बुद्धिमान नागरिकताको निर्माण गर्न सक्तैन। पुनः एउटा शासक उदार भए त्यसपछिका अरू शासक पनि उदार हुन्छन् भन्न सकिँदैन किनकि यस्तो शासनमा शासकको पद पैतृक हुन्छ। यस प्रणालीमा देश तथा जनताको हित शासकको भाग्यमाथि निर्भर रहन्छ।

(ii) सीमित राजतन्त्र (Limited Monarchy) को गुण :—प्रायः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सीमित राजतन्त्र र गणतन्त्रात्मक शासनमा सिद्धान्ततः कुनै फरक छैन। तसर्थ सीमित राजतन्त्रमा राजतन्त्र तथा गणतन्त्र दुवैको सम्मिश्रण पाइन्छ। सीमित राजतन्त्रले जनतालाई सार्वजनिक कार्यहरूमा भाग लिने अवसर प्रदान गर्दछ। किनभने यस्तो शासनमा अन्तिम प्रभुसत्ता अप्रत्यक्ष रूपले जनतामा नै निवास गर्दछ। सीमित राजतन्त्रको एउटा प्रमुख गुण यो हो कि दीर्घकाल तथा अटूट पदावधिको परिणामस्वरूप राजालाई शासन कार्यको धेरै कुराको अनुभव हुन्छ र उसले अनुभवहीन मन्त्रीहरूको मार्गदर्शन गर्दछ। राज्यको प्रधान राजा भएकाले जनता राजभक्त हुन्छन् र यो राजभक्तिको केन्द्र राजा हुन्छ। देशमा हुने राजनैतिक परिवर्तनले राजाको अस्तित्वमाथि कुनै प्रकारको प्रभाव पर्दैन। राजाको पद स्थायी तथा पैतृक हुन्छ। राजा कुनै राजनैतिक दलको सदस्य हुँदैन, तसर्थ प्रतिद्वन्द्वी दलहरूको बीच पञ्चको कार्य गर्दछ। सीमित राजतन्त्र निर्वाचनको होहल्लाबाट पनि मुक्त हुन्छ। यस प्रकारको सीमित राजतंत्र बेलायतमा छ।

सीमित राजतन्त्रको दोष :—सीमित राजतन्त्रमा कुनै स्पष्ट अथवा गम्भीर दोष पाइँदैन किनकि राजाको हातमा वास्तविक शक्ति हुँदैन यसको सबभन्दा ठूलो दोष यही हो कि राज्यको प्रधान पैतृक हुन्छ। पुनः एउटा राजाको उत्तराधिकार सबल, उत्साही, योग्य तथा सुशिक्षित नै हुन सक्तछ भन्न संकिन्न। आधुनिक युगमा राजतन्त्रको निम्ति कुनै स्थान छैन। जनतंत्र प्रगतिको सूचक हो भने राजतंत्र जनशासनको आत्मा तथा संस्थाहरूको प्रतिकूल।

(ख) कुलीनतंन्त्र (Aristocracy)—यूनानीहरू केही चुनेका व्यक्तिहरूको शासनलाई कुलीनतंत्र भन्दथे। कुलीनतंत्रको परिभाषा गर्दै गार्नर लेख्तछन्—"कुलीनतंत्र, शासनको त्यो स्वरूप हो, जसमा सार्वजनिक पदाधिकारीहरूको निर्वाचन तथा सार्वजनिक नीतिहरूको निर्धारणमा नागरिकहरूको केही संस्थाको मात्र हात रहन्छ।" यूनानीहरूले चुनेका व्यक्तिहरू भन्नुको अर्थ के थियो भन्न सकिन्न। जेलीनेक यूनानीहरूको परिभाषासँग सहमत छैन। कुलीनतंत्रलाई केही व्यक्तिहरूको शासन भन्नु ठूलो भूल हो। उनले कुलीनतंत्रको सामाजिक विषयमाथि बढी बल दिए। जेलीनेकका अनुसार—"कुलीनतंत्रमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एउटा वर्ग, भलै सैनिक वर्ग होस्, धर्माधिकारीहरू अथवा भूस्वामीहरू जसलाई साधारण जनताबाट केही विशेष अधिकार प्राप्त हुन्छ, आफ्नो हितहरूलाई सामुन्ने-भा राखी राज्यमाथि शासन गर्दछन् ।

कुलीनतन्त्रको गुण :––कुलीनतंत्रले संख्याभन्दा बढी गुण तथा चरित्र माथि महत्त्व दिन्छ । कुलीनतंत्र समाजको सर्वाधिक योग्य व्यक्तिहरूको शासन हो । अतएव यसले प्रतिभालाई आकर्षित गर्दछ र अनुभव एवं योग्यतालाई पुरस्कार दिन्छ । कुलीनतन्त्र रूढिवादी हुन्छ । यसले जनतंत्रवादी आवेशलाई संयमित गरी राजतंत्रका निरंकुश प्रवृत्तिलाई नियंत्रित राख्तछ । माण्टेस्क्यूका शब्दमा 'गुणमाथि आधारित स्वयं यसको आत्मा हो'' (The very Soul of it. Aristocracy is moderation founded on virtue) यसै कारण कुलीनतंत्र बहुधा शासनको एउटा सुव्यवस्थित स्वरूप प्रमाणित भएको छ । यसमा सामञ्जस्यपूर्ण नीतिअनुसार कार्य गर्ने, वैदेशिक सम्बन्धहरूमा दृढ आचरण राख्ने क्षमता हुन्छ । कुलीनतंत्र अन्तर्गत गृह-शासन (Domestic government) सुचारुरूपले चल्दछ किनकि यसले ज्ञान तथा योग्यताको आदर गर्न जान्दछ । यो गुण जनतंत्रात्मक शासनमा पनि अहिलेसम्म आउन सकेको छेन । यसैलाई लक्षित गरी मिल लेख्तछन्––''इतिहासमा जो राज्य कार्य सम्पा-दनमा अटूट मानसिक योग्यता तथा शक्तिका निमित्त उल्लेखनीय भएका छन्, ती साधारणतया कुलीनतंत्र नै थिए ।'' The government which have been remarkable in history or sustained mental ability at vigour in the conduct of affairs have generally being Aristocracies. यसैकारण अधिकांश आधुनिक शासनहरूमा विधानमण्डलको तल्लो सदनको रचनामा कुलीनतंत्रका तत्त्वहरू सुरक्षित राखिन्छन् ।

कुलीनतन्त्रको दोष :—यसमा वर्गशासनको भाव निहित छ र वर्गशासन स्वभावतः स्वार्थपूर्ण र उद्दण्ड हुन्छ । यसलाई प्रायः जनतासँग कुनै सहानभूति हुँदैन । यसले प्रत्येक समस्याको निवारण आफ्नै हितको दृष्टिकोणले र तल्लो वर्गको त्यति मात्र हित गर्दछ जति उसको आफ्नो सुरक्षाका लागि आवश्यक हुन्छ । दलबन्दी तथा त्यसबाट उत्पन्न हुने सङ्घर्ष यसको विशेषता हो । विभिन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्गहरूको पारस्परिक ईर्ष्या तथा कलहले गर्दा राज्य आफ्नो उद्देश्यबाट विचलित हुन्छ। राम्रो कानूनको निर्माण रोकिन्छ र शासनमा भ्रष्टाचार फैलिन्छ। यस शासनले जनतालाई शासनमा भाग लिएर राजनैतिक शिक्षा प्राप्त गर्ने सुविधा प्रदान गर्दैन। पुनः यो धेरै अप्ठयारो कुरा हो कि देशमाथि शासन गर्नका लागि योग्य व्यक्तिहरूलाई चुन्नु। योग्यताको मापदण्ड के हो ? कुलीनतन्त्रको अर्को एउटा दोष त्यसको रूढिवादी प्रकृति हो। जुन शासन केवल रीतिरिवाज तथा परम्परामाथि आस्था राख्तछ त्यसको दृष्टिकोण कहिले पनि प्रगतिशील हुन सक्तैन। एउटा आदर्श शासनले समाजको आर्थिक तथा सामाजिक परिस्थितिहरूका साथ-साथै हिड्न सक्नुपर्दछ, तर कुलीनतन्त्रमा आफ्नो शक्ति कायम राख्नका निम्ति कुनै पनि परिवर्तनको यसले विरोध गर्दछ।

(ग) जनतन्त्र (Democracy)—जनतन्त्रको अर्थ—जनतन्त्र अंग्रेजीको 'Democracy' शब्दको नेपाली रूपान्तर हो। 'डेमोक्रेसी (Democracy) शब्द ग्रीकको दुई शब्द मिलेर बनेको हो—'डेमास' (Demos) र 'क्रेशिया' (Kratia), डेमासको अर्थ हुन्छ 'जनता' र क्रेशियाको अर्थ हुन्छ 'सरकार।' यस प्रकार डेमोक्रशियाको शाब्दिक अर्थ हुन्छ—जनताको शासन।" अर्को अर्थमा त्यस्तो सरकार जसमा सर्वोच्च सत्ता जनताको हातमा हुन्छ। प्रो० गिडिङ्गले जनतन्त्रको परिभाषा दिएका छन्—"लोकतन्त्रीय सरकार सरकारको, राज्यको र समाजको एउटा रूप हो अथवा यी तीनैको सम्मिलित रूप हो।"

जनतन्त्रको परिभाषा दिँदै सिले लेख्तछन्—"जनतन्त्र सरकार त्यो सरकार हो जसमा प्रत्येक व्यक्तिको शासनमा भाग हुन्छ। (Democracy is a government in which every one has a share.)" सिलेको यस परिभाषामा प्रजातन्त्रको पूर्ण परिचय पाइँदैन। पुनः विशाल लोकतन्त्रको विषयमा यो उपयुक्त छैन।

लिंकनले जनतन्त्रको निम्नलिखित परिभाषा दिएका छन्—"लोकतन्त्र जनताको, जनताका निमित्त तथा जनताद्वारा गरिने शासनलाई भनिन्छ।" (Democracy is the government of the people by the people and for the people.) अब्राहम लिंकनको यो परिभाषा अत्यन्त लोकप्रिय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिभाषा हो । प्रायः लोकतन्त्रका लागि सबै आवश्यक तत्त्वहरूको समावेश यसमा गरिएको छ, तर जनतन्त्र सारा जनताको शासन नभई बहुमतको शासन हुन्छ । यो कुरा यस परिभाषामा उल्लेख छैन । डायशीले जनतन्त्रको परिभाषा यस प्रकारले गरेका छन्—"लोकतन्त्र शासन अथवा जनतन्त्र शासनको त्यो रूप हो, जसमा शासन-समुदाय सम्पूर्ण राष्ट्रको अपेक्षाकृत एउटा ठूलो भाग हो।" (Democracy is that form of government in which governing body is comparatively a large fraction internation,) यस परिभाषामा लोकतन्त्र समग्र जनताद्वारा निश्चित प्रतिनिधिको बहुमतको शासन हो भन्ने दर्शाएको भए परिभाषा साह्रै नै उपयुक्त हुने थियो ।

लार्ड ब्राइसका अनुसार--"लोकतन्त्र, शासनको त्यो रूप हो, जसमा राज्यको शासनशक्ति कुनै विशेष वर्ग अथवा वर्गहरूमा निहित नभई सम्पूर्ण जनसमाजका सदस्यहरूमा निहित छ ।" (Democracy is that form of government in which the ruling power of the State is vested not in a particular class or classes but in the members of the community as a whole) ब्राईसको परिभाषामा जनतन्त्रको यथार्थ परिचय पाइँदैन ।

प्रो० हर्नसाले जनतन्त्रको परिभाषा दिँदै लेखेका छन्—"जनतन्त्र राज्य साधारणतः त्यो हो जसमा प्रभुत्वशक्ति समष्टिरूपले जनताको हातमा रहन्छ, जसमा जनता शासन-सम्बन्धी विषयहरूमा आफ्नो अन्तिम निर्णय रोज्दछ तथा यो निर्धारित गर्दछ कि राज्यमा कुन प्रकारको शासन स्थापित गर्ने ।" (A democratic State, in short, is simply one in which the community maintains ultimate control over affair, and determines what sort of governmental machinary will be set up.)

उपरोक्त परिभाषाहरूबाट यो स्पष्ट हुन्छ कि जनतन्त्र, शासनको त्यो स्वरूप हो जसमा प्रभुसत्ता सम्पूर्ण राष्ट्र अथवा समाजको बहुमतमा निहित हुन्छ । जनतन्त्र सम्पूर्ण जनताको हितहरूको समानता तथा एकतामाथि जोड दिन्छ । जनतन्त्रमा प्रत्येक व्यक्ति गणनामा एउटाको बराबर हुन्छ । एकभन्दा बढी कोही हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राज्यको शासनमा प्रत्येक व्यक्तिको भाग हुनुपर्छ । विशेष अधिकारहरूका निम्ति कुनै स्थान हुँदैन । छोटकरीमा हामी भन्न सक्तछौं कि स्वतन्त्रता, समानता तथा भ्रातृत्वभावना जनतन्त्रका तीन आधार हुन् ।

जनतन्त्रको भेद (Kinds of democracy) साधारणतया प्रजातन्त्रको मुख्य दुई भेद गरिन्छ (i) प्रत्यक्ष अथवा शुद्ध प्रजातन्त्र (Direct or pure democracy र (ii) प्रतिनिधि अथवा अप्रत्यक्ष प्रजातन्त्र (Representative or indirect democracy),

(i) प्रत्यक्ष अथवा शुद्ध प्रजातन्त्र (Direct or pure democracy)—जुन शासनमा सबै नागरिक प्रत्यक्षरूपले भाग लिन्छन् त्यसलाई प्रत्यक्ष अथवा शुद्ध प्रजातन्त्र भनिन्छ । प्राचीन कालमा यूनान अथवा रोमका नगर-राज्यहरूमा यस्तै प्रकारको जनतन्त्र प्रचलित थियो । आधुनिक युगमा राज्यको आकार ठूलो भएकोले प्रत्यक्ष जनतन्त्र विश्वका एक दुई राज्यलाई छाडी अरू ठाउँमा पाइँदैन । प्रत्यक्ष जनतन्त्र साना-साना राज्यहरूमा मात्र सम्भव छ । रूसोले पनि प्रत्यक्ष जनतन्त्रको समर्थन गरेका थिए । आजको विश्वमा स्वीटजरलैंण्ड र अमेरिकाका केही राज्यहरूमा मात्र प्रजातन्त्रका अवशेष पाइन्छ। प्रत्यक्ष जनतन्त्रमा जनमतद्वारा निर्णय (Referendum) प्रस्तावाधिकार (Initiative) र प्रत्यावर्तन (Recali) लोकसम्मति (plebiscite) आउँछन् । प्रस्तावाधिकार जनताको हातमा प्रत्यक्ष अधिकार हो । यसमा केही व्यक्तिहरूद्वारा कुनै कानूनको प्रस्ताव गरिन्छ र विधानमण्डल अथवा जनताको स्वीकृति पाएर यो प्रस्तावले कानूनको रूप धारण गर्दछ । जनमत निर्णयले जनतालाई विधान-मण्डलद्वारा निर्मित कानूनहरूको विशेषाधिकार प्रदान गर्दछ । यस अनुसार विधान-मण्डलद्वारा स्वीकृति भएर पनि कानून तुरन्त लागू गर्न सकिदैन, लागू गर्नु अघि जनताको मत लिइन्छ । प्रत्यावर्तनको अर्थ हो यदि जनता आफ्ना प्रतिनिधिहरूको कार्यबाट असन्तुष्ट भए तिनीहरूलाई विधानमण्डल अथवा कार्यपालिकाबाट फर्काउन सक्तछन् र त्यो स्थानमा अरू प्रतिनिधिहरू पठाउन सक्तछन् । जनमत गणनाको अर्थ हो सार्वजनिक महत्त्वका प्रश्नहरूमा जनताको मत लिनु, तर लोकमत मान्नलाई शासन बाध्य हुँदैन । यस प्रकारले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रत्यक्ष जनतन्त्रको उपरोक्त लेखिएका केही अवशेषहरू नै आजको युगमा बाँकी रहन गएका छन् ।

(ii) प्रतिनिधि अथवा अप्रत्यक्ष प्रजातन्त्र (Representative or Indirect Democracy) :—आधुनिक युगमा अधिकांशतः जनतंत्रको प्रतिनिधि अथवा अप्रत्यक्ष स्वरूप नै प्रचलित छ । विशाल राज्यहरूमा प्रत्यक्ष प्रजातंत्र व्यवस्था व्यावहारिक नभएकाले जनतन्त्रको यस रूपलाई प्रायः विश्वका सबै राष्ट्रहरूले अँगालेका छन् । यस शासन-प्रणालीमा जनताको इच्छाको अभिव्यक्ति केही निर्वाचित प्रतिनिधिहरूको माध्यमबाट नै हुन्छ । यस शासनमा जनताको इच्छाअनुसार निर्वाचित प्रतिनिधिहरूले देशको शासन गर्दछन् र नियम कानूनहरू बनाउँछन् । यी प्रतिनिधिहरूले गरेको निर्णय नै जनताको निर्णय मानिन्छ । प्रायः आधुनिक प्रजातन्त्र व्यवस्थामा सबै ठाउँमा यस्तै प्रकारको शासन व्यवस्था छ । नेपालमा पनि सम्पूर्ण जनताले पञ्चायती माध्यमद्वारा आफ्ना प्रतिनिधिहरूलाई छानी राष्ट्रीय पञ्चायतमा पठाउँछन् । राष्ट्रीय पञ्चायतले जनतको हित विचार गरी नियम कानून बनाउँछ ।

जनतन्त्रका गुणहरू–जनतन्त्र नागरिकताको आदर्श पाठशाला हो :–जनतन्त्रले नागरिकहरूमा त्याग, सेवा सहिष्णुता, भ्रातृत्व, सहानुभूति आदिको उदय गरी सार्वजनिक कार्यहरूमा नागरिकहरूलाई बढीभन्दो बढी भाग लिने सुअवसर प्रदान गर्दछ । तसर्थ जनतन्त्रलाई नागरिकताको आदर्श पाठशाला भनिन्छ । योग्य नागरिकहरूबाट नै जनतन्त्र सफल हुने हुँदा प्रत्येक नागरिकले आफ्नो व्यक्तित्वको पूर्ण विकास गर्ने मौका जनतन्त्रमा नै पाउँछन् । यस सम्बन्धमा सी० डी० वर्नसले लेखेका छन्—"सबै शासन शिक्षाको साधन हुन्छ र सबभन्दा राम्रो शिक्षा स्वशिक्षा हो, तसर्थ सबभन्दा राम्रो शासन स्वशासन हो, जसलाई लोकतन्त्र भन्दछन् ।"

(ii) लोकमत माथि आधारित शासन—प्रजातन्त्र भनेको जनताको सरकार हो । जनतन्त्रको आधार जनताको इच्छा हो । जनताले आफ्नो प्रतिनिधिहरू छान्दछन् र ती प्रतिनिधिहरूले जनताको आकांक्षा अनुरूप शासन चलाउँछन् । जनतन्त्रमा जनइच्छा अनुसार कानूनको निर्माण गरिन्छ र शासन संचालन हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(iii) प्रजातन्त्र स्वतन्त्रता, समानता र भ्रातृत्व माथि आधारित— जनतन्त्रको मूल आधार हो, स्वतंत्रता, समानता र भ्रातृत्व। प्रजातन्त्र नै एक मात्र यस्तो शासन हो जसमा नागरिक नागरिकका बीचमा भेदभाव गरिन्न औ सबैलाई समानताको आधारमा व्यवहार गरिन्छ। जाति, लिङ्ग, वर्ण आदिको भेदभाव यस्तो शासनमा गरिन्न। कानूनका समक्ष सबै समान हुन्छन् र सबैलाई समान अवसर प्रदान गरिन्छ। बोल्ने, लेख्ने, घुम्ने आदि स्वतंत्रता प्रजातन्त्रमा नै सम्भव छ। नागरिकहरूले व्यक्तिगत स्वतन्त्रताको उपभोग जनतन्त्रमा नै गर्न सक्छन्।

(iv) क्रांति हुने कम सम्भावना—प्रजातन्त्र 'जनता द्वारा' जनताको सरकार भएकाले लोकप्रिय शासन व्यवस्था हुनगएको छ। निश्चित अवधिमा निर्वाचनद्वारा जनताले सरकारमा परिवर्तन गर्न सक्ने भएकाले क्रांतिको कम सम्भावना यसमा हुन्छ। जनतन्त्रमा जनताको नै साझेदारी रहने हुँदा क्रान्ति हुने वा गर्ने धेरै नै कम सम्भावना हुन्छ। अतः जनतन्त्र स्थायी शासन व्यवस्था पनि हो।

(v) राजनीतिक जागरण—प्रजातन्त्रले जनतामा राजनीतिक जागरण ल्याउँछ। राजनैतिक दलहरूले जनतालाई सदैव सचेत र जागरूक पारिरहन्छन्। अर्कोपट्टि जनताले अनेकौं पटक निर्वाचनमा भाग लिएर आफूलाई जागृत पार्दछन्।

(iv) लोक कल्याण—जनतन्त्र 'जनताका लागि' भएकाले यसको प्रमुख लक्ष्य नै लोक कल्याण हो। यस व्यवस्थामा लिङ्ग, वर्ण, जात, जाति आदिको भेदभाव नगरिने हुँदा सबैले समान अवसर पाउँछन् तथा सरकारले पनि लोक कल्याणकारी कार्यहरूलाई नै प्राथमिक्ता दिन्छ।

अवगुणहरू

(i) संख्यामाथि बढी महत्व :—जनतन्त्रमा मतहरूको गिन्तीबाट बहुमत भएका व्यक्तिहरू नै शासक हुने हुंदा व्यक्तिको उचित मूल्यांकन हुँदैन। यस सम्बन्धमा कार्लाइल लेख्दछन्—"दुनियाँमा एउटा सुयोग्य व्यक्तिको निम्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नौ मूर्ख हुन्छन् तसर्थ जनतन्त्रको अर्थ मूर्खहरूको शासन हो। (There are nine fools in the world for one wise man. Democracy therefore means the rules of fools.)"

(ii) अल्पमतको उपेक्षा :—जनतन्त्र बहुमतको शासन भएकोले अल्पमतको सदा उपेक्षा हुन्छ। बहुमतले सदा आफ्नो स्वार्थ र राजनैतिक दलको स्वार्थ नै हेर्दछ। यस प्रकारले अल्पमतको सदा उपेक्षा नै भइरहेको पाइन्छ।

(iii) समय तथा धनको अपव्यय :—जनतन्त्रका विरोधीहरुले जनतन्त्रलाई सार्वजनिक धन र समयको अपव्यय गर्ने शासन हो भनेका छन्। जनतन्त्रमा हरेक कार्य मन्थर गतिले हुन्छ। उदाहरणार्थ कुनै कानून पास गर्नु परेका संसदको कानून निर्माण-सम्बन्धी जुन नियम छ त्यसअनुसार जानु नै पर्दछ। जनताको विचार बुझ्नका लागि प्रकाशित गर्नु नै पर्दछ आदि। यस प्रकारले जनतन्त्रमा समयको बढ़ी अपव्यय हुन्छ। पुनः चुनावमा उमेदवारहरूको बढी धन खर्च हुन्छ। उमेदवारहरूले खर्च गर्ने रकम कुनै सार्वजनिक काममा लगाए त्यो बढी लाभदायक हुनजान्छ। यस प्रकारले जनतन्त्र धन र समयको अपव्यय गर्ने शासन हो।

(iv) स्वतन्त्रताको हनन :—यद्यपि जनतन्त्रलाई स्वतन्त्रताको जननी मानिएको छ, तर वास्तवमा त्यस्तो हुँदैन। सिद्धान्ततः चुनावमा कुनै पनि उमेर पुगेका व्यक्ति उमेदवार हुन सक्तछन् भन्ने छ, तर चुनावमा बढी धन खर्च हुने हुँदा निर्धन व्यक्ति चुनावमा लड्न असमर्थ हुन्छन्। पुनः बहुमत प्राप्त राजनैतिक दलले आफ्नै सदस्यहरुको बढी हित गर्ने हुँदा अल्पमत प्राप्त दलले आफ्नै विकास गर्ने मौका पाउँदैन। यस प्रकारले जनतन्त्रले व्यक्तिगत स्वतन्त्रताको हनन गर्दछ।

(v) जनतन्त्र नैतिक पतनको साधन :—जनतन्त्र जनताको निर्वाचन माथि आधारित भएकोले निर्वाचनमा सफलता प्राप्त गर्न का लागि अनैतिक आचरण प्रयोग गर्नमा उम्मेदवार तथा व्यक्तिहरू पछि हटतैनन्। आफ्ना बिरोधीहरूको विरुद्ध भ्रष्ट प्रचार गर्न संकोच मान्दैनन्। निर्वाचनमा सफल भएपछि पनि आपनो पद ओगटिरहन अनैतिक साधन नै अपनाउँछन्। हार्नसाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्दमा जनतन्त्रवादको प्रवृति सार्वजनिक विषयहरूमा एउटा यस्तो अविचार, यस्तो अशोभनीय, एउटा यस्तो बौलाहापन प्रदर्शन गर्नेतर्फ हुन्छ, जो कुनै पनि सदस्य आफ्नो व्यक्तिगत विषयहरूमा प्रदर्शित गर्ने सपना पनि देख्न सक्दैन। (Democracy tends to display in public affairs imprudence, a recklesess, an insanity which no member of it would dream of displaying in his private affairs.)

ब्राइसका शब्दमा :—"जनतन्त्रवादले धनको त्यस प्रभावलाई घटाउन सकेन जसले विधि निर्माण तथा प्रशासन दुवैलाई विकृत गरेको छ। विधानसभाका सदस्यहरू तथा राजनैतिक अधिकारीहरूको प्रवृत्ति दूषित हुन्छ र तिनीहरूले कानून बनाउन तथा प्रशासन चलाउनमा आगामी निर्वाचनमा विशेष ध्यान राख्तछन् ।"

(vi). दलगत राजनीतिको कुप्रभाव :—राजनैतिक दलबन्दी जनतन्त्रको मुख्य आधार हो। जनतन्त्र एक प्रकारले राजनैतिक दलहरूको नै शासन हो। सत्तारूढ़ राजनैतिक दलले सदा आफ्नै दलको हितलाई हेर्दछ। देश र समाजको हित सधैं उपेक्षित हुन्छ। राजनीतिको दूषित वातावरणमा योग्य व्यक्तिहरू सदा टाढै रहन्छन् र लाटा सुधा जनता राजनैतिक दलहरूको झूठा प्रचारका शिकार बन्दछन् ।

हेनरीमैनका शब्दमा :—"जनतन्त्रवादको अर्थ राजनैतिक शक्तिको साना-साना खण्डहरूमा विभाजन हुनु हो। यसको परिणामस्वरूप मतदाताहरूमा उदासीनता तथा अनुत्तरदायित्वको भावना आउँछ।"

ब्राइसका शब्दमा :—"जनतन्त्रवादमा मानिसहरूको प्रवृत्ति राजनीतिलाई एउटा व्यवसाय बनाउनु हुन्छ। राजनैतिक दलहरूको एउटा अनुचित शक्ति बढ्दछ।"

(vii) सांस्कृतिक प्रगतिको विरोधी :—लैकी, सर हेनरी लन तथा व्लण्ट शिली जस्ता विद्वानहरूले लोकतन्त्रलाई साहित्य, कला र विज्ञानको विरोधी भनेका छन् । यी विद्वानहरूले आफ्नो तर्कमा भन्दछन् कि लोकतन्त्रमा शासन साधारण जनताको हातमा हुन्छ। साधारण जनतालाई साहित्य, संगीत,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कला र विज्ञानप्रति न चाखै हुन्छ न त यिनीहरूलाई प्रोत्साहित गर्ने योग्यता। यस प्रकारले समाजको सांस्कृतिक प्रगति रोकिन्छ। लैकीका अनुसार—"बौद्धिक प्रगति र वैज्ञानिक विकासका लागि प्रजातन्त्र उपयोगी हुँदैन।" (Democracy is unfavourable to the intelectual progress and advancement of scientific truth.

ट्रिटस्केले लेखेको छ—'जनतन्त्रले केवल भौतिक कल्याणको नै चिन्ता गर्दछ र कला तथा संस्कृतिप्रति उदासीन हुन्छ।'

(viii) जनतन्त्र विकास विरोधी :—फेगुएले जनतन्त्रको आलोचना गर्दै एक ठाउँमा लेखेका थिए कि 'यो विकास विरोधी हो।' उसले राज्यलाई शरीरसँग तुलना गरेको छ। शरीर जुन प्रकारले विकास गर्दै जान्छ राज्यको पनि त्यसरी नै विकास हुन्छ। शरीरमा मस्तिष्कको सर्वोपरि स्थान हुन्छ। मस्तिष्कको निर्देश-अनुसार शरीरको विकास हुन्छ, तर लोकतन्त्रमा यस्तो सर्वोपरि कुनै सत्ता हुँदैन। फलतः यसको स्वाभाविक विकास रोकिन्छ। यस प्रकारले लोकतन्त्र विकासवादी सिद्धान्तको विरोधी हो। फेगुएकै शब्दमा—जनतन्त्र विकास विरोधी हो किनकि यसमा एउटा केन्द्रीय निर्देशन-व्यवस्था हुँदैन। जसले मस्तिष्कलाई शरीरको कुनै पनि भागमा राख्ने प्रयत्न गर्दछ। (Democracy is anti evolutionary because it does not have a central nervous system it expects the brain to be located anywhere and everywhere in the organism).

सर हेनरी मेनका शब्दमा—"जनतन्त्रवाद प्रगतिको विरोधी हो, किनकि जनता स्वभाववाट रूढिवादी हुन्छन्।"

(ix) जनतन्त्र संकटकालमा असफल—आकस्मिक संकटका समयमा जनतन्त्रले सफलतापूर्वक सामना गर्न सक्तैन। किनकि जनतन्त्र बहुमतको शासन भएकोले छानिएका व्यक्तिहरूको विचार पनि फरक हुन्छ। यस प्रकारले आकस्मिक सङ्कटका समयमा तुरुन्तै गरिहाल्नुपर्ने कार्य जनतन्त्रमा ढिलो हुन जान्छ। लार्ड वाल्डवीनका शब्दमा—"लोकतन्त्र तानशाहीभन्दा सदा दुई वर्ष पछि नै रहन्छ। यस असमर्थताको मुख्य कारण हो कि लोकतन्त्रमा कुनै कुराको पनि निर्णय गर्न ढिलो हुन्छ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जनतन्त्रको सफलताका लागि आवश्यक कुराहरू :—जनतन्त्रमा आधारभूत गुणहरू तथा गम्भीर दोषहरू हुँदाहुँदै पनि यो शासन व्यवस्थाको सर्वोत्तम स्वरूप भएकोले यसको सफलताको के कारण हो र ती दोषहरूलाई कसरी हटाउन सकिन्छ भन्ने कुरामा गम्भीरतापूर्वक विचार गर्न पर्छ। मिलले जनतन्त्रको सफलताका लागि आवश्यक परिस्थितिहरूको उल्लेख गरेका थिए। मिलले उल्लेख गरेका कुराहरू अन्य विद्वान्हरूले प्रतिपादित गरेका सिद्धान्त अनुसार जनतन्त्रको सफलताका लागि निम्नलिखित कुराहरू आवश्यक छन्।

(i) शान्ति :—युद्धरत संसारमा जनतन्त्रवादको अस्तित्व पनि असम्भव छ। युद्धकालमा शक्तिको केन्द्रीकरण हुन्छ, तर जनतन्त्रवाद शक्तिको विकेन्द्रीकरणमाथि विश्वास गर्दछ। अतएव जनतन्त्रवाद आन्तरिक तथा बाह्य शान्तिमा नै फस्टाउन तथा फक्रन सक्तछ। जनतन्त्रवादका निम्ति अनुकूल शान्ति जनताको उदार तथा शान्तिपूर्ण प्रवृत्तिहरूमाथि आधारित हुनुपर्दछ।

(ii) गरीबीको अभाव :—जततन्त्रको सफलताका निमित्त नागरिकहरूको यथासम्भव आर्थिक समानता पनि आवश्यक छ। न अत्यधिक सम्पन्नता न अत्यधिक विपन्नताले नै स्थान पाउनुपर्दछ। व्यक्तिको शोषण हुनु हुँदैन। समानताको अभावमा जनतन्त्रवादको आधारभूत विचारधारा तथा समुदायको स्वतन्त्रता नष्ट हुन्छ। अतएव सम्पत्ति विभाजनको एउटा उचित तथा न्यायसङ्गत विकास गरी धनी र गरीबमा यथासम्भव भेदभाव हटाउनुपर्दछ। गरीबहरूका बीच जनतन्त्र कहिल्यै सफल हुन सक्तैन।

(iii) शिक्षाको आवश्यकता :—जनतन्त्रवादको सफलताका निम्ति शिक्षाका आवश्यकता हुन्छ। शिक्षित व्यक्तिले नै राज्यको समस्या राम्ररी बुझ्न सक्तछन्। जनतन्त्रवाद जनताको मतमाथि निर्भर रहने हुँदा मताधिकारको उचित प्रयोग शिक्षित व्यक्तिले नै बुझेको हुन्छ। प्रजातन्त्रको सफलताका लागि जनताको निष्क्रिय सहमति मात्र यथेष्ट हुँदैन। त्यसका लागि जनताको सक्रिय सहयोग एवं स्थायी रुचि वाञ्छनीय छ। यो तब नै सम्भव हुन सक्तछ जब नागरिक शिक्षित हुन्छ तथा सार्वजनिक प्रश्नहरूमाथि साहस तथा स्वतन्त्रतापूर्वक निर्णय दिने क्षमता राख्तछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(iv) सहयोग :—नागरिकहरूमा एक भई कार्य गर्ने क्षमता हुनुपर्दछ। कुनै पनि सफलताका लागि सहयोगी भावनाको आवश्यकता हुन्छ। एकलो व्यक्ति सदा असफल रहन्छ। जनतामा उत्तरदायित्वको भावना हुनुपर्छ र व्यक्ति सदैव निर्णयलाई शिरोपर गरी कार्य गर्न तत्पर रहनुपर्दछ। बहुमतले पनि सदैव उदारता र औचित्यको व्यवहार गर्नु पर्दछ। अल्पसंख्यक वर्गको औचित्य तथा अधिकारहरूलाई स्वीकार गर्नुपर्दछ। धर्म, संस्कृति भाषा आदि संकुचित भेदभावहरूको कारणबाट कहिल्यै पनि राष्ट्रिय सहयोगको पथमा बाधा उपस्थिति हुनु हुँदैन। जनतन्त्रको सफलता जनताको राजनैतिक चेतना तथा उत्तरदायित्व वहनमा आधारित छ।

(v) सदाचार—सदाचार जनता तथा राजनैतिक दलहरूको नैतिकतामाथि निर्भर गर्दछ। देशका सबै नागरिकहरू, अधिकारहरू तथा राजनैतिक दलहरू झूठ र छलछामबाट अलग हुनुपर्दछ। शासक वर्गले पनि ईमानदारी, निस्वार्थ भावना तथा सार्वजनिक कार्यहरूलाई पूर्ण अभिरूचिका साथ निभाउनुपर्दछ। जनतन्त्रको सफलता जनताको चरित्रमाथि निर्भर गर्दछ र संयम तथा कर्तव्य ज्ञान जनशासनका आधारशिला हुन्।

स्थानीय स्वशासन—स्थानीय स्वशासनको स्थापना सफल जनतन्त्रात्मक शासनको आवश्यक तत्त्व हो। एउटा साधारण नागरिक राष्ट्रिय विधिहरूभन्दा स्थानीय विषयहरूमा बढी रुचि राख्तछ। अतएव स्थानीय स्वशासनसम्बन्धी संस्थाहरूमा भाग लिनाले नागरिकलाई जनतन्त्रात्मक शासन-कालमा शिक्षा प्राप्त हुन्छ र उसमा उच्चतर राष्ट्रिय कर्तव्यहरू, उत्तरदायित्वहरूप्रति रुचि जागृत हुन्छ। तसर्थ ठीकै भनिएको छ कि—"स्थानीय स्वशासन राष्ट्रिय स्वशासनको आधारशिला हो।"

(vii) जनमत—एउटा तर्कयुक्त, सुशिक्षित तथा प्रबुद्ध जनमतको निर्णय पनि जनतन्त्रवादको सफलताका लागि आवश्यक हुन्छ! जनमत सदा सुनियमित तथा सुशिक्षित हुनुपर्छ। जनतन्त्रात्मक शासनको संचालन स्वभावतः जनमतकै प्रकृतिमाथि निर्भर गर्दछ। एउटा सजग, प्रबुद्ध, सुसङ्गठित जनमतको शासनमाथि बडो राम्रो र गहिरो प्रभाव पर्दछ। यस्तो जनमतको अस्तित्व

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुरुपयोगलाई रोकी स्वतन्त्रता अधिकारहरूलाई बढी सुरक्षित बनाउँछ । आफ्नो स्वतन्त्रताको रक्षाको निम्ति नागरिकहरू सतत प्रयत्नशील हुनुपर्छ । आलोचना जनतन्त्रात्मक शासनको आत्मा हो । अतएव जनतामा शासनको अन्याय तथा अत्याचारहरूको विरोध गर्न साहस हुनुपर्दछ ।

(viii) सुसंगठित राजनैतिक दल :—जनतन्त्रवादको सफलताका निम्ति देशमा सुसङ्गठित राजनैतिक दलहरूको अस्तित्व पनि आवश्यक छ । यी दलहरूको सङ्गठन विभिन्न राजनैतिक तथा आर्थिक कार्यक्रमहरूको आधारमा हुनुपर्दछ । राजनैतिक दलहरू जनतन्त्रात्मक सञ्चालनका लागि नितान्त आवश्यक हुन्छन् । खास गरी संसदीय व्यवस्थामा राजनैतिक दलहरूबिना कुनै पनि मन्त्रिमण्डल अथवा विरोधी पक्षको निर्माण असम्भव छ । मेकाइवरको शब्दमा– राजनैतिक दलहरू-विना सिद्धान्तको एकीकृत अभिव्यक्तिकरण, नीतिको क्रमिक विकास तथा संसद् निर्वाचनहरूको संवैधानिक नियुक्तिको नियमित प्रयोग असम्भव छ ।" (Without political parties there can be no unified statement of principle, no orderly education of policy and no regular resort to the constitutional device of parliamentary elections).

[ङ] संघात्मक र एकात्मक सरकार—(Unitary and federal forms of government)—एकात्मक सरकारको अर्थ :—एकात्मक शासन त्यसलाई भनिन्छ जसमा सम्पूर्ण शासन-सत्ता एउटा केन्द्रीय सङ्गठनमा निहित हुन्छ । एकात्मक शासनको परिभाषा गर्दै गारनरले लेखेका छन्—"यो त्यो शासन प्रणाली हो जसमा संविधानद्वारा सम्पूर्ण शक्ति केन्द्रीय सरकारलाई दिइएको हुन्छ र जसबाट स्थानीय सरकार आफ्नो अधिकार अथवा आफ्नो स्वतन्त्रता मात्र होइन आफ्नो अस्तित्व पनि राख्न सक्दछ । (It (unitary) is that system where the whole power of government is conferred by the constitution upon a single, central organs, from which the local, governments derive whatever authority or autonomy they may possess and indeed their very existence.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपरोक्त परिभाषा-अनुसार एकात्मक सरकारमा निम्नलिखित विशेषताहरू हुनुपर्दछ।

(i) समस्त शक्तिहरू संविधानद्वारा नै केन्द्रित रहन्छन्।

(ii) एकात्मक शासनमा स्थानीय सरकारको बेग्लै कुनै अस्तित्व हुँदैन। केन्द्र-बाट प्राप्त शक्तिहरूके उपभोग स्थानीय सरकारले गर्दछ। केन्द्रीय सरकारले आफ्ना इच्छावमोजिम उक्त अधिकारमा थपघट गर्न सक्तछ।

(iii) स्थानीय सरकार केन्द्रीय सरकारको एजेण्ट हुन्छ।

(iv) केन्द्रीय सरकारलाई नै कानून निर्माण-सम्बन्धी सर्वोच्च शक्ति हुन्छ।

(v) एकात्मक सरकारमा सम्पूर्ण राज्यभरिमा एउटै नागरिकता हुन्छ।

एकात्मक शासन-प्रणालीको गुण (i) शासनमा एकरूपता :—एकात्मक-शासन-प्रणालीमा सम्पूर्ण देशमा एउटै कानून लागू हुन्छ, एउटै व्यवस्था अथवा सत्ता हुंदैन। शक्तिको स्रोत केन्द्र भएकाले राज्यको संगठन सुदृढ हुन्छ।

(ii) सरकार शक्तिशाली हुन्छ :—संघात्मक सरकारमा केन्द्र र अन्य इकाइहरूका बीच झगडाको केही सम्भावना हुन्छ, तर एकात्मक सरकारमा सम्पूर्ण शक्ति केन्द्रमा केन्द्रित हुने भएकोले झैझगडाको सम्भावना हुंदैन। पुनः एकात्मक शासन प्रणाली बढी सुदृढ र शक्तिशाली हुन्छ। केन्द्रीय सरकार शक्तिशाली हुने हुँदा सरकारले कुनै पनि गहकिलो कदम समय अनुसार उठाउन सक्तछ।

(iii) एउटै नागरिकता :—एकात्मक शासन प्रणालीमा देशका प्रत्येक नागरिकलाई एउटा मात्र नागरिकता प्रदान गरिन्छ। एउटा नागरिक चाहें त्यो गाउँमा बस्ने होस् चाहे शहरमा वा शासनको कुनै एकाइमा तर त्यो व्यक्ति त्यस देशको नागरिक हुन्छ। एकाइको बेग्लाबेग्लै नागरिकता प्रदान गरिन्छ। एउटै नागरिकतावाट राष्ट्रिय आवश्यकताहरूको अनुकूल वातावरण तयार गर्नमा सहायता मिल्दछ।

(iv) सरलता—एकात्मक शासन एउटा सरल संगठन हुनुका साथै सस्तो पनि छ। यस्ता शासनलाई जनताले सजिलैसँग बुझ्न सक्तछन्। साथै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शासन पनि सजिलैसित चलाउन सकिन्छ । एकात्मक शासन-प्रणालीमा असाधारण परिस्थितिहरूको सामना सजिलैसँग गर्न सकिन्छ जब कि संघ शासनमा यस्तो सम्भव छैन ।

(v) कम खर्चिली :—संघात्मक शासनको अपेक्षा एकात्मक शासन कम खर्चिलो हुन्छ किनकि सम्पूर्ण देशका लागि एकमात्र व्यवस्थापिका एवं न्यायपालिका हुन्छ जब कि संघ शासनमा एकाइहरूमा पनि बेग्लाबेग्लै कार्यपालिका व्यवस्थापिका आदिको व्यवस्था हुन्छ ।

(iv) शीघ्र निर्णय :—एकात्मक शासन-प्रणालीमा कुनै पनि विषय-अविलम्ब निर्णय हुन किनकि यस्तो शासन-व्यवस्थामा सँघ-राज्यहरूलाई मनाउनु अथवा नीतिहरूको इच्छा बुझिरहने आवश्यकता पर्दैन । परिस्थितिको सामना यस शासन-व्यवस्थामा बहुतै सजिलो प्रकारले हुन सक्तछ किनकि कार्यपालिकाले निर्णय लिन सक्तछ ।

एकात्मक शासन-प्रणालीको दोष (i) स्वेच्छाचारिताको डर :—एकात्मक शासन-प्रणालीमा सारा शक्ति केन्द्रमै केन्द्रित हुने हुँदा केन्द्रीय कार्यपालिका निरंकुश वा स्वेच्छाचारी हुने धेरै सम्भावना हुन्छ । एउटा विद्वानले भनेका छन्—"शक्ति विकृत हुन्छ र असीम शक्ति अझ बढी विकृत हुन्छ (Power corrupts and absolute power corrupts absolutely.)

(ii) स्थानीय हितको उपेक्षा :—केन्द्रलाई स्थानीय समस्याहरूको राम्रो ज्ञान नहुने हुँदा स्थानीय हितहरूको उपेक्षा हुन्छ । केन्द्रीय शासनलाई यति फुर्सद पनि हुँदैन कि स्थानीय हितहरूलाई उसले ध्यानपूर्वक हेरोस् । यस सन्दर्भमा गार्नर लेख्तछन्—"एकात्मक शासनका कारणले स्थानीय जनतामा आफ्नो तर्फबाट कार्य गर्ने शक्ति मन्द हुन्छ, सार्वजनिक कार्यहरूका निम्ति प्रोत्साहन एवं प्रेरणाको स्थानमा उत्साहहीनता दृष्टिगोचर हुन्छ । स्थानीय शासनका शक्ति दुर्बल हुन्छन् र केन्द्रकृत कर्मचारीतन्त्र (Centralised Bureaucracy) को विकास हुन्छ ।" (Unitary government tends to repress local initiative, discourage' rather than stimulates in public affairs impairs the vitality of the local governments

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

and facilitates the development of a centralised bureaucracy.)

(iii) विशाल देशमा अनुपयुक्त :—आधुनिक विश्वमा एकात्मक शासन साना-साना देशहरूमा मात्र दृष्टिगोचर हुन्छ । पुनः जुन देशमा भौगोलिक एकता हुन्छ, त्यहाँ नै एकात्मक शासन-प्रणाली सम्भव छ । तर विशाल देशहरू, जस्तै—रूस, अमेरिका, भारत आदिका लागि एकात्मक शासन सम्भव छैन । तसर्थ यी देशहरूमा सङ्घात्मक शासन-प्रणाली नै पाइन्छ ।

(iv) प्रशासनिक दक्षताको अभाव :—यद्यपि एकात्मक शासन बढी शक्तिशाली हुन्छ, तर दक्षताको दृष्टिबाट यो उपयुक्त देखिदैन किनकि टाढा-टाढा यसै केन्द्रीय शासन-अन्तर्गतको भूभागका समस्याहरूबाट पूर्ण अवगत केन्द्रीय सरकार हुन सक्तैन र पूर्ण ज्ञानको अभावमा गरिएको शासनलाई राम्रो भन्न सकिन्न । तसर्थ एकात्मक शासनलाई स्थानीय स्वशाससको घातक भनिन्छ । यस व्यवस्थामा स्थानीय स्वशासनले विकास गर्ने अवसर बहुतै कम पाउँछ । नागरिकहरूको बड़ी रुचि स्थानीय स्वशासनमा हुन्छ, तर एकात्मक शासन व्यवस्थाले नागरिकहरूलाई स्थानीय स्वशासनमा भाग लिने मोका कमै प्रदान गर्दछ । फलतः नागरिकहरूको सार्वजनिक कार्यमा कुनै रुचि नै रहन जाँदैन ।

(v) नोकरशाहीको उदय :—एकात्मक शासन-प्रणालीमा शक्ति केन्द्रमा निहित हुने हुँदा र केन्द्रले शासन चलाउनका लागि कर्मचारीहरू नियुक्त गर्ने हुँदा यी कर्मचारीहरू स्थानीय व्यक्तिहरूको कुनै फिक्री नै गर्दैनन् । यसबाट नोकरशाहीको प्रभाव बढदछ । यी कर्मचारीहरूलाई जनताको हितको चिन्ता नै रहँदैन । यिनीहरूको एकमात्र उद्देश्य केन्द्रीय मन्त्रीहरूलाई खुशी राख्नु हुन्छ । यसबाट प्रशासनमा भ्रष्टाचार फैलिने हुन्छ ।

संघात्मक शासन

संघात्मक शासनको अर्थ :—संघात्मक शासन त्यस प्रणालीलाई भन्दछन् जसमा राज्यको सम्पूर्ण शक्ति संविधानद्वारा केन्द्रीय शासन तथा संघको विधायक एकाइहरूको शासनका बीचमा विभाजित हुन्छ । एकात्मक शासनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विपरीत प्रणाली शक्ति-विभाजनमा आधारित छ । संघात्मक शासन-प्रशालीको परिभाषा दिंदै गार्नर लेख्तछन्—"संघात्मक शासन एउटा सामान्य संप्रभुताको अधीन संयुक्त केन्द्रीय र स्थानीय सरकारहरूको एउटा प्रणाली हो जसमा केन्द्रीय र स्थानीय दुवै संगठन सामान्य संविधानद्वारा निर्धारित निश्चित क्षेत्रभित्र सर्वोच्च हुन्छ । (Federal government is a system in which the totality of governmental powers is divided and distributed by the national constitution or the organic act of parliament creating it, between a central governments and the governments of the individual State to other territorial subdivisions of which the federation is composed.)"

जेनीनेकले सङ्घात्मक शासनको परिभाषा यस प्रकार गरेका छन्—'सङ्घ राज्य कैयौं राज्यहरूको योगबाट निर्मित एउटा प्रभुत्त्व सम्पन्न राज्य हुन्छ, जसको शक्ति आफ्नो विधायक राज्यहरूबाट प्राप्त हुन्छ र यी राज्य परस्पर यस प्रकार बाँधिएका हुन्छन्, तिनीहरूको योगबाट एउटा राजनैतिक पूर्णताको निर्माण हुन्छ । यो (सङ्घ राज्य) राज्यहरूको एउटा संयोग हुन्छ जसमा यस योगको परिणामस्वरूप विधायक राज्यहरूबाट एउटा प्रभुत्व सत्ता-सम्पन्न प्रतिष्ठत हुन जान्छ, तर सत्तामा ती राज्यहरूको पनि भाग रहन्छ । (A Federal State is a sovereign State formed out of several State the power of the former being derived from the States which compose it and in which latter are bound together as to form a political entity. It is an associations of States which has as a result the institution of a sovereign power superior to the associated States but in which, however, ihe latter participate)"

फाइनरका अनुसार—"सङ्घ शासनमा शक्तिहरूको एउटा अंश स्थानीय शासनहरूमा र दोस्रो केन्द्रीय शासनमा निहित हुन्छ । शक्तिहरूको यो विभाजन स्थानीय क्षेत्रहरूलाई सङ्गठित गरी जानी बुझी गरिन्छ । (A Federal is one in which part of the authority and power is vested in the local areas while another part is vested in central

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

institution deliberately consituted by an association of the local areas.)

प्रमुख राजनीतिज्ञ डायसीले सङ्घ शासनको परिभाषा यस प्रकारले दिएका छन्—"सङ्घ राज्य त्यो राजनीतिक योजना हो जसको उद्‌देश्य राष्ट्रिय एकता तथा राज्यहरूको अधिकारमा सामञ्जस्य उत्पन्न गर्नु हो ।

(A federal State is nothing but a political contrivance intended to recognise national unity with the maintenance of State rights.)

उपयुक्त परिभाषाहरूलाई ध्यानमा राखी सङ्घात्मक शासनमा निम्नलिखित विशेषताहरू उल्लेख गर्न सक्छौं—

(i) केही राजनैतिक एकाइहरूको अस्तित्व आवश्यक छ त्यसको आफ्नो संविधान तथा शासन सङ्गठन हुनुपर्दछ ।

(ii) केही सामान्य हितहरूका विषयमा प्रत्यक्ष शासनका निमित्त सम्पूर्ण सङ्घको एउटा सामान्य संविधान तथा शासन-सङ्गठन हुनुपर्दछ ।

(iii) संघ तथा एकाइहरूका बीच शक्तिको विभाजन हुनुपर्दछ । यस्तो शक्तिको विभाजन संविधानमा नै उल्लेख भएको हुनुपर्दछ ।

(iv) संघ राज्यको संविधान लिखित अपरिवर्तनशील हुनुपर्दछ । जसले गर्दा संविधानले नै शक्तिहरूको विभाजन निश्चित गरिदिन्छ र यसको कठोरताले गर्दा सङ्घ व्यवस्थालाई स्थायित्व प्रदान गर्दछ । तसर्थ अपरिवर्तनशील संविधान यस दृष्टिले धेरै राम्रो मानिन्छ ।

(v) सङ्घात्मक संविधानमा एउटा निष्पक्ष सर्वोच्च न्यायालय हुनुपर्छ किनकि आवश्यकता परे यसले संविधानको व्याख्या गर्न सकोस् र केन्द्र तथा एकाइ कसैले पनि संविधानको अतिक्रमण गर्न नसकोस् ।

संघात्मक शासनको गुण —(i) राष्ट्रिय एकताको स्थापना—साना-साना राज्यहरू एउटा बलवान् राज्यको रूपमा संयुक्त हुन सक्छन् किनकि आजको विश्वमा साना-साना स्वतन्त्र राज्यको अस्तित्व तथा स्थायित्व सम्भव छैन । साना-साना राज्यहरूको स्वतन्त्रता सदैव छिमेकी बलवान राज्यको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दयामाथि निर्भर गर्दछ, तर साना-साना राज्यहरू परस्पर संयुक्त भएर एउटा सङ्घको स्थापना गर्दा यी बढी शक्तिशाली हुनुको साथै सम्मान तथा सुरक्षाको उपभोग गर्न सक्तछन् । सङ्घ निर्माणको प्रतिक्रियामा यस्ता साना राज्यले आफ्नो प्रभुत्वको एउटा अंश त अवश्य नै परित्याग गर्नु पर्दछ, तर स्वतन्त्रताको यो हानि शक्ति तथा मान प्राप्तिबाट पूरा हुन जान्छ । गिल क्राइष्टका शब्दमा "सङ्घवाद संयुक्त हुने राज्यहरूलाई एउटा सम्मान प्रदान गर्दछ ।" ब्राइसका अनुसार—"सङ्घ शासनमा साना-साना राज्य आफ्नो अस्तित्व कायम राख्तै राष्ट्रिय सरकार अन्तर्गत सङ्गठित हुन सक्तछन् ।

(ii) स्थानीय स्वराज्यको प्राप्ति—सङ्घात्मक स्वरूपमा स्वराज्य प्राप्त हुन्छ । यस्तो शासन विस्तृत राष्ट्रिय विभिन्नता भएको ठूलो राज्यका निम्ति उपयुक्त हुन्छ । जुन कार्य देशको राष्ट्रिय जीवनका निम्ति आवश्यक सम्झिइन्छ, केन्द्रीय शासनलाई सुम्पिइन्छ र स्थानीम महत्त्वका सबै विषयहरू स्थानीय शासन-अन्तर्गत रहन्छन् । यस प्रकारले सङ्घवादमा विकेन्द्रीकरण पथा विकेन्द्रीकरणवाद एउटा राम्रो समन्वय देखापर्दछ । सङ्घ-शासन विभिन्नताहरूका बीचमा पनि एकता उत्पन्न गर्ने प्रयास गर्दछ । आजको विश्वमा भारत, अमेरिका, रूस आदि देशहरूमा सङ्घात्मक सरकार दृष्टिगोचर हुन्छन् । केन्द्रीय शासन राष्ट्रिय समस्याहरूमा व्यस्त रहने हुँदा स्थानीय प्रश्नहरूमाथि पर्याप्त विचार पुऱ्याउन सक्तैन । आन्तरिक विषयहरूमा स्वशासनको व्यवस्था प्रत्येक राज्य अथवा प्रान्तलाई आफ्नो प्रतिभा तथा योग्यतालाई बढीभन्दा बढी सहयोग गर्ने अवसर प्रदान गर्दछ, जसको परिणामस्वरूप नागरिकहरू राज्यको शासनमा सक्रिय रूपले भाग लिन सक्तछन् । ब्राइसका शब्दमा—"यस शासन अन्तर्गत स्थानीय शासनमा जनता सक्रिय रूपले भाग लिन सक्तछन् ।"

(iii) शासनमा कुशलता—सङ्घवादको प्रवृत्ति शासन-सम्बन्धी कार्यमा बढी सुचारुता उत्पन्न गर्ने हुन्छ । शक्ति विभाजन यस प्रणालीको आधार हो र शक्ति-विभाजनको अर्थ हुन्छ श्रमको विभाजन, जसको परिणामस्वरूप प्रशासन बढी सरल र सुचारु हुन जान्छ । शक्ति विभाजनबाट केन्द्रको भार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हलुका हुन्छ । स्थानीय हितको कार्यहरू सङ्घ राज्यबाट हुन्छ । यस प्रकारले प्रशासनमा कुशलता उत्पन्न हुन्छ ।

(vi) राजनैतिक शिक्षा प्रदान गर्दछ—सङ्घात्मक शासनले एउटा विस्तृत प्रदेशमा जनतन्त्रात्मक संस्थाहरूको स्थापना गर्न सजिलो बनाउँछ । तसर्थ जनतन्त्रात्मक शासनको सफल सञ्चालनका निम्ति बढी उपयुक्त छ । विकेन्द्रीकरण सङ्घवादको आधार हो। अतएव यसले देशभित्र कुनै पनि कुनामा बस्ने साधारण नागरिकलाई पनि शासनसम्बन्धी संस्थाहरूको कार्यमा भाग लिएर आफ्नो नैतिक गुरुत्व तथा आध्यात्मिक क्षमता प्रदर्शित गर्न अवसर प्रदान गर्दछ ।

(v) आर्थिक विकास—सङ्घात्मक शासनले एकाइ राज्यहरूलाई बढी लाभान्वित हुने परिस्थितिहरूमा आफ्नो आर्थिक विकास गर्न क्षमता प्रदान गर्दछ । एकाइहरूले आफ्नो रक्षाको निमित्त सेना राख्ने चिन्ता लिनुपर्दैन । तसर्थ आफ्नो औद्योगिक विकासतर्फ नै एकाइहरूले बढी ध्यान दिन सक्तछन् । यस प्रकार यो प्रणाली आर्थिक दृष्टिकोणबाट पनि बढी लाभदायक छ ।

(vi) संघीय सरकारलाई निरंकुश हुन दिँदैन :—अन्तर्राष्ट्रिय क्षेत्रमा सङ्घ राज्य एउटा बढी शक्तिशाली, संयुक्त तथा अविचलित नीति पालन गर्न सक्तछ । सङ्घ शासनमा नागरिकहरूको स्वतन्त्रता सुरक्षित रहन्छ । केन्द्र तथा सङ्घहरूका बीचमा शक्ति-विभाजन भएकोले यस शासन-प्रणालीमा केन्द्रीय तानाशाही बढ्न पाउँदैन । लार्ड ब्राइसका अनुसार—"सङ्घात्मक शासन-अन्तर्गत जनताको अधिकार कुल्चन प्रयास गर्ने स्वेच्छाचारी केन्द्रीकृत शासनको आविर्भावको धेरै कम आशंका रहन्छ ।"

संघशासनको दोष (i) आन्तरिक शासन निबल—सङ्घ व्यवस्थामा सत्ताको विभाजन तथा वितरण हुने हुँदा राज्यको राष्ट्रिय शक्ति क्षीण हुन जान्छ । कानून निर्माण द्वैध प्रणाली, अनावश्यक विलम्ब तथा व्ययको कारण बन्न जान्छ । कानून निर्माण तथा प्रशासनको क्षेत्रमा सङ्घर्षको सम्भावना सदा भैरहन्छ । सङ्घका विभिन्न एकाइ राज्यहरूमा एउटै विषयमा विविध कानून हुने हुँदा प्रायः बराबर गम्भीर परिस्थितिहरू उत्पन्न हुन सक्तछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सङ्घात्मक शासन-प्रणाली द्वैध हुने हुँदा बहुधा अधिकार-क्षेत्र सम्बन्धी सङ्घर्ष उठ्न सक्तछ। यस प्रकारले सङ्घव्यवस्थामा दुवै पक्षमा बीचमा झगडा चलि नै रहन्छ। यसले गर्दा आंतरिक शासन निर्बल हुन्छ।

(ii) अपव्यय :—सङ्घात्मक शासन-प्रणालीमा शासनतन्त्रको जटिलताले गर्दा अनेकौं सरकारी कर्मचारीहरू नियुक्त गर्नुपर्दछ। यसरी केन्द्र तथा एकाइ राज्यहरूका एउटै विषयमा दुईटा कर्मचारी रहन्छन् यस प्रकारले दोहरो खर्च हुन्छ। पुनः एकाइहरूमा व्यवस्थापिका, कार्यपालिका आदि पनि बेग्ला-बेग्लै हुने हुँदा खर्च बढ्दछ। तसर्थ सङ्घात्मक सरकारलाई बढी खर्चीलो भनिन्छ।

(iii) गृहयुद्धको सम्भावना :—केन्द्र र एकाइ राज्यहरूका बीच प्रतिद्वन्द्विताको कारणले कहिलेकाहीं गृहयुद्धको रूप धारण गर्दछ। गुटबन्दीले गर्दा नै यसमा सङ्घर्षको सम्भावना हुन्छ। अमेरिकामा-कमारा-कमारी (slavery) विषय लिएर सङ्घर्ष र एकाइहरूमा युद्ध भएको थियो।

(vi) सम्बन्ध-विच्छेदको सम्भावना :—संघ व्यवस्थामा राज्य सङ्घ शासनबाट असन्तुष्ट भै अलग हुन पनि सक्तछ किनकि संविधानले नै सङ्घ राज्य लाई इच्छा अनुसार आचरण गर्ने शक्ति प्रदान गरेको हुन्छ। यसको ज्वलन्त उदाहरण अब्राहम लिंकनका बेलाको अमेरिका हो।

(v) रूढिवाद :—सङ्घात्मक शासनमा लिखित संविधान हुने हुँदा सघशासनको प्रवृति रूढ़िवादतर्फ बढ्ता हुन्छ। यस शाशन अन्तर्गत संविधानमा संशोधन प्रायः हुँदैन। समय र परिस्थिति-अनुसार देश दिन-प्रतिदिन विकास गर्दै जान्छ, तर संविधान भने यथावत् रहिरहन्छ। यसको सशक्त उदाहरण अमेरिका हो जहाँ ३,००० (तीन हजार) प्रस्तावहरू १७५ वर्षभित्र संशोधनका निम्ति आए, तर ३,००० मा केवल ३० संशोधन मात्र पारित भए। यसबाट यो स्पष्ट हुन जान्छ कि सङ्घात्मक संविधान रूढिवाद हुन्छ।

(iv) निर्बल वैदेशिक नीति :—केन्द्रीय शासनद्वारा गरिएको सन्धि पालनमा एकाइ राज्यहरूको विरोधले केन्द्रको स्थिति ज्यादै शोचनीय हुन जान्छ। यस सम्बन्धमा संयुक्त राज्य अमेरिकाको र जापानको उदाहरण दिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सकिन्छ । अमेरिकी सरकारले जापानलाई यो आश्वासन दिएको थियो कि संयुक्त राज्य अमेरिकामा जापानीहरूका विरूद्ध कुनै भेद-भावको कानून बनाइने छैन, तर क्यालिफोर्निया एकाइ राज्यले यस्तो नियम बनाई केन्द्रीय शासनको आश्वासनमाथि पानी फेरिदियो ।

(vii दोहोरो नागरिकता :—सङ्घात्मक शासन-व्यवस्था नागरिकले दोहोरो नागरिकता प्राप्त गर्दछन् । यसले राज्य-राज्यलाई विभाजित गर्दछ । विश्वमा अमेरिका यस्तो देश हो जहाँ नागरिकलाई एकाई राज्यको नागरिकवा र देशको नागरिकता गरी दोहरो नागरिकता प्रदान गरिन्छ ।

(viii) सैनिक समस्या :—सङ्घात्मक शासनमा सैनिक सञ्चालन गर्न बढी समय लाग्दछ । पुनः विश्वका केही सङ्घात्मक शासनमा केन्द्र तथा एकाइ राज्यलाई प्रायः एकै क़िसिमको सैनिक अधिकार प्रदान गरिएको छ । उदाहरणका लागि अमेरिकामा केन्द्र तथा एकाई राज्यहरूको आफ्ना सैनिक हुन्थे । निग्रो बालक-बालिकाका शिक्षा-विषय लिई केन्द्रीय सरकारका सैनिक तथा एकाई राज्यका सैनिकका बीच हुन आँटेको युद्ध सबैलाई विदितै छ ।

(च) अध्यक्षात्मक तथा संसदात्मक शासन (Presidential and Parliamentary form of Government) अध्यक्षात्मक शासनको अर्थ :—कार्यपालिका तथा व्यवस्थापिकाको पारस्परिक सम्बन्धमाथि आधारित शासनको अर्को रूपलाई अध्यक्षात्मक शासन-प्रणाली—भनिन्छ । अध्यक्षात्मक शासनको परिभाषा गर्दै लेख्तछन्—"अध्याक्षात्मक सरकार त्यो सरकार हो जसमा कार्यपालिका संवैधानिक रूपले व्यवस्थापिकाबाट नीति र कार्यहरूमा बढी मात्रामा स्वतन्त्र रहन्छ । (Presidential government is that form in which the executive is constitutional independent of the legislature as regards its tenur and to a large extent also as regard its politics and acts.)

एउटा विद्वान्ले अध्यक्षात्मक शासनको परिभाषा गर्दै लेखेका छन्—जब कार्यपालिका, व्यवस्थापिकाद्वारा निर्वाचन नभई अन्य कुनै प्रकारले निर्वाचित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ र विधानमण्डल प्रति उत्तरदायी नभई एउटा निश्चित समयसम्म शासन-भार समाल्दछ तब हामी त्यसलाई अध्यक्षात्मक शासन भन्दछौं ।

उपर्युक्त परिभाषाहरूको अध्ययनबाट हामी यस शासन प्रणालीका निम्न-लिखित विशेषता छ भन्न सक्छौं :—

(i) व्यवस्थापिका तथा कार्यपालिका एक-अर्काबाट बिलकूलै स्वतन्त्र र अलग हुन्छ ।

(ii) कार्यपालिकाको प्रधान अथवा राष्ट्रपति प्रत्यक्षरूपले जनता-प्रति वास्तविक कार्यपालिका-शक्ति अध्यक्ष (राष्ट्रपति) के हातमा हुन्छ ।

(iii) संविधान तोकिएको अवधिभन्दा पहिले राष्ट्रपतिलाई हटाउन सकिंदैन केवल महाभियोग लगाएर मात्र हटाउन सकिन्छ ।

(iv) यस प्रणालीमा राज्यको अध्यक्ष अथवा राष्ट्रपति र उसका मन्त्रीहरू कार्य तथा नीतिहरूको सम्बन्धमा व्यवस्थापिकाप्रति उत्तरदायी हुँदैनन् ।

(v) राष्ट्रपतिले नै राज्यका सबै महत्त्वपूर्ण पदहरूमा नियुक्ति गर्दछ र मन्त्रीहरूको नियुक्ति पनि राष्ट्रपतिले नै गर्दछ र यी मन्त्रीहरू व्यवस्थापिकाप्रति उत्तरदायी हुदैनन् । राष्ट्रपतिको इच्छा अनुसार नै नियुक्त हुन्छन् तथा राष्ट्रपतिले तिनीहरूलाई इच्छा अनुसार हटाउन सक्तछन् ।

(vi) मन्त्रीहरू व्यवस्थापिका सभाको सदस्य नहुने हुँदा यसको बैठकमा भाग लिंदैनन् ।

(vii) अविश्वासको प्रस्तावले मन्त्रीहरूमाथि कुनै प्रभाव पार्दैन ।

अध्यक्षात्मक शासन-प्रणालीको गुण (i) सरकारमा स्थायीत्व :- यस प्रणालीमा कार्यपालिकामा स्थायित्व आउँछ । कार्यपालिकाको अध्यक्षको निर्वाचन एउटा निश्चित समयसम्मको लागि हुने हुँदा समयभन्दा पहिले उस-लाई हटाउन सकिन्न । संसदात्मक प्रणालीमा अविश्वास प्रस्ताव पारित गराई सरकारलाई पदच्युत गर्न सकिन्छ, तर यस प्रणालीमा अविश्वास तथा निन्दा प्रस्तावबाट सरकारको शासनमा परिवर्तनको सम्भावना नहुने हुँदा कार्य-पालिकाले एउटा निश्चित समयसम्म निश्चित नीतिको पालन गर्न सक्तछ । यस प्रकारले सरकारको नीतिमा बढी दृढता एवं एकरूपता आउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ii) शासनमा दक्षता :—यस प्रणाली-अन्तर्गत मन्त्रीहरू धारासभाको वादविवाद तथा झंझटबाट मुक्त हुन्छन् र आफ्ना पूरा समय देशको प्रशासन-सम्बन्धी कार्यमा लगाउन सक्तछन्। किनकि अध्यक्षात्मक सरकार शक्ति विकेन्द्रीकरणको सिद्धान्तमा आधारित रहन्छ। मन्त्रीहरू राजनीतिक दलबन्दी-बाट टाढै रहन्छन्। व्यवस्थापिकाको मुख्य कार्य मन्त्रीहरूले हेर्नु पर्दैन, यसले गर्दा कार्यकुशलता बढ्दछ। यस सन्दर्भमा मेरियटको भनाइ बडो राम्रो छ—"प्रशासनको दक्षतामा वास्तविक लाभ हुन्छ किनकि मन्त्रीहरू व्यवस्थापिका सभाको लगातार बस्ने बैठकमा उपस्थित हुनपर्दैन र विधायकमा दक्षता प्राप्त गर्नु पर्दैन किनकि सभासद्‌हरूको बुद्धि आफ्ने कार्यहरूमा केन्द्रित रहन्छ।

(iii) दलबन्दीको भावना नहुनु :—यस प्रणाली-अन्तर्गत कुनै पनि दलको जय अथवा पराजयले कुनै उच्च पद पाउने सम्भावना नहुने हुँदा व्यवस्थापिका सभामा दलबन्दीको भावना पनि उग्र हुँदैन। मन्त्रीहरूले राष्ट्रपतिका परिवार सदस्यहरू झैं हुन्छन्। मन्त्रीहरूले नै देशको पुरा शासन गर्दैनन्, मंत्रीहरू त राष्ट्रपतिका सल्लाहकारको रूपमा हुन्छन् तसर्थ व्यवस्थापिका तथा कार्यपालिका कुनै पनि संसदीय प्रणाली झैं उग्र राजनैतिक दलबन्दी पाइँदैन।

(There is real gain in the efficiency administration because ministers are not distracted by necessary or constant attendence in the legislature and efficiency of legislation because the minds of legislators are concentrated upon their functions.)

(iv) निष्पक्ष विचारलाई प्रोत्साहन :—यस प्रणाली-अन्तर्गत कार्यपालिका विधानमण्डलको नियन्त्रणबाट बढी स्वतन्त्र हुन्छ साथै व्यवस्थापिका पनि स्वतन्त्रतापूर्वक कार्य गर्नबाट वंचित हुँदैन। संसदीय प्रणालीमा व्यवस्थापिकाले मन्त्रिमण्डलको आदेशानुसार चल्नुपर्दछ। यस प्रणाली-अन्तर्गत व्यवस्थापिका कार्यपालिकाको चिन्तै नगरी स्वतन्त्रतापूर्वक कार्य गर्ने हुन थाल्दछ। यसले गर्दा निष्पक्ष विचारको बढी सम्भावना हुन्छ। यस प्रणालीमा अनावश्यक विरोधी दल हुँदैनन्। उदाहरणस्वरूप अमेरिकी कांग्रेसमा [संसदमा]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डिमोक्रेटिक तथा रिपब्लिकन दलको व्यवहार, ब्रिटेनको संसदमा मजदूर तथा अनुदार दलभन्दा बढी मैत्रीपूर्ण छ ।

(v) विशाल देशका लागि उपयुक्त :—अध्यक्षात्मक प्रणाली विविध वर्गहरू तथा धर्मावलम्बी एवं विभिन्न हितहरूमा विभाजित देशहरूका लागि बढी उपयुक्त हुन्छ । यस्ता देशहरूमा कार्यपालिकालाई स्थायी बनाउनको लागि व्यवस्थापिकाको नियन्त्रण अलग्गै राख्न आवश्यक छ ।

(vi) संकटकालमा यो प्रणाली उपयुक्त :—संकटको व्यवस्थामा देशका लागि यो व्यवस्था अन्य कुनै व्यवस्था भन्दा सुस्थिर, उपयुक्त र योग्य हुन्छ किनकि यस व्यवस्थामा कार्यपालिकाको सम्पूर्ण शक्ति एकमात्र राष्ट्रपति को हातमा रहन्छ । यसप्रकारले एउटा व्यक्तिको हातमा सम्पूर्ण शक्ति केन्द्रित हुने हुँदा राष्ट्रपतिले बिना कुनै कठिनाई आवश्यक कदम उठाउन सक्तछन् । यस्ता कार्यवाहीका लागि राष्ट्रपतिले व्यवस्थापिकाको अनुमतिलाई पर्खिरहनुपर्दैन । राष्ट्रिय संकटका समयमा अध्यक्षात्मक शासन बढी शक्ति, उत्साह तथा तत्परताले कार्य गर्न सक्तछ ।

अध्यक्षात्मक प्रशासन-प्रणालीको दोष (i) निरंकुश शासनको सम्भावना :—अध्यक्षात्मक प्रणालीमा कार्यपालिकाको प्रमुख राष्ट्रपति जनताबाट निर्वाचित प्रतिनिधिहरूको नियन्त्रणबाट मुक्त रहन्छ । आफ्नो कार्यकालसम्म राष्ट्रपतिले आफ्नो इच्छा-अनुसार आफ्नै ढंगबाट शासन गर्न सक्छ । जबसम्म उसको आचरण अपराधी हुँदैन तबसम्म व्यवस्थापिका सभाका सम्पूर्ण सदस्य उसको विरोधी हुँदा-हुँदै पनि उसलाई राष्ट्रपतिको पदबाट हटाउन सकिदैन । यसप्रकारले राष्ट्रपति आफ्नो कार्यकालसम्म निरंकुश हुन सक्तछन् ।

(ii) अनुत्तरदायी प्रणाली :—यो प्रणाली अनुत्तरदायी हुन्छ । सिद्धान्ततः राष्ट्रपति जनताप्रति उत्तरदायी हुन्छ; तर संविधानमा उसलाई हटाउन अथवा समाप्त पार्न कुनै व्यवस्था नहुने हुँदा उत्तरदायित्व निर्वाहको कुनै उपाय छैन । आफ्नो कार्यकालसम्म राष्ट्रपति न व्यवस्थापिकाप्रति उत्तरदायी हुन्छ न व्यवहारिक रूपमा जनताप्रति नै । कार्यकाल समाप्त भए पछि यस्तो राष्ट्रपतिलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुनः निर्वाचित नगनु अर्कै कुरा हो, तर आफ्नो कार्यकालसम्म त उ कसैप्रति पनि उत्तरदायी हुँदैन ।

(iii) प्रशासनमा संघर्ष तथा गतिरोध :—शक्तिको विकेन्द्रीकरण अध्यक्षात्मक शासनको आधार हो, तर विकेन्द्रीकरणले सदैव नीतिको विविधता तथा गतिरोधलाई जन्म दिन्छ । यसप्रकार अध्यक्षात्मक प्रणाली-अन्तर्गत व्यवस्थापिकासँग प्रभावपूर्ण नेतृत्व तथा कार्यपालिकामाथि नियन्त्रण राख्ने कुनै त्यस्तो नियम हुँदैन । साथै कार्यपालिकाले पनि व्यवस्थापिकाबाट आवश्यक कानून तथा आर्थिक अनुदान प्राप्त गर्ने कुनै आश्वासन रहँदैन । त्यसमा पनि यस प्रणाली-अन्तर्गत जब राष्ट्रपति एउटा दलको र व्यवस्थापिकाको बहुमत विरोधी दलको हुन्छ तब स्थिति अरू बढी गम्भीर हुन जान्छ । यस्तो दशामा गतिविरोध तथा संघर्ष प्रायः भई नै रहन्छ । सम्पूर्ण प्रशासन संघर्षको व्यवस्थामा परिणत हुन्छ । उदाहरणस्वरूप १९१९ ई० मा अमेरिकाको राष्ट्रपति उडरो विल्सनले वर्साको सन्धि गरे, तर सिनेटमा विरोधी दलको प्रभुत्व भए'कोले वर्साको सन्धिलाई यसले अस्वीकृत गरिदियो । यसको फलस्वरूप संयुक्त राज्य अमेरिका 'लिग अफ नेशन्स' को सदस्य बन्न सकेन । यस सन्दर्भमा वेझाट लेख्तछन् "यसमा कार्यपालिकाले आवश्यक कानून नपाएर नष्ट हुन्छ, कार्यपालिका नामबाटै अयोग्य हुन्छ किनकि निर्णय लिनुपर्छ जसबाट अरूले परिणामको कष्ट उठाउँछन् ।" (In it executive is crippled by not getting the law it needs and legislature is spoiled by having to act without responsibility, the executive becomes unfit for its name, since it cannot execute what it decides or the legislature is demoralised by liberty by taking decision of which others will suffer the effects.)

(iv) अपरिवर्तनशीलता :—अध्यक्षात्मक प्रणालीको संविधान अपरिवर्तनशील हुन्छ । समय र परिस्थितिअनुसार संविधानमा परिवर्तन गर्न कठिन हुन्छ । देश दिन प्रतिदिन विकास पथमा, अग्रसर भइरहेको हुन्छ, तर संविधान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यथावत् रहन्छ । तसर्थ यस्तो व्यवस्थालाई रूढिवादी व्यवस्था पनि भन्दछन्। एकपल्ट जुन कानून (संविधान) बनाइन्छ त्यसमा परिवर्तन गर्न बडो गाह्रो हुन्छ । पुनः संविधानमा उल्लिखित विषयहरू प्रत्येक परिस्थितिमा पूरा हुनै पर्दछ । उदाहरणका लागि द्वितीय महायुद्धका बीचमा पनि अमेरिकामा राष्ट्रपतिको निर्वाचन स्थगित राख्न सकिएन । यस सम्बन्धमा बेझाटले लेखेका छन्—"तपाईं पहिलेदेखि नै आफ्नो शासनलाई स्थिर गर्नु हुन्छ र भलै त्यो अनुकूल होस् अथवा नहोस् चाहे ठीक प्रकारले काम गरोस् अथवा नगरोस् चाहे तपाईं त्यसलाई इच्छा गर्नु होस् वा नगर्नु होस्, तर शासन चल्नैपर्दछ ।"

(v) मन्त्रिमण्डल अनुत्तरदायी :—अध्यक्षात्मक शासन-प्रणालीमा मन्त्रिमण्डल व्यवस्थापिका प्रति उत्तरदायी हुँदैन । राष्ट्रपतिले नै मन्त्रीको तथा उसलाई पदच्युत गर्दछ । मन्त्रिमण्डल राष्ट्रपतिको परिवारको सदस्य जस्तै हुन्छ । मन्त्रिमण्डल एक प्रकारले राष्ट्रपतिको सल्लाहकारसम्मा सीमित हुन्छ । यसको ज्वलन्त उदाहरण अमेरिकामै पाइन्छ ।

संसदात्मक शासन-प्रणाली—यस प्रणाली को अर्थ :—संसदात्मक शासनको परिभाषा दिदै गारनर लेख्तछन्—संसदात्मक शासन-प्रणाली त्यो शासन हो जसमा वास्तविक कार्यपालिका अर्थात् मन्त्रिमण्डल व्यवस्थापिका अथवा त्यसको लोकप्रिय सदनप्रति तथा अन्तमा निर्वाचक मण्डलप्रति आफ्ना राजनैतिक नीतिहरू तथा कार्यहरूका निम्ति कानूनी रूपले उत्तरदायी हुन्छ र राज्यका प्रधान नाम मात्रको रहन्छ र अनुत्तरदायी हुन्छ ।" (Cabinet government is that system in which the real executive the cabinet or ministry is immediately and legaliy responsibile to the legislature or one branch of it (usually the more popular chamber) for its legislative and administrative acts, and immediately and politically responsible to the electorate, while the titular or nominal executive the chief of State occupies a position of responsibility.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपरोक्त परिभाषाबाट संसदीय शासनका निम्नलिखित मुख्य लक्षणहरू हुन्छन् :—

(i) कार्यपालिका वास्तविक शक्तिशाली हुन्छ । राज्यको प्रधान नाम मात्रको हुन्छ । यद्यपि सम्पूर्ण शासन उसकै नामबाट हुन्छ, तर मन्त्रिमण्डलको सल्लाहबाट राज्यको प्रधानले कार्य गर्दछ ।

(ii) कार्यपालिका र व्यवस्थापिकामा घनिष्ठ सम्बन्ध हुन्छ । कार्यपालिकाको निर्माण व्यवस्थापिका सदस्यहरूबाट हुन्छ । व्यवस्थापिकाको विश्वास रहुन्जेलसम्म कार्यपालिकाले कार्य गर्दछ ।

(iii) प्रधान मन्त्री व्यवस्थापिकामा बहुमत प्राप्त दलबाट छानिन्छ । प्रधान मन्त्रीको सल्लाहबाट अन्य मन्त्रीहरू तथा सङ्घ-राज्यका अन्य अधिकारीहरू छानिन्छन् । प्रधान मन्त्री नै मन्त्रिमण्डनको नेता हुन्छ ।

(iv) मन्त्रिमण्डलले संसदको बहुमत रहुन्जेलसम्म मात्र कार्य गर्छ ।

(v) मंत्रिमण्डल संसदको तल्लो सदनप्रति उत्तरदायी हुन्छ ।

(vi) मन्त्रिमण्डल सामूहिक रूपले उत्तरदायी हुन्छ ।

संसदात्मक शासनको गुण

(i) व्यवस्थापिका तथा कार्यपालिकामा सहयोग :—संसदात्मक शासनको महत्वपूर्ण गुण यो हो कि निरंकुश शासनलाई छाडी यो एकमात्र यस्तो प्रणाली हो जसद्वारा देश तथा राज्यका व्यवस्थापिका एवं कार्यकारिणीमा सामञ्जस्यपूर्ण सहयोग हुन्छ । मन्त्रीहरू कार्यकारिणी विभागहरूको प्रधान हुनुका साथै व्यवस्थापिकामा बहुमतका नेता हुन्छन् । अतएव उनीहरूको स्थिति यस्तो हुन्छ कि जुन कानूनलाई आवश्यक सम्झिइन्छ पास गराउन सक्तछन् । यस शासन प्रणालीमा व्यवस्थापिका तथा कार्यकारिणीमा कुनै विरोध हुँदैन । तसर्थ कुनै प्रकारको गतिरोध उत्पन्न हुने सम्भावना नै रहँदैन । ब्राइसको शब्दमा "संशदात्मक व्यवस्थाले मन्त्रिमण्डललाई आवश्यकतानुसार कानून बनाउने सुविधा प्रदान गर्दछ ।" (Parliamentary system enables the cabinet to press through such legislation as it thinks needed)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिडनीलोकै शब्दमा "प्रशासनकार्य जनताको इच्छानुसार हुन्छ। कार्यपालिका र व्यवस्थापिका सामञ्जस्य हुँदा शासन कार्यमा कुनै बाधा उपन्न हुँदैन।

(ii) लोकमतको आदर :—संसदीय शासन नै यस्तो एकमात्र शासन प्रणाली हो जसमा जनताका प्रतिनिधिहरूप्रति कार्यपालिका उत्तरदायी हुन्छ। कार्यपालिका बढी समयसम्म अनुत्तरदायीपूर्ण कार्य गर्न सक्तैन। यस प्रणालीमा नराम्रो कार्यपालिकालाई एउटा निश्चित समयसम्म सहन गर्नु पर्दैन। व्यवस्थापिकाले मन्त्रीमण्डललाई जहिले चाह्यो तहिले पदच्युत गर्न सक्तछ। पुनः निर्वाचनका समयमा व्वस्थापिका तथा मन्त्रिमण्डल सबेले जनताका समक्ष उत्तर दिनुपर्छ। सिडनीलोकै शब्दमा—"शासनकार्य यस्ता व्यक्तिहरूका हातमा सुम्पिइन्छ जसले जनताको बहुमतको प्रतिनिधित्व गर्दछ। यस प्रणाली-अन्तर्गत मन्त्रिमण्डल प्रत्यक्षरूपले लोकसभाप्रति र अप्रत्यक्षरूपले जनताप्रति उत्तरदायी हुन्छ। यस प्रणालीमा कुनै पनि समयमा मन्त्रिमण्डलका कार्यहरूको आलोचना हुन सक्तछ। अतः मन्त्रिमण्डलले जनताका इच्छाहरूलाई सदैव ध्यानमा राख्तछ। प्रशासकहरूले सदैव जनताका इच्छाहरूलाई सम्मुख आफ्ना कार्यको उत्तर दिन तयार रहनुपर्दछ। यस प्रकार वास्तविक प्रभुसत्ता जनताके हातमा रहन्छ।

(iii) शासन प्रणालीमा नमनीयता :—यस प्रणाली-अन्तर्गत जनताले राष्ट्रिय सङ्कटमा यस्तो शासक चुन्न सक्तछ जसले योग्यतापूर्वक राष्ट्रलाई पथप्रदर्शन गर्न सकोस्। उदाहरणस्वरूप प्रथम महायुद्धका समयमा ब्रिटेनले ऐस्क्यूथका स्थानमा लायडजार्जलाई आफ्नो प्रधान मन्त्री बनायो र द्वितीय महायुद्धका चैम्बरको स्थानमा चर्चिललाई। संसदीय प्रणालीमा आवश्यकता परेमा जनताको विश्वासप्राप्त व्यक्ति सजिलैसँग, सर्वोच्च शक्ति प्राप्त गर्न सक्तछ। जब कि अध्यक्षात्मक शासन प्रणालीमा राष्ट्रपति निश्चित अवधिसम्मका लागि चुनिन्छ। प्रत्येक कुरा दृढ, निर्दिष्ट तथा उल्लिखित हुन्छ। शासन ठीक होस् चाहे बेठीक, जनताले बदल्न सक्तैन। तर संसदात्मक प्रणालीमा जनताको इच्छाको विपरीत जाने मन्त्रीलाई कुनै पनि बेला हटाउन सकिन्छ। यस्तो व्यवस्थाको संविधान पनि ज्यादै नमनीय हुन्छ। आवश्यकता-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुसार यसमा परिवर्तन गर्न सकिन्छ। संविधानका कैयौ कुराहरू अलिखित नै हुन्छन्। ब्रिटेनमा यस्तै शासन छ। प्रो० डायसीको अनुसार "संसदात्मक शासन्को सर्वाधिक प्रमुख लक्षण उसको नमनीयता (Flexibility) हो। यसलाई परिस्थिति-अनुसार सजिलैसँग बदल्न सकिन्छ।"

(iv) स्वेच्छाचारी शासन हुँदैन—संसदात्मक प्रणालीमा विरोधी पक्षको माध्यमबाट सरकारलाई यस कुराको ज्ञात भइरहन्छ कि जनमतको प्रवृत्ति कस्तो छ ? मन्त्रिगण कहिले पनि स्वेच्छापूर्वक कार्य गरी बढी दिनसम्म आफ्नो पदमा रहन सक्दैन। जनमतका विरुद्ध कार्य गरे अविश्वासको प्रस्तावबाट मन्त्रिमण्डल पदच्युत हुन सक्छ र पुनः निर्वाचनमा त्यस्ता मन्त्रीहरू चुनिदैनन्।

(v) राजनैतिक चेतनाको प्रसार—संसदात्मक शासनले आफ्ना नागरिकहरूमा राजनैतिक चेतना उत्पन्न गर्दछ। यसको सफलताका लागि सुसङ्गठित राजनैतिक दलहरूको अस्तित्व आवश्यक हुन्छ। प्रत्येक दलले राष्ट्रका समक्ष आफ्नो राजनैतिक कार्यक्रम प्रस्तुत गर्दछ र त्रुटिहरूबाट मुक्त बनाउने प्रयत्न गर्दछ। यसको परिणामस्वरूप जनतामा राजनैतिक चेतना तथा आफ्नो अधिकारहरूप्रति जागरूकताको उदय हुन्छ।

संसदात्मक शासनका अवगुण—(i) राजनैतिक दलबन्दी—यस प्रणालीको सबभन्दा ठूलो दोष यो राजनैतिक दलबन्दीको शासन हो। सार्वजनिक नीतिहरूको पालनमा सम्पूर्ण नियन्त्रण त्यस दलको हातमा आउँछ, जसको विधान सभामा बहुमत हुन्छ। अल्पमतलाई शासनमा सक्रिय भाग लिने कुनै अवसर दिदैन। यस प्रकारको शासनले विरोधी दलका प्रतिभाशाली व्यक्तिहरूको सेवा पनि लिदैन। बिस्तारै-बिस्तारै संसदात्मक शासन एउटा व्यक्ति अथवा मन्त्रिमण्डल अथवा एउटा राजनैतिक दलको अधिनायकतन्त्रमा परिणित हुन्छ। प्रो० लास्कीका शब्दमा "संसदात्मक प्रणालीले निश्चय नै कार्यकारिणीलाई निरंकुश हुने मौका दिन्छ र यसको अन्तर्गत व्यवस्थापिका पनि एउटा मामूली मन्त्रिमण्डलको निर्णयलाई रजिस्ट्रेशन गर्ने संस्था बन्दछ जुन आलोचना अथवा परिवर्तनका लागि शक्तिहीन हुन्छ।" (Cabinet system certainly

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

gives the executive an opportunity for tyranny and under it legislative may be reduced merely to an organ for the registration of the decisions which it is powerless either to criticise or alter.)

(ii) समय र शक्तिको अपव्यय—यस प्रणाली-अन्तर्गत व्यवस्थापिकामा समय र शक्तिको बहुतै बढी अपव्यय हुन्छ । सरकारको प्रस्ताव चाहे राम्रो होस् चाहे खराब, विरोधी दलले कुनै पनि प्रस्तावको विरोध गर्न छोड्दैन । विरोधको निम्ति विरोध मात्र गरिन्छ । यसले गर्दा व्यवस्थापिकामा प्रस्ताव पास हुन धेरै समय लाग्छ ।

(iii) अकुशल शासन—यस प्रणालीमा व्यवस्थापिकालाई सन्तुष्ट राख्न मन्त्रिमण्डलका लागि नितान्त आवश्यक हुन्छ अन्यथा व्यवस्थापिकाले अविश्वासको प्रस्ताव पारित गरी मन्त्रिमण्डललाई अपदस्थ गर्न सक्तछ । तसर्थ मन्त्रीहरू व्यवस्थापिकामा आफ्नो स्थिति बलियो पार्न सदा प्रयत्नशील रहन्छन् । यसले गर्दा मन्त्रीहरूले आफ्नो विभागको पूरा कार्य राम्ररी हेर्न सक्तैनन् । यसबाट प्रशासनमा शिथिलता आउँछ ।

(iv) राष्ट्रिय संकटका समयमा निर्बल—राष्ट्रिय सङ्कटका समयमा अविलम्ब, उत्साहपूर्ण तथा निर्भयतापूर्वक कार्य गर्ने क्षमता आवश्यक हुन्छ, तर मन्त्रिमण्डल शासनमा यी गुणहरू पाइँदैनन् किनकि कार्यमा ढिलो मन्त्रिमण्डल शासनको स्वाभाविक दोष हो । मन्त्रिमण्डलमा अनेक सदस्यहरू हुने हुँदा कुनै पनि निर्णयका लागि सबैको परामर्श आवश्यक हुन्छ । यसले गर्दा कार्यमा छिटो छरितोपन आउँदैन । डायसीका शब्दमा "संसदात्मक शासन-व्यवस्थामा बहुसंख्यक कार्यपालिकाको शासन हुने भएकाले युद्ध तथा राष्ट्रिय सङ्कटका समयमा निर्बल सिद्ध हुन्छ ।"

(v) अस्थिर मन्त्रिमण्डल—फ्रांस जस्तो देशमा जहाँ व्यवस्थापिकामा अनेक दलहरूका सदस्य हुन्छन्, मन्त्रिमण्डल साधारणतया निर्बल तथा अल्पकालीन हुन्छ । कुनै एउटा दलको स्पष्ट बहुमत नहुँने हुँदा संयुक्तमन्त्रिमण्डल प्रायः हमेशा बदलिने रहन्छ र प्रत्येक नयाँ मन्त्रिमण्डल आफ्नो नयाँ नीति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नयाँ कार्यक्रम लिएर आउँछ । यसको परिणामस्वरूप आन्तरिक प्रशासन तथा वैदेशिक सम्बन्धहरूमा नीतिको एकरूपता नष्ट हुन जान्छ ।

(vi) स्वतन्त्रता तथा अधिकारहरूका निम्ति खतरा—यस शासन प्रणाली-अन्तर्गत मन्त्रिमण्डलका हातका सबै विधायी तथा कार्यपालिका शक्तिहरूको केन्द्रीकरणले गर्दा व्यक्तिको स्वतंत्रता तथा अधिकारहरूका निम्ति खतरा उत्पन्न हुन्छ । लास्कीका शब्दमा "यसले निश्चित रूपमा कार्यपालिकालाई अत्याचारपूर्ण शासनको अवसर प्रदान गर्दछ ।"

(vii) निर्णयमा हतार—सिजविकका अनुसार "यस प्रणालीमा एउटा आशंका यो हुन्छ कि कहीं मन्त्रिमण्डल शासन कार्यबाट विमुख भई कानून बनाउने चक्करमा नपरोस् र व्यवस्थापिकाले कानून बनाउने कार्यबाट विमुख भई शासनमा अनुचित हस्तक्षेप नगरोस् ।" यस प्रणाली अन्तर्गत यस कुराको सदा भय रहन्छ कि सङ्कटकालमा मंत्रिमण्डल र व्यवस्थापिका मिली हतारमा कुनै यस्तो निर्णय नगरून् जो देशका निम्ति घातक प्रमाणित होस् । व्यवस्थापिकामा उही राजनैतिक दलको बहुमत रहने र कार्यपालिका पनि सही राजनैतिक दलबाट बन्ने हुँदा यी दुवै मिली कुनै पनि कानून निर्माण गर्न सक्तछन् । राजनैतिक विचार-अनुसार आफ्नै दलको मात्र हित साधनका निम्ति कुनै नियम अथवा कानून पास हुनु कुनै आश्चर्यको कुरा होइन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय—१४

राज्यको स्वभाव, उद्देश्य र कार्य

राज्यको स्वभाव (Nature of State) :—कतिपय विद्वान्हरूले राज्यलाई दैवीकृत मानेका छन् । उग्र आदर्शवादीहरूले राज्यलाई कृत्रिम संस्था मान्दछन् र अन्य कतिपय आदर्शवादीले राज्यलाई पृथ्वीमा ईश्वरीय संस्था मानेका छन् । हेगेलका अनुसार "राज्य एउटा सामूहिक व्यक्ति एउटा वैभवपूर्ण प्राणी अथवा पृथ्वीमा एक प्रकारको ईश्वर हो ।" तर गम्भीरतापूर्वक विचार गर्दा न राज्य दैवीकृत हो न मनुष्यकृत । यो त मनुष्य स्वभावबाट नै स्वभावतः उत्पत्ति भएको संस्था हो । किनकि मानिस एउटा सामाजिक प्राणी हो र स्वभावले नै ऊ शान्ति र व्यवस्था मन पराउँछ । संघर्ष तथा झगडालाई ऊ घृणा गर्दछ । सुखमय जीवनका लागि समाजमा शांति र व्यवस्था चाहिन्छ । मानिसको व्यक्तित्वको विकास पनि शान्तिपूर्ण वातावरणमा नै हुन सक्तछ । तसर्थ मानव स्वभाव नै राज्यको संगठनमा व्याप्त छ । पुन: मानिसको स्वतंत्रता तथा अधिकारहरूको रक्षा राज्यले नै गर्दछ । राज्यभन्दा बाहिर मानिसको कल्पना गर्न सकिदैन । आदर्श नागरिकता तथा सुखमय जीवनका लागि राज्य परम आवश्यक छ । अतः राज्य एउटा स्वाभाविक संस्था हो भन्न सकिन्छ ।

राज्यका इच्छाको अभिव्यक्ति सरकारले गर्दछ । सरकार मनुष्यकृत हो । नागरिकहरूले नै सामूहिक रूपले यो निर्णय गर्दछन् कि उनीहरूलाई कस्तो किसिमको सरकारको आवश्यकता छ । अतएव राज्य स्वाभाविक र कृत्रिम दुवै हो ।

राज्यको उद्देश्य (The aim of the State) :—राज्यको उद्देश्यका सम्बन्धमा मुख्यतया दुई मत प्रचलित छन् । एउटाले राज्यलाई अन्य कुनै उद्देश्यको साधन मान्दैन राज्यलाई आफ्नो उद्देश्य स्वयं मान्दछ । अर्को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मतअनुसार राज्य मानिसको भलाईका निम्ति एउटा साधन मात्र हो । पहिलो मत अनुसार—राज्य स्वयं आफ्नो साध्य हो । यूनानी विचारकहरूले पनि राज्यलाई साध्य मान्दछन् । अरस्तूका अनुसार "राज्य एउटा सर्वोच्च संस्था हो जसको उद्देश्य हो सर्वोच्च भलाई ।" (The State is supreme association that aims at the supreme good.)" अरस्तूले राज्यलाई त्यस प्रक्रियाको अन्त्य मान्यो जसमा मानिस आफ्ना आत्माको तुष्टि खोज्दछ र राज्यमै आफ्नो पूर्ण अभिव्यक्ति प्राप्त गर्दछ । अतएव राज्य नै सबै कुरा हो । राज्यभन्दा अलग व्यक्तिको कुनै अस्तित्व हुँदैन'। हेगेल, ट्रस्कटी आदिले पनि राज्यलाई साध्य मानेका छन् । उनीहरूको विचार अनुसार पनि राज्य मानव प्रवृत्तिको सर्वोच्च प्रकृति हो । व्यक्तिले राज्यद्वारा नै आफ्नो पूर्णता प्राप्त गर्न सक्तछ । फासिज्मले पनि राज्यलाई सर्वोच्च स्वरूप मान्दछ र व्यक्तिको जीवनलाई नियन्त्रित राख्ने अधिकारी मान्दछ । यी दार्शनिकहरूको विचार अनुसार राज्य स्वयमेव एउटा व्यक्ति हो र राज्यको उद्देश्य स्वयं-लाई गौरवान्वित गराउनु हो । राज्यको विरुद्ध कसैलाई पनि केही आधार हुँदैन । मानिसले त केवल आफ्नो कर्त्तव्य पालन गर्दै जानुपर्छ किनकि उसको अस्तित्व राज्यले गर्दा सम्भव छ । शिक्षा दीक्षा व्यक्तित्वगौरव मानिसको गौरव हो, राज्यको पतन मानिसको पतन हो । तसर्थ राज्य नै सर्वेसर्वा हो, मानिस गौण हो ।

अर्को मत अनुसार राज्य मानिसको विकासका लागि एउटा आवश्यक संस्था हो तर यसले मानिसका कमसे कम कार्यहरूमा हस्तक्षेप गर्नु पर्दछ । स्वतन्त्रताको रक्षा गर्नु मात्र राज्यको उद्देश्य हो । यसका अघि राज्य अनावश्यक संस्था मानिन्छ । यस्तो विचार व्यक्तिवादीहरूको थियो । उपयोगितावादीहरूले राज्यले बढीसे बढी व्यक्तिहरूको भलाइका लागि कार्य गर्नु पर्दछ भने । आदर्शवादीहरूले राज्यको मुख्य उद्देश्य मानिसको नैतिक जीवनमा परिआउने बाधाहरू हटाउनु हो भने । समाजवादीहरूले किसान र मजदूर-हरूको हितको रक्षा गर्नु नै राज्यको उद्देश्य हो भने । यस प्रकारले कसैले राज्यलाई साधन माने त कसैले साध्य । तर राज्यको उद्देश्य मानिसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वाङ्गीण विकास गर्नु हो । स्वतन्त्रताको रक्षा गर्नु, किसान तथा मजदूर-हरूका हितको रक्षा गर्नु, मानसिक शारीरिक आध्यात्मिक उन्नति गर्नु राज्यको प्रथम उद्देश्य हो ।

(क) राज्यका कर्त्तव्यहरू (**Functions of the State**)—राज्यको उद्देश्य तथा कर्त्तव्यका विषयमा विद्वान्हरूमा मतभेद छ । राजनैतिक विचारकहरूले यस सम्बन्धमा विभिन्न सिद्धान्तहरूको प्रतिपादन गरेका छन् । प्राचीन काल-देखि नै राज्यको कार्यक्षेत्र-सम्बन्धमा विभिन्न विचारहरू व्यक्त हुँदै आएका छन् । यूनानी दार्शनिक अरस्तूले भनेको थियो "राज्यको उत्पत्ति जीवनलाई सम्भव बनाउनको निम्ति भएको हो । राम्रो जीवनको स्थापनाद्वारा नै आफ्नो अस्तित्व कायम राख्न सकिन्छ ।" (The State is the supreme association that aims at the supreme good.) अरस्तूको युगदेखि आजसम्म विभिन्न विचारधाराहरूको प्रतिपादन भइसकेको छ । यसमध्ये व्यक्तिवाद समाजवाद र आदर्शवाद मुख्य छन् ।

(१) व्यक्तिवाद सिद्धान्त (Individualistic theory of State functions) :—यस सिद्धान्तको प्रतिपादन यूरोपमा बाह्रौं शताब्दिको अन्तिम कालमा भएको थियो । यसका मुख्य समर्थकहरूमा हम्बोल्ड, जोन स्टुवर्टमिल, हर्वट स्पेन्सर, एडमस्मिथ, रिकार्डो तथा माल्थस् थिए । व्यक्तिवादी सिद्धान्तले व्यक्तिको स्वतन्त्रताभाथि बढी बल दिएको छ । स्वतन्त्रता जीवनको अत्यधिक प्रिय वस्तु हुन्छ । राज्यको नियन्त्रण तथा कार्यले स्वतन्त्रतामा हस्तक्षेप गर्दछ । फ्रिमेनका शब्दका "त्यो सरकार सबभन्दा राम्रो हुन्छ जसले सबभन्दा कम शासन गर्दछ ।" (That government is the best which governs the least.) व्यक्तिवादी सिद्धान्त 'लेसेश फेयर' (Laisez faire) सिद्धान्तले प्रसिद्ध छ । यस सिद्जान्त अनुसार व्यक्तिलाई बढी से बढी स्वतन्त्रता दिनु राज्यको कर्तव्य हो यस सिद्धान्तले राज्यलाई आवश्यक अवगुण (Necessary evil) सम्झिन्छ । किनकि राज्यले व्यक्तिको स्वतन्त्रतालाई सीमित गर्दछ र नियन्त्रण लगाउँछ जसबाट व्यक्तिको विकास असम्भव हुन्छ । हमोल्डका अनुसार "प्रत्येक नागरिकको प्रवृत्तिपूर्ण व्यक्तित्वको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विकास राज्यको उद्देश्य हुनुपर्दछ, जसलाई स्वयं पूरा गर्न सक्तैन; जस्तै सुरक्षा ।" (The aim of the State should be the development of the powers of all its citizens in their perfect individuality, that it must, therefore pursue no other object than that which they can not pursue of themselves, viz-security). राज्यले आफ्नो कार्यक्षेत्र सीमित राख्नुपर्दछ। नराम्रो कुरा मानिसले स्वयं गर्दैन। राज्यले शान्ति सुरक्षा तथा न्याय-व्यवस्थाको मात्र उचित प्रबन्ध गर्नु पर्दछ। पाठशाला, स्कूल, कालेज, अस्पताल, डाकघर, रेल आदि स्थापित गर्नु र चलाउनु पनि हुँदैन किनकि यसबाट व्यक्तिको स्वतन्त्रतामाथि आघात हुन्छ। व्यक्तिले स्वयं यी कार्यहरू गर्न सक्तछ। मिलका शब्दमा—"आत्म-रक्षा मात्र एक उद्देश्य हो, जसका निम्ति सामूहिक वा व्यक्तिगत रूपले आफ्नो वा अरूको स्वतन्त्रतामाथि नियन्त्रण वा हस्तक्षेपको अधिकार हुन सक्तछ। त्यो एउटा मात्र उद्देश्य जसका निमित्त सभ्य जातिका कुनै सदस्यमाथि शक्तिको प्रयोग गर्न सकिन्छ जब कि अरूलाई नोक्सानीबाट बचाउन सकिन्छ। स्वयंको शारीरिक वा नैतिक कल्याणमा हस्तक्षेपको अधिकार हुन सक्तैन।" (The sole and for which mankind are warrented individually or collectively in interfering with the liberty of action of any of their number is self-protection. The only purpose for which power can be highly exercised over any number or a civilised community against his will is to prevent harm from others. His own good either physical or moral is not sufficient warrents) मिलले स्वतन्त्रतालाई सत्यको जामा लगाइदियो। सत्य त अजर-अमर हुन्छ। दमनबाट सत्यको मृत्यु हुँदैन, तसर्थ त्यसलाई दबाउनु हुँदैन। मिलकै शब्दमा 'जहाँसम्म व्यक्तिको आचरण स्वयंसँग सम्बन्धित छ, व्यक्तिलाई आफ्नो स्वतन्त्रताको पूर्ण अधिकार छ। आफूमाथि आफ्नो शरीर र मस्तिष्कमाथि व्याक्ति स्वयं राजा हो।" (Over himself, over his own body and mind individual is sovereign)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हर्बट स्पेन्सरले राज्यलाई-शक्तिको प्रतीक र शक्ति अवगुणको जड़ हो भनी राज्यको आलोचना गऱ्यो। राज्यका कार्य तथा व्यवहारहरू दोषयुक्त हुन्छन् अनि वाणिज्य व्यापारमाथि राज्यको नियन्त्रण हुनु हुँदैन भनी प्रचार गऱ्यो। राज्यले शक्तिको उपयोग समाज-हितका लागि होइन बरु समाजको अहितका लागि नै प्रयोग गर्दछ भनी तर्क प्रस्तुत गऱ्यो स्पेन्सरकै शब्दमा—"राज्यको शक्ति या त निर्मूल गर्नु पर्दछ या त्यसमाथि प्रतिबन्ध लगाउनुपर्दछ।" अरु व्यक्तिवादीहरूझैं स्पेन्सरले पनि शिक्षण संस्थाहरू, चिकित्सालयहरू आदिको व्यवस्था राज्यले गर्नु हुन्न भन्यो स्पेन्सरले त राज्यका सेनाको पनि कटु आलोचना गऱ्यो। तसर्थ स्पेन्सरलाई नकारात्मक व्यक्तिवादीको श्रेणीमा राखिन्छ। व्यक्तिवादीहरूले आफ्ना सिद्धान्तको पुष्टिका लागि निम्नलिखित तर्कहरू प्रस्तुत गरेका छन् :—

(i) नैतिक तर्क :—प्रत्येक व्यक्तिको आफ्नो अलग्गै व्यक्तित्व र विशेषता हुन्छ। राज्यको कर्तव्य हो कि प्रत्येक व्यक्तिले आफ्नो विशेषता र ढंगबाट विकास गर्ने अवसर पाओस्। आपसतको प्रतियोगिताले गर्दा प्रत्येक व्यक्तिले आफ्नो शक्तिको पूर्ण प्रयोग गरी स्वयंको विकास गर्दछ। व्यक्तिले आफ्नो हित आफैले चिन्दछ। यसर्थ राज्यले हस्तक्षेप नगरी छाडिदिएमा व्यक्ति आत्मनिर्भर हुन्छ र आत्मविश्वासको पनि विकास हुन्छ। हस्तक्षेपबाट उत्तरदायित्वको भावना समाप्त हुन्छ। गारनरका शब्दमा—"स्वतन्त्र प्रतियोगिताले व्यक्तिमा कुशाग्रताको उच्चतम संभावनालाई बढाउँछ र उत्साहको विकास गर्दछ तथा आत्मविश्वासको भावनालाई दृढ गर्दछ जब कि प्रशासनको गतिविधिले सूत्रपात्र र पुरुषार्थमा हस्तक्षेप गर्दछ साथै र चरित्र गठनलाई हनन गर्दछ र यो व्यक्तिहरूको स्वाभाविक संघर्षमा बाधक हुन्छ।" कान्टले पनि व्यक्तिवादको समर्थन नैतिक दृष्टिकोणले गऱ्यो। नैतिक कार्यकालागि आत्मस्वतन्त्रता परमावश्यक हुन्छ। अरूको दबावबाट गरिएका कार्यमा उत्तरदायित्व हुँदैन। अतः नैतिकताको लागि उपयुक्त वातावरण तब नै उत्पन्न हुन् सक्तछ जब राज्यले मानिसलाई बढ़ीसे बढी मात्रामा स्वतन्त्ररूपले काम गर्न देओस्, हस्तक्षेप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नगरोस् । मिलले नैतिक दृष्टिकोणबाट समर्थन गर्दैलेखेका छन्—"मानिसहरूमा जो सामूहिक हितका लागि निर्बाधरूपले कार्य गर्ने आदत छैन, र जो सरकारको मुखापेक्षी छ, आफ्नो शिक्षामा अर्धविकास मात्र गर्न सक्तछ र जुन शिक्षा मानिसको विकासको एउटा हाँगो हो।" (A people among whom there is no habit of spontaneous action for a collective interest, who look habitually to their government to command and prompt them in matter of joint concern, have their faculties only half developed in their education is defective in one of its most important branches.)

(ii) आर्थिक तर्क।—व्यक्तिवादीहरूले आफ्नो पक्षमा आर्थिक तर्क यो प्रस्तुत गर्दछन् कि प्रत्येक मानिस आफ्नो लाभ तथा हानिलाई राम्ररी जान्दछ। सरकारले आर्थिक क्षेत्रमा सबैलाई स्वतन्त्ररूपले छाडिदिए प्रत्येक व्यक्तिले बढीभन्दा बढी लाभ प्राप्त गर्न प्रयत्न गर्ने थिए र यस प्रकारले देशलाई स्वतः लाभ हुने थियो आर्थिक स्वतन्त्रता भएपछि चीज बीजको मूल्य, मजदूरहरूको ज्याला, भाडा आदि माँग र पूर्तिले गर्दा स्वाभाविक रूपले नै निर्धारित हुन्छ। राज्यको हस्तक्षेपले गर्दा बाधा तथा संकट उत्पन्न हुन्छ। राज्यले उद्योग व्यवसाय, श्रम आदिमाथि कुनै प्रतिवन्ध लगाउनु हुँदैन। मानिस स्वभावले नै स्वार्थी भएकाले आफ्नो हितको चिन्ता बढी हुन्छ। स्वार्थवश मानिसले कार्य गर्नु नै पर्दछ। स्वयं प्रोत्साहित भई गरिएको कार्य बढी लाभप्रद हुन्छ। यसबाट उत्पादनमा वृद्धि हुन्छ र व्यापारमा प्रतिस्पर्धा। प्रतियोगिताले चीजबीजको मूल्य घट्तछ र यसबाट जनसाधारणकै लाभ हुन्छ।

(iii) प्राणिशास्त्रीय तर्क अथवा वैज्ञानिक तर्क :—स्पेन्सर जस्ता प्राणिशास्त्रीहरूले व्यक्तिवादको समर्थनमा यो तर्क प्रस्तुत गरेका छन् कि विकासको प्रक्रिया जीवधारीहरूको पारस्परिक जीवनसंग्रामद्वारा सञ्चालित हुन्छ। अनुपयुक्त जीवनबाट नष्ट हुन्छन् र उपयुक्त बाँच्दछन्। सरकारले यस जीवन-संग्रामलाई अबाधरूपले चल्न नदिई हस्तक्षेप गरेमा अनुपयुक्त मानिस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो प्राकृतिक व्यवस्थाअनुसार पनि नष्ट हुनुपर्ने हो जीवित रहनेछन् र यस प्रकारले समाजको अवनति हुनेछ । जीवन-संग्राममा जो असफल हुन्छन् ती नष्ट हुन लायक छन् । स्पेन्सरले समाजको तुलना शरीरसँग गरी यो निष्कर्ष निकाल्यो कि राज्यले व्यक्तिको स्वतन्त्रतामाथि हस्तक्षेप गर्नु हुँदैन । जीवन संघर्षमा निर्बल, अयोग्य, असहायहरूलाई सहायता दिँदा प्राकृतिक नियममा बाधा उत्पन्न हुन्छ । यस प्रकारले राज्यले गरीब, निर्बल तथा असहायहरूलाई कुनै सहायता दिनु हुँदैन । दुर्बल, अयोग्य तथा असहाय व्यक्तिहरू नष्ट भएपछि योग्यहरूमात्र जीवित रहन्छन् । योग्यहरूबाट समाज फल्दछ फुल्दछ ।

(iv) ऐतिहासिक तर्क :—ऐतिहासिक तर्कद्वारा राज्यको भूतकालमा गल्तीहरूलाई देखाएर यो प्रमाणित गर्ने चेष्टा गरिन्छ कि आर्थिक तथा सामाजिक क्षेत्रमा राज्यको हस्तक्षेप कति हानिकारक रह्यो । इतिहासले हामीलाइ यो ज्ञान गराउँछ कि भूतकालमा राज्यले खाद्य पदार्थ, वस्त्र तथा अन्यचीजबीजको दाम वा मजदूरहरूको ज्याला निर्धारित गर्ने चेष्टा गर्दा कसरी असफल रह्यो र ती वस्तुहरूको दाम निश्चित गर्नाले उत्पादन घट्यो र कालो बजारी शुरू भयो । राज्यको नियन्त्रण असफल त रह्यो नै साथै त्यसका दुष्परिणामहरू देखापरे । राज्यको हस्तक्षेपले, विपरीत परिणाम नै भयो तसर्थ राज्यले इतिहासको शिक्षालाई ग्रहण हस्तक्षेप गर्नु हुँदैन । बकलका शब्दमा— "भूतकालमा हस्तक्षेपले यति अवगुणहरू उत्पन्न भए कि विद्वान् मानिसलाई आश्चर्य लाग्दछ कि बारम्बार यस्ता बाधाहरू पनि मानव सभ्यताले कसरी विकास गर्‍यो ।" (Mischiefs that interference produced in the past were so remarkable as to make thoughtful men wonder how civilzation could have advanced in the face of such repeated obstacles.)

(v) व्यावहारिक तर्क :—राज्यले सबै कामहरू गर्ने क्षमता राख्दैन । राज्यको पनि शक्तिको र योग्यताको सीमा हुन्छ । राज्यका कर्मचारीहरू अन्य व्यक्तिहरूभन्दा बढी योग्य हुँदैनन् । व्यक्तिगत लाभ हुने व्यवसायमा मानिसले बढी रुचि लिन्छन् । अतएव राज्यका कर्मचारीहरू आफ्नो व्यक्तिगत लाभ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नहुने हुँदा त्यति रुचिले काम गर्दैनन् । पुन: आफ्नो खल्तीबाट पैसा खर्च गर्नु नपर्ने हुँदा सरकारी कार्मचारीहरू मितव्ययी हुँदैनन् । यसै कारणले सरकार-द्वारा सञ्चालित व्यवसाय तथा उद्योग व्यक्तिगत प्रबन्धभन्दा महँगो खर्चिलो हुन्छ । सरकारी कर्मचारीहरूमा भ्रष्टाचार पनि पाइन्छ । नयाँ-नयाँ आविष्कार जे जति भएका छन् ती व्यक्तिगत प्रयत्नबाटै भएका हुन्, राज्यका प्रयत्नबाट होइनन् । अत: धेरैजसो कार्यहरूको प्रबन्ध व्यक्तिगत ढङ्गमा राज्यभन्दा कम खर्चमा र राम्रो ढङ्गबाट हुन सक्तछ । राज्यको कार्य शक्ति र दक्षता वैयक्तिक कार्य-शक्ति र दक्षता भन्दा निम्नस्तरकै हुन्छ । पुन: राज्यले यति काम गर्नुपर्दछ कि यसले कुनै पनि काममा दक्षता हासिल गर्नसक्तैन र कतिपय अन्य कार्यहरू पनि छन् जसतर्फ सरकारी ध्यान जाँदैन । जॉन स्टुबर्टमिलका शब्दमा "बढ़ी कार्यको अर्थ हो पहिलेदेखि नै कार्यहरूको बोझ भएको व्यक्तिमाथि अर्को एउटा नयाँ बोझ थप्नु, परिणामस्वरूप धेरैजसो कार्य राम्ररी गरिन्नन् र धेरैजसो गर्दै गरिन् किनकि ढिलो नभई सरकार गर्न समर्थ हुँदैन ।" (Every aditional function means a new burden imposed on a body already over charged with duties. The result is that most things are illdone and much is not done because government is not able to do it without delays)

(२) व्यक्तिवादको आलोचना (i) राज्य आवश्यक हो :— व्यक्तिवादहरू राज्य र राज्यका कार्यहरूलाई स्वतन्त्रता र उन्नतिको मार्गमा बाधक सम्झिन्छन् स्पेन्सरको भनाइ थियो कि राज्यको आवश्यकता यसर्थ हुन्छ कि संसार दुर्गुण र कुकर्मले भरिएको छ । आदर्श समाजमा राज्यको आवश्यकता हुँदैन किनकि यस्तो समाजमा अनाचार नै पाइँदैन । तर राज्यको कार्य अनाचार अथवा कुकर्म मात्रको रोकथाम गर्नु होइन । राज्यले त विद्या' कला आदिलाई पनि प्रोत्साहित गर्दछ । मनुष्य सामाजिक प्राणी हो र ऊ समूहमै रहन मन पराउँछ । मनुष्यका व्यक्तिगत आवश्यकताहरूका साथै सामूहिक आवश्यकताहरू पनि हुन्छन् । सामूहिक आवश्यकताहरूको उचित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रबन्धका लागि राज्यको आवश्यकता पर्दछ । राज्यलाई दमन अथवा निरोधको साधन मात्र सम्झिनु र यसका अन्य पोषक कार्यहरूप्रति आँखा चिम्लिनु व्यक्तिवादको प्रथम गल्ती हो । राज्यले केवल दुराचारहरूको मात्र निराकरण नगरी सभ्यता र संस्कृतिको उन्नतिमा सहयोग गर्दछ । यसर्थ दुराचार-रहित आदर्श समाज पनि राज्यको आवश्यकता हुन्छ । राज्य एउटा आवश्यक अवगुण (Necessary Evil) होइन बरु परमावश्यक संस्था हो । राज्यले स्वतन्त्रताको हरण गर्दैन बरु स्वतन्त्रता अनुकूल वातावरणको सृजना गर्दछ । राज्यको नियन्त्रण नहुनुको अर्थ हो अराजकता । प्रो० गार्नरका शब्दमा—"प्रथमतः राज्यलाई एउटा आवश्यक अवगुणको कल्पना गर्नु, सबै नियन्त्रणलाई बेठीक मान्नु राज्य संगठनले अनुभव गरेको कुरा हो ।" (First of all the assumption that the State is a necessary evil that all restraint is as such wrong has not been by experience to be maintained under the regime of State organisation)

(ii) समाज व्यक्तिको समूह मात्र होइन :—व्यक्तिवादीहरू समाजलाई व्यक्तिको समूह मान्दछन् । समाज व्यक्तिहरूको समूहभन्दा भिन्नै हो र आफ्नो अलग विशेषता राख्दछ । कुनै सिनेमा हालमा अचानक आगो लाग्दा सिनेमा हेर्ने सबै व्यक्तिहरू आफ्नो रक्षाका लागि बाहिर निक्लनका निम्ति दौडिन्छन् । व्यक्तिवादी मतअनुसार व्यक्तिहरूको आत्मरक्षार्थ बेग्लाबेग्लै प्रयत्नद्वारा सबै दर्शकहरूको सामूहिक रक्षा हुनुपर्ने हो । यथार्थमा यसो हुँदैन । हडबड र भाग-दौडमा कति दर्शकहरू घाइते हुन्छन, कति मर्दछन् । यसबाट यो प्रमाणित हुन्छ कि समाएको कार्यशाली प्रवृत्ति व्यक्तिहरूको कार्यशील प्रवृत्तिभन्दा बेग्लै हुन्छ र सामूहिक हितको रक्षा व्यक्तिगत प्रयत्नबाट हुन सक्तैन । यसका लागि सामूहिक, सार्वजनिक तथा राजकीय प्रबन्धको आवश्यकता पर्दछ । यस तथ्यले त्यस आर्थिक तर्कको खण्डन गर्दछ, जसले यो भन्दछ कि व्यक्तिहरूको आर्थिक लाभ स्वतन्त्ररूपले चेष्टा गरेमा समाजको आर्थिक हित स्वतः सम्पन्न हुन्छ ।

(iii) व्यक्तिको धारणा अशुद्ध :—व्यक्तिवादीका अनुसार व्यक्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वयंमा केन्द्रित, समाज तथा राज्यबाट पृथक् र स्वतन्त्र छ। व्यक्ति स्वार्थ तथा स्वभावको विश्लेषण गर्दा यो प्रमाणित हुन्छ कि व्यक्तिको व्यक्तित्व समाजिक तत्वहरू मिलेर नै बनेको हुन्छ। प्रत्येक मानिसको सुख वा उन्नतिको भावनामा त्यसका परिवार तथा हितैषीहरूको सुख वा उन्नति अनिवार्यरूपले समाविष्ट रहन्छ। यसकारण व्यक्ति र राज्यको हित र कार्यमा सर्वथा विरोध देख्नु, जस्तो व्यक्तिवादी दर्शाउँछ; यथार्थभन्दा टाढाको कुरा हो।

(iv) स्वतंत्रताका अशुद्ध अर्थ :—व्यक्तिवादीहरूले स्वतन्त्रताको अर्थ हस्तक्षेप नहुनु हो भन्ने लगाए। यो सत्य हो कि स्वतंत्रता र हस्तक्षेप दुईटा विरोधी वस्तु हुन्, तर हस्तक्षेपको अभावमा उत्पन्न स्वतंत्रताको उपयोगिता बढी हुन सक्तैन। उदाहरणस्वरूप, निर्जन स्थानमा छोड़िए को व्यक्ति, जहाँ हस्तक्षेप गर्ने कोही हुँदैनन्, यस्तो स्वतंत्रता त्यो व्यक्ति कहिल्यै मन पराउने छैन, तर व्यक्तिवादीहरूले त्यस्ता व्यक्तिले पूर्ण स्वतन्त्रता पाउँछन् भनेका छन्। त्यस्तो निर्जन स्थलको स्वतंत्रता कुनै उपयोगी हुँदैन। वस्तुतः स्वतंत्रताको वास्तविक अर्थ इच्छित र हितकर कार्यहरू गर्ने सुविधा हो। सरकारले यस्ता सुविधा मानिसहरूको लागि उत्पन्न गर्न सक्तछ। शिक्षाद्वारा हाम्रा लागि अनेकौं सुविधाहरू उत्पन्न हुन्छन्। शिक्षालाई अनिवार्य बनाउन सरकारले बालकहरूका अभिभावकको मूर्ख बनाउने स्वतन्त्रतामाथि अवश्य हस्तक्षेप गर्दछ। तर यसबाट स्वयं बालकहरूको भावी सुविधा तथा स्वतंत्रता बढ्न जान्छ। अतः सामाजिक अथवा मानवीय दृष्टिकोणले हेर्ने हो भने राज्यको कार्यबाट स्वतन्त्रताकै वृद्धि हुन्छ, विरोध हुँदैन। ग्रीनका शब्दमा—"स्वतंत्रता मानिसको काम गर्ने र उपयोग गर्ने शक्ति हो।" (Liberty is positive power of doing or enjoying something worth doing or enjoying).

राज्यको हस्तक्षेपको अभावमा व्यक्तिहरूले आर्थिक तथा अन्य क्षेत्रमा समान रूपले उन्नति तथा हित साधनकोअवसर पाउँछन् भन्ने कुरा भ्रमपूर्ण हो। यो त तब मात्र सम्भव छ, जब कि सबै व्यक्ति समान शक्ति, बुद्धि एवं धनवान् होउन्। तर मानिसहरू बल, बुद्धि तथा धनमा समान छैनन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्यो स्थितिमा राज्यले निर्बल, अशक्त र गरीबको रक्षा नगरे शक्तिशाली व्यक्तिले तिनीहरूलाई दबाउँछन् । १९ सौं शताब्दीको प्रारम्भमा व्यक्तिवादको फलस्वरूप श्रमजीवीहरूको यही दशा भयो । उनीहरूलाई मजदूरी छाडी जीविकाको अरू कुनै उपाय थिएन, परिणामस्वरूप धनी मिल मालिकहरूका निश्चित शर्तहरूका अनुसार नै मजदूरहरूले काम गर्नु पर्दथ्यो । दिनको काम गर्ने घण्टा १८ सम्म थियो, तलब अपर्याप्त थियो । बस्ने प्रबन्ध पशुहरूको भन्दा पनि निम्नस्तरको थियो । अवस्था यस्तो शोचनीय भयो कि लाचार भई सरकारले हस्तक्षेप गर्नु पर्‍यो । व्यक्तिवादीहरूको पारस्परिक सम्बन्धमाथि विचारै नगरी आफ्नो मत निश्चित गर्ने हुँदा व्यवहारमा यसको परिणाम भयंकर हुन गयो ।

(v) प्राणिशास्त्रको नियम अमान्य—प्राणिशास्त्रको जीवन संग्राम सम्बन्धी नियम मानव समाजमाथि जस्ताको तस्तो लागू गर्न सकिन्न किनकि मानिस पशु नभई एउटा बुद्धिमान र नैतिक प्रवृत्ति भएको प्राणी हो । मानव धर्म, परोपकारमा निहित छ । निर्बलको सहायता तथा रक्षा गर्नु, मानिसको पहिलो धर्म हो । असहायहरूलाई नष्ट हुन दिनु मानव-धर्म होइन । प्रो. गिलक्राइस्टका शब्दमा—"प्राणिशास्त्रको तर्कमा व्यक्तिहरूको आन्तरिक कमजोरी छ किनकि सरकारको कार्य, जसलाई व्यक्तिवादीहरू भर्त्सना गर्दछन् विकासवादी सिद्धान्तकै एउटा भाग हो ।" (The biological argument of individualists is internal weakness because the very action of government which the individualists condemn may fairly be regarded as the part of evolutionary process.)

(vi) ऐतिहासिक दृष्टिबाट अनुचित :—व्यक्तिवादीहरूले राज्यलाई अनावश्यक संगठन ठहराउन इतिहासबाट केही उदाहरण लिएका छन् । तर भूतकालमा कुनै गल्ती हुँदैमा त्यस डरले सधैं सामाजिक तथा आर्थिक विषयहरूमा तटस्थ नै हुनुपर्दछ भन्न सकिन्न । भूतकालमा गल्ती भयो र वर्तमान तथा भविष्यमा पनि गल्ती हुन्छ भन्नु तर्कयुक्त होइन । भूतकालका गल्तीहरूबाट राज्यले शिक्षा ग्रहण गर्दछ र भविष्यका लागि अझ बढी व्यवहारिक नि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बनाउँछ। जसरी एउटा सानो बालक लड्दै हिड्न सिक्छ, त्यसरी नै राज्यको कार्य-प्रणाली पनि क्रमशः अनुभव र प्रौढ़ता प्राप्त गर्दै जान्छ। जुन विषयमा भूतकालमा असफल रह्यो त्यसै विषयमा भविष्यमा गई सफलता पनि प्राप्त गर्न सकिन्छ।

(vii) आधुनिक युगमा सिद्धान्त मिल्दैन :—आजको विश्व नै प्रजातांत्रिक विश्व हो। प्रजातन्त्रमा शासन जनताको हातमा हुन्छ। जनता नै संप्रभु हुन्छ। स्थानीय संस्थाहरूदेखि लिएर केन्द्रीय कार्यपालिकासम्म पनि जनताके नियन्त्रणमा हुन्छ। जनताले आफ्नो स्थिति र आवश्यकता अनुसार कानून बनाउँछ। जनताले आफ्नो इच्छा र आवश्यकतानुसार बनाएको कानूनले निश्चय नै स्वतन्त्रताको अपहरण गर्दैन किनकि स्वतन्त्रता अपहरण गर्ने कानून जनताले निर्माण नै गर्दैन। प्रजातन्त्रले यो प्रमाणित गरिदिएको छ कि राज्यको हस्तक्षेप स्वतंत्रताको रक्षाका लागि हुन्छ न कि अपहरणका निम्ति। यस प्रकारले आजको प्रजातंत्रात्मक युगमा व्यक्तिवादी सिद्धान्तको कुनै महत्त्व छैन। एउटा विद्वान्ले लेखेका छन् "आधुनिक प्रजातंत्र युगले यो स्पष्ट गरिदिएको छ कि वर्ग तथा जनताको हित प्रजातान्त्रिक जीवन र सरकारमा छ। व्यक्तिवाद त्यस्ता धेरै समस्या हल गर्न असफल भएको छ जो प्रजातांत्रिक सरकारले सफलतापूर्वक हल गर्दै आइरहेको छ।" (Modern democracies have made it crystal clear that the welfare of the classes and masses alike lies in the democratic way of life and government. Indivisualism, has no capacity to solve many baffling problems which have been solved very successfully by democratic governments.)

(२) समाजवादी सिद्धान्त (Socialistic theory of State functions) :—समाजवादले मुख्यरूपले आर्थिक विषयमाथि नै जोड़ दिन्छ। आजकल उत्पादनका साधनहरू पूँजीपतिके हातमा छन्। भूमि पनि केही ज़मीनदारहरूको हातमा छ। सर्व-साधारणहरू उत्पादनका साधनबाट विहीन भएकाले नोकरी र मजदूरीबाट आफ्नो पेट पाल्दछन्। कल-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारखानामा काम गर्ने मजदूरहरू लाखौं रुपियाँका वस्तुहरू बनाउँछन्, तर बिक्रीबाट लाभ भएको सबै रकम कारखाना-धनीकै खल्तीमा जान्छ। मजदूरहरूलाई पेट पाल्नसम्मको मजदूरी दिइन्छ। एकापट्टि मजदूरहरू दरिद्र छन् भने अर्कातिर कृषकहरूको आर्थिक स्थिति शोचनीय छ।

उपर्युक्त दुर्व्यवस्थालाई समाप्त गर्न मिल कारखाना, भूमि आदि सबै सरकारले आफ्नो हातमा लिनुपर्दछ। यस प्रकार समाजवादीहरू राज्यको कार्यक्षेत्र विस्तृत गर्न चाहन्छन्। समाजवादी विचार-अनुसार राज्यले राजनैतिक होइन आर्थिक विषयहरूको पनि प्रबन्ध गर्नु पर्दछ। जहाँ व्यक्तिवादीले राज्यलाई एउटा दूषित संस्था माने, समाजवादीले आवश्यक र उपयोगी संस्था माने। व्यक्तिवादीले राज्यलाई पुलिसलाई जस्तै कार्य सुम्पे भने समाजवादीले मानवीय जीवनको प्रत्येक क्षेत्रमा नियन्त्रण राख्ने संस्था बनाए। व्यक्तिवादीहरूले राज्यलाई मानिसको आर्थिक विषयहरूमा हस्तक्षेप गर्ने अधिकार दिएका थिएनन्, तर समाजवादीहरूले राज्यलाई आर्थिक क्षेत्रको स्वामी बनाए। समाजवादीहरूले राज्यलाई राम्रो र लाभदायक संस्था बनाए।

समाजवाद साह्रै प्रचलित सिद्धान्त हो। प्रायः विश्वका हरेक राष्ट्रमा यसको प्रभाव परेको छ। तर सोभियत रूसलाई छाडी अन्य कुनै पनि देशमा समाजवादी सिद्धान्त पूर्णरूपले व्यवहारमा ल्याएको छैन। समाजवादको सिद्धान्त कार्ल मार्क्सले प्रतिपादन गरेका हुन्। समाजवादको विषय अत्यन्त व्यापक छ। यस विषयमा धेरै नै साहित्यहरू लेखिएका छन्। समाजवाद प्रायः ५० किसिमका छन्। समाजवादका ६०० परिभाषाहरू प्रकाशित भइसकेका छन्। विलियम हर कोर्टले समाजवादको परिभाषा दिँदै लेखेका छन्—"हामी समाजवादी हौं किनकि हामी समाजमा रहन्छौं।" समाजवादको व्याख्या हामी निम्नप्रकारले गर्न सक्तछौं।

(i) पूँजीवादी व्यवस्था अन्यायपूर्ण :—समाजको वर्तमान पूँजीवादी व्यवस्था अन्यायपूर्ण छ। यसमा श्रमजीवीहरूलाई उनीहरूको परिश्रम अनुसारको फल दिइँदैन। लागतको ठूलो अंश पूँजीपतिहरूको पाकेटमा जान्छ जबकि श्रमजीवीहरूको जति पूँजीपतिले परिश्रम गर्दैन। भूमि, खनिज पदार्थ आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाश र वायुसमान प्रकृतिको देन हो, जसको सबैले समानरूपले लाभ उठाउनुपर्दछ' तर यथार्थमा केही पूँजीपतिहरूको मात्र प्रभुत्व पाइन्छ, जो न्यायसंगत छैन ।

(ii) उत्पादकहरूको प्रतियोगिता—पूँजीवादी आर्थिक व्यवस्थामा उत्पादकहरूका बीच निरन्तर प्रतियोगिता चल्दछ । प्रतियोगिताहरूका साधनहरू जस्तै विज्ञान तथा प्रचार कार्यमाथि निरर्थक व्यय हुन्छ । उत्पादक आफ्नो माललाई भलै सस्तै होस् चाँडै बेच्न चाहन्छ र यसबाट उत्पन्न हुने लाभको कमीलाई श्रमिकहरूको ज्याला घटाएर पूरा गर्न चाहन्छ । साना व्यवसायीहरू ठूलठूला पूँजीपतिहरूको प्रतियोगिताले गर्दा असफल हुन्छन् र श्रमजीवी तलबको कमीले गर्दा बड़ो नराम्रो अवस्थामा रहन्छन् । यस प्रकारले अधिकांश व्यक्तिहरू निर्धन हुन्छन् र केही पूँजीपतिहरू अझ बढी धनी हुन्छन् । यस प्रकारले समाजमा आर्थिक सन्तुलन रहँदैन र आर्थिक संकट बराबर उत्पन्न भइरहन्छ । पूँजीवादी आर्थिक व्यवस्था शुरूदेखि लिएर अन्तसम्म दूषित र कष्टकर हुन्छ । यस्तो अवस्थाबाट मुक्त हुनका लागि समाजवादीहरू उत्पादन सहयोगको आधारमा हुनुपर्दछ, यसको उद्देश्य व्यक्तिगत लाभ नभई समाजका आवश्यकताहरूको पूर्तिका निम्ति हुनुपर्दछ भन्दछन् । यो तब नै सम्भव छ जब उद्योगको राष्ट्रियकरण हुन्छ र राज्यको अधिकार तथा सञ्चालनमा उद्योगधन्धाहरू आउँछन् ।

(iii) सामाजिक एकता—समाजवादको सिद्धान्त सामाजिक एकता तथा पारस्परिक निर्भरताको अनुकूल छ । समाजलाई शरीर र व्यक्तिहरूलाई अंग मानिएको छ । जुन प्रकारले शरीरको आवश्यकताको प्रबन्ध मस्तिष्कले गर्दछ त्यस्तै प्रकारले समाजका आवश्यकताहरूको यथेष्ट प्रबन्ध राज्यले नै गर्नु उचित हुन्छ ।

(iv) प्रतियोगिताको अन्त :—राज्यले उद्योग तथा व्यवसायहरूमा प्रतियोगिताको अन्त गरी तिनीहरूको प्रबन्ध सर्वहितका लागि आफैले गर्न शुरू गरेको छ । तेल डाक, तार पानी आदि यस्तै उद्योग हुन् जसलाई सरकारले आफ्नै हातमा लिई सञ्चालन गरिरहेको छ । यस्तो राजकीय प्रबन्धले जनसाधारणलाई धेरै नै सुविधा तथा लाभ भएको छ । यस्तै प्रकारले अन्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उद्योग व्यवसायमा पनि राजकीय प्रबन्ध भएमा जनतालाई अन्न, वस्त्र तथा जीवनका लागि अन्य आवश्यकताहरू उचित मूल्यमा सुविधापूर्वक मिल्न सक्थ्यो। यस प्रकारले समाजवाद प्रजातन्त्रको आर्थिक क्षेत्रमा पूरक हो। समाजवादविना प्रजातन्त्र अपूर्ण रहन्छ।

(v) प्राणिशास्त्रको तर्क :—समाजवादी सिद्धान्त प्राणिशास्त्रको साह्रै निकट छ। समाजवादीहरूले समाजलाई शरीर र व्यक्तिहरूलाई अंग समान मानेका छन्। सामाजिक विकासका निम्ति समस्त समाजलाई एक-रूपबाट हेरी नीति निधारण गर्दा जति उपयोगिता हुन्छ त्यति वैयक्तिक रूपमा हुँदैन। जुन प्रकारले शरीरका अंगहरूको विकास सम्पूर्ण शरीरको विकासमाथि निर्भर गर्दछ त्यस्तै प्रकारले व्यक्तिको कल्याण पनि सम्पूर्ण सामाजिक कल्याण-माथि गर्छ।

समाजवादको आलोचना (i) सरकार योग्य हुँदैन।—समाजवादले सरकारको कार्य-क्षमतालाई असीम संझिन्छ, तर यो ठीक होइन। सरकारको योग्यता वास्तवमा कर्मचारीहरूको योग्यतासम्म नै सीमित छ। यी कर्मचारीहरू पनि मानिस नै हुन् र यिनीहरूबाट पनि गल्ती हुन सक्तछ। देश-भरिको उत्पादन सरकारमाथि नै निर्भर रहे त्यस्ता गल्तीहरूको भयंकर परिणाम हुन सक्तछ।

(ii) मितव्ययी हुँदैन।—उद्योग र व्यवसायहरूको सरकारी प्रबन्ध मितव्ययितापूर्ण हुँदैन। व्यक्तिगत प्रबन्धमा मानिसले जति रुचि लिन्छ र जुन उत्साहका साथ कार्य गर्दछ, त्यस्तो सरकारी क्षत्रमा पाइँदैन।

(iii) कार्यहरूप्रति उदासीनता :—सरकारले नै सबै विषयहरू तथा उद्योगहरूको प्रबन्ध गरे व्यक्तिहरूको कार्यक्षेत्र संकुचित हुन जान्छ। तिनी-हरूमा उद्योगशीलता तथा आत्मनिर्भरता रहन जाँदैन र सबै कुरामा सरकारकै भरोसामा बस्नेछन्। यस प्रकारले व्यक्तिको कुशलता समाप्त हुँन जान्छ। यस व्यवस्था-अन्तर्गत सबैले कामअनुसारको दाम पाउने हो अर्थात् घण्टाअनुसार मूल्य निर्धारित हुने हो भने मानिसले मन लगाएर काम गर्नेछैन। एउटा श्रमिक र वैज्ञानिकको वेतनमा कुनै फरक नहुने हो भने अत्यधिक परिश्रम गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कसैले पनि रुचाउनेछैन । एउटा विद्वानले लेखेका छन्—"समाजवादी सिद्धांतमा योग्य, परिश्रमी र दक्षले आफ्नो परिश्रम र गुणहरूको पारितोषिक एउटा बदमाश, अच्छी समान ने मूल्य पाउँछ ।" (Socialism rests on the principle that the able, industrious and proficient should share equally with the stupid idle and improvident what ever may be obtained at the reward of their energies and virtues) एउटा मूर्खलाई र एउटा उच्चकोटिको विद्वान्लाई एकै समान सम्झिनु न्याय संगत होइन ।

(iv) स्वतन्त्रताको अपहरण :—समाजवादले सरकारको कार्यलाई वृहत् गरी त्यसको नियन्त्रण व्यक्तिको जीवनको प्रत्येक क्षेत्रमा फैलाउन चाहन्छ । मानिसले आफ्नो प्रतिभाको उपयोग पनि सरकारी नीति अनुसार नै गर्नु पर्दछ । यस प्रकारले मानिसको अपहरण हुन्छ । हर्वटस्पेन्सरका शब्दमा "समाजवादी व्यवस्था-अन्तर्गत समाजको प्रत्येक सदस्य समाजको एउटा नोकर हुन्छ" (Under socialism each member of the community as an individual will be a slave to community as a whole.)

(v) राज्यको कार्यमा बुद्धि ।—समाजवादीहरूले राज्यको कार्यलाइ अत्यधिक वृद्धि गरे । हरेक कुरा राज्यकै नियन्त्रण-अन्तर्गत आउने भयो । यो सबै काम राज्यले एकैपल्ट कुशलतापूर्वक चलाउन सक्तैन । एउटा विद्वान्को भनाइअनुसार—"राज्य एकैसाथ एउटा प्रशासक, न्यायाधीश. विधिनिर्माता तथा व्यापारी बन्न सक्तैन ।" (The State cannot become good administrator, Judge, legislator and trader at the same time.)

(vi) कर्मचारीहरूको अधिकता :—समाजवादी व्यवस्था-अन्तर्गत राज्यको सारा कार्य कर्मचारीकै रेखदेखमा हुन्छ । यो अधिकारीहरूले नै श्रमिकहरूको हेर-विचार गर्दछन् । यस प्रकारले श्रमिकहरू दोहोरो दासतामा फस्तछन् । एकापट्टि राज्यका कर्मचारीहरू र अर्कातिर सरकारी कानूनले तिनीहरूको शोषण गर्नेछ । प्रो० गिलक्राइस्ट अनुसार—"कर्मचारीहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बढ्दो संख्याले जनता यी कर्मचारीहरूको दास बन्नेछन् । समाजवादीले यसको उत्तर निश्चय नै दिनेछन् कि कर्मचारीहरू सरकारका नोकर भएकाले जनताका दास हुन् । सिद्धान्तमा यो जतिसुकै सत्य भए तापनि सो व्यावहारिकताबाट टाढा""यदि तिनीहरूको संख्या धेरै नै ठूलो भयो भने तिनीहरू राज्यभित्र नै राज्य हुनेछन् । (With the increasing number of officials, the people would become slave of these officials. The socialist might reply that officials as servant of government and slaves of the people. However true it may be in theory ......if their number were very great they might become an empire within empire.)

(३) साम्यवादी सिद्धान्त :—साम्यवादी सिद्धान्तका जन्मदाता पनि कार्लमार्क्स नै हुन् । साम्यवादी सिद्धान्तले राज्यलाई एउटा वर्गीय संस्था तथा शोषक संस्था मान्दछ । साम्यवादी सिद्धान्तका मुख्य-मुख्य विचारहरू तल वर्णन गरिएको छ ।

(i) इतिहासको भौतिक व्याख्या (Materialistic conception of History)

(ii) मूल्यको श्रम-सम्बन्धी सिद्धान्त (Labour theory of value)

(iii) वर्ग-संघर्ष तथा सर्वहारा वर्गको अधिनायकत्व (Class struggle and dictatorship of the proletariate.)

(iv) राज्यको समाप्ति (Withering away of the State.)

(i) इतिहासको भौतिक व्याख्या (Materialistc conception of history) :—मार्क्सले द्वन्द्वात्मक भौतिकवाद सिद्धान्तलाई प्रतिपादित गरे । यस सिद्धान्त-अनुसार मानव इतिहासको गतिविधि पनि भौतिक कारणहरूबाट नै निश्चित हुन्छ । आर्थिक प्रभाव अथवा उत्पादन प्रणालीको प्रभावले नै इतिहासका घटनाहरूलाई मुख्यतया निर्धारित गर्दछ । तसर्थ मार्क्सको इतिहासको व्याख्यालाई "इतिहासको आर्थिक व्याख्या" अथवा "इतिहासको उत्पादन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रणाली द्वारा व्याख्यान" पनि भनिन्छ। मार्क्सको विचार-अनुसार इतिहासमा जति पनि परिवर्तनहरू भए ती सबै उत्पादन प्रणालीमा परिवर्तनकै परिणाम थिए। उत्पादन प्रणालीले नै समाजको संगठन र त्यसको विभिन्न रूप निर्धारित गर्दछ। मानिसको धार्मिक विश्वास, नैतिक आदर्श, कला र साहित्य आदिको पनि विभिन्न आर्थिक व्यवस्था-अनुसार परिवर्तन हुन्छ। प्रत्येक कालको सभ्यता तथा संस्कृति त्यस कालको प्रबल आर्थिक वर्गको स्वार्थ विचारहरूको प्रतिबिम्ब हुन्छ।

उत्पादन प्रणालीमा हुने परिवर्तनले सामाजिक संगठन त्यसका विभिन्न वर्गहरू तथा तिनीहरूको पारस्परिक सम्बन्धमा पनि परिवर्तन गर्दछ। यस प्रकारले मार्क्सले इतिहासलाई ६ युगमा विभक्त गरेका छन्—(i) आदिम साम्यवादी युग (ii) दास युग (iii) सामन्तशाही युग (iv) पूँजीवादी युग (v) सम्पत्ति विहीन श्रमिक वर्गको अधिनायकत्वको युग र (vi) साम्यवादी युग।

इतिहासको प्रारम्भिक युगमा सर्वत्र एउटा आदिम साम्यवादी व्यवस्था थियो। यस युगमा मनुष्यहरू पशु पाल्न जान्दैनथे। जंगली फल-फूल र पशुको शिकार गरी आफ्नो जीविका चलाउँथे। यस युगमा मनुष्यमा अरूमाथि आधिपत्य गर्ने भावना पनि जागृत भएको थिएन। मानिसहरू स्वतन्त्रता र समानतापूर्वक जीवन-यापन गर्दथे। आपसमा मेलमिलाप थियो। यही नै आदिम युगको साम्यवादी व्यवस्था थियो।

यसपछि दासत्व युग प्रारम्भ भयो। यस युगमा खेती र पशुपालनको आविष्कार भयो। उत्पादन प्रणालीमा प्रथम परिवर्तन यही नै थियो। जीवन निर्वाहका लागि शिकार र फल-फूलको स्थान पशु-पालनले लियो। यस प्रकार मानिसले परिश्रम गरी खेती गर्न थाले। खेतीका लागि मानिसले एक अर्कामाथि आधिपत्य जमाउन शुरू गरे। शारीरिक श्रम गराउनका लागि मानिसलाई जबर्जस्ती कमारो बनाउन थाले। यस प्रकारले स्वतन्त्र नागरिकहरू र दासहरू दुई वर्गको अभ्युदय भयो। यस प्रकारको सामाजिक व्यवस्था प्राचीन यूनानका नगर राज्यहरूमा देखिन्थे।

तेस्रो युग सामन्तशाही युग थियो। यस व्यवस्थामा भूमिको मालिक राजा र उनका सैनिक तथा उसका सामन्तहरू हुन्थे यिनीहरूको घेरैजसो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समय लड़ाईमा बित्ने हुँदा उत्पादन कार्यकालागि भूमिविहीन किसानबाट कार्य गराइन्थ्यो। किसानहरू दास त हुँदैनथे, तर स्वतन्त्र पनि थिएनन्। सामन्तहरूबाट केही भूमि किसानहरूलाई जोत्न तथा अन्य उत्पादन गर्न दिइन्थ्यो र साथै समानहरूको जग्गामा बेकार खट्नुपर्दथ्यो। यी किसानहरूले युद्धका समयमा सेना तथा सिपाहीको रूपमा भर्ती हुनुपर्दथ्यो। त्यस समयमा समाज चार श्रेणीमा विभक्त थियो। (i) सामन्त वर्ग (ii) पादरी (पुजारी) वर्ग (iii) स्वतन्त्र नागरिक वर्ग, जसमा प्रायः नगरनिवासी र व्यापारी हुन्थे। (iv) अर्ध दास किसान वर्ग (Serfe)। समयका साथसाथै सामन्त र पुजारी वर्ग एउटै वर्ग भयो। यस प्रकारले समाजमा ३ वर्ग मात्र रहन गए। (i) उच्चतर वर्ग (Aristocratic class) (ii) मध्यम वर्ग (Middle class) र (iii) कृषक र मजदूर वर्ग (Peasant nad Labour class)।

चौथो युग पूँजीवादी युग हो। यो १३ औं शताब्दीमा शुरू भयो र औद्योगिक क्रान्तिपछि यो स्पष्ट रूपले विश्वका सामुन्ने आयो। औद्योगिक क्रांतिले गर्दा उत्पादनप्रणालीमा एउटा ठूलो परिवर्तन आयो। यस परिवर्तन अनुसार मानव अथवा पशु-शक्तिको स्थान यन्त्र तथा मानिसहरूले लिए। मेशीन तथा कलकारखानाहरू महँगा थिए। सर्वसाधारणका लागि यो साधनहरू सुलभ थिएनन् र साथै हस्त-कौशलमा निपुण कारीगरहरू मेशीनको प्रतियोगितामा खड़ा हुन सक्तैनथे। परिणामस्वरूप उत्पादनका साधनहरू ठूलठूला पूँजीपतिहरूको हातमा एकत्रित भए र शेष जनता सम्पत्तिविहीन श्रमजीवी बने। मार्क्सका अनुसार औद्योगिक क्रान्तिको परिवर्तनले समाजमा मध्यम वर्ग सुस्त हुन गयो र पूँजीपति तथा श्रमिक दुई वर्ग मात्र रहन गयो। यी दुवै वर्ग परस्पर विरोधी छन्। पूँजीपति वर्ग सानो हुन्छ त श्रमिक वर्ग ठूलो। पूँजीपतिहरूको हातमा सम्पत्ति र उत्पादनका साधन—भूमि, कल-कारखाना आदि हुन्छन्। तर श्रमजीवी नितान्त सम्पत्ति-विहीन, खान-लाउन पनि मुश्किल पर्ने आफ्ने श्रमद्वारा जीवननिर्वाह गर्ने हुन्छन्। यस प्रकार यी दुवै वर्गमा प्रत्येक कुरामा स्वार्थ विरोध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ रा तिनीहरूका पारस्परिक सम्बन्ध वर्ग-संघर्ष हो यस संघर्षमा पूंजीपति वर्ग नाश र श्रमजीवी वर्गको अधिनायकत्व स्थापना हुन आउँछ।

पाँचौं युग हो श्रमजीवी वर्गको अधिनायकत्व (Dictatorship of the proletariat)। यो युग अहिलेसम्म रूस तथा चीन र अन्य केही देशहरूमा मात्र पाइन्छ। यस युगमा पूंजीवादी वर्गको विनाश हुन्छ र समाजवादी व्यवस्थाको स्थापना हुन्छ। यो युग एउटा संक्रमण काल (Transitional period) हो।

छैटौं र अन्तिम युग हो साम्यवाद। यसमा समाज सर्वदा वर्गविहीन हुन्छ किनकि एकमात्र श्रमजीवी वर्ग जीवित रहन्छ। वर्गसंघर्ष समाप्त हुन्छ; राज्यको आवश्यकता रहँदैन (The State will wither away)। उत्पादनका साधनहरूमाथि समाजको आधिपत्य हुन्छ र मानिसहरूलाई आवश्यकता अनुसार चीजबीज वितरण हुन्छ। तर यस्तो साम्यवादी युग आजसम्म दुनियाँमा कहीं पनि आएको छैन र यो भविष्यले नै बताउनेछ।

(iv) मूल्यको श्रम-सम्बन्धी सिद्धान्त (Labour Theory of Value) :—मार्क्सका विचार-अनुसार मूल्य (Value) को उत्पत्ति श्रमबाटै हुन्छ। कुनै पनि वस्तुको मूल्य त्यसको उत्पादनका लागि आवश्यक श्रममाथि निर्भर छ। जुन वस्तुको निर्माणमा जति बढ़ी श्रम लाग्दछ, त्यसको मूल्य पनि बढ़ी हुन्छ। मार्क्सले कच्चा माल प्रकृतिको देन भनी मूल्यमा गाभेको छैन। मार्क्सका अनुसार पूंजी पनि एकत्रित श्रम नै हो। परिश्रमद्वारा उपार्जित मूल्य वा द्रव्य उपयोगमा नल्याई जो बचत गरिन्छ र उत्पादनमा लगाइन्छ-त्यही नै पूंजी हो। त्यो पनि श्रमजीवीद्वारा नै उत्पन्न गरिएको हो, तर पूंजीपतिहरूले अन्यायबाट धोका दिई त्यस पूंजीमाथि आफ्नो अधिकार गरेका छन्। पूंजीपति श्रमिकहरूसँग धेरै कालदेखि तिनीहरूको कमाइ बलजफती खोस्दै आइरहेका छन्। यसलाई नै शोषण भन्दछन्। श्रमिकहरूको न्यायोचित परिश्रमको फल खोसी स्वयं धनी हुँदै छन्। श्रमिकहरूले उत्पन्न गरेका वस्तुहरूको लाभ पूंजीपतिले पाउँछन्। यस्तो लाभलाई मार्क्सले अतिरिक्त मूल्य भनेका छन्। यो अतिरिक्त मूल्य श्रमिकहरूको श्रमबाट उत्पन्न भएको हो, तर यसको फाइदा पूंजीपतिले लिन्छन्। श्रमिकहरूलाई त केवल मजदूरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिइन्छ जो वस्तुको लागतमाथि नै जोडिन्छ। लाभको कुनै अंश श्रमिकहरूले पाउँदैनन्। यस प्रकारले पूँजीपतिहरूले श्रमिकहरूको शोषण गरिरहेका छन्। पूँजीवादको नाशले नै यो शोषण समाप्त हुन्छ। यी दुवै वर्गको आपस्तमा विरोध छ, तसर्थ सम्झौता हुन सक्तैन। यस प्रकारले पूँजीपति र श्रमिकहरूको बीचमा संघर्ष सदादेखि चल्दै आइरहेको छ।

(४) वर्ग-संघर्ष तथा सर्वहारा वर्गको अधिनायकत्व (Class struggle and dictatorship of proletariate) :— पूँजीवादी व्यवस्था स्थायी हुन सक्न किनकि यसमा आन्तरिक विरोध छ। प्रथमतः पूँजीपति र श्रमिक वर्गको स्वाभाविक स्वार्थ-विरोध र वर्ग-विरोध छ। पूँजीवादको जन्मको साथसाथै त्यसको शत्रु श्रमजीवी वर्गको पनि जन्म भयो। पूँजीवादमा उत्पादन र वितरणमा संतुलन छैन। एकापट्टि नया-नयाँ आविष्कारहरूद्वारा पूँजीवादी व्यवस्थाको उत्पादन शक्ति बढ्दै जान्छ भने अर्कापट्टि वितरण व्यवस्थामा दोष भएकाले धन पूँजीपतिहरूकै हातमा एकत्रित हुँदै जान्छ र सर्वसाधारण-हरूसँग जीवन निर्वाहका लागि पनि पर्याप्त धन हुँदैन। यसले गर्दा पूँजीपति-वर्ग र श्रमिक वर्गमा सदा संघर्ष चलिरहन्छ। परिणामस्वरूप क्रांतिद्वारा पूँजीवादको अंत र श्रमिक वर्गको अधिनायकत्व स्थापित हुन्छ।

(५) राज्यको समाप्ति (Withering away of the State) :—

साम्यवादको अंतिम अवस्था राज्यको समाप्ति हो। पूँजीवाद समाप्त भएपछि समाजमा एकमात्र वर्ग रहन्छ त्यो श्रमिक वर्ग। यस वर्गको एउटै स्वार्थ र एउटै हित हुन्छ। यस्तो अवस्थामा पुलिस र सेनाको आवश्यकता पर्दैन, राज्य स्वतः समाप्त हुन्छ। किनकि राज्य एउटा शोषण गर्ने संस्था राज्यविनाको समाज सुख र शान्तिपूर्वक बस्न सक्तैन।

यसको आलोचना—(i) मार्क्सको द्वन्द्वात्मक भौतिकवादको सिद्धान्त अपूर्ण छ। इतिहासमा केही अनुकूल उदाहरणलाई आधार बनाई यो सिद्धांत प्रतिपादन गरिएको छ। हजारौं हजारवर्षको मानव इतिहासबाट कुनै पनि सिद्धान्तको समर्थनमा पाँच दश घटनाहरू उद्धृत गर्न सकिन्छ, तर यी घटनाले मात्र सिद्धान्तलाई सत्य प्रमाणित गर्न सकिन्न। इतिहासका सबै घटनाबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रमाणित भएमा मात्र सिद्धान्त पनि सत्य हुन्छ । इतिहासका घटनाहरू आर्थिक व्यवस्थामा मात्र आधारित छैनन्, जस्तै—अंग्रेज र गोर्खालीको युद्धमा अंग्रेजहरूले किन जिते ? हिटलरले द्वितीय विश्वयुद्ध किन हार्‍यो ? के हार्नुको कारण आर्थिक व्यवस्थामा मात्र आधारित थियो ?

बरटेण्डरसेलले साम्यवादको निम्न प्रकारले आलोचना गरेका छन्—

[ii] 'क्रान्तिकारी उपायको अवलम्बन साम्यवादी व्यवस्थाले होइन अरू दलहरूले पनि गर्न सक्छन्, तर एकपल्ट वैध् तथा शान्तिमय उपायहरूबाट मानिसको श्रद्धा उठेपछि पुनः कायम गर्न गाह्रो पर्दछ । तसर्थ क्रान्ति अथवा हिंसाको प्रचार गर्नु शान्ति र सुव्यवस्थाको जरो काट्नु हो ।

[iii] साम्यवादी व्यवस्था जनताको हितका लागि हुने हो भने मानिसलाई सम्झाई बुझाई सुसंस्कृत गराउनुपर्ने हो । बल प्रयोगको किन आवश्यकता पर्‍यो ?

[iv] हिंसाले मनुष्यको पाशविक प्रवृत्तिलाई जागृत गर्दछ र यसले सभ्यता र संस्कृतिलाई नाश गर्दछ ।

[v] साम्यवादी कार्यप्रणालीले क्रमशः सुधार र विकासवादी नीतिमाथि विश्वास गर्दैन, जबकि राज्य, समाज तथा समुदाय क्रमशः विकासका परिणाम हुन् । यस प्रकार साम्यवादले इतिहासको मूलतन्त्रमाथि पान विश्वास गर्दैन । क्रमशः विकासमाथ विश्वास नगरी क्रान्तिको बाटो अवलम्बन गर्नु साम्यवादको उत्ताउलोपन मात्र हो ।

[vi] साम्यवादको मुख्य तत्त्व वर्ग-संघर्ष हो । यो ठीक हो कि धनी र गरीबमा भेदभाव छ, तर भेदभाव मेटाउने उपाय संघर्ष होइन । संघर्षले त अशान्त बढाउँछ । आजको युग वर्गसमन्वय र सामञ्जस्यको युग हो । आजको विश्वमा जस्तोसुकै व्यवस्था भएको राष्ट्र पनि विरोधी व्यवस्था भएको राष्ट्रसँग सह अस्तित्वमाथि विश्वास गरी परस्पर मधुर सम्बन्ध राखी बस्न चाहन्छ, स्वयं रूस तथा चीन जस्ता देशहरू पनि अरू देशसँग राम्रो सम्बन्ध राखी आफ्नो विकास गर्न चाहन्छन् । यहाँसम्म कि पूंजीवादी अवस्था भएका देशहरू र साम्यवादी रूस दुवै सह अस्तित्वमा आधारित छन् । तसर्थ वर्ग संघर्ष होइन, वर्ग समन्वय नै सबै व्यवस्थाको जड हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(vii) साम्यवादी राज्यको समाप्ति कल्पना भविष्यको अन्धकारमा निहित छ। राज्यको समाप्ति पनि हुन सक्तछ भन्ने आजको मानिसले सोच्न सकेको छैन, किनकि राज्यको उदय नै मानिसको स्वभावबाट भएको हो। मानिसको रगत तथा शरीरका अंगप्रत्यंगमा राजनैतिक चेतना तथा राज्यको आवश्यकता विद्यमान छ। आज प्रत्येक राज्य आफूलाई विश्वमा बढ़ीभन्दा बढ़ी शक्तिशाली तुल्याउने प्रयासमा छ भने पुलिस सैनिक कहिले समाप्त हुने हुन् भन्न गाह्रो छ। जुन वेला विश्वबन्धुत्व र भातृभाव उत्पन्न होला र मानिसमा स्वार्थ समाप्त भई विश्वस्वार्थ मात्र रहला र सम्पूर्ण मानव-समाज नै नैतिक आचरण ठीक राख्ने अवस्थामा पुग्ला अनिमात्र राज्यको समाप्ति हुन सक्तछ होला। तर लाखौं वर्षसम्ममा पनि सम्भव होला जस्तो लाग्दैन।

(viii) श्रमजीवी वर्गको अधिनायकत्व पनि खतरनाक छ किनकि सत्ता एकपल्ट हातमा आएपछि स्वेच्छाले त्यसलाई कसैले छोड्न चाहँदैन। तसर्थ संक्रमण काल आएपछि श्रमजीवीले आफ्नो अधिनायकत्व छाड्छन् भन्ने एउटा दुराशा मात्र हो। यसको ज्वलन्त उदाहरण रूस छ। १९१७ ई० को क्रान्तिपछि एकपल्ट स्थापित भएको निरंकुश शासन बदलिन पुनः अर्को क्रान्ति हुनुपर्दछ।

(६) अराजकतावाद (Anarchism) :—अराजकतावादीहरूमा टाल-स्टाय, क्रोपोतकीन आदि मुख्य छन्। अराजकतावादको मूल सिद्धान्त हो राज्यविहिन समाजको स्थापना। अराजकतावादीहरू राज्यलाई अनावश्यक तथा हानिकारक संस्था मान्दछन्। राज्यको आवश्यकता बाहिरी शत्रुबाट रक्षा गर्नु, देशभित्रका अपराधीहरूमाथि नियन्त्रण राख्नु तथा न्याय गर्नु मुख्य सम्झिइन्छ। तर अराजकतावादीका अनुसार राज्यबिना पनि यी कार्यहरू राम्रा ढंगबाट हुन सक्तछन्। राज्यको लोप भएपछि न संगठित सेना राख्नु पर्दछ न बाह्य आक्रमणबाट रक्षाको प्रश्न नै आउँछ। कथंकदाचित् देशको सुरक्षाको कुरा आएमा नागरिकहरूको स्वयं सेवक दलले नै त्यसको सामना गर्दछ। देशभित्र हुने अपराधहरूको रोकथाम गर्न पनि राज्यको आवश्यकता पर्दैन अपराधहरूको रोकथाममा राज्यको प्रयत्न प्रायः विफल भएको छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किनकि दिन प्रतिदिन अपराधीहरूको संख्या बढ्दै छ। राज्यले अपराधको उपर्युक्त कारण हटाउन नसकी अनुपयुक्त कार्यमात्र गरेको छ। अपराध दुई प्रकारको हुन्छ—एउटा सम्पत्तिको विरुद्ध चोरी डकैती आदि अर्को व्यक्तिको विरुद्ध मार-पीट, हत्या, बलात्कार आदि। पहिलो प्रकारका अयराधको मूल कारण व्यक्तिगत सम्पत्तिको प्रबलता र आवश्यकता अनुसार त्यसको वितरणको अभाव हो। अराजकतावादमा व्यक्तिगत सम्पत्तिको कुनै स्थान छैन। व्यक्तिगत सम्पत्ति नभएपछि सम्पत्ति-सम्बन्धी अपराध नै हुँदैन। व्यक्ति विरुद्ध अपराध दूषित मनोवृत्ति तथा अनैतिकताको कारणले हुन्छ। त्यसलाई रोक्ने एउटा मात्र उपाय हो अपराधीहरूको नैतिक चिकित्सा। अपराधीहरूलाई जेल पठाएर कुनै लाभ हुँदैन किनकी अपराधीको संसर्गमा अन्य कैदीहरू पनि विग्रिन्छन्। यस प्रकारले अपराध निवारणका लागि राज्य अनावश्यक मात्र होइन हानिकारक पनि प्रमाणित भएको छ। पञ्चायतको माध्यमबाट मानिसहरूले न्यायप्रवन्ध पनि गर्न सक्तछन्। पञ्चायतमा पनि व्यक्तिगत सम्पत्तिको प्रथा समाप्त भएपछि मुद्दा-मामिला हुँदैन। विद्या, कला, शिक्षा, स्वास्थ्य आदि विषयहरूमा राज्यको प्रयत्न नौलो नै छ। सय-डेढ़ सय वर्ष अघि पनि नागरिकहरूले यी सबै कुराको प्रबन्ध स्वेच्छा र पारस्परिक सहयोगले गर्दथे र अहिले पनि तिनीहरूले त्यसो गर्न सक्तछन्।

राज्य नष्ट हुनु आवश्यक छ किनकि यो हानिकारक छ। इतिहासबाट यो प्रमाणित भएको छ कि राज्यले सधैं नौलो विचार र सुधारहरूको विरोध गर्दै आइरहेको छ। संसारको कल्याणका निम्ति प्रयत्न गर्ने महापुरुष तथा नेताहरूलाई राज्यले कारावास, मृत्युदण्ड तथा अन्य प्रकारको यातना दिएको छ। यस प्रकारले राज्य स्वतन्त्रताको मार्गमा एउटा ठूलो बाधा हो। युद्धका लागि पनि राज्य न उत्तरदायी छ। व्यक्तिगत सम्पत्ति र धर्म, स्वतन्त्रताका दुई शत्रु हुन्। धर्मले जनतालाई मीठो निद्रामा सुताउँछ। मानिसले आफ्नो दुर्दशालाई ईश्वरको इच्छा सम्झिन्छ। यस विश्वासले गर्दा उ अकर्मण्य हुन्छ। तसर्थ राज्य, व्यक्तिगत सम्पत्ति र धर्म यी तीन ठूला-ठूला बाधाहरूलाई नहटाई वास्तविक स्वतन्त्रताको स्थापना हुन सक्तैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसको आलोचना :—(i) राज्यको विनाशबाट अपराधीहरूको विनाश हुन सक्तैन, अपराधीहरू कुनै पनि व्यवस्थामा रहन्छन् । यस्ता अपराधीहरूको नियन्त्रणका लागि राज्य आवश्यक छ ।

(ii) राज्यको अस्तित्वले गर्दा नै युद्ध हुन्छ भन्नु गलत हो । युद्ध हुने कारण अन्तर्राष्ट्रीय क्षेत्रमा आउने अराजतकता हो र सबै राष्ट्रलाई नियन्त्रण गर्ने एउटा सार्वभौमिक संस्थाको अभाव हो । राज्यलाई समाप्त गर्दा अन्तर्राष्ट्रिय क्षेत्रमा झैं देशभित्र पनि उत्पात र युद्ध हुन थाल्दछ ।

(iii) अराजकतावादी व्यवस्थामा प्रत्येक व्यक्तिले आफ्नो जीवनसंग सम्बन्धित समुदायहरूको गतिविधि माथि दृष्टि राख्नुपर्दछ, तर सर्वसाधारणले सधैं यस्तो गर्न सक्नेछन् भन्न गाह्रो छ । वर्तमान समयमा राज्यले नै यो सबैको गतिविधिमाथि दृष्टि राखिदिएकाले सबैको हित भएको छ । यस प्रकार राज्यले हाम्रो समय र श्रम बचाइदिएको छ ।

(iv) अराजकतावादीले समाजको स्थापनाबारे केही पनि बताएका छैनन् । जुद आदर्श समाजको कल्पना अराजकतावादी गर्दछन् त्यसको स्थापना कसरी हुने हो, ज्ञान हुँदैन । तसर्थ यो सिद्धान्त नै अपूर्ण छ ।

(v) उपयोगितावाद (The Utility Theory) :—यस सिद्धान्तका मुख्य प्रवर्त्तक जर्मी बेन्थम हुन् । यस सिद्धान्तको मूलमन्त्र बहुजन-हिताय, वहुजन-सुखाय' हो । उपयोगितावादीहरूको विचार-अनुसार सरकारले यस्तो कार्य गर्नुपर्दछ । जसले बढी मानिसको बढीभन्दा बढी हित होस् । सरकारले आफ्नो कार्य तथा अकार्यको निर्णय उपयोगिताकै आधारमा गर्नुपर्दछ । यदि कुनै कार्यले अधिकांश मानिसहरूको लाभ हुन्छ र केही व्यक्तिहरूको हानि नै भएमा पनि सरकारले त्यस्तो गर्नुपर्दछ । १९ सौं शताब्दीमा यो सिद्धान्त इङ्गलैण्डमा जोड तोडका साथ चल्यो । इङ्गलैण्डको कानूनमा यस सिद्धान्तले गर्दा धेरै नै लाभदायक सुधारहरू पनि भए, तसर्थ व्यावहारिक दृष्टिले यो सिद्धान्त सन्तोषजनक रह्यो, तर अधिकांश उपयोगितावादीहरू व्यक्तिवादी पनि भएकोले पछि गई व्यक्तिवादी दृष्टिकोण यस सिद्धान्तको पनि आधार बन्न गयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसको आलोचना :—(i) यस सिद्धान्तले गुणभन्दा संख्यालाई बढी महत्व दिन्छ। ज्यादाभन्दा ज्यादा मानिसहरूको हित-साधन सदैव आदर्श हुन सक्तैन। हजार दुष्टहरूभन्दा दशबटा भलाद्मीको हित नै महत्वपूर्ण हुन्छ।

(ii) विभिन्न मानिसहरूको हित तथा स्वार्थ प्रायः आपसमा विरोधी हुन्छ। अतः सबैको हित तथा स्वार्थ एउटैमा कदापि मिल्दैन। तसर्थ यो सिद्धान्तले मोटामोटीरूपले मात्र हाम्रो पथ-प्रदर्शन गर्न सक्तछ।

(७) आदर्शवादी सिद्धान्त (Idealistic Theory) :—आदर्शवादीहरूको भनाइ छ कि सरकारका कार्यहरू बल-प्रयोगमाथि निर्भर छन्। राजाज्ञा पालन नगर्नेलाई सरकारले दण्ड दिइ आज्ञा-पालन गराउँछ। सरकारले त्यस्ता कार्यहरूलाई मात्र हातमा लिनुपर्दछ जसमाथि उसले कानून बनाउन सकोस् र आवश्यकतानुसार बल प्रयोग गरी आज्ञा पालन गराउन सकोस्। यस्ता कार्यहरू जो सरकारले ठीक तरीकाले गराउन सक्तैन, हातमा लिनु हुँदैन। धर्म सदाचार जस्ता विषयहरूलाई सरकारले आफ्नो हातमा लिनु हुँदैन। सरकारले धर्मलाई आफ्नो हातमा लिदा आडम्बर फैलिन्छ र वास्तविक धर्मको लोप हुन्छ। धार्मिकता तथा नैतिकता तब नै सम्भव छ जब मानिसले त्यसको पालन आफ्नो स्वेच्छाले गरोस्। दण्डको भयले पालन गरिएको धर्म आडम्बर मात्र हुन्छ। आदर्शवादीहरूले मानिसको आन्तरिक भावना तथा विश्वासबाट गरिने कार्यहरू सरकारले कदापि आफ्नो हातमा लिन हुंदैन भनेका छन्। धर्म तथा नैतिकताको मार्गमा वाह्य बाधाहरू हटाउन सरकारले अप्रत्यक्ष तरीकाबाट सहयोग गर्न सक्तछ। मद्यपान, जूवा, अशिक्षा, बाल-विवाह आदि नैतिक जीवनको मार्गमा बाहिरी बाधाहरू हुन्। राज्यको कर्त्तव्य हो कि यस्ता अनैतिक कार्यहरूलाई बल प्रयोग गरी हटाओस्, तर सदाचार जस्ता विषयलाई अप्रत्यक्ष रूपले अनिवार्य बनाउन सक्तैन। आदर्शवादीका शब्दमा 'सरकारको कार्य सद्जीवनको मार्गका बाधाहरूमा बाधा पुऱ्याउनु अर्थात् रोक्नु मात्र हो।" (The State should act as a hindrance to hindrance against good life]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसको आलोचना—(i) आदर्शवादी सिद्धान्त केवल निषेधात्मक मात्र यस सिद्धान्तले कुन कार्य हुँदैन मात्र बताउँछ, तर स्पष्टरूपले राज्यले के गर्नुपर्दछ भन्दैन ।

(ii) यसै सिद्धान्तले राज्यलाई सामाजिक तथा नैतिक जीवनमा सुधार गर्ने पर्याप्त अधिकार दिंदैन । यो आलोचना आंशिक रूपले सत्य भए पनि आदर्शवादी सिद्धान्तले राज्यद्वारा गरिने सुधारहरूको विरोध गर्दैन । यस सिद्धान्तले स्पष्टरूपले यति मात्र देखाउँछ कि राज्यको हस्तक्षेप केही क्षेत्रमा अवाञ्छनीय छ तसर्थ यो सिद्धान्तलाई राज्यको पुर्ण कार्य-सम्बन्धी पूर्ण सिद्धान्त मान्न सकिंदैन ।

(८) अन्य सिद्धान्तहरू :—राज्यको कर्तव्य समयको साथसाथै तथा ऐतिहासिक परिस्थितिहरूको आवश्यकता अनुसार बदलिरहन्छ । नौलो परिस्थिति र नयाँ आवश्यकताहरूका अनुसार राज्यका कार्यमा परिवर्तन हुन्छ। तर यति त स्पष्ट छ कि आधुनिक राज्यको प्रवृत्ति व्यक्तिवादभन्दा समष्टिवादतर्फ बढी छ । मानव जीवनका समस्त कार्यहरूको सम्पादनको भार एकमात्र राज्यमाथि छाड्न सकिंदैन । मेकाइवरले राज्यका कार्यलाई ३ (तीन) भागमा विभक्त गरेका थिए—(i) व्यवस्था (ii) सुरक्षा र (iii) विकास ।

गार्नरले राज्यका कार्यहरूलाई ३ वर्गमा बाँडेका थिए । (i) परमावश्यक; जसको पालन गर्नु प्रत्येक राज्यका लागि आवश्यक हुन्छ (ii) प्राकृतिक तर अनावश्यक कार्य—जसको पालन राज्यको प्राथमिक कर्त्तव्यको पूर्तिका निम्ति अथवा अराजकताको भयबाट बच्न आवश्यक हुँदैन र (iii) यस्तो कार्य जो न प्राकृतिक हुन आवश्यक छ र जसलाई व्यक्तिगत प्रयासले नै धेरै राम्ररी पूरा गर्न सकिन्छ । गार्नरले उपरोक्त ३ प्रकारका कार्यहरूको एउटा सूची दिएका छन्, तर गार्नरको विभाजन उचित नदेखिएकोले यहाँ वर्णन गर्न ठीक देखिंदैन ।

लार्ड ब्राइसले राज्यका निम्नलिखित कार्यहरू देखाएका छन्—

(i) विदेशी आक्रमणबाट देशको रक्षा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ii) हिंसा, गृह-युद्ध, विद्रोह इत्यादिको रोकथाम तथा आन्तरिक शान्ति ।

(iii) न्याय अर्थात् समाजमा अनुचित कार्य गर्नेहरूलाई दण्ड दिनु ।

(iv) जनताको सबभन्दा बढी हित सबभन्दा कम व्ययले समाजका सामान्य कार्यहरूको प्रबन्ध ।

(v) नागरिकहरूको व्यवसायमा सहायता गर्नु, तर राज्यले गर्ने सहायता व्यक्तिको स्वतन्त्रतामाथि आघात पर्ने हुँनु हुँदैन ।

ब्राइसको राज्यको कार्य सम्बन्धी विभाजन स्पष्ट र छोटो छैन, यद्यपि राज्यले गर्ने कार्य सबै यस विभाजनमा प्रायः सम्मिलित छन् ।

अमेरिकन राजनीति विरोडविल्सनले राज्यका कार्यहरूलाई दुई भागमा बाँडेका छन् (i) अनिवार्य र (ii) ऐच्छिक कार्य ।

(i) अनिवार्य कार्य :—अनिवार्य कार्य-अन्तर्गत व्यवस्था स्थापित गर्नु र ज्यान मालको रक्षा गर्नु, पति-पत्नी, माता-पिता र सन्तानहरूका बीच कानूनी सम्बन्धमा निश्चित गर्नु, सम्पत्ति-सम्बन्धी नियमहरूको निर्धारण, व्यक्तिहरूको संवैधानिक अधिकारहरू निश्चित गर्नु, अपराधको परिभाषा र दण्ड निश्चित गर्नु, दिवानी मुद्दाहरूको निम्ति न्याय व्यवस्था स्थापित गर्नु, नागरिकहरूको पारस्परिक सम्बन्ध तथा तिनीहरूको अधिकार तथा कर्तव्य-हरूलाई निश्चित गर्नु, बाह्य आक्रमणबाट राज्यको रक्षा गर्नु आदि ।

(ii) ऐच्छिक कार्य :—ऐच्छिक कार्य अन्तर्गत उद्योग र व्यापार सम्बन्ध-मा नियम बनाउनु, श्रमिकहरूको सम्बन्धमा नियम बनाउनु, यातायात साधनको व्यवस्था, डाक तथा तारको व्यवस्था, खाने पिउनेको व्यवस्था, स्वास्थ्य र सफाइको व्यवस्था, गरीब तथा अपाहिजहरूको व्यवस्था गर्नु, जंगल नदी आदिको व्यवस्था गर्नु निषेधात्मक कानूनहरूको निर्माण आदि आउँछन् ।

राज्यका अनिवार्य तथा आवश्यक कार्य (The essential function of the State) :—राज्यका अनिवार्य कार्यको आशय हो राज्यले आफ्नो अस्तित्वकालागि गरिने कार्यहरू गर्दछ । प्रारम्भिक अवस्थादेखि राज्यले यस्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्यहरू गर्दै आइरहेको छ । यस्ता कार्यहरूमा शान्ति, सुव्यवस्था, आन्तरिक तथा वाह्य सुरक्षा मुख्य हुन् । राज्यले यस्ता कार्यहरूको कदापि उपेक्षा गर्न सक्तैन । एउटा विद्वान्का शब्दमा "राज्यको अस्तित्व कानून, व्यवस्था सुरक्षा- माथि आधारित छ ।" (The existence of the State depends on maintenance of law and order and establishment of peace and security.) राज्यका अनिवार्य कार्यहरूलाई निम्नरूपमा वर्णन गरिएको छ ।

शान्ति र व्यवस्था—कुनै पनि राज्यको प्रथम कर्तव्य देशभित्र शान्ति व्यवस्था कायम राख्नु हो । शान्ति र व्यवस्थाको अभावमा प्रशासन चल्न सक्तैन, नागरिकका मौलिक हकहरूको हनन हुन्छ तथा देश नै गोलमालको स्थितिमा रहन्छ । यसबाट देशको स्वतन्त्रता पनि समाप्त हुने जान्छ । व्यापार, विज्ञान तथा साहित्यको उन्नति हुन सक्तैन र विकासको बाटो नै अवरुद्ध हुन्छ । देशमा शान्ति र व्यवस्था कायम राख्नका लागि राज्यले पुलिसले तथा सेनाको प्रबन्ध गरेको हुन्छ, जसको सहयोगबाट राज्यले शान्ति र व्यवस्था कायम राख्तछ । अपराध तथा गोलमाल गर्नेलाई यसले दण्ड दिन्छ र यस प्रकारले राज्यले नागरिकको विकासका लागि सदा आन्तरिक शान्ति र व्यवस्था राख्ने प्रयास गर्दछ ।

सुरक्षा :—बाह्य आक्रमणबाट आफ्नो रक्षा गर्नु प्रत्येक राज्यको प्रथम कर्त्तव्य हो । आत्मरक्षाका लागि प्रत्येक राज्यले सेना राख्तछ । सेना तीन प्रकारको हुन्छ । (i) स्थल, (ii) जल र (iii) वायुसेना । सेनाका यी तीनै अंगहरूको कार्य आफ्नो देशलाई बाहिरी आक्रमणबाट रक्षा गर्नु हो । एउटा विद्वान्ले यस सन्दर्भमा लेखेका छन्—"देशको सुरक्षा राज्यको सबभन्दा मुख्य कर्त्तव्य हो । जसले सुरक्षामाथि विचार गर्दैन, त्यसले यसको मूल्य चुकाउनु पर्छ, त्यस्ता राज्यको केही भू-भाग हरण हुन सक्तछ अथवा स्वतन्त्रताको समाप्ति पनि हुन सक्तछ ।" (The defence of the country is the most important function of State which ignores its defence

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

is surely to pav its price, it may be loss of its territory or even its freedom),

न्याय तथा दण्ड : सरकारका तीन अंगहरूमध्ये एउटा न्यायपालिकाको पनि महत्वपूर्ण स्थान छ । व्यवस्थापिकाले कानून निर्माण गर्दछ, कार्यपालिकाले कानूनलाई लागू गर्दछ र न्यायपालिकाकाले कानून उल्लंघन गर्नेलाई दण्ड दिन्छ । यस प्रकारले न्यायपालिकाको पनि शासनमा महत्वपूर्ण स्थान छ । न्यायपालिकाको अभावमा देशमा अशान्ति तथा अराजकता फैलिन्छ । न्याय निष्पक्ष र सुलभ हुनुपर्दछ । न्यायमा रंग, जाति, वर्ग, पद तथा धन आदिको भेदभाव गर्न हुँदैन । न्यायसँग दण्डको पनि सम्बन्ध छ । दण्डको उद्देश्य प्रतिशोध हुनु हुँदैन । अपराधीहरूलाई सुधार्नु पर्दछ । आजको विश्वमा अपराधीहरूलाई दण्ड दिनुभन्दा सुधार्नमा नै हरेक राष्ट्रहरूले जोड दिएका छन् ।

उपर्युक्त कार्यहरूबाहेक अन्य कतिपय विद्वानहरूले राज्यका अरू पनि आवश्यक कार्यहरू देखाएका छन् ।

मुद्रा-प्रबन्ध :—आजको विश्वमा प्रत्येक राष्ट्रले मुद्रा आफैले छपाउँछन् । मुद्रा द्रव्य विनिमयको सर्वोत्तम माध्यम हो । प्रमाणित मुद्राको चलन आजको युगमा प्रत्येक राष्ट्रको आवश्यक कर्तव्य हो । मुद्राद्वारा नै राष्ट्रले आफ्नो अर्थनीति सञ्चालित गर्दछ । मुद्राको समुचित प्रबन्धबाट नै आन्तरिक तथा वैदेशिक व्यापारलाई प्रोत्साहन मिल्दछ । सुदृढ़ मुद्रा-व्यवस्थाले देशका अनेकौं जटिल आर्थिक समस्याहरूको समाधान हुन सक्तछ । तसर्थ आधुनिक युगमा प्रत्येक राज्यले मुद्रा प्रबन्धलाई आफ्नो हातमा लिई त्यसमा सुव्यवस्था ल्याउने प्रयास गर्दछ ।

कर संग्रह :—राज्यको आयको मुख्य स्रोत कर हो । राज्यले आमदनी अनुसार नै विकासका कार्यहरू गर्न सक्छ । राज्यले करको रूपरेखा त्यसको अनुपात तथा दर निश्चित गर्दछ । कसबाट कति कर असूल गर्ने र कुन वस्तुमा कति कर लगाउनु, राज्यले नै निर्णय ग छ । तर राष्ट्रिय आयको मुख्य स्रोत भएकाले सम्पत्तिको आधारमा राज्यले सुरक्षा तथा विकासको कार्य गर्न सक्ने हुँदा कर-संग्रह राज्यको आवश्यक कार्य हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऐच्छिक कार्य (Optional function of the State) :—ऐच्छिक कार्य-अन्तर्गत राज्यले लोकहित-सम्बन्धी कार्य गर्नुपर्दछ। राज्यलाई लोकहितको एउटा साधन अथवा माध्यम मान्ने धारणा वास्तवमा ठीक नै हो। हजारौं वर्ष पहिले अरिस्टोटल [अरस्तू] ले भनेको थियो—"राज्यको निर्माण जीवनलाई सम्भव बनाउन गरिएको थियो र आदर्श जीवनलाई सम्भव बनाउनको निम्ति यो अहिलेसम्म जीवित छ। यस प्रकार राज्यले आफ्नो जन्ममा मानिसको भौतिक कल्याण गर्ने र आफ्नो जीवनमा मनुष्यको नैतिक कल्याणको वृद्धि गऱ्यो। महाभारत शान्ति पर्वमा पनि उल्लखित छ "राज्यले निरन्तर सदाचारको वृद्धि गर्नुपर्दछ, प्रजाको नैतिक जीवनलाई नियमन, नियन्त्रण तथा पथ-प्रदर्शन गर्नुपर्दछ र पृथ्वीलाई मानिसहरूको निवास योग्य तथा सुख सुविधाहरूबाट परिपूर्ण बनाउनुपर्दछ।" अग्निपुराणमा पनि राज्यलाई एउटा नैतिक समुदाय मानिएको छ। लोकहितकारी राज्यको आधुनिक धारणामा नवीनता यति मात्र छ कि जहाँ प्राचीनकालमा राज्यलाई नैतिक कल्याणको एउटा साधन मानिन्थ्यो उहाँ आधुनिक युगमा त्यसलाई आर्थिक कल्याणको मांध्मम मानिन्छ। केण्टका अनुसार—"लोकहितकारी राज्य एक यस्तो राज्य हो जो आफ्ना नागरिकहरूको निम्ति सामाजिक सेवाहरूको एउटा विस्तृत क्षेत्रको व्यवस्था गर्दछ।" डा० एब्राह्मका शब्दमा—"लोकहितकारी राज्य एउटा यस्तो समाज हो, जहाँ प्रत्येक नागरिकको निम्ति आयको बढी समतापूर्ण वितरण तथा त्यसको कार्य र सम्पत्तिको बाजारभाउमाथि ध्यान नदिई उसका निमित्त एउटा निम्नतम मूल्यको व्यवस्था गर्ने उद्देश्यले राज्य शक्तिको प्रयोग जानीबुझी आर्थिक क्रिया एवं प्रतिक्रियाहरूको सामान्य सन्तुलनलाई संशोधन गर्नका निम्ति गरिन्छ।" उपर्युक्त परिभाषाहरूबाट यो स्पष्ट हुन्छ कि अब लोककल्याणको आर्थिक पक्षमाथि बढी जोड़ दिन थालिएको छ। आर्थिक कल्याण-बिना मानव कल्याणको धारणा निरर्थक छ।

आर्थिक समानताको अभावमा राजनैतिक स्वतन्त्रताको कुनै अर्थ छैन। हरेक देशले आफूलाई बढीभन्दा बढी लोकहितकारी राज्य बनाउनमा बल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिइरहेका छन् । जस्टिस दागलाले लोकहितकारी राज्यका सन्दर्भमा भनेका छन्—"लोकहितकारी राज्यको कार्य एउटा यस्तो पूलको निर्माण गर्नु हो, जसद्वारा मानिस जीवनको अतीत अवस्थाबाट निस्किएर एउटा यस्तो अवस्थामा प्रवेश गर्न सकून् जो उत्थानकारी तथा उद्देश्यपूर्ण होस् । लोकहितकारी राज्यको यथार्थ उद्देश्य नागरिकहरूद्वारा वास्तविक स्वतन्त्रताको उपयोगलाई सम्भव बनाउनु हो ।"

उपर्युक्त तर्कबाट राज्यका लोकहितकारी कार्यहरू निम्नलिखित छन् :—

शिक्षा :—शिक्षा सम्पूर्ण आदर्श जीवनको आधार हो । व्यक्तिको स्वतन्त्रता विकासका निमित्त कतिपय राजनैतिक तथा आर्थिक स्वतन्त्रताको स्थिति आवश्यक हुन्छ र लोक-शिक्षाको अभावमा यी स्थितिहरूको रक्षा गर्न बड़ो कठिन हुन्छ । अतएव प्रारम्भिक शिक्षादेखि लिएर उच्चतम शिक्षासम्म सबै प्रबन्ध राज्यले गर्नु पर्दछ । पुस्तकालय, संग्रहालय, प्रयोगशाला आदिको सहायता गर्नु पनि राज्यको प्रथम कर्तव्य हो । आदर्श राज्यले सधैं शिक्षा निःशुल्क गर्नु पर्दछ । शिक्षाले ज्ञान-वृद्धि हुन्छ र उचित ज्ञानले नागरिकहरू सदा सचेत रहन्छन् । सचेत नागरिकमाथि नै देश विकासको अभिभारा हुन्छ । जुन देशमा शिक्षित नागरिकहरू छन् त्यो देश प्रत्येक क्षेत्रमा उन्नतिशील हुन्छ । शिक्षाको महत्वबारे जे० एस० मिलले लेखेका छन् "राम्रो सरकारको प्रथम तत्व हो जनताको ज्ञान र गुणको वृद्धि गर्नु" (First element of good government is the promotion of virtue and intelligence of the people) अर्का एउटा विद्वान्ले शिक्षाको महत्वबारे लेखेका छन्—शिक्षा राष्ट्रिय प्रगतिको सुधार हो । एउटा सफल राज्यले आफ्ना भावी नागरिकहरूलाई राम्रो शिक्षा-प्रदान गर्न प्रत्येक कार्य गर्दछ ।" (Education is the class board of the national progress, a successfull State never leaves any stone unturned in imparting the best education of its would be citizens.)

कृषि, उद्योग तथा व्यापारको विकास :—यस-अन्तर्गत मापदण्ड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(नाप-तौल) निश्चय गर्नु, व्यवस्थाहरूको नियमन, यातायात, कृषकहरूलाई राजकीय सहायता, घरहरू बनाउनुँ, बीउ बाँड्नु, गोदामहरू खोल्नु र कृषकहरूको सुधारहरूको रक्षा गर्नु आदि विषयहरू सम्मिलित छन् । राज्यले देशको औद्योगिक साधनहरूमाथि दृष्टि पुऱ्याउनु पर्दछ र कुटीर उद्योगहरूलाई आवश्यक प्रोत्साहन दिनुपर्दछ । कृषि तथा उद्योगहरूका बीचमा एउटा सन्तुलन राख्नुपर्दछ र जंगल आदि प्राकृतिक साधनहरूको रक्षा गर्नुपर्दछ । राज्यको आर्थिक विकासद्वारा नै समाजको बहुमुखी प्रगति हुन सक्तछ । सम्पत्तिको उचित वितरण राज्यको प्रमुख कार्य हो । गरीब र धनीको बीचमा जो भेद-भाव हुँदै जाँदैछ त्यसमा राज्यले बढी ध्यान दिनुपर्छ । उद्योग धन्दा तथा वाणिज्य व्यवसायको विकास गरी राज्यले आफ्नो राष्ट्रीय आयमा वृद्धि गर्न सक्तछ र आफ्ना नागरिकहरूको जीवन-स्तर उठाउन सक्तछ । आर्थिक शोषण लाई राज्यले समाप्त पार्ने प्रयास गर्नुपर्दछ र मानिसहरूको आम्दानीमा खास फरक हुन दिनु हुँदैन । देशको आर्थिक विकास यातायातका साधनमाथि निर्भर पर्दछ । तसर्थ राज्यले रेल, तार, डाक, वायुयान, परिवहन तथा राम्रो सडकहरूको उचित व्यवस्था गर्नुपर्दछ । कृषि-प्रधान देशमा कृषिको धेरै महत्व हुन्छ । राष्ट्रका दैनिक आवश्यकताहरूको पूर्ति कृषिमाथि आधारित हुन्छ । अतएव राज्यले कृषि-विकासमा बढी ध्यान दिनुपर्छ । कृषिको उन्नतिका लागि राज्यले वैज्ञानिक साधनहरूको प्रयोग, सिंचाईको प्रबन्ध, यन्त्रको व्यवस्था, राम्रो बीउको प्रबन्ध, कृषि-सम्बन्धी उचित शिक्षाको प्रबन्ध आदि गर्नु राज्यको कर्तव्य हो । कृषि-प्रधान देशमा कृषिको उन्नति नभई कुनै पनि क्षेत्रमा उन्नति गर्न गाह्रो हुने हुँदा सरकारले यसमा बढी ध्यान दिनुपर्दछ । डा० वेणीप्रसादका शब्दमा "राज्यको महत्वपूर्ण कर्तव्य अथवा धेरै कर्तव्यहरू, आर्थिक क्रियाहरू तथा शिक्षाको व्यवस्था गर्नु हो; जो नागरिक जीवनको आधारशिला हो ।" (The great function or series of functions which the State has to undertake concerns the economic minimum which along with education forms the foundation of civic life.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वास्थ्य—राष्ट्रको विकास स्वस्थ नागरिकहरूमाथि निर्भर गर्दछ । अंग्रेजीमा एउटा उखान छ—"A sound mind in a sound body" अर्थात् स्वस्थ शरीरमा स्वस्थ मस्तिष्क रहन्छ । जुन राज्यका नागरिकहरू अस्वस्थ हुन्छन् त्यस राज्यको विकास सम्भव छैन । खास गरी विकासोन्मुख देशहरूमा स्वास्थ्यको समस्या एउटा जटिल समस्याको रूपमा छ । यस्ता देशहरूमा संतुलित आहारको प्रश्न त टाढै छ, नागरिकहरूले पेटभरि भोजन पनि पाउँदैनन् । आवासगृह पनि अस्वस्थकर भएकाले र निर्धन देशहरूमा उपचारको पनि राम्रो व्यवस्था नभएकोले गर्दा राज्यको धेरैजसो समय नागरिक-हरूको स्वास्थ्य रक्षातर्फ नै जान्छ । तसर्थ राज्यले रोगको रोकथाम, शुद्ध तथा स्वस्थ भोजनको व्यवस्था तथा चिकित्सालयहरूको स्थापनाको पूरा-पूरा प्रबन्ध गर्नुपर्दछ । राज्यले पानी, बत्ती आदिको प्रबन्ध गर्नुपर्दछ । स्वच्छताका लागि नाला तथा सडकहरूको उचित व्यवस्था हुनुपर्दछ ।

श्रमको नियम—राज्यले कारखानालाई स्वच्छ, काम गर्ने परिस्थितिहरू, श्रमिकहरूको तलब, उपादान तथा पेन्सनको व्यवस्था, रोग र बुढ़ौलीको बीमा आदि विषयहरूसँग सम्बन्धित कानूनको निर्माण गर्नुपर्दछ ।

प्रत्येक समाजमा जीविकाको उचित साधनको अभावमा मानिसहरू बेकार बस्तछन् । एउटा आदर्श राज्यले यस्ता बेकार व्यक्तिहरूको जीविकाको साधन प्राप्त गर्नमा योग दिन्छ । समाजवादी देशहरूमा बेकारीको समस्या बड़ो राम्रो ढंगले समाधान भएको हामी पाउँछौं । एउटा विद्वानले लेखेका छन्—"समाज-वादी सरकारले उच्च आदर्शहरू, योग्यता र आवश्यकता अनुसार मालसामान पाउने कार्यरूपमा परिणत गर्न सफलता प्राप्त गरेका छन् । यस प्रकारले बेकारीको समस्या जो मनुष्यमाथि एउटा दाग हो, यसको अन्त गर्न पनि सफल भएका छन् ।" (The social system of government has succeeded in translating into action the lofty ideal, from each according to his capacity to each according to it needs, thus it had

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

succeeded in bringing to an end the problem of unemployment which is the stegma of humanity,)

निर्धन तथा अक्षम व्यक्तिहरूको सहायता :— निर्धन, अनाथ तथा अक्षम व्यक्तिहरूको सहायताका लागि राज्यले आजीविका गृह (work houses), दरिद्र-गृह (Poor houses) अनाथालय, सुधार-गृह (Reformatories), विक्षिप्त गृह (Lunatic asylums) आदि खोल्नुपर्छ।

हानिकारक वस्तुहरूमा नियन्त्रण :— एउटा आदर्श राज्यले आफ्नो नागरिकहरूलाई हानिकारक वस्तुहरू—गाँजा, अफीम, भाङ, रक्सी आदिमाथि नियन्त्रण लगाउनुपर्दछ। नक्कली औषधीको बिक्री, बीज-वस्तुमा मिलावट आदिमाथि अनि राज्यले नियन्त्रण लाउनुपर्दछ।

आमोद-प्रमोदको सुविधा :— जनतालाई आमोद प्रमोदको सुविधा प्रदान गर्न राज्यले सार्वजनिक उद्यान (पार्क), क्रीडास्थल, वनस्पति-उद्यान, सिनेमा-गृह, रेडियो, सार्वजनिक स्नानागार आदिको प्रबन्ध गर्नु पर्दछ।

समाज-सुधार:— एउटा आदर्श राज्यले समाजको प्रचलित कुरीतिहरू छूवाछूत, जाति-व्यवस्था, बाल-विवाह, बहु-विवाह तथा अन्य कतिपय सामाजिक कुरीतिहरू हटाउने प्रयास गर्नु पर्दछ।

उपर्युक्त कुरा राज्यका मुख्य-मुख्य ऐच्छिक कार्य हुन्। राज्यका ऐच्छिक कार्य यति मात्र हुन सक्तछन् भन्न सकिन्न। राज्यका ऐच्छिक कार्य गिनती गर्न गाह्रो छ। राज्यका कार्यक्षेत्रको विषयमा गारनरले बड़ो राम्रो ढंगबाट वर्णन गरेका छन् "न्याय व्यवस्था तथा जीवन र सम्पत्तिको रक्षा गर्नु वा यस अतिरिक्त कुराको प्रबन्ध गर्नु पनि राज्यको परम कर्तव्य हो कि जुन सामाजिक तथा आर्थिक परिस्थितिहरूको अधीन व्यक्तिले आफ्नो जीवन व्यतीत गर्नु पर्दछ। ती यस्ता हुन् कि व्यक्तिले आफ्नो निहित योग्यताहरूको विकास गर्न सकोस्। यस प्रकार आफ्नो अस्तित्व वा उद्देश्यहरू पूर्णरूपले प्राप्त गर्न सकोस्। संक्षेपमा राज्यले आर्थिक तथा समाजिक प्रगतिको एउटा साधन हुनुपर्दछ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(Besides administering justice and protecting life and property is the plain duty of the State to see to it that the social and economic conditions under which individual is compelled to live are such that he can develop his latent abillties, make the most of the faculties with which he is endowed by nature and thus realise fully the end of his existence, in short, the State should be an instrument of economic and social progress.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय—१५

अधिकार-विभाजनको सिद्धान्त र सरकारका अंगहरू

(Theory of separation of powers and organs of government)

अधिकार-विभाजनको सिद्धान्त (Theory of separation of power) :—शासनका कार्यहरूलाई साधारणतया तीन वर्गमा विभाजन गरिन्छ—(i) व्यवस्थापिका (ii) कार्यपालिका र (iii) न्यायपालिका। प्राचीनकालमा यी तीनै शक्तिहरू एउटा राजा अथवा शासकमा केन्द्रित हुन्थे। त्यही शासकले कानून प्रचारित गर्दथ्यो उसैले कार्यान्वित गर्दथ्यो र उसले नै निर्णय गर्दथ्यो। समयको गतिका साथै-साथै राज्यको बढ्दो कार्य-क्षेत्रले गर्दा एउटा व्यक्तिको हातमा सबै शक्तिहरूको केन्द्रीकरण असम्भव भयो। यसको परिणामस्वरूप शक्तिहरूको हस्तान्तरण भयो र शासनको सम्पूर्ण कार्य उपर्युक्त ३ विभागहरूमा बाँडियो। व्यवस्थापिकाले कानून बनाउँछ, व्यवस्थापिकाले बनाएको कानूनलाई कार्यपालिकाले कार्यान्वित गर्दछ र न्यायपालिकाले कानूनको व्याख्या गरी अपराधीलाई दण्ड दिन्छ। शासनका यी तीन अंगहरू एक अर्काबाट स्वतन्त्र रही सुचारुरूपले कार्य गर्न सक्तछन् भन्ने कतिपय विद्वान्हरूको विचार छ। यिनीहरूमा कुनै प्रकारको पारस्परिक सम्पर्क हुनु हुँदैन। प्रत्येकलाई आफ्नो निर्धारित क्षेत्रमा कार्य गर्ने पूर्ण स्वतन्त्रता हुनुपर्छ।

अधिकार विभाजन सिद्धान्तको अर्थ सरकारका तीनै अंगहरू बेग्लाबेग्लै रूपमा स्वतन्त्र हुनु हो। हरेक अंगको आफ्नो कार्यक्षेत्र हुनुपर्दछ र कुनै पनि अंगले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्को अंगमाथि नियन्त्रण राख्नु हुँदैन । प्रत्येकको सम्बन्ध बेग्लाबेग्ले व्यक्तिद्वारा हुनुपर्दछ । एउटा विद्वान्‌का शब्दमा—"अधिकार-विभाजनको सिद्धान्तबाट हाम्रो अर्थ हुन्छ कि सरकारका प्रत्येक अंगले आफ्नो निर्धारित क्षेत्रका कार्य गरून्, कसैले पनि अरूको क्षेत्रमा नियन्त्रण गर्न न सकून ।" (By the theory of separation of powers we mean that each organ of govern- ment should function within its own prescribed limits. no one should meddle with sphere of others.)

उपर्युक्त परिभाषा अनुसार अधिकार विभाजनको आशय निम्न-प्रकार देखिन्छ—

(i) सरकारका तीनै अंग अलग हुनुपर्दछ ।

(ii) कुनै पनि अंगले एक अर्कामाथि निर्भर हुनु हुँदैन ।

(iii) प्रत्येक अंगको कार्यक्षेत्र निश्चित हुनुपर्दछ ।

(iv) प्रत्येक अंग शक्ति-सन्तुलनको सिद्धान्तबाट नियमित हुनुपर्छ ।

अधिकार विभाजन सिद्धान्तको जन्म र विकास :—यस सिद्धान्तको प्रथम झलक अरस्तूको लेखाइमा पाइन्छ । अरस्तूले सरकारका ३ अंग व्यवस्था पिका, कार्यपालिका र न्यायपालिका हुनुपर्दछ भन्ने आशय सर्वप्रथम प्रकट गरेका थिए । सिसरो तथा पोलीवियसले रोमन संविधानको निर्माण गर्दै त्यसको सफल- ताका लागि शक्ति-सन्तुलनको सिद्धान्त चाहिन्छ भनेका थिए । बोंदा, लाक आदिले पनि यसमा केही प्रकाश पारे । १८ रौं शताब्दीको उत्तरार्धमा फ्रांसीसी दार्शनिक मन्टेस्क्यूले "स्पिरिट आफ लज" (Spirit of Laws) नामक पुस्तकमा यस सिद्धान्तको वैज्ञानिक व्याख्या गरेका छन् । उनले लेखेका थिए—"स्वतन्त्रता सर्वश्रेष्ठ गुण हो, स्वतन्त्रताको सर्वोत्तम सम्भावना प्रशासनका ३ [तीन] अंग व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिकको विभाजन निहित छ ।" मान्टेस्क्यू प्रशासनका यी तिनै शक्तिहरू एउटै व्यक्तिको हातमा रहन दिन चाहँदै- नथे । यसबाट शक्तिको दुरुपयोग हुने धेरै सम्भावना थियो । मान्टेस्क्यूकै शब्दमा 'यदि व्यवस्थापिकाको शक्ति, कार्यपालिकाको शक्तिसंग सम्मिलित भई एउटा व्यक्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथवा केही प्रशासकीयहरूको हातमा जाने हो भने स्वतन्त्रता सम्भव छैन । व्यवस्थापिका र कार्यपालिकाको शक्तिलाई न्यायपालिकाको शक्तिबाट र न्यायपालिकाको शक्तिलाई अलग नगर्ने हो भने स्वतन्त्रता कुनै हालतमा प्राप्ति रहन सक्तैन" (If the legislature power is united with the executive power in the hands of one Person or of the body of official there can be no liberty nor can there be any liberty if the power to judge is not separated from the legislative and executive powers.) मान्टेस्क्यूको विचारको प्रभाव ब्रिटेनमा पर्‍यो र ब्रिटेनका विधिवेत्ता ब्लेकस्टनले यस सिद्धान्तलाई अघि बढाउने प्रयास गरे । मान्टेस्क्यूको सिद्धान्तलाई समर्थन गर्दै ब्लेकस्टनले लेखेका छन्––"एउटा व्यक्तिको हातमा सम्पूर्ण प्रशासकीय शक्तिहरू सम्पन्न गर्नुको अर्थ हुन्छ : निरंकुश स्वेच्छाचारी शासनलाई प्रश्रय दिनु तथा स्वतन्त्रताको अपहरण गर्नु ।" मान्टेस्क्यू र ब्लेकस्टनको प्रभाव अमेरिकाका विधिवेत्ताहरूमाथि पनि पर्‍यो । अमेरिकामा जेम्स मेडिसनले यस सिद्धान्तको प्रतिस्थापना गरे । मेडिसनका शब्दमा––"व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका एउटैका हातमा केन्द्रित हुनु; चाहे त्यो एउटा व्यक्ति होस् वा केही व्यक्ति हुन् अथवा धेरै व्यक्ति हुन्, स्वयं नियुक्त होस् अथवा वंशानुगत होस् अथवा निर्वाचित; अत्याचारको परिभाषा हो (The accumulation of all powers, legislative, executive and judicial, in the same hands whether of one, a few or many, and whether hereditry, self appointed or elective may justly be pronounced the very definition of tyranny)"

मान्टेस्क्यू तथा ब्लेकस्टनका विचारहरूको विश्लेषण गर्दा हामी निम्नलिखित निष्कर्षमा पुग्दछौं ।

(i) शासनको समस्त कार्यका लागि तीन वर्ग :–व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिकामा शक्ति विभाजित हुनुपर्दछ । केही लेखकहरूले शासनका २ अंग—व्यवस्थापिका तथा कार्यपालिकाको वर्णन गरेका छन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर यो विभाजन ठीक छैन । गारनरका शब्दमा—"यदि न्यायिक सत्ता केवल कार्यपालिका सत्ताको एउटा प्रसंग मात्र भयो भने न्यायाधीश कार्यपालिकाको नामबाट शासन गर्ने एउटा एजेन्ट मात्र हुनेछ" (If the judicial power is only an incident of the executive power, then the judges are nothing more than the agents of the executive and render justice in its name.) तसर्थं सरकारको दुई सत्तात्मक अंग खण्डित भइसकेको छ र सबै विचारहरूले एकमत भई मान्टेस्क्यूको त्रिसत्तात्मक सिद्धान्त लाई स्वीकार गरेका छन् ।

(ii) शासनका तीनै अंगहरू विभिन्न व्यक्ति अथवा व्यक्ति समूहको अधीन हुनुपर्दछ ।

(iii) जनताको स्वतन्त्रताको संरक्षणको एकमात्र उपाय शक्ति विभाजनमा छ ।

यस सिद्धातको प्रभाव :—यस सिद्धान्तले अमेरिका र फ्रांसको शासन अवस्थामा गहिरो प्रभाव पार्‍यो । १७८९ ई० मा फ्रांसको संविधान निर्मातृ सभाले घोषणा गर्‍यो—"जुन समाजमा शक्तिहरूको पृथकीकरण निश्चित छैन त्यसको कुनै संविधान छैन । यसै आधारमा फ्रांसले १७९१ ई० को संविधान पछि व्यवस्थापिका र कार्यपालिकालाई एक अर्काबाट अलग्गै गर्‍यो संयुक्त राज्य अमेरिकाको संविधान पनि यसै आधारमा निर्माण गरियो तथा सरकारका तीनै अङ्गलाई एक अर्काबाट पर्ण स्वतन्त्र राख्ने प्रयास गरियो ।

अधिकार-विभाजनको मुख्य उद्देश्य :—अधिकार-विभाजन सिद्धान्तका मुख्य दुई उद्देश्य छन् (i) नागरिक स्वतन्त्रताको रक्षा (ii) शासनको सुचारुता ।

(i) नागरिक स्वतन्त्रताको रक्षा :—अधिकार विभाजन सिद्धान्तको पहिलो उद्देश्य नागरिकहरूको स्वतन्त्रताको रक्षा गर्नु हो । प्रो० हर्नसाका शब्दमा—"यदि विधायिनी शक्तिलाई कार्यपालिकासँग जोडेर एउटा व्यक्तिको हातमा सुम्पिने हो भने स्वतन्त्रताका निम्ति कुनै रहनेछैन"'यस्तो व्यवस्थामा शासकले मनमानी गर्न सक्तछ, नियम कानून निर्माण गर्न सक्तछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र आफ्नो आज्ञा पालन गराउनका निम्ति ऊ कठोर साधनहरूको उपयोग गर्नमा पछि हट्नेछैन ।" अधिकार विभाजनले गर्दा नागरिक स्वतन्त्रताको रक्षा हुन्छ र प्रशासनले मनमानी गर्न सक्तैन ।

(ii) **शासनको सुचारुता :**—सारा शक्ति एक ठाउँमा नै केन्द्रित हुँदा शासन राम्ररी चल्न सक्तैन । एउटै अंगले नियम निर्माण, प्रशासन र न्याय त्यति राम्ररी सञ्चालन गर्न सक्तैन जति विभिन्न अंगहरूले सुचारुरूपले गर्न सक्तछन् । अधिकार विभाजनले गर्दा प्रत्येक अंगहरू आफ्नो आफ्नो क्षेत्रमा स्वतन्त्र हुन्छन् तथा दक्षता प्राप्त गर्दछन् । यस प्रकारले शक्ति विभाजनबाट शासनको प्रशासनमा दक्षता, कुशलता, योग्यता सौहार्दता आदि आउँछन् । यस सन्दर्भमा एउटा विद्वान्को वाक्य उल्लेखनीय छ– 'अधिकार विभाजनको सिद्धान्त दुईनाले बन्दुक हो, एउटा कुप्रशासनको शक्तिविरुद्ध र अर्को व्यक्तिको स्वतन्त्रतालाई नाश पार्न पनि शक्तिको विरुद्ध सोझ्याइएको छ' (The principle separation of powers is a gun with two barrels one directed against the forces of mal administration and other against the force that hamper the causes of individual liberty.

यस सिद्धान्तको मुख्य गुण :—(i) यस सिद्धान्तले नागरिकहरूलाई सरकारको निरंकुशता, स्वेच्छारिता र अत्याचार आदिबाट रक्षा गर्दछ ।

(ii) यस सिद्धान्तले, अव्यवस्था रोक्तछ किनकि सरकारका ३ अंगहरूको शक्ति कुनै एक अंगमा नै निहित हुने भने अव्यवस्था उत्पन्न हुन जानेछ । तसर्थ यस सिद्धान्तले गर्दा राज्यमा व्यवस्था कायम हुन्छ ।

(iii) यस सिद्धान्तले व्यवस्था अङ्गहरूको क्षमता तथा योग्यता बढ़ाएको छ किनकि सरकारका तीन अङ्गहरूको कार्य एउटै अङ्गमा निहित हुने हो भने कार्यभारले गर्दा प्रशासकमा दक्षता आउन सक्तैन । तर शक्तिविभाजनले गर्दा प्रत्येक अङ्गले आफ्नो निधारित क्षेत्रभित्र र योग्यतापूर्वक कार्य गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस सिद्धान्तको आलोचना :—यस सिद्धान्तको विरूद्धमा कतिपय विद्वान्‌हरूले कटु आलोचना गरेका छन् । सबै विद्वान्‌हरूको विचारलाई समीक्षा गरी यस सिद्धान्तका दुगु णहरू निम्नलिखित देखाउन सकिन्छ ।

(१) **सिद्धान्त अव्यावहारिक :**—प्रो० गारनर तथा अन्य विद्वान-हरूले यस सिद्धान्तलाई अव्यावहारिक भनेका छन् । आलोचकहरूले सरकार-लाई एउटा मानवस्वरूप मानेका छन् । जसरी मानव शरीरका अङ्गहरू शरीरबाट अलग गर्न सकिन्न । त्यसरी नै सरकारका अङ्गहरू पनि एक अर्का-बाट अलग पर्न सकिन्न । गारनरका शब्दमा—"बुद्धि तथा अनुभव दुवैले यो बताउँछन् कि कुनै पनि सरकारका तीनै विभागहरू कार्यपालिका, व्यवस्थापिका तथा न्यायपालिका पूर्णरूपले पृथक् भई चल्न सक्तैनन् । संसारसा कहिले पनि यस्तो संविधान थिएन र अहिले नै छ, जसमा यीं तीनै सिद्धान्त प्रतिपादन गर्दा ब्रिटिश संविधानको उदाहरण दिएका थिए, तर ब्रिटिश विभागहरू को केही न केही सम्बन्ध नरहेको होस् ।" मान्टेस्क्यूले आफ्नो संविधानलाई राम्ररी अध्ययन तथा मनन पछि यो स्पष्ट गरे कि सरकारका तीनै अंगहरूको मधुरतम सम्बन्ध छ । अनेरिकाको संविधान पनि पूर्णतया अधिकार विभाजन-को सिद्धान्तमाथि आधारित छैन । यो सिद्धान्त व्यवहारमा प्रयोग गर्न असम्भव छ, किनकि–(i) यदि यो सिद्धान्त-अनुसार तीनै अंगलाई पृथक् गरी लागू गर्ने हो भने ती अंगहरूमा सहयोगको भावना समाप्त हुन्छ र एउटा अंगले अर्को अंगको कार्यमा गतिरोध उत्पन्न गर्दछ । जॉन स्टेवर्टका शब्दमा–"यदि प्रत्येक विभाग ठीक प्रकारले अरूसँग पृथक् गरिने हो भने विभागहरूमा गतिरोध र ईर्ष्या उत्पन्न हुन्छ, जसबाट क्षमताको ह्रास र संघर्षसम्म पनि हुने सम्भावना रहन्छ ।" (If every department were rightly cut off from every other there should be friction and jealousy between the departm.nts resulting in loss of efficiency and even deadlock.)

(ii) यस सिद्धान्तलाई लागू गर्ने हो भने प्रशासनमा अनेकौं बाधाहरू उत्पन्न हुन जानेछन् । मन्त्री, न्यायाधीश, राष्ट्रपति एवं अन्य उच्च अधिकारी-हरूको नियुक्ति अथवा निर्वाचनमा ठूलो असुविधा पर्न जानेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(iii) व्यवहारमा व्यवस्थापिका बढ़ी महत्वपूर्ण र शक्तिशाली हुन्छ। जस्तो कि प्रो० लास्कीले लेखेका छन्—"मोटीमाटी रूपमा कार्यपालिका र न्यायपालिका दुवैका शक्तिहरू व्यवस्थापिकाको घोषित इच्छा-अन्तर्गत निर्धारित रहन्छन् ।" (In general··the powers both of executive and judiciary find their limits in the declared will of legislative organ) व्यवस्थापिकाले राज्यले आर्थिक व्यवस्थामाथि नियंत्रण राख्तछ। ब्लन्टशीलीका अनुसार—"यस सिद्धान्तले हामीलाई गलत परिणाममा पुर्‍याउँछ किनकि यस सिद्धान्तले शासनका सबै अंगलाई बराबर मान्दछ ।"

(iv) आधुनिक शासन-व्यवस्था तथा नियमहरूलाई विचार गर्दा यो सिद्धान्त अव्यावहारिक छ ।

(v) अधिकार-विभाजन सिद्धान्तअनुसार नियम निर्माण गरिने कार्यमा व्यवस्थापिकाको मात्र अधिकार छ, तर कहिलेकाहीं आवश्यकता-अनुसार केही समयका लागि कार्यपालिकाले पनि अध्यादेश लागू गर्नुपर्दछ । तर यस सिद्धांत अनुसार अध्यादेश कार्यपालिकाद्वारा जारी गर्नु असम्भव हुन जान्छ ।

(vi) अध्यादेशले परोक्षरूपमा न्यायालयलाई पनि प्रभावित पार्दछ। तर यस सिद्धान्त-अनुसार यस प्रकारका अध्यादेश न्यायालयले स्वीकार गर्ने प्रश्न नै उठ्दैन ।

(२) सिद्धान्त सैद्धान्तिक दृष्टिबाट गलत—(i) शक्ति विभाजनका समर्थकहरूले जनताको स्वतन्त्रताको रक्षाका निम्ति यस सिद्धान्तलाई आवश्यक भनेका छन्, तर शक्ति-विभाजनको सिद्धान्त-बिना पनि स्वतन्त्रता संभव छ। जस्तै—ब्रिटेन तथा नेपालमा शक्ति-विभाजनको सिद्धान्त पूर्णतया लागू नभए तापनि यो सिद्धान्त लागू भएको देश अमेरिकाका निवासी जत्तिकै यहाँका निवासीहरूलाई स्वतन्त्रता प्राप्त छ ।

(ii) कानून लागू गर्ने काम कार्यपालिकाको हो कार्यपालिकाले नै कस्तो कानून आवश्यकता छ र भएको कानूनमा के परिवर्तन गर्नुपर्दछ भन्ने अनुभव गर्दछ र आवश्यकता अनुसार आवश्यक परिवर्तन गर्दछ । तर सिद्धान्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्णतया लागू भएपछि कार्यपालिकाले न कानून बनाउन सक्तछ र न कानूनमा परिवर्तन नै गराउन सक्तछ । यस प्रकारले आवश्यकतानुसार जनताले कानूनको लाभ पाउन सक्तैनन् ।

(iii) यस सिद्धान्त-अनुसार प्रशासनका प्रत्येक अंगमा अयोग्य व्यक्तिहरूको संख्यामा वृद्धि हुन्छ—किनकि यस सिद्धान्तलाई अक्षरशः लागू गर्दा न्यायाधीशहरूको पनि निर्वाचन हुनुपर्दछ । निर्वाचित न्यायाधीशहरू योग्य हुने छैनन् । जनता द्वारा निर्वाचित न्यायधीशहरू जनताप्रति नै उत्तरदायी हुन्छन् । यसले गर्दा न्यायाधीशहरू निष्पक्ष र ईमानदार हुन् सक्तैनन् ।

(iv) शक्ति-विभाजनको सिद्धान्तलाई वाञ्छनीय भन्न सकिंदैन । शासनका विभिन्न अङ्गहरूको स्वाभाविक सम्बन्ध विच्छेद भएपछि गुप्त र अस्वाभाविक उपायद्वारा यी अंगहरूमा सम्पर्क बढ्न जानेछ । यसले गर्दा भ्रष्टाचार फैलिन्छ । राजनैतिक शासन दूषित हुनेछ । फाइनरका शब्दमा—"अधिकार विभाजन सिद्धान्त-अन्तर्गत शासनको दशा कहिले प्रलापको र कहिले वेहोशीकी हुन्छ । (The theory of separation of powers throws government into alternation conditions of come and convulsions.)"

(v) वर्तमान युग प्रजातन्त्रको युग हो, त्यसमा पनि संसदीय प्रजातन्त्रको संसदात्मकप्रणालीमा व्यवस्थापिका र मन्त्रिमण्डल कार्यपालिकाको घनिष्ठ सम्बन्ध हुन्छ । राजनैतिक दलबन्दीले त व्यवस्थापिकामा बहुमत भएको दल ले नै सरकार गठित गर्ने हुंदा यो सिद्धान्त बिलकुल अव्यवहारिक देखिन आउँछ ।

यो सिद्धान्त अव्यावहारिक, अवांछनीय तथा जनताको स्वतन्त्रताको निम्ति आवश्यक नहुँदा पनि यस सिद्धान्तमा केही सत्यता पाइन्छ । आजकल अधिकांश राज्यहरूले न्यायपालिकालाई सकेसम्म स्वतन्त्र राख्ने प्रयास गरेका छन् । आधुनिक युगमा त यस सिद्धान्तको एउटा संशोधनस्वरूप प्रस्तुत गरिएको छ, जसलाई "संतुलन तथा प्रतिबन्धहरूको सिद्धान्त" (Theory of checks and balances) भनिन्छ । यसको अर्थ हो शासनका प्रत्येक अङ्गका कार्य भिन्नाभिन्नै तथा पूर्वनिश्चित अवश्य हुनुपर्दछ । तर यसका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साथै प्रत्येक अंगले अन्य अंगहरूको शक्तिलाई संतुलित नै गर्नुपर्दछ। यस प्रकार यो अनुभव गरिन्छ कि कार्यपालिकासँग व्यवस्थापिकामाथि नियन्त्रण राख्ने केही शक्ति हुनैपर्छ। एवं रीतिले सरकारका एउटा अंगले अर्को अंगको शक्तिलाई संतुलित राख्नुपर्दछ। तसर्थ शक्ति-विभाजन सिद्धान्तको अर्थ शक्तिहरूको पृथकीकरण होइन कि कार्यहरूको पृथकीकरण हुनुपर्दछ। एच० जे० लास्कीले लेखेका छन्—"सरकारका कार्यहरूलाई पृथक् गर्नु आवश्यक छ, तर यसको अर्थ सरकारका अंगहरूका संचालकहरूलाई नै पृथक् गर्नु होइन। कार्यहरूको यो आंगिक पृथकीकरण कुशलताको दृष्टिबाट नितान्त आवश्यक छ" (It is necessary to have separation of functions which need not emply separation of personal, such organic separation of functions is essential for the efficient working)

(क) शासनका अंगहरू (Organs of Government)—

शासनका तीन अङ्ग हुन्छन्—(१) व्यवस्थापिका, (२) कार्यपालिका, (३) न्यायपालिका। यी तीनै अंगहरूका संगठन, कार्य आदिको तल वर्णन गरिन्छ।

(१) व्यवस्थापिका (Legislature) :—सरकारका यी तीन अंगहरूमा व्यवस्थापिकाको स्थान सबभन्दा महत्वपूर्ण छ। व्यवस्थापिकाले नै कार्यपालिका तथा न्यायपालिकालाई नेतृत्व प्रदान गर्दछ।

व्यवस्थापिका कार्यहरू (i) कानून निर्माण :—व्यवस्थापिकाको सबभन्दा महत्वपूर्ण कार्य कानून निर्माण गर्नु हो। अनेक राज्यहरूमा व्यवस्थापिकाले संविधानमा संशोधन गर्दछ। इङ्गल्याण्डमा त संसद नै सर्वोच्च सत्ता हुन्छ र संविधान संशोधन तथा परिवर्तनको अधिकार संसदलाई नै छ। कानून निर्माणका २ भाग हुन्छन्—शुद्ध विधायी (Pure Legislative) र विवेचनात्मक (Delibarative) शुद्ध विधायी कार्यको सम्बन्ध कानूनको यथार्थ रूपरेखा तथा शब्दावलीसँग हुन्छ, तर विवेचनात्मक कार्य जसको सम्बन्ध कानूनको विषय तथा उद्देश्यसँग हुन्छ, बढो महत्वपूर्ण छ। व्यवस्था-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पिकाले लोकमतको अध्ययन गरी राष्ट्रको आवश्यकतानुसार जनकल्याण वृद्धि गर्ने कानूनको निर्माण गर्दछ ।

(ii) **बजेट (आय-व्यय) पारित गर्नु** :—जनतन्त्रात्मक शासनमा राष्ट्रिय अर्थव्यवस्था पनि व्यवस्थापिकाकै अधीन हुन्छ । व्यवस्थापिकाले बजेटका रूपमा यो निश्चय गर्दछ कि कार्यपालिकालाई प्रशासन सञ्चालनका लागि कति धन दिने र धन कसरी संग्रह गर्ने । अर्थ-व्यवस्थाको बलमा नै यसले कार्यपालिकाका सबै कार्यहरूमाथि नियन्त्रण राख्तछ । कुनै पनि अनुदानलाई अस्वीकार गरेर अथवा अस्वीकार गर्ने डर देखाएर व्यवस्थापिकाले नियन्त्रण राख्तछ । कुन नयाँ कर लाउने अथवा कुन विषयमा खर्च गर्ने यावत् निर्णय व्यवस्थापिकाले नै गर्दछ ।

(iii) **कार्यपालिकामाथि नियन्त्रण** :—संसदात्मक प्रणालीमा व्यवस्थापिकाले नै कार्यपालिकाको निर्माण गर्दछ कार्यपालिकामाथि अविश्वासको प्रस्ताव पास गरी पदच्यूत गर्न सक्तछ । व्यवस्थापिकाले प्रश्न सोधेर 'काम रोक' प्रस्ताव राखेर अथवा निन्दाको प्रस्ताव पास गरी अनेक प्रकारबाट कार्यपालिकामाथि नियन्त्रण राख्तछ । यद्यपि व्यवस्थापिकाले प्रशासन-कार्यमा सक्रिय भाग लिंदैन, तर निरीक्षण र नियन्त्रंण अवश्य गर्दछ ।

(iv) **वैदेशिक सम्बन्धहरूमाथि नियन्त्रण** :—जनतन्त्रात्मक शासनमा व्यवस्थापिकाको स्वीकृति नभई कार्यपालिकाले युद्धको घोषणा अथवा शान्ति-सन्धिमाथि हस्ताक्षर गर्न सक्तैन । युद्ध अथवा शान्तिको शक्ति व्यवस्थापिकामै निहित हुन्छ । युद्धमा धेरै नै धन व्यय हुने हुँदा जनप्रतिनिधिहरूको अनुमति लिनु आवश्यक हुन्छ ।

(v) **न्यायिक कार्य** :—केही न्यायिक कार्य यस्ता हुन्छन् जसको सम्पादन व्यवस्थापिकाले राम्ररी गर्न सक्तछ । निर्वाचन-सम्बन्धी विवादहरूको निर्णय गर्नु आफ्ना सदस्यहरूको विरूद्ध कार्य गर्नु तथा राज्यका प्रमुख पदाधिकारीका विरूद्ध महाभियोग (**Impeachment**) लगाउनु आदि यसका न्यायिक कार्य हुन् । संयुक्त राज्य अमेरिकामा सिनेट (**Senate**) ले राज्यका सर्वोच्च

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पदाधिकारीहरूको विरुद्ध कार्यवाही गर्न सक्तछ । ब्रिटेनमा 'हाउस अफ लार्डस्' (House of Lords) नै अपील सुन्ने सर्वोच्च न्यायालय हो ।

व्यवस्थापिकाको रचना :—(Organisation of Legislature)
(i) दोस्रो सदनको समस्या :— व्यवस्थापिकाको रचनाका सम्बन्धमा विचार गर्दा समस्या यो आउँछ कि व्यवस्थापिका एकसदनात्मक (Unicameral) हुनुपर्दछ अथवा द्विसदनात्मक (Bicameral) आजकल संसारमा अधिकांश देशहरूमा द्विसदनात्मक प्रणाली प्रचलित छ । यो संयोगको कुरा हो कि ब्रिटेनको व्यवस्थापिका द्विसदनात्मक भएकाले अन्य देशहरूले पनि ब्रिटेनकै अनुसरण गरे। इतिहासमा यस्ता अनेकौं उदाहरणहरू छन् कि कुनै-कुनै देशहरूमा बहुसदनात्मक (Multicameral) व्यवस्थापिका पनि थिए । सन् १८२६ ई० सम्म स्वीडेनमा चार सदन थिए । क्रान्तिभन्दा अघि फ्रान्समा त्रिसदनात्मक (Tri-cameral) व्यवस्थापिका थियो । कुनै एउटा समयमा ब्रिटेनको संसद् पनि त्रिसदनात्मक थियो ।

यस विषयमा समय-समयमा द्वितीय सदनका विरुद्ध विद्वान्हरूले आवाज उठाएका छन् । १८ रौं र १९ सौं शताब्दीका प्रारम्भिक वर्षहरूमा अनेकौं राजनैतिक विचारहरूले एकसदनात्मक प्रणालिको समर्थन गरे । अमेरिकामा बेनजामिन फ्रैंकलिन यस प्रणालिका प्रबल समर्थक थिए । उनले द्विसदनात्मक व्यवस्थापिकाको तुलना एउटा यस्तो गाडीसंग गरे जसमा दुवैतिर दुइटा घोडा जोतिएका छन् र प्रत्येकले गाडीलाई आफैंतिर तान्ने प्रयत्न गरिरहेका छन्। १७९१ देखि १७९३ ई० को बीच फ्रांसमा एकसदनात्मक संविधानको प्रयोग गरिएको थियो। इङ्गल्याण्डमा पनि १९ सौं शताब्दीको पूर्वार्धमा बेनथनले 'हाउस आफ लार्डस' को उन्मूलनका लागि सुझाव राखेका थिए, तर व्यावहारिक रूपमा एक सदनात्मक सिद्धान्त कहिले पनि सफल हुन सकेन र केही अनुभव प्राप्त गरेपछि प्रायः सबै देशले द्विसदनात्मक प्रणाली नै अपनाए ।

एकसदनात्मक प्रणालीका पक्षमा तर्क :—(i) लामंरिनले भनेका छन् कि—"दुईटा सदनको अस्तित्वले राज्यको प्रभुतालाई विभाजित गरी एकताको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिद्धान्तलाई नष्ट गर्दछ। "ए पिसेईजले लेखेका छन्—"कानून जनताको इच्छा हो। जनतामा एउटै समयमा तथा एउटै विषयमा दुई विभिन्न इच्छा हुन सक्तैनन्। अतएव जनताको प्रतिनिधित्व गर्ने परिषद् आवश्मक रूपले एउटै हुनुपर्दछ। जहाँ दुईटा सदन हुन्छन् त्यहाँ विरोध, विभाजन अनिवार्य हुन्छ र निष्क्रियताले गर्दा जनताको इच्छा विफल हुन जान्छ।"

(The law is the will of the people the people cannot at the same time have two different wills on the same subject therefore the legislative body which represents the people ought to be essentially one. Where there are two chambers discord and division will be inevitable and the will of the people will be paralysed by inaction—Appe-sieyes.)

(ii) द्वतीय सदन साधारणतया रूढिवादी वर्गहितको गढवानी लाभप्रद सुधार तथा प्रगतिशील कानून निर्माणमा बाधक हुन्छ। द्वितीय सदनको कार्य भावुकता तथा शीघ्रताका साथ गरिने कानून निर्माणलाई रोक्नु हो। तर प्रायः यसले प्रगतिशील व्यवस्थालाई समाप्त पार्दछ। अल्पसंख्यकको हितको रक्षा गर्ने भनी प्रायः बहुसंख्यक हितको उपेक्षा गरिन्छ। तसर्थ दोस्रो सदनलाई जन-तन्त्रात्मक विचारधाराले शंकाको दृष्टिले हेर्दछ।

(iii) द्वि सदनात्मक व्यवस्थापिका प्रायः विभाजित रहन्छ। ए० पी० सेङ्-जाका शव्दमा—"यदि दोस्रो सदनको पहिलो सदनसँग मतभेद भए अनिष्ट-कारी हुन्छ र यदि दोस्रो सदन सहमत हुन्छ भने त्यसको अस्तित्व अनावश्यक छ। दोस्रो सदन या त सहमत हुन्छ या असहमत। अतएव कुनै पनि दशामा यसको अस्तित्व लाभप्रद छैन।" (If second chamber disagree with the first; it is mischievous, if it agrees it is sae foul; and since it must either agree or disagree it is not good in any case.)

(iv) द्विसदनात्मक प्रणालीमा धनको अपव्यय हुन्छ जसको भार अतिरिक्त करका रूपमा जनतामाथि नै पर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(v) दोस्रो सदनको समर्थनमा भनिन्छ कि प्रथम सदनद्वारा आवेश-युक्त तथा अविवेकपूर्ण कानून पारित गरेकोलाई रोक्ने एउटा साधन हो, तर यो तर्क उचित देखिदैंन किनकि व्यवस्थापिकामा प्रस्तुत गरिने कानून प्रस्तावको रूपमा प्रथम सदनकै विभिन्न उपसमितिद्वारा गम्भीरतापूर्वक विचार गर्दछ । प्रथम सदनद्वारा स्वीकृत हुने समयसम्म प्रस्तावको रूपरेखा यथासम्भव पूर्ण तथा दोषरहित हुन्छ र द्वितीय सदनले त्यसमा संशोधन गर्ने कुनै सम्भावना नै रहँदैन । यस प्रकारले यो स्पष्ट हुन्छ कि प्रथम सदनद्वारा कुनै सम्भावना नै रहँदैन ।

(vi) भनिन्छ कि संघराज्यको निम्ति द्वितीय सदन अनिवार्य हुन्छ, तर वास्तवमा यस तर्कमा पनि कुनै वल छैन किनकि आजकल संघराज्यहरूका प्रतिनिधि पनि दलबन्दीकै आधारमा कार्य गर्छन् । अतएव उनीहरूलाई प्रतिनिधित्व प्रदान गर्नका लागि द्वितीय सदनको स्थापनाको कुनै स्थान रहँदैन ।

(vii) द्वितीय सदनको संगठनको व्यावहारिक रूप हेर्ने हो भने यो संगठन कुन आधारमा हुनुपर्दछ भन्ने कुराको समाधान सम्भव छ । संगठनको दृष्टिबाट द्वितीय सदन चार प्रकारको हुन्छ (i) निर्वाचित (**Elected**) (ii) वंशानुगत (**Hereditary**) (iii) अंशतः निर्वाचित अंशतः मनोनीत (**Partly elected and partly nominated**) र (iv) पूर्णतः मनोनीत (**Nominated**) । अब द्वितीय सदन सामान्य मताधिकारका आधारमा निर्वाचित हो भने तल्लो सदनको पुनरावृत्ति मात्र हुन जान्छ; यदि यसको निर्वाचन सम्पत्तिलाई नै योग्यता मानी भएको हो भने यस्तो सदन रूढिवादी तथा प्रतिक्रियावादी हुन्छ । यदि द्वितीय सदन वंशानुगत हो भने यो तल्लो सदनको आकांक्षा र हित-विरोधी हुन्छ । यदि यो अंशतः निर्वाचित मनोनीत हुने हो भने यो स्वयं आफैमा विभाजित हुने हुँदा कुनै पनि रचनात्मक कार्यका निम्ति उपयुक्त हुँदैन । यदि द्वितीय सदन कार्यपालिका अथवा तल्लो सदनद्वारा नियुक्त हुने हो भने नियुक्त गर्ने सत्ता-वाहेक अरू कसैको पनि यसले प्रतिनिधित्व गर्दैन । यस प्रकारले द्वितीय सदनको निर्माणमा चाहे जुन प्रणाली प्रयोग गरिएको होस् यसबाट लाभको आशा गर्न सकिदैंन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्विसदनात्मक प्रणालीका पक्षमा तर्क—(i) द्वितीय सदनले आवेशपूर्ण, विवेकरहित तथा अपरिपक्व कानून निर्माणलाई रोक्दछ। तल्लो सदन लोकसभा जनताको निकट हुने हुँदा बहुधा भावुक तथा उत्तेजनाको प्रभावमा बन्दछ, तर द्वितीय सदनमा कुनै पनि प्रस्ताव स्वीकृतिका लागि पर्याप्त समय लाग्दछ। यस बीच तल्लो सदनको उत्तेजना पनि शांत हुन्छ। यस प्रकार द्वितीय सदनको उपस्थितिले गम्भीर विचार तथा शान्त मननको एउटा आश्ववासन दिन्छ। ब्लान्टशिलीका शब्दमा—"चार नयनले सदैप दुई नयनको अपेक्षा बढ़ी स्पष्टतापूर्वक देख्न सक्छन् र विशेषरूपले त्यस समयमा जब कि दृश्य पदार्थलाई विभिन्न दृष्टिकोणबाट हेर्नु आवश्यक हुन्छ।"

(ii) द्वितीय सदनले गर्दा कुनै पनि विधेयक पास हुनलाई समय लाग्दछ। यसबाट जनतालाई उक्त विधेयकका सम्बन्धमा विचारमा तथा मनन गरी आफ्नो मत प्रकट गर्ने मौका मिल्दछ। ब्राइसका शब्दमा—"त्यसको मुख्य कार्य केवल यति विलम्ब गर्ने हुनुपर्दछ जसबाट जनतालाई तल्लो सदनद्वारा प्रस्तुत यस्ता विधेयकहरूमा आफ्नो मत प्रकट गर्ने अवसर मिल्न सकोस् जसको सम्बन्धमा शासनलाई पहिलेदेखि नै जनताको कुनै आदेश छैन।"

(ii) द्विसदनात्मक सिद्धान्तले एउटा सदनको निरंकुशताबाट जनताको रक्षा गर्दछ। एउटा सदनले स्वेच्छाचारिता, स्वार्थ तथा महत्वाकांक्षाबाट प्रेरित भई यस्तो कार्य पनि गर्न सक्तछ जो जनताको निम्ति हानिकारक हुन सकोस् यस्तो अवस्थामा तल्लो सदनका विकृत महत्त्वाकांक्षाहरूको दमन गर्ने तथा अत्याचारको निवारण गर्ने एकमात्र सफल उपाय द्वितीय सदनको स्थापना हो। लार्ड ब्राइसका शब्दमा—"द्विसदनहरूको आवश्यकता यस विश्वासमा आधारित छ कि प्रत्येक परिषद्को स्वाभाविक प्रवृत्ति घृणापूर्ण, अत्याचारी तथा भ्रष्ट बन्नेतर्फ हुन्छ, जसलाई रोक्नको लागि एउटा समान सत्ताधारी दोस्रो परिषद्को अस्तित्व आवश्यक हुन्छ" (The necessity of two. chambers is based on the belief that the innate tendency of an assembly to become hateful. tyranical an corrupt needs to

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

be checked by the co-existence of another house of equal authority.)

(iv) द्विसदनका पक्षमा एउटा तर्क यो पनि दिइन्छ कि यसबाट राज्यका विशिष्ट वर्गहरू, तथा हितहरूको र विशेषरूपले समाजका कुलीनवर्गको प्रतिनिधित्वका निम्ति एउटा सजिलो साधन मिल्दछ; जसले एउटा सदनका लोक-प्रतिनिधिहरूको अनुचित बहुलताको सन्तुलन हुन्छ। यस प्रकारले द्वितीय सदनले लोकसदनको उग्र प्रगतिवादलाई दबाइराख्नका लागि रूढ़िवादी तत्त्व प्रदान गर्दछ।

(v) द्विसदनात्मक प्रणालीमा राज्यले प्रतिभाशाली व्यक्तिहरूको योग्यता-बाट लाभ उठाउने मौका पाउँछ, जसले स्वाभाविक संकोच अथवा अन्य कुनै कारणले जनताको समर्थन प्राप्त गर्ने प्रयत्न पनि गर्दैन। यस्ता व्यक्तिहरूलाई सजिलैसँग द्वितीय सदनमा स्थान दिन सकिन्छ।

(vi) तल्लो सदनभन्दा द्वितीय सदनको सदस्य-संख्या साधारणतया कम हुन्छ र साथै यो सदन बढ़ी स्थायी हुन्छ। यसले गर्दा सदनका निर्णयमा एउटा गम्भीरता र गृह एवं विदेशी नीतिमा स्थायित्व आउँछ।

(vii) द्वितीय सदनले विवादयुक्त कार्यलाई आफ्नो हातमा लिई तल्लो सदनको भार हलुको गर्दछ। जनतन्त्रात्मक देशमा तल्लो सदनमा कार्यको बोझ रहन्छ। राज्यको कार्यक्षेत्र विस्तार भएकाले अब क़ानून निर्माणको कार्य पहिले भन्दा बढो जटिल तथा विभिन्नताहरूले पूर्ण भएको छ। साथै व्यवस्था-पिकाको कार्य यति बढ़न गएकी छ कि एउटा सदनले मात्र सबै कार्य पूर्णरूपले गर्न सक्तैन।

(क) व्यवस्थापिकाको रचना (संगठन) :—व्यवस्थापिकाका प्रायः दुई भाग हुन्छन्, जसमा एउटाको नाम तल्लो सदन (Lower House) र दोस्रोको नाम माथिल्लो सदन (Upper Chamber) भनिन्छ। एकासदनात्मक व्यवस्थापिकालाई यूनिक्यामेरल (Unicameral Legislature) भनिन्छ। द्विसदनात्मक व्यवस्थापिकालाई बीक्यामेरल (Bicameral Legislature)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देशमा तल्लो सदनमा जनताका प्रतिनिधिहरू निर्वाचित भई आउँछन् र उच्च सदनमा जनताका केही विशेष वर्ग; जस्तै—व्यापारी, मज़दूर, जमीनदार, विश्वविद्यालयका योग्य अध्यापक वर्ग, व्यापार संघ, ट्रेड युनियन आदिका प्रतिनिधिहरू हुन्छन् । केही प्रतिनिधिहरू निर्वाचित हुन्छन् र केही मनोनीत ।

व्यवस्थापिकाको अवधि संविधानबाटै तोकिएको हुन्छ । अमेरिकामा व्यवस्थापिकाको समयावधि ४ वर्षको राखिएको छ भने भारतमा ५ वर्ष ।

(ख) कार्यपालिका (Executive) :—शासनको दोस्रो महत्वपूर्ण अंग कार्यपालिका हो । यस शब्दको प्रयोग दुई अर्थमा गरिन्छ । व्यापक अर्थमा यसले शासनको ती सबै पदाधिकारीहरूको बोध हुन्छ जो व्यवस्थापिकाद्वारा निर्मित कानूनहरूलाई कार्यान्वित गर्दछन् । यस-अन्तर्गत कार्यपालिकाको प्रधान मन्त्रिमण्डल र सैनिक तथा असैनिक सेवाहरू आउँछन् । संकुचित अर्थमा यस शब्दले कार्यपालिकाको प्रधान र मन्त्रिमण्डलको बोध गराउँछ ।

(१) कार्यपालिकाको संगठन (Organisation of Executive)—विभिन्न देशहरूमा कार्यपालिकाको संगठन विभिन्न सिद्धान्तहरूको आधारमा गरिएको छ । ब्रिटेनमा शासनको सम्पूर्ण कार्य राजाको नामबाट गरिन्छ, तर स्वयं राजालाई कुनै कार्य गर्ने शक्ति छैन, न राजाले कुनै गल्ती गर्दछ । त्यहाँ सम्पूर्ण शक्ति मन्त्रिमण्डलमा निहित छ । राजा नाममात्रको कार्यपालिकाको प्रधान हुन्छ । यथार्थमा कार्यपालिकाको शक्ति मन्त्रिमण्डलमा निहित हुन्छ । संसदात्मक शासन भएका प्रायः सबै देशहरूमा कार्यपालिका शासनको यस्तै नै प्रणाली छ । तर अध्यक्षात्मक शासनप्रणालीमा राष्ट्रपति कार्यपालिकाको वास्तविक प्रधान हुन्छ । कार्यपालिकासंग सम्बन्धित हरेक विषयमा उसैको पूर्ण अधिकार हुन्छ र उसको निर्णय नै सर्वोच्च हुन्छ । निरंकुश, एकतन्त्र तथा अधिनायकतन्त्रमा नामधारी कार्यपालिका र यथार्थ कार्यपालिकाको भेद गर्ने प्रश्न नै उठ्दैन किनकि यस्तो व्यवस्थामा एउटा व्यक्तिले नै सरकारका सबै अंगमा आफ्नो आधिपत्य राखेको हुन्छ । नाममात्रको कार्यपालिकाको केही लाभ पनि छ । नाममात्रको प्रधान (Titular Sovereign) राज्यका वैभवको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतीक हुन्छ अन्तर्राष्ट्रीय सम्बन्धहरूमा उसैले राज्यको प्रतिनिधित्व गर्दछ र विदेशी राज्यका प्रतिनिधिहरू आफ्नो प्रमाणपत्र उसैका समक्ष पेश गर्दछन्। नाममात्रको प्रधानले समाजमा पनि प्रमुख स्थान राख्तछ । यसको विरोधमा विद्वान्हरूले भनेका छन् कि "यो त एउटा कठपुतली हो, जो देखाउनका लागि बाह्य आडम्बरबाट सजाएर राखिन्छ ।" नाममात्रको प्रधानले केवल विशेष अवसरमा शोभा बढ़ाउँछ । राष्ट्रको निम्ति यस्तो प्रधान महँगो हुन्छ । तसर्थ यस्ता प्रधानलाई हटाउनुपर्दछ ।

कार्यपालिकाको दोस्रो सिद्धान्तले सत्तावहन गर्ने व्यक्तिहरूको संख्यासित सम्बन्ध राख्तछ । यदि कार्यपालिकाको शक्ति एउटा व्यक्तिमा निहित हुन्छ भने त्यस्ता संगठनलाई एकसंख्यक कार्यपालिका (Single executive) भनिन्छ र यदि शक्ति व्यक्तिहरूको एउटा समुदायमा निहित हुन्छ भने त्यस्तोलाई बहु-संख्यक कार्यपालिका भनिन्छ। एकसंख्यक कार्यपालिकाको कामबारे वुल्जे लेख्तछन्—"यसले शासनमा एकता तथा सुचारुता प्रदान गर्दछ र यसको संचालन एक्लो भएकाले उ स्वयंप्रति उसको मंत्रिमण्डल उत्तरदायी हुन्छ।" एकसंख्यक कार्यपालिकाको सबभन्दा राम्रो उदाहरण संयुक्त राज्य अमेरिकाको राष्ट्रपति हो । उसको सहायता औ परामर्शको लागि एउटा मन्त्रिमण्डल हुन्छ, जसलाई राष्ट्रपतिले स्वयं नियुक्त गर्दछन् र उनीहरूको पदावधि राष्ट्रपतिको इच्छामा निहित हुन्छ । नियन्त्रण तथा कार्यपालिका-सत्ताको अन्तिम शक्ति राष्ट्रपति मै निहित हुन्छ । बहुसंख्यक कार्यपालिकको सबभन्दा राम्रो उदाहरण स्वीटजरल्याण्ड हो । त्यहाँको संघात्मक-शासनमा वास्तविक कार्यपालिका शक्ति सात व्यक्तिहरूको मंडल अथवा परिषद्मा निहित हुन्छ । यसै परिषदको बैठकको एउटा सदस्य हरेक वर्ष अध्यक्ष चुनिन्छ । तर अध्यक्षको कार्य परिषद्को बैठकको सभापतित्व गर्नु मात्र हुन्छ । जहाँसम्म कानून कार्यान्वित गर्ने सम्बन्ध छ, अध्यक्षलाई अन्य सदस्यहरूभन्दा बढ़ी केही अधिकार हुँदैन । मन्त्रिमंडल शासन-प्रणाली जो अरू देशमा पाइन्छ बहुसंख्यक कार्यपालिकाको नै एउटा रूप हो । प्रधानमंत्रीले मंत्रिमण्डलको नेतृत्व अवश्य गर्दछ, तर मंत्रिमण्डलको परामर्शलाई उपेक्षा गर्न सक्तैन । यस प्रकारले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बहुसंख्यक कार्यपालिकामा सत्ता विपरीत हुन्छ र उत्तरदायित्व पनि विस्तृत हुन्छ। शासनशक्ति एउटै व्यक्तिको हातमा रहँदा त्यस व्यक्तिले दृढतापूर्वक शासनन गर्न सक्तछ। यस प्रकार बहुसंख्यक कार्यपालिकामा उत्तरदायित्वको एकता नहुने हुँदा शासनमा दृढताको अभाव रहन्छ। संकटकालमा त यो स्थिति देशका लागि घातक सिद्ध हुन सक्तछ।

लगभग सबै राजनैतिक विचारहरू यस प्रश्नमा एकमत छन् कि कार्यपालिकाको संगठनमा एकताको सिद्धान्त पालन गर्न परम आवश्यक छ, तर व्यवहारमा बहुसंख्यक कार्यपालिकाको अस्तित्व आरम्भदेखि लिएर आजसम्म चल्दै आइरहेको छ। आधुनिक युगमा पनि संसारका अधिकांश देशहरूमा मंत्रिमंडल प्रणाली प्रचलित छ, जसमा कार्यपालिका बहुसंख्यक छ। वास्तवमा बहुसंख्यक कार्यपालिकाबाट अनेकौं महत्वपूर्ण लाभहरू हुन्छन्। यसको सबभन्दा ठूलो गुण यो हो कि यसमा कार्यपालिका शक्तिहरूको दुरुपयोग बड़ो कठिन हुन्छ। बहुसंख्यक कार्यपालिका वास्तवमा कार्यपालिका शक्तिको अत्याचार तथा त्यसद्वारा व्यवस्थापिका र जनताको स्वतन्त्रताको अतिक्रमणको विरुद्ध एउटा प्रभावपूर्ण संरक्षक हुन्छ। यस प्रणाली अन्तर्गत शासनका विभिन्न मागहरूको कार्यक्षेत्र बढ़ी स्वन्त्र रहन्छ। कार्यपालिका बहुसंख्यक हुँदा शासनमा एक्कासि तथा बलपूर्वक परिवर्तित (Coupdetat) को सम्भावना कम हुन्छ। एक-संख्यक कार्यपालिकामा शासनको प्रधानले व्यवस्थापिका तथा जनताको स्वतन्त्रतालाई अतिक्रमण गरी पूर्णाधिकार हस्तगत गर्ने प्रयत्न सजिलैसँग र सफलतापूर्वक गर्न सक्तछ। बहुसंख्यक कार्यपालिकामा एकात्मक प्रणालीभन्दा बढ़ी बुद्धिकत्ता र योग्यता समावेश हुन्छ। यो अनुभवावट प्रमाणित भएको सत्य हो कि धेरै मस्तिष्कहरूको योगले बढ़ी बुद्धिमत्ताको जन्म हुन्छ। बहुसंख्यक कार्यपालिकाका विरुद्ध यो आक्षेप कि यसमा एकता तथा तत्परताको अभाव हुन्छ भन्नु निराधार हो। अनुभवबाट सिद्ध भएको छ कि प्रशासन-कार्यहरूमा बहुसंख्यक कार्यपालिका एकसंख्यक कार्यपालिकाभन्दा कुनै कुरामा पनि पछि रहेको छैन्। उदाहरणकानिम्ति ब्रिटेन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बहुसंख्यक कार्यपालिकाको देश हो तर यो कसैले भन्न सक्तैन कि ब्रिटेनमा प्रशासन राम्रो छैन ।

(२) कार्यपालिकाका आवश्यक गुण :—कार्यपालिकाका मुख्य गुण राज्यमा शान्ति, सुरक्षा तथा व्यवस्था राख्नु हो । यसका निम्ति कार्यपालिकामा निम्नलिखित गुण हुनैपर्छ—

(i) सुचारु शासनका निमित्ति शीघ्र निर्णय गर्न सक्ने क्षमता ।
(ii) प्रयोजनको एकता ।
(iii) कार्य गर्ने योग्यता र
(iv) कार्यमा गोपनीयता ।

राम्रो कार्यपालिकाको निम्ति-उपर्युक्त गुणहरू आवश्यक छन्, तर उपयुक्त गुणले परिपूर्ण भएको कार्यपालिका भेट्टाउन गाह्रो छ ।

(३) कार्यपालिकाका प्रधानको नियुक्ति :—आधुनिक युगमा विभिन्न देशहरूमा कार्यपालिकाको प्रधान नियुक्त गर्ने ५ विभिन्न प्रणालीहरू अनुसरण गरिन्छन्, जो निम्नलिखित छन्:—

(i) पैतृक उत्तराधिकारी (Hereditary succession)
(ii) जनताद्वारा प्रत्यक्ष निर्वाचन (Direct election by the people)
(iii) निर्वाचन मण्डलद्वारा अप्रत्यक्ष निर्वाचन (Indirect election by a body of electors)
(iv) व्यवस्थापिकाद्वारा निर्वाचन, (Election by the legislature) र
(v)) मनोनयन (Nomination)

(i) पैतृक उत्तराधिकारी (Hereditary succession) :—पैतृक उत्तराधिकारीको सिद्धान्तलाई अनुसरण गर्ने शासनको स्वरूप राजतन्त्रात्मक हुन्छ । राजतन्त्रमा राजाको मृत्युपछि उसको सबभन्दा ठूलो छोरो शासकको पदमा रहन्छ । यो प्रणाली ऐतिहासिक परिस्थितिहरूको परिणाम हो र आजकल केवल प्राचीन देशहरूमा मात्र पाइन्छ । नेपाल, ब्रिटेन जापान आदि देशहरूमा पैतृक उत्तराधिकारीको चलन छ । यस्ता उत्तराधिकारीहरू प्रायः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाममात्रका शासक हुन्छन् । यस प्रणालीको मुख्य काम यो हो कि यसले शासनको एकता, एकरूपता, स्थायित्वमा मान तथा वैभव प्रदान गर्दछ । यसको सबभंदा ठूलो दोष यो हो कि सत्ता एउटै परिवारमा केन्द्रित रहन्छ । यस कुराको कुनै आश्वासन हुँदैन कि शासक सदा नै कुशल तथा योग्य व्यक्ति नै हुन्छ ।

(ii) जनताद्वारा प्रत्यक्ष निर्वाचन (Direct election by the people) :—प्रत्यक्ष निर्बाचन प्रणाली दक्षिण अमेरिकाका चिली, पेरू, बोलीभिया आदि केही गणतन्त्र राज्यहरूमा तथा संयुक्त राज्य अमेरिकामा प्रचलित छ । यस प्रणालिका मुख्य लाभ छन्— (i) यो जनतन्त्रवादी सिद्धांतको अनुकुल छ (ii) यसले जनतालाई राजनैतिक शिक्षा प्रदान गर्दछ (iii) यसको परिणामस्वरूप जनता सार्वजनिक कार्यहरूमा रूचि लिन थाल्दछन् । (iv) यस अनुसार नियुक्त राज्यको प्रधान जनताको पूर्णविश्वासपात्र हुन्छ । यस प्रणालीको दोष यो हो कि जनतामा प्रायः यो निर्णय गर्ने योग्यता हुँदैन कि कुन व्यक्ति कार्यपालिकाको प्रधानका लागि बढी उपयुक्त छ र क्षणिक आवेशको प्रभावमा जनताले खराब व्यक्तिलाई आफ्नो मत प्रदान गर्दछ । यो प्रणाली साना-साना राज्यका लागि मात्र उपयुक्त छ ।

(iii) निर्वाचक मण्डलद्वारा अप्रत्यक्ष निर्वाचन (Indirect election by a body of elector) :—आजकल यस प्रणालीको बढता प्रचार छ । जनताहरूले राज्यको प्रधान नचुनी पहिले एउटा निर्वाचक मण्डलको निर्वाचन गर्दछन् । त्यही निर्वाचक मण्डलमाथि राज्यको प्रधान निर्वाचन गर्ने उत्तरदायित्व छोड्छ । आर्जेन्टाइना, फीनल्याण्ड तथा संयुक्त राज्य अमेरिकामा राष्ट्रपतिको निर्वाचनका लागि यही प्रणाली प्रयोग गरिन्छ । यस प्रणालीको मुख्य गुण यो हो कि निर्वाचन बढी तर्कपूर्ण हुन्छ र क्षणिक आवेश तथा निर्वाचन कार्यको उत्तेजनाले अन्तिम निर्वाचनमाथि कुनै खास प्रभाव पार्दैन । जनताद्वारा निर्वाचित सुशिक्षित व्यक्तिहरूले योग्यव्यक्तिलाई नै राज्यको प्रधान चुन्छन्, तर आजकाल निर्वाचन मण्डलको निर्वाचन पनि दलगत आधारमा हुने हुँदा अप्रत्यक्ष निर्वाचन तथा प्रत्यक्ष निर्वाचनमा कुनै खास फरक पाइँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(iv) व्यवस्थापिकाद्वारा निर्वाचन (Election by the Legislature) यो प्रणाली अप्रत्यक्ष निर्वाचनको दोस्रो प्रकार हो यस अन्तर्गत जनताले प्रतिनिधिहरूको निर्वाचन राज्यको प्रधान चुन्नका निम्ति मात्र गर्दैनन्। मुख्यतः कानूनका निर्माणका लागि व्यवस्थापिकाका सदस्य चुन्छन् र ती सदस्यहरूको विभिन्न कार्यमध्ये कार्यपालिकाको प्रधान निर्वाचन गर्नु पनि एउटा कार्य हो। यो प्रणाली स्वीट्जरल्याण्ड, आस्ट्रेलिया, भारत, पोल्याण्ड, चेकोस्लोभाकिया आदि देशहरूमा प्रचलित छ। यस प्रणालीको मुख्य लाभ यो हो कि राज्यका प्रधान निर्वाचनको उत्तरदायित्व योग्य व्यक्तिको काँधमा आईपर्दछ। यस प्रणालीमा व्यवस्थापिका तथा कार्यपालिकामा बढी सहयोग र सामञ्जस्य आउँछ। यस प्रणालीको दोष यो हो कि यो प्रणाली शक्ति-विभाजन सिद्धांतको प्रतिकूल छ। अर्थात् कार्यपालिका व्यवस्थापिकाको साधन मात्र बन्दछ। राज्यका प्रधानले पुनः निर्वाचनका लागि अनुचित साधनको प्रयोग गर्न सक्तछ जसवाट भ्रष्टाचार फैलिने डर हुन्छ। झगड़ा, संघर्ष तथा भ्रष्टाचार यस प्रणालीको परिणाम हो। न्यायाधीश स्टोरीका शब्दमा—"एउटा महत्त्वाकांक्षी उम्मेदवारको निम्ति पद, नियुक्ति, सम्मान अथवा लाभको प्रलोभनद्वारा बहुमत मतदाताहरूमाथि गहिरो प्रभाव पार्न सक्तछ र यस प्रकार साहसपूर्ण तथा अनुचित आचरणबाट उ देशको सर्वश्रेष्ठ, पवित्रतम तथा प्रबुद्धतम व्यक्तिहरूलाई वंचित गरी स्वयं आफू निर्वाचित हुन सक्तछ।" (It would be in the power of an ambitious candidate by holding rewards of office or other sources of patronage and honour, silently but irresistible to influence a majority of votes and thus by his own bold and unprincipled conduct to secure choice, to the exclusion on highest and purest and most enlightened men in the country—Judge Story.)

(i) मनोनीत (Nominated executive head) :—मनोनीत प्रधानको नियुक्ति यस्ता राज्यहरूमा गरिन्छ जो प्रभुसत्ता-संपन्न स्वतन्त्र राज्यको श्रेणीमा आउँदैनन्। उदाहरणका लागि १९४७ ई० भन्दा अघि भारतको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गभर्नर जनरल ब्रिटिश सम्राटद्वारा नियुक्त गरिन्थ्यो। क्यानेडा, आस्ट्रेलिया न्यूजीलैण्ड आदि देशहरूमा पनि यही पद्धति अनुसरण गरिन्छ। यस पद्धतिको मुख्य गुण यो हो कि यसमा नियुक्ति योग्य तथा अनुभवको आधारमा र पदको आवश्यकतालाई ध्यानमा राखी गरिन्छ। यस प्रणालीको मुख्य दोष यो हो कि मनोनीत राज्यको प्रधानले आफ्नो प्रशासनमा स्वतन्त्र नीतिको अनुसरण गर्न सक्तैन।

(४) कार्यपालिकाको कर्तव्य (Function of Executive) :— राज्यलाई हामी मानवका समस्त विकास तथा कल्याणको साधन मान्दछौं। लोककल्याणकारी राज्यले आफ्ना नागरिकहरूलाई बढीभन्दा बढी आर्थिक तथा समाजिक सुविधाहरू प्रदान गर्ने प्रयास गर्दछ। तर संसारका विभिन्न राज्यहरूमा कार्यपालिकाको कर्तव्य एकैनासको छैन। साधारणतया जस्तो कार्यपालिका हुन्छ त्यस्तै कर्तव्य पनि हुन्छ। प्रसिद्ध राजनैतिक विद्वान् गेटेलले कार्यपालिकाका कार्य निम्नलिखित देखाएका छन् :—

(i) कूटनैतिक कार्य (Diplomatic Functions) :—कार्यपालिकाको यस कार्य-अन्तर्गत वैदेशिक सम्बन्ध, अन्तरराष्ट्रिय सन्धिहरू तथा अन्य प्रकारका सम्झौता गर्ने अधिकार, विदेशमा आफ्नो देशका कूटनीतिक प्रतिनिधिहरू नियुक्त गर्ने एवं विदेशी प्रतिनिधिहरूको स्वागत तथा युद्धको घोषणा गर्ने अधिकार आदि विषयहरू आउँछन्। तर कूटनीतिक सत्ताको विस्तार सबै देशहरूमा एकसमान छैन। उदाहरणको लागि संयुक्त राज्य अमेरिकामा सिनेट (उच्च सदन) ले राष्ट्रपतिद्वारा गरिएका नियुक्तिहरू तथा सन्धिहरूलाई अमान्य ठहराउन सक्तछ र तल्लो सदन (House of Representatives) ले राष्ट्रपतिद्वारा गरिएको कुनै पनि सन्धिको पालनका लागि आवश्यक कानून निर्माण गर्ने अस्वीकार गर्न सक्तछ। ब्रिटेनमा कूटनीति सत्ता पूर्णतया कार्यपालिकाको हातमा छ। संसद्ले केवल कुनै पनि सन्धिलाई पालन गराउन आवश्यक कानून निर्माणमा सहयोग गर्दछ। कूटनैतिक कर्तव्य प्रायः सबै देशहरूमा कार्यपालिकाकै दायित्व मानिन्छ, तर वर्तमान प्रवृत्ति वैदेशिक सम्बन्धहरूमाथि व्यवस्थापिकाको बढी नियन्त्रण राख्ने पक्षमा छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ii) सैनिक कर्तव्य (Military functious) :—कार्यकालिकाको प्रधान साधारणतया राज्यको स्थलसेना, जलसेना तथा वायुसेनाको पनि प्रधान हुन्छ। राज्यको प्रधानले आफ्नो यस अधिकारको प्रयोगका अधिकारहरूको नियुक्ति तथा खारेजीमा गर्न सक्छ। राष्ट्रिय संकटका समयमा सैनिक-शासनघोषणा तथा सैनिक संचालन राज्यको प्रधानले नै गर्दछ। युद्धकालमा युद्ध सञ्चालन उसैको आज्ञाले हुन्छ। युद्धकालमा राज्यको प्रधानको अधिकार तथा शक्ति धेरै विस्तृत हुन जान्छ।

(iii) प्रशासन-सम्बन्धी कर्तव्य (Administrative functions) :—कार्यपालिकाको मुख्य कर्तव्य हो, आन्तरिक शान्ति, सुव्यवस्था तथा सुरक्षा कायम राख्नु। कार्यपालिकाले व्यवस्थापिकाद्वारा निर्मित कानूनहरूलाई कार्यान्वित गर्न आवश्यक निर्देशन तथा निरीक्षण गर्दछ। राज्यका सबै कर्मचारी नियुक्ति गर्नु तथा कुनै कर्मचारीलाई हटाउनु, कानून कार्यान्वित गर्न गियम बनाउनु र आदेश तथा अध्यादेश निकाल्नु आदि सबै कार्य-पालिकाको कर्तव्य हो, लोककल्याण कार्य पनि कार्यपालिकाकै कर्तव्य हो। रेल, तार, डाक, शिक्षा, कृषि, स्वास्थ्य तथा यातायातको समुचित व्यवस्था गर्नु र श्रमिक तथा औद्योगिक संगठनहरूको नियम निर्माण गर्नु पनि यसैको कार्य-अन्तर्गत पर्दछ। राज्यको आयव्ययको उत्तरदायित्व पनि कार्यपालिका-माथि नै हुन्छ। वार्षिक बजेट पारित गर्न कार्यपालिकाले व्यवस्थापिकाको मार्गदर्शन गर्दछ। वित्तविभाग कार्यपालिका अन्तर्गत हुने हुँदा अन्य विभाग-हरूलाई अनुदान दिनु, कुनै पनि अङ्गको व्ययमाथि नियन्त्रण लगाउने कार्यपालिकाकै कार्य अन्तर्गत आउँछ।

(iv) व्यवस्थापक कर्तव्य (Legislative functions) :—कार्य-पालिकाको व्यवस्थापक कर्तव्य राज्यमा प्रचलित शासनको स्वरूपमाथि निर्भर गर्दछ। संसद्को अधिवेशन बोलाउने तथा स्थगित गर्ने अधिकार प्रायः सबै देशहरूमा कार्यपालिकालाई प्राप्त छ। मन्त्रिमण्डल शासनप्रणाली भएका देशहरूमा प्रायः सबै कानूनहरूको उद्गमस्थान कार्यपालिका हुन्छ। व्यवस्था

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पिकाको पथ-प्रदर्शन तथा उसको नीति निर्देशन कार्यपालिकाले नै गर्दछ। व्यवस्थापिकाले जनताको इच्छा अनुसार कार्य नगरेको भन्ने विश्वास कार्यपालिकालाई भए यसलाई भंगगरी नयाँ निर्वाचनका लागि आदेश दिन सक्तछ। सबै प्रकारका कानूनहरूलाई घोषित तथा प्रकाशित गर्ने अधिकार कार्यपालिकाकै हुन्छ। प्राय: सबै देशहरूमा कार्यपालिकालाई अध्यादेश निकाल्ने अधिकार हुन्छ। कार्यपालिकाले व्यवस्थापिकाद्वारा स्वीकृत कानूनलाई जनताको निम्ति हानिकारक भए निषेधात्मक अधिकार प्रयोग गरी उक्त कानूनलाई प्रभावहीन बनाउन सक्तछ, तर प्राय: यस्तो स्थिति उठ्तैन किनकि व्यवस्थापिकामा कार्यपालिकाको नै दलको बहुमत हुने हुँदा कार्यपालिकाको निर्देशानुसार कानूनहरू मात्र पारित हुन्छन्।

(v) न्यायिक कर्तव्य (Judicial Functions) :—कार्यपालिकाका कतिपय न्यायिक कर्तव्यहरू पनि हुन्छन्। न्यायालयहरूको स्थापना तथा न्यायाधीशहरूको नियुक्ति कार्यपालिकाले गर्दछ। क्षमादानको सर्वोच्च अधिकार कार्यपालिकालाई नै हुन्छ। कार्यपालिकाका केही विभागहरू अभियोग-अनुसार निर्णय दिन्छन्। अपराधीहरूलाई न्यायालयहरूका समक्ष प्रस्तुत गरी न्यायिक प्रशासनको एउटा महत्वपूर्णकार्य कार्यपालिकाले गर्दछ।

(vi) व्यवस्थापिका तथा कार्यपालिकाको सम्बन्ध (Relation between Legislative and Executive) :—कार्यपालिका तथा व्यवस्थापिकाको सम्बन्धको समस्या वास्तवमा एउटा गम्भीर समस्या हो। सम्बन्धको प्रकृतिले नै शासनका दुई प्रमुख प्रणालीहरू मन्त्रिमण्डल प्रणाली र अध्यक्षात्मक प्रणालीमा भेद स्थापित गर्दछ। मन्त्रिमण्डल शासन-प्रणालीमा कार्यपालिका तथा व्यवस्थापिकाको सम्बन्ध धेरै गहिरो तथा घनिष्ट हुन्छ र कार्यपालिका वास्तवमा व्यवस्थापिकाको एउटा समिति समान हुन्छ। अध्यक्षात्मक शासन-प्रणालीमा यी दुवै अंगहरू सिद्धान्तरूपमा सर्वथा बेग्लै हुन्छन्। तर शासनको आवश्यकताले यिनीहरूलाई पूर्णतया पृथक् रहन दिँदैन। यस प्रकारले व्यावहारिक रूपमा संसारमा कुनै पनि यस्ता देश छैनन् जहाँ कार्यपालिका सत्ताको कार्यक्षेत्र व्यव-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थापिकाको क्षेत्रभन्दा पूर्णतया अलग र स्वतन्त्र रहेको होस्। प्रत्येक राज्यमा कार्यपालिकाले व्यवस्थापिकाका कार्यहरूमाथि केही नियंत्रण राख्तछ र प्रत्यक्ष अथवा अप्रत्यक्षहरूले कानून-निर्माणमा भाग लिन्छ। त्यस्तै प्रकारले केही विषयहरूमा कार्यपालिकामाथि व्यवस्थापिकाले नियन्त्रण राख्तछ, यस प्रकारले यी दुवैको सम्बन्ध निम्नरूपले वर्णन गर्न सकिन्छ :—

(क) कार्यपालिकाको कानून निर्माण सम्बन्धी अधिकार—कार्यपालिकाले कानून निर्माण-सम्बन्धी कार्यहरूमा अनेक प्रकारले भाग लिन्छ।

(i) प्रत्येक राज्यमा कार्यपालिकालाई व्यवस्थापिकाको अधिवेशन बोलाउने तथा त्यसलाई निश्चित अथवा अनिश्चित कालसम्म स्थगित राख्ने अधिकार हुन्छ। ब्रिटेन र भारतमा तथा संसदात्मक प्रणाली भएका क्षेत्रहरूमा कार्यपालिकाले तल्लो सदनलाई भंग गर्न तथा निर्वाचनको व्यवस्था गर्न सक्तछ। तर अध्यक्षात्मक शासन-प्रणाली भएका देशहरूमा कार्यपालिकालाई व्यवस्थापिका भंग गर्ने अधिकार हुँदैन।

(ii) संसदात्मक प्रणालीमा कार्यपालिकाले व्यवस्थापिकाको अधिवेशन आरम्भ हुने समय अथवा व्यवस्थापिकाको बैठक भैरहेको समयमा देशका लागि आवश्यक विषयहरूको बोध गराउँछ। व्यवस्थापिकाको विचारार्थ प्रस्तावित कानूनहरूका सम्बन्धमा सिफारिश गर्दछ।

(iii) संसदात्मक शासन व्यवस्थामा कार्यपालिकाले व्यवस्थापिकाको नेतृत्व गर्नुका साथै पथप्रदर्शन गर्दछ। कार्यपालिकाको निर्माण व्यवस्थापिकाले गर्दछ। व्यवस्थापिकामा स्वतन्त्र सदस्य अथवा विरोधी सदस्यद्वारा प्रस्तुत प्रस्तावले बहुमतको समर्थन पाउन गाह्रो हुन्छ। कार्यपालिकाले नै आवश्यक कानूनहरूको प्रस्ताव व्यवस्थापिकाका समक्ष प्रस्तुत गर्दछ। अध्यक्षात्मक प्रणालीमा राष्ट्रपति अथवा उसको मन्त्रिमण्डलको व्यवस्थापिकासँग कुनै प्रत्यक्ष सम्बन्ध हुँदैन। राष्ट्रपति संदेशहरूको माध्यमबाट व्यवस्थापिकाको ध्यान राज्यका आवश्यकताहरूतर्फ आकर्षित गर्न सक्तछ। तर व्यवस्थापिका राष्ट्रपतिको सुझावलाई स्वीकार गर्न बाध्य छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(iv) सबै संविधानिक राज्यहरूमा कार्यपालिकाले कुनै न कुनै प्रकारको निषेधाकिार (Veto) प्राप्त गरेको हुन्छ । निषेधाधिकार यो त ब्रिटेनमा झैं असीमित हुन्छ (यस अधिकारलाई गत २६३ वर्षदेखि प्रयोग गरिएको छैन) या त संयुक्त राज्य अमेरिकाको झैं सीमित (Qualified) या फ्रान्स जस्तै खालि स्थगनधारी (Suspensive) हुन्छ । निषेधाधिकारले दुईटा उद्देश्यको पूर्ति हुन्छ । व्यवस्थापिकाद्वारा कार्यपालिकाको अधिकार-क्षेत्रमा अतिक्रमण-लाई रोक्न र व्यवस्थापिकालाई पुनरविचार गर्न वाध्य गरी अपरिपक्व कानून निर्माणको सम्भावनालाई कम गर्न प्रयोग गरिन्छ । हेमिल्टनं (Himilton) का शब्दमा—"निषेधाधिकार कार्यपालिकाका निम्ति कवच हो ।"

(v) प्रत्येक देशमा कार्यपालिकालाई अध्यादेश (Ordinances) जारी गर्ने अधिकार हुन्छ । यद्यपि यस्ता अध्यादेशहरूका प्रकृति सवै देशहरूमा एक समान हुँदैनन् ।

(vi) केही देशहरूमा कानून निर्माणको प्रदत्त अधिकार (Deligated Legislation) सम्बन्धी एउटा नयाँ प्रणाली प्रयोग गर्न थालिएको छ । जसबाट कार्यपालिकाका व्यवस्थापक अधिकारहरूको क्षेत्र अरू विस्तृत भएको छ ।

(ख) व्यवस्थापिकाका कार्यपालिकासम्बन्धी अधिकारहरू— कार्यपालिका पनि अनेकौं प्रकारबाट व्यवस्थापिकाद्वारा नियन्त्रित हुन्छ । यो नियन्त्रणको मान विभिन्न देशहरूमा बेग्ला-बेग्लै छ । संसदात्मक शासनप्रणाली भएका देशहरूमा यो नियन्त्रण अध्यक्षात्मक प्रणालीभन्दा बढी छ । मन्त्रिमण्डल शासन-प्रणालीमा कार्यपालिकाको यो आधारभूत सिद्धान्त हो कि मन्त्रिमण्डल त्यस समयसम्म मात्र आफ्नो पदमा रहन सक्तछ, जबसम्म व्यवस्थापिकाको विश्वास उसमाथि रहन्छ । व्यवस्थापिकाले (i) अविश्वास प्रस्ताव पारित गरी (ii) कार्यपालिकाको शासन-सम्बन्वी आचरणको निन्दा गरी (ii) अनुदान (Sepplius) अस्वीकार गरी अथवा (iv) शासनले प्रस्तुत गरेको प्रस्तावलाई अस्वीकार गरी मन्त्रिमण्डललाई पदच्यूत गर्न सक्तछ । अध्यक्षात्मक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शासनप्रणाली नियन्त्रण गर्ने उपयुक्त साधनहरू व्यवस्थापिकालाई प्राप्त छैनन्। यस्तो प्रणालीमा कार्यपालिकाको कार्यकाल निश्चित हुन्न, व्यवस्थापिकाको विरोध अथवा अविश्वासले पदच्युत हुँदैन । उदाहरणस्वरूप संयुक्तराज्य अमेरिकामा राष्ट्रपति कुनै पनि अवस्थामा चार वर्षसम्म आफ्नो पदमा रहिरहन सक्तछन् । तर नियन्त्रणको अर्को साधन छ । तल्लो सदन (House of Representatives) ले राष्ट्रपति तथा अन्य उच्चअधिकारीहरूको विरुद्ध महाभियोग लगाउन सक्तछ । त्यस्तै प्रकारले उच्च सदन (Senate) ले राष्ट्रपतिद्वारा गरिने नियुक्तिहरू तथा सन्धिहरूलाई अस्वीकार गर्न सक्तछ। व्यवस्थापिकाको समक्ष राज्यका उच्च अधिकारीहरूको बोलावट र प्रश्नले कार्यपालिकामाथि नियन्त्रण राख्तछ । अमेरिकामा 'कांग्रेस' (Senate and House of Representatives) को वित्त-सम्बन्धी अधिकारले कार्यपालिका-सँग दैनिक प्रशासन-सम्बन्धी प्रश्न सोद्धछ । फ्रान्समा त प्रश्नले यति गम्भीर रूप धारण गर्दछ कि मन्त्रिमण्डलले त्यागपत्र दिने अवस्था पनि पर्न जान्छ । यस प्रकारले संसदात्मक तथा अध्यक्षात्मक शासन प्रणालीमा व्यवस्थापिकाले कार्यपालिकामाथि नियन्त्रण राख्तछ ।

उपर्युक्त वर्णनबाट यो स्पष्ट हुन्छ कि व्यवस्थापिका तथा कार्यपालिका दुवैले एक अर्कामाथि नियन्त्रण राख्छन् र शासनका यो दुई अंगहरूको काम सुचारु रूपले सञ्चालनका लागि दुवैको सम्बन्ध सहयोगपूर्ण तथा सामञ्जस्यपूर्ण हुनुपर्दछ। अध्यक्षात्मक प्रणालीमा प्रतिबन्ध तथा सन्तुलन (Check and Balances) को नीतिले गर्दा र साथै राजनैतिक दलहरूको प्रभावले गर्दा व्यवस्थापिका तथा कार्यपालिकाको सम्बन्ध घनिष्ट एवं मैत्रीपूर्ण हुन गएको छ ।

(६) न्यायपालिका (Judiciary)

न्यायपालिका शासनको तेस्रो महत्वपूर्ण अंग हो । न्यायालयको अभावमा व्यक्तिको स्वतन्त्रताको रक्षा असम्भव हुन्छ । अधिकारीहरूलाई निश्चय तथा निर्णय गर्न, अपराधीहरूलाई दण्ड दिन, न्यायको व्यवस्था गर्न, क्षति तथा अपहरणबाट निर्दोष व्यक्तिको रक्षा गर्नका लागि एउटा न्यायविभागको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आवश्यकता हुन्छ। देशमा कानूनको व्याख्या तथा कार्यान्वित गर्न, विवादहरूको निर्णय गर्न तथा अधिकारहरूलाई प्रभावशाली बनाउन कुनै न्यायविभाग नहुने हो भने त्यस्तो राज्य शक्तिहीनताको कारणबाट नष्ट हुन्छ वा शासनको अन्य विभागले त्यस सत्तालाई आफ्नो अधीन गरी नागरिक स्वतन्त्रतालाई सर्वनाश गर्दछ। न्यायपालिका जनताका अधिकारहरूको रक्षक हुन्छ र व्यक्तिगत तथा सार्वजनिक अतिक्रमणबाट रक्षा गर्दछ। नागरिकहरूको सुरक्षा भावना वास्तवमा न्याय-व्यवस्थाको सुचारुता र तत्परतामाथि नै निर्भर गर्दछ। लार्ड ब्राइसका शब्दमा—"यदि कानूनलाई बेइमानी, दुर्बलता तथा अस्थिरताका साथ कार्यान्वित गरियो भने व्यवस्थाको सुरक्षा रहन जाँदैन किनकि अपराधीहरूलाई जति दमन दण्डको सुनिश्चितताबाट हुन्छ त्यति त्यसको कठोरताबाट हुँदैन। यदि अन्धकारमा न्यायको दीयो निभ्यो भने त्यो-अन्धकार कति भयानक होला ?" यस प्रकार राज्यको अस्तित्व न्याय व्यवस्थामाथि निर्भर छ। आजको युगमा त न्यायपालिकारहित राज्यको कल्पना पनि गर्न सकिन्न। प्राचीन कालमा न्यायपालिका तथा कार्यपालिका दुवै बेग्लाबेग्लै थिएनन्। तर इतिहास साक्षी छ कि यी दुवै शक्तिको गठबन्धनको परिणाम अत्याचार नै भयो।

(क) न्यायपालिकाको कार्य (Functions of the Judiciary)

(i) न्यायपालिकाको मुख्य कार्य कानूनहरूको व्याख्या गर्नु र त्यस-अनुसार विवादहरूको निर्णय गर्नु हो। संसारका सबै राज्यहरूमा न्यायपालिकाले अधिकारहरूको नियमन गर्दछ। समाज अथवा व्यक्तिको विरुद्ध गरिएका अपराधहरूलाई दण्ड दिन्छ र पशुबलको स्थानमा अधिकार-बललाई प्रतिष्ठापित गर्दछ। जहाँ कानून कुनै विषयमा मौन अथवा अस्पष्ट हुन्छ त्यहाँ न्यायाधीश आफ्नो व्याख्याद्वारा अर्थ तथा विस्तार प्रदान गर्दछ। यस्तो अवस्थामा न्यायाधीशले आफ्नो बुद्धि-अनुसार यो निश्चय गर्न प्रयत्न गर्दछ कि यदि त्यस कानूनको निर्णयका समयमा यस प्रकारको परिस्थिति भए कानूनले यस सम्बन्धमा के गर्ने थियो।

(ii) जब कानून कुनै विषयमा मौन अथवा अस्पष्ट हुन्छ त्यस्तो स्थितिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न्यायाधीशले स्वयं कानून निर्माण गर्दछ। ब्रिटेनमा सम्पूर्ण सामान्य कानून (Common Laws) न्यायिक नियमहरूकै परिणाम हुन्। यस प्रकारको निर्णय न्याय तथा बुद्धिको आवश्यकताहरूमा आधारित हुन्छ। त्यस्तो निर्माण भविष्यका लागि दृष्टान्त बन्छन्।

(iii) लिखित संविधान भएका देशहरूमा खास गरी न्याय एवं व्यवस्था राज्यहरूमा न्यायपालिकाले व्यवस्थापिका अथवा कार्यपालिकाद्वारा निर्मित कानूनलाई अवैधानिक घोषित गर्न सक्तछ। यस्तो अवस्थामा न्यायपालिकाले केवल यस कुराको निर्णय गर्नुपर्दछ कि उक्त निर्मित कानून त्यस निर्माणकारी सत्ताको अधिकार क्षेत्रभित्र पर्छ कि पर्दैन। ब्राइसका शब्दमा—"जब कार्यपालिका अथवा व्यवस्थापिका शक्तिहरूको अथवा संघराज्यमा केन्द्रीय शासन र राज्यको शासनशक्तिको सीमाको प्रश्न उठ्यो तब आधारभूत तथा सर्वोच्च कानून भएको नाताले संविधानको ठीक अर्थको निर्णय न्यायालयद्वारा हुनुपर्दछ किनकि न्यायालय नै यस कुराको उचित र अधिकृत व्याख्याकार हुन्छ कि अधारभूत लेखपत्रको निर्माण गर्दा जनताको के मनसाय थियो।" (When confusions arise as to the limits of the powers of the executive or the Legislatnres in a federation as to the limits to the respective power of the central or national and those of the State Government, it is by a Court of Law that true meaning of the constitution, as the fundamental and supreme law, ought to be determined because it is the rightfull and authorised interpretor of what the People intended to declare when they were enacting a fundamental instrument.) उदाहरणस्वरूप भारतमा सर्वोच्च न्यायालयलाई संविधानको व्याख्या गर्नुका साथै केन्द्रीय शासन र एक वा एकभन्दा बढी राज्यका बीच अथवा केन्द्र तथा केही राज्यहरू र एक अथवा बढ़ी अन्य राज्यहरूका बीच, अथवा दुई वा दुई भन्दा बढ़ी राज्यहरूका बीच उत्पन्न हुने सबै विवादहरूको निर्णय गर्ने अधिकार छ।

(iv) केही राज्यहरूमा न्यायपालिकाले घोषणात्मक निर्णय (Declara-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

tory decisions) पनि दिन्छ। यसको अर्थ हो जब कुनै विशेष प्रश्नमाथि न्यायालयको राय मागिन्छ तब न्यायाधीशले उक्त प्रश्नमाथि कानूनी मन्तव्य घोषित गर्दछ। ब्रिटेनमा शासन-सत्ताले बहुधा न्याय सम्बन्धी प्रश्नहरूमाथि प्रिवी कौंसील (Privy Council) को न्यायिक समिति (Judicial Committee) को राय लिन्छ। यसबाट पनि कानूनको व्याख्या हुन जान्छ।

(v) न्यायपालिका कहिलेकाहिं मानिसहरूलाई केही काम गर्नबाट रोक्नका लागि विविध प्रकारका आदेशपत्र (writs) जारी गर्दछ। संरक्षकहरूको नियुक्ति गर्दछ र मृतकहरूको सम्पत्तिको व्यवस्था गर्दछ। रिसिवर (Receiver) नियुक्त गर्दछ र अनुज्ञापक्ष (probate) आदि प्रदान गर्दछ।

(vi) न्यायालयले नागरिकहरूका मौलिकहकको रक्षा गर्दछ। अनाहक कुनै नागरिकलाई प्रशासनले गिरफ्तार गरे न्यायालयले प्रशासनको त्यस्तो कार्यवाही-लाई अनुचित भनी निर्णय दिन सक्छ। नागरिकका व्यक्तिगत सम्पत्तिको रक्षा पनि न्यायालयले गर्दछ। उदाहरणस्वरूप भारतको सर्वोच्च न्यायालय तथा अन्य उच्च न्यायालयहरूलाई यो अधिकार छ कि नागरिकहरूका मौलिकहकलाई प्रभावशाली बनाउन सम्पूर्ण राज्यमा सबै न्यायालयहरूलाई व्यक्तिहरू अथवा अधिकारीहरूको नाममा निर्देश, आज्ञा अथवा आदेश दिन सक्तछ।

(ख) न्यायालयको संगठन (Organisation of judiciary) :— न्याय-विभागको संगठन हरेक देशमा बेग्लाबेग्लै प्रकारको हुन्छ। जनतन्त्रात्मक देशहरूमा न्यायाधीशहरूको सहायताका लागि जूरो (juro) अथवा असेसहरू (Assessors) को व्यवस्था हुन्छ।

न्यायालयहरूको संगठनमा हरेक तल्लो न्यायालयबाट त्यसभन्दा माथिको न्यायालयमा अपील गर्ने व्यवस्था हुन्छ। सबभन्दा माथि सर्वोच्च न्यायालय हुन्छ, जो तल्लो न्यायालयको निर्णयमाथि पुनर्विचार गरी निर्णयलाई पनि संशोधन गर्न सक्तछ। प्रायः हरेक देशमा ३ प्रकारका न्यायालयहरू हुन्छन्। दीवानी (Civil), फौजदारी (Criminal) र माल (Revenue)। कहिलेकाहिं कुनै खास विषयका लागि विशेष न्यायालयहरूको पनि संगठन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ। संघीय राज्यहरूमा दुइ प्रकारका अदालत हुन्छन्—एउटा संघीय र दोस्रो राजकीय। हरेक देशमा अदालतको एउटा क्रम हुन्छ, जस-अनुसार सबभन्दा तल्लो, त्यसभन्दा माथि र अन्त्यमा सर्वोच्च अदालत। नेपाल अधिराज्यमा पनि सबभन्दा माथि सर्वोच्च अदालत छ त्योभन्दा तल अंचल अदालत र त्यसपछि जिल्ला अदालत।

(ग) न्यायाधीशहरूको नियुक्ति (Appointment of judges) :— आधुनिक राज्यहरूमा न्यायाधीशहरूको नियुक्तिका तीन रीति प्रचलित छन्—(i) जनताद्वारा निर्वाचन (ii) व्यवस्थापिकाद्वारा निर्वाचन र (iii) कार्यपालिकाद्वारा नियुक्ति।

जनताद्वारा निर्वाचन—(i) जनताद्वारा निर्वाचन न्यायाधीशको रीति सबभन्दा पहिले फ्रांसमा प्रयोग गरियो। आजकल यस्तो व्यवस्था केवल स्वीटजरल्याण्डका केही प्रान्तहरू र संयुक्त राज्य अमेरिकाका केही राज्यमा मात्र प्रचलित छ। यो प्रणाली अधिकार विभाजन (Separation of Powers) का सिद्धान्तमा आधारित छ। यस प्रणालीका अनेकौं अवगुणहरू छन्। यस प्रणालीका अवगुणका सम्बन्धमा गारनरले लेखेका छन्—"निर्वाचनबाट न्यायपालिकाको चारित्रिक पतन हुन्छ, न्यायाधीश राजनैतिक नेता बन्दछ र उसको मस्तिष्कमाथि यति बढ़ी भार पर्दछ कि उ सदा दृढ़ रहन सक्तैन।" (Election of Judges lowers the character of the judiciary tends to make a politician of the judge and subjects the judicial mind to a strain which it is not always able to resist.)

(ii) व्यवस्थापिकाद्वारा निर्वाचन प्रणाली स्वीटजरलैण्ड तथा संयुक्त राज्य अमेरिकाका केही राज्यहरूमा प्रचलित छ। भनिन्छ कि स्वयं बढी योग्य भएकाले व्यवस्थापिकाका सदस्यहरू योग्यता पारखी हुन्छन् र बढी संभावना यस कुरामा रहन्छ उनीहरूद्वारा निर्वाचित न्यायाधीशहरू जनताद्वारा निर्वाचित न्यायाधीशभन्दा बढी योग्य हुन्छन्। तर यो प्रणाली पनि दोषपूर्ण छ। व्यवस्थापिकाद्वारा निर्वाचन गर्नुको अर्थ हुन्छ निर्वाचन दलबन्दी र योग्य तथा प्रतिभाशाली नछानिनु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(iii) अधिकांश देशहरूमा न्यायपालिकाको नियुक्ति कार्यपालिकाद्वारा गरिन्छ। उपर्युक्त दुई प्रणालीभन्दा बढ़ी राम्रो र सन्तोषजनक पाइएको छ न्यायिक पदका लागि आवश्यक गुणहरूको निर्णय कार्यपालिकाले नै राम्ररी गर्न सक्तछ। कार्यपालिकाद्वारा गरिएको नियुक्तिमा दलबन्दीले ज्यादा प्रभाव पार्दै। तर कार्यपालिकाद्वारा पनि कुनै राजनैतिक दलकै हुने हुँदा न्यायधीश-हरूको नियुक्तिमा दलबन्दीले प्रथम प्रश्रय पाउने छैन भन्न गाह्रों छ। यसै दोषले गर्दा लास्कीले सुझाव दिएका थिए कि न्यायधीशहरूको नियुक्ति कार्यपालिकाद्वारा हुनु पर्दछ तर यसै उद्देश्ले स्थापित एउटा समितिको सिफारिबाट मात्र न्यायधीशको नियुक्ति हुनुपर्दछ।

(घ) न्यायपालिकाको स्वतन्त्रता (Independence of Judiciary)—न्यायपालिकाको स्वतन्त्रताको तात्पर्य हो न्यायधीशहरू आफ्नो कर्तव्य-पालनमा सबै प्रकारका प्रतिबन्धहरू तथा प्रभावबाट सर्वथा मुक्त हुनुपर्छ। उनीहरूको कार्य हो कानूनहरूको व्याख्या तथा न्यायको व्यवस्था गर्नु। यदि न्यायधीशहरू कुनै अर्को सत्ताका अधीन भए भने अथवा राजनैतिक दलबाट प्रभावित भए भने तिनीहरूको निर्णय निष्पक्ष हुम सक्तैन। तिनीहरूको कार्यकाल, वेतन तथा बढुवा कार्यपालिका अथवा व्यवस्थापिकाको इच्छाहरूमा निर्भर रहनु हुँदैन अन्यथा तिनीहरूको निर्णय निष्पक्ष तथा न्याययुक्त हुन सक्तैन। यदि न्याय व्यवस्था पक्षपातपूर्ण भयो भने न्यायाधीशहरू निर्भय भएर न्याय गर्न सक्तैन् र सुव्यवस्थको आश्वासन नष्ट हुन जान्छ। न्यायपालिका वास्तवमा व्यक्ति-स्वतन्त्रताको प्रबलतम आश्वासन हुन्छ। स्वतन्त्रता न्यायपालिकाको छत्रछायामा जनता सदा कार्यपालिकाको अन्याय तथा अत्याचारबाट सुरक्षित रहन्छन्। न्यायपालिकाको स्वतन्त्रता निम्नलिखित परिस्थितिहरूको उपस्थितिबाट प्राप्त गर्न सकिन्छ।

(i) न्यायधीशको पदमा यथासम्भव यस्तो व्यक्ति-नियुक्त गरिनुपर्दछ जो दृढ़चरित्र तथा उच्च कानूनी योग्यता भएको होस्।

(ii) न्यायधीशहरूको स्वतन्त्रता तिनीहरूको नियुक्ति-प्रणालीमाथि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्भर गर्दछ। कार्यपालिकाद्वारा नियुक्ति न्यायधीशहरूको स्वतन्त्रताका-निम्ति बढ़ी अनुकूल हुन्छ।

(iii) न्यायधीशको स्वतन्त्रता तथा निष्पक्षता निमित दीर्घकाल आवश्यक हुन्छ। अल्पकालीन नियुक्तिले न्यायधीश हरूको स्वतन्त्रता अप-हरण गर्दछ।

(iv) न्यायाधीशहरूलाई यस कुराको आश्वासन हुनुपर्दछ कि यिनिहरू-लाई आफ्नो पदवाट छिटै हटाइनैछन।

(v) न्यायधीशहरूलाई राम्रो तलब र राम्रो सामाजिक स्तर मिल्नु-पर्दछ।

(vi) न्यायपालिकाको स्वतन्त्रताका लागि यो वाञ्छनीय छ कि राज्यको कार्यपालिका तथा न्यायसम्बन्ध कार्य यथासम्भव अलग तथा पृथक् हुनुपर्दछ।

उपर्युक्त सबै तत्त्वहरू न्यायपालिकाको स्वतन्त्रताका निम्ति आवश्यक छन।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय १६

मताधिकार र निर्वाचन

(Franchise and Elections)

जनतन्त्रवादमा नागरिकहरू आफ्नो तर्फबाट शासनकार्य चलाउनका लागि प्रतिनिधिहरू निर्वाचित गर्दछन् । यी प्रतिनिधिहरू जनताद्वारा एउटा निश्चित अवधिसम्मका लागि निर्वाचित गरिन्छन् । जुन नागरिकहरूलाई निर्वाचनमा मत दिने अधिकार हुन्छ तिनलाई मतदाता (Voters) अथवा (Electors) भनिन्छ । तर जनतन्त्रको एउटा जटिल समस्या यो हो कि मताधिकार (Franchise) को वास्तविक आधार के हो ? निर्वाचकहरू तथा प्रतिनिधिहरूका बीच उचित सम्बन्ध क्या हो ? प्रतिनिधिहरूको निर्वाचन कुन प्रकारले हुनुपर्दछ ? जनतालाई व्यवस्थापिकामा उचित प्रतिनिधित्व दिने उपाय के हो ? प्रतिनिधित्वको आधार प्रादेशिक (Territorial) होस् अथवा व्यावसायिक (Functional) व्यवस्थापिकामाथि जनताले कुन प्रकारले नियन्त्रण राख्ने ? संक्षेपमा हाम्रो सामुन्ने पाँच मुख्य प्रश्नहरू छन् :—

(१) मताधिकारको आधारको समस्या,

(२) साधारण निर्वाचन-प्रणालीहरू;

(३) अल्पसंख्यकहरूको प्रतिनिधित्वका प्रणालीहरू;

(४) व्यवसायिक प्रतिनिधित्वको प्रणाली र

(५) निर्वाचक मण्डलद्वारा प्रतिनिधिहरूमाथि नियन्त्रण;

अब हामी यस अध्यायमा सम्बन्धित प्रश्नहरूका साथ यिनै समस्याहरूको अध्ययन गर्नेछौं ।

(१] मताधिकारको अधिकार :—मताधिकारको प्रकृतिका सम्बन्धमा सामान्य दुई सिद्धान्त मानिएका छन् । केही विद्वानहरूले मताधिकारलाई नागरिकहरूको प्राकृतिक अधिकार भने । उदाहरणस्वरूप रूसोको धारणा थियो कि प्रभुसत्ता सम्पूर्ण जनतामा निवास गर्दछ अतएव हरेक नागरिकलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस्ता कानून निर्माणमा भाग लिन अधिकार हुनुपर्दछ जसको उसँसँग सम्बन्ध छ अर्को अर्थमा मताधिकार सर्वसाधारणलाई प्राप्त हुनुपर्दछ। यस विचारका विरुद्ध ब्लन्टशिली, मिल तथा सर हेनरीमेन आदि विद्वानहरूको मत छ कि मताधिकार यथार्थमा एउटा विशेषाधिकार हो, जो सामाजिक आवश्यकता तथा उपयोगिताको दृष्टिबाट नागरिकहरूलाई प्रदान गरिन्छ। समाजको कल्याण मताधिकारको उचित प्रयोगमाथि निर्भर गर्दछ। अतएव सम्पूर्ण समाजको कल्याणलाई ध्यानमा राखी यो अधिकार यस्ता व्यक्तिहरूलाई मात्र दिनुपर्दछ जो यस कार्यका लागि योग्य छन्। मताधिकार नागरिकको जन्मसिद्ध अधिकार होइन। यो त एउटा पवित्र अधिकार हो, जसलाई प्रयोग गर्न ज्ञान तथा विवेकको आवश्यकता पर्दछ। अज्ञानी जनतालाई यो अधिकार प्रदान गर्नुको अर्थ हो जनतन्त्रका निम्ति नयाँ तथा जटिल समस्या खड़ा गर्नु ! यस प्रकारले यी दुईटा सिद्धान्तहरू एक अर्काका विरोधी हुन गए। मिलले शिक्षालाई मताधिकारको आधार बनाई अशिक्षितहरूलाई मताधिकार प्रदान गर्नु हुन्न भने। सर्वसाधारण मताधिकारका केही आलोचकहरूले सम्पत्तिको आधार मताधिकारलाई बनाउन खोजे। केही विचारकहरूचाहिं स्त्री जातिलाई मताधिकार नदिने पक्षमा भए। यस प्रकारले अब हाम्रा सामुन्ने प्रश्न यो छ कि के सबै प्रौढ़ नागरिकहरूलाई मताधिकार प्रदान गर्ने ? यदि हैन भने त्यसमाथि के प्रतिबन्ध लगाउने ? शिक्षा सम्पत्ति तथा लिंग भेदका आधारमा प्रतिबन्ध हुनुपर्छ वा पर्दैन ? अब हामी एक-एक गरी यी समस्याहरूको विवेचना गर्ने प्रयत्न गर्दछौं।

(२) सर्वमताधिकार (Universal Franchise) :—जाति, वर्ग अथवा लिंग भेदभाव नगरी सबै व्यक्तिहरूलाई मतदानको अधिकार हुनुलाई नै सर्वमताधिकार (Universal Suffrage) भनिन्छ। तर व्यवहारमा सर्व-मताधिकार प्रौढ़ अथवा वयस्क मताधिकार नै हुन्छ र प्रौढ़ताको अवस्था सबै देशहरूमा एक समान मानिएको छैन। रूसमा १८ वर्षको, ब्रिटेन, भारत, अमेरिका, नेपाल आदि देशमा २१ वर्षको र नार्वेमा २३ वर्षको व्यक्ति प्रौढ़

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिन्छ। यसका साथै सबै प्रौढ़ व्यक्तिहरूलाई कुनै पनि देशमा मताधिकार प्रदान गरिन्न। साधारणतया सबै देशहरूमा विक्षिप्त, अपराधी, विदेशी तथा दिवालिया (टाट पल्टेको) आदिलाई मताधिकार प्रदान गरिन्न। प्रौढ़ व्यक्तिले मात्र मताधिकार प्राप्त गर्ने हुँदा यसलाई प्रौढ़ मताधिकार (Adult Franchise) पनि भन्दछन्। वयस्क मताधिकार प्रत्येक नागरिकको सिद्ध अधिकार हो र यसको अभावमा जनतन्त्र अपूर्ण रहन्छ।

(क) वयस्क मताधिकार सिद्धान्तका गुणहरू (Merits of Adult Franchise (i) वयस्क मताधिकारले समानताको आधारलाई स्वीकार गर्दछ। सीमित मताधिकारले समानताको सिद्धान्तलाई उल्लङ्घन गर्दछ। वयस्क मताधिकारले गर्दा शासन तथा व्यवस्थापिका कार्यहरूको सम्बन्ध प्रत्येक व्यक्तिसँग हुनजान्छ।

(ii) वयस्क मताधिकारले सबै व्यक्तिहरूमा सार्वजनिक विषयहरूमा रुचि उत्पन्न गर्दछ र थेर-थोर मात्रामा राजनैतिक शिक्षा प्रदान गर्दछ। निर्वाचन राजनैतिक शिक्षा प्रदान गर्ने एउटा राम्रो साधन हो। मताधिकारले मतदाताहरूमा आत्मसम्मानको भावना जागृत गर्दछ; मतदाताहरूलाई यो घमण्डको कुरो हुन जान्छ कि ठूला-ठूलाहरू उनीहरूसँग मत प्राप्त गर्न उनीहरू कहाँ आए।

(iii) सामाजिक अधिकारहरू (Civil Rights) को रक्षाका निम्ति राजनैतिक अधिकारहरू (Polit cal Rights) आवश्यक हुन्छन्। सामाजिक अधिकार राज्यका सबै नागरिहरूलाई बिना-भेदभाव प्राप्तहुन्छ।

(iv) व्यक्ति स्वतन्त्रताको रक्षा तथा सामाजिक कल्याणको विस्तार उत्तरदायित्व पूण राजनैतिक व्यवस्थामा नै सम्भव छ। मताधिकारको अभावमा स्वतन्त्रताको कल्पना गर्न सकिन्न। इतिहास साक्षी छ कि शासकले आफ्नो नीति निर्माणमा मताधिकारबाद बञ्चित व्यक्तिहरूको अलिकति पनि ध्यान दिँदैन।

(v) वयस्क मताधिकारले व्यक्तिहरूमा सार्वजनिक विषय-प्रति रुचि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बढाई राष्ट्रिय शक्ति तथा एकता जागृत गर्दछ। यस प्रकारले राष्ट्रले सर्वोच्च प्रतिभाबाट लाभ उठाउने मौका पाउँछ। यदि राज्यका कानूनहरू जनप्रतिनिधिहरूबाट निर्माण हुने हो भने त्यसलाई कार्यान्वित गर्न र जनताबाट कर उठाउन शासनलाई सजिलो पर्न जान्छ।

(iv) यस प्रणालीले समाजका विभिन्न वर्गहरूको अधिकारहरूको उचित संरक्षण तब नै सम्भव हुन्छ जब प्रत्येक वर्गलाई आफ्नो रक्षा तथा मत द्वारा राज्यबाट गरिएका निर्णयहरूलाई प्रभावितपार्न सक्ने शक्ति प्राप्त हुन्छ।

(ख) सर्वमताधिकारबाट हानि (Defects of Adult Franchise) जे० एस० मिल, सर हेनरी मेन, सिजविक तथा लेकी जस्ता विद्वान्हरूले सर्वमताधिकारको कटु आलोचना गरेका छन्। यी आलोचकहरूको तर्क यो हो कि मताधिकार जन्मसिद्ध अधिकार होइन। वास्तवमा यो एउटा विशेषाधिकार अथवा निषेध (Trust) हो जो कि केवल त्यस्ता व्यक्तिहरूलाई मात्र प्रदान गरिनुपर्दछ जो यसको उचित उपयोग गर्न जान्दछन्। सर्वमताधिकारका मुख्य अवगुणहरू निम्नलिखित छन्।

(i) प्रत्येक व्यक्तिमा आफ्नो हित राम्ररी सम्झने क्षमता हुँदैन। मनुष्य साधारणतया आफ्नो तात्कालिक तथा स्वार्थपूर्ण लाभहरूको विशेष ध्यान राख्दछ। आफ्नो भावना र मनोवेगहरूको मनुष्य दास हुन्छ। उसका मनोवेगहरूमा राष्ट्रिय नीति-सम्बन्धी गम्भीर प्रश्नहरूभन्दा आकर्षक शब्दजाल राजनैतिक दलहरूको नारा र निर्वाचनकालीन प्रचारको बढ़ी प्रभाव पदछ। साधारण मतदाताहरू निरक्षर तथा ज्ञानशून्य हुन्छन्। तिनीहरूको मतको निश्चय साधारणतया जाति, धर्म तथा वंश सम्बन्धहरूको आधारमा हुन्छ। अतएव प्रत्येक व्यक्तिलाई मतदानको अधिकार प्रदान गरिने हो भने व्यवस्थापिका साधारण व्यक्तिहरूबाट भरिन जान्छ र त्यसको विशिष्टता नै नष्ट हुने जान्छ।

(ii) पूँजीवादी राज्यहरूमा अधिकांश मतदाता निर्धन हुन्छन् र धनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोभ देखाई मत किन्न सकिन्छ। यस प्रकारले सर्वमताधिकारबाट घुस र भ्रष्टाचारले प्रोत्साहन पाउँछन्।

(iii) अधिकांश जनता रूढिवादी हुन्छन्। यस्ता व्यक्तिहरू स्वभावतः उदार विचारका हुँदैनन् र समाजिक कुरीतिहरूको सुधारलाई पनि विरोध गर्दछन्। हेनरी मेनले त यहाँसम्म भनेका छन्—"सर्वसाधारण मताधिकारले सम्पूर्ण प्रगतिकै समाप्ति गर्नेछ।"

(iv) शासनका समस्याहरू यति जटिल हुँदै जाँदैछन् कि सर्वसाधारणको पहुँचबाट टाढा छ। एउटा निर्धन व्यक्तिलाई आफ्नो रोजी-रोटीको समस्याले गर्दा यति अवकाश रहन्न कि समस्याहरूलाई सम्झिने प्रयास गर्न सकोस्। तसर्थ निर्वाचनका समयमा आफ्नो अधिकारको राम्रो प्रयोग गर्न सक्तैन। शासन एउटा कला हो, यसको सम्बन्ध केवल विशेषज्ञहरूसँग मात्र हुनुपर्दछ। सर्वसाधारणहरू त धन र संकेतका भरमा आफ्नो मत प्रदान गर्दछन्।

(v) मताधिकार वास्तमा अधिकार होइन। यी त एउटा पवित्र कर्तव्य हो, जसको प्रयोग सावधानीपूर्वक, बुद्धिमत्ता तथा विवेकका साथ गरिनुपर्दछ। अतएव यो अधिकार खालि त्यस्ता व्यक्तिहरूलाई मात्र दिनुपर्दछ जो राज्यको भलाइ तथा जनकल्याणनिम्ति यसको उचित प्रयोग गर्ने क्षमता राख्तछन्।

सर्वमताधिकारका विरुद्धमा गरिएको उपर्युक्त तर्क जनतन्त्रको विरूद्ध तर्क हो, जसको वर्णन पहिले नै गरिसकिएको छ। निष्कर्षमा यति भन्नु अत्युक्ति नहोला कि यदि हामी आफ्नो समाजलाई प्रगतिशील बनाउन चाहन्छौं भने हामीले हरेक व्यक्तिलाई अनुभव प्राप्त गर्ने र उचित प्रयोग गर्ने अवसर प्रदान गर्ने व्यवस्था गर्नुपर्दछ। यदि सर्वसाधारणलाई उपेक्षित गरिने हो भने ती सदा निर्बल र निरुपाय भइ नै रहन्छन्। आधुनिक जनतन्त्रको प्रवृत्ति पनि सर्वमताधिकारकै दिशातर्फ छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३) स्त्री मताधिकार (Women Suffrage)

स्त्रीजातिका लागि मताधिकार प्राप्त गर्ने आन्दोलनको विकास जनतन्त्रवादको विस्तारका साथै भयो। मतदान प्रत्येक नागरिकको प्राकृतिक अधिकार हो भने महिलाहरूलाई यसबाट वञ्चित गरिनु हुँदैन। उन्नाइसौं शताब्दीमा ब्रिटेनमा वेन्थम, थोमस हेयर तथा मिलले महिला मताधिकार आन्दोलनको प्रबल समर्थन गरे। फ्रांसका लावेलेय (Laloulaya) ले महिला मताधिकार आन्दोलनलाई अधि बढ़ाए। वयस्क पुरुषहरूलाई मताधिकार प्राप्त भएको धेरै वर्षपछिसम्म पनि महिलाहरू यस अधिकारबाट वञ्चित नै थिए। उन्नाइसौं शताब्दीको उत्तरार्धमा संयुक्त राज्य अमेरिकाका केही राज्यहरूले यस दिशातर्फ सर्वप्रथम कदम चाले। ब्रिटेनमा १९१८ ई० मा एउटा कानून बनाई ३० वर्षभन्दा माथि उमेर भएका महिलाहरूलाई यो अधिकार प्रदान गरियो। पुनः यसकोकेही वर्षपछि ब्रिटेनमा महिलाहरूको उमेर ३० वर्षबाट घटाई पुरुष समान २१ वर्ष गरी मताधिकार प्रदान गरियो। फ्रान्समा चतुर्थ गणतन्त्रको संविधान अन्तर्गत महिलाहरूलाई मताधिकार प्रदान गरियो। नेपालको संविधानले प्रत्येक वयस्क महिलालाई मताधिकार कुनै भेद-भाव नगरी प्रदान गरेको छ।

(क) महिला मताधिकारका पक्षमा तर्क (Arguments in favour of Women Suffrage)

(i) लिंग-भेद एउटा शरीरिक तथा आकस्मिक भेद हो जसलाई मताधिकारको आधार बनाउनु उचित होइन। मतदानको अधिकारको आधार शारीरिक होइन नैतिक एवं बौद्धिक हुनुपर्दछ। स्त्रीहरू पुरुषहरू झैं स्वतन्त्र, बुद्धिमती तथा नैतिक गुणहरूबाट युक्त हुन्छन्। समाजका सबै नियम तथा कानूनहरूको प्रभाव उनीहरूमाथि पनि पर्छ। तसर्थ उनीहरूलाई समान सुरक्षाको अधिकार हुनुपर्दछ। मिलका शब्दमा—"शारीरिक दृष्टिबाट बढी निर्बल हुने हुँदा तिनीहरू आफ्नो रक्षाका लागि कानून तथा समाजमाथि आश्रित हुन्छन्।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ii) नागरिकताको दृष्टिबाट स्त्रीहरू पुरुषहरूकै समान हुन्छन् । यदि पुरुषलाई आफ्नो प्रभुत्व सार्थक बनाउन तथा आफ्नो पुर्णतम विकासका लागि राजनैतिक अधिकारहरूको आवश्यकता पर्छ भने स्त्रीहरू पनि यस आवश्यकताबाट मुक्त छैनन् । पुरुषहरू आफ्ना लागि जुन अधिकारहरूको माँग गर्दछन् त्यसबाट स्त्रीहरूलाई वञ्चित राख्नु तर्कसिद्ध छैन ।

(iii) महिलाहरूलाई आत्मरक्षाका निम्ति मताधिकाररूपी कवच अवश्य प्राप्त हुनुपर्छ, अन्यथा पुरुषले उनीहरूलाई अनुचित कानूनबाट बाँध्ने प्रयास गर्नेछन् र तिनीहरू आफ्नो रक्षा पनि गर्न सक्नेछैनन् । वास्तवमा स्त्रीहरूको अधिकारसँग सम्बन्धित कानून पुरुषद्वारा मात्र बनाउनु हुन्न । मतदानको राजनैतिक अधिकारबाट वञ्चित महिलाहरूले आफ्ना नागरिक अधिकारहरूको रक्षा गर्न सक्दैनन् । उनीहरूलाई राजनैतिक अधिकारबाट वञ्चित राख्नुपर्ने कुनै तर्कसंगत कारण देखिदैन जब कि महिलाहरू पुरुषहरूसमान नै हरेक कार्य गर्न शक्छन् ।

(iv) अनेक महिलाहरू शिक्षा-सम्बन्धी योग्यतामा साधारण पुरुषभन्दा बढ़ी हुन्छन् । तिनीहरूलाई मताधिकारबाट बंचित राख्नु उचित देखिदैन । महिला मताधिकारका विरोधीहरू भन्दछन् कि महिलाहरूलाई यो अधिकार प्रदान गरेपछि गृहस्थी जीवन नष्ट हुन्छ । तर निर्वाचनमा भाग लिंदैमा गृहस्थी जीवन कसरी नष्ट हुन्छ बुझ्न सकिन्न । बरु मताधिकार महिलाहरूलाई लाभदायक नै हुन्छ, किनकि राजनैतिक विषयहरूमा रुचि लिंदा तिनीहरूमा विवेकको वृद्धि हुन्छ । पति तथा पत्नी राम्ररी तर्क-वितर्क गरी मतदान गर्ने छन् जसबाट एकताको सृजना हुन्छ ।

(v) राजनैतिक जीवनमा महिलाहरूको प्रवेशले राजनैतिक जीवन शुद्ध श्रेष्ठ तथा उत्कृष्ट बन्न जान्छ र यस प्रकारले सामान्य हितको वृद्धि हुन्छ । जुन देशहरूमा महिलाहरूलाई मताधिकारको अधिकार प्रदान गरिएको छ त्यहाँ महिलाहरूले सामाजिक सुधार-सम्बन्धी कानून निर्माणमा (उदाहरणस्वरूप-बाल-श्रम, खानी तथा महिला श्रमको प्रयोग सार्वजनिक स्वास्थ्य आदि विषयहरूमा) निर्णायक प्रभाव पारेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(vi) यस अधिकारका विरोधीहरूको भनाइ छ कि महिलाहरूमा फौजमा सेवा गर्ने क्षमता हुँदैन तर आधुनिक राज्यहरूको उदाहरणले नै यस तर्कको खंडन गर्दछ। आजको युगमा महिलाहरू सेनामा सैनिकहरू, विमान चालकहरू धाईहरू (Nurses) इत्यादिको कार्य गरिरहेका छन्। तिनीहरूमा शारीरिक निर्बलता भए यस्तो कार्य गर्न समर्थ हुने थिएनन्।

(vii) विरोधीहरूको तर्क यो हो कि अनेकौं देशहरूमा महिलाहरू स्वयं मताधिकारका इच्छुक हुँदैनन्, अथवा अधिकार पाइसकेपछि पनि त्यसको उपयोग गर्दैनन्। यस कुराको उत्तर दिंदै मिल लेख्तछन्—'मनुष्य हिड्न इच्छुक नभए पनि बन्धन फाल्नु उसलाई सदा हितकर हुन्छ।"

(ख) महिला मताधिकारका विपक्षमा तर्क (Arguments against Women Suffrage.)

(i) महिलाहरूको कार्यक्षेत्र घर हो। उनीहरूको कर्तव्य हो सन्तानोत्पत्ति र तिनीहरूको पालन-पोषण तथा शिक्षाको प्रबन्ध गरी आदर्श नागरिक बनाउनु। यदि महिलाहरूले सार्वजनिक तथा राजनैतिक जीवनमा प्रवेश गरे घरको हेरचार गर्न समय पनि रहन्न र राम्ररी ध्यान पनि सक्नेछैनन्, जसले गर्दा सम्पूर्ण सामाजिक व्यवस्था छिन्न-भिन्न हुन जानेछ।

(ii) राजनैतिक जीवनमा समर्थक भएपछि नारित्व नै नष्ट हुन्छ र स्त्रियोचित गुणहरूको हानि हुनेछ। महिलाहरूलाई मताधिकार प्रदान गऱ्यो भने परिवारमा स्पर्धा तथा विवाद उठ्न जान्छ, यसबाट गृहस्थ-जीवनको एकता नै नष्ट हुन्छ। यदि पति एउटा दलको समर्थक र पत्नी-अर्को दलको समर्थक भएमा घरभित्र नै दलबन्दी उत्पन्न हुन जानेछ र परिवारिक जीवनको सार नै नष्ट हुनेछ।

(iii) नारी स्वभावबाटै परम्परावादी तथा रूढ़िवादी र धर्मभिरू हुन्छन्, अतएव तिनीहरूलाई मताधिकार प्रदान गर्नुको अर्थ हो, अनुदार तथा रूढ़िवादी दलहरूको जग बलियो पार्नु।

(iv) महिलाहरू शारीरिक दृष्टिकोणबाट नागरिकताका कतिपय कर्तव्य-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरूको पालन गर्न योग्य हुँदैनन्, अतएव तिनीहरूलाई पुरुषहरू समान राजनैतिक बिशेषाधिकारहरूको माँग गर्ने कुनै अधिकार हुनु हुँदैन ।

(v) महिलाहरू प्रायः आफ्नो मताधिकारको प्रयोग गर्नमा त्यति इच्छुक र तत्पर हुँदैनन् । जुन देशमा महिलाहरूलाई मताधिकार प्राप्त: छ त्यहाँ पनि यथेष्ट संख्यामा यसबाट लाभ उठाउन सकेका छैनन् ।

उपयुक्त विवेचनबाट तथा जनतन्त्रवादको आधुनिक प्रवृत्तिलाई हेर्दा महिला-हरूलाई मताधिकार प्राप्त हुनुपर्दछ । मानवसभ्यताको विकासमा आदिकालदेखि स्त्रीहरूको विशेष हात रहँदै आएको छ । हरेक राज्यको भविष्य तिनीहरूको राजनैतिक क्षमता माथि निर्भर छ । महिलाहरूलाई मताधिकारबाट वञ्चित राख्ने अर्थ हुन्छ नागरिकताबाट वञ्चित राख्नु र यसको प्रभाव यो हुन्छ कि तिनीहरूले आफ्ना सन्तानहरूमा पनि उच्च नागरिकता भावनाहरूको विकास गर्न सक्तैनन् । तसर्थ देशमा तमाम नवहितका लागि महिलाहरूलाई मताधिकार प्रदान गरिनुपर्दछ ।

(४) शैक्षिक योग्यतामाथि आधारित मताधिकार (Franchise based on educational qualifications)—अनेक लेखकहरू जसमध्ये जान स्टूअर्ट मिल (J. S. Mill) को नाम सबभन्दा बढी उल्लेखनीय छ उनले मताधिकारको निम्ति शिक्षा अथवा सम्पत्तिको योग्यतालाई आधार मानेका छन् । उनीहरूको भनाइ छ कि हरेक मतदाताले शिक्षित वा कम-मे-कम साक्षर अवश्य हुनुपर्छ । मिलले यस कुरामा जोड़ दिंदै भनेका छन् कि हामी हरूले सर्वसाधारण मताधिकारभन्दा पहिले सर्वसाधारणका लागि शिक्षाको व्यवस्था गर्नु पर्दछ । शिक्षा नै मनुष्यको विवेकको कसी हो । अशिक्षित व्यक्तिहरूलाई मताधिकार दिइने हो भने शासकको निर्वाचन अविवेकपूर्ण हुन्छ र राज्यको शासन मूर्खहरूको नियन्त्रणमा जान्छ । शिक्षित व्यक्ति राजनैतिक समस्याहरूलाई राम्ररी बुझ्न सक्तछन् तर अशिक्षितहरूमा यस्तो योग्यता हुँदैन । अशिक्षित व्यक्ति तर्कभन्दा अन्तः प्रेरणा र क्षणिक आवेशबाट प्रभावित हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आलोचना :—(i) यस सिद्धान्तको पनि आलोचकहरूले खण्डन गरेका छन्। आजकल राजनैतिक समस्याहरू बहुतै जटिल हुन्छन् र खालि साक्षरताकै बलमा कसैले यस्ता समस्याहरू बुझ्न सक्तछन् भन्नु ठीक होइन।

(ii) व्यवहारमा यस प्रश्नको निर्णय गर्नु बडो कठिन हुन्छ कि शिक्षा-सम्बन्धी योग्यताको निम्नस्तर कति राख्ने। खालि साक्षरता नै शिक्षा होइन। साक्षरतालाई शिक्षाको आधारमान्न सकिन्छ। मताधिकारको प्रयोगका लागि साक्षरताभन्दा सहज बुद्धि र राजनैतिक समयका सामान्य ज्ञान बढ़ी आवश्यक हुन्छ।

(iii) राजनैतिक अधिकार व्यक्तित्वको विकास तथा नागरिक अधिकार-हरूको रक्षाको एउटा साधन हो। अशिक्षितहरूलाई यस अधिकारबाट वञ्चित राख्ने अर्थ हुन्छ व्यक्तित्वको विकासका लागि सामान्य मौकाबाट वञ्चित गर्नु। वास्तवमा विवेकपूर्ण मतदानको योग्यता अथवा समताको साक्षरतासंग कुनै सम्बन्ध छैन। गार्नरका शब्दमा—"विज्ञान तथा ज्ञानका अन्य क्षेत्रहरूमा उच्चकोटिको पाण्डित्य सार्वजनिक विषयहरूमा अज्ञानका विरुद्ध कुनै प्रमाण छैन। प्रत्येक व्यक्ति यस्ता मतदाताहरूसंग परिचित छन्, जसले कलेजमा शिक्षा प्राप्तगरेका छन्, तर जसलाई सार्वजनिक विषयहरूमा मजदूर तथा कारीगर छिमेकीहरूभन्दा पनि कम ज्ञान छ।" (High intelectual attainment in science or other fields of knowledge is not guarantee against gross ignorance in respect to public affairs and every one has known voters with college education who were less informed upon such matters than their uneducated neighbour who were artisans and working men—Garner)

तर आधुनिक जनताको प्रकृतिले मताधिकारमा शिक्षा-सम्बन्धी योग्यताको आधारलाई महत्व दिंदैन।

(५) सम्पत्ति-सम्बन्धी योग्यतामा आधारित मताधिकार (Franchise based on property qualification)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वसाधारण मताधिकारका आलोचकहरूद्वारा प्रस्तावित एउटा अर्को प्रतिबन्धले सम्पत्तिको स्वामित्वसँग सम्बन्ध राख्तछ। धनीहरूलाई स्वभावतः समाजमा नियम तथा सुव्यवस्था कायम राख्ने चिन्ता हुन्छ। राज्यमा अशान्ति तथा अव्यवस्था फैलिए धनीहरूको सबै कुरा नष्ट हुने सम्भावना हुन्छ, तर निर्धनहरू यस चिन्ताबाट मुक्त हुन्छन्। तसर्थं निर्धनहरूलाई राम्रो शासनको चिन्ता हुँदैन। अतएव देशको राजनैतिक जीवन राम्रो बनाउन यो आवश्क छ कि राजनीतिक अधिकार खालि धनिवर्गलाई नै प्रदान गरियोस्। मिलले भनेका पनि छन् कि जुनव्यक्तिहरू स्वयं केही कर (Tax) लिन सक्तैनन्, तर तिनीहरू आफ्नो मतका प्रयोगले अरूको धनको व्यय गर्न सक्तछन् तिनीहरू स्वभाविक रूपबाट अपव्ययी हुनेछन् र तिनीहरूमा बचत गर्ने कुनै इच्छा हुनेछैन तसर्थं धनीहरूलाई नै मताधिकार प्रदान गरिनुपर्दछ।

तर यो प्राचीन सिद्धान्त अब खंडित भैसकेको छ। आजको युगमा सम्पत्तिको स्वामित्वको मताधिकारका निम्ति आवश्यक योग्यता मानिदैन। सम्पत्ति मनुष्यको योग्यताको कसी होइन। धनी व्यक्ति प्रायः धेरै बुद्धिमान अथवा विवेकपूर्ण हुँदैनन्। तिनीहरूमा लोककल्याणको आदर्शलाई सामुन्ने राखी विवेकपूर्ण मतदान गर्ने क्षमताको अभाव हुन्छ। धनी व्यक्तिहरूलाई मताधिकार दिनु र निर्धनहरूलाई त्यसबाट वञ्चित राख्नु स्पष्ट अन्याय हो। यसबाट राजनैतिक अधिकार सीमित हुन्छ। यसलाई स्वीकार गर्नु हो भने बहुसंख्यक जनता मताधिकारबाट वञ्चित हुन्छन्। व्यवस्थापिकामा धनीवर्गका प्रतिनिधिहरू बाहेक कोही हुनेछैन, यसले देशमा शोषण बढ्न जान्छ। प्रतिनिधित्वको सम्पत्तिको स्वामित्वसंग कुनै सम्बन्ध नै छैन।

कर त प्रत्यक्ष अथवा अप्रत्यक्ष रूपले राज्यका सबै नागरिकहरूले दिन्छन्।

(६) निर्वाचन सम्बन्धी केही तथ्यहरू (Some facts about election)—जनप्रतिनिधि निर्वाचन गर्ने दुई प्रणाली छन्।—(i) प्रत्यक्ष निर्वाचन र (ii) अप्रत्यक्ष निर्वाचन।

(१) प्रत्यक्ष निर्वाचन प्रणाली (Direct election system)—आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मतदाताहरू प्रत्यक्षरूपले निर्वाचनमा भाग लिई आफ्ना प्रतिनिधिहरूको निर्वाचन गर्दछन् भने त्यस्तो निर्वाचनलाई प्रत्यक्ष निर्वाचन भनिन्छ । हर मतदाताले मतदान-केन्द्र (Polling Booth) मा गई आफ्नो मत इच्छित उम्मेदवारलाई दिन्छ । यसपछि मतगणना गरिन्छ र सबभन्दाबढी मत प्राप्त गर्ने उम्मेदवारलाई निर्वाचित घोषित गरिन्छ । यो प्रणाली ज्यादै प्रचलित छ र प्रायः हरेक जनतन्त्रमा तल्लो सदनमा प्रतिनिधिहरूको निर्वाचन यही प्रणालीद्वारा गरिन्छ ।

प्रत्यक्ष निर्वाचन प्रणालीको गुण (Merits of Direct Election)

(i) यस प्रणालीले मतदाताहरूमा राजनैतिक समस्याहरूप्रति रुचि उत्पन्न गर्दछ । मतदाताहरूलाई यो ज्ञान हुन्छ, कि उनीहरूको मतको प्रभाव प्रतिनिधिहरूमा पर्दछ । अतएव मतदाताहरू राजनैतिक विषयहरूमा बढी रुचि लिई त्यस्ता समस्याहरू सम्झिने गर्दछन् ।

(ii) प्रतिनिधिको अन्तिम निर्वाचन मतदाताहरूको हातमा हुने हुँदा साधारण मतदाताहरू पति विभिन्न राजनैतिक दलहरूको कार्यक्रम तथा नीति बुझ्ने प्रयत्न गर्दछन् । यसप्रकारले जनतामा राजनैतिक ज्ञानको वृद्धि हुन्छ ।

(iii) यस प्रणालीले जनतालाई स्वशासन कलामा प्रवीण बनाउँछ । निर्वाचित प्रतिनिधिहरू स्वयं जनताप्रति आफूलाई उत्तरदायी सम्झिन्छन् र जनतासँग सोझो सम्पर्क राख्तछन् ।

(iv) प्रत्यक्ष निर्वाचनमा निर्वाचकहरूको संख्या धेरै हुने हुँदा भ्रष्टाचारको सम्भावना हुँदैन ।

प्रत्यक्ष निर्वाचन-प्रणालीका अवगुण (Defects of Direct Election) सबै मतदाताहरूमा राजनैतिक अधिकारको उचित प्रयोग गर्ने क्षमता हुँदैन । निर्वाचन मण्डल एउटा विवेकशून्य समुदाय मात्र हुन्छ त्यसबाट यो आशा राख्न सकिन्न कि सावधानीका साथ र सम्झी-बुझी प्रतिनिधिहरूको निर्वाचन गर्नेछन् ।

(i) सबै राजनैतिक दलहरू आ-आफ्नो राजनैतिक प्रचार गर्दछन् र जनताले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बहुधा क्षणिक आवेशमा बढी योग्य-अयोग्यमा भेद गर्न नसंकी आफ्नो मत प्रदान गर्दछन् ।

(२) अप्रत्यक्ष निर्वाचन प्रणाली (Indirect Election System)—अप्रत्यक्ष निर्वाचन प्रणालीमा मतदाताहरू आफ्ना प्रतिनिधिहरूको निर्वाचन गर्छन् र यी निर्वाचक प्रतिनिधिहरूले नैं अन्तिम जनप्रतिनिधिहरूको निर्वाचन गर्दछन् । यस प्रकारले अप्रत्यक्ष निर्वाचन यथार्थमा दोहोरो निर्वाचन हुन्छ । प्रथमतः सबै मतदाताहरूले केही व्यक्तिहरूको निर्वाचन गर्दछन् र त्यसपछि पुनः यी निर्वाचित प्रतिनिधिहरूले खास प्रतिनिधिहरूको निर्वाचन गर्दछन् । यस प्रकारले अप्रत्यक्ष निर्वाचन प्रणालीमा प्रतिनिधिहरूको अन्तिम निर्वाचन साधारण मतदाताहरूबाट नभई एउटा मध्यवर्ती निर्वाचक मण्डलद्वारा हुन्छ । यस प्रणालीको प्रयोग साधारणतया उच्च सदन (Upper House) निर्माणका लागि गरिन्छ भारतको राज्यपरिषद् (Council of States) र अमेरिकाको राष्ट्रपतिको निर्वाचन यसै प्रणाली-अनुसार गरिन्छ ।

(७) निर्वाचन क्षेत्रहरू (Constituencies)—प्रत्यक्ष निर्वाचन प्रणालीका निर्वाचन क्षेत्र दुई प्रकारका हुन्छन् । (i) एक प्रतिनिधि निर्वाचन-क्षेत्र (Single-member contituencies) र (ii) बहुप्रतिनिधि निर्वाचन-क्षेत्र (Multi-member constituencies) । एक प्रतिनिधि निर्वाचनक्षेत्र त्यसलाई भनिन्छ जसका प्रत्येक क्षेत्रबाट केवल एउटा प्रतिनिधि मात्र निर्वाचित गरिन्छन् । जुन क्षेत्रबाट एकभन्दा बढी प्रतिनिधिहरू निर्वाचित गरिन्छन्, त्यसलाई बहुप्रतिनिधि निर्वाचन क्षेत्र भनिन्छ । एक प्रतिनिधि निर्वाचन क्षेत्रमा सम्पूर्ण देशलाई समान आकारमा अनेकौं निर्वाचन क्षेत्रहरूमा विभाजित गरिन्छ र प्रत्येक निर्वाचन क्षेत्रबाट एक-एक सदस्य मात्र निर्वाचित गरिन्छ । सबभन्दा बढी मत जसले प्राप्त गर्दछ, उसलाई निर्वाचित घोषित गरिन्छ, तर बहु-प्रतिनिधि निर्वाचन क्षेत्रमा एउटै निर्वाचन क्षेत्रबाट एकभन्दा बढी सदस्यहरू निर्वाचित गरिन्छन् । यस प्रणालीमा निर्वाचित हुन सदस्यहरूको संख्याको निर्णय क्षेत्रफलको आधारमा गरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यी प्रणालीहरूबाट लाभ—(i) यी दुवै प्रणाली धेरै सजिलां र चांडै बुझिने छन् । अतएव धेरै जसो देशहरूमा प्रचलित छन् ।

(ii) व्यवस्थापिका सदस्यहरूको निर्वाचन गर्ने क्षेत्र सानो हुनुका साथै निर्वाचन सदस्यहरू निर्वाचकहरू संग राम्रो सम्पर्क राख्न सक्तछन् ।

(iii) योजना सजिलो, सस्तो र जनतन्त्रात्मक हुन्छ । यसमा एउटा निर्धन उमेदवार पनि सजिलैसंग चुनिनवा लड्न सक्तछ ।

(iv) निर्वाचन-क्षेत्र सानो हुँदा सानो स्थितिका व्यक्तिले पनि आफ्नो प्रतिभा विकसित गर्ने सुअवसर पाउँछ ।

(v) यस प्रणालीमा राज्यका सबै अल्पसंख्यक वर्गलाई प्रतिनिधित्व प्रदान गर्न सकिन्छ ।

यी प्रणालीहरूका दोष—(i) यस प्रणालीले चुनाव क्षेत्रलाई सीमित बनाउँछ र वहुवा निकृष्ट व्यक्तिहरू नै निर्वाचित हुन्छन् ।

(ii) सीमित क्षेत्रबाट निर्वाचित व्यक्तिहरूले प्रायः स्थानीय हितलाई नै महत्त्व दिन्छन् । यसबाट राष्ट्रिय हितमा आघात पर्दछ । यस्ता व्यक्तिहरूको दृष्टिकोण पनि बहुतै संकीर्ण हुन्छ ।

(iii) यस प्रणालीमा शासनलाई निर्वाचनको नियन्त्रण गर्न सजिलो हुन्छ साथै शासनले लाभ पनि उठाउन सक्तछ ।

(iv) निर्वाचन-क्षेत्र साना-साना हुने हुँदा बहुधा त्यसमा संशोधन तथा परिवर्तन गरिरहनु आवश्यक हुन्छ । यसबाट शासनले अनुचित लाभ उठाउन सक्तछ ।

(v) यस प्रणालीको अर्को मुख्य अवगुण यो कि धेरैजसो मतको यसमा मूल्य हुँदैन, जस्तै एउटा क्षेत्रमा ५ जना उठेका छन् भने धेरै मत पाउने विजयी घोषित गरिन्छ । तर बाँकी अरू उम्मेदवारहरूको मत भने सबै मिलाउँदा विजयीले पाएकोभन्दा बढी होस्, तर तिनीहरूको मूल्य केही हुँदैन ।

(८) गुप्तमतदान प्रणाली (Secret Ballot System)—मतदान साधारणतया दुई प्रकारले गरिन्छ । एउटा खुलारूपमा र अर्को गुप्त रूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(Secret Ballot) मा। जब मतदान सबैका सामुनेमा हात उठाएर गरिन्छ त्यसलाई "खुला मतदान" भनिन्छ। जब मतदान गुप्त तरोकाले कसैले नदेख्ने गरी आफ्नो "मतपत्र" इच्छित व्यक्तिका बाकसमा हालिन्छ, त्यसलाई 'गुप्त मतदान' भनिन्छ। पहिले चुनाव खुला रूपमा मानिसहरू हात उठाई गर्दथे। तर आजकाल गुप्त मतदान नै प्रायः प्रत्येक देशमा प्रचलित छ। यस व्यवस्था-अन्तर्गत मतदाता (voter) लाई मतदानपत्र (Ballot Paper) दिइन्छ, जो उसले आफ्नो इच्छा-अनुसार कुनै पनि उम्मेदवारको पेटीमा हाल्न सक्तछ। अर्को तरीका छ, मतदातालाई उम्मेदवारहरूका नाम लेखिएको एउटा कागज दिइन्छ, जसमा मतदाताले (×) अथवा (+) को चिन्ह (जुन अङ्कित गर्न भनिएको हुन्छ) उक्त कागजमा लगाउँछ र त्यो कागज एउटा बाकसमा हालिइन्छ। पछि यी सबै कागजहरूमा अङ्कित गरिएका चिह्नहरूलाई जोड़ी बहुमत प्राप्त गर्नेलाई विजयी घोषित गरिन्छ। खुला मतदानमा मतदाताहरू आफूले रोज्न खोजेका उमेदवारहरूको सार्वजनिक रूपले घोषणा गदछन्। यस प्रणालीको समर्थन मान्टेस्क्यू जानस्टुअर्टमिल, ट्रॉट्स्की आदिले गरेका थिए। तर व्यावहारिक रूपमा यो प्रणाली सफल भएन। मतदाताहरूमाथि अनुचित प्रभाव पारी तथा यिनीहरूलाई डराई, धम्काई उम्मेदवारहरू आफ्नो दुनु सोझो गर्दथे, तर आजकल यो मतदान प्रथा प्रचलित छैन।

(९) अल्पसंख्यक प्रतिनिधित्वको समस्या—अल्पसंख्यकहरूलाई प्रतिनिधित्व प्रदान गर्ने वा नगर्ने चर्चाको विषय भएको छ। भारत ब्रिटेन तथा संयुक्त राज्य अमेरिका आदि देशहरूमा बहुमत प्रतिनिधित्व प्रणाली (Majority Representation) प्रचलित छ, जस-अनुसार एउटा निर्वाचन क्षेत्रबाट चुनाव लड़ने विभिन्न उम्मेदवारहरूमध्ये एउटा उम्मेदवार बहुमतका आधारमा निर्वाचित घोषित गरिन्छ। पराजित उम्मेदवारहरूको मत निरर्थक हुन्छ। बहुमत प्रतिनिधित्व प्रणालीको एउटा स्वाभाविक परिणाम यो हुन्छ कि अल्पमत दलले व्यवस्थापिकामा उचित प्रतिनिधित्व पाउँदैनन्। तसर्थ यो आवश्यक हुन्छ कि अल्पमतलाई प्रतिनिधित्वको आश्वासन रहन जाओस्। मिल जस्तो अल्पमत प्रतिनिधित्वका सबल समर्थक थिए। जनतन्त्रमा प्रत्येक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समुदायले आनुपातिक प्रतिनिधित्व पाउनुपर्दछ, तर बहुमत प्रतिनिधित्व प्रणाली-मा यस्तो सम्भव छैन ।

आजकल अल्पमत प्रतिनिधित्व तर्फ प्रायः धेरै देशहरूको ध्यान गएको छ। विशेष गरी प्रथम विश्वयुद्धपछि अनेक जनतन्त्रीय देशहरू ले अल्पमत प्रतिनिधित्वको व्यवस्था गरेका छन् ।

अल्पमत प्रतिनिधित्वका पद्धतिहरू :—अल्पमत प्रतिनिधित्वका निम्न-लिखित पद्धतिहरू प्रयोग गरिन्छन् —

(i) आनुपातिक प्रतिनिधित्व प्रणाली (System of Proportional Representation)
(ii) सीमित मत-प्रणाली (Limited Vote System)
(iii) एकत्रित मत-प्रणाली (Cumulated Vote System)
(iv.) द्वितीय मतदान-प्रणाली (Second Ballot System)
(v) वैकल्पिक मत-प्रणाली (Alternative Vote System)
(vi) साम्प्रदायिक प्रतिनिधित्व (Communal Representation)

(i)आनुपातिक प्रतिनिधित्व प्रणाली (System of Proportional Representation) :—अल्पमतलाई प्रतिनिधित्व प्राप्त गराउन जुन उपाय साधारणतया प्रयोग गरिन्छ तिनमा उही लोकप्रिय आनुपातिक प्रतिनिधित्व प्रणाली हो । यसको उद्देश्य हो राज्यका सबै राजनैतिक दलहरू-का साथ उचित न्याय गर्नु, जसबाट हरेकलाई व्यवस्थापिकामा लगभग त्यति नै प्रतिनिधित्व आवश्यक होस् जति कि निर्वाचकहरूमा त्यसको प्रभाव छ। यस प्रणालीका जन्मदाता उन्नाइसौं शताब्दिका एउटा अंग्रेज विद्वान् 'टामस ह्येयर, (Thomes Hare) थिए । उनको योजना थियो—निर्वाचन क्षेत्र ठूलो र अनेक प्रतिनिधिहरू निर्वाचित हुने सक्ने हुनुपर्थ्यो । निर्वाचन क्षेत्रबाट जति प्रतिनिधिहरू निर्वाचित हुन्छन्, प्रत्येक मतदातालाई त्यति नै मत दिने अधिकार हुनुपर्दछ । निर्वाचित हुनको लागि प्रत्येक उमेदवारले एउटा निश्चित संख्याभन्दा कम मत प्राप्त गर्नु हुँदेन र यो निश्चित संख्या निर्वाचनमा दिइएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मतपत्रको जम्मा संख्यालाई निर्वाचित हुने सदस्यहरूको संख्याले भाग दिएर निकाल्न सकिन्छ ।

आनुपातिक प्रतिनिधित्वको मौलिक योजना यही थियो । तर कालान्तरमा यसमा संशोधन तथा परिवर्तन गरियो । वर्तमान युगमा यसका कतिपय प्रणालीहरू प्रयोग गरिंदैछन् । यो सबै प्रणालीहरूलाई निम्नलिखित दुई वर्गमा विभाजित गर्न सकिन्छ ।

(i) परिवर्तनीय मत प्रणाली (Single Transferable Vote System)

(ii) सूत्री प्रणाली (List System)

(i) परिवर्तनीय मत प्रणाली (Single Transferable Vote System) :—यस प्रणालीमा अनेकौं प्रतिनिधि निर्वाचित हुने निर्वाचन क्षेत्रमा प्रयोग गरिन्छ । एउटा निर्वाचन क्षेत्रबाट जतिसुकै प्रतिनिधि छानिने भए तापनि प्रत्येक मतदातालाई केवल एउटा उम्मेदवारको पक्षमा मत दिने अधिकार हुन्छ । मतदाताले मतदान-पत्रमा आफ्नो प्रथम, द्वितीय, तृतीय, चतुर्थ आदि इच्छा उल्लेख गर्न सक्तछ । मतदान समाप्त भएपछि यो हेरिन्छ कि निर्वाचन क्षेत्रमा जम्मा कति मत परे । यो संख्या ज्ञात भएपछि निर्वाचन अंक (Electoral quota) निकालिन्छ । 'निर्वाचन अंक' मतहरूको त्यो निश्चित संख्या हो, जुन उम्मेदवारलाई सफल घोषित गर्न आवश्यक हुन्छ । यो प्रणाली नेपालमा वर्गीय संगठनहरूबाट राष्ट्रिय पञ्चायतका सदस्यहरूका लागि हुने निर्वाचनमा प्रयोग गरिन्थ्यो ।

(ii) सूची प्रणाली (List System)—सूची प्रणाली आनुपातिक प्रतिनिधित्वको एउटा अर्को स्वरूप हो । यसमा सबै उम्मेदवारहरू आफ-आफ्नो दलअनुसार बेग्लाबेग्लै सूचीमा राखिन्छन् । प्रत्येक दलले आफ्ना उम्मेदवारहरूको एउटा सूची प्रस्तुत गर्दछ जसमा दिइएका नाउँहरू त्यस क्षेत्रबाट छानिने प्रतिनिधिहरूको संख्याभन्दा बढ़ी हुँदैनन् । मतदाताहरू पनि व्यक्तिविशेषलाई मत नदिई एउटा कुनै दलको सूचीमा भएका सबै उम्मेदवारहरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मत दिन्छन् । यस प्रकारले व्यक्ति-विशेष भन्दा दलको महत्व हुन्छ । त्यसपछि हालिएका बढ़ी मतहरूको जम्मा संख्यालाई निर्वाचित हुने प्रतिनिधिहरूको संख्याले भाग दिई 'निर्वाचन अंक' (Electoral quota) निकालिन्छ । एउटा दलले प्राप्त गरेको मत-संख्यालाई निर्वाचन अंकले भाग दिइन्छ । त्यसपछि यो निश्चय गरिन्छ कि फलानो दलले कति स्थान प्राप्त गर्नुपर्ने हो । सबै सूचि प्रणालीहरूको आधारभूत सिद्धान्त यही हो । तर विभिन्न देशहरूमा यसमा केही संशोधन तथा परिवर्तनगरी यसलाई नयाँ रूप दिइएको छ । यो प्रणाली बेल्जियम, स्वीडेन, डेन्मार्क, नार्वे आदि देशहरूमा प्रचलित छ ।

आनुपातिक प्रतिनिधित्व प्रणालीका गुणहरू (Merits of Proportional Representation) (i) आनुपातिक प्रतिनिधित्व प्रणाली व्यवस्थापिकामा अल्पमतलाई प्रतिनिधित्व गर्न सक्ने मौका दिनु एउटा सफल उपाय हो । यस प्रणालीले प्रत्येक दललाई उसको शक्ति-अनुसार प्रतिनिधित्व प्रदान गर्दछ । यसप्रकारले व्यवस्थापिकामा लोकमतको यथार्थ प्रतिबिम्ब हुन्छ ।

(ii) आनुपातिक प्रतिनिधित्व प्रणाली-अनुसार व्यवस्थापिकामा साधारण-तथा कुनै पनि दलको बहुमत नहुने हुँदा अल्पमतलाई बहुमतको अत्याचारबाट बाँको शासनमा आफनो उचित भाग प्राप्त गर्ने क्षमता प्रदान गराउँछ ।

(iii) यो प्रणालीले एक प्रकारले राजनैतिक शिक्षा पनि प्रदान गर्दछ किनकि मतदाताहरूले आफना मत दिनु अघि विभिन्न उम्मेदवारहरू तथा विभिन्न दलहरूको नीति र कार्यमाथि विचार गर्नुपर्दछ ।

(iv) यो प्रणालीले मतदाताहरूलाई अनेकौं उम्मेदवारहरूमध्ये आफूले छान्ने स्वतन्त्रता प्रदान गर्दछ । यसमा कुनै पनि मतदाताको मत व्यर्थ जाँदैन ।

आनुपातिक प्रतिनिधित्व प्रणालीका अवगुणहरू (Defects of Proportional Representation) (i) यस प्रणालीले ठूलाठूला दलहरूको एकतालाई भंग गर्दछ किनकि बहुमत प्रतिनिधित्व प्रणालीमा साना-साना दलहरूको प्रतिनिधित्व प्राप्त हुने कुनै आशा रहदैन । तर यसमा साना-साना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दलहरूको प्रतिनिधित्व पनि हुने हुँदा राजनैतिक दलहरूको संख्या बढ्न गई जनतन्त्रात्मक शासनलाई नै अस्थिर तथा निर्बल बनाउने डर हुन्छ ।

(ii) यस प्रणालीले अल्पमतलाई प्रोत्साहित गर्ने हुँदा वर्ग-विशेषको हित सम्बन्धी कानूनहरू निर्मित हुन्छन् । व्यवस्थापिकामा कुनै पनि दलको बहुमत नहुने हुँदा शासन अस्थिर त हुन्छ नै साथै साना-साना दलहरूको स्थित महत्व पूर्ण हुन जान्छ । साना-साना दलहरू चमेरा समान हुन जान्छन्, जसले गर्दा राष्ट्रको सामाजिक जीवनको पवित्रता नष्ट हुन्छ ।

(iii यस प्रणालीमा प्रतिनिधिहरू र मतदाताहरूको सम्बन्ध घनिष्ठ हुँदैन । प्रो० बार्करले पनि यस मतलाई समर्थन गरेका छन् ।

(iv) यो प्रणाली व्यवहारिक रूपमा जटिल र कठिन छ । यस प्रणालीको सफलताको लागि मतदाता तथा निर्वाचन अधिकारीहरूमा उच्चकोटिको राजनैतिक शिक्षा आवश्यक छ । मतदाताहरूले यसका नियमहरू संझन गाह्रो छ र अधिकारीवर्गले पनि गणनामा भूल गर्न सक्तछन् ।

(v) उपनिर्वाचन (By-Election) मा जहाँ एउटा मात्र प्रतिनिधिको चुनाउ गर्नुपर्छ, यो प्रणाली प्रयोग हुन सक्तैन ।

(vi) आनुपातिक प्रतिनिधित्व प्रणाली एउटा स्वरूप सूची प्रणालीअन्तर्गत दलको संगठन र नेताहरूको प्रभाव बहुतै बढ्न जान्छ तथा साधारण सदस्य-हरूको स्वतन्त्रता नष्ट हुन्छ ।

(१०) **सीमित मत-प्रणाली (Limited Vote System):**—अल्पमत-लाई प्रतिनिधित्व प्रदाम गर्ने यो अर्को एउटा उपाय हो । यस प्रणालीमा सबै बहुसदस्य निर्वाचन-क्षेत्र आवश्यक हुन्छ । प्रत्येक मतदातालाई एक भन्दा बढी मत दिने अधिकार हुन्छ, तर उनीहरूको मतसंख्या त्यस निर्वाचन क्षेत्रबाट हुने प्रतिनिधिहरूको संख्याभन्दा हरहालतमा कम हुन्छ । उदाहरणको लागि यदि कुनै निर्वाचन क्षेत्रमा ६ प्रतिनिधि निर्वाचित हुन सक्तछन् भने प्रत्येक मत-दातालाई पाँच अथवा सोभन्दा कम मतको अधिकार दिइन्छ । यसप्रकार अल्प मतमा भएका दललाई आफ्नो एक-दुई प्रतिनिधिहरूको निर्वाचनको विश्वास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ, तर व्यवहारमा यस प्रणालीबाट केवल सबल तथा सुसंगठित अल्पमत-हरूलाई मात्र प्रतिनिधित्व प्राप्त हुन्छ। दलहरूको संख्या बढी भए यो प्रणाली असफल हुन्छ। यसले अल्पमतलाई सीमित प्रतिनिधित्व दिन सक्तछ। साना साना निर्वाचन क्षेत्रमा मात्र यसको प्रयोग गर्न सकिन्छ। आजकल ब्राजिलमा राष्ट्रीय तथा स्थानीय विर्वाचनहरूमा केही विशेष वर्गहरूको प्रतिनिधित्वका लागि यसको प्रयोग गरिन्छ।

(११) एकत्रित मत-प्रणाली (Cumulative Vote System)—यस-प्रणाली-अन्तर्गत प्रत्येक मतदातालाई त्यति नै मतको अधिकार हुन्छ जति प्रतिनिधि उसको निर्वाचनक्षेत्रबाट छानिन्छन् र मतदाता आफ्नो इच्छानुसार सबै मतहरू चाहे एउटै व्यक्तिलाई देओस अथवा उम्मेदवारहरूमा बांडोस्। जस्तै कुनै निर्वाचनक्षेत्रबाट ५ जना प्रतिनिधिहरू छानिन सक्तछन् भने हरेक मतदाताले ५ मतपत्र प्राप्त गर्दछ र उक्त मतदाताले पांचोटै मत चाहे एउटै उम्मेदवारलाई देओस् अथवा विभिन्न-उम्मेदवारहरूमा बांडोस्। यस प्रणालीको सबभन्दा ठूलो गुण हो कि अल्पमतवालाहरूले सबै मत आफ्नो उम्मेदवारलाई नै दिई विजयी बनाउन सक्तछन्। यो प्रणाली नेपालमा वर्गीय संगठनको जिल्ला समिति सदस्यहरूको निर्वाचनमा प्रयोग गरिएको देखिएको छ।

(१२) द्वितीय मतदान प्रणाली (Second Vote System) :—यस प्रणाली अन्तर्गत जब एक स्थानको लागि दुई उम्मेदवार हुन्छन्, तब बहुमत प्रणाली नै अपनाइन्छ, तर जब एक स्थानको लागि एकभन्दा बढी उम्मेदवारहरू हुन्छन् तब बढी मत पाउने विजयी हुन सक्दैन। यदि बहुमत पाउने उम्मेदवारको मतसंख्या अन्य उम्मेदवारहरूले पाएको जम्मा संख्याभन्दा कम भएमा विजयी घोषित गरिदैन। त्यस ठाउँमा सबभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारहरूका बीच मतदान गरिन्छ। यश प्रथालाई द्वितीय मतदान-प्रणाली भनिन्छ। नेपालमा प्रधान पञ्चको चुनाउमा यो प्रणाली प्रयोग गरिन्छ। यस प्रणालीलाई आनुपातिक प्रतिनिधित्वको दृष्टिबाट उपयुक्त भन्न सकिन्छ। पुनः यो प्रणाली त्यस्तो निर्वाचन क्षेत्रमा मात्र लागू हुन्छ जहाँ दुईभन्दा बढी उम्मेदवारहरू खड़ा हुन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१३) वैकल्पिक मत-प्रणाली (Alternative vote system) :— यो प्रणाली द्वितीय मतदान-प्रणाली समान छ, तर फरक यति छ कि यसमा दोस्रोपटक मत हाल्नुपर्दैन । यसको प्रयोग साधारणतया एउटा प्रतिनिधि मात्र छान्ने निर्वाचन क्षेत्रमा गरिन्छ । यसमा मतदाताहरू आफ्नो इच्छानुसार एक वा एकभन्दा बढी उम्मेदवारको पक्षमा आफ्नो मत दिन्छन्, जुन उम्मेदवारलाई मतदाताले रोज्नु छ, त्यसको सामुन्ने प्रथम, त्यसपछि अर्कोलाई द्वितीय, त्यसपछि तृतीय आदि उल्लेख गर्दछन् । यसमा प्राथमिकता अनुसार मतदाताहरूले उल्लेख गर्नुपर्दछ । नेपालमा वर्गीय संगठनहरूद्वारा गरिने राष्ट्रिय पञ्चायतको सदस्यहरूको निर्वाचनमा यो प्रणाली प्रयोग गरेको पाइन्छ । साथै भारतीय 'राष्ट्रिय कांग्रेसका' अध्यक्षको निर्वाचनमा पनि यही प्रणाली उपयोग भएको पाइन्छ ।

(१४) साम्प्रदायिक प्रतिनिधित्व (Communal Representation)--साम्प्रदायिक आधारमा अल्पमत प्रतिनिधित्वको व्यवस्था सर्वप्रथम अंग्रेजहरूले भारतमा गरेका थिए । यस प्रणालीमा हरेक धार्मिक सम्प्रदायको लागि व्यवस्थापिकामा प्रतिनिधिहरूको संख्या निश्चिन्त गरिन्छ । एउटा सम्प्रदायका मतदाताहरूलाई धर्म अनुसार वर्गीकरण गरिन्छ । एउटा सम्प्रदायका मतदाताहरूले आफ्नै सम्प्रदायका उम्मेदवारहरूलाई मत दिनुपर्दछ । उदाहरणस्वरूप—मुसलमानहरूले मुसलमान उम्मेदवारलाई नै मत दिनु, सिख मतदाताहरूले सिख उम्मेदवारलाई नै मत दिनु आदि निर्वाचन क्षेत्रहरूको निर्माण पनि धार्मिक आधारमै गरिएको हुन्छ । निर्वाचनमा भाग लिने दलहरूको मतभेद राजनैतिक तथा आर्थिक दृष्टिकोणबाट भएको हुँदैन, बरु धार्मिक आधारमा हुन्छ । १९०९ ई० को कानूनमा अंग्रेजहरूले यस्तो व्यवस्था गरेका थिए, त्यसपछि १९१९ ई० र १९३५ ई० का कानूनहरूमा पनि यस्तो व्यवस्था गरेका थिए । राष्ट्रिय एकतालाई हानि पुऱ्याउने हुँदा जनतन्त्रीय भारतको संविधानमा यस्तो प्रणालीले प्रश्रय पाएको छैन र विश्वका अन्य देशहरूमा पनि यस्तो व्यवस्था कहीं पाइँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय १७

राजनैतिक दल

(Political Party)

आजको विश्वमा राजनैतिक दलको महत्त्वपूर्ण स्थान छ । विश्वका प्रायः हरेक राष्ट्रमा राजनैतिक दलहरू विद्यमान छन् । राजनैतिक दल-विनाको प्रजातान्त्रिक प्रणालीको कल्पना विश्वका ठूला राष्ट्रहरूले गर्न सकेका छैनन् । राष्ट्रको जनमत निर्माणमा राजनैतिक दलहरूको महत्त्वपूर्ण स्थान रहँदै आएको छ । विश्वका ठूला राष्ट्रहरूमा राजनैतिक दलहरूले नै राष्ट्रलाई डोऱ्याउँछन् । तसर्थ राजनैतिक दलको राष्ट्र निर्माणमा ठूलो हात रहन्छ ।

राजनैतिक दलको परिभाषा—राजनैतिक दल यस्ता व्यक्तिहरूको योग वा समुदायलाई भनिन्छ, जो कतिपय सामान्य विश्वास अथवा नीतिहरूलाई कार्यान्वित गर्ने उद्देश्यले संगठित गरिएको हुन्छ । राजनैतिक दलको परिभाषा गर्दै मेकाइवरले लेखेका छन् "राजनैतिक दल त्यो समुदाय हो जसको संगठन कुनै नीति वा सिद्धान्तको समर्थनको लागि संगठित गरिएको हुन्छ र जसले संवैधानिक उपायहरूद्वारा ती सिद्धान्त वा नीतिहरूलाई शासनको आधार बनाउने प्रयत्नमा सदा संलग्न रहनुपर्दछ ।" [A Political party is an association organised in support of some principle or policy which by constitutional means it endeavours to make the determinate of Government--Mac Iver]

राजनैतिक दलका सम्बन्धमा गेटेलले लेखेका छन्—"राजनैतिक दल यस्ता नागरिकहरूको न्यूनाधिक संगठित समुदाय हो, जो एउटा राजनैतिक एकाई सरह कार्य गर्छ र आफ्नो मतदानको शक्ति प्रयोग गर्ने शासनलाई आफ्नो नियन्त्रणमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राख्ने र आफ्ना सामान्य नीतिहरूलाई कार्यान्वित गर्ने प्रयत्न गर्दछ।" (A political party consists of a group of citizen, more or less organised, who act as a political unit, and who, by the use of their voting power, aim to control the govenment and carry out their general policies--Gatel)

गिलक्राइस्टले राजनैतिक दलको परिभाषा यसप्रकारले दिएका छन्— "राजनैतिक दल नागरिकहरूको त्यस संगठित समुदायलाई भनिन्छ, जसका सदस्य समान राजनैतिक विचार राख्तछन् र एउटा राजनैतिक इकाइका रूपमा कार्य गर्दै शासनलाई आफ्नो हातमा लिने प्रयत्न गर्छन्।" [A political party is an organised group of citizen who profess to share the same political views and who, by acting as a political unit, try to control the government--Gilchrist]

एडमन्ड बर्कका शब्दमा "राजनैतिक दल केही व्यक्तिहरूको एउटा त्यस्तो समूह हो, जो कुनै सिद्धान्त-उपर एकमत भई आफ्ना सामूहिक प्रयत्न-हरूद्वारा जनताको हितको लागि काम गर्न चाहन्छन्।" (A Political party is a body of men, united for the purpose of promoting by their joint endeavours the public interest upon some principle on which they are all agreed--Burke)

राजनैतिक दलका सम्बन्धमा उपरोक्त परिभाषाहरू आफ्ना स्थानमा ठीक छन्। एउटा कुरा सत्य हो कि राजनैतिक जीवनसँग सम्बन्धित सबै प्रश्नहरू उपर सम्पूर्ण जनता एकमत हुनु सम्भव छैन, अतएव प्रत्येक प्रजातांत्रिक देश-मा अनेकौं राजनैतिक दल पाइन्छन्। प्रत्येक राजनैतिक दल मानव स्वभावका दुई आधारभूत प्रवृत्तिहरू ऊपर आधारित्त छ, प्रथम कुरा के हो भने प्रत्येक व्यक्तिको आफ्नै धारणा हुन्छ। दोस्रो कुरा ती धारणाहरूलाई संगठित रूपले अभिव्यक्ति गर्नको लागि तथा धारणा अनुरूपको शासन व्यवस्थालाई समर्थन गर्न उद्देश्यले मनुष्य समान विचारधारा भएका व्यक्तिहरूसँग मिल्छ। यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकारले राजनैतिक दल उदय हुन्छ। कुनै पनि समुदायलाई राजनैतिक दलको संज्ञा दिनको लागि निम्नलिखित चार तत्वको आवश्यकता हुन्छ :—

(क) संगठन :—राजनैतिक दल हुनको लागि संगठन नितान्त आवश्यक कुरा हो। संगठन-विना सामान्य सिद्धान्तहरूलाई कार्यान्वित गर्न गाह्रो पर्छ। संगठन नै राजनैतिक दलको शक्तिको रहस्य हो।

(ख) मूलभूत (आधार भूत) सिद्धान्तमा एकता :—एउटा राजनैतिक दल निर्माण गर्ने सबै व्यक्तिहरूको राजनैतिक सिद्धान्त तथा उद्देश्य समान हुनु पर्छ। व्यवस्थाका सम्बन्धमा मतभेद हुन सक्छ, तर सिद्धान्तचाहिं एउटै हुनु-पर्छ। सिद्धान्तको एकताका अभावमा सहयोग असम्भव हुन्छ।

(ग) वैधानिक उपायको प्रयोग :—राजनैतिक दलले आफ्नो आदर्शलाई कार्यान्वित गर्नको लागि वैधानिक साधनलाई प्रयोग गर्नुपर्छ। जुन राजनैतिक-व्यवस्थालाई समाप्त पार्ने प्रयत्न गर्छ त्यस्तो संगठनलाई राजनैतिक अर्थमा राजनैतिक दलको संज्ञा दिन सकिन्न।

(घ) राष्ट्रिय हितको वृद्धि :—सबै राजनैतिक दलले वर्गगत वा साम्प्रदायिक हितलाई बिर्सी राष्ट्रिय हितको वृद्धि गर्न प्रयत्न गर्नुपर्छ। जब कुनै राजनैतिक दलले वर्ग हित वा स्वार्थपूर्ण उद्‌देश्य प्राप्त गर्ने प्रयत्न गर्छ। जब कुनै दल एउटा गुट (Faction) मात्र रहन जान्छ। कुनै पनि गुटलाई राजनैतिक दलको संज्ञा दिन सकिन्न। गुट-बन्दीले राष्ट्रिय हितको वृद्धि गर्दैन। राष्ट्रिय हितलाई ध्यान नदिने संगठनलाई राजनैतिक दल भन्न सकिन्न।

राजनैतिक दलको महत्व :—आधुनिक शासन-व्यवस्था लोकमत-उपर निर्भर छ। हरेक राजनैतिक दलले जनताको इच्छालाई कार्यान्वित गर्ने प्रयत्न गर्छ। तर प्रश्न यो उठ्छ-कि जनताको इच्छा जान्ने उपाय के हो? स्थानीय तथा राष्ट्रिय समस्याहरूप्रति जनताको-रुचि कसरी उत्पन्न गर्नसकिन्छ? ती समस्याहरूलाई शासनले कसरी समाधान गर्नसक्छ? जनताको इच्छाको अभिव्यक्ति कसरी थाहा पाउने? जनताको धारणालाई कार्यान्वित गर्ने कुनै उपाय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैन ? आफ्नो धारणालाई प्रभावशाली बनाउनको लागि जनताले कस्तो र कुन प्रकारको संगठन गर्ने ? उपरोक्त प्रश्नहरूको समाधानको लागि नै राजनैतिक दलको उदय भएको हो । अतएव राजनैतिक दललाई प्रजातन्त्रको आधारशिला भनिन्छ । वेगहाटको शब्दमा—"दलगत शासन उत्तरदायी शासनको महत्वपूर्ण सिद्धान्त हो ।" राजनैतिक दल उत्तरदायी शासनको अविभाज्य अंग हो । राजनैतिक दल दलविना प्रजातन्त्रको कल्पनासम्म पनि गर्न नसकेका पश्चिमी विद्वान्हरू छन् । राजनैतिक दलको आभावमा स्वतन्त्रताको अभाव रहन्छ । राजनैतिक दललाई 'प्रजातन्त्रको प्राण' (Life-blood) भनिएको छ । राजनैतिक दल लाई सरकारको 'चतुर्थ अङ्ग' (Fourth organ) भनिएको छ । प्रतिनिधिमूलक प्रजातन्त्र (Representative Democracy) को सफलता राजनैतिक दलहरू उपर नै निर्भर छ । फाइनरका अनुसार—"दलहरूको अभावमा मतदाता या त नपुंसक हुन्छन् वा विनाशकारी र मतदाता यस्तो असम्भव नीतिहरूको पछि लाग्नेछन् कि यसबाट राजनैतिक यन्त्र नै ध्वस्त हुनेछ ।" (Without parties an electorate would be either important or destructive by embarking on impossible policies that would only wreck the political machine —Finer] राजनैतिकदलले अमुर्त मतदाताहरूलाई मूर्तरूप दिन्छन् । राजनैतिक दल विना संसदीय शासनव्यवस्था चल्न नसक्ने कुरा लीकाकले पनि देखाएका छन् । लीकाक कै शब्दमा —"राजनैतिक दलको अभावमा संसदीय शासन-प्रणाली चल्नु असम्भव छ ।" (Without the existence of political parties, the functioning of parliamentary Government would be impossible. —Leacok) राजनैतिक दलले अगणित मतदाताहरूको अव्यवस्थित भीड़मा एउटा व्यवस्थाकायम गर्छ । राजनैतिक दलहरूले नै मनुष्यको अस्पष्ट तथा परस्पर विरोधी विचारहरूलाई रूप र आकार प्रदान गर्छन् । राजनैतिक दलले नै जनतालाई संगठन र नेता प्रदान गर्छ । राजनैतिक दलका संबंधमा मेकाइवरले लेखेका छन्—'यदि राजनैतिक दल नहुने हो भने सिद्धान्तको एकीकृत अभिव्यक्ति हुन सक्तैन, नीतिको नियमित विकास असंभव हुन जान्छ. नियमितरूपले संसदीय निर्वाचकको वैधानिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपाय प्रयोग गर्ने तरीका समाप्त हुन जान्छ, र ती समस्त संस्थाहरूको अन्त्य हुन जानेछ, जसको माध्यमबाट राजनैतिक दलले शक्ति ग्रहण गर्दथ्यो ओ तिनलाई जीवित राख्ने प्रयत्न गर्दथ्यो।' (Without political parties there can be no unified statement of principle, no orderly evolution of policy, no regular resort to the constitutional device of parliamentary elections not of course any of the recognised institution by means of which a party seeks to gain or maintain power,–Mac Iver.) केही व्यक्ति हरूको विचार छ कि राजनैतिक दलमा अनेकौं अवगुणहरू हुन्छन । तसर्थ दलरहित शासन व्यवस्था नै राम्रो हुन्छ। तर सरकारबाट गरिने प्रत्येक कार्यको लागि संगठित सहयोगको आवश्यकता पर्छ। राजनैतिक दल संगठित सहयोगको प्रतीक हो राजनैतिक दल जनमत निर्माण र जनताको विचार अभिव्यक्तिको महत्वपूर्ण साधन हो। दल संगठनको अभावमा लोकमतको निर्माण असंभव प्रायः हुन्छ। संगठनको अभावमा समाजमा अव्यवस्था फैलिन्छ। यस सम्बन्ध मा लार्ड ब्राइसको वाक्य घतलाग्दो छ—"दल अनिवार्य छ कुनै पनि ठूलो स्वतन्त्र देश दल विना रहन सकेको छैन। कुनै पनि व्यक्तिले यो कुरा व्यक्त गरेको छैन कि प्रतिनिधिमूलक व्यवस्था दल विना कसरी चल्न सक्छ। दलले मतदाताहरूको अव्यवस्थामा शान्ति र व्यवस्था उत्पन्न गर्छ। यदि दलबाट कुनै अवगुण उत्पन्न हुन्छ भने अर्कोतर्फ यसले केही अवगुणहरूलाई समाप्त पनि पार्छ।" (Parties are enevitable. No free large country has been without them—No one has shown how representative government could be worked without them. They bring order out of the chaos of a multitude of votes. If parties cause some evils, they avert and mitigate orders.—Lord Bryce.)

राजनैतिक दलको कार्य (Functions of the Political Party)– आधुनिक युगमा दल-पद्धति प्रजातंत्रको सफलताको लागि आवश्यक छ। दल-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पद्धतिले प्रजातन्त्रलाई मूर्तरूप प्रदान गर्छ। टी० बी० स्मिथका शब्दमा "राजनैतिक दल प्रजातन्त्रको रीड (Back bone) हो।" राजनैतिक दल केही राजनैतिक उद्देश्य प्राप्त गर्न र सरकारको निर्माण गर्नको लागि संगठित गरिन्छ। आफ्नो उद्देश्य पूर्ति गर्नको लागि राजनैतिक दलले अनेकौं कार्य गर्नुपर्छ —

(i) जनतामा राजनैतिक चेतनाको प्रचार—राजनैतिक दलहरूले समय-समयमा सार्वजनिक सभाहरू गर्छन्, पत्र-पत्रिका निकाल्छन्। सभामा सम्बन्धित राजनैतिक दलले आफ्नो दलको राजनैतिक विचारबाट जनतालाई अवगत गराउँछन्। राजनैतिक दलहरूबाट प्रकाशित पत्र-पत्रिकामा राजनीतिका सम्बन्धमा चर्चा गरिएको हुन्छ। यसले जनतालाई राजनैतिक चेतना प्रदान गर्छ। निर्वाचनका समयमा प्रत्येक राजनैतिक दलले जनताका समक्ष आफ्-आफ्नो विचार र कार्यक्रम-प्रस्तुत गर्छन्। जनतालाई शासन-सम्बन्धी विषयमा भाग लिन उत्साहित पार्ने राजनैतिक दलहरू नै हुन्छन्। यस प्रकार राजनैतिक दलले जनतालाई चेतना प्रदान गर्छ। यस सम्बन्धमा एच० एस० चटर्जीले लेखेका छन्—"उदासीन र देश-भक्ति नभएका जनसमूहलाई दलपद्धतिले राजनैतिक शिक्षा प्रदान गर्छ। (The party system helps to inpart political education to the mass of the population which other wise have remained ignorant and unpatriotic—H. S. Chatterjee.)

(ii) सार्वजनिक नीतिहरूको निर्माणमा जनताको नेतृत्व—सर्वसाधारण जनता आधुनिक युगका जटिल समस्याहरू सम्झिन सक्तैनन्। राजनैतिक दलहरूले त्यस्ता समस्याहरूलाई सजिलो रूपमा र समस्याको समाधान गर्ने उपाय समेत जनताका समक्ष राख्छन्। वाद-विवाद, जनसभा, समाचार पत्र आदिको माध्यमबाट राजनैतिक दलले समस्याका विभिन्न पक्षलाई जनताको समक्ष राख्छन्। यसैले राजनैतिक दललाई "विचारको दलाल" (Broker of ideas) भन्दछन्। डा० आशीर्वादम्का शब्दमा—'निस्सन्देह आधुनिक राज्यको जटिल परिस्थितिमा समस्या र नीतिहरूलाई स्पष्ट गर्नमा राजनैतिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दलले महत्वपूर्ण योगदान गर्छन् । जुनप्रकार दुवै पक्षका वकीलको जिरह बहस आदिबाट न्यायाधीशले मुद्दालाई ठीकसँग बुझ्दछन् त्यस्तै प्रकारले राजनैतिक दलहरूका प्रचारबाट मतदाताहरू, देशका समस्याहरू र त्यसको समाधान गर्ने बाटो राम्ररी बुझी आफ्नो कर्तव्य निश्चित गर्छन् ।

(iii) सरकारी कर्मचारीहरूको निर्वाचन—राजनैतिक दलहरूको प्रमुख कार्य सरकारको निर्माण गर्नु हो । यसको लागि दलहरूले अधिकारहरूको निर्वाचनमा भाग लिन्छन् । निर्वाचनमा प्रत्येक दलले आफ-आफ्ना उम्मेदवारहरूलाई खडा गर्छन् । प्रत्येक दलले आफ-आफ्नो योजना र लक्ष्यको प्रचारद्वारा जनतालाई आकर्षित गर्छन् । जनताले आफ्नो इच्छाअनुसार उपर्युक्त दलका उम्मेदवारलाई विजयी बनाउँछन् । यस प्रकार जनताले उपयुक्त व्यक्तिलाई सरकारको संचालन गर्न निर्वाचित गर्दछन् । यस सम्बन्धमा एउटा विद्वान्ले लेखेका छन्—"सरकारको अधिकारी निर्वाचन वा छनोटमा राजनैतिक दलबाट धेरै नै सहयोग पाइन्छ ।"

(iv) शासन-सञ्चालन गर्नु तथा आलोचना गर्नु—यथार्थमा भन्ने हो भने राजनैतिक दलले नै सरकारको कार्य गर्छ । आम निर्वाचनमा जुन दलको बहुमत विधानमण्डलमा हुन्छ त्यही दलले नै सरकारको गठन गर्छ। सत्तारूढ दलको नै सरकारमाथि नियन्त्रण रहन्छ औ समस्त शासन कार्यको भार त्यही दलमाथि रहन्छ । विधान-मण्डलमा जुन दलको बहुमत हुँदैन तिनले सत्तारूढ दलको विरोध गर्छन् । सरकार तथा सत्तारूढ दलको आलोचना गरी स्वच्छाचारिताउपर विरोधी नियन्त्रण राख्तछन् । सत्तारूढ दललाई जहिले पनि अविश्वास प्रस्तावको डर हुने हुँदा विरोधी दलको आलोचनामाथि ध्यान दिँदै उसले कार्य गर्दछ । यसप्रकार सत्तारूढ दलले शासनको सञ्चालन गर्दछ।

(v) दलव्यवस्था सरकार र जनताको बीच कड़ी—राजनैतिक दलले सरकार र जनताका बीच मध्यस्थको कार्य गर्छ । राजनैतिक दलहरूले नै जनताको विचार, आशा र धारणा एवं इच्छाहरू सरकारका समक्ष पुऱ्याउँछन्, सरकारको नीति, कार्यक्रम, सफलता एवं विफलताको सूचना राजनैतिक दलले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नै जनतालाई दिन्छन्, राजनैतिक दलको संगठन आधारमा नै सरकारले देशमा लागू गरिने कार्यहरूको घोषणा गर्छ ।

(vi) राजनैतिक दलद्वारा गरिने दलसम्बन्धी कार्य--प्रत्येक राजनैतिक दलले आफ्नो संगठनको संचालनको लागि अनेकौं कार्य गर्नु पर्छ । बढी व्यक्तिहरूलाई दलको सदस्य बनाउनु, मतदाता सूची तैयार पार्नु, सार्वजनिक सभा तथा अधिवेशन गर्नु, पत्र-पत्रिका प्रकाशित आदि राजनैतिक दलले उपरोक्त कार्य गरिनै रहनुपर्छ ।

(vii) सामाजिक र सांस्कृतिक कार्य--राजनैतिक दलले सामाजिक तथा सांस्कृतिक उत्थानको लागि कार्य गर्छ । खास गरी अविकसित तथा विकासोन्मुख देशमा राजनैतिक दलले सामाजिक तथा सांस्कृतिक उत्थानको लागि महत्वपूर्ण कार्य गर्छ । छुआ-छूत हटाउन, जमीनदारी उन्मूलन गर्न, भूमि वितरण गर्न आदि देश-विकासका कार्यहरूमा राजनैतिक दलहरूले महत्वपूर्ण योगदान गर्न सक्छन् । भारतमा राजनैतिक दलहरूले उपरोक्त कार्यहरूमा सरकारलाई सहयोग दिंदै आइरहेको हामी सबैलाई ज्ञात छ ।

(viii) सरकारका विभिन्न अङ्गहरूमा सामञ्जस्य स्थापित गर्नु-राजनैतिक दलहरूले शासनका विभिन्न अङ्गहरूका बीच पुलको कार्य गर्छन् । सरकारका तीन अङ्ग-व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका हुन्छन् । तीन अङ्ग बेग्ला-बेग्लै कार्य गर्छन् । यी तीनै अंगलाई मिलाएर नै सरकार बन्छ । तसर्थ सरकार भनेको एउटै शरीर हो । सरकारका विभिन्नअंग भनेको शरीरका विभिन्न अङ्ग समान हुन् । अतः सरकार का विभिन्न अङ्गमा सामञ्जस्य स्थापित नगर्ने हो भने शासन यन्त्र नै असफल हुन जान्छ । राजनैतिक दलहरू सरकार का विभिन्न अंग्रहरूका बीच सामञ्जस्य स्थापित गर्ने सर्वोत्तम साधन हुन् । संसदीय व्यवस्थामा व्यवस्थापिका र कार्यपालिका एउटै दलको अनुशासन बाट बाँधिएका हुन्छन् । अध्यक्षात्मक व्यवस्थामा राजनैतिक दलको महत्व अझै बढन जान्छ किनकि यस व्यवस्थामा सरकारका तीनै अंगहरू पूर्णरूपले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बेग्ला बेग्लै रूपमा कार्य गर्छन् । तसर्थ अध्यक्षात्मक प्रणालीमा सरकारका तीनै अंगका बीच निकटतम सम्बन्ध दल व्यवस्थाबाट नै ल्याउन सकिन्छ। दलीय बन्धनले तीनै अंगलाई एक रूपमा बाँध्छ । तसर्थ सरकारको एकता कायम राख्नको लागि राजनैतिक दलहरूले सराहनीय कार्य गर्छन् ।

दल पद्धति (Party System) —राजनैतिक दल-पद्धतिका तीन रूप छन्—

(क) द्विदलीय पद्धति (Bi-Party system or Two party System)

(ख) एकदलीय-पद्धति (One or Single Party System) र

(ग) बहुदलीय-पद्धति (Multi Party System) ।

(क) द्विदलीय पद्धति—द्विदलीय पद्धति त्यसलाई भनिन्छ जहाँ दुई प्रमुख राजनैतिक दल हुन्छन् । यस पद्धतिमा दुई प्रमुख राजनैतिक दलले समय-समयमा व्यवस्थापिकामा बहुमत प्राप्त गरी सरकारको निर्माण गर्छन् । यस व्यवस्था-अन्तर्गत अन्य राजनैतिक दल पनि हुन्छन्, तर प्रमुखता केवल दुईदलको मात्र रहन्छ । उदाहरणको लागि बेलायत (ब्रिटेन) लाई लिन सकिन्छ। ब्रिटेनमा धेरै कालदेखि द्विदलीय पद्धति नै चल्दै आइरहेको छ । त्यहाँ दुई प्रमुख दल छन्—मजदूर दल (Labour Party) र अनुदार दल (Conservative party) । यी दुई दल-बाहेक अन्य दल; जस्तै उदार दल (Liberal Party) पनि ब्रिटेनमा छ तर गौण र महत्वहीन छ ।

द्विदलीय पद्धतिका लाभ वा गुण—(i) द्विदलीय पद्धति-अन्तर्गत सरकारमा स्थिरता रहन्छ । एउटा दलले सरकारको गठन गर्छ र अर्को दलले विरोधीको रूपमा कार्य गर्छ । यसबाट सरकार बढी दिगो र स्थिर रहन्छ तथा विरोधी दलले गर्दा सरकार निरंकुश पनि हुन पाउँदैन ।

(ii) द्विदलीय पद्धति-अन्तर्गत मंत्रिमण्डलको निर्माण सजिलैसँग गर्न सकिन्छ । किनकि व्यवस्थापिका सभामा बहुमत भएको दलले मन्त्रिमण्डलको गठन गर्छ र अर्को दलले विरोधीका रूपमा कार्य गर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(iii) द्विदलीय पद्धतिमा प्रधानमन्त्रीको स्थिति सुदृढ़ रहन्छ । किनकि व्यवस्थापिका सभामा बहुमत भएकै दलको नेता प्रधानमन्त्री हुन्छन् । यस प्रकार प्रधानमन्त्री देशको वास्तविक शासक बन्न जान्छन् ।

(iv) द्विदलीय पद्धतिमा जनता प्रत्येक दलको उद्देश्य, लक्ष्य तथा कार्यक्रमबाट परिचित हुन्छन् । किनकि दुवै दलको कार्यक्रम स्पष्टरूपले जनताका समक्ष राखिन्छ । जनताले प्रत्येक दलको कार्यक्रमलाई बुझी मतदान गर्छन् । जनताले बुझेर मतदान गरेको बहुमतप्राप्त दलको मन्त्रिमण्डल निश्चय नै स्थिर रहन्छ !

(v) द्विदलीय पद्धतिमा विरोधी दलको संगठन प्रभावशाली हुन्छ । विरोधी दलले सदैव् सरकारको रचनात्मक आलोचना गर्छ । सत्तारूढ़ दल अपदस्थ भएपछि मन्त्रिमण्डलको निर्माण विरोधी दलले नै गर्ने सम्भावना रहन्छ ।

द्विदलीय पद्धतिको दोष—(i) द्विदलीय पद्धति-अन्तर्गत सत्तारूढ़ दलको मन्त्रिमण्डल निरंकुश हुने धेरै सम्भावना रहन्छ किनकि व्यवस्थापिकाको विश्वास रहुन्जेल मन्त्रिमण्डल स्थिर रहन्छ ।

(ii) दलीय अनुशासनले गर्दा व्यवस्थापिकाको स्थिति कमजोर हुन्छ किनकि व्यवस्थापिका बहुमतमा प्राप्त दलले नै मन्त्रिमण्डलको गठन गर्छ । तसर्थ व्यवस्थापिकाले मन्त्रि-मण्डलको निर्देशन-अनुसार नै कार्य गर्छ । मंत्रि-मण्डलका सदस्यहरू सम्बन्धित दलका प्रभावशाली नेताहरू त हुन्छन् नै साथै व्यवस्थापिकाका बहुमत प्राप्त दलका अगुवा पनि हुन्छन् ।

(iii) द्विदलीय पद्धतिमा मतदाताहरूलाई मतदानका समयमा बढी स्वतन्त्रता रहँदैन । किनकि मतदाताहरूले दुई मध्ये कुनै एकदललाई मतदान दललाई मतदान गर्नु नै पर्छ ।

(ख) एकदलीय पद्धति (One or Single Party System) एकदलीय पद्धति त्यसलाई भनिन्छ, जहाँ एउटा मात्र राजनैतिक दल रहन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकदलीय शासन व्यवस्था भएको देशमा अर्को दलको संगठन अवैधानिक र गैरकानूनी हुन्छ। एक-बाहेक अर्को दलको संगठन गर्ने अनुमति सरकारद्वारा दिइँदैन। उदाहरणको लागि रूस, चीन, हंगरी, चेकोस्लोवाकिया, पोलैण्ड, अलबानिया, पूर्वी जर्मनी आदि देशहरूमा एकमात्र साम्यवादी दल छन्। द्वितीय विश्वयुद्धभन्दा केही अघि जर्मनी र इटलीमा पनि एक दलको मात्र शासन थियो। एउटा दलको मात्र शासन व्यवस्था रहने देश वा राज्यलाई सर्वाधिकारवादी राज्य' (Totalitarian State) भनिन्छ।

एकदलीय पद्धतिका गुण—(i) एकदलीय पद्धति-अन्तर्गत सरकार स्थिर रहन्छ। किनकि कुनै अर्को विरोधी दल यस पद्धतिमा हुँदैन। तसर्थ विरोधी दलद्वारा मन्त्रिमण्डल अपदस्थ हुने प्रश्न नै उठदैन।

(ii) विरोधी दलका अभावमा सरकारी कार्यहरूको आलोचना हुन पाउँदैन। फलतः सरकारले दृढतापूर्वक आफ्नो कार्यको संचालन गर्छ। सरकारले ठूलठूला योजना बनाई शक्तिशाली शासनको निर्माण गर्न सक्छ। प्रजातन्त्रका विरुद्ध जति पनि लाञ्छना लगाइन्छ ती सबैको निराकरण एकदलीय पद्धतिमा हुन्छ।

(iii) देशमा संकटकाल स्थिति उत्पन्न भएको बखत वा युद्धको समयमा एकदलीय शासन बढ़ी उपयोगी प्रमाणित हुन सक्छ। संकटकालमा यस पद्धति अन्तर्गत चाँड़ो निर्णय लिन र परिस्थिति-अनुसार देशका नीति निर्धारित गर्न सजिलो पर्छ। विरोधी दलको अभावमा सरकारले दृढ़ र दरिलो नीति अपनाउन सक्छ।

एकदलीय पद्धतिका अवगुणहरू—(i) यस पद्धतिमा निरंकुश शासनको स्थापना हुन जान्छ। केवल सत्तारूढ़ दललाई, मात्र जीवित रहने अधिःकार भएकाले सरकार वा सत्तारूढ़ दल निरंकुश हुन जान्छ। विरोधी दलको अभावमा सरकारले वा सत्तारूढ़ दलले आफ्नो इच्छा-बमोजिम कार्य संचालन गर्छ।

(ii) यस पद्धति अन्तर्गत विरोधी दलको अस्तित्व हुँदैन। तसर्थ सर-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारको आलोचना गर्ने अर्को कुनै दल वा यन्त्र हुँदैन । यदाकदा एक-दुई जना विरोधी निक्लेमा पनि सत्तारूढ़ दलले नाश गर्छ ।

(iii) यस पद्धतिमा राज्य र समाजका बीच कुनै विभेद गरिदैन । यस पद्धतिमा राज्यले समाजको प्रत्येक क्षेत्रमा हस्तक्षेप गर्न सक्छ । तसर्थ यस पद्धतिले लोकतन्त्रको नाश गरी अधिनायक तन्त्रको स्थापना गर्छ । एकदलीय व्यवस्था प्रजातन्त्र विरोधी व्यवस्था हो ।

(ग) बहुदलीय पद्धति (Multi-Party System) :—बहुदलीय पद्धति भनेको त्यो पद्धति हो जहाँ दुईभन्दा बढ़ी राजनैतिक दलहरू हुन्छन् । कुनै एक देशमा दुईभन्दा बढ़ी प्रभावशाली दलहरू भएमा त्यस देशलाई बहु-दलीय पद्धति भएको देश भनिन्छ । २०१७ साल पौष १ गते भन्दा अघि नेपाल बहुदलीय पद्धति भएको राष्ट्र थियो । विश्वमा बहुदलीय पद्धति भएको सबभन्दा प्रख्यात राष्ट्र फ्रांस हो । बहुदलीय पद्धति-अन्तर्गत कुनै पनि दल प्रधान हुँदैन । एक दलले अर्को दलसँग सहायता लिई मन्त्रिमण्डलको गठन गर्छ । यस्तो व्यवस्थाका प्रायः संयुक्त मंत्रिमण्डल (Coalition Ministry) को गठन हुन्छ । फ्रांसमा १८७० ई० देखि १९३४ ई० सम्म ८८ मंत्रिमण्डल को निर्माण भयो । तसर्थ फ्रांसलाई बहुदलीय व्यवस्थाको सबभन्दा उत्तम उदाहरण मान्न सकिन्छ ।

बहुदलीय व्यवस्थाको गुण–(i) यस पद्धतिमा कुनै एक दलको निरंकुश शासन स्थापित हुन सक्तैन । व्यवस्थापिकामा कुनै एकदलको मात्र बहुमत नहुँने हुँदा मंत्रिमण्डलले व्यवस्थापिकाकै निर्देशन अनुसार चल्नु पर्छ ।

(ii) अनेक राजनीतिक दल हुने हुँदा मतदाताहरूलाई आफ्नो इच्छा अनुसारको राजनैतिक दललाई मतदान गर्ने पूर्ण स्वतन्त्रता रहन्छ ।

(iii) विभिन्न वर्गको सरकारमा पूर्णरूपले प्रतिनिधित्व हुन्छ । किनकि बहुदलीय पद्धतिमा प्रायः संयुक्त सरकार नै बन्छ । संयुक्त सरकारको अर्थ हो एकभन्दा बढ़ी दलको सहयोगबाट निर्माण भएको मंत्रिमण्डल । एकभन्दा बढ़ी दलको संयुक्त मंत्रिमंडलमा विभिन्न वर्ग र स्वार्थको प्रतिनिधित्व अवश्यम्भावी हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बहुदलीय व्यवस्थाका अवगुण—(i) यस पद्धति-अन्तर्गत संयुक्त सरकारको निर्माण हुने हुँदा प्रायः सरकार निर्बल र अस्थिर हुन्छ। किनकि एकभन्दा बढ़ी दलको सहयोगबाट निर्माण भएको सरकारमा चाँडै नै मत विभिन्नता आउँछ। मत विभिन्नताले सरकार धराशायी हुन्छ। उदाहरणको लागि १८७० देखि १९३४ ई० सम्म फ्रांसमा ८८ मंत्रिमण्डलहरूको निर्माण भयो।

(ii) यस पद्धतिमा सरकारले लामा र ठूला योजना कार्यान्वित गर्न पाउँदैन किनकि संयुक्त सरकार प्रायः अस्थिर हुने हुँदा लामा योजनाहरू त्यतिकै रहन जान्छन्।

(iii) शासनमा दृढ़ताको नितान्त अभाव पाइन्छ। विभिन्न दलका सदस्यहरूले बेग्ला-बेग्लै नीति संचालन गर्न खोज्छन्। यसबाट सरकार नै निर्बल हुन जान्छ। निर्बल सरकारमा दृढ़ताको अभाव हुनु नौलो कुरा होइन।

दल पद्धतिको मूल्यांकन (Evaluation of the Party System)- दलपद्धतिलाई केही राजनीतिज्ञहरूले प्रशंसा गरेका छन् त केहीले भर्त्सना। हरेक पद्धतिमा केही गुण र अवगुण पाइन्छ। दल-पद्धतिको प्रशंसा गर्दै डा० लीकाकले लेखेका छन्—"संगठित राजनैतिक दलहरूको अभावमा संसदीय शासनको संचालन असम्भव छ।" (Without the existence of organised parties, the functioning of Parliamentary Government would he impossible—Leacock.) मुनरोको कथनअनुसार—"दलीय शासनको दोस्रो नाउँ लोकतान्त्रिक शासन हो।" तर अमेरिकी संविधानका निर्माताहरूले दल व्यवस्थाको कड़ा विरोध गरेका थिए। मार्क्सवादीहरूले दलीय व्यवस्थालाई प्रजातन्त्रको विकृत रूप भनेका छन्। दलीय व्यवस्थाको विरोधीहरूले राजनैतिक दलहरूलाई वर्ग र स्वार्थको द्योतक मानेका छन्। सर्वोदयवादीहरू दल-विहीन सरकारका पक्षपाती छन्। अब हामी दलीय व्यवस्थाको गुण र अवगुणको विवेचना गरौं।

दल-पद्धतिका गुणहरू (Merits of Party System) :—(i) राज-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नैतिक दलले जनतामा राजनैतिक चेतनाको जागरण गर्छ—लोकतंत्रीय शासनलाई व्यावहारिक रूप प्रदान गर्नका लागि राजनैतिक दलहरू हुनु आवश्यक छ। जनताजनार्दनको राजनैतिक निद्रा भंग गर्ने श्रेय दलहरूलाई नै छ। राजनैतिक दलहरूले व्याख्यान तथा पत्र-पत्रिकाहरूको प्रकासन द्वारा जनतामा राजनैतिक चेतना उत्पन्न गर्छन्। जटिल राष्ट्रिय समस्याहरूसँग जनतालाई परिचित गराई सो उपर विचार गर्न उत्साहित गर्ने र शासन-सम्बन्धी कार्यमा भाग लिन प्रेरित गर्ने कार्य राजनैतिक दलहरूले नै गर्छन्। राजनैतिक दलहरूकै कार्य-तत्परताबाट जनताजनार्दन सार्वजनिक एवं राष्ट्रिय कार्यहरूप्रति अभिरूचि देखाउँछन्। विभिन्न राजनैतिक दलहरूको प्रचार र प्रसार-ऊपर विवेकपूर्ण अध्ययन एवं मनन गरी जनताजनार्दनले उचित बाटो पहिल्याउँछन्। निर्वाचन भन्दा पूर्व जनताले सबै दलको प्रचार-उपर विचार गरीं उचित दललाई मतदान गर्छन्। यस प्रकार राजनैतिक दलहरूले जनतामा राजनैतिक जागरण उत्पन्न गर्छन्।

(ii) राजनैतिक दलद्वारा लोकमतको निर्माण—राजनैतिक दलहरूको अभावमा निर्वाचनका आधारभूत नीतिहरूको निर्माण हुन गाह्रो पर्छ। साथै निर्वाचनको समुचित व्यवस्था पनि हुन सक्तैन। राजनैतिक दलहरूले मतदाताहरूलाई देशको राजनीतिमा भाग लिन उत्साहित पार्छन् र निर्वाचन केन्द्रसम्म आई आफ्नो मतदानको अधिकारलाई साकार रूप दिन प्रेरणा दिन्छन्। विभिन्न जटिल एवं अस्पष्ट आर्थिक, राजनैतिक तथा सामाजिक समस्याहरू जनताका समक्ष पेश गरी ती समस्याहरूको समाधान गर्ने उपाय राजनैतिक दलहरूले नै जनताजनार्दनलाई बताउँछन्। राजनैतिक दलहरूको अभावमा साधारण जनता जटिल, अस्पष्ट एवं गहिरा समस्याहरू बुझ्न असमर्थ हुन्छन्। राजनैतिक दलहरूले नै जनतालाई देश का विभिन्न समस्याहरू अवगत गराउँछन्। दलहरूको माध्यमबाट नै लोकमतको निर्माण गर्न सजिलो हुन्छ। राजनैतिक दलहरूको महत्वबारे बुझेर नै लावेलले—"राजनैतिक दलहरू विचारको दलाल झैं कार्य गर्छन्" भनेका छन्।

(iii) जनमत-अनुसार नै सरकारको सञ्चालन :—राजनैतिक दल-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरू रहेकाले नै शासक दल निरंकुश तथा स्वेच्छाचारी शासन गर्न पाउँदैन। विभिन्न राजनैतिक दल भएकाले सत्तारूढ़ दलले जनताको इच्छाअनुसार शासन गर्न वाध्य हुनुपर्छ। राजनैतिक दलहरूको अभावमा जन-इच्छा प्रतिकूल शासन-व्यवस्था चलनसक्ने धेरै सम्भावना हुन्छ, तर दलीय पद्धतिमा शासन दललाई विरोधी दलहरू मिली सत्तारुढ़ दललाई पदच्युत गर्न सक्छन्। यसप्रकार राजनैतिक दलहरू भएको देशमा दलले निरंकुश र तानाशाही शासन कायम गर्न सक्तैन। प्रो० लास्कीका शब्दमा—"देशमा कैसरशाहीवाट हाम्रो रक्षा गर्ने सर्वश्रेष्ठ साधन राजनैतिक दलहरू नै हुन्।" (The Parties are our best defence against the growth of Caesarism in the country.—Laski)

(iv) शासनका विभिन्न अंगहरूमा सामञ्जस्य—राजनैतिक दलहरूले गर्दा संसदात्मक वा अध्यक्षात्मक वा दुवै प्रकारको शासन-व्यवस्थामा व्यवस्थापिका र कार्यपालिकाको बीच सामञ्जस्य स्थापित हुन्छ। संसदात्मक व्यवस्थामा त व्यवस्थापिका र कार्यपालिका बीच बहुतै निकटतम सम्बन्ध कायम रहन्छ। किनकि व्यवस्थापिका सभामा बहुमत प्राप्त राजनैतिक दलका सदस्यहरूबाटै कार्यपालिकाको गठन हुन्छ। अध्यक्षात्मक शासन प्रणालीमा शक्ति पृथकीकरणको सिद्धान्त लागू गरिएको हुन्छ। अर्थात् सरकारका तीनै अङ्गहरू—व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका स्वतन्त्र रूपले कार्य गर्छन्। एक अङ्ग अर्को अङ्गबाट पूर्णरूपले स्वतन्त्र रहन्छ। व्यवस्थापिका सदस्यहरूबाट कार्यपालिकाको गठन पनि हुँदैन। यस्तो व्यवस्था अमेरिकामा छ। यस्तो व्यवस्थामा सरकारका तीनै अंगहरूमा सामञ्जस्य र सद्भाव राजनैतिक दलहरूले नै कायक गर्छन्। गिलक्राइस्टका शब्दमा—"दलीय पद्धति वास्तवमा एउटा यस्तो तरिका हो, जसले अमेरिकी संविधानको अत्यधिक कठोरता सम्बन्धी दोषलाई कम गरेको छ।"

(v) अनुशासनको निर्माण गर्नु :—दलीय व्यवस्थामा हरेक सदस्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्बन्धित दलको अनुशासनबाट बाँधिएको हुन्छ । निर्वाचनमा प्रत्येक दलले आफ-आफ्ना उम्मेदवार खडा गर्छन् । विजयी उम्मेदवारले व्यवस्थापिकाको सदस्य भएपछि पनि सम्बन्धित दलकै अनुशासनमा रहनुपर्छ । सत्तारूढ दल पनि सम्बन्धित दलकै अनुशासनमा रहन्छ । यसप्रकार राजनैतिक दलले साधारण जनतामा पनि अनुशासनको निर्माण गर्छ । सम्बन्धित दलको अनुशासनमा नरहने प्रतिनिधि वा सदस्य-उपर राजनैतिक दलले अनुशासनको कार्यवाही गर्छ । अनुशासनमा रहने दलले नै भविष्यमा प्रगति गर्न सक्छ ।

(vi) **सबैलाई शाशनमा भाग लिने अवसर** :—दल प्रणालीको माध्यमबाट सबै व्यक्तिलाई शासनमा भाग लिने मौका मिल्छ । सत्तारूढ़ दलको परिवर्तन दलीय व्यवस्थामा भइ नै रहन्छ । तसर्थ शासनमा भाग लिने व्यक्तिहरूको परिवर्तन पनि भइरहन्छ । एउटा निर्वाचनमा एउटा दल विजयी हुन्थे भने अर्को निर्वाचनमा अर्को दल विजयी हुन सक्छ । यस प्रकार सत्तारूढ़ दलमा निर्वाचनबाट परिवर्तन हुने हुँदा विभिन्न विचार भएका व्यक्तिहरूले शासनको संचालन गर्छन् । बहुमत प्राप्त नभएको दलले विरोधीका रूपमा कार्य गर्दछ । विरोधी दलले पनि अप्रत्यक्ष रूपबाट शासनमा भाग लिन्छ । किनकि व्यवस्थापिकामा पारित हुने प्रस्ताव, नीति, कार्यक्रम आदिको निर्माणमा दलको पनि हात रहन्छ ।

(vii) **विशेषज्ञहरूको समितिको स्थापना** :—राजनैतिक दलहरूले देशका आवश्यक समस्याहरू उपर विचार-विमर्श गर्न तथा समस्याहरूको समाधान गर्नका लागि अन्वेषण संस्थाहरू तथा विशेषज्ञहरूका समितिहरू पनि निर्माण गर्छन् । ब्राइसको भनाइ-अनुसार, 'राजनैतिक दलले राष्ट्रको मस्तिष्कलाई ठीक त्यस्तै प्रकारले क्रियाशील बनाइराख्छ जुन प्रकार छालले (Wave or tide) समुद्रको जललाई ताजा राख्छ ।'' (**The parties keep the nation's mind active as the rise and fall of the sweeping tide freshes the water of the long ocean inlets—Bryce**).

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(viii) श्रेष्ठ कानूनहरूको निर्माण :—दल-प्रणालीबाट श्रेष्ठ वा राम्रो कानूनहरूको निर्माण हुन्छ। एउटा दलले अर्को दलका त्रुटिहरूलाई बताउँछ। व्यवस्थापिका सभामा सत्तारूढ दलबाट आवेश र राजनैतिक उद्देश्यबाट प्रेरित भएका कानून निर्माण विरुद्ध विरोधी दलहरूले विरोध जनाउँछन्। यसबाट सत्तारुढ दलले एउटा पाठ सिक्छ औ उक्त कानून निर्माणमा भएका त्रुटिहरूलाई सुधार्छ। लावेलका शब्दमा—"दल संगठनले राजनैतिक दलहरूलाई नियन्त्रित गर्छ।" (Party organizatious check political vagaries—Lowels)।

(ix) राष्ट्रिय एकता :—राजनैतिक दलहरूले राष्ट्रिय एकता स्थापित गर्छन्। स्थानीयता, जातिवाद, धार्मिक तथा क्षेत्रीय संकीर्णतालाई त्यागी नागरिकहरूलाई बृहत् स्वार्थ तथा देशको स्वार्थतर्फ राजनैतिकहरूले नै लग्छन्, जस्तै—चीन-भारतको युद्ध का समयमा सबै राजनैतिक दलहरूले भारतमा राष्ट्रिय एकता कायम गर्ने प्रयत्न गरे।

(x) गैर राजनैतिक सुधारहरू :—राजनैतिक दलले धार्मिक, सामाजिक तथा आर्थिक सुधारका कार्यहरूमा भाग लिन्छन्। सामाजिक कुरीतिहरूलाई हटाउन अविकसित तथा विकासोन्मुख देशमा राजनैतिक दलहरूको प्रमुख कार्य हुन आएको छ। यसका लागि राजनैतिक दलहरूले जनमतको निर्माण गर्छन्। छूआछूत, हरिजन-उद्धार, सामाजिक कुरीतिहरू तथा अन्धविश्वास हटाउने कार्यक्रममा राजनैतिक दलहरू प्रयत्नशील रहन्छन्।

(xi) स्वस्थ राष्ट्रिय तथा समाजिक जीवनको निर्माण :—राजनैतिक दलहरूले देशमा राम्रो र स्वस्थ राष्ट्रिय तथा सामाजिक जीवनको निर्माण गर्छन्। दलहरूले राष्ट्रलाई भ्रातृत्व भावको सूत्रमा गाँस्तछन्। डा० फाइनरको भनाइ-अनुसार—"राजनैतिक दलले यसप्रकार कार्य गर्छन, जसबाट प्रत्येकनागरिकलाई सम्पूर्ण राष्ट्रको ज्ञान प्राप्त हुन्छ जुन अन्य कुनै पनि उपायबाट निकै समय लाग्ने हुन्छ र बृहत् राष्ट्रको प्राप्त गर्ने असम्भव छ।"

दल पद्धतिको दोष (Demerits of party System)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(i) **विभाजन अस्वाभाविक** :—दल व्यवस्था अस्वाभाविक छ । यो मानव स्वभावको परिणाम होइन । दल व्यवस्था मानवद्वारा संगठित कृत्रिम व्यवस्था हो । मनुष्यमा कुनै मौलिक फरक छैन । राजनैतिक दलहरूले अनावश्यक रूपमा व्यक्तिहरूलाई विभिन्न दलहरूमा विभाजन गरी पुनः संगठित गर्छन् । तसर्थ दलीय व्यवस्था मनुष्य स्वभावको विपरीत छ ।

(ii) **गुटबन्दीलाई प्रोत्साहन**—राजनैतिक दलहरूले गर्दा देश विभिन्न गुटमा विभाजित हुन्छ । विरोधी गुटकाहरू बीच निरन्तर संघर्ष चलिरहन्छ, जो देशका लागि हानिकारक हुन्छ । गुटबन्दीले राष्ट्रिय एकतालाई नष्ट पार्छ । गुटबन्दीले नै गर्दा प्राय; पिटापीट, दंगा-फसाद, आपस्तमा मनोमालिन्य आदि उत्पन्न हुन्छ । यसप्रकारको घटना भारतमा प्रायः भइ नै रहन्छ ।

(iii) **जनताको नैतिक पतन**—राजनैतिक दलहरू जनताको नैतिक पतनका लागि पनि उत्तरदायी छन् । दल व्यवस्था सार्वजनिक जीवनमा बेईमानी भ्रष्टाचार, अवसरवादीले प्रोत्साहन पाउँछ । राजनैतिक दलहरूले निर्वाचनको समयमा सत्य कुरालाई लुकाई झूटो प्रचार गर्छन् । मतप्राप्तिका लागि अनैतिक र निम्नकोटिका कार्यसम्म गर्न राजनैतिक दलहरू पछि हट्तैनन् । एउटा दलले अर्को दललाई अपमानपूर्ण शब्दको प्रयोग गर्छन् । यसप्रकारले सामाजिक वातावरण नै दूषित हुन जान्छ । गिलक्राइस्टका शब्दमा—दलले बहुधा वास्तविकताको दमन गरी अवास्तविक कुराहरू प्रकट गर्ने गर्दछ ।" दलीय व्यवस्थामा तर्क र विवेकको सहारा प्रायः लिइन्न । दलीय हितका लागि जे जस्तो कार्य गर्न पनि राजनैतिक दलहरू अग्रसर हुन्छन् । यसप्रकार दल-पद्धति लोकतन्त्रका लागि खतरनाक प्रमाणित हुन सक्छ ।

(iv) **राष्ट्रिय हित गौण हुन जानु** :—दलीय व्यवस्थामा दलको हितलाई नै प्रोत्साहन दिइन्छ । यसबाट राष्ट्रिय हितको उल्लंघन हुन्छ । दलप्रतिको बफादारी राष्ट्रिय हितका लागि घातक हुन्छ । दलको हितका समक्ष राजनैतिक दलहरूले राष्ट्रिय हितलाइ बिर्सिन्छन् । यसबाट राष्ट्रको आंतरिक स्थिति नराम्रो हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यन्त्रवत् विरोध :—गिलक्राइस्टको मतानुसार, "दल प्रणालीले कुनै पनि देशको राजनैतिक जीवनलाई यन्त्रवत् बनाउँछ। विरोधी दलको एक-मात्र उद्देश्य सत्तारूढ दलको विरोध गर्नु हुन्छ। विरोधी दलहरूले सत्तारूढ दलको हरेक कदम, चाहे त्यो राम्रो होस् वा खराबलाई आँखा चिम्लेर विरोध गर्छन्। उपयोगिता र तर्कसंग विरोधी दलहरूको सम्बन्ध हुँदैन। तिनीहरूको दृष्टिकोण यति संकीर्ण हुन्छ कि कुनै प्रकारले पनि विरोध गरी शासनलाई हस्तगत गर्ने एकमात्र लक्ष्य राख्छन्।"

(vi) **योग्य व्यक्तिको सेवाबाट शासन-वञ्चित** :—दल पद्धतिले गर्दा सरकार योग्य व्यक्तिहरूको सेवाबाट वंचित रहन्छ। दल-प्रणालीमा बहुमतको मात्र विचार गरिने हुँदा र सो पनि दलका सदस्यहरूले मात्र शासन-कार्यमा भाग लिन सक्ने हुँदा कुनै पनि दलको सदस्य नभएका योग्य व्यक्तिहरूको सेवाबाट शासन वंचित रहन्छ। व्यवस्थापिका बहुमत प्राप्त राजनैतिक दलले मात्र शासन संचालन गर्ने हुँदा विरोधी दलमां भएका योग्य व्यक्तिहरू वा कुनै पनि दलमा नभएका योग्य तथा प्रतिभाशाली व्यक्तिहरूको सेवाबाट शासन सदैव वंचित रहन्छ।

(vii) **स्वार्थी राजनीतिज्ञ तथा अवसरवादीहरूलाई प्रोत्साहन**—राजनैतिक दलहरूले स्वार्थी राजनीतिज्ञ (Demagogues) तथा अवसर-वादीहरूलाई प्रोत्साहित गर्छन्। ती स्वार्थी र अवसरवादी राजनीतिज्ञहरूले नित्य नयाँ-नयाँ दलमो निर्माण गर्छन्; आफ्नो स्वार्थ सिद्ध गर्नका लागि जनता लाई भडकाउँछन् र दल-शक्तिलाई आफ्नो हातमा लिनका लागि गलत बाटो अँगाल्छन्। यसप्रकार राजनैतिक जीवन स्वार्थी तथा भ्रष्ट व्यक्तिहरूको गढ़ बन्न जान्छ।

(viii) **अप्रजातान्त्रिक संगठन** :—धेरैजसो राजनैतिक दलहरूको आन्तरिक संगठन अप्रजातांत्रिक हुन्छ सम्पूर्ण दल-उपर कुनै गुट वा केही नेताहरूको नियन्त्रण हुन्छ। दल,उपर नियन्त्रण राख्ने गुटले वा नेताले आफ्नो इच्छानुसारको निर्णय लिन सक्छ। जन-इच्छा उपाय यस गुटले कहिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विचार नै गर्दैन । यस प्रकार दलको आडमा एउटा गुट वा नेताको तानाशाही चल्दछ ।

(ix) योग्य तथा प्रभावशाली व्यक्ति विमुख हुनु—दल-प्रणालीमा भएका अवगुणहरूले गर्दा अनेकौ योग्य तथा प्रतिभाशाली व्यक्तिहरू सार्वजनिक जीवनबाट विमुख भएका छन् । यसबाट देश त्यस्तो व्यक्तिहरूको अनुभव, योग्यता तथा प्रतिभाबाट बञ्चित हुन गएको हुन्छ । यस्ता व्यक्तिहरू निर्वाचन भीरू हुन्छन् वा दलको अनुशासनमा रहन मन पराउँदैनन् ।

(x) व्यक्तिको स्वतन्त्रताको अपहरण—राजनैतिक दलहरूले गर्दा व्यक्तिको व्यक्तिगत स्वतन्त्रताको अपहरण हुन्छ । दलका सबै सदस्यहरू दलको नियन्त्रण तथा अनुशासनमा रहनुपर्छ । सदस्य महोदयले अनिच्छा हुँदाहुदै पनि दलका निर्धारित नीतिहरूको समर्थन अनिवार्यरूपले गर्नुपर्छ । दलको अनुशासनमा नरहने सदस्य-उपर अनुशासन-सम्बन्धी कार्यवाही गरिन्छ । यस सम्बन्धमा गिलवर्टको भनाई वड़ो घतलाग्दो छ—"मैले सदा आफ्नों दलको निर्देशानुसार मत दिए र स्वयं कैल्हे पनि केही विचार गरिनँ ।" दल-प्रणालीले नागरिक स्वतन्त्रताको पनि अपहरण गर्छ किनकि अनिच्छा हुँदाहुँदै पनि नागरिकले कुनै न कुनै दललाई समर्थन गर्नैपर्छ औ आफ्नो अमूल्य मत दिनै पर्छ ।

(xi) पूँजीपतिहरूको शासनमा प्रभाव—पूंजीपतिहरूले राजनैतिक दलहरूको माध्यमबाट शासनमा नियन्त्रण गर्छन् । दल प्रणालीमा दलहरूले पूंजीपतिहरूबाट आर्थिक सहयोग लिने गरेका हुन्छन् । दलले संगठन, सम्मेलन; निर्वाचन आदिका लागि पूंजीपतिहरूबाट चन्दास्वरूप धन एकत्रित गर्छन् । यस प्रकार दलहरू पूंजीपतिहरूको हातमा बिक्छन । यी पूंजीपतिहरूले सरकारउपर पनि नियन्त्रण गर्छन् किनकि दलहरूले पूंजीपतिहरूबाट आर्थिक अनुदान पाएकोले सरकार (कुनै न कुनै दलकै सरकार हुने हुँदा) पूंजीपतिहरूप्रति कृतज्ञ रहन्छ । सरकार उपर नियन्त्रण रहने हुँदा पूंजीपतिवर्गको "अदृश्य सरकार" (Invislble goverment) बन्न जान्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्दली व्यवस्था (Partyless System) :—संसदीय व्यवस्थामा भएका गुण तथा अवगुणहरूको विवेचना माथि नै गरियो । दलीय व्यवस्थामा गुण र अवगुण समान रूपमा रहेको देखिन्छ । दलीय प्रणाली ब्रिटेनको देन हो । ब्रिटेनमा दलीय व्यवस्था ५।६ सय वर्षको प्रयोगको फल हो । ब्रिटेनको दलीय व्यवस्था विश्वमा फैलियो । ब्रिटेनको उपनिवेश एशिया, अफ्रिका र अन्य महादेशमा थियो । उपनिवेश स्वतन्त्र हुन लाग्दा ब्रिटेनको संसदीय वा दलीय व्यवस्था ती उपनिवेशहरूले अंगाले । यसैको फलस्वरूप भारतमा संसदीय व्यवस्था अंगालियो । विश्व हाल ब्रिटेन र अमेरिका मा दलीय व्यवस्था राम्रो प्रकार चलिरहेको छ । विश्वका ठूला राष्ट्रहरूले दलविनाको प्रजातन्त्रको कल्पना गर्न सकेका छैनन्, तर द्वितीय विश्वयुद्धभन्दा अघि जर्मनी र इटलीमा एकदलीय व्यवस्था प्रारम्भ भयो । रूसमा पनि एकदलीय व्यवस्था प्रारम्भ भयो । रूसमा पनि एकदलीय व्यवस्था प्रारम्भ भयो । कुनै पनि व्यवस्था देशको स्थिति, जनताको आकांक्षा र देशको मोटो सुहाउँदो हुनुपर्छ । ब्रिटेनले दलीय व्यवस्था अंगाल्यो भन्दैमा सबै देशले दलीय व्यवस्था नै अंगाल्नुपर्छ भन्ने तर्क ठीक छैन । ब्रिटेनले दलीय व्यवस्थाका लागि वर्षौं लगायो हाल ब्रिटेनको जनजीवनमा दलीय व्यवस्था भिजीसकेको छ । दलीय व्यवस्थामा मात्र प्रजातन्त्र रहन सक्छ भन्नु पनि युक्त छैन । दलीय प्रणाली त जनमत निर्माण गर्ने एउटा साधन मात्र हो । पश्चिमी देशको मुखापेक्षी भएका हामी एशियालीहरू ब्रिटेन र अमेरिकामा जे जस्तो प्रणाली विकसित हुन्छ त्यसैलाई राम्रो भन्दछौं, तर कुनै पनि व्यवस्था देशको भौगोलिक स्थिति, ऐतिहासिक पृष्टिभूमि, सांस्कृतिक आधार, जनताको आकांक्षा तथा स्तरसँग मिल्न सक्ने भएमा नै फस्टाउन, फुल्न र विकसित हुन सक्छ । अरूको अनुकरण गरेर मात्र देश विकसित हुन सक्तैन औ व्यवस्था फस्टाउँदैन । अरुको अनुकरण केही दिन टिक्ला, तर दिगो रहन्न । उदाहरणका लागि पाकिस्तान, इण्डोनेशियालाई लिन सक्छौं । यी देशहरूमा पनि संसदीय र दलीय व्यवस्था प्रारम्भ गरियो, तर देशको माटो अनुरूप नभएकाले संसद विघटन हुन गयो । मोटामोटी रूपमा भन्ने हो भने एशिया महादेशमा नै संसदीय तथा दलीय व्यवस्था असफल प्रमाणित हुन गएको छ । केही विचारकहरूले दलीय वा संसदीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यवस्था असफलता हुने कारण जन-चेतना र शिक्षाको कमी मानेका छन् । तर १९६८ ई० मा ग्रीस संसदीय वा दलीय व्यवस्था अफाप प्रमाणित भयो । ग्रीस शिक्षित देश हो तापनि संसदीय वा दलीय व्यवस्था असफल भयो । तसर्थ अरू देशको अनुकरणबाट मात्र कुनै पनि व्यवस्था सफल हुन सक्छ भन्नु भ्रमपूर्ण हो ।

नेपालले २००७ सालमा क्रान्तिद्वारा १०४ वर्षको एकतन्त्रीय राणा-शासन लाई फाल्यो । २००७ सालपछि नेपालमा ब्रिटेन र भारतको अनुरूप व्यवस्था आयो । प्रजातन्त्र आगमनपछि नेपालमा विभिन्न राजनैतिक दलहरू कार्यशील भए । यद्यपि राजनैतिक दलको संगठन नेपालमा २००७ सालभन्दा पहिले नै भएको थियो, तर तत्कालीन एकतन्त्रीय सरकारले दल-व्यवस्थालाई अवैधानिक र गैर-कानूनी घोषित गरेको थियो । तथापि 'प्रजा-परिषद्' अप्रत्यक्षरूपले (Under ground) काठमाण्डू उपत्यकामा जनमत निर्माण गर्ने कार्य गरि नै रहेको थियो । २००७ सालभन्दा अघि भारतमा नेपालीहरूद्वारा राष्ट्रिय कांग्रेस नामक राजनैतिक दलको पनि गठन गरिएको थियो । यी सबै राजनैतिक दल-हरूको उद्देश्य एक तन्त्रीय राणा शासनलाई समाप्त पारी नेपालमा प्रजातन्त्रको स्थापना गराउनु थियो । २००७ सालमा राजनैतिक दलहरूको उद्देश्य पूरा भयो अब नेपालका समक्ष कुन व्यवस्था अङ्गाल्ने भन्ने प्रश्न थियो । श्री ५ राष्ट्रपिता त्रिभुवनले नेपाललाई संसदीय व्यवस्था प्रदान गरिबक्सियो । २००७ सालदेखि २०१५ साल-अघिसम्म नेपालमा विभिन्न राजनैतिक दलहरूले मन्त्रि मण्डलको गठन गरे । २०१५ साल फाल्गुन ७ गते संसद का लागि देशमा आम निर्वाचन भयो । आम निर्वाचनमा नेपाली कांग्रेसले अत्यधिक बहुमत प्राप्त गऱ्यो। दलीय व्यवस्थामा हुने अवगुण २००७ देखि नै नेपालले अनुभव गर्दै आइरहेको थियो । २००७ सालपछि नेपालमा विभिन्न राजनैतिक दलहरूले मन्त्रिमण्डलको गठन गर्दै आए, तर देश विकाश र राष्ट्रिय हित उपेक्षित भयो । दल-व्यवस्था र संसदीय प्रणालीबाट नेपालले ठोस कुरा पाउन सकेन । देशका लाटा-सुधा जनता वाद र दलमा रुमलिए । दल-व्यवस्था अफाप प्रमाणित भए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काले २०१७ साल पौष १ गतेका दिन स्व० श्री ५ महाराजाधिराज महेन्द्रले महान् ऐतिहासिक कदम उठाइबक्स्यो र दल-व्यवस्था अवैधानिक घोषित हुन गयो। २०१९ सालमा नेपालको संविधानको निर्माण हुन गयो। संविधानले राजनैतिक उद्देश्यबाट प्रेरित संघ वा संगठन स्थापित गर्न निषेध गऱ्यो। यस प्रकार नेपालमा निर्दलीय व्यवस्थाको सूत्रपात भयो।

निर्दलीय व्यवस्थाका सम्बन्धमा श्री ५ महेन्द्रबाट हुकुम भएको छ—"यस व्यवस्थामा जनताले कसैलाई आफ्नो प्रतिनिधि छान्दा ऊ कुनै राजनैतिक वा सामाजिक दलको नेता हो भनेर होइन ऊ स्थानीय जान्ने, बुझ्ने, ईमानदार ल्याकतदार र देशभक्त दलको नेता हो भनेर मात्र छान्न पाउने व्यवस्था भएको छ।" नेपालको निर्दलीय व्यवस्थाको निम्नलिखित विशेषता छ :—

(i) **दलगत राजनीतिको कुनै स्थान छैन**—पैचायती व्यवस्थामा कुनै पनि राजनैतिक वा पार्टीलाई स्थान छैन। नेपालको संविधानले "दलगत राजनीतिबाट प्रेरित कुनै पनि संघ वा संस्था" स्थापित गर्न निषेध गरेको छ। यस व्यवस्थाले देशका सम्पूर्ण नागरिकलाई नै एउटा दल सम्झेको छ। यस व्यवस्थामा शासन चलाउनका लागि जनताले पंचायतको हरेक तहमा ईमानदार र ल्याकतदार मानिसलाई अगाडि सार्नेछन् भन्ने आशा राखिएको छ। व्यक्तिले शक्ति हात पार्ने होड यस व्यवस्थामा छैन। निर्वाचन कुनै दलको विजयका लागि हुँदैन। यो स्वतः र स्वभावतः हुँदै जान्छ किनकि पंचायती व्यवस्थाको सबभन्दा तल्लो एकाई ग्राम-पंचायत वा नगर पंचायतको निर्वाचन हुनसाथ जिल्ला र राष्ट्रिय पंचायतका लागि निर्वाचन गरिन्छ। तसर्थ तलदेखि राष्ट्रिय स्तरसम्म निर्वाचन क्रमबद्ध र स्वाभाविक रूपले हुँदै जान्छ।

(ii) **विभिन्न दलका बीच संघर्ष हुँदैन**—दलीय प्रणाली मा विभिन्न दलहरूका बीच संघर्ष हुन जान्छ। सरकार गठन गर्नका लागि दलहरूका बीच होड चल्छ। पुनः एउटै दलमा पनि मत विभिन्नता हुन्छ। दल प्रणालीमा जन हितभन्दा बढ़ी दलहितमाथि विचार राखिन्छ। एशियाका विभिन्न देशहरूमा विभिन्न दलहरूका बीचको संघर्षले देशको हितलाई नै पन्छ्याएको हामी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबैलाई ज्ञात छ। विभिन्न दलहरूका बीचको संघर्षले देशको राजनैतिक, सामाजिक र आर्थिक स्थितिलाई नै धमिल्याएको प्रमाण नेपालको इतिहासले पनि दिन्छ। तसर्थ पञ्चायती व्यवस्थाले राजनैतिक दलहरूलाई निषेध गरेको छ। यस व्यवस्थामा विभिन्न दलहरूका बीच संघर्ष हुने कुनै काम नै आउँदैन। यस व्यवस्थामा श्री ५ को महान् वाणी घतलाग्दो छ—"राष्ट्रको शक्ति, संगति तथा श्रमलाई आपसी मतभेद, द्वेष र संघर्षमा खेर जान नदिई संयुक्त जवाफदेही र अविभाज्य कर्त्तव्य परायणताबाठ प्रेरित तथा संचालित भएर देश-विकासको महान अभियानलाई सबल र सफल तुल्याउने अभिप्रायले गठन भएको छ।"

(iii) **राय बाझ्ने मौका हुँदैन** :—यस व्यवस्थामा राजनैतिक दलहरू नभएकाले राय बाझ्ने मौका आउँदैन। यस व्यवस्थामा कसैको मेहनत खेर जान सक्तैन। राष्ट्रिय पञ्चायतमा सदस्यहरूका बीच कुनै पनि विषयमा राय बाझ्ने गुंजाइस यस व्यवस्थामा छैन। किनकि राष्ट्रिय पञ्चायतका सदस्यहरू दलको आधारमा निर्वाचन भएका हुँदैनन्। कुनै पनि विषयमा यथेष्ट तर्क-वितर्क गरिन्छ। यस व्यवस्थामा सरकारी दल वा त्रिपक्षी दल भन्ने कुनै प्रश्न नै नभएको हुँदा सबै सदस्यहरूको विचार एकमात्र देश-विकासको रहन्छ। तसर्थ दलका निर्देशानुसारराय बाझिने मौका यस व्यवस्थामा छैन।

(iv) **ठूलो-सानोको विचार हुँदैन** :—राष्ट्रिय पञ्चायतभित्र ठूलो-सानोको विचार छैन। मन्त्री होस् वा सदस्य होस् सबै काँधमा काँध मिलाई आफ-आफ्नो नाउँको अक्षरक्रमबाट बस्छन्। दलीय व्यवस्थामा सरकारी दल र विपक्षी दल भिन्ना-भिन्नै बस्छन्। सरकार बनाउन नसक्ने दलहरू विरोधी दलका रूपमा रहन्छन्। पुनः दलीय व्यवस्थामा बहस गर्दा भिन्न-भिन्न राजनैतिक दलहरू आफ-आफ्ना दलको हितलाई ध्यानमा राखी बहस गर्छन् औ प्रस्तावित विधेयकलाई काँट-छाट गर्छन्। तर पञ्चायती व्यवस्था अन्तर्गत पञ्चायत सभाभवनभित्र बस्न सदस्यहरू एकनासै बस्छन् र देशको भलो कसरी हुन्छ, सो कुराको छलफल गर्छन्। यसबाट राष्ट्रिय एकता विकसित हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(v) निर्दलीय व्यवस्थामा दलगत दोष छैन :—दलीय व्यवस्था भएका मुलुकहरूमा विभिन्न सिद्धान्तहरूको आधारमा राजनैतिक दलहरू संगठित गरिन्छन् दलीय-पद्धतिमा दलगत दोष हुन्छ । अनेक दल भएको देशमा दलगत सिद्धान्तको आस्था र सिद्धान्तको आधारमा कार्य नभई चालवाजी र कूट-नीतिक चालको आधारमा आफ्नो दललाई सर्वोपरि पार्ने काम हुन्छ । बहुदलीय सरकार भएको (Coalition government) देशमा सदा अशान्ति, गोलमाल अनुशासनहीनता, हलचल आदि भइरहन्छ । यसमा सरकार पनि अस्थायी हुन्छ । एकदलीय सरकार भएको देशमा व्यक्तिगत स्वतन्त्रता र विचार स्वतन्त्रताको हनन हुन्छ । एउटा दल नै निरंकुश हुन्छ । पञ्चायती व्यवस्थामा दलको स्थान नभएकाले उपरोक्त वर्णन गरिएका कुनै पनि अवगुण छैनन् ।

(vi) निर्दलीय व्यवस्थामा प्रजातन्त्रको स्थान छ :—प्रजातन्त्रमा जनप्रतिनिधित्व हुन्छ । हाम्रो निर्दलीय व्यवस्थामा पनि जनप्रतिनिधित्वको व्यवस्था छ । हाम्रो दलविहीन पञ्चायती प्राजातांत्रिक व्यवस्था ऐतिहासिक क्रममा विवेचनात्मक ढंगले बनेको छ । यसमा दलगत स्वार्थलाई स्थान छैन । विचार स्वतन्त्रता र व्यक्तिगत स्वतन्त्रता यस व्यवस्थामा विद्यमान छ । तसर्थ यो व्यवस्था प्रजातांत्रिक व्यवस्था हो ।

उपरोक्त तर्कका साथै एक-दुई कुराको वर्णन गर्नु आवश्यक छ । राजनैतिक दलहरू प्रजातन्त्रका लागि आवश्यक मानिएको माथि नै वर्णन गरिसकिएकोछ । निर्दलीय पञ्चायती व्यवस्थामा राजनैतिक दलहरूको अस्तित्व नभएकाले यस्तो व्यवस्थालाई प्रजातान्त्रिक व्यवस्था भनिन्छ कि भनिदैंन भन्ने तर्क उठ्न जान्छ राजनैतिक दलहरू जनमत निर्माण गर्ने साधन मात्र हुन् । दलहरू नै व्यवस्था होइनन् तब प्रश्न उठ्छ कि निर्दलीय पञ्चायती व्यवस्थामा जनमत निर्माण गर्ने साधन के छन् त ? राजनैतिक दलहरूलाई निषेध गरेपछि पञ्चायती व्यवस्थाले वर्गीय र व्यावसायिक संगठनहरू स्थापित गर्‍यो । वर्गीय तथा व्यावसायिक संगठनहरूले जन-जीवनको हरेक क्षेत्रमा प्रतिनिधित्व गर्नेछन् भन्ने आशा राखिएको छ । यी संगठन र पञ्चायतहरूले स्वच्छ जनमत निर्माण गर्नेछन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्ने विश्वास गरिएको छ । यी संगठन र पञ्चायतहरू जति सक्रिय र कर्मठ हुनुपर्ने हो त्यति नदेखिएकाले यिनलाई क्रियाशील तुल्याउनेतर्फ सबैको ध्यान आकृष्ट हुनु पर्ने आवश्यकता छ ।

राष्ट्रिय पञ्चायतमा विरोधी दलको अभावमा सरकारले इच्छानुसारको विधेयक पारित गराउँछ, तसर्थ सरकार निरंकुश हुन गएको छ भन्ने केही विचारहरूको तर्क हुन सक्छ । राष्ट्रिय पञ्चायत जनप्रतिनिधि सभा हो यसमा दलको वहुमतको आधारमा मन्त्रिमण्डलको गठन हुँदैन । संसदीय व्यवस्थामा प्रतिनिधि सभामा दलको बहुमतकै आधारमा प्रस्ताव पारित हुने गर्दछ । तर निर्दलीय व्यवस्थामा राष्ट्रिय पञ्चायतमा विभिन्न जिल्लाबाट आएका प्रतिनिधिहरूले विचारविमर्श आलोचना-प्रत्यालोचना गरी देशको राष्ट्रिय हितलाई ध्यानमा राखेर एकमत वा वहुमतको आधारमा प्रस्ताव पारित गर्दछन् । निर्दलीय व्यवस्थामा मंत्रिमण्डलले माननीय सदस्यहरूलाई वा माननीय सदस्यहरूले मन्त्रिमण्डललाई अवाञ्छनीय रूपमा सन्तुष्ट गरिराख्नु नपर्ने हुनाले दृष्टिलाई ध्यानमा राखेर एक अर्काले आलोचना र प्रत्यालोचना गर्ने मौका निर्दलीय व्यवस्थामा झन् बढी सम्भव देखिन्छ ।

दबाव-समूह (Pressure Groups) :—दबाव-समूह (Pressure group) को उत्पत्ति शायद मानवसमाजको विकासका साथ-साथै भयो होला । मनुष्यमा सामाजिकताको भावना तथा राज्य, कानून आदिको उत्पत्ति साथै दबाव-समूहको पनि उत्पत्ति भएको हुनुपर्छ । मनुष्यको विकासको विभिन्न युग (घुमन्ते युग, पाषाण युग, कृषियुग, औद्योगिक युग) का साथसाथै कुनै न कुनै रूपको दबाव-समूह निश्चितरूपले विद्यमान थियो होला, तर मनुष्य समाज संगठितरूपले वसोबास गर्ने थालेपछि दबाव-समूह सक्रिय भएको हुन सक्छ । मनुष्य समाज कृषि-युगदेखि संगठित, मर्यादित र नियमितरूपले रहन थालेकाले दबाव-समूहको सक्रियता यसै युगदेखि देखा-परेको हुनुपर्छ । कृषि-युगदेखि मानिसहरू नियम कानूनबाट मर्यादित हुन थाले । अतः नियम कानून निर्माणमा कृषिसँग सम्बन्धित संघ, संस्था आदिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रभाव नपार्ने प्रश्न नै हुँदैन । आज पनि कृषि प्रधान देशहरूमा कृषिसँग सम्वन्धित संघ, संस्था आदिले नियम कानून निर्माणमा प्रभाव पारेको स्पष्ट थाहा पाउन सकिन्छ । नेपालमा किसान संगठनले कृषिका सम्बन्धमा वनाइने नियम कानूनमाथि प्रभाव पारेको छ र पार्दै पनि छ ।

आजकाल दबाव-समूहका विषयमा जुन चर्चा र वखान गरिन्छ वा सुनिन्छ त्यसको उत्पत्तिको श्रेय औद्योगिक क्रान्तिलाई हुन जान्छ । हुनत राजनीतिशास्त्रका वेत्ताहरूले आधुनिक दबावसमूहको उत्पत्ति अमेरिकी गणतन्त्रका साथसाथै भएको हो भन्ने घोषणा गरेका छन्, तर यसको सक्रियता र आधुनिकता निश्चित रूपले औद्योगिक क्रान्तिको परिणाम हो । औद्योगिक क्रान्तिले नयाँ अर्थतन्त्र, नयाँ समाज, नयाँ मनोभावना र नौलो शासनव्यवस्थालाई जन्म दियो । औद्योगिक क्रान्तिले नयाँ समस्यालाई जन्मायो औ नयाँ वर्ग समाजमा देखापऱ्यो । राज्यका कार्यहरू पनि प्रशस्त बढ्न गए औ नयाँ वर्ग समाजमा देखापऱ्यो । राज्यका कार्यहरू पनि प्रशस्त बढ्न गए औ क्रान्तिले जन्माएको पूँजीपतिवर्ग र मजदूरवर्गका बीचमा समन्वय र सामञ्जस्य उत्पन्न गर्नु राज्यको प्रमुख कार्य हुन गयो । अतः आ-आपना वर्गले विधायिकाबाट पारित हुने नियम कानूनमाथि प्रभाव पार्न र विधायकहरूमाथि दवाव हालन प्रारम्भ गर्न थाले । यसप्रकारले दबावसमूहको विकास हुन गयो औ आधुनिक प्रजातान्त्रिक प्रणालीमा दबावसमूहहरू आवश्यक हुन थाले । जनतान्त्रिक देशहरूमै दबावसमूह प्रायः फले, फूले र फस्टाएका छन्, तथापि विश्वका प्रत्येक देशमा कुनै न कुनै रूपमा दवावसमूहहरू पाइन्छन् ।

दबावसमूहको अर्थ :—दबावसमूहहरू कुनै राजनैतिक दल होइनन् न कुनै निश्चित कार्यक्रमका आधारमा नै यिनीहरूको संगठन हुन्छ । केही विशेष व्यक्तिहरू मिली आफ्ना हित र उद्देश्य प्राप्त गर्नका लागि विधायकहरूमाथि दबाव हाल्छन् वा प्रभावित गर्छन् र आफ्नो हितसाधन गर्ने किसिमको नियम कानूनको निर्माण गराउँछन् । दवावसमूहको परिभाषा दिँदै एम. जी. गुप्ताले लेखेका छन्—"दबावसमूह वास्तवमा सामान्य हित भएका व्यक्तिहरूको यस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माध्यम हो जसले सार्वजनिक विषयहरूलाई प्रभावित गर्ने प्रयत्न गर्दछ।'' दबावसमूहले निर्वाचनमा उम्मेदवारहरू पनि खडा गर्दैन तर यदाकदा र कुनै देशमा उम्मेदवार पनि खडा गरेको दृष्टान्त पाइन्छ, जस्तै—भारतमा विडला समूहले १९७१ ई० मा १०० उम्मेदवार खडा गरेको थियो। द्विदलीय व्यवस्था भएको प्रजातान्त्रिक देशहरूमा दबावसमूह बढी सक्रिय भएको पाइन्छ। बहुदलीय प्रणाली भएका देशहरूमा दबावसमूह नहुने होइनन् बल्कि धेरै राजनैतिक दलहरूले दबावसमूहले गर्न खोजेका कार्यहरू गर्ने हुँदा त्यति सक्रिय हुँदैनन्। दबावसमूहको परिभाषा दिँदै ओडीगार्ड (Odlgard) ले लेखेका छन्—"दबावसमूह यस्ता व्यक्तिहरूको औपचारिक संगठन हो, जसको एक अथवा अधिक सामान्य उद्देश्य अथवा स्वार्थ हुन्छन् जसले विशेषरूपले सार्वजनिक नीति निर्माण र शासनलाई यसकारण प्रभावित गर्छन् कि आफ्नो हितको रक्षा र वृद्धि गर्न सकियोस्।'' दबावसमूहको क्रियाकलापलाई हेरी साधारण मानिसले यसलाई भ्रष्टाचारी पनि भन्न सक्छन् किनकि विधायकहरूलाई अनुचित दवाव हाली केही व्यक्ति वा संस्यालाई लाभ पुऱ्याउने किसिमको नियम-कानूनको निर्माण विधानमण्डल वा संसद्बाट दवावसमूहले गराउन खोज्छ। खास गरी अमेरिकामा दबावसमूहले नियम कानून निर्माणमा कांग्रेस (संसद्) का सदस्यहरूमाथि उचित-अनुचित प्रभाव पार्न खोज्छ। अमेरिकामा कांग्रेसको दीर्घकक्ष (Lobby) वा विधायक भवनसँग संलग्न कोठा वा बरंडामा अवकाशका समयका विधायकहरू आउँछन् र त्यति बेला दबावसमूहका व्यक्तिहरूले आफ्ना पक्षका विचारहरू र तर्कद्वारा विधायकहरूलाई राम्ररी बुझाउन खोज्छन्। यसैलाई लोबिङ्ग (Lobbying) भनिन्छ औ दबाव-समूहका सदस्य वा व्यक्तिहरूलाई लाॅबिइस्टस् (Lobbyists) भनिन्छ। दबाव-समूहका सदस्य वा व्यक्तिहरूले विधायकहरूलाई आफ्नो पक्षमा पार्न सकेका खण्डमा विधानमण्डल वा संसद्बाट आफ्नो स्वार्थ वा उद्देश्य अनुकूलको नियम-कानून पारित गराउन सक्छन्। यसप्रकारले दबाव-समूहका व्यक्तिहरू विधानमण्डल वा संसद्को सदस्य नभए र पनि आफ्नो अनुकूलको नियम-कानून निर्माणगराउनमा सफल हुन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दबाव-समूह र राजनैतिक दलमा भिन्नता :—दबाव-समूह र राजनैतिक दलमा निम्नलिखित भिन्नता पाइन्छ :—

(i) संगठनमा फरक :—राजनैतिक दलको संगठन व्यापक हुन्छ। जिल्लास्तरीय वा राष्ट्रिय स्तरमा राजनैतिक दलको संगठन गरिन्छ। खास गरी अमेरिकामा राष्ट्रियस्तरकै राजनैतिक दलहरू छन्—डेमोक्रेटिक दल र रिपब्लिकन दल। भारतमा पनि भारतीय राष्ट्रिय कांग्रेस, जनसंघ साम्यवादी दल (C. P. I.) आदि आदि छन्। तथापि केही क्षेत्रीय दलहरू डी. एम, के, झारखण्ड आदि पनि नभएका होइनन्, तर यी राजनैतिक दलहरूलाई राष्ट्रिय स्तरका पार्ने प्रयास यसका नेताहरूले बराबर गरिरहेकै छन्। दबावसमूहको संगठन राजनैतिक दल जस्तो व्यापक हुँदैन। यद्यपि केही दबावसमूहको संगठन राष्ट्रिय स्तरसम्मको हुन सक्छ; जस्तै भारतमा आई. टी. यू. (इण्डियन ट्रेड यूनियन), रेल कर्मचारी यूनियन आदि आदि। तथापि यी दबावसमूहहरू राजनैतिक दल झैं संगठित छैनन् न यी राजनैतिक दल नै हुन्। केही दबावसमूहहरू अस्थायी हुन्छन्।

(ii) उद्देश्य तथा कार्यमा अन्तर :—राजनैतिक दलहरूको उद्देश्य र कार्य निश्चित हुन्छ। राजनैतिक दलले सकेसम्म जनतालाई प्रभावित गरी निर्वाचनमा विजयी हुने प्रयास गर्छन् औ प्रयास सफल भएमा सरकारको गठन गर्छन्। राजनैतिक दलले व्यापक समस्याको सामना गर्नुपर्छ। राजनैतिक दलले निर्वाचनका समयमा आफ्नो दलको निर्वाचन घोषणापत्र प्रकाशित गरी साधारण जनतालाई आकर्षित गर्ने प्रयास गर्छ, तर दबावसमूहहरूले राजनैतिक दलहरूका झैं प्रचार र प्रसार गर्दैनन्। दबावसमूहहरूले निर्वाचनमा उम्मेदवार खडा गर्ने प्रश्न नै आउँदैन न दबावसमूहले सरकारको नै गठन गर्छ। जनतालाईआकर्षित गरी निर्वाचनमा विजयी हुने सपना दबावसमूहले देख्दैनन्, बरु-उल्टो संसद्का लागि विजयी उम्मेदवारहरूलाई नियम कानून निर्माणमा आफ्नो स्वार्थ सिद्धि हुने किसिमको...... पारित गराउन अनेकौं साधनको प्रयोग दबावसमूहले गर्छन्। यस्ता साधन हरूमा प्रचार, प्रसार, तर्क, घूस आदि प्रमुख हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(iii) अनुशासन :—राजनैतिक दलमा अनुशासन पाइन्छ। राजनैतिक दलको केन्द्रीय संगठनले आफ्ना दलका सदस्यहरूमाथि अनुशासनको कारवाही गर्न सक्छ। सम्बन्धित दलको कुनै सदस्यले दलको नीति र कार्यक्रमका विरुद्ध कार्य गरेमा उक्त दलले त्यस्तो सदस्यको विरुद्ध अनुशासनको कारवाही गर्न सक्छ औ त्यस्तो सदस्यलाई दलबाट निष्कासित गर्न सक्छ। राजनैतिक दलको मूलमन्त्र दलीय अनुशासन हो। दबावसमूहमा अनुशासन पालन गर्नुपर्ने प्रश्न नै आउँदैन। दबावसमूहले कसको अनुशासन पालन गर्ने? राजनैतिक दलका झैं दबावसमूहको राष्ट्रिय स्तरदेखि ग्रामस्तरसम्म संगठनात्मक ढाँचा हुँदैन। अतः अनुशासन तोड्ने वा अनुशासनको कारवाही गर्ने आदि कुरा दबावसमूहमा हुँदैन।

दबाव-समूहका उदाहरण:—दबाव-समूह स्थायी र अस्थायी दुवै प्रकारका हुन्छन्। केही दबाव समूह स्थायी र ठूला हुन सक्छन् तथा गरीबहरूका साना। अब हामी त्यस्ता दबाव-समूहहरूको उदाहरणलाई हेरौं—

नेपालका दबाव समूहहरू :—(i) चैम्बर अफ कमर्स (ii) पत्रकार संघ (iii) वर्गीय संगठनहरू (iv) प्राध्यापक संघ (v) मर्चेण्ट एशोसिएसन (vi) चिकित्सा संघ (vii) विद्यार्थी यूनियन आदि आदि।

अमेरिकाका दबाव समूहहरू:—(i) चैम्बर अफ कमर्स (ii) अमेरिका बैंकर्स एसोशिएसन (iii) राष्ट्रिय पेट्रोलियम संघ (iv) अमेरिकन फार्म ब्यूरो एसोशिएसन (v) अमेरिकन फेडरेशन अफ लेवर (vi) अमेरिकन एसोशिएसन अफ रेल्वे एक्जेक्यूटिव (vii) अमेरिकन मेडिकल एसोशिएसन आदि आदि।

भारतका दबाव-समूहहरू—(i) आई० एन० टी०यू० सी० (ii) अखिल भारतीय शिक्षक संघ, (iii) चैम्बर अफ कमर्स, (iv) फिल्म उद्योग संघ, (v) भारतीय चिकित्सा संघ (vi) भारतीय रेलवे वरकर्स युनियन आदि आदि।

दबाव-समूहले दबाव हाल्नको लागि प्रयोग गर्ने उपायहरू :—दबाव समूहहरूले विधायकहरूमाथि प्रभाव पार्नका लागि विभिन्न उपायहरू प्रयोगमा ल्याउँछन्; तीमध्ये केही निम्नलिखित हुन्—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(i) प्रसार-प्रचार–दबावसमूहहरूले प्रचार-प्रसारको माध्यमबाट विधायकहरूमाथि प्रभाव पार्ने प्रयास गर्दछन् । अमेरिका, बेलाइत आदिमा रेडियो र टेलीभिजनको माध्यमबाट यस प्रकारले प्रचार गरिन्छ कि विधायकहरूले त्यस विषयमा सोच्न बाध्य हुनुपर्छ । पुस्तक, अखबार, भाषण आदिबाट पनि प्रचार-प्रसार गरिन्छ। भारत र नेपालमा टेलीभिजन र रेडियो सरकारी नियन्त्रणमा भएकाले यसको प्रयोग दबावसमूहले गर्न पाउँदैनन्, तर अखबार; प्रवचन, भाषण, पञ्चभेला आदिको माध्यमबाट विधायक वा रा. पं० का सदस्य माथि प्रभाव हाल्ने प्रयास गरिन्छ। नेपालमा वर्गीय संगठनहरू; प्राध्यापकसंघ, विद्यार्थी यूनियन आदि आदिले सम्मेलन गरी प्रस्ताव पारित गर्छन् । उक्त प्रस्तावमा उल्लेख गरिएका उचित कुराहरूलाई सरकारले मान्दछ । अर्कापट्टि बेला-बेलामा पंचभेलाको आयोजन गरिन्छ । पंचभेलामा पनि केही प्रस्ताव पारित गरिन्छन्, जुन सरकारको लागि मार्गदर्शक हुन सक्दछन् । विद्यार्थी यूनियन र प्राध्यापक संघले पारित गरेका अनेकौं प्रस्तावलाई श्री ५ को सरकारले मानेको विगत इतिहासले दर्शाउँछ । अर्कापट्टि पत्रकार संघले कीर्तिनिधि बिष्टको प्रधानमन्त्रीत्वकालमा असहयोग प्रारम्भ गरी सरकारी नीतिलाई परिवर्तन गर्न वाध्य तुल्याएको पनि इतिहास जिउँदै छ । विद्यार्थीहरूको माग-अनुरूप सरकारले बेला-बेलामा विद्यार्थीहरूको हित सम्बर्धन हुने नियम निर्माण गरेको घटना पनि इतिहासका पानामा उल्लेखनीय छन् । खास गरी २०३१ सालमा विद्यार्थीहरूको राष्ट्रव्यापी हडताल-अनुसार श्री ५ को सरकार र त्रि. वि. वि. ले २८ मागहरू पूरा गरेको घटना आलो नै छ। नेपालमा दबाव-समूहले खास गरी सम्नेलन र भाषणलाई नै प्रयोग गरेका उदाहरणहरू छन् ।

(ii) विशेषज्ञहरूको सेवा :—अमेरिका, बेलाइत, जर्मनी, फ्रांस, भारत आदि देशहरूमा दबाव-समूहहरूले विशेषज्ञहरू राखी कुनै पनि विषयलाई विशेषज्ञद्वारा छानबीन गरी त्यसको रिपोर्ट प्रकाशित गर्छन् तथा विधायकहरूलाई पनि विशेषज्ञको ज्ञान र खोजी गरेको तथ्यका आधारमा प्रभावित गर्न खोज्छन् । कुनै पनि विषयलाई विशेषज्ञको अनुसन्धान-अनुसार प्रकटमा ल्याउनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देशका लागि नै राम्रो कुरा हो, तर दबावसमूहले आफ्नो हितसाधन र स्वार्थ-पूर्ति गर्नेको लागि नै विशेषज्ञ नियुक्त गरेका हुन्छन् । त्यस्ता विशेषज्ञहरूले अनुसन्धान र खोजी गरी निकालेको तथ्यलाई दबावसमूहले आफ्नो स्वार्थपूर्ति गर्ने प्रयोगमा ल्याउँछन् । अनुसंधानद्वारा ल्याइएका तथ्यलाई काट्न विधायक-हरूलाई पनि गाह्रो पर्छ । अतः विधायकहरूलाई बढी प्रभावित पार्ने उपाय विशेषज्ञहरूको सेवा पनि हो । नेपालमा कुनै पनि दबावसमूहले विशेषज्ञहरूको सेवा उपलब्ध गरी विधायकहरूलाई प्रभावित पार्ने चेष्टा गरेको घटना लेखक-लाई थाहा छैन, तर विशेषज्ञ राख्न सक्ने क्षमता भएको नेपालका दबावसमूह-हरूमध्ये चेम्बर अफ कमर्स हो । एक्कादुक्का फार्म र महाजनहरूले विशेषज्ञ-को सेवा उपलब्ध अवश्य नै गरेका छन्, जस्तै गोल्छा अर्गनाइजेशन, नेपाल ब्रुअरी कम्पनी, हेटौडा, जाउलाखेल डिस्टीलरी, जूटमीलहरू आदि आदि ।

(iii) **निर्वाचन क्षेत्रबाट पठाइने प्रचार सामग्री** :—विधायकहरू-माथि दबाव हाल्ने यो पनि एउटा साधन हो । विधायकहरूको निर्वाचन क्षेत्र-बाट अनेकौं पत्र, तार टेलिफोन आदि क्रमशः विधायकहरूलाई पठाइन्छ । यस-लाई Grass root lobbying भनिन्छ । दबावसमूहका व्यक्तिहरूले संबन्धित क्षेत्रका विधायकहरूलाई सम्बन्धित क्षेत्रबाट असंख्य पत्र, तार, टेलीफोन आदि पठाउँछन् । अर्कापट्टि अखबारमा पनि आफ्नो स्वार्थ पूर्ति हुने विषयको तगडा प्रचार गर्छन् । सम्भव भयो भने विधायकलाई घूस पनि दिइन्छ । खास गरी संसदीय शासन-व्यवस्थामा यसप्रकारको ठूलो उपयोग हुन्छ औ दबावसमूह सफल: पनि हुन्छन् । पञ्चायती व्यवस्थामा यसप्रकारको प्रभाव नपर्न सक्ने स्वतः सिद्ध छ । तथापि पञ्चायती व्यवस्था दलीय व्यवस्था नभएकाले दुई-चार गा० पं० का सदस्यलाई प्रभावित परिहाले तापनि उपदेयता खास नहुन सक्छ ।

(iv) **निर्वाचन तथा राजनैतिक दलमा भाग लिनु** :—संसदीय व्यवस्था भएका मुलुकहरूमा दबावसमूहहरूले निर्वाचनमा खडा भएका व्यक्ति-हरूलाई तन, मन र धनले सघाउँछन् । तन-मनले नभए पनि धनले चाहिं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवश्य नै साधएका हुन्छन् । खास गरी भारतमा यसको आमचर्चा छ । अमेरिका र बेलाइतमा पनि दबावसमूहले विधायकलाई धनले सघाएको कुरा बेलाबेलामा प्रकाशमा पनि आएको छ । यस प्रकारले दबावसमूहले निर्वाचनकै समयदेखि विधायकलाई धनले सघाउँदै आउने हुँदा पछि गई नियम-कानून निर्माणमा पनि यसले प्रभाव पार्छ । भारतमा बिडला समूह, जैन तथा डालमिया उद्योग समूह आदिको धनबाट गरिएको कामकारवाही अखबारमा बारम्बार नआएका होइनन् । पंचायती व्यवस्थामा केही पूँजीपतिले निर्वाचनको लागि केही रा० पं० सदस्यलाई चन्दा प्रदान गर्न सक्छन् । तर यस्तो प्रमाण प्राप्त हुन सकेको छैन ।

दबाब समूहका केही व्यक्तिहरू कुनै राजनैतिक दलका सदस्य बनी विधायकमाथि दबाव हाल्ने गर्छन् । यसको ज्वलन्त उदाहरण भारत नै छ । विडलाबन्धुहरू भारत स्वतन्त्र हुनुभन्दा पहिलेदेखि नै भारतीय राष्ट्रिय कांग्रेसका कर्मठ सदस्य थिए औ सम्भवतः आज पनि छन् । कहिले-काहीं दबाव-समूहका व्यक्तिहरू पनि निर्वाचनमा उम्मेदवार हुने गर्छन् । औ आफ्नो धनको बलमा दबावसमूहबाट अरूलाई पनि उठाउँछन् । यसको ज्वलन्त उदाहरण १९७१ ई० को भारतको संसदको लागि भएको निर्वाचनलाई लिनसक्छौं । विडला-बन्धु-हरूले संसदको लागि हुने निर्वाचनमा १०० प्रत्यासी खडा गरेका थिए । पंचायती व्यवस्थामा यस किसिमको कल्पना नै गर्न सकिन्न ।

(v) सुझाव पेश गर्ने :—नेपालमा दबावसमूहले प्रयोगमा ल्याउने सबैभन्दा प्रमुख उपाय सरकारलाई सुझाव पेश गर्नु हो । हुन त सुझाव पेश गर्ने कुरा कुनै पनि व्यक्ति, संघ, संस्था आदिले कुनै पनि शासन-व्यवस्थामा गर्न सक्ने विषय हो, तर नेपालमा निर्दलीय व्यवस्था भएकाले र संसदीय व्यवस्था नभएकाले दबावसमूहले सुझाव पेश गर्ने कार्य नै प्रमुख हुन जान्छ । वर्गीय संगठनहरूले सम्मेलनको माध्यमबाट, चैम्बर अफ कमर्शले आफ्नो बैठकको माध्यमबाट प्राध्यापक संघले आफ्नो सम्मेलनको माध्यमबाट, पत्रकार संघले सम्मेलनद्वारा पारित प्रस्ताव र अखबारमा समाचार प्रकाशनको माध्यमबाट,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्यार्थी युनियनले सम्मेलन र यदाकदा हड़तालको माध्यम आदिबाट श्री ५ को सरकारमा सुझाव पेश गर्छन् वा श्री ५ को सरकारका कुनै मन्त्रीलाई पारित प्रस्ताव प्रति जागरूक पारी नियम-कानूनको निर्माण गर्न लाउँछन् । हुनत वर्गीय संगठनहरू संवैधानिक अङ्ग भएकाले दबाव-समूह भन्न गाह्रो पर्छ तथापि संगठनहरूले पंचभेला वा साधारण परिषद्को बैठक वा र्‍याली गराई जुन निर्णय गर्छन् त्यो श्री ५ को सरकारको लागि मार्ग निर्देशक बन्न सक्छ । अर्कापट्टि वर्गीय संगठनहरूका केन्द्रीय सल्लाहकार समितिले पनि नियम-कानून निर्माणमा श्री ५ को सरकारलाई सुझाव दिइरहेकै हुन्छ । नेपालको संविधानको दोस्रो संशोधनले वर्गीय संगठनहरूका राष्ट्रिय पंचायतमा हुने प्रतिनिधित्वलाई खारेज गरेकाले यी संगठनहरूलाई दबाव समूहका रूपमा प्रयोग गर्न सकिन्छ । जिल्लास्तरदेखि नै वर्गीय संगठनहरूले रा० पं० मा प्रतिनिधित्व गर्ने सदस्यहरूमाथि प्रभाव पारिरहेका हुन्छन् । अर्कापट्टि कुनै एक संगठनको सदस्य नभई कुनै पनि व्यक्ति रा० पं० को उम्मिदवार हुन सक्तैन । व्यवस्था-अनुरूप वर्गीय सङ्गठनहरूलाई रा० पं० का सदस्यहरूले अवहेलना गर्न सक्तैनन् । यदि वर्गीय सङ्गठनहरूलाई दबावसमूह मान्ने हो भने नेपालमा सबैभन्दा प्रभावशाली र सक्रिय दबावसमूह वर्गीय संगठनहरू नै देखापर्छन् ।

अमेरिकी लबिङ्ग र दबाबसमूहमा भिन्नता :— (i) दबावसमूहले व्यवस्थापिका र लोकमतलाई प्रभावित गर्ने प्रयत्न गर्छ जब कि लबिङ्ग व्यवस्थापिकाको अधिवेशन प्रारम्भ भएका समयमा विधायकहरूलाई प्रभावित गर्ने साधन मात्र हो ।

(ii) दुवैको बनावटमा ठूलो अन्तर छ । दबाव ग्रूपको पनि सङ्गठन हुन्छ, जस्तै चेम्बर अफ कमर्स, प्राध्यापक सङ्घ आदि । लबिङ्ग भने कुनै सङ्गठन होइनन् । लबी भनेको व्यवस्थापिकाको अधिवेशन हुने कक्षसँगै टाँसिएको कोठा वा बरण्डा हो, जहाँ विधायकहरू विश्रामको लागि आउँछन् । लबीमा विश्रामको लागि आएका विधायकहरूलाई दबावसमूहका सदस्यहरूले तर्क-वितर्क आदिको माध्यमबाट प्रभाव पार्ने जुन चेष्टा गरिन्छ त्यसलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लबिङ्ग भनिन्छ । अतः लबिंग भन्ने प्रचारको साधन हो र लबिंग गर्नेहरूलाई लबिस्ट्स भनिन्छ । बरु लबिस्ट्सहरू कुनै दबावसमूहका सदस्य हुन्छन् । यस प्रकारले लबिङ्गको अर्थ व्यवस्थापिका भवनमा व्यवस्थापिकाको सत्र चलिरहेका समयमा विधायक-विश्राम-कक्षमा जुन प्रकार कार्य गरिन्छ त्यसैलाई भनिन्छ । विधायकहरूलाई विश्रामकक्षमा दबावसमूहले प्रचार-प्रसारद्वारा प्रभाव पार्ने जुन यत्न गरिन्छ त्यही नै हो लबिङ्ग । यो प्रथा अमेरिकामा बढी रूपले पाइन्छ ।

(iii) लबिङ्गको अपेक्षा दबावसमूहको गतिविधि व्यापक हुन्छ । लबिङ्ग-व्यवस्थापिकाको सत्र चलिरहेको समयमा मात्र हुन्छ भने दबाव-समूहहरू व्यवस्थापिकाको सत्र चलिरहेको वा नचलेको दुवै समयमा सक्रिय रहन्छन् ।

दबाव-समूहको महत्व :—उन्नतशील र उद्योगप्रधान राष्ट्रहरूलाई हेर्दा दबावसमूह आवश्यक हुन जान्छ, तर अशिक्षित र अविकसित राष्ट्रहरूलाई हेर्दा दबावसमूहहरूलाई भ्रष्टाचारी र हेय दृष्टिलेहेरिन्छ।प्रारम्भमा दबावसमूहलाई राक्षसका रूपमा हेरिन्थ्यो, जसले भर्खरै आएको प्रजातन्त्रलाई निल्न थालेको छ भन्ने धारणा प्रायः सबैले राख्थे । यस सम्बन्धमा फेड्रिकले लेखेका छन्—"के च्यामे र के राजनीतिकशास्त्रका गहन अध्ययन गर्ने छात्र सबैले दबावसमूहलाई हेय दृष्टिले हेर्दथे ।" लवीका अनुसार—"दबावसमूहलाई भ्रष्टाचार र धोका दिने प्रतीकका रूपमा मानिन्थ्यो ।" यद्यपि यी दबावसमूहहरू आवश्यक अवगुणका पोका हुन् तथापि यिनीहरूका अभावमा सफल जनतन्त्र चल्न नसक्ने कुरा पश्चिमी राजनीतिवेत्ताहरूले मानेका छन् । बेलाइतका भू० पू० प्रधान मन्त्री चर्चिलले दबाव-समूहको महत्त्व र प्रभावबारे प्रवर समितिलाई सम्बोधन गर्दै भनेका थिए—"हामीबाट यो आशा गरिनु हुन्न कि हामी सबै एउटा शालीनसभाका सदस्य हौं, जसको कुनै विशिष्ट हित नै छैन। यदि यस्तो सोचिन्छ भने हास्यास्पद हो । विशिष्ट हित स्वर्गमा मात्र नै हुन सक्छ, यहां त हामी सबैको विशिष्ट हित छ" (We are not supposed to an assembly of gentleman who have no interests of any kind, that is ridiculous. That might happen in heaven but happily not

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

here) दबावसमूह मनुष्यजातिको विकासका साथसाथै विकसित हुँदै आइरहेको छ साधारणत: एउटै घरमा पनि निर्वाचनका समयमा पोइले जोईलाई फलानालाई मत दिनु भन्ने दबाव हालिरहेका हुन्छन् । आधुनिक युगमा दबावसमूहहरूले संस्थानका रूपमा कार्य गरिरहेका छन् । राकनैतिक दलहरूको बढदो ताहुरमाहुरमा देशको खास क्षेत्र वा पक्षको अवहेलना हुनसक्ने हुँदा दबावसमूहले विधायकहरूलाई सचेत गराउनु नराम्रो कुरा होइन । पश्चिमी जगतमा दबावसमूहरूले प्रचलित नियम कानूनसम्मलाई परिवर्तन गराउँछन् । राजनैतिक दलका ठूला-ठूला नेताहरू दबावसमूहहरूको समर्थनमा नै निर्वाचनमा विजयी हुन्छन् । अनेकौं दलले निर्वाचनकोलागि दबावसमूहबाट धन लिन्छन् । निर्वाचित भएपछि दबाव समूहको हितलाई विधायकहरूले ध्यानमा राख्ने गर्छन् । दबावसमूहले विधायकलाई प्रभावित पारेको देखेर नै जे. ए. कोर्री (J. A. Corry) ले "Legislature behind Legislature" भने । दबाव-समूहले कस्तो अवस्थामा बढी प्रभाव पार्छ भन्ने विषयमा फाइनरले लेखेका छन्- "जहाँ सिद्धांत र संगठनमा राजनैतिक दल निर्बल हुन्छन्–त्यहाँ दबावसमूह फस्टाउँछ । जहाँ राजनैतिक दल शक्तिशाली हुन्छन्, त्यहाँ दबाव समूहलाई दबाइन्छ ।" तर फाइनरको भनाई बेलायतमा असत्य प्रमाणित हुन्छ। बेलायत संसदीय व्यवस्थाको जननी हो औ त्यहाँ मुख्यरूपले तीन दलहरू छन्, तर प्रत्येक दल सुव्यवस्थित र संगठित छन् । दुई वा तीन राजनैतिक दल भएका संसदीय व्यवस्थामा नै दबाव समूह सबैभन्दा बढी सक्रिय हुन्छ भने कुरा पूर्णरूपले असत्य पनि छैन, न पूर्णरूपले सत्य नै हो । दबाव समूह बढी सक्रिय भएको देशमा मंत्रीमण्डलसम्मलाई हेर-फेर गर्न सक्ने क्षमता दबावसमूहको हुन्छ । दबावसमूहको महत्वमाथि प्रकाश पार्दै एक विद्वान्ले लेखेका छन्– "आजको जनतंत्रीय व्यवस्थामा दबाव-समूहहरू शासनका निर्माणकर्ता हुन गएका छन् ।"

(These pressure groups have become king makers in modern democratic republican societies.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२५५

अध्याय –१८

राजनैतिक व्यवस्था र कार्यहरू

(Concept of Political system and function-- Input output theory in brief)

पृष्ठभूमि—'राजनैतिक व्यवस्था र यसका कार्यहरू' राजनीतिशास्त्रमा नौलो विषय हुन आएको छ। यद्यपि राज्य र सरकारका कार्यहरू अध्ययन-अध्यापन हुँदै आइरहेको थियो र छ पनि। 'व्यवस्था' वा राजनैतिक व्यवस्था भनेको के हो? यो कस्तो विषय हो? यसका लक्षणहरू के हुन्? आदि आदि कुराहरू राजनीतिशास्त्रका विद्यार्थीहरू र शिक्षकहरूको लागि नौलो हुन गएको छ। 'सामान्य व्यवस्थाको सिद्धान्त' सर्वप्रथम १९२० ई० मा एक जीवशास्त्री लुडविग वान वर्टलनफाई (Ludwing von Bertallanfy) का लेखहरूबाट प्रारम्भ भयो। यद्यपि द्वितीय विश्वयुद्ध पछि लुडविकको सामान्य व्यवस्थाको सिद्धान्तलाई मानवशास्त्र (Anthropology) का प्रयोग गरियो। त्यसपछि समाजशास्त्र, मनोविज्ञान र राजनीतिशास्त्रमा सामान्य व्यवस्था सिद्धान्तलाई प्रयोगमा ल्याइयो। १९६० ई० तिर डेभिड इस्टन (David Easton) ग्याब्रिल अलमण्ड (Gabriel Almond) र मोर्टन क्यापलन (Morton Kaplon) ले सामान्य व्यवस्था सिद्धांतलाई राष्ट्रिय र अन्तराष्ट्रिय राजनीतिमा प्रयोग गरे।

राजनैतिक व्यवस्था (Political system)—बीसौं शताब्दीको मध्यकालीन राजनीतिशास्त्रका विद्वान्हरूले प्राचीन धारणालाई खण्डन गरी नयाँ र नौलो प्रकारले राजनैतिक व्यवस्थाको व्याख्या गरेका छन्। अब पहिले झैं राजनैतिक व्यवस्था भन्नाले संस्थागत अध्ययन—राज्य वा सरकारका किसिम, व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका आदि नभई समाज, सरकार र अन्य संस्थाको क्रियाकलापको वैज्ञानिक अध्ययन माथि जोड दिइएको छ। अनुभव नगरिने र नगरिएको विषय विश्वसनीय नहुने हुँदा संस्थागत अध्ययनलाई आधुनिक राजनीतिशास्त्रका पण्डितहरूले नकारे-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

का हुन् । यी विद्वान्हरूले बढी बल राजनैतिक प्रक्रियामाथि दिएका छन् । अब राजनैतिक व्यवस्थाको अर्थ सरकारका अंगहरूसम्म सीमित नभई त्यस समाजको सम्पूर्ण राजनैतिक विचार, कार्य र क्रियाकलापसँग सम्बन्धित हुन गएको छ ।

अब हामी राजनैतिक व्यवस्था (Political system) का केही परिभाषाहरू माथि विचार गरौं--

म्याक्स वेबर (Mex Weber) ले राजनैतिक व्यवस्थाको परिभाषा दिंदै लेखेका छन् "राजनैतिक व्यवस्था भनेको निर्धारित क्षेत्रभित्र भौतिक शक्तिको वैध प्रयोग गर्ने एकाधिकार प्राप्त मनुष्य समुदाय हो" (A Political system is a human community that (successfully) claims the monopoly of the legitimate use of Physical force within a given territory) यस परिभाषामा भौतिक शक्तिको वैध प्रयोगमाथि बढ़ीदल दिएकाले म्यारियन लेभी, लासवेल र केप्लन जस्ता विद्वान्ले यसको खण्डन गरे । अलमण्डले वेबरको परिभाषामा निर्धारित क्षेत्र वा भूभागमाथि बढ़ी बल दिएकाले यो परिभाषा "राज्यको हुन गएको छ न कि राजनैतिक व्यवस्थाको" भनी आलोचना गरे ।

कैपलन (Kaplan) ले राजनैतिक व्यवस्थाको परिभाषा यसप्रकारले दिएका छन्, "एउटा वृहत् व्यवस्थाभित्र पर्ने राजनैतिक व्यवस्था हो जसले अद्वितीय स्थायी संचालक समानको योग्यता कायम राखी कार्य गर्नुपर्छ । यस्तो प्रकारले व्यवस्थाले कार्य गर्नुपर्छ कि व्यवस्थाका गुणहरू पनि कायम राख्न सकियोस् साथै वातावरणीय बाधाहरूसंग पनि सामञ्जस्य कायम राख्न सकियोस" (The political system has the meta-task capacity to act as the ultra stable regulater of the larger system in which it functions. It thus regulates the system by adapting it to invironmental disturbances in such a way that the critical values of the systems are maintained.) यो परिभाषा ज्यादै व्यापक भएकाले यसलाई राजनैतिक व्यवस्थाको परिभाषा मान्न नसकिने विचार धेरै विद्वान्हरूले व्यक्त गरेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्याब्रियल अलमण्ड (Gabriel Almond) का अनुसार, 'राजनैतिक व्यवस्था भनेको त्यो व्यवस्था हो जुन व्यवस्थामा कुनै पनि स्वतन्त्र समाजमा कम वेसी वैध शक्तिको प्रयोग गरी अनुकूलता र संगठन गर्ने अन्तरक्रियाहरूको संकलन गरिन्छ । राजनैतिक व्यवस्था वैध समाजमा सुव्यवस्था कायम राख्ने व्यवस्था हो" (Political system is that system of inter-action to be found in all independent societies which perform the functions of intergration and adaptation (both internally and vis-a vis by other societies) by meens of the employment of more or less legitimate, phys ical compulsion. The political system is the legitimate, order maintaining of transforming system in the society) । अलमण्डको परिभाषामा 'अन्तरक्रियाहरू' (Inter-actions) र 'अवस्था' (system) भन्ने शब्दहरू परेका भए तापनि ती शब्दहरूको व्याख्या गरिएको छैन । 'स्वतन्त्र समाज हरू'को व्याख्या कतै गरिएको छैन । अलमण्डले राजनैतिक व्यवस्थाका आगत-निर्गत कार्यहरूलाई सात वर्गमा विभाजित गरेका छन् जसको स्पष्टरूपले भिन्नीकरण गर्न गाह्रो छ ।

डेभिड इस्टन (David Easton) ले राजनैतिक व्यवस्थाको परिभाषा यसप्रकारले गरेका छन् "राजनैतिक व्यवस्था कुनै पनि समाजको अन्तर-क्रिया हरूको त्यस्तो व्यवस्था हो जसले आफ्ना मान्यता र मूल्यलाई शक्तिपूर्वक लागू गर्छ" (Political system is that system of inter-action in any society through which binding and authoritative allocation of value are made and implemented इस्टनले राजनीतिव्यवस्थाको व्याख्या गर्दा वातावरणलाई मध्ये नजर राखेका छन् ।

राजनैतिक व्यवस्थाका उपरोक्त परिभाषाहरू सर्वमान्य छैनन् र यसको अझै खोज भइरहेको छ । बीसौं सदीको उत्तरार्धमा विकसित 'राजनीतिव्यवस्था' को परिभाषा र कार्यहरूको विचारधाराले अझै व्यापक मान्यता प्राप्त गर्न समय लाग्ने छ । तथापि एक दशकभित्र नयाँ सिद्धान्त र खोजीले जुन स्थान प्राप्त गर्‍यो त्यो राजनीतिशास्त्रको क्षेत्रमा क्रान्ति नै मानिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजनैतिक व्यवस्थाका तत्त्वहरू (Properties of Political system) अलमण्डले राजनैतिक अन्तरक्रियाहरूका तीन तत्वहरूको व्याख्या गरेका छन् – (क) व्यापकता (Comprehensiveness), (ख) आपसी निर्भरता (Inter-dependence) र (ग) सीमा राख्नु (Existence of boundary)

(क) व्यापकता—अलमण्डले व्यापकता अन्तर्गत ती सम्पूर्ण राजनैतिक अन्तरक्रियाहरू (चाहे त्यो वैध शक्तिको प्रयोग होस् वा शक्ति को प्रयोग गर्ने त्रास देखाइएको होस्) लाई लिएका छन् । सरकार का अंगहरू वा ढांचाहरू (न्यायपालिका, व्यवस्थापालिका, कार्यपालिका) मात्रको अध्ययन गरिदैन बरु राजनैतिक व्यवस्था अन्तर्गत पर्ने सम्पूर्ण कुराहरू (जाति, परिवार समाज, दलहरू आदि) र सरकारका सम्पूर्ण अंगहरू र ढांचाहरूको अध्ययन पनि यस अन्तर्गत पर्न आउँछ । अतः राजनैतिक व्यवस्था भन्नाले व्यापक अर्थ बुझाउँछ ।

(ख) आपसी-निर्भरता – अलमण्डले आपसी-निर्भरताको पनि व्याख्या गरेका छन् । राजनैतिक व्यवस्था अन्तर्गत पर्ने सम्पूर्ण निकाय वा ईकाई (Sub-set) हरू एक अर्कामाथि निर्भर रहन्छन् । राजनैतिक क्रिया, अन्तर-क्रिया र प्रक्रिया आदि सबै राजनैतिक व्यवस्थाका अभिन्न अङ्ग हुन् ओ यी सबै एक अर्कामाथि निर्भर छन् । कुनै एक निकाय वा ईकाई वा क्रिया वा प्रक्रिया वा अन्तरक्रियामा परिवर्तन आउनासाथ अर्को ईकाई वा अन्तरक्रिया आदिमा परिवर्तन आउँछ । उदाहरणको लागि संसदले पारित गरेको विधेय-कले कार्यपालिका, राजनैतिक दलहरू आदिका क्रियाकलापमा परिवर्तन ल्याउन सक्छ । अतएव राजनैतिक व्यवस्था अन्तर्गत हुने क्रिया, प्रक्रिया र अन्तरक्रियाहरू एक अर्कामाथि निर्भर छन् ।

(ग) सीमा-राख्नु – राजनैतिक व्यवस्था व्यापक छ भन्दैमा यसको कुनै सीमा वा क्षेत्र नै छैन भन्नु उपयुक्त हुँदैन । अलमण्डले राजनैतिक व्यवस्थाको सीमा निर्धारिण गरेका छन् । धर्मले व्यवस्थामा प्रभाव पार्छ तर धर्म राजनै-तिक व्यवस्थाको अंग हुन सक्तैन । यदि धार्मिक संगठन वा संघहरूले राज-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नैतिक व्यवस्था धार्मिक दृष्टिले चलाउने हो भने राजनैतिक व्यवस्थाको सीमा उल्लंघन हुनेछ । त्यस्तै प्रकारले राजनैतिक व्यवस्थाले धर्म वा धार्मिक संघ-संस्थाहरूलाई पूर्णरूपेण संचालन गर्ने हो भने राजनैतिक व्यवस्थाले सीमा उलंघन गरेको मानिनेछ । सामाजिक व्यवस्था बढी व्यापक हुने हुँदा यसको सीमा निर्धारण गर्न गाह्रो हुन्छ ।

राजनैतिक व्यवस्थाका लक्षण वा विशेषताहरू (Characteristics of Political system)—अलमण्डले राजनैतिक व्यवस्थाका चार प्रमुख लक्षण वा विशेषताहरूको व्याख्या गरेका छन्—(क) राजनैतिक ढाँचाको सर्व-व्यापकता (Universality of Political Structure), (ख) राजनैतिक कार्यहरूको सर्वव्यापकता (Universality of Political Functions) (ग) राजनैतिक ढाँचाका बहु-कार्यहरू (Multi-functionality of Political Structure) र (घ) संस्कृति मिश्रित चरित्र (Cultural mixed Character)।

(क) राजनैतिक ढाँचाको सर्वव्यापकता-राजनैतिक व्यवस्थाको लागि राजनैतिक ढाँचा आवश्यक छ । आन्तरिक शान्ति स्थापना गर्नको लागि राज-नैतिक ढाँचाहरूका अन्तरक्रियाहरू आवश्यक छन् । यस प्रकारले राजनैतिक ढाँचा र राजनैतिक कार्यहरू आपसमा निर्भर छन् । राजनैतिक ढाँचा अन्तर्गत व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका तथा प्रशासनिक ईकाईहरू आदि आउँछन्, औ यी कुनै पनि राजनैतिक व्यवस्थाका प्रमुख अङ्ग हुन् । यी ढाँचाहरूका कार्यहरू विभिन्न देश वा व्यवस्थामा फरक हुन सक्छन् ।

(ख) राजनैतिक कार्यहरूको सर्वव्यापकता—राजनैतिक व्यवस्थाले कार्य नगरी रहन सक्तैन औ टिक्न पनि सक्तैन । देश, काल, परिस्थिति-अनुसार व्यवस्थाले कार्य गर्छ । अलमण्डले व्यवस्थाका कार्यहरूलाई आगत (Input) र निर्गत (Output) कार्य अन्तर्गत वर्णन गरेकाले यसको छोटो विश्लेषण तल गरिएको छ।

(ग) राजनैतिक ढाँचाहरूका बहुकार्य—कुनै पनि राजनैतिक ढाँचाले एउटा मात्र कार्य गर्दैन । सबै ढाँचाहरूले बहुकार्य (एकभन्दा बढी) गरिरहेका हुन्छन् । ढाँचाहरूमा आपसी निर्भरता हुने हुनाले कुनै पनि ढाँचाले बहुकार्य गरेको हुन्छ । उदाहरणको लागि व्यवस्थापिकाले नियम निर्माण गर्छ, नियमको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पालन गराउने कार्य कार्यपालिकाले गर्छ औ नियमको पालन नभएमा न्यायपालिकाले दण्ड दिन्छ। यसप्रकार एउटा ढाँचाले अर्को ढाँचालाई सहयोग गरी रहेको हुन्छ वा भनौं एउटा ढांचा अर्को माथि निर्भर हुन्छ।

(घ) संस्कृति मिश्रित चरित्र—प्राचीन वा आधुनिक राजनीतिक व्यवस्थामा संस्कृति मिश्रित चरित्र रहेको पाइन्छ। औपचारिक सङ्गठन (राजनैतिक दलहरू, व्यापारसङ्घ आदि आदि) बाहेक पनि अन्य यस्ता अनौपचारिक माध्यमले पनि राजनैतिक व्यवस्थामा प्रभाव पारिरहेका हुन्छन्। उदाहरणको लागि कुनै जन-जातिका मुख्य व्यक्ति जसको नेतृत्वमा उक्त जनजाति रहन्छ। मुख्य व्यक्ति वा मुखियाको नेतृत्वमा सङ्गठित कुनै जाति जो कुनै पनि राजनैतिक दलको सदस्य हुँदैन यसैलाई संस्कृति मिश्रित चरित्र भन्नन्छ।

राजनैतिक व्यवस्थाका आगत-निर्गत कार्यहरू (Input-Output functions of the political System)—अलमण्डले राजनैतिक व्यवस्थाका कार्यहरूलाई आगत (Input र निर्गत (Output) अन्तर्गत व्याख्या गरेका छन्। आगत कार्य चार प्रकारका हुन्छन्—(क) राजनैतिक सामाजिकीकारण र भर्ती (Political socialisation and recruitment, (ख) माग प्रष्टीकरण (Interest articulation), (ग) माग एकत्रीकरण (Interest aggregation) र (घ) राजनैतिक संचार (Political Communication)। निर्गत कार्यहरू तीन प्रकारका हुन्छन्—(क) नियम-निर्माण (Rule Making) (ख) नियम-प्रयोग (Rule Application) र (ग) नियम-व्याख्या (Rule Adjudication.

आगत कार्यहरू (Input functions)—जुनसुकै व्यवस्थाले पनि निर्वाधरूपले कार्य गर्नुपर्छ। कार्य नगर्ने राजनैतिक व्यवस्था टिक्न सक्तैन। राजनैतिक व्यवस्थामा ढाँचाहरूको अन्तरक्रियाहरू अवाधरूपले चलिरहेका हुन्छन्। आगत कार्यहरू व्यवस्थाकै भित्रबाट जन्मन सक्छन्। वातावरणबाट जन्म लिएका आगत कार्यहरू कालान्तरमा निर्गत कार्यहरूमा परिणित हुन पुग्छन्। समयका साथै निर्गत कार्यहरूले वातावरणलाई परिवर्तन गर्छन् औ निर्गतहरू आगतमा परिणित हुन पुग्छन्। यसप्रकारले आगत र निर्गत एक अर्काका परिपूरक हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अलमण्डले आगत कार्यहरूलाई चार भागमा बाँडी व्याख्या गरेकाले अब हामी यसमाथि विचार गरौं—

(क) **राजनैतिक सामाजिकीकरण र भर्ती**—राजनैतिक समाजिकीकरण र भर्ती आगत कार्यहरू मध्ये एउटा प्रमुख कार्य हो । राजनैतिक समाजिकीकरण यस्तो प्रक्रिया हो जसले राजनैतिक संस्कृतिको निर्माण र परिवर्तन गर्छ । राजनीतिक स्थायित्व र विकासमा राजनैतिक समाजिकीकरण र भर्तीले महत्त्वपूर्ण भूमिका खेल्छ । व्यक्तिको जीवन पर्यन्तसम्म राजनीतिको समाजिकीकरण अवाधरूपले चलिरहने प्रक्रिया हो । समाजको माध्यमबाट व्यक्तिमा राजनैतिक विचारधारा रोपण गरिन्छ । केही राजनैतिक विचारहरूले समाजमा राजनैतिक प्रभाव पार्दछन् । राजनैतिक समाजिकीकरण औपचारिक र अनौपचारिक दुवै रूपले हुनसक्छ । राजनैतिक समाजिकीकरणका माध्यमहरू निम्नलिखित छन्—

(i) **परिवार**—परिवार राजनैतिक सामाजिकीकरणको प्रथम खुडकिलो हो । आफ्ना आमा, बाबु, दाजु र ठूलाहरूले जस्तो राजनैतिक विचारधारा राख्छन् सानो बच्चाको मस्तिष्कमा त्यसको छाप केही न केही रूपमा निश्चित रूपले पर्दछ । आज्ञाकारिता, नियम-पालन, स्नेह आदि-आदि कुराहरू बालकले परिवारमैं सिक्छ । पारिवारिक वातावरणको छाप सानो बालकमा परेकै हुन्छ ।

(ii) **पाठशाला**—पाठशालामा बालकहरूले राजनीतिको प्रथम शिक्षा प्राप्त गर्दछ । स्कूल वा क्याम्पस युनियनमा विद्यार्थीहरूले भाग लिन्छन् । राजनैतिक विचारधाराको प्रभाव यहींदेखि पर्न शुरू हुन्छ । अर्कोपट्टि व्यवस्थाले पनि राजनैतिक समाजिकीकरण गर्न यहीबाट प्रारम्भ गर्छ । उदाहरणको लागि पंचायत विषयलाई प्राथमिक स्तरदेखि उच्च शिक्षा सम्म कुनै न कुनै रूपमा पठन-पाठन गराइन्छ । यसको अर्थ हो व्यवस्था प्रति निष्ठावान पार्नु वा राजनैतिक समाजिकीकरण गर्नु । स्कूल-क्याम्सका नियम सँग अवगत हुनु औ त्यसको पालना गर्नु; कुनै खेलको टीम माध्यमबाट सामूहिक र सङ्गठनको भावना जागृत हुनु; नागरिकशास्त्र वा राजनीतिशास्त्रको अध्ययनबाट विभिन्न अवस्था वा राजनैतिक सिद्धान्तको ज्ञान हुनु आदि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदिबाट विद्यार्थीहरूको राजनैतिक सामाजिकीकरण हुन्छ।

(iii) राजनैतिक संस्था—राजनैतिक संस्थाहरूले सामाजिकीकरणमा ठूलो भूमिका खेल्छन्। राजनैतिक दलहरू, संघ, सङ्गठन आदि आदिले प्रत्यक्ष र परोक्ष दुवैरूपमा सामाजिकीकरण गर्दछन्। व्यक्ति समूहमा राजनैतिक विचारधारा रोपण गर्ने कार्य राजनैतिक दलहरूको हो। यी दलहरूले राजनैतिक चेतना जागृत गर्छन्।

(iv) अनौपचारिक संस्था—क्लब,ट्रेड यूनियन, व्यापारिक संस्था आदि आदिलेपनि राजनैतिक सामाजिकीकरणमाठूलो योगदान गर्दछन्। वाद-विवाद, कुनै प्रमुख व्यक्तिको व्याख्यान आदिबाट सामाजिकीकरणमा योगदान हुन्छ।

यस्ता अनेकौं दबाव समूहहरू छन् जसले राजनैतिक समाजिकीकरणमा योगदान गर्छन्। कुनै सामूहिक हड़ताल, जुलूस, प्रदर्शन आदिले पनि सामाजिकीकरणको प्रक्रियामा सघाउँ पुऱ्याउँछन्।

(v) भर्ती—राजनैतिक कार्य सम्पादन गर्ने छनौटलाई नै राजनैतिक भर्ती भनिन्छ। भर्तीद्वारा राजनैतिक मूल्य र विश्वास प्रति निष्ठावान पार्ने प्रयास गरिन्छ औ जनताको विश्वास र निष्ठामाथि अधिकार गर्न सिकाइन्छ भर्तीद्वारा व्यवस्थासँग परिचित गराउनुका साथै व्यवस्था अनुकूलको कार्य सम्पादन गराउने प्रयास गरिन्छ। व्यवस्था प्रति वफादार बनाउन तालीम दिइन्छ औ तालीमद्वारा अवस्था प्रति निष्ठावान बनाइन्छ।

(iv) समाचार माध्यमहरू—राजनैतिक समाजिकीकरणको शसक्त माध्यम समाचार माध्यमहरू हुनु। समाचार माध्यमहरू अन्तर्गत पत्र-पत्रिका रेडियो, सिनेमा, टेलीबिजन जुलूस, सार्वजनिक, सभा, पर्चाबाजी, नाराबाजी आदि आदि आउँछन्। माध्यमहरूद्वारा जनमतनिर्माणमा सोझै प्रभाव पार्न सकिन्छ सरकारले वा विपक्षी कसैले पनि आफ्ना क्रिया कलाप र सिद्धान्तको प्रचार गरी जनमत आफ्नो पक्षमा पार्न सक्छ। समाजिकीकरणको सबैभन्दा सुगम तर प्रभाव-शाली माध्यम समाचार माध्यमहरू नै हुन्।

(ख) माग प्रष्टीकरण (Interest Ariculation)—व्यक्तिहरू वा समूहले राजनैतिक निर्णयहरूसँग जुन माग राख्दछन् त्यसैलाई माग प्रष्टीकरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्दछन् । यस्तो माग केही व्यक्तिहरूले वा संगठित संस्थाहरूले राख्न सक्दछन्। अलमण्डले माग प्रष्टीकरणका चार रूप वा तरीकाको वर्णन गरेकाछन्—

(i) माग प्रष्टीकरणका ढाँचाहरूको किसिम (Kinds of structures)
(ii माग प्रष्टीकरणका विविध माध्यमहरू (Variety of channels)
(iii) माग प्रष्टीकरणका तरीकाहरू (The styles of interst articulation)
(iv) माग प्रष्टीकरणमाथि आधुनिकीकरणको प्रभाव (Effects of modernisation)

(1) माग प्रष्टीकरणका ढाँचाहरूको किसिम (Kinds of structures which perform the interest articulation function) — अलमण्डले माग प्रष्टीकरणका ढाँचाहरूलाई पनि दुई भागमा बाँडेका छन्— (a) प्रष्टीकरण गर्ने हितसमूहको तरीका (The type of group initiating the articulation) र (b) हित समूहका माध्यमहरू (The type of access channel सबै हितसमूहले अनौपचारिक तरीका र व्यक्तिगत सम्पर्कका आधारमा मागहरू राख्छन् । सबैभन्दा सजिलो, सुगम र प्राप्त सुविधाका माध्यमहरूबाट मागहरू निर्णयकर्ताहरू समक्ष राखिन्छ । आफ्ना हितका मागहरू गर्ने व्यक्तिहरू नै हुन् । मागहरू गर्ने माध्यमलाई अलमण्डले विभिन्न हितसमूहमा बाँडेकाछन् —

(a) गैर सामूदायिक हितसमूह (Non-associational intrere groups) :—गैर सामुदायिक हितसमूह अन्तर्गत परिवार, रक्त र धर्मसंग सम्बन्धित हितसमूह, वर्गीय र जातीय सगठनहरू आदि आदि आउँछन् यी समूहहरूले धार्मिक नेता, केही प्रमुख व्यक्तिहरू, परिवारका सदस्यहरूआदि-बाट आफ्नो माग र हित परिपूर्तिगर्ने प्रयास गर्दछन् । यस्ता हितसमूहहरू असंगठित र अनौपचारिक हुन्छन् । यस्ता हितसमूहहरूले सदैव माग गरिरहेका हुँदैनन् बरु समयलाई हेरी यदाकदा आफ्नो हित साधनको लागि प्रयत्न गर्दछन् ।

(b संगठित वा संस्थागत हितसमूह (Institutional Inerest groups) :—राजनैतिक दलहरू, विधानसभाहरू, सैनिक, कर्मचारी, चर्चहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदि यस हितसमूह अन्तर्गत पर्दछन् । यी हितसमूहहरू राजनैतिक व्यवस्था-भित्रकै भएकाले समाजको हित र आफ्नै हितमा गाँसिएका अन्य वर्गहरूको हितलाई प्राप्त गर्ने प्रयास गर्दछन् । यी समूहहरूको उद्देश्य नै सामाजिक हित प्राप्त गर्नु भएकाले अन्यवर्ग र समुदायहरूको हितलाई गनि यिनीहरूले प्रष्टयाउछन् । यी हितसमूहहरू राजनैतिक कार्यगर्नका लागि स्थापित गरिएका भए तापनि अन्य वर्गका हितलाई पनि यिनीहरूले प्राप्त गर्ने प्रयास गर्दछन् । यी संगठित भएकाले समाजमा यस्ता हितसमूहको प्रमुख स्थान हुन्छ ।

(c) सामुदायिक हितसमूह (Associational Interest groups) — यस हितसमूह अन्तर्गत प्राध्यापक संघ, शिक्षक संघ, स्वतन्त्र विद्यार्थी युनियन, व्यापारसंघ आदि आदि अउँछन् । यस्ता संघ, संस्थाहरूको आफ्नै विधान हुन्छ । यी हितसमूहले आफ-आफ्ना वर्गको हितप्राप्त गर्ने प्रयास गर्दछन् । यी संगठित हुन्छन् औ वैधानिक तरीकाबाट आ-आफ्ना वर्गको हितलाई प्रष्टीकरण गर्दछन् । आधुनिक जगतमा यी हितसमूहहरूले प्रभावशाली भूमिका खेलेका छन् । शक्ति र साधनको प्रचुरता भएका यी हितसमूहहरूले वर्गीय हितलाई प्रभावकारी ढंगबाट प्रष्टीकरण गर्न सक्षम भएकाछन् ।

(d) अव्यवस्थित हितसमूह (Anomic Interest groups) :— हितसमूहमा व्यक्ति स्वयंले आफ्नो हित प्राप्त गर्न भागलिएको हुन्छ । यस्तो हित-समूह अव्यवस्थित हुन्छ । हिंसक प्रदर्शन, मारकाट, उपद्रव आदिको माध्यमबाट यस्तो हितसमूहले आफ्नो मागको प्रष्टीकरण गर्दछ । आजकल प्रायः यस्तै माध्यम अंगालेको पाइन्छ औ यस्तो उपायबाट माग तुरुन्त पूर्ति भएको पनि पाइएको छ ।

(ii) माग प्रष्टीकरणका विविध माध्यमहरू (Variety of channels through which the demands are articulated —अलमण्डले माग प्रष्टीकरणका विभिन्न माध्यमहरूको वर्णन गरेकाछन् । माग प्रष्टीकरणको प्रथम माध्यम व्यक्ति नै हो । व्यक्तिले व्यक्तिगत सम्बन्धका आधारमा निर्णय कर्ता बुद्धिजीवीका समक्ष आफ्ना मागहरू राख्दछ । यस तरीकाले राखिएका मागहरू प्रायः सुगमरूपले पूर्ति हुनसक्ने आशा राखिएको हुन्छ । हितसमूहले पनि आफ्ना हित प्रस्टीकरण गर्ने काम व्यक्तिगत सम्पर्ककै आधारमा गर्छ । किनकि निर्णय-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्ताले कुनै न कुनै हितसमूहको प्रतिनिधित्व गरेकै हुन्छ । माग प्रष्टीकरणको अर्को माध्यम हो—प्रदर्शन, हिंसात्मक प्रदर्शन, उपद्रव, जुलूस, नाराबाजी आदि । माग प्रष्टीकरणको अर्को सशक्त साधन वा माध्यम हो—संचार माध्यमहरू । रेडियो, टेलिभिजन, पत्र-पत्रिकाहरू, सिनेमा, सार्वजनिक सभा, राजनैतिक दलहरू, व्यवस्थापिकाहरू आदिका माध्यमहरूबाट माग प्रष्टीकरण सुगम तरीकाले गर्न सकिन्छ ।

माग प्रष्टीकरणका तरीकाहरू (Style of Interest Articulation) र माग प्रष्टीकरणमाथि आधुनिकीकरणको प्रभाव (Effects of modernisation on Interest Articulation) का सम्बन्वमा पनि अलमण्डले आफ्ना विचारहरू व्यक्त गरेका छन् । माग प्रष्टीकरणको तरीकामा अलमण्डले 'त्यस्ता साधारण माग (Simple demand) वा खास माग (Specific demand) लाई लिएकाछन् । साथै रिस प्रदर्शन गर्न वा समर्थन दिन वा हतोत्साहित हुँदा पनि माग प्रष्टीकरण हुनसक्छ । आधुनिकीकरणले गर्दा माग प्रष्टीकरण गर्न सजिलो भएको छ तर साथसाथै समस्यामूलक पनि हुन गएको छ । प्रचारप्रसारका माध्यम व्यापक भएकाले मुख्य माग बुझ्न गाह्रो हुनगएको छ ।

(ग) माग एकत्रीकरण (Interest Aggregation)—राजनैतिक व्यवस्थाको आगत कार्यहरू (Input functions) मा माग एकत्रीकरण तेस्रो कार्य हो । मागहरूलाई साधारण नीतिमा परिवर्तन गर्ने कार्यलाई नै माग एकत्रीकरण भनिन्छ (The functions of converting demands into general policy alternatives is called interest aggregation) । प्रत्येक राजनैतिक व्यवस्थामा यस्तो कार्य हुन्छ । यस्तो कार्य राजनैतिक दल, व्यवस्थापिका, कर्मचारी आदिले गर्दछन् । जुन राजनैतिक व्यवस्थामा माग प्रष्टीकरण सीमित हुन्छ वा जहाँ मात्र प्रष्टीकरण केन्द्रबाट नियन्त्रित हुन्छ त्यस्तो व्यवस्थामा केही बुद्धिजीवीहरूले नै माग पूरा गर्छन् । अधिनायक शासन व्यवस्था वा 'एकतन्त्रीय शासन व्यवस्थामा माग एकत्रीकरणको कार्य कर्मचारीतन्त्रले गर्दछ ।' प्रजातान्त्रिक शासन व्यवस्थामा माग एकत्रीकरण गर्ने प्रमुख ढाँचा राजनैतिक दलहरू हुन् । अलमण्डले माग एकत्रीकरणका तीन प्रमुख बाटाहरूको वर्णन गरेकाछन्—(i)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यावहारिक सौदाबाजी (Pragmatic bargaining (ii) पूर्ण गुणसम्पन्न तरीका (Absolute value oriented) र (iii) परम्परावादी (Traditionalistic) व्यावहारिक सौदाबाजी अन्तर्गत त्यस्ता थुप्रै मागहरू आउँछन् जसको पूर्ति सीमित नीति वा तरीकाबाट गरिन्छ। त्यस्ता मागहरूलाई नीति निर्धारणमा परिवर्तन गर्ने सीमित विकल्पहरू हुन्छन्। त्यस्ता मागहरूको परिपूर्तिका लागि व्यवस्था पनि अग्रसर हुन्छ। पूर्ण गुणसम्पन्न मागहरू त्यस्ता माग हुन् जसको विकल्प नै हुँदैन। यस्ता मागहरू अनमनी (Rigid) हुन्छन् औ. मागकर्ता र निर्णयकर्ताका बीच कुनै समझौता हुनसक्तैन। यस्ता मागहरूको परिपूर्ति सैद्धान्तिक रूपमा मात्र गर्न सकिन्छ। परम्परावादी त्यस्तोलाई भनिन्छ जसले भूतकालको आधारमा भविष्यका लागि नीति निर्धारण गर्न भन्दछन्। चलिआईरहेको सामाजिक र आर्थिक ढाँचा अनुरूपकै नीति निर्धारण गर्न परम्परावादीले जोड़ दिन्छन्।

संक्षेपमा हामी के भन्न सक्छौं भने माग एकत्रीकरण भन्नाले नीति निर्धारणमा विकल्प कायम गर्नु हो। त्यस्तो विकल्प व्यवस्थालाई समर्थन् गर्न वा व्यवस्थामा परिवर्तन ल्याउनको लागि हुनसक्छ। माग एकत्रीकरण वा नीति निर्धारण गर्ने कार्यगर्ने प्रमुख अंगहरू हुन्—व्यवस्थापिका, कार्यपालिका, राजाहरू, कर्मचारीहरू आदि आदि।

(घ) राजनैतिक संचार (Political Communication)—आगत कार्य अन्तर्गत अर्को उपयोगी र प्रभावकारी कार्य राजनैतिक संचार हो। विभिन्न राजनैतिक व्यावस्थाको परीक्षण वा जाँचगर्ने सशक्त माध्यम राजनैतिक संचार हो। व्यक्तिले जुन कुरा सुन्छ त्यसैलाई उसले अरूलाई भन्छ। यसप्रकारले समाजमा एउटा व्यक्ति संचारको माध्यममा भरपर्दछ। संचार माध्यम व्यवस्थालाई हानी वा लाभ दुवै पुन्याउन सक्छ। संचारका ढाँचाहरू विभिन्न प्रकारका छन्—(a) अनौपचारिक आम्ने-साम्ने सम्पर्क (Informal face to face contacts), (b) परम्परागत सामाजिक ढाँचा (Traditional social structures), (c) राजनैतिक निर्गत ढाँचा (political output structures) (d) राजनैतिक आगत ढाँचा (political input structures) र (e) समूह वा जन माध्यम (mass me-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

dia) व्यवस्थाका सम्पूर्ण आगत र निर्गत कार्यहरू संचारकै माध्यमबाट गरिन्छ अतः राजनैतिक संचारलाई आगत कार्य अन्तर्गत मात्र राख्नु उचित हुँदैन। संसार माध्यमलाई कुनै पनि राजनैतिक व्यवस्थाको नियन्त्रणमा राख्नु हुन्न। नियन्त्रण संचार माध्यमको दुष्परिणाम पर्न जान्छ। आगत कार्य अन्तर्गत संचार माध्यमले सीमा निर्धारणलाई वर्णन गर्न सक्छ साथै राजनैतिक व्यवस्थालाई आवश्यक एकताको पनि विश्लेषण गर्न सक्छ। संचार माध्यम अन्तर्गत रेडियो, टेलिभिजन, सिनेमा, पत्र-पत्रिका, सभा आदि आदि आउँछन्। यी माध्यम-हरूबाट जनमत निर्माण गर्न ठूलो सघाउ हुन्छ। व्यवस्थाको पक्ष वा विपक्षमा संचार माध्यमले ठूलो भूमिका खेल्छ।

निर्गत कार्यहरू (Output functions)—निर्गत कार्यहरूले वातावरणमा परिवर्तन ल्याउन सक्छन् औ यस्तो परिवर्तनले राजनैतिक व्यवस्थामा नै प्रभाव पार्नसक्छ। निर्गत कार्यहरूका चार श्रेणी छन्—(a) खोसेर लिने (Extraction), (b) व्यवहार नियमितता (Regulations of behaviour) (c) साधनको निर्धारण वा बाँडफाँड (Allocation or distribution or goods) र (d) लाक्षणिक निर्गतहरू (Symbolic outputs)। अलमण्डको विचार अनुसार सम्पूर्ण निर्गत कार्यहरू सरकारबाट गरिने कार्यहरू हुन्। विकसित राजनैतिक व्यवस्थामा निर्गत कार्यहरूमा स्पष्ट सीमा निर्धारण गर्न सकिन्छ। एउटा निर्गत ढाँचाले अर्को निर्गत ढाँचाको कार्य सोझै वा हस्तक्षेप गरी गर्दैन। तर अविकसित राजनैतिक व्यवस्थामा कार्यपालिका र नौकरशाहीले व्यवस्थापिकाको कार्य गर्दछन् औ यस्तो व्यवस्थामा जात-जाति वा भाषा-भाषीले पनि प्रभाव पार्दछन्। अविकसित वा संक्रमण वा अन्तरिम शासन व्यवस्थामा नागरिकहरूले भाग लिदैनन् वा निष्क्रिय रहन्छन्। अब हामी निर्गतकार्यहरूको वर्णन गरौं—

निर्गत कार्यहरू तीन प्रकारका छन्—(a) नियम निर्माण कार्य (Rule making function) (b) नियम प्रयोग (Rule application) र (c) नियम व्याख्या (Rule adjudication)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ा कार्य (Rule making function)—प्रत्येक
म निर्माण गरिन्छ। नियम निर्माणको एउटा ढाँचा
सक्रिय राजतन्त्रमा नियम वा नीति निर्माणमा राजाको
औ राजा नै सर्व शक्तिशाली हुन्छन् तथा राजसंस्थाबाट नै
ण हुन्छ। राजसंस्थालाई सहयोग गर्नका लागि नोकरशाहीको एउटा
डा गरिएको हुन्छ। अधिनायकवादी शासन व्यवस्थामा पनि अधि-
नै नियम् निर्माणको प्रमुख अंग हुन्छ। प्रजातान्त्रिक व्यवस्थामा नियम
को कार्य जनप्रतिनिधिहरूको सभा संसदले गर्छ। अलमण्डले नियम निर्माण
राजनैतिक व्यवस्था सम्पूर्ण ढाँचाहरू संलग्न भएका हुन्छन् भन्ने विचार
गरेका छन्। रोबर्ट दाल (Robert Dahl) ले नियम निर्माण का पाँच
ाकाको वर्णन गरेका छन् (i) आर्थिकरूपले सम्पन्न धनीहरूको एकीकृत
प्रयासबाट, (Covert integration by economic notables), (ii) कार्यपालिका केन्द्रित ठूला व्यक्तिहरूको संयुक्तरूपबाट (Executive centered grand coalition of coalition), (iii) मुखिया वा प्रमुख व्यक्तिको संयुक्तरूप्रबाट (a coalition of chieftains), (iv) स्वतन्त्र राजाहरू वा सार्वभौमिकता प्राप्त राजाहरूबाट (Independent sovereignties) र (v) विपक्षि सार्वभौमिकता प्राप्त जो संघर्षबाट भइरहेको सार्वभौमिक प्राप्त व्यक्तिलाई फाल्ने प्रयास गरिरहेको छ। (Rival sovereignties fighting it out)। प्रत्येक समाजमा नियम निर्माण कार्यमाथि व्यक्तिको नेतृत्व र सांस्कृतिक वातावरणको ठूलो प्रभाव परेको हुन्छ। व्यक्तिहरूले आफ्नो दक्षता, कार्यकुशलता, र साधन र श्रमबाट राजनैतिक घटनालाई मोडने प्रयास गर्दछन्। राजनैतिक व्यवस्थाको ढाँचा अन्तर्गत कार्यगर्ने संघ संस्था आदिका अन्तर-क्रियाहरूबाट नै नियम निर्माण हुन्छ।

(b) नियम प्रयोग (Rule application) :—नियमलाई समाज वा व्यक्तिमाथि गरिने प्रयोगलाई नियम प्रयोग भनिन्छ। नियम प्रयोगलाई प्रभावकारी पार्नु एउटा समस्या हो औ यसको प्रतिक्रिया वुझ्न सक्नु पनि समस्या नै हो। नियम प्रयोग गर्ने प्रभावशाली माध्यम नोकरशाही हो। आजकल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चारकै माध्यमबाट गरिन्छ

नियम प्रयोगको अर्थ व्यवस्थाको लक्ष्य र नीतिलाई प्रमात्र राख्नु उचित हुँदैन । यसको अन्तरक्रियाको अध्ययन गर्नु पनि हो । . विकसित नियन्त्रणमा राख्नु हुन्न । राजनैतिक व्यवस्थालाई स्थिरता प्रदान गर्नुका साथै वातावरणकार्य अन्तर्गत संचार गर्छ । प्रभावशाली नियम प्रयोग गर्ने व्यवस्थाको अर्थ हो नयाँ-नयव्यवस्थालाई सामाजिक दरबारहरूको पूर्ति गर्दै जान । नियम प्रयोग गर्ने तरीका वा रेडियो, विभिन्न देशमा बेग्ला-बेग्लै हुन्छन् । प्राचीन कालदेखि अहिलेसम्म नियम माध्यम-कुनै न कुनै रूपमा हुँदै आइरहेको छ । नियम प्रयोगमा निष्पक्षता हुनु आवपक्षमा छ तर यो कुरा नियम प्रयोग गर्ने ढाँचामाथि निर्भर गर्दछ ।

(i) नौकरशाही (Bureaucracy) :—आधुनिक जगतमा नियम प्रयोगको सबैभन्दा प्रभावकारी माध्यम नौकरशाही वा कर्मचारीतन्त्र हो । मेर्ला फेनसोड (Merla Fainsod) ले नौकरशाहीलाई पाँच वर्गमा बाँडेकाछन्— (a) प्रतिनिधिमूलक नौकरशाही (Representative bureaucracies), (b) दलीय-राज्य नौकरशाही (Party-state bureaucracies) (c) सैनिक प्रभावित नौकरशाही (Military Dominated bureaucruacies), (d) नियम प्रभावित नौकरशाही (Rule dominated) र (e) शासनकर्त्ता नौकरशाही (Ruling bureaucracies) । प्रतिनिधिमूलक नौकरशाहीमा प्रतिस्पर्धात्मक राजनैतिक तरीकाले सत्ताको निर्धारण गरिन्छ । दलीय राज्य नौकरशाही अधिनायकवादी शासन व्यवस्था वा एकदलीय शासन व्यवस्थामा पाइन्छ । सैनिक प्रभावित नौकरशाहीमा निजामती कर्मचारीहरूको स्थान सैनिकहरूले लिन्छन । नियम प्रभावित नौकरशाहीमा शासक वा राजाले कर्मचारीहरूको माध्यमबाट नियम प्रयोग गर्दछन् । शासनकर्त्ता नौकरशाहीमा कर्मचारीहरूले नै शासन गर्ने तत्त्वलाई उपजाउँछन् औ स्वयं शासक झैं शासन गर्दछन । नौकरशाहीले निर्गतमाथि एकाधिकार गर्न खोज्छ । राजनीतिक नेता वा न्यायाधीश वा व्यवस्थापिका वा कार्यपालिका आदिको निर्णयलाई लागू गर्ने कर्मचारी नै हुन । राजनीतिक व्यवस्थामा सञ्चार माध्यमलाई कार्यरत गराउने औ महत्वपूर्ण राजनैतिक घटनाको सूचना प्राप्त गर्नेप्र मुख श्रोत नौकरशाही नै हो । नौकर-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

,लागि योग्य र राम्रो निर्देशन अन्तर्गत राख्नुपर्छ। तिनिर्माण र निर्देशन संस्था अन्तर्गत राख्नुपर्छ अन्यथा ...ाम देशले भोग्नु पर्ने छ।

...न व्याख्या (Rule Adjudication) :—नियम व्याख्याको ...हो—नियम कानूनको उलङ्घन नहोस्; उलङ्घन भएमा दण्ड दिन ...स्। नियम उलङ्घन भएमा दण्ड दिने निकाय न्यायपालिका हो। विवा- ... झगडालाई निपटारा गर्ने कार्य न्यायपालिकाको हो। विवादास्पद झगडा- ...निपटारा गर्ने कार्य न्यायपालिकाको हो। नियम व्याख्या गर्ने ढाँचाले ...प्रकारले निर्णय गर्नु पर्छ जसले गर्दा सदैव नयाँ-नयाँ नियम बनाउनु पर्ने ...ट खड़ा नहोस्। नियम व्याख्या गर्ने इकाइको प्रमुख तत्त्व निष्पक्षता हो। ...यम व्याख्या गर्ने निकाय स्वतन्त्र हुनुपर्छ। स्वतन्त्र र निष्पक्ष नियम व्याख्या गर्ने ढाँचा खड़ा गरिनुपर्छ। यस्तो भएमा राजनीतिक व्यवस्था सुगम र अवाधरूपले चल्नसक्ने छ।

राजनैतिक व्यवस्थाको पक्ष—(Functional Aspects of Political system) :—अलमण्डले राजनीतिक व्यवस्थाको क्रियात्मक पक्ष- को पनि विवेचना गरेकाछन्। राजनीतिक व्यवस्थाले कसरी कार्यगर्छ वा गर्नु- पर्छ भन्ने विषयमा उनले अनेकौं बाटो देखाएकाछन्। त्यस्ता उपाय वा बाटा निम्नलिखित छन्—

(i) व्यवस्थाको योग्यता (System's capabilities) :—राजनीतिक व्यस्थाको क्रियात्मक पक्षको प्रथम खुड्किलो व्यवस्थाको योग्यता हो। व्यवस्थाले वातावरण अनुकूल कति चलेको छ र सामाजिक व्यवस्था अनुरूप कति कार्य गरेको छ त्यो नै यसको प्रथम मापदण्ड हो। अधिनायकवादी शासन व्यवस्थामा राजनैतिक व्यवस्था व्यवस्थापन [Regulative] बल प्रयोग गर्ने [Extractive,] वितरण [Distributive] र उत्तरदायी [Responsive] एक व्यक्तिप्रति पारिन्छ औ एक व्यक्ति वा व्यक्ति समूहले नै सबै प्रयोग गर्दछन्। प्रजातान्त्रिक व्यवस्थामा व्यवस्थापन, वितरक आदि कुराहरू समाजको मागआगत- बाट प्रभावित हुने हुँदा प्रजातान्त्रिक व्यवस्था जनताप्रति बढी उत्तरदायी हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ii) परिवर्तन गर्ने तरीका (Conversion P[चा]रकै माध्यमबाट गरिन्छ व्यवस्थाको दोस्रो क्रियात्मक पक्ष हो परिवर्तन गर्ने तर[ीका]मात्र राख्नु उचित हुँदैन। लाई कसरी निर्गतमा परिवर्तन गरी वातावरण र सम[...]नियन्त्रणमा राख्नु हुन्न। व्यवस्थाले माग एकीकरण गरी नीति निर्माण गर्छ। व्यवस्[था]र्य अन्तर्गत संचार माग राख्छन्; त्यस माग अनुरूपको निर्माण गर्ने कार्य हुन्छ; त्यसपछि व्यवस्थालाई लागू गरिन्छ; यदि नियमका स्वरूपमा विवाद भए नियम व्याख्या गर्ने [...]न रेडियो, समक्ष पुऱ्याइन्छ। यी सम्पूर्ण कुराहरू व्यवस्था भित्रका इकाइहरूले ग[...]ध्यम- औ वातावरण अनुकूल पारिन्छ। यसप्रकारले परिवर्तन गर्ने तरीका का[...]पक्षमा उत्तरदायीपूर्ण छ त्यसमा नै व्यवस्थाको दिगोपन र क्रियात्मक पक्ष निर्भर गर्दछ।

(c) व्यवस्थामा स्थिरता र अनुकूलता (Level of system ma[in]ता tenance and adoptation)—यदि व्यवस्थाले कुशलतापूर्वक कार्य ग[र्]आ छ भने यसका कर्मचारीहरू कार्यकुशल हुनु आवश्यक छ। कर्मचारीलाई दिइएको कार्य कति कुशलतापूर्वक पूरा गर्छन् त्यसमा नै व्यवस्थाको कार्यकुशलता निर्भर गर्छ। राजनैतिक व्यवस्थामा नयाँ नयाँ कुराहरू वा समस्याहरू उठिरहन्छन् औ तिनलाई कुशलतापूर्वक संचालन गर्ने अभिभारा कर्मचारीहरू कै हुन्छ। कुशलतापूर्वक कार्य भइरहेमा व्यवस्था दिगो हुन्छ। स्थायी राजनैतिक व्यवस्था भनेको त्यो हो जसले आगतहरूलाई निर्गतहरूमा प्रभावकारी ढंगले परिवर्तन गर्न सक्छ। सुगम र कुशलरूपले आगतहरूलाई निर्गतमा परिणत गर्न सक्नु राजनीतिक व्यवस्थाको गुण हो। मारकाट, संघर्ष आदिपछि वाध्य भई नीति निर्माण गर्दा व्यवस्थामाथि आँच आउँछ औ त्यस्तो व्यवस्था दिगो रहने कम सम्भावना रहन्छ।

डेभिड इस्टनका आगत-निर्गत कार्यहरू (David Easton's input output functions of the system—डेभिड इस्टन अमेरिकी हुन् औ राजनीतिक शास्त्रमा नयाँ आयाम थप्नमा उनको ठूलो योगदान छ। अलमन्ड जस्तै उनले पनि राजनीतिक व्यवस्थाको आगत निर्गत कार्यहरूको वर्णन गरेका छन्। डेभिड इस्टनको व्याख्या अनुसार राजनीतिक व्यवस्थाका निम्नलिखित कार्यहरू हुन्—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरू (Input functions) :—आगत अन्तर्गत
d) र समर्थन (Support) लाई लिएका छन् ।
बाट प्राप्त हुन्छ । "माग भनेको विचारको अभिव्यक्ति
वा शासकसँग कुनै खास विषयको पूर्तिका लागि राखिन्छ भलै
पूरा गर्ने उत्तरदायी व्यक्तिहरूले पूरा गरून् कि नगलेन् ।"
mand is an expression of opinion that an authoritative
ation with regard to a particular subject matter
ld or should not be made by those responsible for doing
—D. Easton] । मागहरू प्रशस्त हुनसक्छन् तर राजनीतिक व्यवस्थाले
लाई कुन रूपमा स्वीकार गर्छ त्यो नै एउटा समस्या हो । माग पूर्ति गर्ने
मागमाथि विचार गर्नमा समयको प्रमुख भूमिका रहन्छ । प्रत्येक राजनीतिक
व्यवस्थाको आफ्नो किसिमको संचालन गर्ने तरीका हुन्छ । राजनीतिक व्यवस्था-
ले माग पूरा गर्ने तरीका निम्नलिखित छन्—

(i) इस्टनको विवेचना अनुसार मागलाई व्यवस्थाले सकेसम्म आउन दिन्न । केही कागहरूलाई मात्र व्यवस्थाले आउन दिन्छ । मागहरू जोडदार तरीकाले राखिएको छैन वा माग मान्नाले व्यवस्थालाई नै अपठ्यारो पर्छ भन्ने भएमा व्यवस्थाले मागलाई मान्दैन ।

(ii) मागहरू समाज र संस्कृति अनुकूल नभएमा व्यवस्थाले त्यस्तो मागहरू लाई मान्दैन ।

(iii) राजनीतिक व्यवस्थाले संचार माध्यमहरूको विकास गरेको हुन्छ औ यी संचार माध्यमहरूबाट मांग फिर्तालिने वा माग माग्नेहरूमा नै कलह उत्पन्न गराई मागहरूलाई खोक्रो रूप दिने प्रयास् गरिन्छ ।

[iv] प्रत्येक राजनीतिक व्यवस्थामा माग पूर्ति गर्ने केही विधि हुन्छन् औ केही मागहरूलाई मात्र पूर्ति गर्ने कार्य व्यवस्थाले गर्छ । उपरोक्त कुरा-हरू माग [Demand] अन्तर्गत पर्दछन् ।

समर्थन [Support]—मागलाई व्यवस्थितरूपले राख्न सकेमा र शासन-कर्तासँग सम्झौता गर्न सकेमा मात्र राजनीतिक व्यवस्थाको आगत हुनसक्छ माग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चारकै माध्यमबाट गरिन्छ
र शासन संचालन गर्ने यन्त्र निश्चित रूपले व्यवस्थाका मात्र राख्नु उचित हुँदैन। यति मात्रले व्यवस्था दिगो रहन सक्तैन। व्यवस्थालाई नियन्त्रणमा राख्नु हुन्न। इस्टनले समर्थनको पनि आवश्यकता माथि बल दिए। कुनै ... र्य अन्तर्गत संचार बिना पूर्ति हुन सक्तैन। कुनै पनि व्यवस्था जनसमर्थन वा वाताव... व्यवस्थालाई बिना बाँच्न सक्तैन। व्यवस्थालाई सदैव क्रियात्मक समर्थन दिनु वा ... रेडियो, राजनैतिक विषयमा समर्थन दिनाले व्यवस्था स्थायीरूपले सञ्चालित भई... व्यम- उदाहरणको लागि जनमत संग्रहमा बहुमत निर्दलीय पञ्चायती व्यवस्थालाई पक्षमा र्थन गरेकाले पञ्चायती व्यवस्था जीवित रहन गएको हो। समर्थन भन्नाले ... स्थाको पूर्ण समर्थन पनि हुनसक्छ वा कुनै खास विषयमा समर्थन हुन पनि सक्छ। तर स्मरणीय कुरा के छ भने समर्थन सदैव रहिरहन सक्छ भन्न सकिन्न। घटनाक्रमानुसार समर्थन घट्न वा बढ्न पनि सक्छ। जनताको भलाइ तथा आर्थिक उत्थान गर्न नसक्ने राजनीतिक व्यवस्थाको समर्थनन घट्न जान्छ अौ कालान्तरमा व्यवस्थाको पतन पनि हुन जान्छ। बहुसंख्यक जनताले समर्थित राजनीतिक व्यवस्थाले जन उत्थानको कार्य नगरे कालान्तरमा जनताले समर्थन वापस लिन सक्छन् अौ त्यस्तो व्यवस्था प्राय, समाप्त नै हुन्छ। राजनीतिक झगडा वा राजनीतिक फूटले गर्दा पनि व्यवस्था प्रतिको समर्थन घट्न वा बढ्न जान्छ। तर विभिन्न स्रोतबाट समर्थन प्राप्तगर्न सकिरहेसम्म व्यवस्था बाँचौ नै रहन्छ। समर्थन प्राप्त गर्नको लागि व्यवस्थाले आफ्नो ढाँचामा परिवर्तन गर्न सक्छ व्यवस्था विरोधी भावनालाई शान्त पार्नका लागि शान्ति वा शक्तिको प्रदर्शन गर्नसक्छ; विरोधीहरूलाई शान्त पार्नका लागि केहीलाई आफूतर्फ मिलाउन वा समर्थकहरू-द्वारा प्रदर्शन गराई जनमत आफ्नो पक्षमा पार्न सक्छ।

निर्गत कार्यहरू [Output functions]—डेभिड इस्टनले राजनीतिक व्यवस्थाका निर्गत कार्यहरूको पनि विश्लेषण गरेका छन्। माग र समर्थन आगत हुन भने केही यस्ता कुराहरू पनि छन् जुन निर्गत अन्तर्गत आउँछन्। कुनै पनि राजनीतिक व्यवस्थाको समर्थन हुँदाहुँदै पनि तथा महान लक्ष्य निर्धारित गरिएको भए तापनि यदि यस्तो व्यवस्था सामाजिक रूपले लाभकारी छैन वा व्यवस्थाले निर्गत कार्यहरू गरेको छैन भने त्यस्तो व्यवस्था चिरञ्जीवी हुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ई प्रति-सम्भरणपास [Feed back loop] को संज्ञा रूपमा विचारगर्दा निर्गतहरूले घटनाहरूलाई प्रभावित नीतिक व्यवस्था पनि एउटा हो यसो गर्दा राजनीतिक व्यव- तहरूलाई पनि निर्धारण गर्न आगतहरूले सहयोग गर्दछन्" [Out- ot only help to influence in the broader sense of ch the system is a part, but also, in doing so they help etermine each succeeding round of inputs that finds its y into the political system—D. Easton]। निर्गतहरू प्रति- रण पास [Feed back loop] हुँदा व्यवस्थाको लागि विशेष समर्थन टाउने साधन हुन जान्छन्। निर्गतहरूबाट व्यवस्थाले के कस्तो कार्य गऱ्यो भन्ने कुरा थाहा पाउन सकिन्छ औ साथसाथै नीति निर्धारक समक्ष नीति निर्धारणको लागि सूचना दिनसकिन्छ। यसप्रकारले निर्गतहरूबाट व्यवस्थाले समयानुसार आफूलाई ढाल्न सक्छ।

व्यवस्था प्रवाह प्रतिरूपणको [Flow Model of Political sys- tem]—डेभिड इस्टनले व्यवस्थाको कसरी संचालन हुन्छ भन्नेविषयमा पनि विचार गरेका छन्। प्रत्येक व्यवस्थामा कुमालेको चक्र चले झैं चक्र [Cyclic- Process) चलिरहेको हुन्छ। प्रथमत: एउटा राजनीतिक व्यवस्था हुन्छ। जसमा आगतका रूपमा मागहरू राखिन्छन्। व्यवस्थाले केही मागहरूलाई मान्दछ र अरूलाइ फाल्दछ। मागको लागि राजनीतिक व्यवस्थाले समर्थन माग्छ औ नीतिनिर्धारक वा शासकहरूले ती मागहरूलाईनिर्गतका रूपमा पारित गरी समाजलाई दिन्छन्। पारित गरिएका ती निर्गतहरू वा ऐन वा विधिहरूको पक्ष वा विपक्षमा उठेका कुराहरूलाई पुनः नीति निर्धारक वा प्रशासकका समक्ष पुनः कार्वाहीको लागि पुऱ्याइन्छ। यसप्रकारले आगत निर्गतहरू अबाधरूपले चलिरहने प्रक्रिया हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चारकै माध्यमबाट गरिन्छ
मात्र राख्नु उचित हुँदैन ।
...न्त्रणमा राख्नु हुन्न ।
...र्ग अन्तर्गत संचार
व्यवस्थालाई
रेडियो,

अध्याय १९

राजनीतिक संस्कृति

(Political Culture)

राजनीतिक संस्कृति भन्ने विषय पनि राजनीतिक विकासको अध्ययन-क्रममा नौलो कुरा हुन आएको छ । संस्कृति (Culture) भन्ने विषय अध्ययनकक्षमा र अध्यापन हुँदै आइरहेको छ । तर राजनीति संस्कृतिको जन्मदाता व्यवहारवादीहरू छन् । एउटा राजनीतिक व्यवस्था अर्को राजनीतिक व्यवस्थासँग भिन्न हुने मुख्य कारण नै राजनीतिक संस्कृतिले गर्दा हो उदाहरणको लागि ब्रिटिशको संसदीय व्यवस्था भारतको संसदीय व्यवस्था भन्दा-भिन्न छ । भिन्नताको मुख्य कारण व्यवस्थाको ढाँचाले गर्दा होइन कि राजनीतिक संस्कृतिको भिन्नताले गर्दा हो । कुनैपनि देशको राजनीतिक संस्कृति प्राचीनकालदेखिको त्यस देशका जनताको रहन-सहन, विचारधारा, धारणाहरू आदिमाथि निर्भर गर्दछ ।

राजनीतिक संस्कृति :—राजनीतिक संस्कृतिको परिभाषा विभिन्न विद्वानहरूले विभिन्न प्रकारले दिएका छन् । राजनीतिशास्त्रमा राजनीतिक संस्कृतिको नामबाट प्रयोग गर्ने प्रथम व्यक्ति गेब्रिएल अलमण्ड [Gabriel Almond] हुन । गेब्रिएल अलमण्डले राजनीतिक संस्कृतिको परिभाषा दिंदै लेखेका छन्, "प्रत्येक राजनीतिक व्यवस्था राजनीतिक क्रियाहरूका लागि कुनै खास तरीकको प्रशिक्षणबाट सुशोभित हुन्छ" [Every political system is embedded in a particular pattern of orientation to political actions] । सिडनी भर्वा (Sidney Verba) ले राजनीतिक संस्कृतिको परिभाषा यस प्रकारले दिएका छन् "राजनीति भनेको प्रायोगिक विश्वासहरू, अभिव्यक्तिको परिचायक र गुणहरूको समूह हो जसले त्यस्तो अवस्थाको वर्णन गर्छ जसमा राजनीतिक क्रियाहरू हुन्छन् । (Political culture consists of empirical beliefs, expressive symbols and values

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu